CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा

लेखक
दयाराम श्रेष्ठ सम्भव

पाठ्यक्रम विकास केन्द्र
त्रिभुवन विश्वविद्यालय
काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा

नवराज कटुवाल
2080/2/22

लेखक

दयाराम श्रेष्ठ सम्भव

पाठ्यक्रम विकास केन्द्र

त्रिभुवन विश्वविद्यालय

काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक :

पाठ्यक्रम विकास केन्द्र

त्रिभुवन विश्वविद्यालय

काठमाडौं

(सर्वाधिकार त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रमा सुरक्षित)

प्रथम संस्करण : ५०० प्रति

२५ भाद्र : २०३८

मूल्य :

मुद्रक :

शिवशंकर प्रसाद

दीपक प्रेस,

एस १७/२७२ नदेसर, वाराणसी २२१००२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थानतर्फको नेपाली विषयको स्नातक तहको पाठ्यक्रमलाई ध्यानमा राखी 'नेपाली साहित्यको इतिहास'लाई खण्ड-खण्डमा अलग-अलग प्रकाशित गर्नें एक योजना यस पाठ्यक्रम विकास केन्द्रले गरेको थियो। त्यसै योजनाअन्तर्गत प्रस्तुत यी पुस्तक **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** श्री दयाराम श्रेष्ठ सम्भवले लेख्नुभएको हो। अथक परिश्रमको फलस्वरूप तयार भएको यस पुस्तकबाट सम्बन्धित अध्ययनक्षेत्रमा रहिआएको पाठ्यपुस्तकको अभावको पूर्ति त भएकै छ, यसका साथै नेपाली साहित्यको इतिहासमा रुचि राख्ने पाठक तथा त्यसका अधीत्सु एवं जिज्ञासु अन्य महानुभावहरूलाई प्रस्तुत पुस्तकले घेरै सन्तुष्टि दिनेछ भन्ने विश्वास लिइएको छ।

पुस्तक पाण्डुलिपिको अवस्थामा छँदा यसको विषयमूल्यांकनमा गहिरो अभिरुचि राखी आवश्यक संशोधन तथा परिमार्जनका निमित्त लेखक महोदयलाई अमूल्य परामर्श प्रदान गर्नुहुने डा० श्री वासुदेव त्रिपाठी, प्रा० शिवगोपाल रिसाल र श्री जगन्नाथ जोशीप्रति यो केन्द्र आभार प्रकट गर्दछ।

अन्तमा, योजनाअनुसार सक्रिय सहयोग गर्नुभएकोमा प्रस्तुत पुस्तकका लेखक श्री दयाराम श्रेष्ठ सम्भवलाई यो केन्द्र घेरै घेरै धन्यवाद प्रदान गर्दछ।

रविवार
२०३८ आश्विन ४ गते
(सेप्टेम्बर २०,१९८१)

निर्देशक
त्रिभुवन विश्वविद्यालय
पाठ्यक्रम विकास केन्द्र
मचली, टेकु, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक परिचय

जन्म : सं० २०००, कोशी अञ्चल
धनकुटामा

शिक्षा : एम० ए० (सं० २०२७)

श्री दयाराम श्रेष्ठ सम्भवले सं० २०१७ देखि नै शिक्षण पेशा अँगाल्नुभएको हो। सं० २०२७ मा नेपाली विषयमा एम० ए० गरेपछि 'धनकुटा कलेज'मा उहाँले दुई वर्ष जति प्राध्यापन कार्य गर्नुभयो। सं २०३० मा नयाँ शिक्षा योजना लागू भएपछि त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर बहुमुखी क्याम्पसमा उहाँले प्रध्यापन कार्य गर्न थाल्नुभयो। हाल उहाँ सोही क्याम्पसमा सह-प्राध्यापक (रीडर) हुनुहुन्छ। विद्यावारिधि (पीएच० डी०) उपाधिका निमित्त उहाँले 'नेपाली कथा र यथार्थवाद' शीर्षक शोध-प्रबन्ध पेश गरिसक्नुभएको छ। हालसम्ममा उहाँका १. सन्दर्भ र मूल्यांकन (२०२५), २. नेपाली साहित्यका केही पृष्ठ (२०३२) ३. नेपाली साहित्यको संक्षिप्त इतिहास (२०३४ सह-लेखन), ४. वीरकालीन कविता (२०३४) आदि कृतिहरू प्रकाशित भइसकेका छन्। यसका साथै उहाँले १. कृष्णभक्त श्रेष्ठका कविता (२०३५), २. द्वारिका श्रेष्ठका कविता (२०३५) र ३. मदन रेग्मीका कविता (२०३६) को सङ्गलो सम्पादन गर्नुभएको छ। उहाँको रुचिको प्रमुख क्षेत्र समालोचना र अनुसन्धान हो।

●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक्कथन

नेपाली साहित्यको प्रारम्भिक कालीन इतिहास आलोचनात्मक ढङ्गमा लेख्ने योजना बनाएर यो पुस्तक थालेको थिएँ। तर काम थालेर सङ्कलित सामग्रीलाई अन्तिम आकार प्रदान गर्न थालेपछि यस पुस्तकले अर्कै रूप लिँदै गयो। यसो हुनाको कारण बाटामा देखापरेका अनेक समस्याले गर्दा नै हो भन्ने मनमा लागेर अन्तिम अवस्थासम्म पनि ती समस्यासँग जुझि नै रहें। ती समस्यालाई (यद्यपि पुस्तक लेखिसकेर 'प्राक्कथन' लेख्न म तम्सिरहेको छु) अहिले पनि स्पष्टसँग मैले देखिरहेको छु जसले मेरो यस पुस्तकलाई पूर्णत्व प्राप्त नगराउन व्यंग्य गरिरहेको छ। समस्या के हो भने यो पुस्तक लेख्न खोजिएको क्षेत्र ('अर्थात् प्रारम्भिक काल') मा पाठ-विज्ञान (Textual Criticism) को पूर्ण विकास नगरुञ्जेल साहित्यालोचन (Literary criticism) लेख्न सकिँदैन। साहित्यिक क्षेत्रको प्रारम्भिक इतिहास-लेखन विधिको वैज्ञानिकता पाठविज्ञानमा निर्भर गर्दछ। नेपाली साहित्यमा पाठ-विज्ञान शैशवावस्थामै हुनु भविष्यको लागि ठूलो चिन्ताको विषय हो। तात्पर्य के हो भने प्रारम्भिक कालीन कवि-लेखकका कृतिहरूको मूल शब्द, पाठ पत्तो लगाई त्यस पाठको विवरणीगत विश्लेषण (Bibliographical Analysis) गर्ने काम अझसम्म भएकै छैन। सम्पादकैपिच्छे अनेक पाठ-भेदहरू पाइन्छन्; पाठभेदको वैज्ञानिक कारणको विवेचन गर्नुभन्दा केवल सम्पादक हुने रहर ती सम्पादकले गरेका छन्। पाठ सम्पादन एउटा विज्ञान हो ('पाठ-विज्ञान' नाम त्यसैले उपयुक्त छ) जसका सहायताले शुद्ध पाठ ठम्याउने, प्रतिलिपिकारमा देखिएका त्रुटिहरू औंल्याउने, पाण्डुलिपिमा अस्पष्ट भएका वा सजिएका शब्द वा वाक्यको सम्भावित पाठ निर्देश गर्ने, पाठ-विकृति-बाट पाठकमा उत्पन्न भएको भ्रम हटाउने तथा एकाधिक पाण्डुलिपिका विशेषताको विश्लेषण गर्ने जस्ता ज्यादै महत्त्वपूर्ण र उत्तरदायी काम सम्पादन गरिन्छ। यस्तो काम सम्पादन कार्य प्रारम्भिक कालीन नेपाली साहित्यको क्षेत्रमा भएको देखिँदैन। पाठ-सम्पादन जस्तो आधारभूत कामविना साहित्यको आलोचनात्मक इतिहास सम्भव हुँदैन।

सुवानन्ददास (?) को कवितामा प्रतिलिपिकारले देखाएको पाठ-प्रमाद इतिहास-लेखकको लागि टाउकोदुखाइ भएको छ। भानुभक्तीय रामायणको सम्पूर्ण शुद्ध-पाठ कसले दिन सकेको छ? "कालो अक्षर" (दोस्रो संस्करण, पृष्ठ २८) भन्ने पुस्तकमा कमल दीक्षितले एउटा उदाहरण दिनुभएको छ, "....अचेल पाठभेद शुद्ध गरी चलेको त्यो पाउ यस्तो छ, 'मुल् शक्ती प्रभुंकी अनन्त गुणकी सो दिव्य मूर्ती बनी।' त्यस पाउलाई यो बालकाण्डमा यसरी राखिएको छ, 'भू शक्ति प्रभुको अनन्त गुणको सो दिव्य मूर्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राक्कथन

नेपाली साहित्यको प्रारम्भिक कालीन इतिहास आलोचनात्मक ढङ्गमा लेख्ने योजना बनाएर यो पुस्तक थालेको थिएँ। तर काम थालेर सङ्कलित सामग्रीलाई अन्तिम आकार प्रदान गर्न थालेपछि यस पुस्तकले अर्कै रूप लिँदै गयो। यसो हुनाको कारण बाटामा देखापरेका अनेक समस्याले गर्दा नै हो भन्ने मनमा लागेर अन्तिम अवस्थासम्म पनि ती समस्यासँग जुझि नै रहें। ती समस्यालाई (यद्यपि पुस्तक लेखिसकेर 'प्राक्कथन' लेख्न म तम्सिरहेको छु) अहिले पनि स्पष्टसँग मैले देखिरहेको छु जसले मेरो यस पुस्तकलाई पूर्णत्व प्राप्त नगराउन व्यंग्य गरिरहेको छ। समस्या के हो भने यो पुस्तक लेख्न खोजिएको क्षेत्र ('अर्थात् प्रारम्भिक काल') मा पाठ-विज्ञान (Textual Criticism) को पूर्ण विकास नगरुञ्जेल साहित्यालोचन (Literary criticism) लेख्न सकिँदैन। साहित्यिक क्षेत्रको प्रारम्भिक इतिहास-लेखन विधिको वैज्ञानिकता पाठविज्ञानमा निर्भर गर्दछ। नेपाली साहित्यमा पाठ-विज्ञान शैशवावस्थामै हुनु भविष्यको लागि ठूलो चिन्ताको विषय हो। तात्पर्य के हो भने प्रारम्भिक कालीन कवि-लेखकका कृतिहरूको मूल शब्द, पाठ पत्तो लगाई त्यस पाठको विवरणीगत विश्लेषण (Bibliographical Analysis) गर्ने काम अझसम्म भएकै छैन। सम्पादकैपिच्छे अनेक पाठ-भेदहरू पाइन्छन्; पाठभेदको वैज्ञानिक कारणको विवेचन गर्नुभन्दा केवल सम्पादक हुने रहर ती सम्पादकले गरेका छन्। पाठ सम्पादन एउटा विज्ञान हो ('पाठ-विज्ञान' नाम त्यसैले उपयुक्त छ) जसका सहायताले शुद्ध पाठ ठम्याउने, प्रतिलिपिकारमा देखिएका त्रुटिहरू औंल्याउने, पाण्डुलिपिमा अस्पष्ट भएका वा सजिएका शब्द वा वाक्यको सम्भावित पाठ निर्देश गर्ने, पाठ-विकृति-बाट पाठकमा उत्पन्न भएको भ्रम हटाउने तथा एकाधिक पाण्डुलिपिका विशेषताको विश्लेषण गर्ने जस्ता ज्यादै महत्त्वपूर्ण र उत्तरदायी काम सम्पादन गरिन्छ। यस्तो काम सम्पादन कार्य प्रारम्भिक कालीन नेपाली साहित्यको क्षेत्रमा भएको देखिँदैन। पाठ-सम्पादन जस्तो आधारभूत कामविना साहित्यको आलोचनात्मक इतिहास सम्भव हुँदैन।

सुवानन्ददास (?) को कवितामा प्रतिलिपिकारले देखाएको पाठ-प्रमाद इतिहास-लेखकको लागि टाउकोदुखाइ भएको छ। भानुभक्तीय रामायणको सम्पूर्ण शुद्ध-पाठ कसले दिन सकेको छ ? "कालो अक्षर" (दोस्रो संस्करण, पृष्ठ २८) भन्ने पुस्तकमा कमल दीक्षितले एउटा उदाहरण दिनुभएको छ, "....अचेल पाठभेद शुद्ध गरी चलेको त्यो पाउ यस्तो छ, 'मुल् शक्ती प्रभुंकी अनन्त गुणकी सो दिव्य मूर्ती बनी।' त्यस पाउलाई यो बालकाण्डमा यसरी राखिएको छ, 'भू शक्ति प्रभुको अनन्त गुणको सो दिव्य मूर्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनी ।' यी त केही उदाहरण मात्र हुन्; संस्करण र सम्पादक तथा प्रकाशकैपिच्छे एउटै कृतिका अनेक पाठभेद र पाठ-विकृति पाइने उदाहरणहरू पाउन सकिन्छ । यस जटिल समस्यापट्टि गंभीर रूपले सोच्ने काम बाँकी नै छ ।

प्राविधिक कठिनाइले गर्दा यो पुस्तक आलोचनात्मक ढङ्गको हुन नसकेकोले यसलाई परम्परागत साहित्येतिहास बनाउन बाध्य हुनुपऱ्यो । तर इतिहास लेखन-विधि परम्परागत नै भए पनि परिदृष्टिमा भने नवीनतालाई अँगालिएको छ । त्यसैले अग्रज विद्वान्द्वारा प्रतिस्थापित मत र धारणालाई नवीन सामग्री तथा तथ्यका आधारमा खण्डन वा पुनःस्थापित गर्ने चेष्टा गरिएको छ । ती अग्रज विद्वान्प्रति नतमस्तक छु । इतिहासको कुमारी-क्षेत्रमा अनुसन्धान र प्राप्तिका सीमा ठम्याउन मुश्किल पर्ने हुन्छ । एकपछि अर्को अनुसन्धानकर्ताले इतिहासका आयामको संख्या बढाउँदै लाने गर्दछ । यस पुस्तकमा थाहा भएअनुसार अहिलेसम्मको खोज र प्राप्तिलाई एक ठाउँमा सङ्कलन (Compile) गर्ने काम भएको छ भने अत्युक्ति नहोला । सङ्कलन र विवेचनलाई संयोजन गर्ने मेरो प्रयास कत्तिको सफल बन्न गएको छ; त्यो ठम्याउने काम विज्ञ पाठकको हो ।

प्रारम्भिक कालीन साहित्यकारहरूका कृति-मूल्याङ्कन कृतिपरक विधिअनुसार गर्नु जरूरी छ । तर यस पुस्तकमा बाध्य भएर 'समग्र-मूल्य (Total Value) को आधारमा कृति-मूल्याङ्कन गर्नुपऱ्यो ।। पाठ-सम्पादनको विकासविना मूल्याङ्कनको यस्तो परिपाटी झण्डै टीका विवरण (Annotation) जस्तो हुन जाने सम्भावना हुँदो रहेछ। यस दोष-दर्शनबाट पाठकलाई भरसक बचाउने प्रयास गरिएको छ ।

यस पुस्तकको तयारीको लागि मैले प्रत्यक्ष र परोक्ष रूपमा घेरै विद्वान्हरूका महत्त्वपूर्ण कृतिको उपयोग गरेको छु । ती सबप्रति म आभारी छु । यस पुस्तकको परिमार्जन र रूप-सौष्ठवको संगठनको लागि अमूल्य सल्लाह-सुझाउ प्रदान गरी कृतार्थ तुल्याउने डा० वासुदेव त्रिपाठी, प्रा० शिवगोपाल रिसाल र प्रा० जगन्नाथ जोशीको म चिरऋणी छु । अन्तमा, सामग्री-निर्देश र अन्य कुरामा सहयोग गर्ने श्री घनवज्र वज्राचार्य र श्री काशीनाथ तमोटप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

त्रिभुवन विश्वविद्यालय
प्राध्यापक आवास गृह
कीर्तिपुर, काठमाडौं

दयाराम श्रेष्ठ सम्भव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

विषय		पृष्ठ
खण्ड १. पृष्ठभूमि	(१) नेपाली भाषाको परिचय	१
	(२) नेपाली लोक-साहित्यको अध्ययन	११
	(३) प्राचीन अभिलेख र अभिलेखकारहरू	२३
	(४) प्राचीन वाङ्मय र ग्रन्थहरूको विवरण	३२
	(५) प्राचीन ग्रन्थकार र तिनका ग्रन्थको परिचय	४०
खण्ड २. प्रारम्भिक कालको विवेचना—		
	(१) प्रारम्भिक काल	४७
२. पूर्व-प्रारम्भिक काल—		
	१. पूर्व-प्रारम्भिक कालको पृष्ठभूमि (क) ऐतिहासिक पृष्ठभूमि	५३
	(ख) सांस्कृतिक पृष्ठभूमि	६१
	२. पूर्व-प्रारम्भिर काल : प्रवृत्ति, परम्परा र उपलब्धि	६९
	३. पूर्व-प्रारम्भिक कालका साहित्य निर्माता र तिनका कृति—	७८
	(क) पद्य	७९
	(ख) गद्य	१३३
३. उत्तर-प्रारम्भिक काल—		
	१. उत्तर-प्रारम्भिक कालको पृष्ठभूमि (क) ऐतिहासिक पृष्ठभूमि	१५५
	(ख) सांस्कृतिक पृष्ठभूमि	१६२
	२. उत्तर-प्रारम्भिक : प्रवृत्ति, परम्परा र उपलब्धि	१७६
३. सन्त-साहित्य		
	१. (क) जोसमनी शब्दको व्युत्पत्तिमूलक औचित्य	१८०
	(ख) परम्परा, स्वरूप र पृष्ठभूमि	१८१
	(ग) साहित्यिकता	१८४
	२. केही प्रमुख सन्त-प्रतिभा (कवि-लेखक)	२३१
	४. कृष्णभक्ति-काव्य र कविहरू	१९८
	५. रामभक्ति काव्य र कविहरू	२२७
	६. अन्य कविहरू	२३९
	७. उत्तर-प्रारम्भिक कालीन गद्य	२५२
	सन्दर्भ-सामग्री	२६०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड १

पृष्ठभूमि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. पृष्ठभूमि

नेपाली भाषाको परिचय

नेपाली भाषा नेपालको ज्यादै लोकप्रिय साझा भाषा हो। नेपालको संवैधानिक मान्यता प्राप्त यस राष्ट्रभाषाले भूटान, सिक्किम, दार्जीलिङ, आसाम, भारतकै उत्तर-पूर्वाञ्चलका मेघालय आदि, बर्मा, भाक्सु र मलायामा समेत लोकप्रियता कमाइसकेको छ। भारत, लंका, चीन, बङ्गलादेश, सोवियत रूस आदि जस्ता मित्र-राष्ट्रले नेपाली भाषामा रेडियो-प्रसारण कार्यक्रम चलाउन थालेका छन्। भारतीय साहित्य अकादमीले नेपाली भाषालाई मान्यता प्रदान गरिसकेको छ। कलकत्ता विश्वविद्यालयले सन् १९१८ जुलाई २७ मै नेपाली भाषालाई मान्यता प्रदान गरिसकेको थियो। यसका अतिरिक्त एटन, टर्नबुल, ब्राउन जस्ता विदेशी विद्वानहरूले नेपाली व्याकरणका पुस्तक लेखे; टर्नरले व्युत्पत्तिमूलक नेपाली शब्दकोष लेखे। यी सब हेर्दा नेपालबाहिर पनि नेपाली भाषा धेरै लोकप्रिय भइसकेको कुरो अनुमान गर्न सकिन्छ। नेपालमा विभिन्न भाषिक परिवारका भाषा बोल्ने मानिसहरू भए तापनि नेपाली राष्ट्रभाषा नै बोल्नेहरूको संख्यामा क्रमिक वृद्धि भइरहेको छ। यस भाषाको आजको विकसिंदो स्थिति हेर्दा के कुरामा विश्वस्त हुन कर लाग्दछ भने भविष्यमा यस प्रकारको क्रमिक वृद्धिको गति झन्झन् तीव्र हुँदै जानेछ। यो भाषा जीवित तथा बहुसंख्यक नेपालीले बोल्ने भाषाक रूपमा प्रारम्भदेखि नै विकसित हुँदै आइरहेको छ र अन्य खसेतर जातिका मानिसले पनि आफ्ना मातृभाषालाई समय र परिस्थितिको परिवर्तन तथा आवश्यकताले पनि त्यागेर वा बिर्सेर नेपाली भाषालाई नै मातृभाषाका रूपमा अपनाइरहेका छन्। साझा भाषाको रूपमा सम्पूर्ण नेपालीले यसलाई अङ्गीकार गरिसकेका छन्। यस भाषालाई सिंगार्न वा समृद्ध पार्न सम्पूर्ण नेपाली आज एकसाथ जुटेका छन्। लेन-देन, किन-बेच, अध्ययन-अध्यापन, विचारको आदान-प्रदान आदि जस्ता दैनिक आवश्यकता तथा महत्त्वका कुराहरूमा नेपाली भाषाकै माध्यमलाई मन पराउनेहरूको संख्या दिन-पर-दिन बढिरहेको छ। प्रशासकीय भाषा राष्ट्रभाषा नेपाली नै छ र कुनै पनि सार्वजनिक स्थलमा नेपाली भाषाकै माध्यमद्वारा आफूलाई व्यक्त गर्न वा अरूलाई बुझ्न प्रत्येक नेपाली उद्यत छ। तामाङ्गी, राई जस्ता कतिपय जातीय भाषा केवल परिवारको सीमित आयतनभित्रै मात्र खुम्चिएका छन्; यस्ता भाषाले आफू अलिकति भए पनि फैलने मौका पाएको छ भने त्यो क्षेत्र हो बजार-मेला जातीय सांस्कृतिक रीति-रिवाज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अनुष्ठानमा । तर अब सांस्कृतिक क्षेत्रमा पनि नेपाली भाषाले प्रवेश पाउन थालेको छ । तामाङ्हरूले आफ्ना 'सेलो' जस्ता लोकगीतमा नेपाली भाषाको प्रयोग गर्न थालेका छन्; त्यसै गरी पूर्वका किरातीहरूले "धाननाच", "च्याब्रुङ्नाच" जस्तामा नेपाली वाक्यहरू गाँस्न थालेका छन् । नेपाली सारा संस्कृतिको निर्माणमा नेपाली भाषाले खेलेको यो भूमिका ज्यादै प्रशंसनीय छ । यसरी हामी के देख्छौं भने नेपालका यी विभिन्न जातीय भाषाहरू झन् झन् साँघुरिंदै छन् र राष्ट्रभाषा नेपालीले झन् झन् विस्तार पाउँदै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रसिद्धि पाइसकेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपालीहरूको जीवनको हरेक पक्षमा नेपाली भाषाको प्रभाव बढिरहेको छ । केही जोसमनी सन्तहरूले नेपाली भाषामा भजन लेखी जन-जीवनको धार्मिक पक्षमा ठूलो विश्वास उत्पन्न गरे । नेपाल अधिराज्यका पचहत्तरै जिल्लाका कुनै पनि भू-भागमा राष्ट्रभाषा नेपालीको माध्यमद्वारा कुनै पनि नेपालीले [चाहे त्यो ओलाङ्चुङ् गोलाको लामा होस् चाहे दाङ्को थारू, अथवा अन्य कुनै] आफूलाई नेपालीको रूपमा चिनाउन सक्छ । भाषाकै समस्याको कारणले गाँस-वास नपाई दुःख भोग्नुपर्ने स्थिति आज नेपालमा कतै छैन । यसको कारण के हो भने राष्ट्रभाषा नेपाली आज ६०, ६०, ७५८ जनताको मात्र पेवा नभई नेवार, मगर, लिम्बू, राई, शेर्पा, थकाली, थारू आदि सबैले साझा भाषाका रूपमा यस भाषालाई अपनाएका छन् । नेपाली भाषाको यो वर्तमान स्थिति भविष्यको लागि झन् आशालाग्दो छ । यस भाषामा बहुमूल्य साहित्यिक कृतिहरू लेखिसकिएका छन् र भाषा-उन्नतिको उद्देश्य लिएर अनेक संघ-संस्थाहरू स्थापित भइसकेका छन् । ज्ञान-विज्ञानविषयक सम्पूर्ण वाङ्मय-लाई राष्ट्रभाषा नेपालीमा लेखबद्ध पार्न आजका चेतनशील नेपाली विद्वान्हरूको ध्यान आकर्षित भएको छ ।

बालकृष्ण पोखरेल भन्नुहुन्छ—"चाहे जनसंख्याको हेराइले होस् चाहे विस्तारको हेराइले, चाहे साझापनको हेराइले होस् चाहे धार्मिक हेराइले यतिकै उपयोगी अरू भाषा यस देशमा छैनन् । यसकारण हाम्रो संविधानले यसलाई रोजेकोमा कुनै आश्चर्य छैन ।"[१] नेपाली भाषा कुनै धर्मावलम्बीसित मात्र सीमित छैन, किनभने नेपाली मातृभाषा हुनेमा हिन्दू, बौद्ध र मुसलमान सबै छन् ।[२] नेपाली भाषाको यो व्यापकता पनि राष्ट्रभाषा बन्नको लागि ठूलो आधार हो । फेरि पाली झैं नेपाली भाषा पनि संस्कृतबाट जन्मिएको हुनाले हिन्दू र बौद्धले आफ्ना धर्मग्रन्थको भाषानजीक नेपाली भाषालाई पाएको अनुभव गर्दछन् । नेपाली भाषाको यो लोकप्रियता पनि राष्ट्रभाषाको रूपमा मान्यता प्राप्त गर्न तयार भएको आधारभूमि हो ।

---

१. **राष्ट्रभाषा** [दो. से.] (काठमाडौं: साझा प्रकाशन, २०३१): पृष्ठ १२

२. ऐजन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसै सिलसिलमा नेपाली भाषाको ऐतिहासिक पृष्ठभूमि किंवा ऐतिहासिक विकासक्रमलाई हेरौं ।

आधुनिक नेपालको निर्माण सँगसँगै नेपाली भाषाले पनि राष्ट्रभाषाको रूपमा पाएको प्रतिष्ठामा वृद्धि भएको हो । घनवज्र वज्राचार्य भन्नुहुन्छ, "नेपालको एकीकरण भएपछि नेपाली भाषा स्वतः "राष्ट्रभाषा" बन्यो । हुन त यस कुराको विधिवत् घोषणा भएको कुनै प्रमाण पाइँदैन । तर वि. सं. १८२५ मा कान्तिपुर विजयपछि नै नेपाली भाषाले स्वतः राष्ट्रभाषाको स्थान लिंदै जान थालेको मान्दा कुनै आपत्ति देखिंदैन ।"[३] श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको यो दूर-दर्शिता पनि तात्कालिक राजनैतिक परिस्थिति तथा ऐतिहासिक पृष्ठभूमिमा आधारित थियो । सं. १८२५ को राजनैतिक परिवर्तनपछि नेपाली भाषाले नयाँ अधिराज्यको राष्ट्रभाषाको रूप प्राप्त गर्नु र अन्य भाषा (नेवारी आदि) ले प्राप्त नगर्नु–यो एउटा चासोपर्दो विषय हो । पृथ्वीनारायण शाहमा राजनैतिक दूरदर्शिता थियो । विशाल नेपालको निर्माण गर्ने आफ्नो महत्त्वाकाङ्क्षालाई साकार तुल्याउन उनी सर्वप्रथमतः आफूले विजय प्राप्त गरेको भूक्षेत्रमा राष्ट्रीय चेतनाको उद्बोधन गराउन चाहन्थे । यसको लागि उनले विभिन्न नीतिहरू अपनाए; ती नीतिहरूमध्ये एउटा थियो भाषा-सम्बन्धी । उपत्यकामा त्यस वेला प्रचलित नेवारी भाषालाई पनि उनले राष्ट्रभाषाको रूपमा स्वीकार्न सक्थे होलान्–धर्म, कला र अन्य कुरालाई स्वीकारे झैं; तर उनले त्यसो गरेनन् र नेपाली भाषालाई नै राष्ट्रभाषाको मान्यता प्रदान गरे, किनभने (१) मल्ल राजाहरूले नेपाली भाषालाई सरकारी तहबाट पहिलेदेखि नै मान्यता दिंदै आएका नै थिए (२) मल्लराज्यको अधीनमा रहेका दोलखा, नुवाकोट, लामीडाँडा आदि ठाउँहरूमा नेपाली भाषाकै माध्यमद्वारा जनता व्यवहार चलाउँदै आउँदै थिए र (३) मल्ल-सेनामा नेपाली भाषीहरू प्रशस्तै थिए । तसर्थ उपत्यकाको नेवारी भाषा-लाई राष्ट्रभाषाको रूपमा मान्यता दिंदा उनले कल्पना गरेको विशाल नेपालभरि त्यस भाषालाई व्याप्त पार्न सकिंदैनथ्यो; उपत्यकाभित्र मात्र सीमित हुन्थ्यो । तसर्थ भाषा सम्बन्धी जुन नीति उनले अपनाए त्यो आफू विजेता भएको नाताले आफूले कुल्चेका माटामाथि जबर्जस्ती लाद्ने नीति कदापि थिएन । ऐतिहासिक आवश्यकताले नै उनले भाषासम्बन्धी यो नीति कार्यान्वित गरेका थिए ।[४] बलियो पृष्ठभूमिमा नेपाली भाषा

---

३. "नेपाली भाषाको ऐतिहासिक विकास क्रम" पृष्ठ १५; नेपाल राजकीय प्र० प्र० द्वारा २०३३ साल आषाढ़ १७ गतेदेखि १९ गतेसम्म आयोजना गरिएको 'नेपाली भाषा अधिगोष्ठी'मा प्रस्तुत भएको कार्य-पत्र ।

४. विस्तृत व्याख्याको लागि हेर्नुहोस् : दयाराम श्रेष्ठ सम्भवको "नेपाली साहित्यका केही पृष्ठ", (काठमाडौं: साझा प्रकाशन, २०३२) : पृष्ठ १--३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँच्दै आएको परम्परा उनका सामु छँदै थियो। कालान्तरमा राजनैतिक उलटफेर भएर नागराजद्वारा कर्णाली प्रदेशमा खसराज्य स्थापना भएपछि खसराजाहरूले यही नेपालीलाई सरकारी भाषाको रूपमा मान्यता प्रदान गरे। खसजातिसँगसँगै यो भाषा अब पश्चिमबाट पूर्वतिर बढ्दै यस भाषाको प्रभाव नेपाल उपत्यकाभित्रसम्म पनि पुग्यो। खसराज्यको विस्तार जति जति बढ्दै गयो यस भाषाले प्रचारको बाटो पाउनु स्वाभाविकै थियो। भनिन्छ—"खसराज्य पश्चिमी भेकमा गढ कुमाऊँदेखि पूर्वमा नुवाकोट सीमासम्म फैलिएको थियो; एउटा सानो साम्राज्यकै रूप यस राज्यले केही शताब्दीसम्म लिएथ्यो।"[५] यसबाट त्यस वेला नेपाली भाषाको प्रचार-क्षेत्र कति विस्तृत थियो भनी अनुमान लगाउन सकिन्छ। अभय मल्लको शासनपछि खसराज्य टुक्रिएर जब बाईसी राज्यका रूपमा परिणत भयो, र सरकारी भाषा नै भएर नेपाली भाषाले बाँच्ने सुअवसर भेट्टायो। यो स्वाभाविक पनि थियो, किनभने आपनो मूल-थलोमा नेपाली भाषाले यो अवसर भेट्टाउनु आवश्यक पनि थियो। तर चौबीसी राज्यमा पनि यस भाषाले सरकारी भाषाको मान्यता पायो। यी राज्यहरूमा प्राप्त भएका अभिलेखादि हेर्दा के थाहा हुन्छ भने ".....पश्चिम कर्णाली प्रदेशमा यस भाषाले मजबूत जग हाल्ने काम गरेको थियो तापनि यसले वर्तमान प्रचलित नेपालीको रूप लिने काम गण्डकी प्रदेशमा आई गर्न थाल्यो।"[६] तात्कालिक राजनैतिक परिस्थितिले गर्दा यस भाषाले नेपाल उपत्यकाका मल्लराज्यहरूका साथै पूर्वका किरात प्रदेशमा समेत प्रचार पाउन थाल्यो। लक्ष्मीनृसिंह मल्लको सं. १६५८ को अभिलेख र प्रताप मल्लको सं. १७२७ को रानीपोखरीको शिलालेख हेर्दा[७] निःशंक के भन्न सकिन्छ भने नेपाली भाषा भविष्यमा 'राष्ट्रभाषा' द्वारा विभूषित हुने पृष्ठभूमि मध्यकालको उतरार्धमै तयार भइसकेको थियो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको अभ्युदयले गर्दा यसले साकार रूप लियो।[८] उनको दूरदर्शिता अतीत र वर्तमानसँग कति गहिरो रूपले आबद्ध थियो भन्ने कुराको पुष्टि यसैबाट पाइन्छ। नेपाली भाषाले पाएको यो अतीतको गौरव नेपाल र नेपाली जातिको अस्तित्व रक्षाको लागि नितान्त वाञ्छनीय भएको हुँदा आज मात्र होइन अनन्त कालसम्म यस भाषाले राष्ट्रभाषाको

---

५. धनवज्र वज्राचार्य, "नेपाली भाषाको ऐतिहासिक विकास क्रमः" : पृष्ठ ५

६. धनवज्र वज्रा०, ऐजन पृ० ८।

७. मल्लकालमा सरकारी भाषा नेवारी भए तापनि दोस्रो सम्पर्क-भाषा भने नेपाली नै थियो।

८. विस्तृत विश्लेषणको लागि हेर्नुहोस् : धनवज्र वज्रा०, "नेपाली भाषाको ऐतिहासिक विकास-क्रम"।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा जीवित रही अनमोल साहित्य-रत्नहरू जन्माउँदै जाला भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

[दुई]

भाषाशास्त्रीहरूले विश्वभरिका भाषालाई विभिन्न परिवारमा विभाजित गरेका छन् जसमध्ये नेपाली भाषा भारोपेली (Indo-European) परिवारमा पर्दछ। यस परिवारको महत्त्व केमा रहेको छ भने विश्वका सबै भन्दा धेरै र प्रमुख भाषाहरू यसै परिवारमा पर्दछन् र यस परिवारको भाषा विश्वको विशाल भूभागमा फैलिएको छ। अंग्रेजी, फ्रान्सेली, स्पेनी, ल्याटिन, ग्रीक, डच, जर्मनेली, रूसी, हिन्दी, बङ्गाली जस्ता विश्व-प्रसिद्ध भाषा यसै परिवारभित्र पर्दछन्। हाम्रो राष्ट्रभाषा नेपाली पनि यही परिवारमा पर्नु कम गौरवको कुरो होइन। भारोपेली परिवारका दश शाखाहरू छन् जो फेरि केन्तुम र सतम् दुई वर्गमा विभाजित छन्। सतम् वर्गमा पर्ने भारत इरानेली (Indo-Iranian) शाखासँग नै नेपाली भाषाको जन्मजात सम्बन्ध छ।

ईसापूर्व २५०० वर्षभन्दा निकै अघि नै भारोपेली परिवारको अभ्युदय भइसकेको थियो भन्ने कुरो विद्वानहरूले स्वीकारेका छन्। आज पूर्व र पश्चिम दुवैमा यस परिवारको भाषा बोलिए तापनि शुरू-शुरूमा भाषा एउटै थियो। समयको परिवर्तनका साथै यो भाषा बोल्ने मानिसहरू पूर्व-पश्चिमतिर छरिन थाले। तब कालान्तरमा बेग्ला-बेग्लै रूपमा तिनीहरूले आफ्नो भाषा बोल्न थाले। पूर्वमा बोलिने सतम् वर्गको भारत-इरानेली शाखाका भाषाहरूमा संस्कृत विशेष उल्लेखनीय छ। यही संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको हो। धेरै जसो विद्वानहरूले शौरसेनी प्राकृत [यसबाट उत्पन्न भएका भाषाहरू हुन् : हिन्दी, गुजराती, राजस्थानी, पंजाबी, सिन्धी भाषा] लाई नेपाली भाषाको उत्पत्तिसँग सम्बद्ध गरे तापनि विद्वानहरूमा यसबारे मतभेद छ। तसर्थ अब नेपाली भाषाको उत्पत्तिबारे विभिन्न विद्वानका धारणालाई संक्षेपमा हेरौं।

जर्ज ग्रियर्सनले शौरसेनी प्राकृत र शौरसेनी अपभ्रंशलाई नै नेपाली भाषाको स्रोत मानेका छन्। आफ्नो धारणालाई उनले नेपालमा गोरखाली राजाको राज्याधिकारमा आधारित गरेका छन्। गोरखाका राजाहरूको मूल थलो राजस्थान हो, यहींबाट गढवाल र कुमाऊँ हुँदै यिनीहरू गोरखामा पुगे। पृथ्वीनारायण शाहद्वारा आधुनिक नेपालको निर्माण भएपछि यिनीहरूले बोल्ने गरेको गोरखाली भाषा सार्वजनिक भाषा बन्यो। गोरखाली राजाहरूको मातृभाषा राजस्थानीसंग सम्बद्ध भएकोले नेपाली भाषा पनि राजस्थानी झैं शौरसेनी प्राकृतबाट जन्मिएको हो भन्ने धारणा ग्रियर्सनको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डा० सुनीतिकुमार चटर्जीले भने नेपाली भाषालाई संस्कृतको सन्तान भएर जन्मिएको आर्य-भाषा मानेका छैनन् । उनको धारणाअनुसार नेपाली भाषा 'दरद' भाषाबाट उत्पन्न भएको हो। उनले नेपालीलाई पूर्वी पहाडी भाषाका रूपमा मानेका छन् ।

टर्नरले नेपाली भाषालाई दुई कालमा विभाजित गरी प्राचीन नेपालीको उत्पत्ति मागधी प्राकृत र मागधी अपभ्रंशबाट भएको हो र उत्तरकालीन नेपालीको उत्पत्तिचाहिं शौरसेनी प्राकृत र शौरसेनी अपभ्रंशबाट भएको हो भनी आफ्नो मत व्यक्त गरेका छन् । उनले नेपाली भाषालाई आर्य-भाषा नै मानेका त छन्, तर स्रोत-भाषाका रूपमा दुई प्राकृत भाषाहरूतर्फ औंल्याएका छन् ।

सूर्यविक्रम ज्ञवालीले जर्ज ग्रियर्सनकै मतलाई अनुसरण गरेर "नेपाली भाषाको उत्पत्तिको मूल पनि शौरसेनीकै अपभ्रंश हो"[९] भन्नुभएको छ । बालकृष्ण पोखरेलले चाहिं यसो लेख्नुभएको छ, "नेपाली संस्कृतको सन्तान भए तापनि यो शौरसेनी (?) प्राकृतबाट जन्मिएको हुनाले लिच्छविहरूले बोल्ने मागधी भाषाको सन्तान होइन ।"[१०] उहाँले "शौरसेनी" को सामुन्ने, प्रश्न-चिह्न दिनुभएको छ र सम्भवतः यसबारे पूरा अनुसन्धान गरिसकेपछि मात्र आफ्नो अन्तिम निर्णय दिने प्रतीक्षामा हुनुहुन्छ ।

चूडामणि बन्धुज्यूले नेपाली भाषाको उत्पत्ति खस प्राकृत र अपभ्रंशबाट भएको मान्नुभएको छ । उहाँको विचारअनुसार गढवाली र कुमाउनी जुन स्रोतबाट उत्पत्ति भएको थियो, नेपाली पनि त्यही स्रोतबाट उत्पन्न भएको हो । नेपाली भाषिकाका रूपमा पश्चिमतिर बोलिने डोट्याली र जुम्लीसँग कुमाउनी धेरै मात्रामा मिल्ने कुराको उल्लेख गर्दै उहाँले के कुरो बताउनुभएको छ भने विशेष गरेर डोट्यालीका उप-भाषिकामा गढवालीका साझा लक्षण पाइन्छन् । उहाँको निर्णय छ, "सिजाली, गढ-वाली र कुमाउनी एकै भाषाका सन्तान हुन् ।"[११]

सम्प्रति नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा नयाँ वर्णनात्मक भाषा-शास्त्रीय 'ऐतिहासिक पुनर्निर्माण' विधिअनुसार नयाँ नयाँ मत आउन लागेको देखिन्छ । यसै सन्दर्भमा पी० बी० पण्डितको मत यहाँ प्रस्तुत गर्नु प्रासंगिक हुनेछ । उनले आर्य-इरानेली शाखाको वर्गीकरण गर्दै दरदीलाई प्राचीन आर्य भाषाकै प्राक्-उत्तरपश्चिमी

---

९. "नेपाली भाषा विकासको संक्षिप्त इतिहास" **भानुभक्तको रामायण** (दार्जी० : नेपाली साहित्य सम्मेलन, २०११) पृष्ठ ३२ ।

१०. **राष्ट्रभाषा** : पृ० ३४ ।

११. चूडामणि बन्धु, **नेपाली भाषाको उत्पत्ति** (काठमाडौं : जगदम्बा प्रकाशन, २०२५ :) पृ० ६४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(Proto-NW) समूहको भाषाका रूपमा मानेका छन् । उनको वर्गीकरणमा नेपाली भाषा कुमाउनी आदि झैं पहाड़ी भाषा-समूहअन्तर्गत पर्दछ जो प्राचीन आर्यभाषाबाट हाँगो फाटेर आएको प्राक्-उत्तरपश्चिमी (Proto-NW) समूहमा पर्दछ ।[१२]

प्राचीन नेपाली भाषालाई 'सिंजाली' पनि भनिन्छ, किनभने नेपाली भाषाको माउथलो सिंजा-क्षेत्र हो जो कर्णाली प्रदेशमा पर्दछ । अहिले यो क्षेत्र कर्णाली अञ्चलमा परे तापनि ९।१० शताब्दीअघि यसले खसरातका नामले निकै ठूलो भूभाग ओगटेर बसेको थियो । यही क्षेत्रका सिंजाली राजाहरूले जारी गरेका विभिन्न अभिलेखहरू अनुसन्धानकर्ताको खोजबाट हाम्रा सामु देखापरिरहेका छन् । कर्णाली प्रदेशमा मल्लराज्य स्थापना गर्ने पहिला राजा नागराज हुन् जो खारिप्रदेशबाट आएका थिए । बालकृष्ण पोखरेलको भनाइ के छ भने नेपाली भाषाको विकास सिंजाली सम्राटहरूका पालामा भएको थियो, किनभने नागराज आउनुभन्दा पनि पहिलेदेखि नै खसकुरा खसरातमा बोलिन्थ्यो । त्यस वेला यो अपभ्रंशको अवस्थामा थियो र नागराजहरूले यसलाई केवल टेवा मात्र दिएका हुन् ।[१३] पोखरेलको भनाइबाट नेपाली भाषाको प्राचीनताका साथै खस जातिसँग यस भाषाको सम्बन्धबारे पनि स्पष्ट हुन्छ । खसबारेको इतिहास कोट्याउँदै जाँदा नेपाली भाषालाई असंस्कृत आर्य-भाषा भन्न सकिंदैन । निश्चय नै संस्कृतको उदीच्य भेदबाट नेपाली भाषा विकसित हुँदै अहिलेको स्थितिमा आइपुगेको हो ।

अशोक चल्लको अभिलेख (सं० १३१२) देखि अहिलेसम्मको नेपाली भाषाका बेहोराहरू हेर्दा यस भाषाले क्रमशः प्राप्त गर्दै गएको विकासका गतिहरू स्पष्ट नै देखिन्छन् । निःसन्देह सत्य हो—"हाम्रो देशको इतिहासमा वेला-वेलामा देखापरेको उतार-चढाउको असर यस भाषाको विकास क्रममा परेको छ ।"[१४] खस जाति र संस्कृतिबारे प्राचीन पुराण र ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । यही प्राचीन जातिसँग यस भाषाको सम्बन्ध भएकोले अद्यापि यस भाषालाई 'खस भाषा' भन्नेहरू छँदैछन् । कर्णाली प्रदेशबाट क्रमशः पूर्वतिर बढ्दै आएका यी खसहरूले आफ्ना भाषाको प्रभाव कोशी प्रदेश अर्थात् किरात-क्षेत्रसम्म पनि फैलाए । सं० १८२५ को राजनैतिक परिवर्तनले नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा व्यापकता प्रदान गऱ्यो । नेपालको एकीकरण अभियानमा यस भाषाले उपर्युक्त राजनैतिक परिवर्तनपछि ठूलो भूमिका खेलेको थियो ।

---

12. P. B. Pandit, "Linguistic History—A Relationship in Languages." **Seminar Papers in Linguistics.** (INAS, 1976) pp. 15—98.

१३. **राष्ट्रभाषा** पृ० २२

१४. घनवज्र वज्राचार्य, 'नेपाली भाषाको ऐतिहासिक विकास क्रम' पृ० १ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथ्वीनारायण शाहलाई चार जात छत्तीस वर्णको एउटा फूलवारी बनाउनु थियो। भाषाको विविधता (Diversities of Language) भएको नेपाललाई एकसूत्रमा आवद्ध पार्न एउटै भाषा नेपाली समर्थ थियो। यस कुरालाई पृथ्वीनारायण शाहले भित्री हृदयदेखि बुझेका थिए। एकीकरण अभियानले एउटा साझा नेपाली संस्कृतिको महल तयार पान्यो जहाँ तमाम राई-लिम्बू, मगर, गुरुङ्, नेवार, ब्राह्मण, क्षत्री, तामाङ्, भोटे, कामी, दमाई, सार्की आदि सबै नै नेपालीका रूपमा सम्मिलित थिए। साहित्य-रचनाहरू प्रशस्त भए र अनुकूल वातावरणको सृजनाले गर्दा विभिन्न क्षेत्रको लागि चाहिने प्रतिभाहरूको प्रादुर्भाव भयो। नेपाली संस्कृतिको विशाल मैदान तयार भयो र पूर्वमा टिस्टादेखि लिएर पश्चिममा किल्ला काँगडासम्म नेपालीहरूको आवत-जावत शुरू भयो। आप्रवास (Migration) को प्रक्रिया पनि आफ्नो रुचि र आवश्यकताले गर्दा शुरू हुन थाल्यो। भाषिक प्रभाव बढ्दै गयो। विभिन्न जातिले आफ्नो मातृ भाषाको माध्यमबाट नेपाली भाषाको शब्द-भण्डार भर्न थाले। पारस्परिक सम्बन्ध र प्रभावको मात्रा झन्-झन् बढ्दै गयो अर्थात् खसेतर नेपालीहरूको योगदान पाएर नेपाली भाषा झन् झन् समृद्ध हुँदै गयो। सबै जातिका मानिसको लागि यो भाषा आत्मीय र प्रिय हुँदै गयो। कतिले त यस भाषाप्रतिको मोहले गर्दा आफ्नो मातृभाषालाई त्यागेर वा बिर्सेर नेपालीलाई नै मातृभाषाको रूपमा अपनाए। अहिले पनि हामी देख्छौं— कतिपय अञ्चलका जिल्लाहरूमा मगर, नेवार आदिले नेपाली भाषाकै माध्यम अपनाएर जीवन निर्वाह गरिरहेका छन्। त्यसैले नेपाली भाषाले लिँदै आएको व्यापकताले गर्दा आज तमाम नेपाल अधिराज्यको यो साझा भाषा (Lingua Franca) भएको छ।

नेपालीहरू नेपालबाहिर पनि टाढाटाढा प्रवासमा फैलिएका छन्। ती नेपालीहरू जम्मै खस मात्र छैनन्—राई-लिम्बू, नेवार, मगर आदि-आदि जातिका छन्। ती सबै त्यहाँ नेपालीका रूपमा छन् र एकमात्र नेपाली भाषालाई मातृभाषाको रूपमा जिब्रोमा राखेर बाँचेका छन्। नेपाली भाषाको विकासमा ती प्रवासी नेपालीहरूको पनि कम महत्त्वपूर्ण भूमिका छैन। चाहे सैनिक जीवन बिताइरहेका मलाया अथवा देहरादूनका नेपाली होउन्, चाहे काम-धन्धामा लागिरहेका आसाम, बर्माका नेपाली होउन्—ती सब नेपाली भाषा बोलेरै आफ्नो नेपाली जातित्वको सुरक्षा गरिरहेका छन्। भारतमा बनारस र दार्जीलिङ त नेपाली भाषाको दृष्टिले प्रमुख केन्द्र नै मानिन्छ। नेपाली भाषाको विकासका निम्ति भारतीय नेपालीहरूको योगदानलाई कदापि बिर्सन सकिँदैन। नेपाली भाषाको उन्नतिको लागि बम्बईमा "गोरखा ग्रन्थ प्रचारक मण्डली"को स्थापना हुनु, सन् १९१३ मा खरसाङमा "गोर्खा लाइब्रेरी"को स्थापना हुनु, सन् १९१८ मा कलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई मान्यता दिनु, सन् १९२१ देखि दार्जीलिङ का हाई स्कूलहरूमा नेपाली भाषाको पढाइ चालू हुनु, सन् १९७५ देखि भारतीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साहित्य एकादमीले नेपाली भाषालाई मान्यता दिनु जस्ता महत्त्वपूर्ण पाइलोसराइहरू नेपाली भाषाको उज्वल भविष्यका संकेत हुन् । नेपालमा जहानिया राणा शासनको अभिशापले गर्दा नेपाली भाषाले कचल्टिनुपरे तापनि भारतका विभिन्न क्षेत्र (बनारस, देहरादून, खरसाङ, दार्जीलिङ आदि) मा बस्ने नेपालीहरूले माध्यमिक कालीन नेपाली साहित्यमा जुन गतिविधिको सिर्जना गरे ("सुन्दरी", "माधवी", चन्द्रिका" "गोर्खा संसार" आदि पत्रिकाका माध्यमद्वारा) त्यो नेपाली भाषाको विकासका दृष्टिले साह्रै प्रशंसनीय छ । नेपाली भाषालाई व्याकरणको माध्यमबाट पढ्ने पहिलो जमर्को नेपालबाहिर नै भयो । सं० १८७७मा प्रकाशित एटनको "नेपाली भाषाको व्याकरण" पहिलो नेपाली व्याकरण थियो । व्याकरणका माध्यमद्वारा नेपाली भाषालाई परिमार्जित र समृद्ध पार्नतर्फ विद्वान्हरूको ध्यान जान थाल्यो । सं० १९६५मा राममणि आ० दी० ले हलन्त वहिष्कार आन्दोलन शुरू गरे । हेमराज गुरुको "चन्द्रिका" व्याकरण एउटा ठूलो उपलब्धि थियो । सं० १९७०मा नेपालमै "गोरखा-भाषा प्रकाशिनी समिति" स्थापित हुनु, दार्जीलिङमा सं० १९८१मा "नेपाली साहित्य सम्मेलन" स्थापित हुनु अनि नेपालमा नेपाली भाषा प्रचारिणी समिति र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको साथै नेपाल भाषा प्रकाशन समितिको स्थान सम्हाल्दै साझा प्रकाशन स्थापित हुनु राष्ट्रभाषा नेपालीको जीवनका महत्त्वपूर्ण अध्याय हुन् । सं० १९५८ देखि अहिलेसम्म "गोरखापत्र" बाँचिरहेको छ र व्याकरणमा एकरूपता ल्याउने तरखर प्रत्येक चेतनशील नेपाली र संघ-सस्थालाई लागेको छ । "झर्रोवाद" पनि नेपाली भाषाको इतिहासमा एउटा नौलो दिशासूचक आन्दोलन थियो ।

अहिलेसम्म प्राप्त प्राचीनतम अभिलेखलाई हेर्दा यस आठ शताब्दीका अवधिमा नेपाली भाषाले निकै अनुहार फेरेको स्पष्ट नै देखिन्छ । बालकृष्ण पोखरेलले नेपाली भाषाको इतिहासलाई लिई यसरी काल-विभाजन गर्नुभएको छ :—

(१) प्राचीन काल—थालनीदेखि पन्ध्रौं शताब्दीसम्म;
(२) माध्यमिक काल—पन्ध्रौं शताब्दीपछिदेखि उन्नाइसौं शताब्दीसम्म;
(३) आधुनिककाल—उन्नाइसौं शताब्दीपछिदेखि आजसम्म ।[१५]

नेपाली भाषामा भाषिका (Dialect) निर्माण प्रक्रिया शुरू भएको हो पन्ध्रौं शताब्दीपछि अर्थात् माध्यमिक कालमा । प्राचीन नेपाली अर्थात् सिंजालीमा स्थानीय भेदहरू भेटिन्नन् । सिंजाली नरेश अभयमल्लपछि जब सिंजा-राज्य टुक्रिएर बाईसी राज्यमा परिणत भयो, अनि यसरी नै गण्डकी प्रदेशमा चौबीसी राज्य खडा भई खसहरूको पूर्वदिशातर्फको विस्तारसँगसंगै खसभाषाले प्रभाव जमाउँदै लग्यो, तब

१५. "नेपाली भाषाको कथा" **नेपाली**–१२, २०१९ साल; पृष्ठ २८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भौगोलिक दूरता, वर्षौंसम्म सम्पर्कको अभाव, स्थानीय भाषाको प्रभाव आदिले गर्दा खस भाषामा पनि स्थानीय भेद र उपभेदहरू देखिन थाले। बीच बीचमा भएका राजनैतिक परिवर्तनको असर यस भाषामाथि पर्दै गयो। आज यो नेपाली भाषाका रूपमा विकसित भइसके तापनि पाँच भाषिकामा विभाजित छ—(१) पूर्वेली, (२) माझाली, (३) ओर पच्छिमा, (४) मझपच्छिमा र (५) परपच्छिमा।[१६]

हाम्रो राष्ट्रभाषालाई नेपाली नाम नै उपयुक्त छ र यसै नामबाट यस भाषाको उन्नति सम्भव हुन्छ। 'खस', 'गोर्खाली' अथवा 'पर्वते' जस्ता प्रादेशिक अथवा कुनै स्थान विशेषको जातिका आधारमा नाम दिएर यस भाषालाई संकीर्ण तुल्याउनु उचित देखिंदैन। साझा भाषा। (Lingua Franca) का रूपमा अग्रसर भइरहेको आजको हाम्रो राष्ट्रभाषा नेपाली न खस जातिकै मात्र पेवा हो, न विजेता गोर्खालीको न पर्वत भन्ने स्थान-विशेषका पर्वतेहरूको। विश्वको भाषिक-मानचित्रमा यो 'नेपाली' नामले परिचित छ र यसो हुनु अनिवार्य पनि हो।

१६: बालकृष्ण पोखरेल, राष्ट्रभाषा पृ० ४१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. नेपाली लोक-साहित्यको अध्ययन

(एक)

लोकले आफूलाई व्यक्त गर्न निश्छल चेष्टा गर्दा लोक-साहित्यको सिर्जना हुन्छ। यस्तो साहित्य सिर्जना गर्नुपर्दा लोकले कुनै सम्प्रदाय वा वाद (School) मा दीक्षित हुनुपर्दैन, न कुनै शास्त्रीय अनुशासनद्वारा नै बाँधिनुपर्छ। घण्टौं घोरिएर वा वर्षौं साधनामा संलग्न भएर लोकले साहित्य सिर्जना गरेको हुँदैन। वस्तुतः लोक-साहित्यको सिर्जना भाव वा विचार-प्रतिक्रियाको तात्कालिक उद्रेक र उद्बोधनद्वारा हुन्छ। सरलता स्वाभाविकता र सरसता नै यसका विशेषता हुन्। लोक स्तर तथा चेतनाबाट अभिव्यक्तिको बाटो समातेपछि यी विशेषताहरू स्वतः देखापर्दछन्। कुनै न कुनै प्रेरणा र आफू वरपरको परिवेशको प्रभाव लोक-साहित्यको हृदयमा ठक्कर खान पुगेपछि त्यहाँ एउटा वृत्तको निर्माण हुन्छ जो तत्कालै समानान्तर रुचिलाई सर्वोपरि ख्यालमा राखेर निर्बाध गतिले व्यक्त हुन थाल्दछ। लोकले यसलाई केवल सुनेर हृदयमा टिप्दछन् र कुनै उचित अवसर सामुन्ने आउनासाथ त्यसैलाई लोक-समूहबीच वाणीद्वारा फेरि व्यक्त गर्दछन्। यसरी मौखिक श्रुति परम्परा शृंखलाबद्ध भएर युगौंसम्म लोक-साहित्य बाँचिरहन्छ।

लोक-साहित्य व्यक्तिविशेषको साहित्य नभएर समूह वा वर्गको साहित्य हो। त्यसैले यसले नितान्त वैयक्तिक नभएर सामूहिक रूपमा वाणी-रूप भेट्टाएको हुन्छ। समूहको हृदयका सुख-दुःखानुभूति, आवश्यकता र रुचि, अनि इच्छा र आकांक्षा-लाई लोक-साहित्यमा लोक-संचेतनाको आधारमा व्यक्त गरिएको हुन्छ। लोक भनेको संचेतनाको अति प्रभावशाली पात्र हो। सामाजिक घटना, युगका वीर-पुरुष, महत्वपूर्ण रीति-थिति आदि जब लोक-संचेतनामा प्रक्षेपित हुन्छन् तब कृत्रिमको मोहलाई बिलकुल छाडेर त्यहाँ लोक-साहित्य सिर्जनाले साकार रूप लिन्छ। त्यस संचेतनामा निर्बाधता अवश्य नै हुन्छ, अर्थात् नियम र शास्त्रीय बन्धनबाट पूर्ण मुक्त हुन्छ, तर समूहले पनि आफू सामाजिक प्राणीको रूपमा सदा बाँचिरहनुपर्ने हुनाले उसका सामु सामाजिक वर्जना वा प्रतिबद्धता र नैतिक निष्ठाको प्रश्न तेर्सिएकै हुन्छ। यिनै सीमामा बाँधिएर समूहले आफ्नो लोक-साहित्यलाई एउटा निश्चित रूप विधान प्रदान गरेको हुन्छ। लोक-साहित्यको आफ्नै अनुशासन हुन्छ; तर त्यो नियमबद्धता होइन। यसको आफ्नै रूपरेखा र ज्यामितीय आकार-प्रकार हुन्छ; तर त्यो लोक-हृदयले औपचारिक ढंगमा लादेको ऐन कानून होइन। यसको आफ्नै लामो परम्परा हुन्छ र विभिन्न राष्ट्रीय परिस्थिति तथा युग-स्थितिबाट प्रभाव ग्रहण गर्दै परम्पराको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थिरतामा जोड दिंदै जान्छ; तर त्यसले काल-विभाजनको विवादमा अल्झिनुपर्दैन (जस्तो कि लिपिबद्ध साहित्यले भोग्नुपरिरहेछ) न समालोचकको वक्र-दृष्टिबाट छली छली हिंड्न बाध्य हुनुपर्छ। लोक-साहित्यले आफ्नो विकास हुने बाटो कंटकाकीर्ण बनाएको छैन; यो फुक्का छ।

लोक-साहित्यको जन्म लोक अथवा मानिसको जन्मसँगसँगै भएको हो। आफूलाई व्यक्त गर्नु नै आदिमकालदेखि मानिसको जन्मजात प्रवृत्ति रहिआएको छ। सम्भवतः यही प्रवृत्तिले मानिसलाई भाषा तयार पार्न बाध्य गरायो। ध्वनि त मानिससँग छँदै थियो, तर त्यसले व्यक्त हुने आधार भाषाबाटै प्राप्त गऱ्यो। भाषा-निर्माणको प्रक्रिया कुनै एक व्यक्ति-विशेषबाट नभएर सामूहिक रूपमा भएको थियो। भाषाको प्रादुर्भावले त्यस समूहको अभिव्यक्ति तथा विचार-विनिमयको पक्ष झन्-झन् बलियो हुँदै गयो। तत्पश्चात् अभिव्यक्तिको संकट परेन र समूहले समूहका रूपमा बाँच्न सजिलो हुँदै गयो। लोक-साहित्यको जन्म यति ढीलो आएर भएको होइन। आदिम मानिसले भाषा भेट्टाउनुभन्दा अघि नै संकेत अथवा हाव-भावद्वारा आफूलाई व्यक्त गर्ने चेष्टा गर्दथ्यो। पछि भाषा भेट्टाएपछि त्यस सांकेतिकतालाई वाणीको रूप दिन थालियो जसले सबभन्दा सशक्त स्थान लोक-साहित्यमा पायो। चाहे लोक-कथा भन्दा होस्, चाहे लोकगीत गाउँदा, अथवा लोक-नृत्य नाच्दा—अनेक संकेतद्वारा कुनै न कुनै यथार्थको उद्घाटन गरिएकै हुन्छ। "गाउँखाने कथा" यसै संकेतात्मकताका दृष्टिले लोक-साहित्यको उल्लेखनीय अङ्ग हो। यस्ता कथामा लोकरञ्जन संकेतबाटै हुन्छ। यसै प्रसङ्गमा "उखान-टुक्का" पनि यहाँ उल्लेखनीय छ। सभ्यताको क्रमिक विकास हुँदै गयो; सांस्कृतिक धरातलमा क्रमिक परिवर्तनहरू देखापर्न थाले। तर जङ्गली अवस्थादेखि जुनसुकै संस्कृति र सभ्यताको कोसे-ढुंगालाई पार गर्दै गए तापनि लोकले आफ्नो साहित्यलाई आफ्नो हृदयसँगसँगै च्यापेर लग्यो, आफ्ना सामयिक प्रवृत्तिलाई अभिव्यक्त गर्दै लग्यो। त्यसैले लोक-साहित्य भनेको लोक-जीवनका हृदयको बोध र अभिवृत्तिको परिचायक हो।

लोक-साहित्यलाई केवल मनोरञ्जनका दृष्टिले मात्र अथवा नैतिक शिक्षाका दृष्टिले मात्र हेर्नु हुँदैन। लोक भनेको व्यापक अर्थमा मानव जीवन हो र जीवन केवल मनोरञ्जन तथा नैतिक शिक्षाको ग्राह्यतामा मात्र सीमित र अन्त्य हुँदैन। यसका सामाजिक, आर्थिक, सांस्कृतिक आदि अनेक आयामहरू पनि छन् जो लोक-साहित्यमा निःसन्देह प्रकट भएका हुन्छन्। लोक-साहित्यमा समाजका सबै आयामलाई नियाल्न सकिन्छ, चरित्र-विश्लेषण गर्न सकिन्छ; ऐतिहासिक घटनादिबारे जानकारी लिन सकिन्छ; अनि रीति-परम्पराको महत्त्व थाहा पाएर राष्ट्रिय संस्कृतिको विकासमा योग पुऱ्याउन सकिन्छ। लोक-साहित्यमा काव्यात्मक सौन्दर्य त भई नै हाल्छ अपितु राष्ट्रिय जीवनमा पनि यसको महत्त्व विविध दृष्टिकोणले सबैको लागि हितकारक हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(दुई)

लोक-साहित्य मौखिक परम्परामा रहने हुनाले समयको परिवर्तन, बाह्य परिस्थिति, लोकको भौतिक-मानसिक अवस्था, चिन्तनका क्रम आदिका कारणले कुनै समयमा लोप भएर जान सक्ने सम्भावना हुन्छ। नेपाली लोक-साहित्य पनि सुव्यवस्थित रूपले लिपिबद्ध हुन सकेको छैन, त्यसो त विद्वानहरूको प्रयास यसतर्फ भइरहेको पनि छ। हिमालयको काखमा फैलिएको यस नेपालमा एउटा साझा संस्कृति 'हिमाली संस्कृति' भए तापनि यहाँ अनेक जातिका मानिसहरूको बसोबासो छ। नेवारी, किराँती, खस, मगराँती, गुरुंगी, तामांगी थारू जस्ता लोक-संस्कृतिहरू यहाँ स्वतंत्र रूपले विकसित भएका छन्। इतिहासका पृष्ठ पल्टाउँदा हामी के पाउँदछौं भने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले कान्तिपुरमाथि विजय गर्दा यहाँको लोक-संस्कृतिमा कत्ति पनि हस्तक्षेप गरेनन्। कान्तिपुर भूक्षेत्रलाई उनले पराजित गरे पनि यहाँको समृद्ध कला, साहित्य र संस्कृतिद्वारा उनी आफू पराजित भएका थिए। लोक-साहित्य भनेको लोक-संस्कृतिको मूलाधार हो। मन्दिर, बहाल, मूर्ति, चित्रकृति, शिलालेख आदि नष्ट भएर जान सक्छन्, तर जनताको कण्ठ कण्ठमा झुण्डिएको लोक-साहित्य कहिल्यै नष्ट हुन सक्तैन। यो एक व्यक्तिमा मात्र सीमित नभएर समूहबीच विस्तरित भएको हुन्छ जो एक पुस्तावाट अर्को पुस्तासम्म "बूढा मरै भाषा सरै" झैं गरी निरन्तर अघि बढिरहन्छ। लोक-साहित्यले पाएको यस अमरत्वबाट नेपाली लोक-साहित्य वञ्चित छैन।

नेपाल अनेक ऋषि-मुनिहरूको तपोभूमि थियो। जनश्रुतिअनुसार ने मुनिकै नामबाट नेपाल नाम रहन गएको हो। सीता, बुद्ध जस्ता विभूतिहरूको जन्म यहीं भएको थियो। लिच्छवि, मल्ल र शाहकालमा नेपालमा कैयौं प्रतिभाहरूले जन्म लिएको तथ्य इतिहासका पृष्ठबाट छिपेको छैन। नेपालको संस्कृति ज्यादै प्राचीन छ, तसर्थ नेपाली लोक-साहित्यको परम्परालाई पनि ज्यादै प्राचीन मान्न सकिन्छ। खसहरूले कर्णाली प्रदेशमा पदार्पण गर्दा कोशीप्रदेशमा यहाँका आदिवासी किराँतहरू आफ्नै वेद "मुन्धुम" लिएर स्वतंत्र शासन चलाउँदै थिए। गण्डकी प्रदेशका मगराँतहरू पनि कैयौं वर्षदेखिको आफ्नै लोक-संस्कृति लिएर जीवन यापन गरिरहेका थिए। यी तीनै प्रदेशका जातिहरू एकदम बर्बर अवस्थामा निश्चय नै थिएनन्। तिनीहरूका संस्कृतिको निर्माण भइसकेको थियो। त्यसैले भन्न सकिन्छ नेपाली लोक साहित्यको यात्रा इतिहासको ज्यादै प्राचीन पृष्ठदेखि थालिई आजपर्यन्त चलिरहेको छ।

सास्त्रबमोजिमको तिनै सहर नेपालको नेवारहरूको नाच झिकाई हेऱ्या पनि हुन्छ"—पृथ्वीनारायण शाहको यस भनाइका आधारमा उनका नीति र चरित्रबारे अमूल्य सत्यहरू फेला पार्न सकिए तापनि लोक-साहित्यका दृष्टिले पनि यो भनाइ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यत्तिकै महत्त्वपूर्ण छ। सांस्कृतिक चेतनाको उद्बोधनका दृष्टिले यो वाक्य गहन छ। लोक-नृत्य भनेको लोक-साहित्यको एक सशक्त अङ्ग (विधा) हो। यो सर्वजन-अभिमुख हुन्छ, अथवा भनाइको तात्पर्य के हो भने नृत्य भनेको विशाल जनसमूह समक्ष देखाइने लोक-कला हो, यो ऐकान्तिक आवश्यकतासम्म मात्र सीमित छैन। पृथ्वीनारायण शाहले नेवारी लोक-नृत्यलाई समृद्धिका दृष्टिले हृदयङ्गम गरेर नै उपर्युक्त वाक्यलाई वाणीको रूप दिएका थिए। यस वाक्यको गहन अध्ययनबाट अझ के कुरो टङ्कारो देखापर्छ भने स्थानीय लोक-संस्कृतिलाई प्रोत्साहन दिन पृथ्वीनारायण शाह अनुप्रेरित थिए। विजय प्राप्त गर्दै जुन-जुन माटामा उनले टेके त्यहाँका सांस्कृतिक निधिमा उनले कत्ति पनि हस्तक्षेप गरेनन्, बरु संरक्षण प्रदान गरे। शाहवंशको यस परम्परामा पछिसम्म पनि नेपाली लोक-संस्कृति अथवा साहित्य सुरक्षित हुँदै गयो। सं० २०१३ मा सम्पन्न स्वर्गीय श्री ५ महेन्द्रको राज्याभिषेक लोक-साहित्यको समृद्धिका दृष्टिले ज्यादै महत्त्वपूर्ण अध्याय हो। यसअघिसम्म नेपाली लोक-गीत, काव्य नृत्य आदि हामी नेपालीहरूकै आँखामा अवहेलित र उपेक्षित थिए। "ह्याउरे भनी नगर हेला" भनेर महाकवि देवकोटाले हृदयभित्रबाट बोली फुटालेर भनेका थिए। सं० २०१३ को महेन्द्र शुभराज्याभिषेकको उपलक्ष्यमा पूर्व-पश्चिमका लोक-नृत्य, गीत आदि काठ-माडौंमा सामेल गराई उत्कृष्ट ठहरिएकालाई पुरस्कृत गरेर प्रोत्साहन दिइयो। राज-मुकुट नेपाली संस्कृतिको गौरवमय प्रतीक हो। राजाबाट लोक नृत्य, गीत आदिको लागि प्रोत्साहन पाएपछि यस क्षेत्रमा देशमा चारैतिर जागरण आयो। नेपाली लोक-साहित्यको महिमा बढ्यो, यसप्रति आदरको भाव नेपालीहरूका आँखामा उब्ज्यो। स्व० श्री ५ महेन्द्रबाट धर्मराज थापाज्यूलाई 'जनकवि-केशरी'को उपाधि बक्सनु वास्तव-मा नेपाली लोक-संस्कृतिप्रतिको मौसूफको अनुरागको द्योतक थियो। अब हिन्दी गीतको मोहले किचेको नेपाली मस्तिष्कमा नेपाली लोक-गीत पस्न थाल्यो। लोक-साहित्यको क्षेत्रमा एउटा नयाँ युगकै प्रारम्भ सं० २०१३ को शुभराज्याभिषेकले गऱ्यो। पुराना लोक-गीतादिको संकलन र गायनमा मात्र सीमित नभएर लोक-गीतका लयमा नयाँ नयाँ रचनाहरू पनि लेखिन थालिए। लोक-साहित्य संकलनका दृष्टिले यो ज्यादै महत्त्वपूर्ण सिद्ध भयो। नेपाली गायकहरूको संख्यामा क्रमिक वृद्धि हुन थाल्यो र हरेक राष्ट्रिय वा धार्मिक चाड-पर्वमा सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्ने परम्परा देशभरि चल्यो। अहिले लोक-संस्कृति र साहित्यको उन्नति गर्ने उद्देश्यले सरकारी तथा गैर-सरकारी कैयौं संस्थाहरू अधिराज्यका चौधै अञ्चलमा खोलिसकिएका छन्। रेडियो नेपालले संचारको माध्यमद्वारा लोक-साहित्यलाई प्रशस्त प्रोत्साहन दिइरहेछ। उच्च शिक्षाका तहमा लोक-साहित्यको अध्ययन भइरहेछ। सत्यमोहन जोशी, धर्मराज थापा, काजीमान कङ्दङ्वा, लक्ष्मण लोहनी, लीलासिंह कर्मा, प्रदीप रिमाल, तुलसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिवस, रत्नाकर देवकोटा, कालीभक्त पन्त, देवकान्त पन्त आदिले नेपाली लोक-साहित्य को संकलन र विवेचना गरी महत्त्वपूर्ण कार्य गर्नुभएको छ ।

(तीन)

विधागत वर्गीकरणको आधारमा नेपाली लोक-साहित्यको वैज्ञानिक अध्ययन गर्न सकिन्छ । रचना-पद्धतिलाई दृष्टिगत गर्दा नेपाली लोक-साहित्यको प्रत्येक विधा स्वतंत्र रूपले आफ्नो-आफ्नो स्वरूपलाई बचाएर विकसित भएको पाइन्छ । ती विधा-हरू यिनै हुन् ।

[१] **लोक-गीत** (Folk song) ।
[२] **लोक-गाथा** (Folk Ballads) ।
[३] **लोक-कथा** (Folk Tales) ।
[४] **लोक-नाट्य** (Folk Drama) र ।
[५] **प्रकीर्ण साहित्य** (Misc. Literature) ।

[१] **लोकगीत**—नेपाली लोक-साहित्यमा विशेष गरेर लोक-गीतको क्षेत्र ज्यादै विस्तृत छ । लोक-साहित्यका प्रायः सबै विधामा गीतितत्त्व या गेयता विद्यमान छ । लोकगीतहरू आकारमा छोटा, गाउन र कथन सजिला, मनोरञ्जक तथा तुरुन्तै प्रभाव उत्पन्न गराई हँसाउन वा रुवाउन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोक-प्रिय बन्न सकेका हुन् । मेला-पात, रोपाइँ, दाइँ, तीर्थ, व्रत, जहाँ र जुनसुकै कार्यमा पनि लोक-गीत नै गाउने प्रवृत्ति लोकमा हुन्छ । दुई तन्नेरी-तरुणीको भेट भयो भने जहाँ पनि जुहारो चल्न थाल्छ । दशैं, तिहार जस्ता ठूला चाड-पर्वमा लोकगीत नै गाइन्छ : यसरी नेपाली लोक-साहित्यमा लोकगीतको स्थान प्रमुख रूपमा रहेको छ र यस विधाले जनताको हृदयका निष्कपट उद्गारलाई स्वाभाविक रूपमा व्यक्त गर्न सकेको छ ।

नेपालका चौघै अञ्चलमा लोकगीतहरू गाइन्छन् । विभिन्न क्षेत्रमा बसोवास गर्ने विभिन्न जातिका मानिसहरूका आफ्नै-आफ्नै ढङ्गमा लोकगीतहरू भए तापनि तिनको वर्गीकरण यसरी गर्न सकिन्छ ।

(१) **संस्कारसम्बन्धी लोकगीत** ।
(२) **ऋतुकालीन लोकगीत** ।
(३) **क्रियासम्बन्धी लोकगीत** र
(४) **विविध लोकगीत** ।

(१) **संस्कारसम्बन्धी लोकगीत**—न्वारान, पास्नी, व्रतबन्ध, विवाह, मृत्यु जस्ता संस्कारहरू नेपाली जीवनका अभिन्न अंग बनेर आएका छन् । यस्ता संस्कार-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का अवसरमा हर्ष वा विस्मातले गाइने गीतहरूलाई लोकगीत नै मान्न सकिन्छ। कर्णाली अंचलतिर प्रचलित 'मागल' संस्कारसम्बन्धी लोक-गीत हो। छोरा पाउँदा-को मागल, बालोको नाउँमा दान गर्दाको मागल, बालो नचाउँदाको मागल, बिहेको मागल, रत्यौली गीत जस्ता संस्कारसम्बन्धी लोकगीत त्यस भेकमा ज्यादै प्रचलित छन्।[१] विवाहका अवसरमा मनोरञ्जनार्थ 'रत्यौली' गाउने चलन त नेपाल अधि-राज्यका कतिपय ठाउँमा छँदैछ, कहीं कहीं कुनै कुनै जातिमा 'कवित्त' भन्ने र 'सिलोक' हाल्ने चलन पनि छ। डोटीतिर धेरै फाग र धमारीहरू प्रचलित छन्, जस्तै—बालक जन्मदाको फाग, छैंटीको धमारी, न्वारानको फाग, पास्नीको फाग, चूडाकरणको फाग, स्वस्तिवेदको फाग, छाला पहिराउँदाको फाग, जनै पहिराउँदाको फाग, फुपूको फाग आदि[२]। नेपाली समाजमा विवाहोत्सवको वेला दुलहालाई अन्भाउँदा 'मोहला' भन्ने लोकगीत गाउने चलन छ। 'विधवाको विलाप' जस्ता मृत्यु-गीत पनि नेपाली लोक-साहित्यमा पाइन्छ।

(२) **ऋतुकालीन लोकगीत**—विभिन्न ऋतुहरूमा मनाइने चाड-पर्व, व्रत जस्ता अवसरमा गाइने खास खास गीतहरू हुन्छन्। यस्ता गीतहरू जुनसुकै समयमा जहीं-तहीं गाइँदैनन्। यस्ता गीत गाउनको लागि खास अवसर आउनुपर्दछ। तीज नेपाली-हरूका ठूला पर्वमध्ये एउटा हो। यस अवसरमा व्रत बसेर 'सँगिनी' गाउने गरिन्छ। बाला-चतुर्दशीका दिन व्रत बसेर 'सँगिनी' गाउने चलन पूर्व ४ नं० भोजपुरतिर पनि छ। "तीजे गीत" लाई "भदौरे" पनि भनिन्छ। भजन, चुट्का या खैंजडी गीत बाला-चतुर्दशीका दिन र अन्य व्रतका अवसरमा गाइने गीत हो। दशैं र तिहारमा मालसिरी देउसी, भैलो, मारुनी, सोरठी आदि गाइन्छ। "बालून" चाहिं ठूलो एकादशी, चण्डी पूर्णे जस्ता पर्वमा गाइने गीत हो। फागू पूर्णेका दिन "फागू" को गीत गाउने चलन शहर-बजारमा हुन्छ। श्रावण, भाद्र महीनामा "सिलू" लोकगीत गाइन्छ। माघे-पूर्णे या तोरी पाकेको वेलामा गाउँथरमा "लोसर" गाइन्छ।

(३) **क्रियासम्बन्धी लोकगीत**—नेपालीहरूका जनजीवनमा लोकगीतले कति गहिरो सम्बन्ध राखेको छ भन्ने तथ्यको पुष्टि 'क्रियासम्बन्धी गीत' ले पनि दिन्छन्। कुनै काम गर्दा सँगसँगै गाइने गीत यस वर्गमा पारिएका छन्। नेपाली जीवनमा कृषि व्यवसायको महत्त्वपूर्ण स्थान भएको हुँदा खास गरीकन कृषि सम्बन्धी काम गर्दा गीत गाउने चलन छ। यसअन्तर्गत दाइँ गीत, रसिया असारे, राशि गीत, लहरी

---

१. प्रदीप रिमाल, **कर्णाली लोक संस्कृति**, खण्ड ५ (काठमाडौं : ने० रा० प्र० प्र०, २०२८) : पृ० २–६।

२ देवकान्त पन्त, **डोटेली लोक-साहित्य** (काठमाडौं : ने० ए० अ० सं०, २०३२) पृ० १८-७८।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाली माई आदि पर्दछन् । कर्णाली अंचलतिर यस्तै प्रकारका 'मागल'हरू प्रचलित छन् ।

(४) **विविध लोकगीत**—नेपालको प्राकृतिक रचना नै संगीतमय छ । यहाँको प्रत्येक प्राकृतिक अवयवले नेपालीहरूलाई सदा संगीतको आह्वान गरिरहेको हुन्छ । खोलो, वन-जङ्गल, पहाड, हिमालय-शृंखला हरिया चौर, छाँगा, मधेशको जंगल र लेकको नागी आदिबाट प्रेरणा पाएर नेपाली लोकगीत मौलाएको छ । त्यसैले नेपालमा लोकगीतको स्रोत कहिल्यै बन्द हुँदैन[३] । पराले झुप्रोभित्र 'सिलोक' निस्किरहन्छ, 'मादले गीत' ले सदा वन-जंगल गुञ्जायमान भइरहन्छ, र 'बाह्रमासे' गीतहरूले नेपाली हृदयाकाशलाई सधैं मनोरम तुल्याइरहन्छन् । कर्णाली अञ्चलतिर स्थानीय पशुपक्षीका बारेमा गाइने थुप्रै लोकगीतहरू प्रचलित छन् । कस्तूरी, डाँफे, बाज, मौरी नेपालका प्रकृतिका अभिन्न अँग हुन् जससंग नेपाली लोकगीत पनि अभिन्न अङ्ग नै भएर गाँसिएको छ । च्याङ्बाका हातमा डम्फू पर्नेबित्तिकै 'सेलो' गीत प्रस्फुटन हुन थाल्दछ । त्यस्तै लेकतिर टुङ्ना भेट्टाउनासाथ भेडा-गोठालाहरू 'टुङ्ना' गीत गाउन थाल्दछन् । 'जुहारी,' 'ख्याली' र दोहा तन्नेरी-तरुनीहरूका प्यारा गीत हुन् जसमा तिनीहरूले आफ्नो बैंसलाई व्यक्त गर्दछन् । सम्भवतः नेपालमा सबभन्दा बढी लोकप्रियता 'झ्याउरे'ले पाएको छ । कहीं सामूहिक रूपले मनोरञ्जन गर्नुपर्‍यो वा तरुनीले तन्नेरीलाई वा तन्नेरीले तरुनीलाई घोच्नुपर्‍यो, ठट्टा गर्नुपर्‍यो वा आफ्नो पक्षमा ल्याउनुपर्‍यो भने 'झ्याउरे'मै तत्काल गाउने गरिन्छ ।

[२] **लोक-गाथा**—लोकगाथालाई "लोककाव्य" पनि भनिन्छ । यो प्रबन्ध गीत हो, किनभने यसमा कथावस्तु हुन्छ । नेपाल वीरपुरुषहरूको कर्मक्षेत्र भएको हुँदा ती वीर पुरुषहरूका वीरता या साहसिकताको वर्णन गरेर रचिएका लोककाव्यहरू यहाँ प्रशस्त पाइन्छन् । डोटीतिर लोकगाथाका रूपमा कैयौं फाग, धमारी, ढुस्को, चैत, भैंनी आदि पाइन्छन् जसको सम्बन्ध नाग मल्ल, रिपु मल्ल, राम शाही, रघुनाथ शाही लाल द्यौवा जस्ता ऐतिहासिक पुरुषसँग छ ।[४] डोटीतिर गणेश, सीता, कृष्ण जस्ता दैवी पुरुषसंग सम्बन्धित लोककाव्यहरू पनि पाइन्छन् । कर्णाली अंचलतिरका लोक काव्यहरूमा हामी साइमल साईको चाँचडी, राराको पैकेलो, सोभन साईको विलाप, काशीराम पैकेलो, लाटी देउतीको पडेली आदि पाउँदछौं । पश्चिम १ नम्बरतिर 'मैतालु चेली' जस्तो सामाजिक लोककाव्य पनि प्रचलित भएको पाइन्छ । यसबाट के

---

३. लोकगीतको सान्दर्भिक लालित्य र त्यसको विश्लेषणको लागि हेर्नुहोस् लक्ष्मण लोहनीको **रोदीघर** (काठ० लोकगीत प्रकाशन मण्डल, २०१३) ।

४. देवकान्त पन्त, **डोटेली लोकसाहित्य** : पृ० ९४-२०९ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पष्ट हुन्छ भने लोकगाथा केवल वीरता साहस र रोमांचमा मात्र सीमित नभएर यसको विस्तार प्रेम र अतिमानवीयतासम्म पनि भएको रहेछ ।

[३] **लोक-कथा**—लोक-मानससँग सम्बन्ध स्थापना गर्ने वलियो माध्यम लोककथा नै हो । नेपालमा लोककथा प्रशस्त पाइन्छन् र स्थानीय विभेदहरूलाई यसले समेट्दै गएको देखिन्छ । लोकको रुचि तथा प्रवृत्ति तिनीहरूका मानसिक झुकाव, आकांक्षा, विश्वास जस्ता कुराहरू ती कथाहरूका अध्ययनबाट थाहा पाउन सकिन्छ । कति कथाहरू उपदेश दिने उद्देश्यले कथिएका छन् भने कतिचाहिं आफ्नो जातीय संस्कार र संस्कृतिको परिचय दिने उद्देश्यले । नेपाली लोककथामा एकतिर प्रशस्त मनोरञ्जनका सामग्री भेटिन्छन् भने अर्कोतिर युग र जीवन-बोधका बुँदाहरू पनि भेटिन्छन् । पात्रका रूपमा मानिस मात्र नभएर भूत-प्रेत पशुपक्षी, देवता, परी-अप्सराका साथै जड पदार्थहरू पनि हुनु र तिनले मानिसकै भाषा अनुसरण गरी वार्तालाप गर्नु नेपाली लोककथाको पनि विशेषता हो । स्थानविशेषमा प्रचलित विभिन्न कथाहरू केवल काल्पनिक मात्र नभएर ऐतिहासिक पनि छन् । सबै कथाहरू नेपाली माटोकै मौलिक उपज हुन् भनेर त मान्न सकिन्न, तर केचाहिं मान्न सकिन्छ भने बाहिर (भारत, चीन, तिब्बत, लंका आदि) बाट आयातित भएका कथाहरू पनि नेपालभित्र पसिसकेपछि रत्तिएका छन्—नेपाली माटो, परिस्थिति र जनभावनानुकूल ।

तुलसी दिवसले आफ्नो "नेपाली लोक-कथा" भन्ने पुस्तकमा नेपाली लोककथाको वर्गीकरण यस प्रकारले गर्नुभएको छ—

(१) सांस्कृतिक ऐतिहासिक लोककथाहरू
(२) अर्ती- उपदेशका ,,
(३) पशुपक्षीका ,,
(४) मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू
(५) अतिमानवीय रूपमा लोककथाहरू
(६) दैवी ,,
(७) फलफूलका ,,
(८) धार्मिक ,,
(९) साहस तथा बहादुरीका ,,
(१०) विविध लोककथाहरू ।

दिवसज्यूले लोककथालाई ज्यादै उदार अर्थमा ग्रहण गरी उपर्युक्त वर्गीकरण गर्नुभएको छ । परी-कथा, पौराणिक कथा, नीति कथा, भूत कथा आदि सबैलाई उहाँले दन्त्यकथाभित्र समावेश गर्नुभएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[४] लोक-नाट्य

नेपाली लोकनृत्यको विशेषता के रहेको छ भने यो लोकगीतसँग अभिन्न रूपले सम्बद्ध छ। च्याब्रुङ र लाखे नाचको लागि बाजा नै पर्याप्त छ, तर मारूनी, सोरठी, खैंजडी, डम्फू, बालून, करुवा, धाननाच, मादले, देउडा, ख्याली, पुरसेङ्गी जस्ता नाचको लागि गीतकै आवश्यकता पर्दछ। नेपाली लोक-नाट्यमा हामी धामी नाच, धिन्तामुनि नाच, ढाल नाच, धुन्या नाच, हुडका नाच, झिँझिया नाच, पूर्वी नाच, मुगाली नाच, चाँचडी नाच र कोदारे नाचका नाम पनि लिन सक्छौं। यी सबै नाचहरू आफ्नै रूपले महत्त्वपूर्ण छँदैछन्, तर यी मध्ये 'घाटु' नाचको महत्त्वलाई सबैले स्वीकार गरेका छन्। यो गुरूङ जातिमा प्रचलित प्राचीन नाच हो। खुकुरी नाच र ढोल नाच पनि लोक-नाट्यका परिष्कृत रूप हुन्।

[५] प्रकीर्ण साहित्य

यसअन्तर्गत उखान-टुक्का, गाउँखाने कथा, अड्को आदि समावेश गरिन्छन्। केटाकेटीहरूले खेल्दा गाउने गीतलाई पनि यसै अन्तर्गत मान्न सकिन्छ। डा० पारसमणि प्रधान भन्नुहुन्छ—"धेरैजसो असल उखानमा जातिको इतिहास लुकिरहेको हुन्छ, विचारको गहिराइ हुन्छ, अनुभवको अभिव्यक्ति हुन्छ, ज्ञानको भण्डार हुन्छ अनि गागरमा सागर हुन्छ।[५] बालकृष्ण पोखरेलले नेपाली उखानहरूलाई अभिधामूलक र लक्षणामूलक दुई वर्गमा विभाजित गर्नुभएको छ।[६] उहाँले टुक्काहरूलाई चाहिँ एक पदीय र अनेक पदीय दुई वर्गमा विभाजित गर्नुभएको छ।[७] 'गाउँखाने कथा'लाई 'कथा' नाम दिइए तापनि यो वास्तवमा कथा होइन, किनभने 'कथा' हुनलाई यसमा पात्र, परिवेश, कथानक इत्यादि केही हुँदैनन्। प्रश्नका रूपमा सत्यलाई ढाकछोप गरेर घुराउरो कुरो सोधिन्छ; जवाफ दिनेले बौद्धिक व्यायाम गर्नुपर्छ। ठीक जवाफ पर्न सकेन भने जवाफ दिनेले प्रश्नकर्तालाई गाउँ खुवाउनुपर्छ। केटाकेटीहरूले गाउने क्रीडा-गीतहरूमा बालसुलभ वाणीलाई सहज पारामा गेय रूप दिइएको हुन्छ।

(चार)

नेपाली लोक-साहित्यले आफ्नै मौलिकताहरूलाई संगालेर आफ्ना विशेषताहरूको जोगावट गरेको छ। लोक-साहित्यकारहरूले विभिन्न समयमा आफ्ना हृदयको द्वार खोलेर मौलिक सीपको प्रयोग गरेका छन्। तिनीहरू शास्त्रको बन्धनबाट मुक्त थिए, तैंपनि कथा, नाटक जस्ता विविध विधा सिर्जी आफूलाई व्यक्त गरे। तिनीहरूलाई

---

५. **टिपन-टापन** (कालिम्पोड : भाग्यलक्ष्मी प्रकाशन ई० १९६९) पृ० ११
६. **राष्ट्रभाषा** : पृ० ११४–११५
७. ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिव्यक्तिको प्रेरणा प्रकृतिले दियो, राष्ट्रिय परिस्थितिले दियो, अनि आफ्नै स्वानुभवले दियो। यही लोक-साहित्यमा आज हामी अनेक मूल्यहरू खोज्न लागेका छौं जो निम्नलिखितअनुसारका छन् :—

साहित्यिकता—लोक-साहित्यको साहित्यिक मूल्य अनुशीलन गर्दा यसका वस्तु र शिल्प दुवैलाई आधार बनाउन सकिन्छ। लोकको हृदयबाट स्वतः उद्गारित पंक्तिहरू सरी आफ्नो रचना-सौष्ठवलाई समेटी गहन भाव व्यक्त गर्दछन् भन्ने कुराको पुष्टिको लागि यी पंक्तिहरूबाट हेरौं—

"जेठासी रुडाले लैगो कात्तिकी भएन
ओठ मुख मल्याइलो भयो गलाउँदो भएन।"

अर्थ—जेठमा पानी नपरेकाले कात्तिकमा धान भएन, हाम्रो माया-प्रीति पनि अपूरो भयो, जस्तै—मुखमा मात्र गुलियो लाग्यो, घाँटीभित्र जान पाएन।

प्रकृति चित्रणका दृष्टिले लोकगीतको यो टुक्रा हेरौं :—

टह टह लागेछ जून
आऊ आमा पिंडीमा बसन !
जूनले मलाई हेऱ्यो
गैरीमा ओजेल पारेर।"

नेपाली लोकगीतहरूमा अनुप्रास, अलंकार आदि स्वतः मिल्दै आएका छन्। विश्वसामु नेपालीको शिर ठाडो पार्ने हिमालको उपमा प्रायः लोकगीतमा प्रयोग भएको पाइन्छ। प्रेमी-प्रेमिकाहरूले चखेवा-चखेवी, जून, बादल आदि उपमा प्रयोग गरी गीत गाउँदछन्। अनुभूतिको तीव्रताका दृष्टिले पनि लोक-साहित्यको साहित्यिक मूल्य कम देखिंदैन। बाह्रमासा, रत्यौली आदिमा शृंगाररस हुन्छ भने भजन, बालनमा शान्त रस; अनि कर्खा, सवाइ, चैत आदिमा वीररस।

(२) **लोक-संस्कृतिको यथार्थ चित्रण**—नेपाली लोक-साहित्य लोक-संस्कृतिको आधार बनेको छ। विभिन्न समयका नेपालको सामाजिक जीवनलाई बुझ्न लोक-साहित्यले ठूलो मद्दत गर्दछ। उदाहरणको लागि 'मैतालु चेली' लोककाव्यलाई हामी अघि सार्न सक्छौं जसमा रहन-सहन, प्रवृत्ति, सामाजिक दायित्व र मान्यता बारे प्रशस्त यथार्थहरू भेट्टाउन सकिन्छ। लोकको सुख-दुःखले नेपाली लोक-साहित्यमा यथेष्ट अभिव्यक्ति पाएको छ। सन्तहरूले टुङ्ना, झ्याउरे, लहरी जस्ता लोक छन्दमा आध्यामिक स्वरमा समाजका खराबीहरूलाई प्रशस्त उदांग्याएका छन्। राणाकालीन लोकगीतहरूमा लाहुर जाने, लडाइँमा जाने जस्ता कुराहरू उल्लेख भएको पाइन्छ। समाजका धार्मिक र आर्थिक पक्षलाई पनि कतिपय लोकगीतहरूले प्रतिबिम्बित गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरणको लागि केही टुक्रा हेरौं—

"एकसरो भोटो, त्यो पनि छोटो
नक्कल पार्ने इस्टकोट !
सिपाईं र दाइले जागीर खायो
कैले नेपाल कैले भोट !

+ + +

"धारै र पानी कुवै र पानी
पानी खानु नीर-पानी
बिरानी देशमा मै मरें भने
कल्ले देला सुनपानी ?

+ + +

'-कोसीको किनारैमा कसले पूजालाई रगतले बालुवा भिजाई.... ।"

(३) **भाषासम्बन्धी महत्त्व**—नेपाली लोक-सहित्यका आधारमा स्थानीय भाषिकाको अध्ययन गर्न सकिन्छ। डोटीतिरको नेपाली भाषाको स्वरूप ठम्याउन त्यहाँका लोकगीतको कुनै एक टुक्रा लिए पनि पर्याप्त हुन्छ। एउटा उदाहरण लिउँ—

"सुनवारी खुर कुट्टी अल्योंछ दुलगेडो
धरती कम्पन लागी
जनकम्पै जनकम्पै धरती मायौ...."

कर्णाली अंचलको एउटा कथाको अंश—

"दुइटा बालकले छारो खरानी खेल्दाखेरिमा पछिहुँदो केइ न केइ जान्न्या भया। जान्न्या हुँदाखेरिमा तिन्ले गाई किन्या र गोठ राखी बस्या। एक चाहिं अलि घडको सुद्धो रयाछ, पेटको बाठो रया छ। अक्को चाहिं घडको पनि बाठै, पेटको पनि बाठै रयाछ।"

भाषिकाका यी नमूनाबाट भाषामा ध्वनि-परिवर्तनका प्रक्रिया, रूपतत्त्व आदिका बारेमा अध्ययन गर्न सकिन्छ।

माथि हामीले नेपाली लोक-साहित्यका मोटामोटी विशेषताबारे चर्चा गर्‍यौं। व्यक्तिगत जीवनदेखि लिएर राष्ट्रिय जीवनसम्म नेपाली लोक-साहित्यले महत्त्वपूर्ण स्थान लिएको छ। अझ यहाँ कुन कुरो स्मरणीय छ भने लिखित नेपाली साहित्यको परम्परामा यस अलिखित लोक-साहित्यले पृष्ठभूमिको रूपमा काम गरेको छ। नेपाली साहित्यको प्राथमिक कालमा लोक-साहित्यको प्रभाव टङ्कारो छ। सुवानन्ददासको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"पृथ्वीनारायण" कविता नै लोक-साहित्यको प्रभावमा छ। वसन्त कविले "समुद्रलहरी" लेखे। प्रायःजसो सन्तकविहरूले लोकछन्दलाई नै पछ्याएका छन्। माध्यमिक कालमा अनेक सवाइ र बाह्रमासाहरू लेखिए। "चरीको सवाइ"बाट प्रभावित भएर नै जन-कविकेशरी धर्मराज थापाले "वनचरो" लेख्नुभएको थियो। देवकोटाले आफ्नो महान् कृति "मुनामदन" नेवारी लोककाव्य "म आएको महीना दिन पनि भएको छैन" वाट प्रभावित भएर लेखेका थिए।[८] लोक-साहित्यका सन्दर्भहरू आधुनिक कविहरूले पनि आफ्ना कवितामा दिइरहेका छन्। आधुनिक कथाकार रमेश विकलको "मधुमालती को कथा" लोककथाकै प्रभावमा लेखिएको हो। यसै सन्दर्भमा कवि रिमालका यी पंक्तिहरू बिर्सन सकिंदैन—

"अथवा कथाका राजकुमार झैं देश भ्रमण गर्दागर्दै
राक्षसले लुटिएको सुनसान सहरमा आइपुग,
एकलासको बगैंचामा सुतिरहेकी मलाई एक्कासि फेला पार,
मलाई बाबु-आमा भन्न कर परिरहेका
राक्षसहरूबाट छुटकारा दिन कम्मर कस,
म राक्षसहरूलाई आँसुले छकाएर तिनीहरूको
काल पत्ता लगाइदिन्छु,
तिमी उनीहरूलाई मार, मलाई हर !"

यी पंक्तिहरूबाट स्पष्ट हुन्छ—आजका सन्दर्भमा पनि लोक-साहित्यको भूमिका र उपादेयता सर्वोपरि छ।

---

८. विस्तृत जानकारीको लागि हेर्नुहोस् : दयाराम श्रेष्ठ सम्भवको लेख "मुनामदनको स्रोत तथा प्रेरणा" रचना (देवकोटा अंक), वर्ष १४, अंक ४, २०३३ पुस, माघ, पृष्ठ ६२–७९।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. प्राचीन अभिलेख र अभिलेखकारहरू

बालकृष्ण पोखरेलको भनाइअनुसार ".....सैद्धान्तिक रूपमा नेपाली भाषा एघारौं शताब्दीमा जन्मिसकेको नमानी हुन्न। किनभने यो समय हो अपभ्रंशको समाप्ति तथा नव्य भाषाहरूको उदयको युग।"[१] नेपाली भाषाको इतिहासलाई प्राचीनतातिर धकेल्दै लैजाने सैद्धान्तिक आधार पोखरेलले तयार गर्नुभए तापनि व्यवहारमा चाहिं यसतर्फ अन्वेषकहरूको प्रयास विक्रमको चौधौं शताब्दीभन्दा परतिर जान सकेको छैन। ईसाको एघारौं अर्थात् विक्रमको बाह्रौंदेखि चौधौं शताब्दीबीचको यो करीब डेढ सय वर्षको रिक्तता नेपाली भाषाको इतिहास अन्वेषण गर्ने विद्वान्हरूको लागि महत्त्वपूर्ण क्षेत्र भएको छ। पूर्णप्रकाश नेपाल 'यात्री' ले हालै दशौं शताब्दी अर्थात् वि. सं. ९७६ को निरयमल्लको ताम्रपत्र प्रकाशित गर्नुभएको छ। निश्चय नै यस ताम्रपत्रले भाषाशास्त्री तथा इतिहासकार दुवैको ध्यानलाई आकर्षित गरेको छ। "महाकाली अञ्चलको दिग्दर्शन" भन्ने पुस्तकमा 'यात्री' ज्यूले उपर्युक्त ताम्रपत्रको नक्कल प्रकाशित गर्नुभएपछि यसतर्फ लिपि-विशेषज्ञहरूको ध्यान पनि आकर्षित भएको छ। यस ताम्रपत्रमा यात्रीज्यूले पढ्नुभएको मिति अर्थात् सं. ९७६ लाई भाषाशास्त्र, इतिहास र लिपिका आधारमा प्रामाणिक तुल्याउन सकियो भने नेपाली भाषाको प्राचीनता निकै गौरवशाली हुनेछ।

प्राचीन नेपाली भाषालाई "सिजाली" भनिन्छ भनेर माथि नै पनि भनियो। एघारौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्मको समयलाई नेपाली भाषाको प्राचीन काल मानिएकोले यसै कालका सिजाली अभिलेखहरूको चर्चा यहाँ गरिनेछ। योगी नरहरिनाथले कर्णाली प्रदेशका सूर्यवंशी पाल राजा पुण्यमल्ल र पृथ्वीमल्लका ताम्रपत्रहरूको खोजी गर्नुभएको थियो। मोहनप्रसाद खनाल, शङ्करमान राजवंशी आदिले पुण्यमल्लबाट पनि अघि बढेर अशोक चल्ल, अक्षयमल्ल, आदित्यमल्लहरूका अभिलेखका खोजी गरेर नेपाली भाषाका अझ प्राचीन नमूनाहरू प्रकाशित गर्नुभएको छ। अहिलेसम्म पाइएका सबै अभिलेखहरू चौधौं शताब्दीसम्मका हुन्। यसबाट के स्पष्ट हुन्छ भने यस दिशातर्फ अन्वेषणको नितान्त खाँचो छ। ईसाको एघारौं शताब्दीसम्म अन्वेषकहरू पछि हट्न सकेका खण्डमा प्राचीन नेपाली भाषाको स्वरूप स्पष्ट हुने थियो। अहिलेसम्म प्राप्त अभिलेखका आधारमा नेपाली भाषाको प्राचीन स्वरूप निर्धारण गरी ऐतिहासिक विकासक्रम तय गर्न ठूलो मदत मिलेको छ।

---

१. **राष्ट्रभाषा** : पृष्ठ ३४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब ती अभिलेखका भाषा हेरौं । वि० सं० १३१२ को अशोक चल्लको प्रशासनिक ताम्रपत्र नेपाली भाषामा अहिलेसम्म प्राप्त प्राचीनतम अभिलेख हो । अन्वेषक मोहनप्रसाद खनालका अनुसार "उक्त ताम्रपत्रमा प्राचीन नेपाली भाषा छ र एक ठाउँमा हाम्रा आलि अटली अटल करि अक्या छु (हाम्रो देशको सीमाना दिगो गरेका छौं) भन्ने लेखिएको छ ।[२] यिनै अशोक चल्लको अर्को अभिलेखको भाषा यस्तो छ—

" ॥ श्री अशोक चल्ल देवस्चिरंजयतु सऊना कार्कि साऊका कर्क्यानिको देवल : "

सं० १३१७ र १३२७ का बीचको भनी अनुमान गरिएको यो अभिलेख मोहनप्रसाद खनालकै प्रयासवाट प्राप्त भएको हो ।

अक्षयमल्लको सं० १३३७ को अभिलेखको भाषा यस्तो छ—"जैराज प्रसाद करायो । साके १२०२ सुत्रधार नागदेव नाम कमायो ।" शंकरमान राजवंशी लगायत भएको पुरातत्व विभागको एक टोलीले यो अभिलेख आछाम विनायक पञ्चायतमा प्राप्त गरेको हो ।

सं० १३४४ को नागमल्लको ताम्रपत्रको भाषा यस्तो छ--"ऋना स्वास्ती ॥ श्री शाके १२०९ फाल्गुन मासे सोमवासरे दसम्यां तिथौ राइको आदेश् ॥ चौकिका पेषक अधिकारी कार्किवुढा थपा रोकया वादा थापा सभै प्रति पिपल गाव्को अधालो वजाल गावको आला संकलि एकत्र पारी पसाकि अकऱ्याछु.....।"[३]

पुरातत्व विभागकै एक सर्वेक्षण टोलीले यो अभिलेख प्राप्त गरेको हो ।

सं० १३७८ को आदित्यमल्लको गोर्खा अभिलेखको भाषा हेरौं—

"ॐ स्वस्ति ॥ श्री शाके १२४३ श्री मदादित्य मल्लदेव सपरिवारश्चिरंजयतु ॥ राइका भाष् पसाकि अक्नि ॥ वास्गावा लामा सापरिबारि हाम्रा इछ्यु नास् हो हामि दान्पति हो हाम्रा रख्या स्वस्ति पायिथान रद्वा वाछन् कटक् आउदा जादा गुम्वा घच् नक्यि ॥ कोहि जे घचकर त सोन तोला १०० को थारोत्ता सुभलोनक्रु ॥ वरापचल्या वा भाष पसा भइ ॥"[४]

कर्णाली प्रदेशका राजा आदित्यमल्लले ताघवाइ गुम्बाको लागि व्यवस्था बाँधी गरिदिएको यो ताम्रपत्र मोहनप्रसाद खनालको प्रयासवाट खोजी भएको हो ।

सं० १३८५ को पुण्यमल्लको गोर्खा अभिलेखको भाषा हेरौं:—

---

२. **गोरखापत्र** २०३४-३-१७ : पृ० १

३. "ऐतिहासिक पत्र स्तम्भ", **प्राचीन नेपाल**, सं० ३०-३९, माघ २०३१—वैशाख २०३४ : पृ० १२३ ।

४. मोहनप्रसाद खनाल **मध्यकालीन अभिलेख** (काठमाडौं स्वयं लेखक, २०३०) पृ० २ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'ॐ स्वस्ति। धर्म्मको निको टाकुर। पुणमल्लको अदिस पूर्वतिर लायो हाहाको मुलिउँ पेषक अदिकारी करिकि कर्मकरं सभुँप्रति काजको घाल्ये अडै कटका मानिसौ पासाकियो ताजुगाइं पाख श्रागिर्य पनि पुर्विलो महारा(ज) को वले विद्यांकरी अक्रनु तेनकारनलागि महाराज मुदपात पसाकियो महाराजको बल विद्यां करू लामृनि टासि-कुंसाल लामा पाटा षम्करी बिन्तिकि षोत सर मयाकियो ताजगापास नर्जापालीसित रूत्नि स्यांगकोरो मूसो भूपालि माउनि चउनि सोत भात माग्नि कोइ चद्रूभ हूनं किया महाराजको मुदन लेषत तहाँ अइसि विन्ति ढोया जोयस मुटपात नलेषतास घार्नि सुनको थारोटा सुपत्न लेषजो थर्पुषा जंला।"

यो ताम्रपत्र पनि खनालकै प्रयासबाट प्राप्त हुन सकेको हो। यसमा पुण्य-मल्लले ताघवाइ गुम्बाको व्यवस्था बाँधी त्यस गुम्बाका लामाहरूलाई आदित्यमल्लले प्रदान गरेका सुविधाहरू थमौती गरिदिनाका साथै नयाँ नियम पनि बनाइदिएको कुरो उल्लेख छ।

✓ सं० १३९३ को पुण्यमल्लको ताम्रपत्रको भाषा यस्तो छ :—

"श्री शाके १२५८ कात्तिक सुदि विजयदशम्यां रविवारे। पिउथर्पु राज करि अक्रया भाखा पसा भै। राइको आदेस्। हुम, दाँगका पेखक अडै अधिकारि महर मँहँतौ सभौप्रति सुना र तामा शासन्‌ष्कनक पत्र कि भाष् करि जयाकर पँडितँ चतुः सीमापर्यन्त विशुद्ध आचँद्रार्कस्थायी सर्ववाधाविनिर्मुक्त करि पसा करि अकन्या छुँ। पुण्यमल्ल कि शाखा यो भाषा प्रतिपाल। जयाकर पँडितँको पूत् नाति भाइ भतिजा चेलिका चेला आदि भुँचन्। वस्यो रस्यो देखि कोहि उलटा पलटि कर्न नपाँवन्। आपनँ उचितै करि जयाकर पंडितै ढुँयन्।"

यो अभिलेख योगी नरहरिनाथको प्रयासबाट प्राप्त भएको हो। यो अभिलेख जग्गादानसँग सम्बन्धित छ। यसबारे बालकृष्ण पोखरेलको टिप्पणी यस्तो छ— "पुण्यमल्लको यो अभिलेख छोटो भए पनि यसले सिंजाली माउभाषाका बेहोरा पर्गेल्न औघी सघाएको छ।"[५]

सं० १३९४ को तिनै पुण्यमल्लको अभिलेखको भाषा यस्तो छ :—

"श्री शाके १२५९ वैशाप सुदि १३ रवौ विउथर्पु राज करि अक्रया भाषा पसा भै। राइको आदेश्।

ठिक्याँ उकुँका आला २ साँखा राँछुको आलो १ लुसाँ विन्याको आलो १ कोट मनदेवको आलो १ सभै एकत्र आला ५। सूर्यग्रहण सर्वकर अकर करि आला ५ पसा भया। श्री पुण्यमल्लकि शाखा प्रतिपाल। विद्याकर पँडितँकि शाखा भाइ भतिजो चेलिको चेलो आदि भुँच।"

५. पाँच शय वर्ष, दो० सं० (काठमाडौं : साझा प्रकाशन, २०३१) : पृ० ५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो अभिलेख जग्गादानसँगै सम्बन्धित छ ।

सं० १४०९ को डोटेली राजा निरयपालको ताम्रपत्रको भाषा हेरौं—

॥ ॐ ॥ स्वस्ति ॥ श्री शाके १२७४ कार्तिक वदि ५ रवि दिने वृश्चिक संक्रान्तौ ॥ श्रीराजाधिराज राय प्रतापनारायण अपाडरायपाडणैक जगजेष्ठि राय तारा मयंक इत्यादि विरुदावलिविराजमानः । श्री निरैपाल देवः चिरं जयतु । चैत भाट ताष पसा भै । पला ३ तिन पला चुडिपत्यानाका ॥ हस्तोदक् 'घा' लिनमा सासन् कि''''''''६

✓ सं० १४१३ को पृथ्वीमल्लको कनकपत्रको भाषा यस्तो छ :—

"श्री शाके १२७८ श्रावण सुदि १० शुक्रे राइको आदेस् । जुमला दुलुँ कुइना पलाता राकस्कोटका अधिकारि कार्कि खड्गाहा बुढा थापा छिद्याँका अडै अधिकारि वियापारि साहानि सभौप्रति । मेरि जन्मौति ढोया आखर पढायाका प्रसाद गोल्हु जोइसि कनकपत्रकि भाषा पसा करि अक्रयाँ छुँ आ. १ गमौडिको द्योपाल भँडारिको काठ्या खेतसहित, आ. १ वाँजकोटको पुन्या पाटाकँ चौथाँग सहित पुरो करि आ. १ नमजैको धारगाडको विन्या कठैतको १॥ कुइना पाथरराशिको आ. १ हेप्कोट लखुंनाडा खेतगाँवको, आ. १ थिडवुँ खिपैंको, छिद्याँको जाँवु गाउँ १''''' आदि ।

सं० १४१५ को तिनै पृथ्वीमल्लको ताम्रपत्रको भाषा हेरौं :—

"श्री शाके १२८० श्री सं० १४१५ मार्गशिर वदि १३ सोमे राइको आदेस् पँलाँताको मझाडाको आलो ॥ हाथैंको छन्दो माग्शिरमास संक्रांतिका दिन सोमवार तिहिं वैश्वानरैं हरिशंकरी यात्रा करि अक्रया हुँदा तिलेकुषे सहित संकल्प धालि सर्व-दोश विशुद्ध सर्ववाधाविनिर्मुक्त ताँवा शासन करि देउराज जोइसि पसा कि अक्रयाँ छु। झाँपा गुँफ्ला कडता पाखो जिउँ पुलो मौनि चौनि डंड मोड अपुतालि मुडालि पेटालि सवै छाडि छत्तीस कर अकर करि पसा कि अक्रयाँ छुँ। श्री पृथ्वीमल्लकि साखा पसा करि अक्रँ । देउराज जोइसि कि शाखा चेलीको चेलो भुँच" आदि ।

डोटेली राजा निरयमल्लको सं० १४१९ को ताम्रपत्रको भाषा हेरौं—

"ॐ ॥ स्वस्ति श्री शाके १२८४ समय वैसाष वदी ऐकादश्यां मंगुल वारे श्री राजाधिराज श्री निरयपाल देव् चिरं जयतु । श्री राज्ञी मौकिन् कसिरा (कांसी रानी) चिरं जयतु । राजाधिराज उजलि गाउ देवल चढावो भरा ४ को गाइ पोज कुटिघा । राम भडारी अपावो हिल पानी या धुल साहु ली सर्वकर''''।"७

६. "ऐतिहासिक पत्र स्तंभ", **प्राचीन नेपाल,** यसै क्रमको पादटिप्पणी सं० २७ : पृ० १२३ ।

७. देवकान्त पन्त (सम्पा०) **डोटेली लोक-साहित्य** पृ० ८७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्णाली प्रदेशमा नयाँ राज्य खडा गर्ने नागराज हुन् । उनीदेखि चल्दै आएको राज-परम्परा अभयमल्लपछि टुट्न गयो । अब हेरौं तिनै अन्तिम राजा अभयमल्लको सं० १४३३ को ताम्रपत्रको भाषा :—

"श्री शाके १२९८ फाल्गुन वदि ७ रवौ राइको आदेस् । वाज्रुंका अधिकारी कार्कि प्रति । आ० ।। अँदर गावँको वेलकाँटियो निभौनके गढेसहित एकत्र आलो १।। सर्वकर अकर सर्वदोष विसुद्ध कि जैवह्म जोइसि पसा कि अक्रयाँ छुँ । मुडाली पेटाली मोड् अपुतालि जारिदोष सभै छाडि अक्रयाँ छुँ । ह्यांपा गुँफ्या कडित्या कुत् भात् पोटलो पिठायो कोहि लैन नपाव । जो भाषा पृथ्वीमल्ल राइका पसा कि थि तै भाषा म पसा कि अक्रयाँ छुँ । यो भाषा अभयमल्लकि साखा पसा कि अक्र जैवह्म जोइसि महिराज जोइसिकि साखा चेलीको चेलो आदि भुँच····।" आदि ।

अन्तमा तिनै अभयमल्लको सं० १४४८ को ताम्रपत्रको भाषालाई नियालौं :—

"ॐ स्वस्ति श्री गणेसायनमः ।। राय अन्जन नारायण राय वालगोपाल श्रीमान अभयमल्लदेव सदा विजयिनो भवतु । श्री शाके १३१३ वैशाष दिने स्वमवासरे राइका आदेश अदिकारी हित राउल रोकाया घोगा तल मुटिक निक शकस्ना पपाटि-चिता राउलको आलो १ पंडा षेत उदो १६ षेत उनो सातारो केलाघडि १ डालोदुम टपारेषनी वौरउनो पानीषालउनो १ आलो शुक्रयाडावर्घ रक्रिक वसाउ १ चौर जगा यत्ति सब येकत्र गरी वजगाहालाई शंकल्प घाली जयाकर उपाध्या कि शाखा दियुँ सर्वकर अकर सवदोष विसुद्ध करि अक्रयाँ सूर्यग्रहण यचितछो चन्द्र सूर्य साछि····" आदि ।

→ माथि हामीले प्राचीन नेपाली अभिलेखका नमूनाहरू हेर्यौं—अशोक चल्लदेखि अभयमल्लसम्मका । अशोक चल्लका पिता क्राचल्ल (जो सं० १२८० सम्म जीवित थिए भन्ने अनुमान छ) को अभिलेख पनि प्राप्त हुने सम्भावना विद्वानहरूले देखाएका छन् ।[८] क्राचल्लभन्दा अघिका सिजाली सम्राटहरूमा हामी क्रमशः क्राधिचल्ल, क्राशिचल्ल, चापिल्ल, चाप र अन्तमा नागराजको नाम पाउँदछौं । अभिलेखको अप्राप्तिले गर्दा नागराजदेखि क्राधिचल्लसम्मको घटनादिबारे इतिहास चूप भए पनि

---

८. (क) "हामीले धैर्य लिनुपर्छ यति मात्र हो, क्राचल्ल पनि हाम्रा अगाडि देखा परिसकेका छन्"—मोहनप्रसाद खनाल 'नेपाली भाषा—केही प्राचीन नमूना" **गोरखापत्र**, २०३३ साल जेठ ३०, पृ० ५ ।

(ख) "अझ राम्ररी अन्वेषण गर्न सके यसभन्दा अघिका क्राचल्ल आदिका अभि-लेख पनि नेपालीमा पाइने सम्भावना बढेको छ"—धनवज्र वज्राचार्य "नेपाली भाषाको ऐतिहासिक विकास" : पृ० ६ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली भाषाको प्राचीन अस्तित्वका दृष्टिले यस समयका अभिलेखहरू पनि नपाइएलान् भन्न सकिंदैन। नागराज आउनुभन्दा पहिलेदेखि नै खसानमा खस-'कुरा'को अस्तित्व थियो। हुन सक्छ, त्यस वेला 'खस-कुरा' अपभ्रंश अवस्थामा थियो, पछि नागराजले नयाँ राज्य खडा गरेपछि, अनि यस भाषालाई तिनीहरूले अपनाएपछि नव्य भाषाका रूपमा विकसित हुँदै गयो। माथि दिइएका अभिलेखका नमूनाहरू नेपाली भाषाले अपभ्रंशको अवस्था पार गरिसकेपछिका हुन्।

"....नागराजका सन्तानहरूकै आडमा प्राचीन नेपाली अर्थात् सिंजाली भाषाले क्राँचुली फेर्न पाएको हो ..."—भन्नुहुँदै बालकृष्ण पोखरेलले यो भाषा राजभाषाका रूपमा पन्ध्रौं शताब्दीसम्म जसरी-तसरी सुरक्षित रहेको कुरो बताउनुभएको छ।[९] यी सिंजाली सम्राटहरूले केवल जग्गादानका सम्बन्धमा मात्र नेपाली भाषा प्रयोग गर्दैनथे कि प्रशासनिक कार्यमा पनि गर्दथे भन्ने तथ्यको प्रमाणमा अशोकचल्ल आदित्यमल्ल र पुण्यमल्लका अभिलेखहरूलाई हामी अघि सार्न सक्छौं। यी सबै अभिलेखहरूको अध्ययन गर्दा ती सिंजाली सम्राटहरूले नेपाली भाषालाई जनभाषाका रूपमा समेत प्रयोग गरी यस भाषाको विकासमा प्रशस्त बाटो खुलाइदिएको देखिन्छ। यसरी यी प्राचीन नेपाली अभिलेखहरू वर्तमान नेपाली भाषाको आदि स्वरूपको निर्क्योल गर्न प्रामाणिक सामग्री सिद्ध भएका छन्।

माथि दिइएका अभिलेखमा प्रयुक्त भाषा हेर्दा नेपाली भाषाको रूप करीब एकनासको देखिए तापनि पुण्यमल्लको भन्दा आदित्यमल्लको र आदित्यमल्लको भन्दा अशोकचल्लको भाषा झन्-झन् सरल र सुबोध देखिन्छ। अक्षयमल्लको अभिलेखमा प्रयुक्त 'करायो,' 'कमायो, जस्ता शब्द हेर्दा आजकै जस्ता देखिन्छन्। यसबाट के अनुमान हुन्छ भने नेपाली भाषा प्रारम्भमा संस्कृत भाषाको प्रभावबाट निकै मुक्त थियो, तर पछि-पछि भने यो प्रभाव सशक्त बन्दै गयो, उदाहरणको लागि हामी पृथ्वीमल्ल र अभयमल्लका अभिलेख अघि सार्न सक्छौं। संस्कृत भाषाको प्रभाव पर्नु वा नपर्नु राम्रो वा खराब हो भन्ने प्रसङ्ग यहाँ उठाइएको होइन, केचाहिं स्पष्ट छ भने संस्कृत भाषासँग नेपाली भाषाको सम्बन्ध भारतका हिन्दी आदिभन्दा नजीकको थियो। यी अभिलेखहरू हेर्दा नेपाली भाषाका प्राचीन मौलिक स्वरूपहरू पनि नभेट्टिने होइनन्, परन्तु यसको साथै संस्कृत भाषाको प्रभाव पनि यथेष्ट भेट्टिन्छन्।

यी अभिलेखहरूको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने प्राचीन नेपाली जतातत एकैनास बोलिन्थ्यो र यसका स्थानीय भेदहरू थिएनन्। समयको लामो अन्तरालमा भाषामा ईषत् परिवर्तन देखिंदै जानु कुनै अस्वाभाविक कुरो होइन। त्यसैले चौधौं शताब्दीमा प्रयोग भएका अक्रयाँ छु (=करविहीन तुल्याउँछु भन्ने अर्थमा), अक्रि,

९. राष्ट्रभाषा : पृ० २५।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्रया, अक्र जस्ता पदहरू पन्ध्रौं शताब्दीको अन्त्यतिर प्रयोग भएका पाइँदैनन् । जे भए पनि पन्ध्रौं शताब्दीसम्मका यी अभिलेख हेर्दा सामान्यतया अहिले हाम्रो लागि अनौठा लाग्ने पदहरू भेटिन्छन्; जस्तो—भुँचन् (=भोग गरुन्), पसा (=प्रसाद), बराम (=लस्कर), सभौ (=सबै), राइ (=राजा), कि (=गरेको) करि (=गरेर), थारो (=दण्ड), चेलो (=छोरो), भाप्, भाखा (=भाकापत्र), इत्यादि । यस्ता कतिपय शब्दहरू अहिले हामीले बोल्ने नेपाली भाषामा पनि परिवर्तित रूपमा रहेका पाइन्छन् । भाषाशास्त्रीहरूले यी अभिलेखका आधारमा कतिपय ध्वनितात्त्विक र रूपतात्त्विक साझा लक्षणहरूको पनि पत्ता लगाएका छन् ।

प्रासङ्गिक रूपमा पूर्णप्रकाश नेपालले पाउनुभएको सं० ९७६ को निरयमल्लको ताम्रपत्रको भाषा (नेपालज्यूले नै पढ्नुभएअनुसार) हेरौं :—

"ॐ स्वस्ति भागेश्वरो जयतु ।। श्री मद्राजेश्वर निरयमल्ल पादाश्चिरं जयतु । रैकाज्युको पायले मया चितोइ सुद भटीको भूमि दिनी । वैलेसी सेरा रैड्या १ सुद भटी पाई सूर्ये चन्द्र मसगलो, लिखितं मल्ल भाषा पं० चक्र चूडामणि अवस्थी कंडारितं उदापनेरूको कंडारो इति शाके ८४१ ।।"[१०]

नेपालज्यूले यो ताम्रपत्र महाकाली अंचलको भ्रमणमा डडेलधुराको जिजोडा गाउँ निवासी टीकादत्त भट्टका घरमा पाउनुभएको हो । यो अभिलेख जग्गादानसँग सम्बन्धित छ ।

खोज र परिश्रमको लागि नेपालज्यूलाई धन्यवाद दिनैपर्छ । तर यस अभिलेखको प्रामाणिकतामा इतिहासले बाधा दिएको प्रमाणित हुन्छ । डोटेली राजवंशावलीमा सं० ९७६ मा निरयमल्ल नाम गरेको कुनै राजाको नाम भेट्टिदैन । 'महाकाली अञ्चलको दिग्दर्शन' भन्ने पुस्तकमा नेपालज्यूले छपाउनुभएको सो अभिलेखको प्रतिलिपिको पछिल्लो पंक्ति (जहाँ सम्वत् अङ्कित छ) निकै अस्पष्ट छ । यही अस्पष्टताले सो अभिलेखको निश्चित मिति तोक्न असजिलो पर्न गएको छ । इतिहासका आडमा यस अभिलेखको मिलान गर्दा यो शाके ८४१ को नभएर शाके १२८४ को हो कि भन्ने अनुमान गर्न सकिन्छ । यस अनुमानको पुष्टि निम्नलिखित आधारलाई लिएर गर्न सकिन्छ :—

(१) निरयमल्ल डोटेली राजवंशकै हुन् भन्ने कुरो प्रस्तुत अभिलेखले स्पष्ट गर्दछ । "श्री मद्राजेश्वर" शब्दले निरयमल्ललाई राजा नै सिद्ध गर्दछ; "रैकाज्यू" पदले पनि यस कुरालाई पुष्टि दिन्छ, किनभने डोटेली राजालाई 'रैकाज्यू' भनिन्थ्यो । "भागेश्वरो जयतु" पदले पनि यो अभिलेख डोटीसँग सम्बद्ध रहेको कुरो प्रमाणित गर्दछ, किनभने यस क्षेत्रका पाँच सिद्धपीठमध्ये 'भागेश्वर' पनि एउटा होजो डडेल-

१०. हिमालो सौगात, वर्ष १, अङ्क २, २०३२ श्रावण १ गते : पृष्ठ ३२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धुरा जिल्लामा स्थित छ (नेपालज्यूले यो अभिलेख डडेलधुरामा नै प्राप्त गर्नुभएको हो)। "भागेश्वरको ढुस्को" भन्ने ऐतिहासिक लोककाव्य त्यस क्षेत्रतर्फ ज्यादै प्रचलित छ। "पनेरू" शब्दले पनि निरयमल्ल डोटेली राजवंशकै हुन् भन्ने प्रमाणित गर्दछ, किन भने डोटी राजवंशका गुरु-पुरोहित शुरूदेखि नै पन्त, जोशी, उप्रेती लगायत पनेरू पनि थिए। "उदा" चाहिं डोटीका ऐतिहासिक पुरुष हुन्।

(२) अब आउँछन् "निरयपाल" र "निरयमल्ल" नामबारेका स्पष्टोक्तिहरू। डोटेली राजवंशावलीमा पहिलो नाम आउँछ 'निरय (निरै, निरंजन) पाल देव' को। यहाँनेर 'पाल' र 'मल्ल' ले अस्पष्टताहरू उब्जाउन सक्तछन्। यी दुई शब्दले अर्थको भेद राखे पनि 'निरय' सँग सम्बद्ध गर्दा कुनै भेद राख्दैनन्, किनभने डोटीमा राजाका सन्तानलाई 'मल्ल' भनिन्थ्यो। त्यसैले यस अभिलेखमा "मल्ल भाषा" शब्द प्रयोग भएको छ। यसबाट निरयपाल नै निरयमल्ल हुन् भन्ने स्पष्ट हुन आउँछ।

(३) यिनै निरयपालको शाके १२८४ को ताम्रपत्र फेला परेको छ। पूर्णप्रकाश नेपालले सो अभिलेखमा पढ्नुभएको मिति र यस ताम्रपत्रको मितिमा ४४३ वर्षको फरक पर्दछ। एउटा व्यक्तिले यति लामो आयु कदापि पाउन सक्तैन। यिनै निरयपालको शाके १२८४ को अभिलेख प्राप्त भइसकेको हुँदा शाके ८४१ को निरयमल्ल तिनै निरयपाल हुन् भन्न कठिन पर्दछ। तर निरयमल्ल डोटेली राजा हुन् भन्ने कुरो स्पष्ट भइसकेको र इतिहासकारहरूले उनीभन्दा अघिदेखि कत्यूरीवंशी राजाहरूले राज्य-चलाएर आएका थिए भन्ने तथ्य स्वीकारिसकेका हुनाले यो अभिलेख शाके ८४१ कै हो भन्न इतिहासका दृष्टिले बाधा पुग्नजाने देखिन्छ। माथि नै चर्चा गरिसकियो— यस अभिलेख ('महाकाली अञ्चलको दिग्दर्शन' मा प्रतिलिपि छापिएअनुसार) को पछिल्लो पंक्ति निकै अस्पष्ट छ भनेर। यस अभिलेखमा ८४ (चौरासी) अंकहरू स्पष्ट नै छन्; त्यसपछि नेपालज्यूले पढ्नुभएको १ (एक) स्पष्ट नै पूर्ण-विराम चिह्न हो। ८४ (चौरासी) भन्दा अघि दुइटा अंक छन् जसमध्ये पहिलोचाहिं १ (एक) हो भन्ने कुरो स्पष्ट नै छ; त्यसपछि दोस्रो अंक सजिएकोले अस्पष्ट छ। परन्तु माथि हामीले जुन शाके १२८४ को ताम्रपत्रको चर्चा गऱ्यौं, त्यसको आधारमा त्यो सजिएको अस्पष्ट अंक २ (दुई) नै हो भन्ने अनुमान गर्न सकिन्छ। यसरी यस अभिलेखको समय शाके १२८४ अर्थात् सम्वत् १४१९ ठहरिन धेरै सम्भव देखिन्छ। यस हिसाबले यस अभिलेखको समय सिंजापति पृथ्वीमल्लका समयको हाराहारीमा आउँदछ।

यहाँ उल्लेख गरिएको मिति केवल अनुमान मात्र हो, अर्थात् शंका-निवारणको लागि निकालिएको तर्क वा विवाद मात्र हो। यही मिति नै अन्तिम हो भन्न सकिंदैन। यहाँ केवल ऐतिहासिक दृष्टिलाई मात्र अपनाइएको छ; अब भाषाशास्त्री-हरूबाट नेपाली भाषाको ऐतिहासिक विकास क्रमका दृष्टिले यस अभिलेखका भाषाको अध्ययन हुन बाँकी नै छ। लिपिका दृष्टिले कुनै पनि अभिलेखको समय निर्धारण गर्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यावहारिक कठिनाइ आइपर्ने भए तापनि लिपि-विकासका सन्दर्भमा नजीकको समय पत्तो लगाउन लिपि-विशेषज्ञलाई त्यति कठिन पर्दैन। प्रकाशित भएअनुसार यस ताम्रपत्रमा तिथि, वार, महीना आदि केही देखिंदैनन्। जग्गादानसम्बन्धी ताम्र-पत्रादिमा यी सब हुनु कानूनी रूपमा पनि अनिवार्य मानिन्छ। यस अभिलेखमा सो अंश लोप भएको वा स्पष्ट नभएको देखिन्छ। तसर्थ यस ताम्रपत्रको सक्कलै प्रतिमा इतिहासकार, भाषाशास्त्री र लिपि-विशेषज्ञसमेत झुत्तिनु अहिलेको सन्दर्भमा धेरै महत्त्वपूर्ण ठहरिन आउँदछ।[११]

अब प्राचीन अभिलेखकारहरूका बारेमा चर्चा गरौं। अहिलेसम्म प्राप्त सामग्रीका आधारमा भन्ने हो भने गोल्हण (अभिलेख काल सं० १३९३) नै नेपाली भाषाको पहिलो अभिलेखकारका रूपमा देखापर्दछन्। सं० १३८५ को पुण्यमल्लको अभिलेख, सं० १३७८ को आदित्यमल्लको अभिलेख, सं० १३३७ को अक्षयमल्लको अभिलेख र सं० १३१७–२७ बीचको भनी मानिएको अशोकचल्लको अभिलेखका लेखक को थिए त्यो थाहा हुन सकेको छैन। माथि उल्लिखित गोल्हणपछिका अभि-लेखकारहरू हुन्–शिवदेव पण्डित, जुठाद्यो जोइसी, धर्मराज जोइसी, विद्याकर जोइसी, विष्णुदास आचार्य, अनेकु पण्डित, क्षमादत्त उपाध्याय, बोधु जोइसी, षँडगाहा, चिन्तामणि, धवकर्मठ, श्यामल जोइसी, विष्णुदास जोशी, चाडु भट्ट, छेदिया जोइसी, करुणाकर जोइसी, इंदु सेजुवाल, सुन्तु जोइसी, इन्द्रजित सेजुवाल, लछो जोइसी, शिवनारायण, दुर्गा (?), पशुपति जोइसी, काशी जोइसी, नरू जोइसी, मथु जोइसी, ऋषि उपाध्याय, जयनारायण आदि। सं० १४१३ देखि सं० १७७१ सम्ममा यिनीहरूले लेखेका विभिन्न अभिलेखहरू प्राप्त भएका छन्।

माथि दिइएका अभिलेखकारहरूमा इन्दु सेजुवाल र करुणाकर जोइसी दर-बारिया ज्योतिषी थिए।

---

११. यहाँ चर्चित अभिलेख सं० १४१९ (अर्थात् शाके १२८४) को हो भन्ने ठम्याइ बालकृष्ण पोखरेलज्यूको छ। विशेष हेर्नुहोस्—
बालकृष्ण पोखरेल, "निरय पालको समय", **मधुपर्क**, वर्ष ९, अङ्क १२; पृष्ठ १५–१९, २०३४ वैशाख।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. प्राचीन वाङ्मय र ग्रन्थहरूको विवरण

बालकृष्ण पोखरेलले पुण्यमल्लदेखि पृथ्वीनारायण शाहसम्मक नेपाली गोद्यलाई अभिलेखकालीन गद्य भनेर मान्नुभएको छ।[१] अझ अध्ययनको सुविधालाई ध्यानमा राखेर उहाँले यसलाई चार खण्डमा विभाजित गर्नुभएको छ—१. मल्लकाल, २. वर्माकाल, ३. शाहीकाल र ४. शाहकाल।[२]

१. मल्लकाल—पोखरेलले यस कालअन्तर्गत पुण्यमल्ल, पृथ्वीमल्ल र अभयमल्लका ताम्रपत्र तथा कनकपत्रहरू समावेश गर्नुभए तापनि अहिलेसम्मको खोजअनुसार पुण्यमल्लभन्दा अघिका आदित्यमल्ल, नागमल्ल, अक्षयमल्ल र अशोकचल्लका अभिलेखसमेत प्राप्त भइसकेका छन् जसको चर्चा यसभन्दा अघि नै भइसकेको छ।

२. वर्माकाल—यस कालअन्तर्गत यी अभिलेखहरू पारिएका छन्—

मेदिनी वर्मा राउला सं० १४५०
संसार वर्मा राउला सं० १४५३
कल्याण नरेश बलिराज सं० १४५५
मेदिनी वर्मा र बलिराज सं० १४६१
उदय वर्मा र आजीत वर्मा सं० १४९४

समय-क्रम मिलाउनाको लागि पोखरेलले बलिराजका भाकापत्र र सं० १४१७ को मानराज शाहीको ताम्रपत्रलाई पनि यसै कालमा गाम्नुभएको छ।

शाहीकाल—यस कालअन्तर्गत निम्नलिखित अभिलेखहरू पारिएका छन् :—

कार्वरिक विवोष शाही	सं० १५५५ को ताम्रपत्र
भानशाही	सं० १५८६ को लालमोहर
सुर्तीशाही ठाकुर	सं० १६३८ को ताम्रपत्र
गणेश जैसी : यशु जैसी : फुगु जैसी	सं० १६४७ को ,,
अर्जन्या बुडाको पुर्सो कथुरो	सं० १६४८ को लालमोहर
संग्राम शाही	सं० १६६१ को ताम्रपत्र
सुरती शाही	सं० १६८३ तिरको दानपत्र

---

१. **पांच शय वर्ष** : पृ० १९७
२. ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्मीनृसिंह मल्ल	सं० १६९८ को शिलालेख
जगत्प्रकाश मल्ल	सं० १७२० (मडुवा कागत)
प्रताप मल्ल	सं० १७२७ को रानीपोखरी शिलालेख
अछाम मल्ली भैंसोल्या अभिलेख	सं० १७३६ को अभिलेख
कल्याल राजा जहाँगीर शाही	सं० १७४९ को ताम्रपत्र
भूपतोन्द्र मल्ल	सं० १७७१ को ,,

माथि दिइएका अभिलेख हेर्दा के प्रष्ट हुन्छ भने शाहीकालमा केवल पश्चिमी नेपालमा मात्र नेपाली भाषाको प्रचलन नभएर नेपाल उपत्यकामा पनि थियो—लक्ष्मीनृसिंह मल्ल र प्रताप मल्लका अभिलेखले यस कुराको पुष्टि दिन्छन् । पोखरेलले आफ्नो "पाँच शय वर्ष" भन्ने पुस्तकमा स्थानाभावले संग्रह गर्न नसक्नुभएका यस कालका अन्य अभिलेखहरूको सूची पनि दिनुभएको छ जो यस प्रकारको छ :—मामु षँडगाहा (सं० १६०७), चिन्तामणि (सं० १५३२), छेदिया जोइसि (सं० १६४८), इन्दु सेजुवाल (सं० १६५५), करुणाकर जोइसि (सं० १६५५–१६५९), इन्द्रजित सेजुवाल (सं० १६५६–१६५७), सुन्तु जोइसि (सं० १६५६), लछो जोइसि (सं० १६५७) र पशुपति जोइसि (सं० १७२९) । यो सबै अभिलेखकारहरू हुन् ।

शाहकाल—यस कालअन्तर्गत निम्नलिखित अभिलेखहरू समावेश गरिएका छन् :—

कल्याल राजा सुरथ शाह	सं० १७६३ को ताम्रपत्र
,, ,, ,, ,,	सं० १७७६ को अभिलेख
,, ,, सुदर्शन शाह	सं० १८०८ को ताम्रपत्र
,, ,, सुदर्शन शाह	सं० १८१४ को लालमोहर
,, ,, सुदर्शन शाह	सं० १८१४ को जगतमल्या बुडो लिखित अभिलेख

अभिलेखका र मथु जोइसि लिखित सुरथ शाहसम्बन्धी सं० १७७७ को ताम्रपत्र, सं० १७७७को अर्को ताम्रपत्र, सं० १७८१ को ताम्रपत्र र सं० १७८६ को ताम्रपत्र तथा सुदर्शन शाहसम्बन्धी सं० १८२८ को अभिलेख पनि यसै कालमा पर्दछन् ।

आफ्नो 'पाँच शय वर्ष' भन्ने पुस्तकमा बालकृष्ण पोखरेलज्यूले पृथ्वीनारायण शाहका २१ पत्र संग्रह गर्नुभएको छ जो यसै 'शाहकाल' मा पर्दछन् । दोलख्या प्रधानलाई पत्र (सं. १८०२), पण्डित राजीवलोचनलाई पत्र (सं. १८१२ तिर), कीर्तिराजानन्द उपाध्यायलाई पत्र (सं. १८१४), अभुदसि प्रधानलाई पत्र (सं. १८१६ पछि) रुक्का (सं. १८२३), पौड्यालहरूलाई पत्र (सं. १८२३), हरिपण्डितलाई छ पत्रहरू (सं. १८२३ फागुन, सं. १८२३ फागुन, सं. १८२३ चैत, सं. १८२४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असार,, सं. १८२४ साउन र सं. १८२४ भदौ), करिया अमलेख (सं. १८२५), बस्नेतहरूबारे पत्रहरू (सं. १८२७ तिरका दुइटा र सं. १८३१), कालु खँड्काका नाउँ लालमोहर (सं. १८२९) रामकृष्ण कुँवरका नाउँ तीन पत्रहरू (सं. १८२९), भगन्तलाई पत्र (सं. १८३१) यी अभिलेखहरू (पत्रादि), जो स्वयं पृथ्वीनारायण शाहको कलमद्वारा लेखिएका थिए, यस 'शाहकाल' मा पर्ने नै भए; तर यसका साथै पृथ्वीनारायणका बारेमा अरूले लेखेका र उनका समयमा जारी भएका ऐन-सवाल आदिलाई पनि यसै कालमा पारिएका छन् । पोखरेलज्यूले "पृथ्वी-साहित्य" शीर्षक दिएर छुट्टै परिच्छेद लेख्नुभएको छ ।[३]

माथि हामीले प्राचीन नेपाली वाङ्मयका रूपमा शुरूदेखि अठारौं शताब्दीसम्मका अभिलेखहरूको वर्गीकृत सर्वेक्षण गऱ्यौं । सं. १७९९ मा सिंहासनारूढ भएको दोस्रो वर्ष अर्थात् सं. १८०१ मा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले एकीकरण अभियान शुरू गरेपछि अर्थात् उन्नाइसौं शताब्दी लागेपछि नेपाली भाषामा शुद्ध साहित्यिक कृति लेखिन थालेको हो । नेपाली साहित्यको काल-विभाजन गर्ने विद्वान्- समीक्षकहरूले विभिन्न कालको निर्धारण आफ्नै-आफ्नै मतका आधारमा बेग्ला-बेग्लै रूपमा गरे तापनि सामान्यतया पठन-पाठनका समयमा जसलाई हामी प्राथमिक काल (अझ पूर्व प्रारम्भिक कालीन 'वीरकाल') भन्दछौं, यसभन्दा अघिको समयलाई कतिपय विद्वान्-समीक्षकले 'अभिलेख काल' भन्न रुचाएको देख्छौं । यो रुचि त्यत्ति नमिल्दो छ भन्न सकिंदैन ।

सबभन्दा पहिले के कुराको टुंगो लाग्नु खाँचोपर्दो छ भने सर्व प्राचीन नेपाली ग्रन्थ कुन हो ? नेपाली भाषा र साहित्यको अनुसन्धान क्षेत्र हिजोभन्दा आज र आज भन्दा भोलि झन्-झन् विस्तृत हुँदै जाँदो छ । भाषा र साहित्यको इतिहासलाई झन्-झन् प्राचीन बनाउनतर्फ हाम्रा अनुसन्धानकर्ताहरू लागिरहेका छन् । अब सन्दर्भगत सर्व प्राचीन नेपाली ग्रन्थका सम्बन्धमा हालसम्मका हाम्रा विद्वान्हरूका अनुसन्धानबारे चर्चा गरौं ।

सर्वप्राचीन नेपाली ग्रन्थको निर्क्योलबारे सबभन्दा पहिले हाम्रा सामु आउँछ बालकृष्ण पोखरेलद्वारा सम्पादित "पाँच शय वर्ष" भन्ने पुस्तक । यस पुस्तकमा उहाँले नेपाली भाषाको प्राचीनतम ग्रन्थका रूपमा सं. १७७३ भदौको वाणीविलास ज्योतिर्विदको "ज्वरोत्पत्ति चिकित्सा" लाई देखाउनुभयो । अझ यसभन्दा अघि सं. १७०० तिरको भनी अनुमान गरिएको अज्ञात लेखकको "बाज परीक्षा" र अझ यसभन्दा पनि अघि सं. १६६३ को भनी अनुमान गरिएको (लोभ त्याग्न नसकी) "रामशाहको जीवनी" लाई पोखरेलज्यूले प्राचीनतम ग्रन्थका रूपमा अंगुली-निर्देश

३. ऐजन : पृ. २०९—२१४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुभयो। यदि "बाज परीक्षा" र "रामशाहको जीवनी' का अनुमानित समयलाई अस्पष्टताका दृष्टिले हेर्ने हो भने पनि सं. १७७३ को "ज्वरोत्पत्ति चिकित्सा" लाई सर्वप्राचीन नेपाली ग्रन्थ मान्न करै लाग्दछ। हिजोसम्मको खोज सं. १७७३, अथवा सं. १७०० तिर अथवा सं. १६६३ सम्म भएकाले धेरै नेपाली साहित्य-अध्येताहरूले यही सीमालाई स्वीकारे—यो स्वाभाविकै पनि थियो।

"पाँच शय वर्ष" ले ठम्याएको सीमालाई अझ पछि धकेल्ने श्रेय डा० ईश्वर बराललाई छ। उहाँले नेपाली भाषाको सर्वप्राचीन ग्रन्थ सं. १६५८ को "स्वस्थानी-व्रत कथा" लाई ठम्याउनुभयो।[४] यस पुस्तकबारे चर्चा अन्य विद्वान् लेखकहरूले कहीं नगरेका हुनाले यसबारे विवरण थाहा हुन नसके तापनि डा० बराल्ज्यू स्वयं आफैले देखेका भरमै सो पुस्तक र पुस्तकको प्रकाशन-समयको उल्लेख गर्नुभएको हो भन्ने कुरामा विश्वस्त हुनुपरेको छ। यहाँनेर डा० पारसमणि प्रधानले औंल्याउनु-भएको नेपाली भाषाका दुई प्राचीन ग्रन्थ (१) सं. १६५८ (अर्थात् ई० १६०१) को "मुद्राराक्षस" र (२) सं. १४४३ को "अमरकोष" को उल्लेख गर्नु पनि प्रासङ्गिक देखिन्छ।[५] यी दुई ग्रन्थहरू केम्ब्रिज विश्वविद्यालयको पुस्तकालयमा छन् भनेर प्रधानजीले सूचित गर्नुभएको छ। तर प्रधानजी केवल अर्काबाट सुनेको भरमा ती ग्रन्थहरूबारे भ्रममा पर्नुभएको रहेछ, किनभने सेसिल बेण्डालले सन् १८८३ मा प्रकाशित गरेका "**Catalogue of the Buddhist manuscripts in the University Library Cambridge**"—मा यी दुवै ग्रन्थहरू पर्न त परेका छन्; तर दुःखको कुरो के हो भने सं. १४४३ को भनी उहाँले बताउनुभएको भुर्जपत्रमा लेखिएको 'अमरकोष' नेपाली भाषामा नभएर नेवारी भाषामा लेखिएको ग्रन्थ रहेछ; र त्यसरी नै ई० १६०१ (अर्थात् सं. १६५८) को भनी उहाँले बताउनुभएको 'मुद्राराक्षस' को वास्तवमा पुस्तकालय **Catalogue No** अर्थात् सूचीपत्रको संख्या १६०१ रहेछ। यसै १६०१ लाई प्रधानजीले "मुद्राराक्षस" को प्रकाशन मिति मानी भ्रममा पर्नुभएको रहेछ।[६]

---

४. (क) **भ्यालबाट**, चौ० सं० (काठमाडौं : साझा प्रकाशन, २०२९) पृ. ८८-८९
(ख) केसर पुस्तकालयमा सो कृतिको खोजी गर्दा सं० १८७८ मा प्रतिलिपि गरिएको 'स्वस्थानी व्रत कथा' मात्र फेला पऱ्यो।

५. **नेपाली भाषाको उत्पत्ति र विकास** (कालिम्पोङ····ई० १९६१) पृ० ३५
अथवा,
टिपन-टापन : पृ० ३

६. सन्दर्भ-स्रोत : काशीनाथ तमोट, "सर्वप्राचीन नेपाली पुस्तक खोज्दै जाँदा"; **मधुपर्क** ७/३,२०३१ श्रावण पृ. ९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही वर्षअघि राष्ट्रिय अभिलेखालयमा "खण्ड-खाद्य" भन्ने अति महत्त्वपूर्ण ग्रन्थ संकलित हुन आएको थियो। यो ग्रन्थ राष्ट्रिय अभिलेखालयकै एक टोलीले दोलखाको भीमसेन गुठीका गुठियार पूर्णबहादुर श्रेष्ठबाट प्राप्त गरेको थियो। यो ग्रन्थ सं. १६४९ मा लेखिएको थियो भन्ने कुरो ग्रन्थमै लेखिएको छ। यस ग्रन्थले नेपाली भाषाको ग्रन्थको प्राचीनतालाई सत्रौं शताब्दीको उत्तरार्धबाट पनि घचेटी पूर्वार्धसम्म पुऱ्याएको छ।

डा० जगदीशचन्द्र रेग्मीले नेपाली भाषाका ग्रन्थको प्राचीनताको इतिहासलाई घचेटेर अझ सं. १४५७ तिर अर्थात् 'अभिलेख काल' तिर पुऱ्याउनुभएको छ। "भास्वतीको नेपाली अनुवाद" अघि सार्दै उहाँले यसका दुई प्रतिलिपि पनि छपाउनुभएको छ।[७] यस ग्रन्थको तिथिमिति अज्ञात नै भए पनि यसमा प्रयुक्त भाषालाई निकै पुरानो मान्दै उहाँले अनुमान गर्नुभएको छ—"हाल लागेको सम्भावनामा यो लेखोट किताब ई० १४०० भन्दा यताको पक्का पनि होइन, बरु अघिकै, निकै अघिको हुन सक्नें लाग्दछ।"[८] डा० रेग्मीले आफ्नो परिकल्पनाको पुष्टि यसरी गर्नुभएको छ—"यस लेखोट पुस्तकमा नेपाली भाषा त्यत्ति पुरानो नदेखिए पनि लिपिचाहिं मध्ययुगीन सन्धिकालको छ। चित्र—१ मा दोस्रो हरपको सनानंद इति लेख्दा इ पुरानो रूपको छ, यसै गरी एकार, रकार, अकार र भकार मध्यकालीन स्वरूपका छन्...यसबारे आर्को सम्भावना हो—यो लेखोट कर्णाली अंचलतिर होइन गण्डकी अंचल भेकमै लेखिएको हो। मुख्य रूपमा यो किताब प्राचीन नागरीमा लेखिएको छ जसको निकै समानता ईस्वीको बाह्रौं शताब्दीतिरका भारतीय लेखोट किताब र शिलालेखहरूमा प्रयोग भएको लिपिसँग देखिन्छ। तर यसमा माझ नेपालमा उहिल्यै चलेको लिच्छवि लिपिको पनि केही प्रभाव देखिन्छ जुन कारणले नै गर्दा यसलाई गण्डकी अंचलको भन्ने निधो गर्न हामीलाई कर लागेको छ।[९] रेग्मीज्यूले आफूले अनुमान गर्नुभएको मितिका अगाडि प्रश्नचिह्न लगाउनुभए तापनि नेपाली भाषाशास्त्रीहरूको ध्यान यस ग्रन्थतर्फ तानिएको छ। यदि डा० रेग्मीले अनुमान गर्नुभएको तिथिमिति प्रामाणिक ठहरिन गयो भने यही नै हालसम्मको खोजमा नेपाली भाषाको सर्वप्राचीन ग्रन्थ ठहरिन जान्छ। यसबारे भाषाशास्त्रीहरूको निर्योल के निस्कन्छ त्यसलाई भविष्यका गर्भमै राखौं।

माथि हामीले चर्चा गरेका प्राचीनतम ग्रन्थहरूलाई कालक्रमानुसार हेर्दै गयौं भने यस प्रकारको विवरण तयार हुन्छ :—

---

७. **नेपाली अध्ययन** (काठमाडौं : साझा प्रकाशन, २०३२) : पृ. ६४-६५

८. ऐजन : पृ० ६६

९. ऐजन : पृ० ६५-६६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्वत्	ग्रन्थ (अनुवादक वा लेखक)
१४५७ (?)	भास्वतीको नेपाली अनुवाद (अज्ञात)
१६४९	खण्डखाद्य (अज्ञात)
१६५८	स्वस्थानीव्रत कथा (अज्ञात) (?)
१६६३	राम शाहको जीवनी (अज्ञात)
१७०० तिर	वाज परीक्षा (अज्ञात)
१७७३ भदौ	ज्वरोत्पत्ति चिकित्सा (वार्णाविलास ज्योतिर्विद)

अब क्रमागत रूपमा देखापरेका प्राचीन ग्रन्थहरूका विवरण हेरौं :—

सम्वत्	ग्रन्थ (अनुवादक वा लेखक)
१७८०	प्रायश्चित्त प्रदीप (प्रेमनिंधि पन्त)
१८०० तिर	औषध रसायन वा माशा निदान (दावादल शाह)
१८०९	अजीर्णमञ्जरी (गंगाविष्णु द्विज)
१८२१	अजीर्णमञ्जरी (लीलाम्बर)
१८३१	दिव्योपदेश (पृथ्वीनारायण शाह)
१८३३	हितोपदेश मित्रलाभ (भानुदत्त)
१८४८	औषधी ग्रन्थ (श्री हर्ष आचार्य)
१८५१	लक्ष्मी धर्म सम्वाद (रामभद्र पाध्या रेग्मी)
१८५५	हास्यकदम्ब (शक्तिवल्लभ अर्याल)
१८६४	वाजहोत्र (शिवनृसिंह)
१८६६	तुलसीस्तव (दैवज्ञ ज्योतिनरसिंह)
१८७७	तीन आहान (मुन्सी)
१८७७	गोरक्षयोग शास्त्र (दैवज्ञकेशरी अर्याल)
१८८६	महाभारत गदापर्व (विजयानन्द)
१८८८	गीतगोविन्द (हीनव्याकरणी विद्यापति)
१८८८ पूर्व	राजधर्म (ललितत्रिपुरसुन्दरी)
१८९० अगावै	गीतगोविन्द र अन्य ग्रन्थहरू (योगी अम्बरगीर)
१८९० तिर	त्रिरत्न सौन्दर्यगाथा (सुन्दरानन्द बाँडा)
१८९२ पूर्व	मुद्राराक्षस र अन्य अनूदित रचनाहरू (भवानीदत्त पाण्डे)
१८९४	रुद्राक्षमाहात्म्य (नीलकवि)
१८९६	अध्यात्मरामायण लंकाकाण्ड (पदम शर्मा)
१९०६	जोसमनि जोगशास्त्र (शशिधर स्वामी)
१९०९	शान्तिशतक (मेजर रघुवीरसिंह)
१९२२	भक्तिकाण्ड रामायण (रामदास) आदि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसै क्रममा बेनामे ग्रन्थहरू पनि हेरौं—

१८०१ ?	पृथ्वीनारायणको जीवनी
१८३० पूर्व	अजीर्णमञ्जरी
१८७२	पीनासको कथा
१८७५	दशकुमारचरित
१८७८	धर्मपुस्तक
१८७८	स्वस्थानी व्रतकथा
१८८०	महाभारत सभापर्व
१८८४	सेरामपुर बाइबल
१८८०—९०	बहत्र सुघाको कथा
१८८९	महाभारत आदिपर्व
१८९० पूर्व	रामाश्वमेध
१८९३	दशकुमारचरित
१८९३	बेतालपंचविंशति
१९०२	रामगीता आदि ।

यीमध्ये केहीका तिथिमितिहरू डा० जगदीश रेग्मीको "नेपाली अध्ययन" (भाग १) मा यसरी फरक पर्न गएको देखिन्छ—

१८८८ तिर	गीतगोविन्द.....र अन्य अनुवाद तथा मौलिक रचनाहरू (?) (योगी अम्बरगीर)
१८८८ तिर	त्रिरत्नसौन्दर्य गाथाको गद्य भाग (सुन्दरानन्द)
१८८८ तिर	मुद्राराक्षस आदि (भवानीदत्त)
१८८८ तिर	बहत्र सुघाको कथा
१८९०	रामाश्वमेध
१८९६	जोसमनि जोगशास्त्र (शशिधर स्वामी)

उपर्युक्त प्राचीन ग्रन्थहरूको वर्गीकृत अध्ययन गर्दा यिनलाई हामी निम्नलिखित शीर्षकअन्तर्गत समावेश गर्न सक्छौं :—

१. औषधिमूलो—वाजपरीक्षा (सं० १७०० तिर), ज्वरोत्पत्ति चिकित्सा (सं० १७७३) औषध रसायन (१८०० तिर), अजीर्णमंजरी (सं० १८०९ : गंगाविष्णु द्विजको) र अर्को अजीर्णमंजरी (सं० १८२१ : लीलाम्बरको), अजीर्णमंजरी (सं० १८३० : अज्ञात लेखकको), औषधीग्रन्थ (सं० १८४८ : श्रीहर्ष आचार्य) र वाजहोत्र (सं० १८६४ : शिवनृसिंह) औषधिमूलो विषयक ग्रन्थ हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. आचार-विचार—प्रायश्चित्त प्रदीप (सं० १७८०) आचार-विचार विषयक ग्रन्थ हो ।

३. जीवनी—राम शाहको जीवनी (सं० १६६३ ?) र पृथ्वीनारायण शाहको जीवनी विशुद्ध जीवनी हुन् । मोहनप्रसाद खनालज्यूले के कुराको सूचना दिनुभएको छ भने खरीदार शेरमानसिंहले गोरखा राज्यका संस्थापक द्रव्य शाहदेखिकै राजाहरूको जीवन-चरित्र लेखेका थिए ।[१०]

४. आख्यान—हितोपदेश (सं० १८३३ भानुदत्तको र भवानीदत्तको पनि), हास्यकदम्ब (सं० १८५५), पीनासको कथा (सं० १८७२), तीन आहान (सं० १८७७), स्वस्थानीव्रत कथा (सं० १८७८), मुद्राराक्षस (सं० १८९२ पूर्व), दशकुमारचरित (सं० १८७५, १८९३), बहत्र सुघाको कथा (सं० १८८०-९०), लालहीराको कथा (सं० १८८८), आदि आख्यानका कृति हुन् । मुन्शीका 'तीन आहान' लाई नेपाली भाषाको जेठो कथा नमानेर अब पीनासको कथा' लाई मान्नुपर्ने भएको छ ।

५. दर्शन—आत्मबोध, गोरक्षयोग दर्शन (सं० १८७७) र योगी अम्बरगीरका रचनाहरू दर्शन विषयक हुन् ।

६. धर्मकर्म—तुलसीस्तव (सं० १८६६), रुद्राक्षमाहात्म्य (सं० १८९४), धर्मपुस्तक (सं० १८७८) र सेरामपुर बाइबल (सं० १८८४) धर्मकर्मसम्बन्धी ग्रन्थ हुन् ।

७. विविध—मेजर रघुवीरसिंहको ग्रन्थले भूगोलको राम्रो परिचय दिन्छ । 'दिव्योपदेश' लाई साहित्यिक ग्रन्थ मान्नाका साथै राजनीतिक विषयक कृति पनि मान्न सकिन्छ ।

अन्त्यमा, आधुनिक नेपाली गद्य-साहित्यका अमूल्य निधि भनेर यी प्राचीन ग्रन्थ-हरूलाई मान्न सकिन्छ । यी ग्रन्थले नेपाली गद्यको विकास-प्रक्रियालाई स्पष्ट पारेको छ । नेपाली भाषा र साहित्यमा अनुवाद कलाको परम्परा पैल्याइन यी प्राचीन ग्रन्थ-सम्म नआई धरै छैन ।

---

१०. "नेपाली भाषाका केही पुराना लेखक", **मधुपर्क**, वर्ष ६, अंक ३, पृष्ठ ९८, २०० श्रावण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. प्राचीन ग्रन्थकार र तिनका ग्रन्थको परिचय

प्राचीनतम नेपाली ग्रन्थको खोजमा हामी सं० १४५७ (?) को भास्वतीको नेपाली अनुवादसम्म पुग्न सके तापनि पहिलो ग्रन्थकारका रूपमा वाणीविलास ज्योतिर्विद नै देखा परेका छन् । उनको 'ज्वरोत्पत्ति चिकित्सा' भन्दा अघिका जति पनि ग्रन्थहरू पाइएका छन् तिनका लेखकको नाम अज्ञात नै छ । त्यसैले यहाँ उनलाई शिरानमा हालिएको हो ।

वाणीविलास ज्योतिर्विद—

सं० १७७३ भदौको "ज्वरोत्पत्तिचिकित्सा" औषधि मूलो विषयक कृति हो । वाणीविलास ज्योतिर्विद पहिला नेपाली ग्रन्थकार भए पनि उनको यो ग्रन्थ औषधिमूलो विषयक पहिलो ग्रन्थ भने होइन । सं० १७०० तिरै कुनै अज्ञात लेखकले "वाज परीक्षा" लेखिसकेका थिए; यो ब्रजमिश्रित छ । कर्णाली प्रदेशमा प्राचीनकालदेखि बाज पाल्ने चलन भएकोले यो ग्रन्थ जुम्लातिरै लेखिएको हो भन्ने अनुमान गर्न सकिन्छ । वाणीविलासको 'ज्वरोत्पत्ति चिकित्सा' मा मानिसका शरीरमा उत्पन्न हुने विभिन्न ज्वरहरू (जस्तैः पित्त ज्वर, कफ ज्वर, श्लेष्म ज्वर, वायु पित्त ज्वर, सन्निपात आदि) का लक्षण र तिनका उपचार-विधि पनि बताइएको छ । सन्निपातको उत्पत्ति कसरी हुन्छ-त्यो पनि बताइएको छ र विभिन्न रसादिका रचना विधि पनि बताइएको छ । विषयवस्तुका दृष्टिले यहाँ यस ग्रन्थलाई हेर्नुभन्दा भाषा-प्रयोगका दृष्टिले हेर्नु उचित ठहर्दछ । यो साहित्यिक कृति होइन, यसले केवल नेपाली गद्यलेखाइको नमूनालाई मात्र पेश गर्दछ । पिणु (=पिउनु) खाणु (=खानु), पाणि (=पानी), दिणु (=दिनु), नूण (=नून), एशा (=यस्तो), इतिक (=यति), पियला (=पहेंलो), इनरो (=यिनको); नि आव (=आउँदैन), करी (=गरी), पाछिय (=पछि), पयाले (=खाएकाले) जस्ता शब्दहरूका प्रयोग यस ग्रन्थमा छन् जो मध्य पहाड़ी भाषाका शब्दसङ्ग धेरै मिल्न आउँछन् । त्यसैले बालकृष्ण पोखरेलले लेख्नुभएको छ—"लेखाइका ढंगले यिनको घर महाकाली नदीका गडतीरहुँदो हुनुपर्छ ।"[१]

वाणीविलासका बारेमा अन्य केही कुरो थाहा हुन सकेको छैन ।

प्रेमनिधि पन्त—

प्रेमनिधि पन्तको जन्म कहिले भयो भन्न नसकिए तापनि यिनको जन्म कुमाऊँमा भएको थियो भन्नचाहिं सकिने भएको छ । सं० १८४७ देखि सं० १८७३ सम्म

१. **पांच सय वर्ष,** पृष्ठ २०३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमाऊँ नेपालको अधीनमा थियो । यहाँ प्रसङ्ग आएको छ यिनको 'प्रायश्चित्त प्रदीप' को जसको लेखनकाल सं० १७८० मानिएको छ ।[२] सं० १७८० अथवा सं० १८१० मा कुमाऊँ नेपालको अधीनमा थिएन । तब यिनलाई नेपाली मान्ने लोभ हामीमा किन आयो ? यो एउटा रमाइलो प्रश्न हो । बालकृष्ण पोखरेलले लेख्नुभएको छ— "प्रेमनिधि थिए कुमाउबाट आएका ब्राह्मण । उनी पर्वत राज्यमा आएर त्यहाँका राजा मलैबमका पुरोहित भएका थिए ।"[३] मलैबम्म (महलवर्म देव भनेर पनि कसै कसैले लेखेका छन्) को शासनकाल सं० १७४३ देखि १७९३ सम्म मानिन्छ । पोखरेलजीको भनाइअनुसार "प्रायश्चित्तप्रदीप" मलैबमको लागि प्रेमनिधि पन्तले तयार पारिदिएका थिए ।[४] यसबाट यस ग्रन्थको रचनाकाल सं० १८१० होइन भन्ने सिद्ध हुनाका साथ-साथै नेपाली माटामा टेकेपछि प्रेमनिधिले यो ग्रन्थ लेखेका रहेछन् भन्ने थाहा हुन्छ ।

प्रेमनिधि पन्त मूलतः नेपाली नै थिए भन्ने मत पनि हिजोआज विद्वान्हरूबाट आउन थालेको छ । यस कुराको आधार केलाई मानिएको छ भने "प्रायश्चित्तप्रदीप" मा "दानपदतः ख्याते तु देशे वरे" भन्ने पद परेको छ; यसैका आधारमा दाना (जो घवलागिरि अञ्चलको म्याग्दी जिल्लाको गण्डकी नदीनजीकै पर्दछ) भन्ने ठाउँमा यिनको जन्म भएको थियो भन्ने मत निकालिएको छ । विद्या उपार्जनको लागि यिनी कुमाऊँमा धेरै वर्षसम्म बसेकाले कुमाऊँप्रति मोह वस्तु स्वाभाविक नै भयो । त्यसैले यिनले आफ्ना कृतिहरूमा पनि "नाम प्रेमनिधीतिः कूर्माचलो जन्मभूः" भनेर कुमाऊँ लाई नै जन्मभूमि भनेका हुन् भन्ने मत हिजो आज आएको छ ।[५] तर आफ्नो जन्म भूमिको उल्लेख गर्ने जस्ता कुरामा प्रेमनिधि पन्त जस्ता प्रकाण्ड विद्वान्बाट यस्तो भूल कसरी भयो होला—यो विचारणीय कुरो छ । तसर्थ पोखरेलज्यूको मत नै ठीक देखिन आउँछ । प्रेमनिधिको मातृभाषा कुमाउनी थियो; तसर्थ यस ग्रन्थमा पनि कुमाउनीको मिश्रण यथेष्ट पाइन्छ । पछि सिकेको भाषाको प्रभाव लेखनमा पर्दैन, परे पनि किञ्चित् मात्रामा मात्र पर्दछ, किनकि लेखनकार्य भन्ने कुरो केही न केही हदसम्म भाषिक

२. डिल्लीराम तिमिल्सिनाज्यूले महामहोपाध्याय गोपीनाथ कविराजको खोजीअनुसार 'प्रायश्चित्तप्रदीप' को रचनाकाल सं० १८१० भन्नुभएको छ । हेर्नुहोस्, **नेपाली** ५४, २०२९ माघ, फागुन र चैत, पृ० ५ । तसर्थ यस ग्रन्थको रचनाकाल अनुसन्धानको विषय बनेको छ ।

३. **पाँच हाय वर्ष :** पृ० २०७ ।

४. ऐजन ।

५. विश्वनाथ भट्टराई "पं० प्रेमनिधि पन्तः एक परिचय" **मधुपर्क**, वर्ष ७, अंक १, २०३१ जेष्ठ, पृष्ठ २१—३२ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कारसंग पनि सम्बन्धित हुन्छ । आफ्नो मातृ भाषाको प्रभाव संस्कारमा परेको हुन्छ जसलाई लेखकले स्वतः आफ्नो कलममा हालेकै हुन्छ । प्रेमनिधि पन्त कुमाउनी नै थिए र आफू विद्वान् भएका नाताले आफ्नो जन्मभूमि बारे अर्काका आँखामा छारो हाल्ने जस्ता असत्य र अनुत्तरदायी काम यिनीबाट भयो होला भन्न सकिन्न । जे होस्, प्रेमनिधि पन्त नेपाली हुनु र नहुनुभन्दा पनि हाम्रा सामु नेपाली भाषा-साहित्यको महत्त्वपूर्ण ग्रन्थका रूपमा देखापरेको 'प्रायश्चित्तप्रदीप' को नेपाली टीका नै सबभन्दा चासोको विषय हुनगएको छ । यही नै हाम्रो लागि प्रेमनिधिको नागरिकताभन्दा ठूलो पनि हो । हामी यिनलाई नेपाली भन्न बढी लोभ देखाउँछौं, भारतीयहरूले यिनलाई भारतीय तन्त्र-साहित्यका आचार्य भनेर उतैतिर तान्दछन् । यो लुछाचुँडी निश्चय नै दुराग्रह हो ।

"प्रायश्चित्तप्रदीप" संस्कृत रचना हो । प्रेमनिधिले प्रत्येक अध्यायका पुछारमा नेपाली सारांश दिएका छन् । डिल्लीराम तिमिल्सिनाज्यूले यस नेपाली अंशका सम्बन्धमा शंका उठाउँदै लेख्नुभएको छ—"तन्त्रराजको टीका गरे झैं धर्मशास्त्र विषयक संस्कृत रचना 'प्रायश्चित्तप्रदीप' (नेपाल राष्ट्रिय पुस्तकालय) को नेपाली अनुवाद पनि प्राणमञ्जरी[६] ले नै गरेको हुन धेरै सम्भव छ र यसमा प्रेमनिधिको हात हुनु पनि कुनै नौली कुरो नभएर स्वाभाविक मानिन्छ ।"[७] तन्त्रराजको टीकालाई नै आधार बनाएर तिमिल्सिनाज्यूले आफ्नो शङ्का व्यक्त गर्नुभएको छ जो ज्यादै फितलो छ । यो प्रामाणिक आधार होइन । "एकपल्टको चोर सधैं चोर" सिद्धान्ततः स्वीकार्य भए पनि व्यवहारमा यसो नहुन पनि सक्छ । तन्त्रराजको टीका प्राणमञ्जरीले लेखेका हुन् भनेर रचनामा लेखिएकोले त्यो प्रामाणिक नै ठहर्दछ । तर "प्रायश्चित्तप्रदीप" को भाषा टीकामा त्यस्तो कुनै उल्लेख पाइँदैन । यस ग्रन्थको नेपाली अनुवादबारे शङ्का निकाल्दै अझ तिमिल्सिनाज्यू भन्नुहुन्छ—"प्रेमनिधि पन्त काशीका प्रकाण्ड विद्वान्-मण्डलीमा अग्रगण्य थिए भन्ने कुरामा केही सन्देह छैन । किन्तु प्रायश्चित्तप्रदीपको नेपाली अनुवाद सम्भव भयो भन्ने कुरोचाहिं अनिर्णीत नै भए झैं लाग्छ ।"[८] काशीमा विद्वत्ता कमाएका व्यक्तिले नेपाली भाषामा कलम दगुराउनै हुँदैन अथवा दगुराउनै सक्तैन भन्ने मत कदापि स्वीकार्य हुन सक्तैन । प्रेमनिधि झैं हाम्रा कुलचन्द्र गौतम र सोमनाथ सिग्द्याल पनि संस्कृतकै विद्वान् थिए । यी विद्वान्हरूले नेपाली भाषामा रचना गरे भने प्रेमनिधिले गर्न नसक्नु वा गर्न नहुनुमा कुनै वैज्ञानिक तर्क

---

६. प्रेमनिधिका तीन पत्नी थिए जसमध्ये तेस्रीचाहिंको नाम प्राणमञ्जरी थियो । यिनले तन्त्रराजको सुदर्शन टीका रचेकी थिइन् ।

७. यसै क्रमको पादटिप्पणी सं० ४७ : पृ० ५

८. ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन । काशीको चौकिल्ला सँग नेपाली भाषाको शत्रुता थियो भने त्यो वेग्लै कुरो हो । पर्वतका राजा मलैबमसंग यिनी सम्बद्ध थिए भन्ने कुरो प्रमाणित भइसकेपछि यिनलाई काशीभित्रै कोच्न पुऱ्याउनु उचित ठहरिंदैन ।

✓ प्रेमनिधिको "प्रायश्चित्तप्रदीप" (सं० १७८०) आचार-विचारसम्बन्धी नेपाली भाषामा पहिला ग्रन्थ हो । ग्रन्थकारले यसमा विभिन्न पापहरू (महापातक, उपपातक, अनुपातक, जातिभ्रंशकर, अपात्रीकरण, संकरीकरण, मलिनीकरण आदि) कसरी लाग्दछन् भन्ने कुराको उल्लेख गर्दै तिनको प्रायश्चित्त लिने विधि पनि बताइ-दिएका छन् । यस ग्रन्थले त्यस वेलाका मानिसहरूको धार्मिक विश्वास र आस्थाको सीमाबोध गराउँदछ । लाउणु (=लाउनु), खाणु (=खानु), वहिणी (=बहिनी), राणी (=रानी), ठाणिकन (=ठानीकन), नदिणु (=नदिनु), चोरणु (=चोर्नु), खाणापिणा (=खानापीना) जस्ता शब्दहरू यसमा प्रशस्त प्रयोग भएका छन् जसले कुमाउनीको हेवका दिन्छन् ।

प्रेमनिधिको 'नृपश्लोकी' पनि आचार विषयक नै रचना हो । यसको विषयवस्तु पनि 'प्रायश्चित्तप्रदीप' कै जस्तो छ । परन्तु यी दुई रचनाको भाषा-प्रयोगमा एकरूपता छैन ।

प्रेमनिधि पन्तले धर्मशास्त्र, तन्त्रशास्त्र र भक्तिशास्त्र विषयक धेरै ग्रन्थहरू संस्कृतमा लेखेका छन् जो यस प्रकार छन्—

(१) धर्मशास्त्र : प्रायश्चित्तप्रदीप, घृतदान पद्धति या घृतदान रत्न, प्रयोगरत्न र समयाराम ।

(२) तन्त्रशास्त्र : शारदातिलको टीका शब्दार्थ-चिन्तामणि, शिवताण्डवटीका मल्लादर्श, कार्तवीर्यसपर्या, नित्यप्रयोगरत्नाकर र पृथ्वी-प्रेमोदय ।

(३) भक्तिशास्त्र : भक्तितरंगिणी ।

दावादल शाह—दावादल शाहको "औषध रसायन" को रचना-काल सं० १८०० तिर भनी अनुमान गरिएको छ । वाणीविलास ज्योतिर्विदकै विषयवस्तुलाई दावादल शाहले पनि पछ्याएका छन्, अर्थात् यिनले पनि विभिन्न ज्वरोका लक्षण बताई तिनको उपचार-विधिको बयान गरेका छन् । यिनले पनि पाणि (=पानी), पिणु (=पिउनु), पकावणु (=पकाउनु), खाणु (=खानु) जस्ता शब्दहरूको प्रयोग गरेका छन् । यिनको प्रतिपादन शैली वाणीविलासको सँग हूबहू मिल्दछ । तुलनाको लागि यी दुवैका ग्रन्थको भाषाका नमूना हेरौं—

वाणीविलास—श्री धन्वंतरे नमः । आलस्य हो भ्रम हो । अशंमल हो । जाड़ो लाग । लाटो कालो होइरह । शवै आँग दुष । कँडा ववुरन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुखको वर्ण फिर । मुख मधुर हो । शोष तालु शुक । सर्व्वांग छाडि आव । थोको ज्वर हो । मंदाग्नि हो । ताति वस्तशुं मन हो । निद्रा हो.....

दावादल—श्री धन्वंतरे नमः । आलस्य हो श्रम हो अशंमल हो । जाडो लाग । लाटो कालो होइ रह शवै आंग दुष । कँडा ववुरन् मुखको वर्ण फिर मुख मधुरो हो । पाणिकी तृषा लाग । तालु शुक । सर्व्व आंग छाडी आव । थोको ज्वर हो । मन्दाग्नि हो । ताति वस्तकन् मन हो । निद्रा हो....

वाक्य तथा शब्द-योजनामा यी दुई ग्रन्थका भाषाबीच धेरै साम्य पाइन्छ । "फरक चाहिं के छ भने दावादलको भाषामा डोटी अथवा बैतडीको विशेषता मात्र नभएर केही पूर्वीय चिह्नहरू पनि परेका छन् । वाणीविलासले छोटकरीमा आफ्नो टीका टुङ्ग्याएका छन्, तर दावादलले चाहिं अलि व्याख्या गरेका छन् ।"[९]

दावादल शाह लमजुङ्गे राजा थिए । नेपाली भाषाले लेखकका रूपमा राजालाई पाउनु ज्यादै गर्वको कुरो हो । उनलाई औषधि मूलोका विषयमा अभिरुचि भएकोले नै 'औषधि रसायन' लेखे । त्यस वेला यस्ता विषयमा दरबारबाट लेखाउने चलन पनि थियो र लेखकहरूले पाँन आम-रुचिलाई ध्यानमा राखेर यस्ता ग्रन्थ लेख्ने गर्दथे । तर दावादल शाह आफू राजा भएर आफैंले औषधि मूलोको ग्रन्थ लेखे । नेपाली भाषाको लागि यो निश्चय नै प्रेरणाको मूल थियो ।

---

९. बालकृष्ण पोखरेल, **पाँच शय वर्ष**, पृ० २०४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्ड २. प्रारम्भिक कालको विवेचना

Jayatu Saṇskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१. प्रारम्भिक काल

नेपाली साहित्यको अतीतका पृष्ठहरूमा हराइराखेका प्रतिभा तथा अमूल्य कृतिहरूको खोजी गर्दै तिनलाई प्रकाशमा ल्याउने काम नेपालो विद्वानहरूबाट भइरहेको छ। विद्वानहरूका प्रयासले नेपाली साहित्यको इतिहास झन्-झन् लम्बिदैछ। प्राचीनतम अभिलेखहरूको खोजीले नेपाली गद्य-परम्परामा नयाँ आयाम थपिंदै जाँदो छ।

नेपाली साहित्यको काल-विभाजन ठूलो विवादास्पद विषय हुन पुगेको छ। यस सम्बन्धमा वैज्ञानिक तवरले एकरूपता कायम हुन सकेको छैन। तात्कालिक युग-परिस्थितिको पृष्ठभूमिमा साहित्यकारहरूका मानसमा पर्ने प्रभाव र प्रतिक्रियालाई पक्डेर तिनको सापेक्षिक मूल्य कृतिमा खोज्ने कोशिश गऱ्यौं भने र सम्बद्ध क्षेत्रको व्यापक सर्वेक्षणका आधारमा प्रारम्भिक ग्रन्थ-विवरणी (Bibliography) अघि राखेर साहित्येतिहास केलाउने परम्परा बसाल्यौं भने यो विवाद छिट्टै नै अन्त्य हुने सम्भावना रहन्छ। कृति र कृतिकारको समय-क्रम (Chronology) मिलाउँदैमा साहित्यको इतिहास तयार हुँदैन। सामाजिक, राजनैतिक, सांस्कृतिक आदि परिस्थितिले कृतिकारको सृजन-मानसमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। समाजको हरेक गतिविधि, घटना आदिको प्रभावले कृतिकारको मानसमा एउटा वृत्तको रूप लिन्छ जसलाई कृतिकारले युग-स्थितिअनुकूल आफ्नो प्रकृतिको रङ्गमा मिलाएर अभिव्यक्त गर्दछ। त्यसर्थ साहित्यको इतिहास लेख्दा कृतिकारको यही प्रवृत्ति र युग-स्थितिको सन्तुलनमा बढी ध्यान दिनुपर्छ।

प्रारम्भिक, माध्यमिक र आधुनिक यी तीन काललाई नै सामान्य रूपमा आधार बनाएर क्याम्पसका विभिन्न तहहरूमा नेपाली साहित्यको इतिहास अध्ययन-अध्यापन गर्ने काम भइरहेको छ। विद्यार्थीहरूलाई विवादबाट सामान्य रूपमा अलग राखी तिनीहरूको अध्ययनको सुविधालाई ध्यानमा राखेर नै यस किसिमको काल-विभाजनलाई मान्यता दिइएको देखिन्छ। यो विभाजन पूर्णतः वैज्ञानिक छ त भन्न सकिंदैन, तर केचाहिं मान्न कर लाग्छ भने यसबारे सबैजसो विद्वानहरूका मतमा एकरूपता नआउञ्जेलसम्म यही तीन काल-विभाजनलाई नै काम-चलाउ रूपमा मान्नुपर्दछ। यस दृष्टिले प्रारम्भिक काललाई निम्नलिखित दुई उपकालमा विभाजित गर्न सकिन्छ—

१. पूर्व-प्रारंभिक काल—विक्रमको उन्नाइसौं शताब्दीको प्रारम्भदेखि सं० १८७३ सम्म।

२. उत्तर-प्रारम्भिक काल—सं० १८७४ देखि सं० १९४० सम्म।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.-पूर्व प्रारम्भिक काल परिधि र औचित्य—श्री ५ बड़ामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने उद्देश्यले सं० १८०१ मा नुवाकोट विजय गरेदेखि सं० १८७३ मा नेपाल अंग्रेज युद्धको परिणामस्वरूप सुगौली-सन्धि नभए-सम्म नेपालको राष्ट्रिय परिस्थितिअनुकूल नेपाली कविताहरूमा मूलभूत एउटै काव्य-प्रवृत्ति देखापऱ्यो; त्यो प्रवृत्ति थियो वीरकाव्य सिर्जनको। त्यसैले 'पूर्व-प्रारम्भिक काल' प्रवृत्तिका सन्दर्भमा "वीरकाल" पनि हो। यस कालमा भएको वीरकाव्यको सिर्जना कुनै अप्रत्याशित घटना थिएन, न कवि-लेखकहरूका मनको लहडकै प्रतिफल थियो। वस्तुतः यस कालको काव्य-सिर्जनाको पृष्ठभूमिमा एउटा ज्यादै सशक्त प्रेरणाले भूमिका खेलेको थियो ;. त्यो प्रेरणा शक्तिशाली व्यक्तित्व र प्रभावकारी परिस्थितिको मिश्रणबाट त्यस वेला तयार भएको थियो। हामी नेपालीहरूले एउटा गौरव-युगमा प्रवेश पाएका थियौं। पूर्वमा टिस्टादेखि पश्चिममा किल्ला-काँगडासम्म नेपाली झण्डा फरफराएको थियो। खाँडो पखाल्न वीर नेपालीहरू गङ्गासम्म पुग्न सक्तथे। एउटा सानो गोर्खाबाट महानेपालमा पदार्पण गरेको गौरवमय युग थियो त्यो। निश्चय नै सीमा विस्तारको यो क्रम नेपालको साम्राज्यवादी नीति थिएन, थियो त केवल आफ्नो पूर्व-गौरव आर्जन गर्ने अभियान। यसरी नेपालको एउटा विशाल मानचित्र बनेको थियो र वीर पृथ्वीनारायण शाहद्वारा उठान गरिएको राष्ट्र-निर्माणका काममा कालु पाँडे, राजमाता राजेन्द्रलक्ष्मी, बहादुर शाह, अमरसिंह थापा, अभिमान सिंह बस्नेत, दामोदर पाँडे, देवदत्त थापा, बम शाह जस्ता वीर-कर्मीहरू जुटेका थिए। बलभद्र कुँवर र भक्ति थापा त झन् नेपाल-माताका वीर-सपूत नै थिए। यिनै वीर-पुरुषहरूका व्यक्तित्वले गर्दा त्यस वेलाको राष्ट्रिय परिस्थितिमा नै महान् गौरव-अर्जित भएको थियो। 'पूर्व-प्रारम्भिककाल'को वीरकाव्य यही राष्ट्रिय परिस्थितिको उपज थियो।

वीरकाव्यको निर्मितिमा पृथ्वीनारायण शाह र एकीकरण अभियानकै प्रमुख भूमिका छ भन्ने कुरो माथिको चर्चाबाट स्पष्ट भयो। यस काव्यधाराको विधिवत् समाप्ति सं० १८७३ को सुगौली-सन्धिमा भयो। परन्तु यसपछि पनि नेपाली साहित्यका प्रतिभाहरूको स्वरमा यस वीरध्वनिले स्थान पाउन छाडेन। त्यसैले सं० १८७३ वीरकाव्य-परम्पराको पूर्णाहुति थिएन; केवल मूल धारागत प्रवृत्तिको रूपमा स्थान प्राप्त गर्दै आएको यस काव्य-धारामाथि यस दुर्दिन (अर्थात् सुगौली-सन्धि) ले गरेको प्रहार मात्र थियो।

(२) उत्तर-प्रारंभिक काल : परिधि र औचित्य—

सं० १८७४ देखि सं० १९४० सम्मलाई 'उत्तर-प्रारम्भिक काल'को परिधि मानिए-को छ। यसको आधार के हो भने सं० १८७३ को सुगौली-सन्धिपछि नेपाल एकीकरण र विस्तारको कार्यक्रम पूरै रोकियो र नेपालको राष्ट्रिय क्षितिजमा परिवर्तनको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रङ्ग देखापर्न थाल्यो। अघिको जोश र उमङ्ग एकदम सेलायो। नेपालले आफ्नो आर्जनको निकै ठूलो भूभाग अंग्रेज-सरकारलाई सुम्पन बाध्य भई मेची-महाकालीबीच खुम्चनुपर्‍यो। आफ्नो बाहुबलमा विश्वास राखी आफूलाई गौरवशाली ठान्ने नेपाली-हरूको लागि यो खुम्चाइ अपमान थियो। सन्धिपत्रमा हस्ताक्षर भइसकेकले गर्दा यस अपमानको प्रत्युत्तर दिने ठाउँ नै नेपालीहरूलाई रहेन। परिणामस्वरूप मनभित्र निराशा र असन्तोष पालेर नेपालीले खुँडा, खुकुरी तथा तरवार थान्को लगाउन बाध्य हुनुपर्‍यो। अतीतमा ती खुँडा, खुकुरी तथा तरवारमा लागेको रगत अझै आलै थियो। यस आलो रगतको दृश्यले तिनीहरूको मानसिक स्थितिलाई झन् दुःखद स्थितिमा पुर्‍यायो। मानसिक हलचल उत्पन्न भयो। अघिको विशाल नेपालको दाँजामा वर्तमान नेपालको मानचित्र ज्यादै साँघुरो देखेर नेपालीहरूका मनमा क्षोभका साथै मानसिक अस्थिरता उत्पन्न भयो। अघिको विशाल नेपालको आर्जन तिनीहरू-लाई सपना झैं भ्रमात्मक हुन गयो; तब वर्तमानको यथार्थलाई बुझ्ने कोशिश तिनीहरूले गर्न थाले। तर तिनीहरूको लागि वर्तमान अति नै तीतो लाग्यो; विस्तृत मैदानमा कुदिरहेका नेपालीले साँघुरो क्षेत्रमा एकाएक सीमित हुनुपर्दा मानसिक धैर्य र सन्तुलन रहेन। त्यसैले वर्तमानबाट पनि तिनीहरूले पलायन खोजे। अतीतको बाटो छेकिएकै थियो। तब कहाँ जाने भन्ने प्रश्नको उत्तरको खोजमा तिनीहरू त्यस ठाउँमा पुगे जहाँ तिनीहरूको मनले विश्रान्ति पाउन सक्तथ्यो; नैराश्य र असन्तोषको ठेगान लाग्न सक्तथ्यो; र क्षोभ तथा मानसिक अस्थिरतालाई एकाग्र चिन्तनमा एकोहोर्‍याई शान्ति पाउन सकिन्थ्यो। त्यो ठाउँ थियो—ईश्वरीय भक्ति। यो एउटा यस्तो ठाउँ थियो जहाँ त्यस वेलाका नेपालीहरूले आफ्नो मनलाई निस्फिक्री र स्वतंत्रसँग विचरण गराउन सक्तथे। त्यस ईश्वरीय भक्तिमा कुनै बाधा-बन्देज थिएन, न कुनै बाह्य र अवाञ्छनीय बाध्यता वा शक्ति-प्रयोग नै थोपरिएको थियो। एक किसिमले राजनीतिक कारणबाट भएको क्षतिपूर्ति तिनीहरूले ईश्वरीय भक्तिबाट लिए। राजनीतिबाट उदासीन भएर भक्तितर्फ प्रविष्ट हुनुदेखि बाहेक अरू केही उपाय नै भएन। यही राष्ट्रिय परिस्थितिमा नेपाली भक्तिवादी (वैष्णव) कविहरू सं० १८७३ पछिको राजनैतिक परिवर्तनपछि देखापर्न थाले। अबको राष्ट्रिय परिस्थिति अघिको जस्तो नभएकोले यस पृष्ठभूमिमा नेपाली साहित्यको मूल प्रवृत्तिमा पनि अर्कै मोड देखापर्‍यो। यस मोडले ल्याएको काललाई "भक्तिकाल" भनिएको छ।

भक्ति-काव्यको निर्मितिका पछाडि प्रच्छन्न राजनीतिक कारण पनि रहेछ भन्ने कुरो माथिको चर्चाबाट स्पष्ट भयो। अब के कुरो स्पष्ट हुनु आवश्यक छ भने कुनै पनि युगमा तत्कालीन राजनैतिक प्रभावको मात्रा साहित्यकारहरूमा कतिसम्म हुन्छ? अर्थात् साहित्यमा राजनीतिको प्रभाव कुन हदसम्म हुन्छ? यसको जवाफ हामी काल-सापेक्ष भएर मात्र दिनसक्छौं, किनभने एउटै राष्ट्रिय परिस्थिति सधैंभरि एकनास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भइरहँदैन। फेरि, कुनै पनि व्यापक चेतनाले क्रमिक विकासको पथ समात्दछ नै भनेर पनि निश्चयसाथ भन्न सकिँदैन। राजनीतिक उलट-फेरले राष्ट्रलाई अक्सर भिन्न-भिन्न दिशातिर मोडिरहेको हुन्छ। यस्तो स्थितिमा साहित्यको भूमिका के रहन्छ भने त्यही बदलिंदा मोडअनुसार साहित्यले आफूलाई पनि बदल्दछ र एउटा नयाँ प्रवृत्तिको आविर्भाव हुन्छ। तसर्थ सं० १८७३ मा भएको सन्धिको प्रभावलाई राजनीति-सापेक्ष मानेर भक्तिवादी कविहरूको राजनैतिक चेतनाको निर्क्योल गर्दा निश्चयसाथ के भन्न सकिन्छ भने राजनीतिक चेतना-बाहुल्यले गर्दा भक्तिकाव्यको प्रणयन भएको थियो। कुनै पनि चेतनाको आफ्नो पृष्ठभूमि हुन्छ; यही पृष्ठभूमिले एउटा निश्चित समयमा गएर त्यस चेतनालाई रूप तथा आकार प्रदान गर्दछ। साहित्येतिहासमा प्रवृत्तिमूलक काल-विभाजनको आधार यही पृष्ठभूमि तथा चेतना नै हो। यस दृष्टिले 'उत्तर-प्रारम्भिक काल'का कविहरूको राजनैतिक चेतनाको तीव्रता-लाई 'पूर्व-प्रारम्भिक काल'को नेपालको राष्ट्रिय परिस्थितिले स्पष्ट पार्दछ। राष्ट्रिय चेतनाको प्रस्फुटन भएको यस कालमा कविहरूले तत्कालीन राजनीतिक प्रभावलाई सोझै ग्रहण गरे। शक्तिवल्लभ अर्ज्यालको कविता यस कुराको राम्रो नमूना हो। नेपाल फैलिंदै थियो र नेपालीहरूको विशाल समूह तयार भइरहेको थियो। राष्ट्र-निर्माणको यो काम पूर्ण सक्रियताका साथ भइरहेको त्यो युग सं० १८७३ पछिका साहित्यकारहरूले हिजोसम्म मात्र आफ्नै आँखाले देखेका थिए। हिजोको त्यो झल्को तिनीहरूका आँखामा झलझली छाएको छँदै थियो। तिनीहरूलाई त्यस गौरवमय युगको संझना रहि नै रह्यो। यसको परिणाम के भयो भने मेची-महाकालीबीच राष्ट्रिय चेतनाले झन् सजीव रूप पायो। तर यस चेतनाको प्रत्यक्ष अभिव्यक्ति साहित्य-कारहरूको दृष्टिमा काल-सापेक्ष भएन। अतीतको त्यस पृष्ठभूमिमा वर्तमानलाई हेर्दा तिनीहरूले आफूलाई विक्षुब्ध अवस्थामा पाए जसबाट मुक्ति पाउन तिनीहरू ईश्वरका शरणमा पुगे।

भक्ति काव्य परम्परालाई अर्कै दिशातर्फ मोड्ने काम सं० १९४० तिर भएको अनुमान गर्न सकिन्छ। यस बीच अनेक राजनैतिक गतिविधिहरू भए; जस्तो सं० १८९२ मा भीमसेन थापाको पतन भयो र सं० १८९५ मा उनले आत्महत्या गरे। अब शक्ति हत्याउने प्रयत्नमा राजनीतिक चालबाजी र षडयंत्र चल्न थाल्यो। सं० १९०३ मा कोतपर्व मच्चियो जसमा ठूलो संख्यामा नरसंहार कार्य सम्पन्न भयो। जङ्गबहादुर शक्तिमा आए र राणा-शासनको उदय भयो। राणा-दरबार कलह-झगडा र दाउपेचको केन्द्र बन्यो। आफ्नो स्वार्थ-सिद्धिको लागि नरहत्या सामान्य मान्न थालियो। जनता राणाहरूको क्रूर शासनको शिकार भयो। यी सब राजनीतिक क्रियाकलापका बीच पनि भक्तिकाव्य परम्पराको दिशा मोडिएन, किनभने ती क्रूर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राणा तथा शक्तिलोलुप षडयंत्रकारीहरूलाई सही बाटोमा लगाउन र तिनीहरूमा मानवीय नैतिक भाव उत्पन्न गराउन तत्कालीन कविहरूले भक्तिकाव्यको माध्यमलाई नै उचित ठाने। शान्ति र सुव्यवस्थाको पाठ पढाउन भक्तिकाव्यले प्रयत्न गर्दा-गर्दै पनि राजनीतिक स्थितिमा कुनै सुधार आएन। राणाहरूको अन्याय, अत्याचार झन्-झन् बढ्दै गयो। जनता झन्-झन् पीडित हुन थाल्यो। उता राणाहरू भने धन-सम्पत्तिको आधिक्यले गर्दा झन्-झन् विलासप्रिय हुँदै गए। जङ्गबहादुरले बेलायत यात्रा गरेर नेपालभित्र विलासमय बेलायती सभ्यता र संस्कृति भित्र्याए। तिनीहरूमा सुरा र सुन्दरीको माग बढ्न थाल्यो। जङ्गबहादुरपछि क्रमशः उनका रोलवाला प्राइम-मिनिष्टर भाइहरूले यस विलासको बोटलाई हुर्काउन थाले। यसको प्रभाव देशका उच्च र सम्भ्रान्त परिवारमा पनि पऱ्यो। हुँदा हुँदा युगकै नैतिकता सुरा र सुन्दरीमा आधारित हुनगयो। यसै बदलिंदो राष्ट्रिय परिस्थितिको पृष्ठभूमिमा मोतीराम भट्ट (१९२३-५३) देखापरे। लगभग सं० १९४० देखि उनको कलम चल्न थाल्यो जसको अभिव्यक्तिले नयाँ युगको संकेत दियो; त्यो थियो श्रृंगार-युग। यसरी सं० १९४० तिर 'उत्तर-प्रारम्भिक काल' को सीमा लागेको देखिन्छ।

माथि हामीले 'उत्तर-प्रारम्भिक काल' को परिधि र त्यसको औचित्यबारे चर्चा गऱ्यौं। यसै सन्दर्भमा यस परिधि र औचित्यसँग नेपाली सन्तकाव्यको सम्बन्धबारे चर्चा गर्नु पनि ज्यादै महत्त्वपूर्ण हुनगएको छ। जोसमनी सन्त-मत तथा परम्परा नेपालको सांस्कृतिक परम्पराको विशुद्ध उपज हो; सं० १८७३ को राजनीतिक घटना-सँग यसको कुनै सम्बन्ध छैन। जुन वेला पृथ्वीनारायण शाह एकीकरण अभियानमा सफल भइरहेका थिए, त्यस वेला नै शशिधरले जोसमनी मतको प्रचार गरिरहेका थिए। एउटा निर्दिष्ट सांस्कृतिक परम्पराद्वारा यो अनुशासित भएको हुनाले देशको बदलिंदो राजनैतिक गतिविधिको कुनै प्रभाव यसमा परेन। बिलकुल राजनीति-निरपेक्ष भएर यो जन्मियो र विकसित अवस्था प्राप्त गर्दै गयो। यस मतका पछाडि कुनै साहित्यिक प्रेरणा थिएन। ती सन्तहरू केवल आफ्नो मतमा दीक्षित हुन चाहन्थे, अथवा आफ्नो मतको दर्शनलाई वाणीद्वारा व्यक्त गर्न चाहन्थे। त्यसैले समसामयिक राष्ट्रिय परिस्थितिसँग ठक्कर खाएर नेपाली वीरकाव्यले भक्तिकाल पार गरी श्रृंगार-कालमा प्रवेश गरिसक्दा पनि उता नेपाली सन्तकाव्यमा कुनै परिवर्तित प्रवृत्ति देखापरेन। सर्वकाल यसले आफ्नो परम्परानुमोदित लक्ष्यलाई नै अघि राखी अभि-व्यक्तिको बाटो पक्ड्यो। सन्तहरूका पछाडि यो मत नभएर यस मतका पछाडि सन्तहरू थिए। त्यसैले मतकै सर्वोपरितालाई स्वीकारेर सन्तहरूले अधिकांश रूपमा भजन-पाराका रचनाहरू गरे। त्यसैले विशुद्ध साहित्यमा पाइने वैयक्तिकताको अंश यस सन्तकाव्यमा पाइँदैन। यस काव्यमा प्रचारात्मकताकै आधिक्य छ र एउटै प्रवृत्ति द्वारा डोऱ्याइएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्त-काव्य भक्तिकाव्य नै भए पनि यो एउटा स्वतंत्र काव्य-धारा हो। साँच्चै भन्ने हो भने यसको साहित्यिक महत्त्वलाई अहिले आएर हामीले बुझ्न थालेका हौं। जसरी चराहरू चिर्बिराउँछन् र त्यस चिर्बिराइमा हामी नाना अर्थ दिने प्रयास गर्छौं, ठीक त्यसरी नै सन्तहरूका निर्गुण भजन, राग आदिमा साहित्यिक सौष्ठव खोज्ने काम अहिले हामी गर्दैछौं। चराहरू चिर्बिराउनको लागि नै चिर्बिराउँछन्, त्यसमा निश्चय नै स्वर-संगति, लय आदि हुन्छन्। तर त्यसमा साहित्यिक अर्थ भर्ने लक्ष्य चराको हुँदैन। तर त्यो चिर्बिराइ सुनेर हामी चराको महत्ता बढाउँदछौं। सन्तहरू अन्ततः सन्त नै थिए; कवि हुने अभीष्ट लक्ष्य तिनीहरूको थिएन। परम्परानुश्रित भएर पद्यमा तिनीहरूले आफ्नो मतको प्रचारको लागि कृति लेखे। तिनमा हामीले साहित्यिक महत्त्व देखेर तिनलाई सन्त-कवि भनेका हौं। यो स्वाभाविकै पनि हो। अहिले हाम्रा दृष्टिमा जोसमनी सन्तहरू कविका रूपमा प्रतिष्ठित छन्। हाम्रो महसूस गराइमा ती सन्तहरू कवि उपाधिको लागि योग्य पनि छन्। त्यसैले भक्तिकाव्यको एक शाखाको रूपमा यस परम्परालाई हामीले स्वीकारेका छौं।

"उत्तर-प्रारम्भिक कालीन" कृष्ण तथा राम भक्ति काव्य जुन पृष्ठभूमिमा निर्मित भएको थियो त्यो पृष्ठभूमि यस सन्तकाव्यको नभए पनि यस कालमा यस परम्परा-लाई सम्बद्ध गर्नाको एउटै मात्र कारण के हो भने यसै कालमा आएर यसले काव्य-श्रेष्ठत्त्व प्राप्त गऱ्यो। ज्ञानदिलदास जस्ता झण्डै भानुभक्तको समकक्षमा उभिन सक्ने सन्त कवि-प्रतिभाको आविर्भाव पनि यसै कालमा भयो। अहिले हामी यसको जुन साहित्यिक महत्तालाई बुझ्न लागेका छौं, त्यसको श्रेय यसै कालको उपलब्धिलाई मान्नुपर्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. पूर्व-प्रारम्भिक काल

१. 'पूर्व-प्रारम्भिक काल' को पृष्ठभूमि

(क) ऐतिहासिक पृष्ठभूमि

(१) राष्ट्रिय चेतनाको प्रस्फुटन

प्रस्तावना—कुनै पनि जातिको साहित्यले आफ्नो राष्ट्रभाषामा अभिव्यक्ति पाउन एउटा बलियो राष्ट्रिय धरातलको आवश्यकता पर्छ । यही धरातलमा टेकेर कवि-लेखकहरूले राष्ट्रिय सांस्कृतिक एकताको समृद्धिमा यथोचित सघाउ पुऱ्याउँदछन् । श्री ५ पृथ्वीनारायण शाहद्वारा आरम्भ गरिएको एकीकरण अभियानभन्दा अघि यो सांस्कृतिक एकता खण्डित थियो । जातीय एकताको अभावमा मल्लकालमा साहित्यिकहरूले समग्र रूपमा नेपाली भाषामा साहित्य सिर्जना गर्ने आधार नै पाउन सकेका थिएनन् । साहित्यकारको जन्म वा प्रादुर्भाव जुनसुकै युग र अवस्थामा पनि हुने गर्दछ र तिनीहरूका हृदयको भाव राष्ट्रिय क्षितिजको रङ्गअनुकूल नै व्यक्त हुने गर्दछ । वर्तमान नेपालको निर्माणमा श्री ५ पृथ्वीनारायण शाहको उदयसँगसँगै नेपालको राष्ट्रिय क्षितिजको रङ्ग पनि संग्लो र चम्किलो बन्यो; तदनुरूप राष्ट्रभाषा नेपालीमा काव्य-सिर्जनाका निम्ति प्रेरणाको मूल फुट्यो । मल्लकालमा पनि साहित्यिकहरू प्रशस्त थिए ; कतिपय मल्लराजाहरू स्वयं नै साहित्य-स्रष्टा थिए । तर त्यो काल राष्ट्रभाषा नेपालीको सन्दर्भमा नवीन प्रेरणाका निम्ति अनुकूल भएन, किनभने त्यस वेलाको राष्ट्रिय क्षितिज नै आपसीवैमनस्य, कलह, झगड़ा, वैरभाव आदिले गर्दा धमिलो थियो । नवीन प्रेरणाकै अभावले गर्दा त्यस कालमा साहित्यकारहरूले मैथिली, नेवारी, संस्कृत जस्ता भाषामा मात्र परम्परागत काव्य-साधना गर्ने चेष्टा गरे ।

वर्तमान नेपालको निर्माणसँगै साहित्यकारका निम्ति नवीन प्रेरणाको जुन उदय भयो त्यसको श्रेय श्री ५ पृथ्वीनारायण शाहलाई दिनुपर्छ । उनी नेपाली कविताका गंगोत्री हुन् । अभिव्यक्ति पर्खेर बसेका नेपाली हृदयका कविहरूले एकीकरणदेखि एउटा दह्रो राष्ट्रिय धरातलमा टेक्ने मौका पाए, किनभने नेपाली जातित्वको निर्माण सार्वभौमरूपमा हुन थाल्यो । नेपाली भाषाले राष्ट्रभाषाको गरिमा बोकेर आफू दौडनाको लागि प्रशस्त फराकिलो राजमार्ग भेट्टायो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी सब हुनाको पृष्ठभूमिमा राष्ट्रिय चेतनाको प्रस्फुटनले नेपाली साहित्यलाई ठूलो प्रभाव पारेको छ ।

सन्दर्भ-विस्तार—श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, उनको व्यक्तित्त्व तथा नीति नै राष्ट्रिय चेतनाको प्रस्फुटनको लागि प्रेरक तत्त्व हुन् । पृथ्वीनारायण शाहले तात्कालिक अन्तर्राष्ट्रिय राजनैतिक परिस्थितिअनुकूल नै आफूभित्रको योद्धा र शौर्यपूर्ण व्यक्तित्त्वको पूर्ण विकास गर्नुपरेको थियो । उनको अभ्युदय, राज्यारोहण (सं० १७९९) र एकीकरण कार्यक्रम ऐतिहासिक आवश्यकता थियो । त्यस वेला साना-साना एकाइमा विभाजित राज्यहरूलाई एकताको लागि नब्यूँझाएका भए, अथवा ब्यूँझाएर एकतामा बाँध्नुपर्छ भन्ने प्रेरणा उनले आफ्ना भावी सन्तानलाई नदिएका भए दक्षिण सीमातर्फबाट मुख बाउँदै गिद्धे-दृष्टि दिइरहेको साम्राज्यवादको जालोमा नेपाल पनि फँस्ने थियो । परन्तु उनको निःस्वार्थ जागरुकताले गर्दा यसो हुन दिएन । जयप्रकाश मल्लको सहायतार्थ किनलॉकको नेतृत्त्वमा आएको अंग्रेजी फौजलाई सिन्धुलीगढीबाटै धपाएर पठाउनु तथा सं० १८२५ मा कान्तिपुर अंबल गरेको अर्को साल केपुचिन पादरीहरूलाई निकालेर पठाउनु पृथ्वीनारायण शाहको ठूलो दूरदर्शिता थियो । उनको बाहुबल अद्वितीय नै थियो । विजित क्षेत्रका जनताको हृदयलाई जित्ने काम नै उनीबाट घेरै भयो जसको अनुसरण पछि बहादुर शाहले गरी नेपाल राज्यको सीमा-विस्तार तेब्बर तुल्याइदिएका थिए । यसले गर्दा राष्ट्रिय जागरणको भावमा क्रमिक वृद्धि हुन थाल्यो ।

एकीकरणका सन्दर्भमा पृथ्वीनारायण शाहले अपनाएका नीतिहरूको सैद्धान्तिक तथा व्यावहारिक महत्त्व हेर्दा के देखिन्छ भने उनले आफूलाई गोरखा-राज्यको परिधिभित्र सीमित नराखी नवनिर्मित नेपालभरि (उनले आफूले तयार पार्न सकेका राजनैतिक नक्शाभरि) व्याप्त बनाए । उनका कार्यशीलताको समय नै सीमा-विस्तारको समय थियो । यस कुरालाई थाहा पाउन सक्ने उनको क्षमता र भाषा, संस्कृति आदितर्फ उनले दिएका उदार-दृष्टि नै वास्तवमा राष्ट्रियताको बीज सिद्ध भयो ।

मल्लकालीन काठमाडौं उपत्यकाका तीनै राज्यहरूको स्थिति श्री ५ पृथ्वीनारायण शाहको समयतिर ज्यादै क्षीण र शोचनीय भइसकेको थियो । काठमाडौंका प्रजाहरू आफ्ना राजाका अभियान र कूटनैतिक ज्ञानशून्यता देखेर आजित थिए । पाटनको जनता प्रधानहरूको 'राजा फेर्ने नीति' र तिनीहरूको आपसी जालझेलले गर्दा राज्यको राजनैतिक दशा बिग्रिएको देखेर उदासीन थियो । त्यसैले दलमर्दन शाहलाई राजा बनाउँदा पनि उसले बिलकुल विरोध दर्शाएन । भक्तपुर राज्यको पनि ठीक यस्तै दुःखद अवस्था थियो । राजा रणजित मल्लका उत्तराधिकारी युवराज वीरेन्द्रसिंहको हत्या भएको हुनाले रणजित मल्लपछि राजगद्दीमा बस्ने सवाललाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएर उनका मठ्यापट्टिका छोराहरूबीच द्वन्द चल्ने स्थिति अवश्यम्भावी थियो। यसरी तीनै मल्लराज्यहरू पतनको अन्तिम सास फेरिरहेका थिए। फेरि यी तीनमा आपसी मेल-मिलाप पनि रत्तीभर थिएन। त्यसैले तिनको अन्त हुनु ऐतिहासिक आवश्यकता थियो।[१] यस स्थितिमा पृथ्वीनारायण शाहको अभ्युदय ऐतिहासिक आवश्यकता मानिएको हो। यस आवश्यकताको संपूर्ति साहित्य, कला, संस्कृति सभ्यता आदिका दृष्टिले उन्नत नेपाल उपत्यकाको राजा हुने उत्कट अभिलाषाद्वारा भयो। उनी दूरदर्शी र सत्यका पक्षपाती थिए। त्यसैले उनले पराजित उपत्यकाका सांस्कृतिक र कलात्मक महत्त्वका वस्तु तथा रीति-रिवाज नष्ट गर्ने उपाय कहिल्यै सोचेनन्। यदि नष्ट गर्ने धृष्टता उनले गरेका भए ती विजित क्षेत्रमा जनता उनीदेखि असंतुष्ट र रुष्ट हुने थियो; फलतः राष्ट्रिय चेतनाको उद्‌बोधन सम्भव हुने थिएन। गोर्खाली सभ्यता र संस्कृतिलाई सर्वोपरि उच्च मान्दै तिनैलाई विजित क्षेत्रमा लाद्‌ने उद्देश्य-द्वारा उनी प्रेरित भएका भए नेपाल राष्ट्रको निर्माणका निम्ति चाहिने (नभई नहुने) राष्ट्रिय चेतनाको अभावमा नेपाल फेरि टुक्रा-टुक्रा भई अघि झैं हुने थियो। केवल तरवार र बन्दूकका नालको भरमा राष्ट्रिय चेतनाको उद्‌बोधन बलजफ्ती हुन सक्तैन। भव्य राज्य-प्रासादको स्थिरताको लागि राष्ट्रिय चेतनाको पूर्णत्व प्राप्ति सांस्कृतिक ऐक्यबाट हुन्छ। एक शक्तिशाली हृदयले अरू कैयौं हृदयमाथि स्वाभाविक रूपमा पार्न सकेको प्रभावमा राष्ट्रियताको जन्म हुन्छ। त्यस्तो शक्तिशाली हृदय पृथ्वीनारायण शाहमा थियो। उनीपछि क्रमशः राजमाता राजेन्द्रलक्ष्मी र बहादुर शाहमा पनि हामी यस्तो शक्तिशाली हृदय पाउँछौं। पृथ्वीनारायण शाहको धार्मिक सहिष्णुता, उपत्यकाका कला र संस्कृतिप्रति उनको सम्मान र तिनको संरक्षण आदि ले गर्दा सं १८२५ को राजनैतिक परिवर्तनपछि विजित क्षेत्रको जनताले उनको शासनकालमा कुनै प्रकारका विरोधको आवाज उठाउनुपरेन। यदि उनले जनतामा प्रचलित रीति-परम्परा, आचार-विचार यात्रा-पर्वोत्सव, धर्म जस्ता कुरामा हस्तक्षेप गरेका भए नेपाल राष्ट्रको निर्माण गर्ने सपना अधूरै रहन्थ्यो। तर उनी थिए दूरदर्शी जनताको मर्म बुझ्ने एकमात्र आत्मीय राजा।

'गोर्खावासी' भन्ने क्षेत्रीय भावना निमिट्यान्न पारी सबैमा नेपालीत्वको भावना उब्जाउन श्री ५ पृथ्वीनारायण शाहले एकीकरणका सन्दर्भमा विजित राज्यहरूलाई पनि अपनाउँद गोरखाको सट्टा काठमाडौंलाई नै राजधानी बनाए। राष्ट्रिय चेतनाको जन्मका निम्ति उनको यो दूरदर्शिता कम प्रशंसनीय छैन। जति पनि भूभागमाथि उनले अधिकार जमाउँदै गए, त्यहाँको जनताको हृदय जित्ने काम उनले गरे। जनजीवनलाई नै ध्वस्त पार्ने काम उनीबाट कहिल्यै भएन। विनारक्तपात

१. चित्तरञ्जन नेपाली "वर्तमान नेपालको निर्माणमा पृथ्वीनारायण शाह" **प्रगति** पूर्णांक १४, ३।२ (२०१४ ?) : पृ० ८८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सैनिक र आर्थिक नाकाबन्दीको नीति नै उनले मूलतः अपनाएका थिए । उपत्यकाका मल्लराज्य कब्जा गर्न उनले यही नीति लिएकाले जनजीवन सामान्य नै रह्यो, अथवा कुनै कठिनाइ र कष्ट जनताले भोग्नुपरेन । उपत्यकाका तीनै राज्यका जनताहरू बरु पृथ्वीनारायण शाहको आगमनलाई पर्खेर बसेका थिए । त्यसैले सं. १८२५ को राजनीतिक परिवर्तनपछि उनले जनताको सहयोग, सद्भावना र सहानुभूति सहजै प्राप्त गर्न सके। जनताको मनोभावनाअनुकूल पाइलो सार्ने नीति अपनाएकाले नै जनभावनालाई अरू सक्रिय तुल्याई राष्ट्रनिर्माण सुहाउँदो राष्ट्रिय चेतनाको उद्बोधनमा उनी शरीक हुन सके ।

आधुनिक नेपालको निर्माणपछि नै नेपाली भाषाले नेपालको राष्ट्रभाषाको रूपमा मान्यता पाएको हो भन्ने कुरो यस पुस्तकका धेरै ठाउँमा उल्लेख भइसकेको छ । यसरी मान्यता दिन पृथ्वीनारायण शाहकै पहिलो हात थियो भन्ने कुरो पनि स्पष्ट भइसकेको छ । यहाँ सान्दर्भिक पृष्ठभूमिमा के हेर्नु आवश्यक छ भने सामाजिक संगठनको लागि भाषाको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने तथ्यसंग सहमत भएर नै उनले अन्य भाषालाई छाडी नेपालीलाई नै राष्ट्रभाषाको मान्यता प्रदान गरेका थिए । उनले नेवारी भाषी उपत्यकामा मात्र सीमित हुनु थिएन; विशाल नेपालको मानचित्रलाई आँखासामु राख्दा नेपाली भाषालाई नै राष्ट्रभाषाको रूपमा मान्यता दिन उनले दूरदर्शिता ठाने । त्यस वेला नेपाली भाषाको प्रभाव उपत्यका र पूर्वमा समेत परिसकेको थियो । जनताबाट सहानुभूति लिन पृथ्वीनारायण शाहले अपनाएको भाषासम्बन्धी यो नीति भाषा र साहित्यका दृष्टिले राष्ट्रिय स्तरमा महत्त्वपूर्ण त छँदैछ, राष्ट्रिय चेतनाको प्रस्फुटनमा पनि यसले सशक्त भूमिका खेलेको देखिन्छ ।

राष्ट्रिय स्रोतहरूको प्रयोग, प्रचलन र परिचालनमा जोड दिएर श्री ५ पृथ्वीनारायण शाहले सन्तुलित नेपाली समाजको स्थापनाको लागि स्वदेशीपनमाथि बढी ध्यान दिए । विदेशी प्रभावले गर्दा देशको राष्ट्रिय सांस्कृतिक धरातल लोप भएर जाने र फलतः राष्ट्रिय चेतना ह्रासोन्मुख हुने देखेर नै उनले सं. १८२६ मा ईसाई पादरीहरूलाई धपाइपठाएका थिए । 'पूर्व-प्रारम्भिक काल' को सन्दर्भमा अनुशीलन गर्दा पृथ्वीनारायण शाह नै राष्ट्रिय चेतनाको स्रोत देखापर्दछन् । पूर्वमा टिस्टा र पश्चिममा सतलजसम्म उनका सन्तानले झण्डा फरफराउन सक्नामा उनकै प्रेरणाले काम गरेको थियो । विजय प्राप्तिको लागि भावनात्मक एकता ल्याउन राष्ट्रियताकै आवश्यकता पर्छ भन्ने पाठ पृथ्वीनारायण शाहले हामीलाई सिकाएका छन् ।

बाह्य आक्रमण का समयमा राष्ट्रिय चेतनाले अझ तीव्र रूप धारण गर्दछ भन्ने तथ्य नेपालले क्रमशः तात्कालिक चीनियाँ र अंग्रेजी शक्तिसँग डटेर सामना गरेकोबाट सत्य प्रमाणित हुन आउँछ । वेत्रावतीको रणक्षेत्रमा चीनियाँ फौजलाई तहस-नहस गर्न सक्नु तथा ठूलो सैन्य-संगठनका साथ आइलागेको अंग्रेजी फौजको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरुद्ध खलंगाको किल्लामा भिड्नु जस्ता ऐतिहासिक तथ्यबाट नेपालीहरूमा निहित राष्ट्रिय भावनाको परिचय पाउन सकिन्छ। सुगौली-सन्धि गर्न नेपालले बाध्य हुनुपरे तापनि त्यसले नेपालीहरूको राष्ट्रिय चेतनाको अन्त गर्न सकेन।[२]

(२) नेपालको एकीकरण र विस्तार

प्रस्तावना—नेपालको एकीकरण र विस्तारसँग नेपाली वीरकाव्यको घनिष्ठ सम्बन्ध छ। सं० १८०१ देखि सं० १८६२ सम्मको लामो प्रयास र वीर पुरुषको प्राणको उत्सर्गपश्चात् पूर्वमा टिस्टादेखि लिएर पश्चिममा सतलजसम्मको जुन बृहत् नेपालको मानचित्र तयार भयो, यही नै वीरकाव्यको प्रेरणा-क्षेत्र बन्यो। श्री ५ पृथ्वी-नारायण शाह तथा श्री ५ प्रतापसिंह शाहका पुरुषार्थले तयार भएको नेपालको नक्शा बहादुर शाहको नायबी-कालमा तेब्बर भयो। तसर्थ सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल र उदयानन्द अर्ज्यालका कवितामा तात्कालिक नेपालको नक्शा हूबहू उतारिएको छ र त्यो नक्शा तयार पार्ने वीरपुरुषको वीरत्त्व र साहसको प्रशंसा गरिएको छ भने श्री ५ रणबहादुर शाहको राज्यकालमा बहादुर शाहको पराक्रमद्वारा पश्चिम सतलजसम्म विस्तार भएको नक्शाअन्तर्गत कुमाऊँ-गढवालका गुमानी र मौलारामले गोरखाली-हरूका वीरताको प्रशंसा मुक्तकण्ठले गरेका छन्। गुमानीका झैं मौलारामका काव्य शुद्ध नेपाली भाषामा नलेखिएका भए तापनि यिनका काव्यले एकीकृत नेपालको महान् गौरवलाई प्रस्तुत गर्दछन्। "रणबहादुर चन्द्रिका", "गीर्वाणयुद्ध प्रकाश", "शमशेर-जङ्ग चन्द्रिका" र "बखतावर-जस-चन्द्रिका" जस्ता मौलारामका कृतिहरू नेपालको एकीकरण र विस्तारका सन्दर्भमा निकै महत्त्वपूर्ण स्थान राख्दछन्। यहाँ यी सब सन्दर्भहरूको चर्चा गर्नाको उद्देश्य के हो भने नेपाली काव्यको परिधि 'एकीकरण' अभियान नै हो।

सन्दर्भ विस्तार—गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभि-यान आरम्भ गर्नुभन्दा करीब साढ़े पाँच शय वर्षपहिले सिंजाली राजा जितारिमल्लले नेपाल आक्रमण गरेका थिए। परन्तु त्यहाँको जनताबाट उनले हार्दिक समर्थन प्राप्त गर्न सकेनन् र उनी फर्केर गए। उनले दोस्रोचोटि फेरि नेपालमाथि आक्रमण गरे अनि अनेक विध्वंसात्मक कार्य गरी फेरि स्वदेश फर्केर गए। सं० १५३१।३२ तिर नेपाल उपत्यकाका राजा यक्ष मल्लले आफू परमधाम हुनुभन्दा अघि आफ्ना छोराहरू-लाई राज्यको अंशबण्डा गरिदिएका थिए। यसै वेलादेखि कान्तिपुर, ललितपुर र

---

२. सन्दर्भको लागि हेर्नुहोस् दयाराम श्रेष्ठ सम्भव "राष्ट्रिय चेतनाको प्रस्फुटनः वीरकाव्यको सान्दर्भिक पृष्ठभूमिमा" **गोरखापत्र**, २०३१ साल पौष २७ गते, पृष्ठ ५-६। सम्बद्ध अंश मात्र केही परिवर्तनका साथ यहाँ उद्धृत गरिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तपुर तीन बेग्ला-बेग्लै राज्यमा नेपाल उपत्यका टुक्रियो । यस अंशबण्डापश्चात् यी तीन राज्यहरूमा आपसी द्वेष र मनमुटावले प्रश्रय पाउन थाल्यो । ठीक यही समय पृथ्वीनारायणका पिता नरभूपाल शाहले नेपाल विजय गर्ने लक्ष्य राखी सं १७९४ मा नुवाकीटमाथि आक्रमण गरे, तर सफलता उनको हात लागेन ।

पृथ्वीनारायण शाह सं० १७९९ मा राजसिंहासनमा बसेका थिए । यही वर्ष उनले पनि नुवाकोट आक्रमण गर्ने निश्चय गरी महेश्वर पन्तको नेतृत्वमा आफ्नो सेना पठाए, तर उनी सफल भएनन् । नेपाल उपत्यकाको पश्चिमी प्रवेश-द्वारको रूपना रहेको नुवाकोटमाथिको विजय नेपाल एकीकरणको लागि अत्यावश्यक देखेर विनाहतोत्साह पृथ्वीनारायण शाहले बलियो सैन्य-संगठन गर्ने कार्य पूरा गरे । सं० १८०१ मा नुवाकोटमाथि विजय प्राप्त गरी उनले एकीकरण अभियानको शुभारम्भ गरे । नेपाल उपत्यकाको विजयको लागि वरपरका मल्ल-अधीनस्थ क्षेत्रहरू (नालदूम, महादेवपोखरी, दहचोक, मकवानपुर, कीर्तिपुर आदि) माथि अधिकार जमाई नेपाल खाल्डोलाई आर्थिक नाकाबन्दीमा पार्ने नीति उनले लिए । नुवाकोट कब्जा गरी उनले नेपाल उपत्यकाको भोटसँगको व्यापारमा भाँजो हालिदिइसकेका थिए । उपत्यकामा पस्ने सबै मार्गहरू उनको कब्जामा आइसकेका थिए । कुती घाँटीको मूल व्यापारमार्गमा पनि उनले अवरोध खडा गरिदिएकाले अब उपत्यका ठूलो आर्थिक नाकाबन्दीमा परी शोचनीय अवस्थामा पुग्यो । सं० १८२५ मा इन्द्रजात्राको दिन उपत्यकाभित्र उनले प्रवेश गरे र सजिलैसँग पहिले कान्तिपुर र त्यसपछि केही दिनमा ललितपुरमाथि विजय प्राप्त गरे । त्यसको एकवर्ष जति पछि भक्तपुरमाथि पनि उनको विजय भयो । अब उपत्यकालाई नै राजधानी बनाई उनी पूर्वतर्फ हानिए र दूधकोशीसम्म साँघ लगाए । पूर्वका दुई राज्य चौदण्डी र विजयपुरमाथि उनको आँखा पऱ्यो । ती राज्यमा पनि अधिकार जमाई उनले पूर्वी नेपालको विस्तार टिस्टासम्म गरे जसको पहाडी क्षेत्रमा सिङ्गलिला पर्वतमाला र तराईमा कनकाई नदी पर्दथ्यो । पश्चिमका बाईसी-चौबीसी राज्यहरूलाई पनि आफ्नो नवनिर्मित राज्यमा गाभ्ने योजना उनको थियो । तर उनी अस्वस्थ हुँदै गए र अन्तमा सं० १८३१ मकर संक्रान्तिका दिन नुवाकोट देवीघाटमा उनको देहावसान भयो ।

श्री ५ पृथ्वीनारायण शाहपछि श्री ५ प्रतापसिंह शाहले आफ्नो २ वर्ष ९ महीनाको अल्प-शासनकालमा उपरदाङगढी र चितवन इलाका नव-निर्मित राज्य नेपालमा गाभे । तनहुँ विजय गर्ने उनको योजना थियो, तर सफल हुन सकेनन् । उनी पछि श्री ५ रणबहादुर शाह राजगद्दीमा बसे । उनी अढाई वर्षका नाबालक भएका हुनाले बहादुर शाहको नायबीमा राज्य-संचालन हुन थाल्यो । यसै बीचमा राजमाता राजेन्द्रलक्ष्मीले आफ्नो हातमा नायबी लिइन् । यिनको नायबी कालमा शत्रुका रूपमा रहेका चौबीसी राज्यले शाहवंशको बढ्दो शक्तिलाई रोक्न अनेक असफल प्रयास गरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तापनि राज्य-विस्तारको पुनीत कार्य यिनीबाट पनि सुसम्पन्न भयो । सं० १८३९ मा लमजुङ र त्यसपछि लगत्तै तनहुँ पनि नेपालमा गभियो । तर पाल्पा, पर्वत र तनहुँको संयुक्त शक्तिका अगाडि गोरखाली शक्तिको केही सीप नचल्दा तनहुँ गोरखालीका हातबाट उम्क्यो । भीरकोट र रिसिङ नेपालका अधीनस्थ भए । यसरी राजेन्द्रलक्ष्मीको नायबी कालमा काली गण्डकीसम्म नेपालको साँध लाग्यो ।

सं० १८४२ मा राजेन्द्रलक्ष्मीको मृत्यु भएपछि बहादुर शाहको नायबीमा राज्य-विस्तारको काम जोडतोडका साथ सम्पन्न भयो । उनले कालीपारका चौबीसी-राज्यहरू विजय गर्ने कार्यक्रम बनाए । त्यस वेला पाल्पा निकै शक्तिशाली भइसकेको हुनाले पश्चिमतर्फ राज्य-विस्तारको लागि कूटनीतिज्ञ बहादुर शाहले सर्वप्रथमतः पाल्पासँग सन्धि गरे । सम्बन्धको सुदृढताको लागि पाल्पाका राजा महादत्तसेनकी छोरीसँग उनले विवाह गरे । यति गरिसकेपछि उनले दामोदर पाण्डेको नेतृत्त्वमा पश्चिम विजयको लागि आफ्नो सेना पठाए । कालीगण्डकीपारका गुल्मी र सल्यानमा नेपाली फौजले अधिकार जमायो । अर्घाकोटमा पर्वत राज्यसँग नेपाली फौजको भिडन्त परेर पर्वतेहरू पराजित भइसकेका थिए । अर्घालाई पनि नेपालीहरूले कब्जामा पारे । जतातत विजयै विजयको सपना साकार गरी नेपाली फौजले इस्मा कब्जा गरी बागलुङ पनि अधीनमा पाऱ्यो । यति गरिसकेपछि अघिदेखि तगारोको रूपमा बाटामा तेसिएको पर्वत राज्यलाई सैनिक-घेरामा पारी घुँडा टेकाउन बाध्य तुल्याए । यसपछि क्रमशः प्यूठान, दाङ, जाजरकोटमाथि नेपाली फौजले अधिकार जमाउँदै सं० १९४३ सम्ममा भेरी साँध लगायो ।

बहादुर शाहका अगाडि अब शक्तिशाली बाईसी राज्यहरू थिए जसमाथि विजय हासिल गर्न उनले सैनिक तयारी गर्न थाले । विजय-माला पहिऱ्याइएका नेपाली फौजले अमरसिंह थापाको नेतृत्त्वमा भेरी पार गऱ्यो र सं० १८४६ मा जुम्ला र त्यसको एक वर्षपछि डोटी कब्जा गरी महाकाली साँध लगायो । यसरी सम्पूर्ण चौबीसी र बाईसी राज्यलाई आफ्नो नवनिर्मित राज्यमा गाभिसकेर पनि बहादुर शाहको राज्य-विस्तार गर्ने तिर्खा मेटिएको थिएन । सं १८४७ मा कुमाऊँको राजधानी अल्मोडा पनि नेपाल-अधीनस्थ भयो । गढवाल विजयका निम्ति नेपाली फौज अग्रसर भयो । अलकनन्दा पारितर्फको किनारै-किनार यो फौजले गढवालको राजधानी श्रीनगर पुगी त्यसमाथि कब्जा गऱ्यो । नेपालको साँध गंगासम्म लाग्यो ।

पूर्व र पाईचमका राज्यहरू एकीकरण गरी विशाल नेपालको निर्माण गर्ने सपनालाई बहादुर शाहले पूरा गरिदिएका थिए । उनकै प्रेरणामा गोरखाली फौजले पूर्वी भागको अरू विजयका निम्ति अग्रसर भई मेचीमा साँध लायो । मेचीपारिका सम्पूर्ण पहाडी प्रदेशमा नेपाली झण्डा फरफराउँदै यो फौज सिक्किम विजयको लागि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डटेर अघि सऱ्यो र सफलता हासिल गरेरै छाड्यो। परन्तु सिक्किमकै कुरालाई लिएर नेपालले चीनसँग युद्ध गर्नुपऱ्यो। अन्ततः सन्धिअनुसार तातोपानीमा नेपालको सीमा निर्धारित भयो।

चीनी आक्रमणले नेपालको राज्य-विस्तार योजनामा आँच ल्याएपछि भारा-दारहरूको षडयंत्रले गर्दा बहादुर शाहको पतन भयो। श्री ५ रणबहादुरद्वारा उनको नायबी-कालको हिसाव फर्स्यौंट गर्ने बहाना गरी कैद गरियो। कारागारमै सं. १८५४ मा उनको मृत्यु भयो।

नेपाल राज्यको विस्तार कार्यक्रम यहीं आएर टुंगिएन। गीर्वाणयुद्धविक्रम शाह राजसिंहासनमा बसेका वेलामा रणबहादुर आफू मुख्तियार बनी पश्चिम विजय-लाई पूर्ण गर्न जमजमाए। चौबीसी राज्यहरूमा एकमात्र पाल्पालाई अधीनस्थ पार्न बाँकी नै थियो। यसको लागि षडयंत्र रची उनले पाल्पाली राजा पृथ्वीपाल सेनलाई नजरबन्द गरे। तर राजनैतिक दाउपेचले गर्दा शेरबहादुर शाहीका हातबाट उनको हत्या भयो। राज्य-विस्तारको लागि उनीबाट केही हुन सकेन।

नेपालको राज्यविस्तारको इतिहासमा भीमसेन थापाको मुख्तियारी काल पनि कम महत्त्वपूर्ण छैन। पाल्पा र यसका अधीनस्थ इलाकाहरू नेपालभित्र गाभिए। वीर अमरसिंह थापाको नेतृत्त्वमा राज्य-विस्तार अभियानको विगुल फेरि बज्यो। पश्चिममा सतलजसम्म पुगी वीरहरू काश्मीर ताकी काँगडासम्म पुगे। परन्तु काँगडाका बलिया काँगडेली राजा संसारचन्द लुकेर बसेका थिए। कसै गरे पनि यिनीहरूले अधीनमा पार्न सकेनन्। अमरसिंह थापाको सहायतार्थ आएका नयनसिंहले वीरगति पाए। गोरखालीहरूले अढाई वर्षसम्म त्यस किल्लालाई बलियो घेराभित्र पारिराखे। किल्लाभित्र जाने रसद-पानी बन्द गरी संसारचन्दलाई अन्त्यमा आत्मसमर्पण गराउने सुर अमरसिंह थापाको थियो। तर परिणाम र परिस्थिति विपरीत भइदिनाले गोरखालीहरूले सिख फौजको आक्रमण सहन नसकी सतलजवारि नै नेपालको खेमा गाड्न बाध्य हुनुपऱ्यो। यसरी पूर्वमा टिस्टा र पश्चिममा सतलजसम्मको भभाग नै वृहत् नेपालको मानचित्र बन्यो।

पूर्वतर्फ चीनियाँ शक्ति र पश्चिमतर्फ सिख शक्ति नेपालको राज्य-विस्तार कार्यक्रममा बाधक बन्नाका साथै सं. १८७३ को सुगौली-सन्धिअनुसार पूर्व पश्चिमका केही क्षेत्र गुमाई मेची-महाकालीबीच खुम्चनुपरे तापनि सानो गोरखा राज्यबाट ठूलो नेपाल अधिराज्यको आविर्भाव हुनु नै हामी नेपालीको लागि ठूलो गौरवको कुरो हो। श्री ५ पृथ्वीनारायण शाहले शुभ-मुहूर्तमा नेपालको एकीकरण र विस्तार कार्यक्रमको जग बसाले, वीर नेपालीको बाहुबलले उनको सपनालाई साकार तुल्याए। यही महान् गौरवलाई 'पूर्व-प्रारम्भिक कालीन काव्यले' अभिव्यक्ति दिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ख) सांस्कृतिक पृष्ठभूमि

(१) परम्पराको सापेक्षतामा वीरकाव्यको मूल्याङ्कन

यस परिच्छेदमा मुख्यतः दुई कुरामाथि विशेष जोड दिइएको छ; ती हुन्— वीरकाव्य (पूर्व-प्राथमिककालीन) का परम्परागत पृष्ठभूमिमा (१) नेपाली वीरता र (२) लोक-साहित्यको सान्दर्भिक भूमिका। पूर्व-प्राथमिककालीन काव्यका यी महत्त्वपूर्ण परम्परागत मूल्य हुन्, यद्यपि निर्मिति या प्रणयनको कारण भने होइन। काल-विभाजनको सीमामा काव्य-प्रवृत्ति बाँधिएको हुँदैन; यसको अवशेष र अस्तित्व परवर्ती कालसम्म पनि रहिरहेको हुन्छ। समय सापेक्षिक मूल्य काल-विभाजनमै बाँधिने भए तापनि परम्परागत सापेक्षिक मूल्य पछि पर्यन्त रहिरहन्छ। तसर्थ यही पछिल्लो मूल्य नै कुनै पनि काव्य-प्रवृत्तिको शाश्वत मूल्य हो। यहाँ वीरकाव्यको सन्दर्भमा यही मूल्यको आधारभूमि तयार पार्ने कोशिश गरिएको छ।

(क) **नेपाली वीरता**—वीरकाव्यबाटै नेपाली साहित्यको परम्परा शुरू हुनु कुनै अस्वाभाविक होइन, किनभने वीरता नेपालीहरूको पुर्ख्यौली गुण रहिआएको छ। यो वीरता केवल नेपालभित्र मात्र सीमित छैन, अपितु विश्व-प्राङ्गणमै वीरताको प्रदर्शन नेपालीले देखाइसकेको छ। दुई महायुद्ध यस कुराका साक्षी छन्। त्यसैले यहाँ दुई महापुरुषका उद्‌गारलाई उद्धृत गरिन्छ :

१. "म मेरा सैनिकलाई संसारका कुनै सेनासँग लडाउन रत्तीभर डर मान्दिनँ; तर गोर्खाली सैनिकको नाम सुन्नासाथ मेरो मुटु थर्कन्छ।"

—जर्मन सम्राट कैजर विलियम द्वितीय

२. "गोर्खालीहरू साना कदका हुन्छन्, तर उनीहरूमा अदम्य साहस हुन्छ।"

—लर्ड नेपियर

यी उद्‌गार हुन् विश्वले नेपाली वीरतालाई गरेको सम्मान। इतिहास साक्षी छ नेपाली वीरताले विश्वसामु कहिल्यै झुक्नु र अपमानित हुनुपरेन। साम्राज्य-वादको महत्वाकांक्षालाई सामु राखेर विश्वभर पाइलो टेक्न हिम्मत गर्ने अंग्रेजी-शक्तिले समेत नेपाली वीरताको कदर गऱ्यो। देउथल किल्लामा वीरगति प्राप्त गर्ने भक्ति थापाको वीरता र अदम्य साहसबाट प्रभावित भएर उनको लाशलाई शत्रु अंग्रेजहरूले दोसल्ला ओढाई सम्मानपूर्वक नेपालीकैहाँ पठाइदिए। शत्रुता मोलेर पनि वीरताको प्रदर्शनद्वारा सम्मान प्राप्त गर्ने सामर्थ्य नेपालीहरूमा पुर्खौंदेखि सञ्चित भएर आएको छ।

कप्तान किनलॉकको पराजय, केपूचिन पादरीहरूको निकाला, कर्कपेट्रिक तथा नेंक्सको वापसी, सुगौली सन्धिमा हस्ताक्षर गर्न नेपालले गरेको आनाकानी आदि अंग्रेजी शक्तिको अपमानसूचक घटना भए पनि नेपाली वीरताको अगाडि त्यो शक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झुकेरै बस्यो । अमरसिंह थापाका वीरताको प्रशंसा अंग्रेज इतिहासकारहरूले मुरी-मुरी गरेका छन् । दक्षिणतर्फ पनि नेपालीहरूले राज्य-विस्तार गर्दै आएको देखेर त्यस वेला भारतमा शक्ति जमाई बस्ने अंग्रेजहरू त्रस्त बनेका थिए । वेत्रावतीको किनारमा नेपाली वीरहरूले चीनियाँ फौजलाई तहस-नहस पारेको प्रमाण इतिहासमा छँदै छ । सुगौली सन्धिपछि पनि नेपालीहरूको वीरतामा कत्ति आँच आएन । यहाँनेर यदुनाथ पोखरेलका निम्नलिखित पंक्ति स्मरणीय छ :

"गारन् डराई पनि चिट्ठि लेख्यो
नेपालका वीर सिपाहि देख्यो ।"

[स्तुतिपद्य-१ बाट]

खसहरू वीर, साहसी र लडाकु थिए । पूर्वका किराँतीहरू धनु-वाण बडो निपुणताका साथ चलाउँदथे । यही परम्परामा तिनीहरू अहिले पनि मंसीरे चाड र अन्य पर्वोत्सवमा धनुकाँड चलाई तारो हान्ने गर्दछन् । खुकुरी चलाउनु तथा नचाउनु त तिनीहरूको दैनिक जीवनको सामान्य खेल जस्तो छ । यी किराँतीहरू खुकुरीलाई जीवनको अभिन्न अंग नै ठान्दछन्; हर वखत तिनीहरूको कम्मरमा खुकुरी भिरिएको हुन्छ । पशु-वध गर्न यिनीहरू भाला-बर्छीको प्रयोग बडो निपुणताका साथ गर्दछन् । सम्भवतः प्राचीनकालमा यिनै हतियारहरूद्वारा जंगली-हिंस्रक पशु-पक्षीमाथि यिनीहरूले काबू राख्दथे । यसरी ती किराँतीहरूमा पनि वीरताको भावनाले प्रश्रय पाई क्रमशः विकसित अवस्था प्राप्त गर्दै गएको देखिन्छ । एक किसिमले भनौं त्यस वेला कर्णाली, गण्डकी र कोशी--यी तीनै प्रदेशमा आवश्यकताले नै लडाकु र योद्धा हुन मानिसहरूलाई वाध्य तुल्याइएको थियो । तिखारिएर बसेन भने आफ्नो राज्यको सार्वभौम सत्ता नै लोप हुने आशंका रहन्थ्यो । विशाल नेपालको निर्माण भएपछि यो आशंका रहन त रहेन, तर परम्परागत वीरताको भावनाले तिनीहरूको साथ पनि[३] छोडेन । यस बीचमा नेपालले क्रमशः भोट, चीन, सिख, अंग्रेज जस्ता वाह्य शक्तिसंग लड्नुपर्‍यो र त्यस परम्परागत वीरताको भावनाले क्रमिक रूपले प्रदर्शित र, विकसित हुने परिस्थिति प्राप्त गर्दै गयो ।

---

३. नेपालीहरूका रगतसँगै यो परम्परागत गुण मिसियो । त्यसैले 'खलङ्गाको युद्ध' मा स्वास्नीमान्छे र केटाकेटीहरूले समेत वीरता प्रदर्शन गरे । यहाँ कीर्तिपुरे स्वास्नीमानिसहरूको वीरतालाई पनि बिर्सन सकिन्न । अनि सत्तरी वर्षका बूढा भक्ति थापाले देउथलको किल्लामा देखाएको वीरता देख्दा के भन्न सकिन्छ भने 'नेपाली वीरता' केवल नेपाली जातित्वसँग सम्बद्ध छ चाहे त्यो आबाल-वृद्ध-वनिता नै किन नहोस् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ पृथ्वीनारायण शाह स्वयं वीर थिए र वीरहरूको कदर गर्दथे। तदनुरूप वीर-भावयुक्त कवितामा उनको प्रेम थियो। उनीपछि बहादुर शाहले आफ्नो वीरताकै बलले नेपालको विशाल मानचित्र तयार गरे। कालु पाँडे, अमरसिंह थापा, अभिमानसिंह बस्नेत, दामोदर पाण्डे, बलभद्र कुँवर, भक्ति थापा जस्ता वीर-कर्मीका सपना मूर्तिएर नेपाल अस्तित्वमा आयो। यी युद्ध वीरहरूले राष्ट्रिय चेतनाको विकासमा यथेष्ट बल दिए।

चिरकालदेखि हिमालय नेपाली वीरताको महान् प्रेरणा तथा स्रोतको रूपमा रहिआएको छ। नेपाली जीवन र वाङ्मयमा हिमालयले महत्त्वपूर्ण स्थान पाउँदै आएको छ। सगरमाथाको त्यो सर्वोच्च चुचुरोले विश्वकै वीरहरूलाई वीरताको हाँक दिंदै आइरहेको छ। वीर बन्ने प्रेरणा त्यस चुचुरोले विश्वलाई नै दिइरहेछ। नेपाल त झन् त्यस चुचुरोकै छायामा सुनौलो सपना देख्ने देश हो। सं० २०१० सालमा तेन्जिङ शेर्पाले सगरमाथा आरोहण गरे; विश्वले उनको वीरतालाई अनमोल बधाइ-साथ कदर गऱ्यो। हिमालय श्रृंखलाद्वारा संरक्षण पाएको यस देशको महिमाको परिचय विश्वले पायो। बर्सेनि विदेशी वीरहरू नेपाल आउँछन् र पर्वतारोहण गरी नेपाली वीरताको मितेरी गाँठो बाँधेर जान्छन्। अब यस देशमा पर्वतारोहणले राष्ट्रिय-खेलका रूपमा मौलिक स्थान पाउन थालेको छ। २०३२ साल असोज ३१ गते नेपालीहरूले पूर्व नेपाल स्थित ६,०९५ मीटर अग्लो क्वाङ्दे हिमाल आरोहण गरे औ २०३३ साल असोज १६ गते नेपाल प्रहरीको प्रथम पर्वतारोहण दलले पश्चिम नेपालस्थित ६,९२० मीटर अग्लो टुकुचे हिमाल आरोहण गऱ्यो। नेपाली वीरताले यसरी नयाँ-नयाँ आयाम पाइरहेछ जो समय र परिस्थिति अनुकूल हुनु आवश्यक पनि छ।

(ख) लोक साहित्यमा वीरताको प्रसङ्ग

लोक-साहित्य लिपिबद्ध साहित्यको पूर्वपीठिका हो; त्यसैले यी दुईबीच परम्परा-गत सम्बन्ध निश्चय नै हुन्छ। लोक-साहित्यको प्रेरणा र प्रभावमा अनेक कलात्मक साहित्यिक कृतिहरू देखिएका दसी-प्रमाण हामी विश्व-साहित्यको इतिहासमा पाउँदछौं[४]

४. यसै सन्दर्भमा डा० वासुदेव त्रिपाठीले दिनुभएको विवरण हेर्नुहोस्—"सम्पूर्ण क्लासिकल साहित्य लोक-साहित्यकै जगमा उठेको छ।" लोक-कथा र लोक-गाथा नभएका भए वाल्मीकि, व्यास र होमरका गगनचुम्बी साहित्यिक पिरामिड उभिने थिएनन्....जर्मन वा अंग्रेजी रोमान्टिक जागरणमा लोक-साहित्यप्रति गहिरो अनुरक्ति छ। गेटे लोक-साहित्यको गीति-तत्त्व र कथात्मकताबाट प्रभावित छन्। वर्ड्स्वर्थ र कलरिजका 'लिरिकल बेलेड'हरू लोकगीतकै छन्दमा घन्कन्छन्.... आदि।" **सिंहावलोकन** (काठमाडौं : साझा प्रकाशन, २०२७); पृ० ६–७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली साहित्य पनि यस कुराको अपवादको रूपमा छैन। प्राथमिक तथा माध्यमिक मात्र होइन कि आधुनिक कालको नेपाली साहित्यमा समेत लोक-साहित्यको प्रभाव परेको छ।

लोक-साहित्यका विविध विधामध्ये खास गरीकन 'लोक-गाथा'को पूर्व-पीठिकामा नेपाली वीरकाव्यको परम्परागत मूल्य आँक्न सकिन्छ। लोकगाथामा सामान्यतया युद्ध तथा वीरताको भावनाले नै प्रमुख विषयको रूपमा स्थान पाएको हुन्छ, यद्यपि प्रकारान्तरमा सामाजिक र श्रृंगार विषयक लोकगाथा पनि नपाइने होइनन्। परन्तु 'लोक-गाथा' भन्नासाथ 'वीरगाथा' भन्ने स्वतः बोध हामीलाई हुन्छ र त्यसमा कुनै वीर-पुरुषको साहसपूर्ण र शौर्य-सम्पन्न पुरुषार्थको वर्णन गरिएको छ भन्ने अनुमान गर्दछौं। नेपाल वीरहरूको कर्म-क्षेत्र भएको हुनाले लोकले ती वीरका गाथाहरूलाई उनेर लोक-साहित्यको भण्डारलाई अक्षय तुल्याएको छ।

कर्णाली अंचलतिरका वीरगाथा काव्यमा "साइमल साईंको चाँचडी" "राराको पैकेलो" र "काशीराम पैकेलो" विशेष उल्लेखनीय छन्। अन्याय र अत्याचारबाट जनतालाई मुक्त गरी पुरुषार्थ देखाउने उदार साइमल सोईले गरेको सुधारको प्रशंसा 'साइमल साईको चाँचडी'मा गरिएको छ भने "राराको पैकेलो"मा पैकेलोको बहादुरीको वर्णन गरिएको छ। कर्णाली अंचलतिरका लोक-साहित्यमा "पैकेलो" असाधारण बल र अलौकिक पुरुषार्थको पर्यायका रूपमा प्रयोग गरिन्छ। पैकेलोले हर्क्युलसका बहादुरीको संझना दिन्छ। यस वीरगाथाका केही पंक्तिहरू हेरौं :—

ल्याइदेओ मेरा भाइयो, मेरा जौली तरवार।
यै साँप गिंड्याएर बनाऊँ रारा दरबार॥"

यी पंक्तिमा अजिङ्गरको आहारा बन्न लागेका गाउँलेहरूलाई पैकेलोले बचाएको बहादुरीको चर्चा छ।[५]

कर्णाली अंचलका अर्का बहादुर हुन्—काशीराम जो मलंगडका राजालाई जिती त्यहाँका राजा बनेका थिए। लामो कथानकमा आधारित यस "काशीरामको पैकेलो"मा मेलुवा राजाका चार भाइहरूलाई काशीरामले जाल हानेर मारेको कुरो उल्लिखित छ।[६] यो वीरगाथा कर्णाली अंचलमा "भारत" का नामले प्रचलित छ। यस्ता 'भारत' हरू कर्णाली अंचलभन्दा अझ सुदूर पश्चिम डोटीतिर पनि पाइन्छन्। त्यस भेगमा यसलाई "भणाग" वा "हुडकेली" पनि भनिन्छ। "यी प्रायः वीररस-

५. सन्दर्भको लागि हेर्नुहोस् : प्रदीप रिमालको **"कर्णाली लोक संस्कृति"**, भाग ५; पृ० २५

६. प्रदीप रिमाल, ऐजन; पृ० २६—२८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ण नै हुन्छन् । यीमध्ये कुनै वियोगान्त भै करुणरस प्रकट गर्ने हुन्छन् तापनि त्यो करुणरसमा समेत वीररस नै देखापर्दछ । कुनै जोधा (लडाकू वीर)को मृत्युमाथि शोक अवश्य व्यक्त भएको हुन्छ तर त्यसको मृत्युलाई दयनीय नमानीकन त्यसमा जातीय गौरवको अनुभूति प्रकट गरिएको हुन्छ ।"[७] डोटीतिर प्रचलित "वीरगाथा" वा "भारत"हरू यी हुन्—

१. रानी मौलाको भारत, २. उदा छपलाको भारत, ३. सकराम (संग्राम) कार्कीको भारत, ४. छिया मिया कठायतको भारत, ५. केलसिमा कठायतको भारत, ६. विगा पनेरुको भारत, ७. दुना रोरको भारत, ८. रनि राउतको भारत आदि । देवकान्त पन्त लेख्नुहुन्छ—"प्रायः यी सबै ऐतिहासिक पुरुष हुन् । ती यी पाइक (वीर) हुन् जसले देश र नरेशका निमित्त युद्ध गरे र कोही विजयी भए एवं कसैले युद्धमै आफ्नो प्राणको आहुति दिनुपर्‍यो ।"[८] 'रानी मौलाको भारत' डोटीतिर सर्वाधिक लोकप्रिय छ । यस भारतमा 'घटाल'को प्रसङ्ग आउँछ जसलाई अद्भुत पराक्रमी देवता भनेर मानिन्छ । यसबाहेक वीरगाथाका रूपमा अनेक धमारी, चैत आदि पनि डोटीतिर पाइन्छन् जसमा युद्ध र जय-पराजयकै प्रसङ्गहरू जोडिएका छन् । मुख्य वीरगाथाहरू यिनै हुन् : रघुनाथ शाहीको धमारी, हरि शाहीको चैत, दिलपति शाहीको चैत, लाल द्यौवाको चैत, पिरिबोराको चैत तथा ढुस्को, किसा विष्टको चैत, रूपा शाहीको चैत आदि । कर्णाली अंचलको "पैकेलो" डोटीतिर पनि पाइन्छ । डोटेली राजवंशका वीरता र बहादुरीका गाथालाई त्यहाँको लोक-काव्यले सहज अभिव्यक्ति दिएको छ ।

वीर-गाथालाई गाइनेहरूले परापूर्वकालदेखि आफ्ना सारंगीमा रेटी गाउँदै आएका छन् । यिनीहरूले 'कर्खा'मा युवकहरूका बहादुरी र साहसका गाथालाई स्वरबद्ध गरेका छन् । उदाहरणको लागि केही पंक्ति हेरौं—

लाहुरे दाइको फेशनै राम्रो
रातो रुमाल खुकुरी भिरेको
भागी मरे गिद्धले खाने
लडी मरे जीउँदै स्वर्गमा (जाने)
लाहुरे भै खुकुरी भिरेर
केको डर बैरीलाई देखेर

७. देवकान्त पन्त, डोटेली लोक-साहित्य; पृ० २०२
८. ऐजन,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मर्दैन नेपाली छोरा
चिसो पानी खाएर हुर्केको
हट्दैन नेपाली छोरा
धावैमा वैरीलाई देखेर ··· आदि ।

मदनकीर्ति शाहले नेपाल (काठमाडौं) हान्दाको 'कर्खा'मा पनि "धन्य है मदनकीर्ति शाह' भनेर उनको पुरुषार्थको गाथा गाइएको छ । बलभद्र कुँवरसँग सम्बन्धित "कर्खा"मा त झन् वीर-भावनाको सुन्दर अभिव्यक्ति नै पाइन्छ—

चक्र बाहुँ वीर बाहुँ धीर सूर वीर
धन्य वीर बलभद्र कुँवर ।
···· ····

फिरंगीको वैरो चल्यो
गोली चल्यो बरबर
हुकुम दियौ फौजलाई
लड्न अघि सर
बैरि काम्यो थरथर
मन्तरी बलभद्र कुँवर ।
···· ····

हल्ला दियो पल्टनले
झिक्यो खुकुरी
फिरंगीको माझ पसी उधूम मचाए
रगतको नदी बगाए नि
बलभद्र कुँवर नि ···· आदि ।[९]

"कर्खा" झैं "खाँडो" पनि "वीरगाथा गीत नै हो । लडाइँको साइन गर्दा र युद्धक्षेत्रमा भिडिदा "कुइरेका थाप्लामा खुँडाले ट्याक ट्याक ट्याक !" भनेर हाम्रा पुर्खाहरू खाँडो जगाउने कवित्त भन्दथे । अचेल पनि खास गरीकन बिहावारी र पर्वोत्सवमा यस्तो कवित्त भनिन्छ । सम्भवतः नेपालीहरूले आफ्नो परम्परागत बहादुरी र वीरतालाई "खाँडो" को माध्यमबाट अन्य अवसरमा पनि व्यक्त गरेका हुन् । जे होस्, "खाँडो जगाउने" प्रथा गोर्खाली राजाका पुर्खाले राज्य-विजयकै अवसरमा चलाएका थिए । पछि यसको लोकप्रियता अन्य क्षेत्रमा पनि भयो । खाँडो जगाएर

९. विस्तृत सन्दर्भको लागि हेर्नुहोस् : आर०डी० र एल० एल०—**नेपालका विभिन्न जाति र लोकगीत : एक परिचय** (काठ० : जगदम्बा प्रकाशन, २०२३) पृष्ठ ६५–७४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युद्धभूमिमा लडाकाहरूको रगत उमाल्ने र विजय प्राप्त गर्ने हाम्रा पुर्खाहरूले यस कवित्तमा अनौठो शक्ति घुसाएका थिए। गोर्खालीहरूले ढाल-तरवार लिएर खाँडो जगाउँदा जस्तै कातर लोग्ने या स्वास्नीमनिस पनि शूर हुन्थे। केही उदाहरण हेरौं—

"वीरनमें महावीर राउल।
समरमा वल्गत नाचत राउल।
जहाँ जात तहाँ जीत राउल।

× × × ×

"तहाँ जाके वैरीसे भिडन लागे।
तासा गुर्जा नगर निशान भेरी गर्जन लागे।
तहाँ प्रतापी राजाके लश्कर वर्कन लागे।
धर्ती कंपन लागे मुलुक थर्कन लागे·····आदि

"सवाइ' पनि वीरगाथा काव्यकै एक महत्त्वपूर्ण अंग हो। धर्मराज थापा भन्नुहुन्छ, "आफ्ना देशका वीरहरूको 'सवाइ' कथेर गाउने चलन बाइसे चौबिसेकै पालादेखिको हो। लडाइँमा वीरगति प्राप्त गर्ने वीरहरूको सवाइ गाउँदै हिंड्ने काममा उस बख़त राजाहरूले गाइने जातिलाई नै लगाउँदथे। सवाइलाई नेपालमा फैलाउने मुख्य गाइनेको "कर्खा" हो। यसै कर्खाको ज्यान टिपेर युद्धबाट फर्किएका सिपाहीहरूले वीरहरूको पौरख सवाइमा वर्णन गर्दथे। वीररसमा भावना पोल्ने भाँडो नेपालका पुराना कविहरूले पनि यही सवाइलाई बनाएका थिए। हुन पनि आफ्नो भन्नु पहिलेको चीज यही हो।"[१०] "भोटको लडाइँको सवाइ"का केही पंक्तिहरू हेरौं—

भोटेका लश्करले साँधु हालि तरे।
येकै पल्ट गोला हान्दा धेरै भोटे मरे॥
छ छ फनि तोपले भोटे हटायो।
भोटेका लश्कर्सबै छुट्टा छुट्टी भयो॥ ५९॥
रनप्रिया लेटरले भोटे ताहिं काटे।
भोटे लश्कर सबै भागि दगा गर्न आँटे॥
भोटे लुक्ने पहरामा पाखा पाखि घेरै।
गोर्खालिले खान्पिन् गर्ने बिघ्न सबेरै॥ ६०॥

१०. "मैले भन्नु" राष्ट्र निर्माताको दिव्य उपदेश, कर्मवीर महामण्डल, (काठमाडौं : केन्द्रीय कार्यालय, तिलङ्गा भवन, २०१६); पृष्ठ क।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोटे सबै भागे भनि गोर्खाली ठान्थ्या ।
माथिबाट भोटेहरू घुयेंत्राले हान्थ्या ॥
गोर्खालिले हानेको पहरामा लाग्न्या ।
भोटेले हानेको थाप्लामा लाग्न्या ॥ ६१ ॥

युद्धविषयक सवाइहरूमा हामी 'अढवपाहाडको सवाइ', 'मनिपुरका लडाइँको सवाइ', 'नागाहिलको सवाइ' आदि लिन सक्तछौं । यस्ता सवाइहरू मौखिक परम्परामा रहने हुँदा सम्भवतः एकीकरणभन्दा अघिका र एकीकरण भइरहँदाको बखतका सवाइहरू लुप्त प्रायः भएका छन् । यस दिशातर्फ खोजको आवश्यकता छ ।

अब हामी स्थान-विशेषमा प्रचलित लोकगीततर्फ लागौं । नेपाल एकीकरणका अवसरमा गोर्खालीहरूको विजयोन्मादले पूर्व-पश्चिमका ठकुराइ (साना-साना राज्य) हरूलाई थरहरी पारेको थियो । तनहुँतिरको लोकगीत भन्छ-

"ड्याङ ड्याङ र डुङडुङ डरलाग्दो बाजा ।
राति राति हिंड्ने गोर्खाली राजा ॥"

सं. १८४६ मा गोर्खाली फौजले जुम्ला अमल गर्दा त्यहाँका राजा शोभन शाही भोटतर्फ भागेका थिए । यसै घटनासँग सम्बन्धित एउटा लोकगीतको टुक्रा यस्तो छः

भातु खाय शुभान शाही ताउली हाल्या कुम्ता
जिती आए गोरख्य जनि मार जुम्ला ।"

सं. १८७१ मा भएको नेपाल-अंग्रेज युद्धले नेपालीहरूको अभिमानमा चोट पारेपछि लोकको वाणी यसरी फुटेको थियो—

"गोर्खे खाँडो जाग्दै जा,
कुइरे लग्तै भाग्दै जा,
कुइरेका मुड्मा खुकुरी,
जक्ख्याइदिम्ला दुकुरी ।

घावामा मैं पुग्न पाया कुइरेलै मै मारी दिन्या हो ।
गादैमा लाग्याको घूर लांगर्हासा मै झारी दिन्या हो ॥
डड्यांग्रो डंकिलो गुर्को कान्पर्दै फिरुङ्गो गैजाला ।
कि गोर्खो उत्ताना ठाँग कि गोर्खो डिल्लीको सिरान ॥

विश्वयुद्धको प्रभावलाई बोकेर पनि वीरभावयुक्त लोकगीतहरू नेपाली लोक-साहित्यले भेट्टायो । "जानुपर्‍यो जर्मनको घावामा" भन्दै नेपाली युवक रणक्षेत्रमा ग्यो र "मेरो नाउँ गोर्खे वीर" भन्दै आफ्नो वीरताको सफल प्रदर्शन गर्‍यो । आफ्नो वीरता देखाउन हतपताएको नेपाली युवक भन्छ—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"ढिलो हुन्छ बन्दुकीले खुकुरीले ढालुँ ?"

सम्भवतः खुकुरी-नृत्य गर्न वीर नेपालीले रण-मैदानमै सिक्यो। आज यो नृत्य लोक-नृत्यका रूपमा नेपाली लोक-संस्कृतिमा विकसित भइसकेको छ।

पूर्व प्राथमिक कालका दुई कविता "पृथ्वीनारायण" (सुवानन्ददासको) र "साँढ्याको कवित्त" मा लोक-साहित्यको प्रभाव टङ्कारो छ। सुवानन्दको कविताले स्पष्ट रूपमा 'खाँडो जगाउने कवित्त'को हेक्का दिन्छ। पृथ्वीनारायण शाहको वीर-गाथा भन्न सकिने यस कवितामा 'हैं' को प्रयोगले गेयता झल्काउँछ; कवितामा लोक-चेतनाअनुकूल भाव र शैली विद्यमान छ र लोक-सामान्य स्तरमा कविता भनिएको छ। शास्त्रीय बन्धनबाट यो कविता सर्वथा मुक्त छ। ठीक यही ढाँचा 'साँढ्याका कवित्त' को पनि छ, यद्यपि विषय-वस्तुचाहिं यसको अर्कै छ। यसमा प्रधानतः लोक-रञ्जनात्मक तत्त्व बढ़ी छ।

२. 'पूर्व प्रारम्भिक काल' : प्रवृत्ति, परम्परा र उपलब्धि

प्रवृत्ति--शक्ति-पूजाको परम्परा जुनसुकै देशमा पनि हुन्छ। प्राचीन कालमा जब मानिस सभ्यताको पहिलो खुड्किलोमा थियो, कुनै एक शक्तिलाई स्वीकारेर नै उसले एउटा मानव समाजको जग बसाल्यो। समाजका आवश्यकताहरू बढ्दै गए तथा मानव मस्तिष्कको क्रमिक विकास हुँदै गयो। परिणामस्वरूप शक्तिका स्वरूपमा पनि परिवर्तनहरू देखापर्न थाले। समाजको घेरा फराकिलो भयो र मानिसले अझ शक्ति-शाली व्यक्तिको नेतृत्वलाई महसूस गऱ्यो। हुँदा हुँदा देश वा राष्ट्रको जन्म भयो; आवश्यकतानुसार राज्य-व्यवस्था सञ्चालनको लागि विभिन्न परिपाटीहरू मानिसले सोच्न र लागू गर्न थाल्यो। तर जुनसुकै अवस्थामा पनि मानिसले नेतृत्वहीन परि-वार, समाज वा राष्ट्रको कल्पना गर्न सकेन। शक्तिको नेतृत्वलाई प्राचीन कालदेखि मानिसले स्वीकार्दै आजको स्थितिसम्म आइपुगेको छ।

जुनसुकै राष्ट्रमाताले पनि वीर-सपूतको जन्मलाई अनिवार्य मानेकी हुन्छे। देशको अँध्यारोलाई फाँडेर उज्यालो छर्न सक्ने तागत वीर-सपूतमै हुन्छ। उसका वाहुमा शक्तिको अनन्त स्रोत हुन्छ जसको सहायताद्वारा उसले सम्पूर्ण राष्ट्रको नेतृत्व दिइरहेको हुन्छ। राष्ट्रियताको भावना जगाएर उसले राष्ट्रलाई सदाको लागि जीवित तुल्याइराख्न भावी पुस्तालाई समेत प्रेरणा दिइरहेको हुन्छ। यस्ता वीर-सपूतको व्यक्तित्व अरू व्यक्तिहरूको लागि अनुकरणीय बन्दछ। उसको व्यक्तित्व सामु अरू सबै श्रद्धा र सम्मानले नतमस्तक हुन्छन्।

आधुनिक नेपालको इतिहासको निर्माणमा पृथ्वीनारायण शाह र उनका व्यक्तित्वको ठूलो भूमिका छ। राष्ट्रिय आवश्यकताको पृष्ठभूमिमा उनको अविर्भाव भएको थियो। वर्तमान समयमा हामी जुन इतिहास-संस्कृति तथा भाषा-साहित्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिएर विश्वसामु गौरवसाथ सिर उठाउन समर्थ भइरहेका छौं त्यसको सम्पूर्ण श्रेय श्री ५ बडामहाराज पृथ्वीनारायण शाहलाई दिनुपर्छ। उनकै कर्मठता र प्रेरणाले गर्दा नेपालको विशाल मानचित्र खडा भयो। नेपाल एकीकरणका निम्ति उनले तयार पारेको कर्मक्षेत्रभित्र उनका सन्तानहरूले क्रमशः पदार्पण गर्न थाले। उनको व्यक्तित्त्वको महत्ताकै सर्वोपरिता यस कालमा रह्यो। उनी प्रेरणाको गंगोत्री बने–त्यहाँबाट साझा नेपाली संस्कृति तथा साहित्यको नदी बग्न थाल्यो।

पृथ्वीनारायण शाहको व्यक्तित्त्व जहाँबाट शुरू हुन्छ त्यहींबाट नेपाली भाषाले साहित्य-वाणी भेट्टाएको हो। अनि, उनको व्यक्तित्त्वले जति जति प्रौढता प्राप्त गर्दै गयो, त्यति-त्यति नेपाली भाषाको त्यस वाणीले अभिव्यक्तिको तीव्रता प्राप्त गर्दै गएको हो। तसर्थ उनको व्यक्तित्त्वको प्रतिबिम्बलाई नेपाली साहित्यबाट अलग गर्ने कुरो सोच्नै सकिंदैन। साहित्यको लागि चाहिने परम्पराको प्रवाह नेपाली भाषाले उनैबाट प्राप्त गऱ्यो। नेपाली साहित्यको परम्परा यसरी एक ज्यादै शक्तिशाली राष्ट्र-पुरुषको जीवन र व्यक्तित्त्वको प्रभावबाट शुरू हुनु ज्यादै गौरवमय कुरो हो। नेपाली साहित्यको संस्कार-निर्माणमा पृथ्वीनारायण शाह र उनको युगको पहिलो हात भएको हुनाले यसै अनुरूप यस काल [अर्थात् 'पूर्व-प्रारम्भिक काल'] को प्रवृत्ति निर्मित भएको पाइन्छ। गद्यतर्फ 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाह' [सं० १८०१ ?] देखि 'पीनासको कथा' [सं० १८७२] सम्म तथा पद्यतर्फ रामभद्र कविको 'बंधुविनपराष्टकं [सं० १८५१ ?] सम्मका साहित्यको मूल प्रवृत्ति अनुशीलन गर्दा यस कालमा राष्ट्रियताको निर्माणमा सक्रिय रूपले संलग्न वीर-सपूतको व्यक्तित्त्व तथा युग परिस्थितिकै चित्रण गर्न साहित्यकारहरू बढी जागरूक भएका देखिन्छन्। पृथ्वीनारायण शाह र उनको राष्ट्रिय योजनाकै विजय तथा सफलता यस युगको उपलब्धि भएकोले यसैको सोझो प्रभाव तत्कालीन साहित्यमा पऱ्यो। नेपालीको लागि प्रथमोप्रथम साहित्य-सिर्जनाको यो घडी अनुकूल पनि भयो, किनभने वीरता नेपालीहरूको परम्परागत गुण नै थियो। परम्पराको प्रवाहमा नेपाली कविहरूले पृथ्वीनारायणपछि उनको युगको प्रभावलाई प्राप्त गर्दै गए। प्रतापसिंह शाह र अझ बहादुर शाहको व्यक्तित्त्वले पनि नेपाली काव्यमा सम्मान पाउँदै गयो। यस परम्पराको प्रभाव 'उत्तर-प्रारम्भिक काल' मा समेत सुन्दरानन्द बाँडा र यदुनाथ पोखरेलमा टङ्कारो रूपमा पऱ्यो। यसरी वीरत्त्वपूर्ण व्यक्तित्त्वप्रति आकर्षित हुनु 'पूर्व-प्रारम्भिक काल' का साहित्यको प्रवृत्ति बन्यो।

केवल स्तुति वा स्तवन गर्नु मात्र यस कालको मूल प्रवृत्ति थिएन। वीर-काव्य सिर्जनाको परिधि केवल यत्तिमै मात्र सीमित थिएन। यस कालका कवि-लेखकहरूले साहित्य सिर्जना गर्नाको पृष्ठभूमिमा एउटा ज्यादै सशक्त प्रेरणाले भूमिका खेलेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो, त्यो प्रेरणा शक्तिशाली व्यक्तित्व र राष्ट्रियताको भावनाले प्रश्रय पाउने परिस्थितिको सम्मिश्रणबाट तयार भएको थियो। राणाकाल [सं० १९०३-सं० २००७] का कविहरूले झैं बाध्यता वा लहडवश 'पूर्व-प्रारम्भिक काल' का कविहरूले वीरकाव्य लेखेका थिएनन्। राष्ट्रिय पृष्ठभूमिमा वीरतापूर्ण व्यक्तित्वको स्थापना पनि यस कालका कविहरूले गर्नु थियो। त्यसैले कवि शक्तिवल्लभ अर्ज्यालले आफ्ना कवितामा कसैको पनि स्तुति नगरी भावी नेपालको राष्ट्रिय पृष्ठभूमि बलियो बनाउने मंत्रणा दिएका छन्। पृथ्वीनारायण शाहको आकांक्षालाई पूरा गर्ने एक व्यक्तित्वको अपेक्षा कविले गरेका छन्। यसरी नै कवि सुवानन्ददासले—

"नेपालको सिन्कि लुटि मंरातको घिउले भुटि
पालपाको ल्याव हिंग जिरो रिंसिगको ल्याव पिरो
तनहुंको भातसित भीर्कोटको दालसित"—भनेर

खानाको प्रतीकात्मक अर्थ-संकेतद्वारा पृथ्वीनारायण शाहको वीरत्वपूर्ण व्यक्तित्वलाई अरू अनुप्रेरित गर्ने उद्देश्य लिएका छन्। यसरी दोंहोरो प्रभाव र प्रेरणाको वृत्त यस कालको साहित्य-निर्माणमा खिचिएको देखिन्छ; त्यो के भने आफ्नो युगका वीर-पुरुषद्वारा मात्र आफू प्रभावित नभएर आफूले पनि साहित्य-वाणीका मार्फत तिनलाई प्रभावित पार्नु।

ऐतिहासिक तथ्यहरूको आड लिएर काव्य सिर्जना गर्नु यस कालका साहित्य-को अर्को प्रवृत्ति हो। यस्ता तथ्यहरू केवल ऐतिहासिकताको लागि मात्र प्रस्तुत नगरिएर वीर-पुरुषको व्यक्तित्वलाई अरू महिमोज्वल तुल्याउन प्रस्तुत गरिएका छन्। साहित्यकारहरूले आफ्ना ऐतिहासिक चेतनाका माझबाट युग-पुरुषको वीरता र पराक्रम स्पष्ट पार्ने नै लक्ष्य बढी लिएका छन्। यस कालका साहित्यमा इतिहास बोल्छ, तर त्यो बोलाइ केवल इतिहासकै लागि मात्र नभएर साहित्यको लागि भएको छ। यस इतिहासको बोलाइमा कवि-लेखकहरूले जनभावनाका साथै त्यस युगको सम्पूर्ण राष्ट्रिय स्वरलाई समेत समेटेर अभिव्यक्त गरेका छन्। त्यसैले यस कालको सम्पूर्ण साहित्य युग-दर्पण हुनगएको छ।

यस युगका साहित्यमा प्रायः भावुकताको कमी र तथ्यप्रतिको मोह बढी देखिन्छ। साहित्यकारहरूले लौकिक विषयलाई नै साहित्यको विषय बनाए। अलौकिक दैवी-शक्तिलाई विषय बनाउने युग-परिस्थिति नै यस कालमा थिएन। जहीं-तहीं जय र पराजयको डंका पिटिएको थियो। लडाइँ वा युद्ध-बाहुल्य त्यस युगको माग थियो—वीर तथा पराक्रमी व्यक्ति। युद्ध-क्षेत्रको यथार्थ स्थितिको ज्ञान त्यस वेलाको युग-मानसलाई थियो। यही यथार्थले गर्दा यस संसारलाई भुली पारलौकिक संसारमा विचरण गर्न यस कालका कविहरूले सकेनन्। यथार्थमै तिनीहरू ओर्ल्हे र यसैलाई वरु आदर्शीकरण गर्नतर्फ लागे। त्यसैले सुवानन्ददास, उदयानन्द अर्ज्यालहरूले आफ्ना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्य-नायकलाई यथार्थमा राखेर पनि तिनलाई उठाई जनमानसमा तिनको आदर्श-रूपको स्थापना गरेका छन् । यसरी अति भावुकतापूर्ण काल्पनिक उडानलाई त्यागी यथार्थ धरातलमै पाइलो टेक्नु यस कालका साहित्यकारको प्रवृत्ति देखिन आउँदछ ।

यस कालको साहित्य रचना अधिकांश रूपमा वर्णनात्मक हुन पुगेको छ । यो स्वाभाविक पनि थियो, किनभने इतिहासको आड लागेर युग-पुरुषलाई जन-मानस अगाडि उभ्याउन वर्णनात्मक काव्य-सीपकै आवश्यकता पर्दछ । फेरि, त्यस वेला नेपाली भाषाले भर्खर-भर्खर साहित्यिक अभिव्यक्ति क्षमता प्राप्त गरेको हुनाले ज्यादै गहिराइमा डुब्ने त्यति धेरै क्षमता पनि प्राप्त गर्न सक्तैनथ्यो । यस कुराको पुष्टिको लागि रघुनाथ भाटका कवितादेखि क्रमशः अवलोकन गर्दै जाँदा स्पष्ट हुँदै जान्छ । यति भएर पनि यस कालको साहित्यले एउटा रहरलाग्दो प्रवृत्ति देखाएको छ, त्यो हो वर्णनात्मकको परिधिभित्र रहेर भाव-घनताको काव्यात्मक प्रस्तुति । त्यसैले प्रतीकको प्रयोग कमै मात्रामा भएर पनि यस कालमा भएको छ । शक्तिवल्लभ अर्ज्यालको कविता यसको राम्रो दृष्टान्त हो ।

नैतिक, सामाजिक र दार्शनिक चेतनाद्वारा 'पूर्व प्रारम्भिक काल' का साहित्यकारहरू बाँधिएका छन् । यो तिनीहरूको सांस्कृतिक परिवेश-बोधको परिणाम थियो । यस युगका निर्माणमा विभिन्न कवि-लेखकहरूले विभिन्न किसिमले सघाउ पुऱ्याएका छन् । नव निर्मित नेपालको उदयले गर्दा जुन उज्वल भविष्यको आशा त्यस वेलाका जनताहरूले गरेका थिए त्यस अनुकूल केवल राष्ट्रिय पक्षबारे मात्र साहित्य रचना गर्नु पर्याप्त थिएन; नैतिक सामाजिक र दार्शनिक धरातलाई पनि पक्रनु थियो । यसबाट के स्पष्ट हुन्छ भने यस कालको साहित्य मूल रूपमा वीरकाव्यकै सिर्जनामा प्रवृत्त रहे पनि आवश्यकतानुसार गौणरूपमा अन्य चेतनाको अभिव्यक्ति गर्नतर्फ पनि प्रवृत्त थियो ।

यस कालको भाषा तथा रूप-विधानसम्बन्धी प्रवृत्ति पनि बडो उल्लेखनीय छ । यस कालको नेपाली भाषा व्याकरणद्वारा अनुशासित छैन । नेपाली भाषाको स्तर तथा मानक निर्धारण त्यस युगमा भइसकेको थिएन, यस्तो स्थितिमा व्याकरण बन्ने प्रश्न नै आउँदैन । तसर्थ सं० १८२५ को राजनीतिक परिवर्तनपछि यो भाषा राष्ट्रभाषा बने पनि यो परम्परानुमोदित नै थियो । संस्कृत, मैथिली, व्रज, अवधी आदिको जुन प्रभाव-बाहुल्य मध्यकालमा थियो त्यसको अवशेष एकीकरणपछि पनि रही नै रह्यो । पक्की-भाषाका रूपमा त्यस वेला व्रज, अवधी आदि भाषाहरू नै जनजिब्रामा झुण्डिएका थिए । भाषाको यस्तो पृष्ठभूमिमा सुवानन्ददासहरूले कविता रचेका, हुनाले यिनका कवितामा लोकसाहित्यका तत्त्वहरू भेट्टाइनाका साथै माथि उल्लेख गरिएका भाषाको प्रभाव स्पष्ट देखिन्छ । रघुनाथ भाटको विषयवस्तु सम्पूर्णतः नेपाली नै छ, तर तिनका भाषामा विशुद्ध नेपालीपन पाइँदैन । नेपाली भाषा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतज्ञका हातमा परेपछि भने यो प्रभाव खुकुलो हुँदै गएको देखिन्छ, वरु संस्कृतको प्रभाव नेपाली भाषामा पर्न लागेको देखिन्छ। यसरी केही मात्रामा भए पनि ब्रज, अवधी आदिको प्रभाव खुकुलो त भयो, तर उर्दू र केही हृदयसम्म कुमाउनी भाषाको प्रभाव फेरि रहि नै रह्यो। 'उत्तर-प्रारम्भिक काल'मा भानुभक्तको प्रादुर्भाव नहुञ्जेल नेपाली भाषामा बाह्य भाषा-प्रभावको यही रूप रहिरह्यो।

यस काललेलोक-छन्दलाई ग्रहण गर्दै शास्त्रीय छन्दलाई मान्यता दिएको छ। त्यसैले एकातिर हामी यस कालमा दोहा र कवित्त लेखिएको पाउँछौं भने अर्कातिर स्वागता र शार्दूलविक्रीडित छन्दमा संस्कृत परम्परानुमोदित कविता रचना भएको पाउँदछौं। यो निश्चय नै नेपाली पद्य-साहित्यको समृद्धिको लक्षण थियो जसको सही उत्कर्ष 'उत्तर-प्रारम्भिक काल' मा आएर भानुभक्तमा भयो।

परम्परा—वीरकाव्यको निर्मितिमा एकीकरण अभियानकै प्रमुख भूमिका थियो। सं० १८७३ को सुगौली सन्धिपछि नेपालको राष्ट्रिय परिस्थितिमा परिवर्तन देखापऱ्यो। परिणामस्वरूप तत्कालीन साहित्यले पनि बेग्लै मोड लियो। यही प्रवृत्ति-परिवर्तनका आधारमा सं० १८७३ सम्मलाई हामीले पूर्व-प्रारम्भिक काल' को परिधि मानेका थियौं। तर परम्पराको उदार-दृष्टिले हेर्दा के स्पष्ट हुन्छ भने सं० १८७३ को सन्धि नेपाली वीरकाव्यको अन्त्य थिएन; थियो त केवल यस दुर्दिनले यस कालको काव्यगत प्रवृत्तिको विस्तारमा हालेको भाँजो मात्र। वस्तुतः नेपालीहरूको राष्ट्रिय चेतना मूलरूपमा अन्तर्मुखी भएर यस सन्धिपछि पनि अभिव्यक्त भई नै रह्यो। कति कविले त पूर्व-परम्परालाई नै सशक्त रूपमा समातेर त्यसै प्रवृत्तिलाई आफूमा आत्म-सात् गरे। त्यसैले अब हामी उत्तरवर्ती कालमा वीरकाव्य परम्पराको यथार्थ स्थिति-बारे प्रकाश पारौं।

सं० १८७७ मा वाणीनिधि कविले संस्कृतमा रचेको "गोरण्डाख्यो मलिम्लुचः शीर्षकको कविता सं० २०१० का प्रकाशित 'संस्कृत सन्देश' नवमाङ्कमा छापिएको छ। यसै कविताको नेपाली अनुवाद सं० २०१२ मा प्रकाशित 'इतिहास प्रकाश' अङ्क १ मा छापिएको छ। सुगौली-सन्धिपछिको व्यापक राष्ट्रिय भावनाको अभिव्यक्ति यस कवितामा गरिएकोले संस्कृतमै लेखिएको भए पनि यहाँ चर्चा गर्नुपरेको हो, किनभने जुन युगमा जस्तो प्रकारको राष्ट्रिय परिस्थिति हुन्छ, त्यससँग एउटै मात्र निश्चित भाषाविशेषको कुनै सम्बन्ध रहँदैन। त्यस परिस्थितिबाट प्रभावित भएर कुनै कविले कुनै पनि भाषामा कविता वा काव्य रचना गर्न सक्तछ। "पूर्व-प्रारम्भिक काल" का शक्तिवल्लभ, ललितावल्लभ, मौलाराम, जीवनाथ कवि, वाणीविलास पाँडे आदिका कृति हेर्दा यो कुरो प्रमाण सिद्ध हुन्छ। सं० १८७७ मा लेखिएको वाणीनिधि कविको यो कविता वीरकाव्य-परम्पराकै हो। फिरंगीहरूलाई यिनले 'मलिम्लुच' अथवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'रछाने भूत' का रूपमा उपेक्षा गर्दै तीसँग युद्ध गर्न यसरी आह्वान गरेका छन्—
(यहाँ नेपाली अनुवाद नै 'इतिहास-प्रकाश' अङ्क—१ बाट उद्धृत गरिएको छ)

"वर्णाश्रमको वैरी गोरे मासिनेछ, त्यसैले तपाईंहरू मंगलाचरण गरेर युद्धका निम्ति तत्पर हुनुहोस्....महाभारतको युद्धमा कृष्णले अर्जुनलाई भनेको कुरा सम्झेर पनि तपाईंहरूले संग्राम गर्नैपर्दछ ··· मरे स्वर्ग जाउँला बाँचे राज्य भोग गरौंला, त्यस-कारण हे अर्जुन निश्चय गरेर उठ। यस्तो विचार गरेर पश्चिमा दक्षिणका आर्या-वर्तका राजाहरू जो जो छौ ती सबै युद्ध गर्न उठिहाल····हज्जारौं हतियारका किरण लिएर दशै दिशाबाट यस (फिरङ्गी) को अन्त गर्न राजा सूर्य एकै पटक उदाउनु-होस्। एक्कासि उदाएका क्षत्रिय सूर्यहरूका हज्जारौं कर (किरण, हात-हतियार) ले माडिएको कुइरे अँध्यारो चाँडै बिलाओस्।"

सुगौली-सन्धिपत्रमा हस्ताक्षर गर्न नेपाललाई बाध्य गराइएको थियो। त्यसैले नेपालीहरूका हृदयमा फिरंगीप्रति घृणा-भाव उत्पन्न भयो। राष्ट्रप्रतिको ममता सबैमा जागृत भयो र एउटा बलियो राष्ट्रियताको निर्माण गरेर फिरंगीलाई डाँडो कटाउने प्रयासमा लाग्न थाले। माथिका कवितामा वाणीनिधि कविको यही प्रयास छ। लिपि-बद्ध साहित्य मात्र होइन कि मौखिक [लोक] साहित्यमा समेत फिरंगीप्रतिको आक्रोश जनाइएको पाइन्छ—

गोर्खे खाँडो जाग्दै जा,
कुइरे लग्तै भाग्दै जा,
कुइरेका मुड्मा खुकुरी,
जक्खाइदिम्ला टुकुरी।

'डड्यांग्रो डंकिलो गुर्को कान्पर्दै फिरुङ्गी गैजाला,
कि गोर्खो उत्ताना टाँग कि गोर्खो डिल्लीको सिराना।" आदि

जङ्गबहादुरका समयमा लेखिएको "खाँडो जगाउन्या कवित" मा पनि अन्त्यमा यसो भनिएको पाइन्छ—

"हस्तिनापुरको रजाइँ, डिल्लीको सिरान, कुहिरेको थाप्लामा
खुँडाले ट्याक ! ट्याक ! ट्याक !"

माथिका उदाहरणबाट जन-मानसमा समेत राष्ट्रियताको पोषण कसरी भइ-रहेको थियो भन्ने कुरो थाहा हुन्छ। नेपाली राष्ट्रियताको भावनाले त्यस वेला ज्यादै सुसंगठित रूप लिइरहेको थियो। त्यसैले जनरल भीमसेन थापाले सैनिक संगठन गरी फिरंगीलाई एशियाबाटै घपाउन भित्रभित्रै चाँजो मिलाइरहेका थिए। उनकै समयका कवि यदुनाथ पोखरेलले भीमसेन थापाको यस मनसायलाई यसरी व्यक्त गरेका छन्—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"फिरंगी हटाई लुटी पिटी चाँडो
पुगी आज गंगा पखाल्नु छ खाँडो"

भानुभक्त आचार्य (१८७१–१९२५) भक्तिवादी कवि भए पनि उनले वीरकाव्य सिर्जना गरेका छन् । 'रामायण' को यो श्लोक उदाहरणको लागि हेरौं—

"यसरि किन बहूतै गर्दछस्सेखि घेरै ।
प्रभुकन त परै राख् जोरि छैनस् तँ मेरै ॥
अघि सरूँ त तँ जस्ता कोटि रावण् म मारूँ ।
हुकुम त नभयाको मार्न पो आज क्यारूँ ॥"

नेपाली वीरहरूको सजीव वर्णन यिनले यसरी गरेका छन्—

"तरवार कटार खुँडा खुकुरी ।
पिसतोल र बन्दूक सम्म भिरी ॥
अति शूर र वीर भरी नगरी ।
छ त कुन् सरि कान्तिपुरी नगरी ॥"

यदुनाथ पोखरेलले पनि ठीक यसरी नै लेखेका छन्—

"गोरा त शूरा दुइ एक हुन्छन्
गोर्षामहाँ कातर आज कुन् छन्"

सं० १८८९/९० तिरै लेखिएको सुन्दरानन्द बाँडाको "त्रिरत्न-सौन्दर्य गाथा" वीरकाव्य परम्पराको राम्रो नमूना हो । यसमा पृथ्वीनारायण शाहदेखिका वीरहरूको वर्णन गर्दै कविले अन्तमा अंग्रेज-शक्तिका विरोधी भीमसेन थापाको वीरताको वर्णन गरेका छन् ।

माध्यमिक कालका शृंगारिक कवि मोतीराम भट्ट (सं १९२३-५३) सम्म पनि वीरकाव्य परम्परा आइपुगेको पाइन्छ । यिनी लेख्दछन्—

"अचल् झण्डा फर्कोस् फरफर गरी कान्तिपुरिमा
रिपुको मन् थर्कोस् थरथर गरी छिन घरिमा
यवन्ले राज् गर्दा कति पतित हिन्दूस्थल भयो
फगत् यो नेपाल्को मुलुक बचि कञ्चन् रहिगयो ।"

राष्ट्रिय भावनाको पृष्ठभूमिमा इतिहास-चेतना यी पंक्तिहरूमा प्रकट भएका छन् ।

क्रूर राणा-शासनले जति-जति उत्कर्ष प्राप्त गर्दै गयो नेपाली जन-मानसमा राष्ट्रिय चेतनाले त्यति नै प्रश्रय पाउन थाल्यो । सं० १९७४ मा प्रकाशित "सूक्ति-सिन्धु" मा प्रतिबन्ध लागेपछि र सं० १९७७ मा 'मकैपर्व' मच्चिएपछि राजनैतिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेतनाले साहित्यकारहरूका हृदयलाई बेचैन बनाउन थाल्यो । परन्तु राणा-शासकहरू जनतामा राजनैतिक राष्ट्रिय चेतनाको जागृतिलाई जरैदेखि उखेल्न चाहन्थे । राणाहरूको अत्याचार र अन्याय चरम सीमामा पुगिसकेकोले जनता क्रान्तिको लागि लालायित भयो । परन्तु देशमित्र वाक् र लेखन स्वतन्त्रता नभएकोले जनता चूप थियो । प्रवासका नेपालीहरू भने स्वतंत्र थिए । त्यसैले राष्ट्रियताको स्वर घन्काउन तिनीहरूले 'साप्ताहिक गोर्खाली', 'गोर्खा संसार' जस्ता पत्रिकाको प्रकाशन गरे । सं. १९७७ मा धरणीधर कोइरालाले 'नैवेद्य' प्रकाशित गरी देशप्रेम र राष्ट्रिय जागरणको लागि आह्वान गरे । यसपछि महानन्द सापकोटा, देवीप्रसाद प्रभृति साहित्यकारहरूले राष्ट्रियताको उन्नयनको लागि काव्य-विगुल फुके । यस वेला सम्पूर्ण एशियाभरि जागरणका निम्ति पृष्ठभूमि तयार भइरहेको थियो, त्यो जागरण नेपालमा पनि भित्रियो । कवि सिद्धिचरणले राणा-विरुद्ध क्रान्तिको आवश्यकतालाई महसूस गर्दै लेख्नपुगे—

"क्रान्ति विना थन दैमखु स्वच्छ शान्ति
शान्ती विना थन हनं मज्वी छु भ्रान्ति"[११]

सं० १९०३ देखि सं० २००७ सम्म राणाहरूले व्यक्तिगत स्वार्थसिद्धिको लागि जनतालाई अँध्यारामै राख्ने धृष्टता गरे पनि जनतामा जुन राष्ट्रिय चेतनाको प्रस्फुटन समयको बदलिदो परिस्थिति-अनुकूल भइरहेको थियो त्यसलाई रोक्न सक्ने ताकत नै तिनीहरूमा भएन । यसैको परिणामस्वरूप २००७ सालको जनक्रान्ति भयो । अब थुप्रै कविहरू राष्ट्रियताको स्वरलाई चर्काउँदै काव्य-क्षेत्रमा देखापर्न थाले । कवि माधव घिमिरे र म० वी० वि० शाहका कवितामा देशप्रेमको सुन्दर अभिव्यक्ति पाइन्छ ।

यसरी के स्पष्ट हुन्छ भने वीरकाव्य परम्परा कुनै न कुनै रूपमा आधुनिक कालसम्म चल्दै आइरहेको छ । फरक केवल कति मात्र हो भने राष्ट्रिय परिस्थिति र आवश्यकता-अनुकूल यसको स्वरूपमा मात्र फरक देखापरेको छ ।

उपलब्धि – परिमाणका दृष्टिले 'पूर्व-प्रारम्भिक काल'को साहित्यिक उपलब्धि थोरै नै देखिए तापनि तिनको महत्त्व भने कम छैन । सबभन्दा गौरवमय कुरो के हो भने वीरकाव्य नेपाली माटो र हावापानीकै उपज थियो । यो आयातित थिएन—जस्तो कि माध्यमिक कालमा संस्कृत वा हिन्दी साहित्य र आधुनिक कालमा पाश्चात्य साहित्य-बाट सोझै आयात गरेर साहित्य लेखिएको पाइन्छ । विशाल नेप्राल नेपालीहरूको आफ्नै बाहुबलको कमाइ थियो; विदेशी शक्तिलाई गुहार्नुपरेको थिएन । यसै अनुरूप तात्कालिक काव्य-सिर्जनामा समेत नेपाली माटोको गन्ध पाइन्छ । राष्ट्रियताका

११. फत्तेबहादुर सिंह (सम्पा.) **नेपाल विहार**, दो. सं. (काठमाडौं: स्वयं सम्पा., ने. सं. १०९६) पृ. १०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृष्टिले यो ठूलो साहित्यिक उपलब्धि हो। यस कालमा पद्यतर्फ विभिन्न विधाहरू (जस्तो-महाकाव्य, खण्डकाव्य आदि)को उपलब्धि हुन नसके पनि नेपाली कविताको एउटा ढप यस कालले निश्चय नै बसाएको छ। गुमानी कविले जे जस्तो भाषाको प्रयोग गरेर भए पनि समस्यापूर्ति लेखे अनि फुटकर कविता लेख्ने परम्परा भित्र्याए। रामभद्र कविले नीति-काव्य लेखे। 'साँझ्याको कविता' लेखेर राधावल्लभ तथा अन्य कविले मनोरञ्जक कविता लेखे। यसरी जे जति यस कालमा प्रारम्भिक अवस्थामा भए पनि हुन सक्यो त्यो समय-सापेक्षिक महत्त्वपूर्ण नै उपलब्धि हो। उदयानन्द अर्ज्यालले प्रयोग गरेको शार्दूल-विक्रीडित छन्दलाई नै पछि भानुभक्त आचार्यले जातीय छन्दका रूपमा विकसित रूप दिए।

यस कालमा गद्यतर्फ थोरै भए पनि विधागत उपलब्धि भए; ती हुन्—

१. जीवनी (पृथ्वीनारायण शाहको जीवनी)
२. निबन्ध ('दिव्योपदेश' पूर्णतः निबन्ध नभए पनि लक्षणहरू यसमा पाइन्छन्),
३. कथा ('पीनासको कथा' र यसभन्दा अघिको 'हितोपदेश मित्रलाभ' पनि),
४. नाटक ('हास्यकदम्ब')।

शुरूकै साहित्यिक गद्यमा यी विधाहरू पाइनु ठूलै उपलब्धि मान्नुपर्दछ।

यस कालमा केही यस्ता साहित्यकारहरू पनि छन् जसले उत्तरवर्ती कालमा समेत आएर कलम चलाएका छन्; ती हुन् उदयानन्द अर्ज्याल र सुन्दरानन्द बाँडा। यस कालले 'उत्तर-प्रारम्भिक काल' लाई गराइदिएको यो उपलब्धि खास गरीकन प्रवृत्ति-परम्पराका दृष्टिले महत्त्वपूर्ण छ।

यस कालले पूर्व-परम्परासँग पनि सम्बन्ध जोडेको छ; त्यो हो यस कालमा पनि औषधिमूलो, नीति-उपदेश र अभिलेखका गद्य लेखिनु। यति भएर पनि कालको साहित्य परम्पराग्रस्त नभएर प्रगतिप्रिय अथवा गतिशील बनेको छ। परम्पराका माथि उल्लिखित विषयलाई साहित्य-वाणीको रूप प्रदान गरेर यस कालका गद्यले आपनो क्षमताको परिचय दिएको छ। त्यसैले यस कालमा 'दिव्योपदेश' 'वाग्वती अभिलेख' र 'पीनासको कथा' नीति, अभिलेख र औषधिमूलो भएर पनि साहित्य हुन पुगेका छन्। नेपाली गद्यमा साहित्यिक लयको यो उठान नेपाली साहित्यको क्रम महत्त्वपूर्ण उपलब्धि होइन।

●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. पूर्व-प्राथमिक कालका साहित्य निर्माता र तिनका कृति

यो काल गद्य र पद्य दुवैतर्फ साहित्य निर्माण भएको नेपाली साहित्यको आदिकाल हो। गद्य-कृतिको सिर्जना-परम्परा यसभन्दा अघि पनि छँदै थियो; तर त्यस वेला यो साहित्येतर विषय (ज्योतिष, औषधि तथा आचारविषयक) का रूपमा केवल वाङ्मय भएर बाँचेको थियो। अब आएर विशिष्टीकरणको प्रक्रियालाई समाती यसले साहित्य-रूप ग्रहण गऱ्यो। एकातिर यसले परम्परासँग नाता जोडी औषधि-मूलो र नीतिशिक्षाविषयक वाङ्मय पनि सिर्जना गऱ्यो भने अर्कातिर विशुद्ध साहित्य-सिर्जनाको परम्परा बसाली गद्य-साहित्यका सबैजसो विधा नभए पनि जीवन-चरित्र निबन्ध, आख्यान तथा कथा विधाको सिर्जन परम्पराको उद्घाटन गरिदियो। जहाँ-सम्म पद्य-साहित्यको परम्परासंग सम्बन्ध छ, लोक र शास्त्रीय दुवै छन्दका माध्यमबाट सर्वप्रथमतः यही कालमा कविताहरू लेखिए। पद्य-साहित्यका भने सबै विधाले यस कालमा परम्परा तयार पार्न सकेन, केवल फुटकर कवितामा मात्र यो सीमित रह्यो। वीर भावको अभिव्यक्ति नै यस कालका कविताको मूल प्रवृत्ति भए तापनि यस कालको गद्य-साहित्य झैं पद्य-साहित्य पनि परम्परानुमोदित छ, तर अवशेषका रूपमा मात्र। त्यसैले यस कालका कविले नीति-शिक्षालाई छाड्न सकेनन्, ज्योतिष र औषधि मूलो जस्ता विषयलाई कवितामा हाल्नु विस्तारको भयले साध्य पनि भएन; यस्ता विषय सामान्य जनजीवनको लागि दुर्बोध्य हुने सम्भावना पनि भयो। तर कवितामा नीति-तत्त्वलाई शास्त्रीय काव्य-परम्पराले स्वीकृति दिएकै हुनाले यसतर्फ भने यस कालका कविको ध्यान गयो। फेरि, नीति-शिक्षा जस्तो विषयमा विस्तारको भय पनि थिएन। यस्ता विषयमा कवितात्मकताको रङ्ग चढाउनु प्रभावोत्पादकताका दृष्टिले उपयुक्त पनि थियो। साथै, विश्वको काव्य-परम्परा हेर्दा के देखिन्छ भने यस्तो विषय-लाई कविहरूले आफ्नो कवित्व-शक्ति खेलाउने क्षेत्र बनाउँदै आएका पनि छन्। ज्योतिष र औषधि कविता-काव्यका विषय पनि होइनन्; यी विशुद्ध शास्त्र अथवा प्राविधिक विषय हुन्। तसर्थ 'पूर्व प्रारम्भिक काल'का कविहरूको ध्यान यी विषयतर्फ नजानु औचित्यपूर्ण नै ठहर्दछ। बरु थिति-रीति र वंश-वर्णन जस्ता विषयतर्फ यस कालका कविको ध्यान गएको छ जो त्यस वेलाको जनरुचिअनुकूल पनि थियो। दैनिक जीवनका सन्दर्भमा आफ्नो हृदयमा परेका प्रभावलाई सहजरूपमा अभिव्यक्त गर्ने जुन कविता-परम्परा यस कालले बसाल्यो त्यो ज्यादै महत्त्वपूर्ण छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(क) पद्य

प्रारम्भका संभावित कविहरू—"श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" र "भाषा वंशावली" मा रघुनाथ भाटले श्री ५ पृथ्वीनारायण शाहलाई कविता सुनाएको कुरो उल्लिखित छ। काशीमा छँदा, काशीबाट फर्कंदा बाटामा, नुवाकोट विजयका अवसरमा आदि विभिन्न स्थान र समयमा यी भाटले पृथ्वीनारायण शाहलाई कविता सुनाएका थिए। इतिहास-शिरोमणि बाबुराम आचार्यका अनुसार पृथ्वीनारायण शाहलाई भाटहरूका वीररसपूर्ण कवितामा रुचि थियो।[१] त्यसैले यी भाटले विभिन्न समयमा राजोचित सम्मान पाएका थिए। हिन्दीका कवि भूषण पनि भाट नै थिए। शिवाजीबाट उनले पनि राजकीय सम्मान पाएका थिए।

"भाषा वंशावली" मा रघुनाथ भाटले पृथ्वीनारायण शाहलाई सुनाएको दोहा छापिएको छ। तर यस दोहाको भाषा नेपाली होइन। संभवतः यस्ता धेरै दोहा वा कविताहरूको रचना यी भाटले गरेका थिए। सामान्यीकरणका आधारमा के अनुमान गर्न सकिन्छ भने "वंशावली" मा प्राप्त दोहा जुन भाषामा लेखिएको थियो त्यही भाषामा अन्य कविताहरू पनि लेखिएका थिए। एउटा अर्को अन्वेषणको संभाव्यता पनि यहाँ के रहेको छ भने पृथ्वीनारायण शाहका साथ नेपालमा रहँदा-बस्दा सुवानन्द दास वा राधावल्लभहरूका झैं मिस्कट नेपाली भाषामा कविता रचना गर्न प्रेरणा पाए कि! गुमानीका नेपाली रचनालाई उदाहरणका रूपमा अघि सार्न सकिन्छ। जे होस्, रघुनाथ भाटका नेपाली रचनाका बारेमा यहाँ गरिएको परिकल्पनालाई भविष्यमा गरिने अनुसन्धानको जिम्मामा छाड्दै अन्य सम्भावित कविहरूका बारेमा चर्चा गरौं।

नेपालको एकीकरण भइरहेको वेलामा लक्ष्मण कविले संस्कृत भाषामा 'कवितानिकषोपल' भन्ने ग्रन्थ लेखे। यो वीरकाव्य सं० १८२५ देखि सं० १८३१ बीचका समयमा लेखिएको अनुमान हुन्छ। यद्यपि बाबुराम आचार्य, नयराज पन्त जस्ता विद्वान् इतिहासकारहरूले यस ग्रन्थमा चर्चा गरिएको 'कवि-सम्मेलन' लाई असत्य घटना भनी आफ्नो मन्तव्य व्यक्त गरेका छन् तैपनि प्रामाणिक सत्यान्वेषणको लागि सो कवि-सम्मेलनमा भाग लिने कविहरूको नामावलि [लक्ष्मण कविले आफ्नो ग्रन्थमा उल्लेख गरेअनुसार] प्रस्तुत गर्नु आवश्यक ठानिएको छ। उक्त ग्रन्थअनुसार श्री ५ पृथ्वीनारायण शाहका सेनाले कान्तिपुर शहरलाई घेरा हालिराखेका वेलामा युवराज प्रतापसिंह शाहले बालाज्यूमा एउटा कवि-सम्मेलनको आयोजना गरेका थिए।

---

१. **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जीवनी**, भाग ४ (काठमाडौं, राजदरबार, २०२६) : ८१२।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देश-देशावरका कविहरूले सो सम्मेलनमा भाग लिएका थिए जसको नामावलि यस प्रकार छ—

अयोध्याका—काशीनाथ शर्मा, पशुपति शर्मा ।

काशीका—जगन्निवास शर्मा, चक्रपाणि शर्मा, शिवशर्म शर्मा, श्रीहर्ष शर्मा, भानुदत्त शर्मा, श्रीनाथ शर्मा, विश्वनाथ शर्मा, रघुनाथ शर्मा भट्ट

काश्मीरका—गुणनिधि शर्मा, दामोदर शर्मा, मणिकण्ठ शर्मा, घनपति शर्मा

गुर्जर (गुजरात) का—चन्द्रशेखर शर्मा, यज्ञदत्त शर्मा, चन्द्रचूड शर्मा, श्रीधर शर्मा, माधव शर्मा

जनकपुरका—वेणीदत्त शर्मा, विद्यानिधि शर्मा, मुकुन्द शर्मा

द्रविडका—श्रीकण्ठ शर्मा, रामकृष्ण शर्मा, पद्मापति शर्मा, श्रीविलास शर्मा, हरिशङ्कर शर्मा, पुरुषोत्तम शर्मा

नेपाल खाल्डोका—पद्मनाभ शर्मा, बलभद्र शर्मा, श्रीशङ्कर शर्मा

पर्वतका—लक्ष्मीवल्लभ शर्मा

पाटलिपुत्र (पटना) का—विश्वम्भर शर्मा, शङ्कर शर्मा, विनायक शर्मा ।

पूर्वदेशका—सर्वज्ञ शर्मा, वासुदेव शर्मा ।

मथुराका—दण्डपाडि शर्मा, लक्ष्मीधर शर्मा, प्रेमनिधि शर्मा, श्रीविलास शर्मा, लक्ष्मीदास शर्मा, चतुर्भुज शर्मा ।

मध्यदेशका—वाचस्पति शर्मा ।

महाराष्ट्रका—विष्णुदत्त शर्मा, देवशर्मा, गौरीश्वर शर्मा, शम्भु शर्मा ।

मिथिलाका—हेरम्ब शर्मा, यज्ञेश्वर शर्मा, लक्ष्मीपति शर्मा ।

देश थाहा नपाइएका कविहरू—

वनमाली, भगीरथ शर्मा, लम्बोदर शर्मा, प्रभाकर शर्मा, रघुपति शर्मा, दुर्गादास शर्मा, सदाशिव शर्मा, (अर्का) दुर्गादास शर्मा, चन्द्रेश्वर शर्मा, सत्यधर शर्मा, कुबेर शर्मा, शिवनिधि शर्मा, श्रीकान्त शर्मा, खड्गधर शर्मा, कुसुमाकर शर्मा ।

गोरखाली दरबारका कविहरूको नामावलिचाहिं यस प्रकारको छ—

शक्तिवल्लभ, हरिदत्त शर्मा, महेश्वर शर्मा, वेणुधर, नारायण, भवानीशङ्कर, जगन्नाथ, चन्द्रदत्त, चिन्तामणि, जयनारायण, टीकाराम, कमलनयन, कृष्णानन्द, (अर्का) टीकाराम, धर्माङ्गद, परमानन्द, (अर्का) नारायण, पद्मनाभ, जगन्मणि, रामभद्र, रामहृदय, विष्णु (गोरखा दरबारमा आइ-बसेका मिथिलाका)[२]

---

२. नयराज पन्त र अरू (सम्पा.) श्री ५ पृथ्वीनारायण शाहको उपदेश (काठमाडौं, जगदम्बा-प्रकाशन, २०२५), पृ० ४७७-४७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इतिहास तथा श्री ५ पृथ्वीनारायण शाहका व्यक्तित्वको सापेक्षतामा यो कवि-सम्मेलन बिलकुल कपोलकल्पित भएकोले नै बाबुराम आचार्यज्यूले यसलाई कविको बहुलट्टीपन भनेका छन् । नयराज पन्तज्यूले पनि "..... सत्र वर्षको चढ्दो उमेरका शृंगारी स्वभावका युवराजलाई शृंगाररसका कुरा सुनाई आफ्नो दुनो सोझ्याउन पल्केका पण्डितको बुद्धिको काम यो पुस्तक हो" भनी सिद्ध गरेका छन् ।[३] जे होस्, घटनासँग हामीलाई सरोकार छैन; सरोकार छ केवल कविसँग । माथि दिइएका नामावलिमा अयोध्या, काशी, काश्मीर, गुर्जर, द्रविड, पाटलिपुत्र, मथुरा, पूर्वदेश, मध्यदेश, महाराष्ट्र र मिथिलाबाहेक अन्य ठाउँका कविहरूसँग मात्र हाम्रो विशेष सरोकार छ । लक्ष्मीपति शर्मा र गोरखाली दरबारका कविहरूका नामावलिमा परेका शक्तिवल्लभ आज हाम्रो लागि कुनै काल्पनिक व्यक्तिका रूपमा चिनिएका छैनन् । संस्कृतका साथै नेपालीमा लेखिएका शक्तिवल्लभका कृतिहरू हाम्रा सामु छन् । त्यसैले यहाँ भन्न खोजिएको कुरो के हो भने शक्तिवल्लभ जस्तै अरू कविहरू पनि अकाल्पनिक हुन सक्छन् । यसतर्फ अनुसन्धानको खाँचो छ । अब बाँकी रह्यो यी कविहरूले आफ्ना कविताको लागि प्रयोग गरेका भाषाको सम्बन्धमा । नेपाली भाषाको माध्यममा उक्त कवि-सम्मेलन सम्पन्न भएको थियो भन्न निश्चय नै हाम्रो अन्तःकरणले नमान्ला । सबै कविहरूका नाम पढ्दा र देशान्तरबाट आएका कविहरूको उपस्थितिसमेत हेर्दा संस्कृतकै जगजगी भएको त्यस समयमा सबैजसो कविहरूले संस्कृत भाषामा कविता रचेका थिए होलान् भन्ने अनुमान गर्न सकिन्छ । यहाँनेर फेरि के अनुमान पनि लगाउन सकिन्छ भने स्वदेशका कविहरूले चाहिं आपना युवराज प्रतापसिंह शाहलाई ध्यानमा राखेर नेपालीमा कविता बाचें कि ! शक्तिवल्लभका झैं यी अन्य स्वदेशी कविहरूका पनि नेपाली भाषामा लेखिएका कृतिहरू फेला पर्न सक्छन् ।

सुवानन्ददास

सुवानन्ददासका बारेमा प्रामाणिक तथ्य अझसम्म केही पत्तो लाग्न सकेको छैन । सं० २०१२ सालमा प्रकाशित 'इतिहास प्रकाश' को पहिलो अङ्कमा एउटा कवित्त छापियो र त्यसलाई हामीले सुवानन्ददासका नाममा दर्ता गरिदियौं । यसो गर्नको लागि हामीले यही कविताको यस पंक्तिलाई आधार बनायौं—"राजै भक्ति कृति जानि लाउने सुवानन्ददास है : "यस पंक्तिलाई अँठ्याएर यस कवित्तका रचयिताको नाम पत्तो त लाग्यो, तर नाम स्पष्ट भए झैं हामीलाई लागेन र इतिहासको आड लिएर 'शुभानन्द' प्रस्तावित गर्दै 'सुवा' र 'नन्ददास' लाई एकै ठाउँमा जोडी 'सुवानन्ददास' बनायौं ।[४] यी पंक्तिहरू—"यी कविका नाम ठीक के हो खुट्याउन

३. ऐजन; पृष्ठ ४८१

४. बुइङ्गल, दो० सं० (काठमाडौं, साझा प्रकाशन, २०२८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिंदैन । इतिहास प्रकाशमा छापिएको कवितामा 'सुवा नन्ददास' भनेर लेखिएको छ । तर त्यो 'सुवा' 'सुब्बा' होइन भन्ने ठहऱ्याई यहाँ 'सुवानन्ददास' पारिएको छ, किनभने त्यस समयमा 'सुब्बा'को दर्जा दिइँदैनथ्यो (पल्लो किराँत लिम्बुवानमा त्यस वेला 'सुब्बांगी' दर्जा दिइन्थ्यो र त्यो 'सुब्बा' कहलाइन्थ्यो–सम्भव) भन्न नसकिएर पनि यति त सजिलैसंग भन्न सकिन्छ–के भने पृथ्वीनारायण शाहको समयमा सुब्बा दर्जा-को पौल थिएन । 'सुब्बा' दर्जा पाउने मान्छे अवश्य पनि नाम चलेको व्यक्ति हुनुपर्छ । नन्ददास भन्ने व्यक्तिको त्यस वेला कतै नाम नदेखिंदा यिनको नाम सुब्बा नन्ददास नभएर सुवानन्ददास नै हो भन्ने ठहऱ्याइएको हो । अझ उनको शुद्ध नाम त 'शुभा-नन्ददास' हो कि जस्तो लाग्छ....."इत्यादि यहाँभन्दा परतिर हामी गर्न नै के सक्थ्यौं । उनको वास्तविक नाम के थियो उनी नै जानुन्, तर हामीले न्वारानचाहिं 'सुवानन्द दास' भनेर गऱ्यौं । अहिलेसम्म यही नामबाट हामीले साहित्येतिहासमा उनलाई स्थान दिंदै स्वतन्त्र मूल्याङ्कन पनि गर्दै आउँदैछौं । कविताका अन्त्यतिर कविले आफ्नो नाम (तथा परिचयसमेत संक्षेपमा) उल्लेख गर्नें चलन पुराना कविहरूमा पाइन्छ । यही आधारमा सुवानन्ददासको नाम पत्तो लाग्न सकेको हो । परन्तु यसै कविताको अन्त्यतिर नै "नाम रह्यो गजानि[५] " भन्ने वाक्यांश पनि पर्न गएको छ जसका आधारमा विद्वानहरूले यस कविताका रचयिताको नाम 'गजानि' भन्न थालेका छन् ।[६] यसरी रचयिताको नामकै सम्बन्धमा यस्तो धर्मर हुनु अवश्य नै राम्रो होइन । तसर्थ यसतर्फ शोधकर्ताको ध्यान जानु आवश्यक छ । मुख्य कुरो त यस कवित्तको मूलप्रति हामीले पढ्न पाएका छैनौं; 'इतिहास प्रकाश'मा पनि प्रतिलिपि मात्र प्रकाशित भएको हो । कमल दीक्षितज्यूले भन्नुभए झैं प्रतिलिपिकार अवश्य नै विद्वान् थिएनन् । त्यसैले यस कविताका रचयिताको ठीक-ठीक नाम बताउन गाह्रो छ । तर यहाँ 'सुवानन्द-दास' नै नाम (भविष्यमा हुने अनुसन्धानको लागि ठाउँ छाड्दै) ग्रहण गरिएको छ, किनभने यही नामबाट उनी हामीसँग परिचित भइसकेका छन् ।

सुवानन्ददासका बारेमा अहिलेसम्म हामीले जे जस्तो अनुमान गरेका छौं तिनको आधार पनि यसै कविताका निम्न पंक्तिहरू हुन्—

"आफू ती नेवाऱ्या जाति बोल्छता ललितपारि
आफु ता मजमुकुटु तंरो ता बलियो मुटु
नाम रह्या गजानि धरम तपरे तरा भरले ते

---

५. इतिहास प्रकाश, अङ्क १ मा 'गजानि' नै छ; पछि 'बुइँगल' का सम्पादक कमल दीक्षितले 'गजानन' भनेर छपाउनुभएको छ ।

६. काशीनाथ तमोट "नुगामा सन्ताप सह्याको अर्थ" **वेणी** कार्तिक २०२१; पृष्ठ ३५ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"नुगामा सन्ताप सह्या जीवको येकलो भया
धनको दुवलो भञा भोककं भोर्जन नाहिं
काम करुं दाहि नाहि बतयेको कर्म नाहिं
ठंडिसं वस्त्रा नहि राजैभक्ति कृति जानि
लाउने सुवा नन्ददास है"[७]

यी पंक्तिअनुसार यिनी नेवार जातिका थिए (ताना शर्माः नेपाली साहित्यको इतिहास, पृष्ठ १९) । यिनी नुगा भन्ने ठाउँका थिए (ऐजन र कमल दीक्षित बुइँगल) यिनी गरीब र निर्धा थिए, अनि राज-भक्त थिए भन्ने अनुमान गरिएको छ । श्री महानन्द सापकोटाज्यूले चाहिं "लाहुरि नेपाल गई दुद कोसि साधलाई ल्याया गजमोति हैः"—भन्ने पंक्तिका आधारमा यिनलाई नुवाकोट अथवा गोर्खातिरका निवासी भनेर मानेका छन् ।[८] बाबुराम आचार्यज्यूले 'नुगा' लाई 'मुगा' (जो कोशी अंचलको धनकुटा जिल्लाअन्तर्गतको एक गाउँ हो) पढेर यिनलाई पूर्वतिरका निवासी मानेका छन् ।[९] यसरी यिनको जन्मस्थलको बारेमा अनुमानको धुइरो लागेको पाउँदा-पाउँदै पनि अर्कों के अनुमान गर्न सकिन्छ भने यिनी नेवार नै थिए र यिनको वासस्थान ललितपुर पाटन भन्ने ठाउँमा थियो । "आफू ती नेवाऱ्या जाति वोल्छता ललितपारि" बाट यही कुरो अनुमान गर्न सकिन्छ । "वोल्छता ललितपारि" सामान्य बोलचालको भाषा हो (यही भाषाको प्रयोग यस कवितामा सर्वत्र प्रयुक्त छ), किन भने कुनै नाम थाहा नभएको ठाउँमा हामी पुग्यौं भने त्यस ठाउँका मानिससँग हामी यसरी सोध्छौं—"यस ठाउँलाई के बोल्छ ?" अनि जवाफ पनि यसरी नै हामी पाउँछौं-"यस ठाउँ या गाउँलाई फलानो (कुनै नाम दिएर) बोल्छ ।" यही "बोल्छ" क्रियापदको प्रयोग सुवानन्ददासले माथिको पंक्तिमा गरेका छन् । सुन्दरानन्द बाँडा पनि ललितपुरकै नेवार थिए । उनले नेपाली भाषाका केही ग्रन्थ नेपाली साहित्यलाई दिए । तदर्थ ललितपुरकै यी नेवार सुवानन्ददासले पनि नेपालीमा कविता लेखे—यो कुनै अस्वाभाविक कुरो होइन । नेवार भएकैले यिनका कवितामा पनि नेवारी भाषाका प्रभावहरू भेट्टिन्छन् जसलाई काशीनाथ तमोटले यसरी प्रस्तुत गरेका छन्—

".....'नुगा' लाई स्थानवाचक सम्झे पनि यो शब्द नेवारी भाषाको बहुत प्रचलित हृदयवाचक 'नुगः' हो भन्ने कुरा प्रस्तुत कवितामा प्रयोग भएका अरू नेवारी शब्द-

७. यी पंक्तिहरू 'इतिहास प्रकाश' अङ्क १ (सं० २०१२) बाट लिई सम्पादन गरिएको हो ।

८. "धन्य गोर्खाली राजा" **गोरखापत्र** (शुभराज्याभिषेक विशेषांक), १२ फागुन २०३१; पृष्ठ ५४

९. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जीवनी (भाग ४); पृष्ठ ८१२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूको प्रयोगको आधारमा भन्न सकिन्छ । वास्तवमा कविले "नुगले सन्ताप जुल वा सह्याना" भन्ने सोची नेपालीमा त्यसो भन्न पुगेको देखिन्छ...यस कवितामा शुरूमा हिन्दीको आधिक्य छ भने आखिरमा नेवारी शब्दको बहुलता छ 'नुगाका सन्ताप सह्या' पछिका वाक्यहरूमा स्पष्टतः नेवारी प्रभाव यस प्रकार परेका देखिन्छन्—

१. जि(व)को येकलो भयाँ—(जि) याकमि जुया
२. धनको दुवलो भना—ध्वबां चीमि जुया
३. भोकेकं भोर्जन नाहिं—भोकसं भोर्जन एरु (पित्याबले नसा मरु)
४. काम करुं दाहि नाहिं—ज्या यायत दां हे मरु
५. वतयेको कर्म नाहिं—च्वयातःगु कर्म मरु
६. ठण्डिसं वस्त्रा नाहिं—ठण्डिसं वस्त्र मरु (चिकुलां वसः मरु) आदि ।

"...आखिरी कवितांशमा प्रयोग गरिएका यी नेवारी शब्दहरू बाहेक यस कवितामा नेवारी उच्चारण प्रवृत्ति र शब्दहरूको पनि केही प्रभाव अरू ठाउँमा पनि देखिन्छन्...."[१०]

सुवानन्ददास आर्थिक रूपले विपन्नावस्थामा थिए भन्ने कुरो माथिका पंक्तिले सिद्ध गर्दछन् । "राजै भक्ति कृति जानि लाउने सुवानन्ददास हैः—पंक्ति पढ्दा राजाबाट यिनले केही चाहेको अनुमान गर्न सकिन्छ । सम्भवतः यिनले यो कवित्त लेखी राजालाई चढाएका थिए–यिनले गरेको दुःख याचना पढ्दा यस्तै अनुमान गर्न सकिन्छ । राजाबाट त्यस वेला कविहरूले केही पाउँदथे पनि । यो कुरो पृथ्वीनारायण शाहले रघुनाथ भाटलाई दिएको दोसल्ला, बिर्ता र दुई हज्जार नगद पुरस्कारबाट प्रमाणित हुन आउँदछ । 'कवितानिकषोपल' मा पनि लक्ष्मण कविले कवि-सम्मेलनमा भाग लिन आउने असल कविहरूलाई युवराज प्रतापसिंहले दस-दश हजार रुपियाँ पुरस्कार दि सम्मान गरेको कुरो लेखेका छन् ।

यस कवित्तमा दुई नाम देखापर्दछन् (१) गजानि र (२) सुवानन्ददास । "आफू ती नेवाऱ्या जाति....पंक्तिमा 'त्यो' एकवचन सर्वनामको बहुवचन 'ती' शब्द प्रयोग गरिएको छ जसबाट यिनै दुई व्यक्तिको संयुक्त-रचनाको रूपमा यो कवित्त देखिन आउँछ । यहाँ शंका के पनि गर्न सकिन्छ भने यदि यो संयुक्त रचना हो भने दुवैका नाम सँग-सँगै नलेखेर किन माथि र तल लेखियो त ? कवि गुमानीको सच्चा नाम 'लोकरत्न पन्त' भए झैं 'गजानि' को सच्चा नाम पनि 'सुवानन्ददास' थियो कि ? नेवार भएकाले (उदाहरणको लागि सुन्दरानन्द बाँडालाई लिऊँ) त्यो लेख्नुपर्ने ठाउँमा भूलले वा नजानेर 'ती' लेखेका हुन् कि ? अथवा 'त' निपातलाई प्रतिलिपि-

---

१०. यसै क्रमको पाद-टिप्पणी सं. १७.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारले 'ती' बनाइदिएका हुन् कि ? इत्यादि शंका-उपशंका यस कवित्वको रचयिताका नामबारे निकाल्न सकिन्छ ।

अब सुवानन्ददासका कविताको मूल्याङ्कन गर्नतर्फ लागौं । यो कविता पत्तो लगाउने श्रेय योगी नरहरिनाथ र जनकलाल शर्माज्यूलाई छ । उहाँहरूले यो कविता कास्कीकोट चिलिम्या डाँडाका कालिका पूजारी बलबहादुर रानाका घरमा पाउनुभएको थियो । कमल दीक्षितज्यूले यही कविता सम्पादन गरी 'पृथ्वीनारायण' शीर्षकमा 'बुइँगल'मा छपाउनुभएको हो । बाबुराम आचार्यको भनाइअनुसार यस कवितामा "....पृथ्वीनारायण शाहका वाराणसी-यात्रादेखि लिएर चौदण्डीको सेन ठकुराइ जितेसम्मको बयान लेखिएको छ ।"[११] कमल दीक्षितज्यूको भनाइअनुसार सं० १८३१ भन्दा अघि नै यस कविताको रचना भएको हो, किनभने यसमा एक त पृथ्वीनारायण शाहको मृत्युको वर्णन छैन र दोस्रो यसमा वर्तमान काल र अझ भविष्यत्काल बुझाउने पदहरू छन् । अझ उहाँले यस कवितामा सं० १८२२ मा भएको कीर्तिपुर विजयबारे कुनै उल्लेख भएको नदेखेर यसको रचनाकाल कीर्तिपुर विजयभन्दा केही अघिको हो भन्ने निर्णय दिनुभएको छ ।[१२] पृथ्वीनारायण शाह जीवितावस्थामा हुँदै यो कविता लेखिएको हो भन्ने निर्णयमा प्रायः विद्वानहरू पुगेकाले बाबुराम आचार्यका अनुसार यस कविताको रचनाकाल सं० २०३० श्रावण ४ गते (यसै दिन चौदण्डीको राजधानी गोरखालीले दखल गरेका थिए) र सं० २०३१ माघ १ गते (यसै दिन पृथ्वीनारायण शाह परलोक भएका थिए) का बीचको समय ठहर्दछ । अब रह्यो कीर्तिपुर विजय (सं० १८२२)-बारे कविले कुनै उल्लेख नगर्दामा आश्चर्य मान्नुपर्ने कुरो । योभन्दा पनि अझ आश्चर्यको कुरो के छ भने भक्तपुर विजयबारे कविले किन केही लेखेनन् ? काठमाडौं र पाटन दखल गर्न पृथ्वीनारायण शाहलाई त्यति कठिन परेन तर भक्तपुर दखल गर्न उनलाई निकै कठिन परेको थियो, किनभने काठमाडौंका राजा जयप्रकाश मल्ल र पाटनका राजा तेजनरसिंह मल्लसमेत भक्तपुरमै पुगेका थिए । तीन राजाको संयुक्त संगठनमा बलियो सैन्य-शक्ति भक्तपुरमा तयार भएको थियो । लडाइँ तीन दिनसम्म चल्यो र गोरखाली ५० जना जति तथा शत्रु १७०० जति त्यस लडाइँमा परे । काठमाडौं दखल भएको (१८२५ आश्विन १३ गते) ठीक एघार दिनपछि पृथ्वीनारायण शाहले सजिलैसँग पाटन अधीनमा पारेका थिए । उनले लडाइँ गर्नुपरेन र पाटनका प्रधानहरूले उनलाई पाटन राजधानी समर्पण गरे । तर भक्तपुर दखल गर्न उनलाई करीब १ वर्ष लागेको थियो । भक्तपुर

११. **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जीवनी** (भाग ४); पृ० ८१२ ।

१२. **बुइँगल**; पृ० ४५०-५१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दखल नगरुञ्जेल उनले सन्तोषको सास पनि फेरेनन्, किनभने त्यहाँ तीन संयुक्त शक्तिले मोर्चा बाँधिसकेको थियो। आफूले दखल गरिसकेको काठमाडौं र पाटन पनि त्यस शक्तिका सामु गुम्न सक्ने सम्भावना थियो। भक्तपुर दखल गर्न नसक्नु उनको लागि एकीकरण अभियानको बाटोमा तेसिएको तगारो सिद्ध भयो। उपत्यका विजय गरेर नै एकीकरणको बाटो तयार गर्नु थियो। तसर्थ काठमाडौं र पाटनलाई मात्र अधीनमा पारेर पूर्व या पश्चिमतर्फ बढ्न सक्ने स्थिति नै उनको लागि तयार भएन। त्यसैले सं० १८२६ कार्तिक २८ गतेको भक्तपुर विजय नेपाल एकीकरणको इतिहासमा ज्यादै महत्त्वपूर्ण मानिन्छ।[१३] यो विजय एउटा यस्तो अध्यायको प्रारम्भ हो जो सफल नभएको भए पृथ्वीनारायण शाहले थालेको एकीकरण अभियान सं० १८२५ नै अन्त्य हुन्थ्यो। त्यसैले कीर्तिपुरको लडाइँ उल्लेख नगर्नुभन्दा भक्तपुर विजयको उल्लेख कविले नगर्नु ज्यादै आश्चर्यलाग्दो छ। यसो भनेर हामीले यस कविताको रचनाकाल सं० १८२६ भन्दा अघि घचेट्न सक्तैनौं, किनभने यस कवितामा कविले सं० १८२९-३० सम्ममा भएका घटनाहरूको उल्लेख गरेका छन्। सं० १८२९ मा गोरखालीले दूधकोशीमा साँध लगाएका थिए; त्यस्तै सं० १८३० मा चौदण्डीको राजधानी गोरखालीको कब्जामा परेको थियो। मुख्यतः यो कविता पाएपछि हामीले यसलाई केवल सम्मानका दृष्टिले मात्र हेर्यौं, तर यसका सीमाहरूलाई हेरेनौं। साहित्येतिहास केवल प्रशंसाबाटै शुरू गरी प्रशंसामै अन्त गर्ने माध्यम होइन। कविको काव्य-चेतनाको सीमा र सीप-शक्ति कहाँसम्म छ त्यसको सन्तुलनमा कविताको मूल्याङ्कन गर्नुपर्दछ। सुवानन्ददासले पृथ्वीनारायण शाहको वीरगाथा लेखे, यसलाई हामीले नेपाली काव्य-परम्पराको प्रारम्भतिर हाल्न पाएकामा गौरवान्वित पनि भयौं। तर सुवानन्दप्रति हामीले देखाएको यही सम्मान नै हाम्रा लागि पुग्दो भयो। र हामीले आँखा चिम्लेर उनका कविताको नानावली अर्थ लगाउने जाँगर देखायौं। व्यक्ति-व्यक्तिपिच्छे यस कविताका पंक्तिहरूको अर्थ बेग्ला-बेग्लै किसिमले लागेको छ। त्यसो किन भएको हो भने कतिपय ठाउँमा कविले आफ्नो भावलाई ठीक-ठीक शब्द दिएर व्यक्त गर्न सकेका छैनन्। घटनावली शृङ्खलाबद्ध छैन र घटनाहरू छान्दा महत्त्वपूर्ण र अमहत्त्वपूर्णको छानबीन कविले गरेका छैनन्। श्री ५ पृथ्वीनारायण शाहको सच्चा वीरता र साहसकै गाथा गाउनु छ भने भक्तपुर विजय र कीर्तिपुर विजयको उल्लेख

---

१३. सन्दर्भगत यहाँ के चर्चा पनि गरिन्छ भने भक्तपुर विजयको यही महत्त्वलाई बुझेर नै तात्कालिक ललितावल्लभ भन्ने कविले 'भक्तविजय' काव्य लेखेका थिए। यहाँ के शंका उठाउन सकिन्छ भने ललितपुर या कान्तिपुर विजय काव्य किन लेखिएन ? उत्तर स्पष्टै छ : उपत्यका विजयको आवश्यकतामा अन्ततः भक्तपुर विजय नै महत्त्वपूर्ण ठहरियो; त्यसैले 'भक्तविजय' काव्य लेखियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविले किन गरेनन् ? केवल सीमा-साँध लगाउनु मात्र वीरताको चिह्न होइन। कवितामा पूजा-पाठ, खाना र युद्ध-विजयको प्रसङ्ग भद्रगोल अर्थात् छयासमिस छ—कविले ती प्रसङ्गहरूलाई व्यवस्थित रूप दिन सकेका छैनन्। वर्णनात्मक कवितामा सूक्ष्म-सूक्ष्म कुराहरूको पनि चर्चा गर्नाले रोचकतामा वृद्धि निश्चय नै हुन्छ, तर यस कवितामा सूक्ष्म-सूक्ष्म कुराको वर्णनले हदै नाघेको छ—"धानमा लाग्यो वान, पन्द्र सहे गिडा परे, वाह्रवटि सति चले ···" जस्ता वर्णनले पाठकलाई कठिन बौद्धिक कसरत गर्न वाध्य तुल्याउँदछ। इतिहासमा मोटामोटी र बहुचर्चित घटनाहरूको मात्र वर्णन गर्ने प्रयास कवि सुवानन्ददासको छैन। यिनको सीपमा चयन र व्यवस्थापन (selection and order) का गुणको कमी छ।

कवि सुवानन्ददासका दोषहरू कोट्याएर यहाँ यिनलाई झार्न खोजिएको होइन। जस्तो माथि नै भनियो—नेपाली काव्य-परम्परामा यस कवितालाई हाल्न पाइएकोमा हामी गौरवान्वित छौं। शुरू-शुरूको नेपाली साहित्यको भाषाले त्यस रूपमा भए पनि अभिव्यक्तिको माध्यम भेट्टाएछ—यही नै सन्तोषको कुरो छ। नेपाली भाषाले सुवानन्ददास जस्ता युगप्रति चेतनशील भइसकेका कविलाई पछ्याएर अन्ततः कविता लेखाइछाड्यो-यही नै सन्तोषको कुरो छ। प्रारम्भिक कालको सिर्जनात्मक साहित्य-लेखन परम्परामा सोमा र त्रुटिहरू हुनु स्वाभाविकै पनि हो। यस दृष्टिले नेपालीहरूको नैसर्गिक गुणको रूपमा रहेको वीरोचित भावनाको प्रतिनिधित्व गरेर सुवानन्ददासले वीरकाव्य लेखे यही नै उनको महत्ता हो।

यस कवितामा वीरपुरुष पृथ्वीनारायण शाहको अदम्य साहस र असाधारण वीरताको चित्रण हुनाका साथै सं० १८०१ देखि सं० १८३० सम्मको तात्कालिक नेपालको पनि चित्रण गरिएको छ। पृथ्वीनारायणको आकांक्षामा नेपाल कहाँसम्म विस्तरित हुन चाहन्थ्यो, यस कुरोलाई खाद्य-पदार्थको प्रतीकात्मक अभिव्यक्तिसाथ यसरी प्रस्तुत गरिएको छ—

"नेपालको सिन्कि लुटि मंरातको घिले भुटि
पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो
तनहुँको भातसित भीर्कोटको दालसित
कन्चन कटौरा भरि स्ववर्णका थलिया भरि
अष्टदल चौकि वसि गंगाजल झारी भरि
पुरुव मुहुँडा गरि महाँराजको जिउनार वनाव है"

सुवानन्ददासको कवित्व-शक्तिको उत्कृष्ट नमूनास्वरूप यी पंक्तिहरूलाई लिन सकिन्छ। यिनै पंक्तिका आधारमा कविको काव्य-प्रवृत्ति सहजै आँक्न सकिन्छ; ती हुन्—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(१) प्रतीकात्मकता—यी पंक्तिहरूमा उल्लेख गरिएका खाद्य-परिकार पृथ्वी-नारायण शाहको एकीकरण-स्वप्नका प्रतीक हुन् । उनलाई नेपाल एकीकरण गर्ने ठूलो भोक थियो । सर्वप्रथमतः नेपाल खाल्डो खाने दाउले उनले छेउवाट नुवाकोटलाई खाए । त्यसपछि खाल्डो वरपरका सबैजसो मुख्य-मुख्य ठाउँ (नालदुम, महादेव पोखरी आदि) खाइसकेपछि अन्तमा वीचको भाग अर्थात् नेपाल खाल्डोलाई स्वात्तै खाए । उनको भोक यतिमै टर्ने खालको थिएन । एउटा महान् आकांक्षालाई हृदयमा राखेर उनी अघि बढेका थिए । उनी पूर्वतर्फ लम्के र चौदण्डी तथा विजयपुर जस्ता सेन ठकुराई खाँदै दार्जीलिङ्सम्म पुगे । पश्चिमका चौबीस राज्यतर्फ लम्कन उनी लालायित भए । पाल्पा, रिसिंग, तनहुँ भीरकोट आदि आदि चौबीस राज्य खानु पृथ्वीनारायण शाहको लागि नितान्त आवश्यक थियो । त्यस बखत चौबीसी राज्य ज्यादै शक्तिशाली थियो । तसर्थ तिनलाई विधिवत् (अर्थात् "अष्टदल चौकि वसि गंगाजल झारि भरि पुरुव मुहुडा गरि") राजकीय ठाँटबाँट साथ ("खानु साहि चित्त जोर") नखाउञ्जेल सन्तोषको सास फेर्ने खालका व्यक्ति उनी थिएनन् । उनको भोकले उग्र रूप लिन थाल्यो; मानसिक व्यग्रता बढ्यो । कवि सुवानन्ददासले उनको यही मानसलाई यथार्थ रूपमा पक्डेर माथिका पंक्तिहरूमा प्रतीकात्मक बिम्ब प्रस्तुत गरी अभिव्यक्त गरेका छन् ।

(२) लोक-तत्त्व—यस कवितामा लोक-साहित्यको प्रभाव ज्यादै सशक्त छ । लोक स्तरमै जन-मानसलाई पक्रने कोशिश कविले गरेका छन् । जुन चीज वा वस्तु जुन ठाउँमा विशेष नामुद हुन्छ त्यसलाई लोकले व्यवहार वा बोलीमा प्रयोग गरेको हुन्छ । अहिले हामीले भक्तपुरको दही, वीरगंजको ताप्के, पोखराको सुन्तला वा भोजपुरको खुकुरी भने झैं सुवानन्ददासले पनि यस्ता लोक-धारणालाई माथिका पंक्तिहरूमा समायोजन गरेका छन् । नेपालको सिन्की, मगरातको घिउ, पाल्पाको हिंग र जोरा, रिसिङको खोर्सानी, तनहुँको चामल, भीरकोटको दालको प्रसङ्गलाई सम्भवतः कविले त्यस वेलाको लोक-धारणाअनुसारै आपना कवितामा प्रयोग गरेको हुनुपर्छ । यो कवितांश पढ्दा निम्नलिखित श्लोकको सम्झना हुन्छ—

"जस्ते सातु गऱ्यो मकैकन पिंधी सिध्रो मुठीमा धऱ्यो ।
सिन्की थिचि सुकाइदियो नुनढिको फोऱ्यो र साथ्मा लियो ॥
कोदो फाँडि फल्यो नखाइ दहिको ठेको सिकामा धऱ्यो ।
भेडो छोडिदियो दशैंकन भनी त्यो हो बडो बुद्धिमान् ॥

यो श्लोक 'पूर्व-प्रारम्भिक काल' को ठूलो उपलब्धि हो । यस श्लोकमा ठाउँ विशेषका नामहरूलाई लोप गराएर 'समस्या-पूर्ति' का पारामा माथिका झैं लोक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धारणालाई समायोजन गरिएको छ । प्रसङ्गअनुसार यस श्लोकमा प्रयुक्त मकैले दोलखा, सिन्धोले तराई (मकवानपुर), सिन्कोले नेपाल उपत्यका, नूनढिकोले चौबीसी राज्य, कोदोले दैलेख, डोटी, र दहिको ठेकीले दाङ, सिकाले सल्यान, भेडोले कुती र केरुङलाई संकेत गर्दछन् । यो श्लोक सुवानन्ददासको भन्दा पनि ज्यादा प्रतीकात्मक निश्चय नै छ र राजनैतिक स्थितिको जुन समग्र रूपरेखालाई यस श्लोकले प्रस्तुत गरेको छ त्यस्तो सुवानन्ददासको उपर्युक्त पद्यांशले नगरे पनि तात्कालिक नेपाल र यसको भावी सपनालाई त्यसले प्रस्तुत गरेको छ । यो श्लोकभन्दा सुवानन्ददास ज्यादा सरलीकरणतर्फ लागेका छन्, किन भने यिनले लोक-तत्त्वलाई कवितामा बढी स्थान दिएका छन्—प्रयोगको तुलनावाट नै यो कुरो स्पष्ट हुन्छ । माथिको श्लोक शास्त्रीय छन्द अर्थात् शार्दूलविक्रीडित छन्दद्वारा बाँधिएको छ भने सुवानन्ददासको चाहिं लोक छन्दद्वारा ।

(३) लयात्मकता-यस कविताको सम्पूर्ण रूप-विधानको परीक्षण गर्दा लोक-साहित्यको गेयता अर्थात् लयात्मकता यसमा सुरक्षित रहेको पाइन्छ । यद्यपि शास्त्रीय छन्दोवद्ध कवितामा पनि लयात्मकता जरूरै हुन्छ, तर लोक-साहित्यका लोक-गीत, लोककाव्य आदि विधामा पाइने लयात्मकताको बेग्लै स्वतंत्र अस्तित्व हुन्छ । लोकको फुक्का गला जब सम्पूर्ण बन्धनलाई तोड्दै वन-जंगल, पाखा-पखेरो र पहाड पर्वतमा ठोक्किन पुग्छ, तब त्यहाँ लोक-लय स्वतः प्रस्फुटित हुनजान्छ । कवि सुवानन्ददासले पनि यही लोकलय टिपेका छन् । "माहाराजको जिवनार बनाव हैः" मा (र अन्यत्र पनि) 'हैं' को प्रयोगले लयात्मकता प्रकट गर्दछ । स्वयम्भूलाल श्रेष्ठले यो 'है' लाई हिन्दीको 'है' क्रियाप्द मान्नुभएको छ जो कत्ति पनि युक्तिसङ्गत होइन ।[१४] यस कवितामा करीब ३५ वटा 'हैं' प्रयुक्त छन् । जहाँ-जहाँ 'हैं' प्रयोग भएको छ एउटै उद्देश्य लिएर प्रयोग भएको छ । वाक्यबाट क्रियापद निकालिदियो भने त्यो वाक्य अपूरो, बुच्चे र निरर्थक बन्न जान्छ । यो 'हैं' हिन्दीको क्रियापद होइन; त्यसैले पैंतीसै ठाउँवाट यो 'हैं' हरूलाई हटायौं भने पनि त्यो पंक्ति अपूरो, बुच्चे वा निरर्थक बन्दैन । 'हैं' प्रयोग भएका ठाउँमा विशुद्ध नेपाली क्रियापदको प्रयोग भएको छ; जस्तो—**भीरि** ढाल तलवार हैः, **भया** असवारि हैः, **आयो** अथदमी हैः, सांराम **उठाव** हैः, सुनई **लुटाव** हैः, पाप **छुटाव** हैः, तलेजु **बुझाव** हैः, नैवेद **चढाउ** हैः, **लिया** रूप है आदि । यी नेपाली क्रियापदलाई निकाली 'हैं' लाई नै क्रियापद ठाप्न थाल्यौं भने यस कवितालाई हामीले दिएको सम्मान लगभग नष्ट भएर जानेछ । त्यसैले यस कवितामा 'हैं' को प्रयोगले लोक-लयलाई जनाउँदछ । 'कवित्त' को शैलीलाई कवि सुवानन्द-दासले यस कवितामा निर्वहण गरेका छन् । त्यसैले माथि दिइएका पंक्तिमा 'लुटि-भुटि',

१४. **सत्तलको खोजमा** (नेपालः श्रेष्ठ प्रकाशन, २०२९) : पृष्ठ १८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिरो पिरो, 'भातसित-दालसित—यी अनुप्रास मिलाइएका जस्ता शब्दहरूले अलंकार-चेतनालाई होइन कि लयात्मकतालाई ज्यादाभन्दा ज्यादा जोड दिन्छन्। जहाँ लयात्मकताको आवश्यकता छ त्यहीं कविले शब्द मिलाउने कोशिश गरेका छन्, जस्तो—"अष्टदल चौकि वसि गंगाजल झारि" पछि तुरुन्त फेरि "भरि" लेखेर कविले त्यसपछि "पुरुव मुहुडा गरि" भनेर लेखेका छन्। यस्तो प्रवृत्ति यस कविताको अन्य ठाउँमा पनि पाइन्छ।

कवि सुवानन्ददासले यस कवितामा तात्कालिक नेपालले पाउन थालेको आन्तरिक समृद्धिको पनि चित्रण गरेका छन्। "चौडंडिका साँघ लागि" " दुदकोसि साँघलाइ, "ककनिको लायो साँघि" [१५] भनेर नेपालले प्राप्त गरेको भौतिक समृद्धिको मात्र चर्चा कवि गर्दैनन् कि "हेटुडाको जगात षाई डिल्लीको मोहोर ल्याई,, र" ल्याया गजमोति है" पनि भनी तात्कालिक नेपालले प्राप्त गर्दै गएको आन्तरिक समृद्धिको पनि चर्चा गरेका छन्। पृथ्वीनारायण शाह आफ्नो नवनिर्मित राज्यलाई हरतरहवाट सम्पन्न र समृद्ध तुल्याउने सिलसिलामा आर्थिक सम्पन्नताबारे पनि साह्रै चिन्तित रहन्थे। उनको आर्थिक नीति अहिले पनि हाम्रो लागि अनुकरणीय बन्न गएको सर्वविदितै छ। कुनै पनि ठाउँमाथि आक्रमण गर्नुभन्दा पहिले उनी राजनीतिका साथै आर्थिक दृष्टिकोणलाई पनि अपनाई त्यो ठाउँ विजय गर्दथे। हेटौंडा अर्थात् मकवानपुर विजयपश्चात् राष्ट्रलाई करबाट हुने आयमा पनि वृद्धि हुन थाल्यो। सं० १८११ मा उनले चाँदीको मुद्रा ढाले। त्यस वेलाको चलनअनुसार भारतमा जहाँसुकै मुद्रा टकमारी भए पनि त्यसलाई चलन-चल्तीमा ल्याउनको लागि दिल्लीको बादशाहको स्वीकृति अथवा (लाल) मोहर लिनुपर्दथ्यो। टकसार चोखो चलाउने नीति पृथ्वीनारायण शाहको थियो। तसर्थ उनले दिल्लीको बादशाहको राजकीय स्वीकृति (मोहरको अर्थ यही हो) प्राप्त गरी सम्पूर्ण देशभर मुद्रा प्रचलन गराएका थिए। भोटसँग व्यापारिक सम्पर्कको लागि यसरी शुद्ध चाँदीका मुद्रा प्रचलनमा ल्याएर पृथ्वीनारायण शाहले तात्कालिक नेपालको समृद्धिको लागि ठूलो योगदान गरेका थिए। दूधकोशीको दक्षिणी भाग उदयपुर गढी नेपाल राज्यमा गाभिन आएपछि राष्ट्रको वन्य सम्पत्तिमा पनि वृद्धि भयो। त्यहाँको जंगलमा थिए अमूल्य-अमूल्य हात्ती (गज) हरू। कवि ललितावल्लभले आफ्नो पृथ्वीन्द्रवर्णनोदय (सं० १८२७ मार्गमा रचिएको) भन्ने काव्यमा तराई खण्ड विजय भएपछि वर्षपिच्छे सयौं असल-असल हात्ती पृथ्वीनारायण शाहको हात लागेका कुरो उल्लेख गरेका छन।

---

(१५) तुलनीयः 'खाँडो जगाउन्या कवित्त' मा पनि "उँघो गंगाको साँघ लगाई" र..."दिल्ली बेलायतको साँघ लगाई" भनेर लेखिएको पाइन्छ। यहाँ शैलीको तुलनीयता हेर्न लायक छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालको शक्तिमा वृद्धि हुँदै गयो। नेपाल उपत्यकाका साथै पूर्वतर्फ पनि नेपालको झण्डा फरफराएको देखेर पश्चिमका बाईसी-चौबीसी राज्यहरूमा हल्ली-खल्ली मच्चिन गयो। नेपालको बढ्दो शक्ति देखेर—

"तनहौले घट लुज्यो पालपाले मुटु मिज्यो
कस्क्यालि उदेषायो पर्वते बिलषायो
छलियो पिउठानि है"—

भनेर कवि सुवानन्ददासले लेखेका छन्। यसरी तात्कालिक नेपालको ऐतिहासिक भूगोलको सापेक्षतामा कविले राष्ट्रको परिचय प्रस्तुत गरेका छन्। राष्ट्रिय भावनाको परिपाक कविमा छ भन्नु अत्युक्ति हुँदैन।

वीर-काव्य प्रवृत्तिका सन्दर्भमा यस कविताको मूल्य निरूपण गर्दा एउटा अर्को महत्त्वपूर्ण आयाम पनि टङ्कारो रूपमा देखापर्दछ—त्यो हो पृथ्वीनारायण शाहका व्यक्तित्त्वको स्थापना। उनको वीरत्त्वपूर्ण व्यक्तित्त्व चित्रण गर्न कविले कलात्मक सीप अपनाएका छन्। कविले पाठकलाई पनि युद्ध-क्षेत्रमै लगेका छन् र आँखासामु पृथ्वीनारायण शाहको वीरता र शौर्यको प्रदर्शन गरिदिएका छन् :—

"झिल्ली मिल्ली तरवार विज्युलि कि जोति है :

× × ×

"नुरहि तुरहि बाजे भेरि तोप कर्णालि है :
झिना झाङकर काई फादाफुदा लरकाई
माथमा अम्बर छाई भया असवार है :"

यी पंक्तिहरूमा एकातिर युद्ध-क्षेत्रका दृश्यहरूको चित्रण छ भने अर्कातिर त्यसैको पृष्ठभूमिमा पृथ्वीनारायणको वीरताको सजीव दृश्य छ। युद्धक्षेत्रको चित्रण गर्दा कविले वीभत्सताको पनि प्रस्तुति गर्न सक्थे होलान् तर त्यसो गरेका छैनन्, किनभने यथोचित पृष्ठभूमिमा उनले आफ्ना वीर पुरुषको व्यक्तित्त्वलाई पाठकको विश्वसनीयतामा पारेर अघि सार्नु थियो। यस कवितामा मार-काट र मृत्युको प्रसङ्ग वीरतापूर्ण कार्यसँगै सम्बद्ध गरिएको छ। कतिसम्म भने यस कविताको पूर्वार्धमा गरिएको धार्मिक कार्यको प्रसङ्गलाई समेत वीरताको प्रतिष्ठापनमा महत्त्व दिइएको छ। पृथ्वीनारायण शाहले आफ्नो एकीकरण अभियानको स्वप्न साकार पार्न दैवी-शक्तिसमेत गुहारेका थिए भन्ने कविले देखाएका छन्। कविले सांस्कृतिक पृष्ठभूमि बाँधेका छन् र "छेत्रीको करम गरि पाप छुटाव है" भनेर यही पृष्ठभूमिलाई अझ दरिलो तुल्याएका छन्। संस्कृतका कवि नाटककारहरूले आफ्ना पात्रलाई धीरोदात्त बनाउन जुन सीप अपनाउँदथे, यहाँ पनि कवि सुवानन्ददासले त्यही गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जीवनी (वीर पुस्तकालयद्वारा प्रकाशित) मा पनि भनिएको छ—"....हान्मार्गर्न्या क्षेत्रीयको जातै हो हान्मार्गर्‌याकै कामैले मात्रै त ठूलो जस होई सक्तैन क्या अर्थले भन्या क्षत्रिय भै लडाञीमा काफर भै हान्‌मार्गर्न सकेन भन्या आफ्नै कुलैलाई समेत् कुजस चलाउन्या पुरुष कहलाउँछन्" । सांस्कृतिक आधारमा र तत्कालीन राजनैतिक आवश्यकका सन्दर्भमा यसरी कविले पृथ्वीनारायण शाहलाई वीर-पुरुषका रूपमा चिनाएका छन् ।

यो कविता केवल स्तुति नै स्तुतिको शब्दावलि वा विरुदावलि होइन । केवल कोरा स्तुति मात्र 'वीरकाल' को यथार्थ प्रवृत्ति पनि थिएन । निरंकुश शासन व्यवस्थामा मात्र स्तुति काव्यले प्रमुखता पाउँदछ, जस्तो राणाकाल । तर शाहकालको पूर्वार्द्ध कालमा यस्तो निरंकुश शासन व्यवस्था थिएन । पृथ्वीनारायण शाहले नव-निर्मित राज्यलाई आदर्शीकरण गर्ने योजना गरेका थिए । उनको व्यक्तित्वमा स्वाभाविक किंवा अकृत्रिम आकर्षण थियो । त्यस वेला सम्भव भएको राष्ट्रिय चेतनाको उद्‌बोधन उनको व्यक्तित्वकै प्रभाव र प्रेरणाको परिणाम थियो । यसै पृष्ठभूमिमा त्यस वेला साहित्य-रचना भएको थियो । सुवानन्ददासले "प्रतापि राजै पृथिनारायन् साहि है" निर्वैयक्तिक भएर भनेका हुन्, क्षणिक आवेगमा आएर वा अति भावुक भएर भनेका होइनन् । पृथ्वीनारायण शाहको वीरतापूर्ण व्यक्तित्वको प्रभावले त्यस वेला जतातत प्रसिद्धि पाएको थियो । वर्तमान समयमा पनि हामी उनको नाम सुन्नासाथ नतमस्तक हुन्छौं । उनी वीर थिए भन्ने कुरो शाश्वत सत्य भइसकेको छ । "प्रतापि राजै पृथि-नारायन् साहि है :"—नेपाली मात्रका हृदयको सामूहिक आवाज थियो जुन आवाज लाई विनाअतिशयोक्ति कवि सुवानन्ददासले यस कवितामा लिपिबद्ध गरेका छन् ।

सुवानन्ददासको कवि-हृदयको धरातल युगानुकूल निर्मित भएको छ । कवि ज्यादै सचेत छन् र ऐतिहासिक तथ्यहरूलाई कवि-कल्पनाको जलप लगाई सुहाउँदो किसिमले सिंगारेका छन् । उनी भन्छन्—

"गोकुल पुग्यो नुवाकोट कृष्ण अउतारि है :"

कविले यस पंक्तिमा तान्न खोजेका 'कृष्ण' जुद्धशमशेरका जस्ता शृंगारी कृष्ण थिएनन् । लीला र रति क्रीडा गर्ने कृष्णको आवश्यकता नै त्यस युगलाई थिएन; थियो त केवल यदुकुल श्रेष्ठ वीर-योद्धा कृष्णको । पृथ्वीनारायण शाह यही कृष्ण अवतार थिए जसले नेपाल उपत्यकाको पश्चिम द्वार नुवाकोट विजय गरी एकीकरण-तपस्या साधना गर्न थालेका थिए । फेरि अर्का ठाउँमा कवि भन्दछन्—

"देसको तारका वाजि
मर्दका महाराजि सूर्ज्या कृर्णि जैस्व
राजै लिया रूप है :"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठकबाट विश्वास प्राप्त गर्दै जानु कवि सुवानन्दको विशेषता हो। यसैको लागि उनी पाठकलाई कहिले युद्ध-क्षेत्रमा लैजान्छन् त कहिले पुराणका उदाहरण पेश गर्दछन्। ढाल-तलवार र कटारीद्वारा सुसम्पन्न वीर नेपाली जातिलाई कविले काशीको तीर्थ-यात्रामा पनि देखाएका छन्। मर्द नेपाली जातिको प्रतिनिधि-पुरुष झन् कति घेरै मर्द हुन्छ त्यस कुरालाई आँखनको लागि माथिका दुई पंक्तिमा कविले शक्ति-शाली प्रकाश-पुञ्जका रूपमा पृथ्वीनारायण शाहलाई प्रस्तुत गरेका छन्। अर्को एक ठाउँमा कवि भन्दछन् :—

"हंस रूप धरि, भिम्सिनको सरूप गरि
भुमराको भेस गरि सुनई लुटाव है :"

यी पंक्तिहरूमा उपमा-प्रयोगको चातुर्य प्रशंसनीय छ। यिनै उपमाहरूले गर्दा यहाँ 'लुटाव' शब्दले राम्रो अर्थ ग्रहण गर्न पुगेको छ। यी पंक्तिहरूमा पृथ्वीनारायण शाहको रण-कुशलताको परिचय कलात्मक भाषामा दिइएको छ। उनी जहिल्यै पनि संयोजित (Tactful) लडाइँ नै लड्दथे तसर्थ उनको जित हुन्थ्यो र लाखौं सम्पत्ति ('सुन यही अर्थमा कविले प्रयोग गरेका हुन्) हात लाग्दथ्यो। सुवानन्ददासको कवि-चेतनाको सुन्दर निदर्शन यी पंक्तिहरूमा भएको छ। लोक-प्रचलित कथा वा पुराणका प्रसंगहरूलाई कल्पनासँग जोडेर एउटा सजीव चित्र उतार्न कवि निपुण देखिन्छन्।

यो कविता सम्पूर्णतः वर्णनात्मक छैन। कवि सुवानन्ददास यहाँ बग्दो पानी जस्तो भएका छन् जो आवश्यकतानुसार कहीं सोझो गति लिन्छ, त कहीं भित्र-भित्रै गहिरिएर गम्भीर डुबुल्की पनि लिन्छ; तर कहीं पनि अडिदैन र गन्तव्य स्थानमा पुग्दछ। यद्यपि कहीं-कहीं अर्थ लगाउन अपरिचित शब्द र प्रसङ्गले पाठकलाई अप्ठ्यारो-मा पार्दछन् तथापि कविता पढिसकेपछि सुवानन्ददासलाई हामी बुझ्छौं अथवा उनका कविताले कतातिर इशारा गरेको छ त्यो हामी थाहा पाउँछौं।

●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शक्तिवल्लभ अर्याल

शक्तिबल्लभ अर्ज्याल लक्ष्मीनारायण अर्ज्यालका छोरा थिए। यिनी "शक्तिवल्लभ भट्टाचार्य" का नामले पनि प्रसिद्ध छन्। यस 'भट्टाचार्य' का बारेमा विद्वानहरूबीच ठूलो विवाद चलेको छ। डा० पिनाकीप्रसाद तथा महानन्द सापकोटाको धारणाअनुसार यिनी "अर्ज्याल" नभएर "आचार्य" थिए। अर्ज्यालिहरूको मूल थर पहिले 'भट्ट' थियो। यिनै दुई शब्द "भट्ट" र "आचार्य" मिलाएर शक्तिवल्लभले 'भट्टाचार्य' लेखेका हुन् भन्ने धारणा सापकोटाज्यूको छ। उहाँको विचारअनुसार यिनको प्रचलित नाउँ थियो "सागरानन्द" र यिनी जयनारायणका छोरा थिए। तर बालकृष्ण पोखरेलज्यूले यस कुराको खण्डन गरी शक्तिवल्लभ 'अर्ज्याल' नै थिए भन्ने कुरो प्रमाणित गर्नुभएको छ। अझ उहाँले के पनि भन्नुभएको छ भने बाबुराम आचार्यले भने झैं बंगालीहरूको सिको लिएर शक्तिवल्लभ भट्टाचार्य भएका होइनन्। पोखरेलज्यूको निष्कर्ष छ—"...शक्तिवल्लभको थर अर्ज्याल हो। उनी थरको साटो भट्टाचार्य लेख्न रुचाउँथे। भट्टाचार्यको पहिलो खण्ड (भट्ट) उनकै पुर्खादेखि चलिआएको पदवी थियो, दोस्रो खण्ड (आचार्यचाहिं सम्भवतः उनले छिमेकी बंगालको प्रभावमा आएर लहडवश गाँसेको हुन सक्छ--अचेलका ईश्वर बराल एकताक बरालोपाध्याय भए झैं।[१६]

वीर पुस्तकालयबाट प्रकाशित "श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" मा शक्तिवल्लभको 'अर्ज्याल' थर नै लेखिएको छ। परन्तु "जयरत्नाकर नाटक" (सं० १८४९) र हास्यकदम्ब (सं० १८५४) मा शक्तिवल्लभले आफ्नो नामका पछाडि 'अर्ज्याल' को सट्टा 'भट्टाचार्य' लेखेका छन्। कारण के हो त भने सं० १८४१ मा रणबहादुर शाहको व्रतबन्ध हुँदा यिनलाई 'भट्टाचार्य पदवी दिई "राजपुरोहित" का रूपमा सम्मान गरिएको थियो[१७]।

"जयरत्नाकर नाटक" को प्रथम कल्लोलमा शक्तिवल्लभ अर्ज्यालले आफ्नो परिचय यसरी दिएका छन्, "आत्रेय गोत्रमा पैदा भएका, कान्यकब्जकलका गहना

---

(१६) बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य (काठमाडौं, रत्न पुस्तक भण्डार, सं० २०२१); पृष्ठ १३९—१४९

(१७) बाबुराम आचार्य श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह (संक्षिप्त जीवनी) भाग १, (श्री ५ महाराजाधिराजको प्रेस सचिवालय, सं० २०२४); पृष्ठ १२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्ता भएका, अर्ज्याल घर भएका, गोरखा शहरमा बस्ने, संगीत शास्त्रको रफत गरेका, शृंगार आदि नवरस जान्ने, कलामा सिपालु भएका, लौकिक भाषामा रहेको राजनीति बुझेका, राजाले मानिएका, लक्ष्मीनारायणका छोरा शक्तिवल्लभ भट्टाचार्य संसारमा प्रख्यात छन् ।[१८] यसबाट हामी शक्तिवल्लभ अर्ज्यालबारे धेरै जान्न सक्तछौं । यिनी प्रतिभा तथा प्रभावपूर्ण व्यक्तित्त्व भएका व्यक्ति थिए । यिनी गोरखा निवासी थिए । तर यिनको जन्म र मृत्यु तिथि थाहा हुन नसक्नु ज्यादै दुःखको कुरो हो ।

भाषा 'वंशावली' का अनुसार शक्तिवल्लभ अर्ज्याल पहिले लामुडाँडाको तैनाथ लिई देउराली ठाना कुर्ने गर्दथे । सो वंशावलीमा विस्तारपूर्वक के लेखिएको छ भने एक पटक पृथ्वीनारायण शाहले समुद्र निलेको सपना देखेछन् । पुरोहित रामकृष्ण जोशीलाई यस सपनाको अर्थ बताउन लगाउँदा त्यस अर्थ्याइँबाट चित्त नबुझी पृथ्वीनारायण शाहले ढाल-तरवार बाँधी ठाना कुर्ने तिनै शक्तिवल्लभलाई झिकाई फल जान्न चाहे । "यो स्वप्नमा हजुरले स्वप्न देख्याको होइन, नेपालको तीन तखत लिनु भयाको हो"—भनी शक्तिवल्लभले बताइदिंदा पृथ्वीनारायण शाह ज्यादै खुशी भए । त्यसपछि रामकृष्ण जोशीलाई पुरोहित्याइँबाट खोसी शक्तिवल्लभलाई ढाल-तरवार बाँधेकामा प्रायश्चित्त गराएर उनलाई पृथ्वीनारायण शाहले पुरोहित्याइँ दिए[१९] यसरी यस रूपमा शक्तिवल्लभ अर्ज्यालको उच्च जीवन शुरू भएको थियो र पछि यिनले राजकीय सम्मान पाएका थिए । वीर पुस्तकालयबाट प्रकाशित "श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" अनुसार काशी-यात्राको लागि चाहिने आवश्यक आर्थिक व्यवस्था मिलाउनेमध्येमा यिनी पनि एक थिए । पृथ्वीनारायण शाहसँगै यिनी पनि काशी गएका थिए । नुवाकोट आक्रमणको लागि स्वयं यिनी पनि सँगै गएका थिए । यसबाट यिनले आफ्नै आँखाले रक्तरंजित रण-मैदान देखेका थिए भन्ने स्पष्ट हुन्छ ।

शक्तिवल्लभ अर्ज्याल संस्कृतका विद्वान थिए । यिनका विद्वत्ताको क्षेत्र प्रमुखतः काव्य वा साहित्य र त्यसपछि कर्मकाण्ड थियो । लक्ष्मण कविको "कवितानिकषोपल" मा चर्चित कवि-गोष्ठीमा कविका रूपमा शक्तिवल्लभले पनि भाग लिएको कुरो उल्लिखित छ । ललितावल्लभको भक्तविजय काव्यमा पृथ्वीनारायण शाहको विश्वासपात्र शूरा र धीर व्यक्ति भनेर यिनको नाम पनि उल्लेख गरिएको छ । जे होस्, कृतित्वका आधारमा यिनलाई संस्कृतका ठूला कवि मान्न सकिन्छ । नेपालीमा पनि

(१८) नयराज पन्त र अरू (सम्पा.), श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृष्ठ ५०२.

(१९) ऐजन; पृष्ठ ७९०–७९१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनले केही श्लोक दिएर तथा हास्यकदम्बको नेपाली अनुवाद दिएर नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन्। नेपाली कवितालाई सर्वप्रथम यिनले शास्त्रीयताद्वारा छन्दोबद्ध पारे तथा नाटकको रूपरेखा बसाले।

शक्तिवल्लभको कवि-व्यक्तित्वका तीन रूप भेटिन्छन्। पहिलो रूप यिनको "पुरश्चरणचातुरी" (सं० १८२८) भन्ने संस्कृत कृतिमा भेट्टिन्छ। आफ्ना पिता नरभूपाल शाह झैं पृथ्वीनारायण शाह पनि पुरश्चरणमा औघी नै विश्वास गर्दथे। कुनै पनि कार्य गर्नुभन्दा अघि उनी पुरश्चरण गराउँदथे। यस कुराबाट परिचित भइसकेका शक्तिवल्लभ अर्ज्यालले उनको मनसाय बुझी उपर्युक्त कृति लेखेका थिए। दोस्रो रूप यिनको "जयरत्नाकर नाटक" (सं० १८४९) मा भेट्टिन्छ। यो कृति यिनले चौतरिया बहादुर शाहको लागि लेखेका थिए। बहादुर शाहकै पालामा पश्चिम विजय भएको थियो, विजयको बाढी नै चलेको थियो उनको नायबी कालमा। अतः यस कृतिमा बहादुर शाहको वीरताको वर्णन यिनले खूबै गरेका छन्। तेस्रो अथवा अन्तिम रूपचाहिं भेट्टिन्छ "हास्यकदम्ब" (सं० १८५४) मा। रणबहादुर शाहको मनसाय बुझी तिनले यो कृति लेखेका थिए। रणबहादुर शाह विलासप्रेमी थिए, साँढे जुधाएर उनी मनोरञ्जन लुट्दथे, पशुपक्षी पाल्नामा यिनलाई सोख थियो। अतः शक्तिवल्लभ अर्ज्यालले 'हास्यकदम्ब' मा मनोरञ्जनको समावेश गरी रणबहादुर शाह-लाई रिझाउने लक्ष्य लिएका छन्। यी तीनै संस्कृत कृतिहरू हुन्।

माथि चर्चा गरिएका ३ कृतिबाहेक शक्तिवल्लभका अन्य ३ कृतिहरूका पनि नाम सुनिन्छन्, ती हुन्—"ललितमाधव" "सुधातरंगिणी" र "दानप्रकाश। यी पनि संस्कृत कृति नै हुन्।

शक्तिवल्लभले पृथ्वीनारायण शाहदेखि रणबहादुर शाहसम्मको दरबार देखेका थिए भन्ने कुरो माथि चर्चित कृतिका आधारमा भन्न सकिन्छ। दरबारबाट सम्मान प्राप्त गरेका र कवित्व-शक्ति पनि भएकोले आफ्नो समयमा यिनी प्रभावशाली थिए भन्ने अनुमान गर्न सकिन्छ।

"नेपालको संक्षिप्त वृत्तान्त" [खण्ड १; पृष्ठ १३०–१३१] मा बाबुराम आचार्यज्यूले "शक्तिवल्लभका कविताहरू प्रशस्त पाइन्छन्"—भनेर लेखे पनि अहिलेसम्म केवल दुई श्लोक मात्र फेला पर्न सकेको छ।

दुई श्लोक—

यो कविता सर्वप्रथम चित्तरञ्जन नेपालीज्यूले 'प्रगति' पत्रिकाको पूर्णांक १३ मा छपाउनुभएको थियो। यो कविता उदयानन्द अर्ज्यालको कवितामार्फत प्राप्त भएको हो। उनले आफ्नो कविता उद्धृत गरेका छन्—"बड़ा बाबु पर्न्या शक्ति वल्लभ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरोहित काकाजीले बनायाको सिलोकमध्ये दुइवटा मात्रै पनि लेषिन्छन् ।" यो कविता "तनहुँ-भकुण्डो" शीर्षकमा 'बुइँगल' मा छापिएको छ ।

यस कविताले 'पूर्व-प्रारम्भिक काल' को काव्य-प्रवृत्तिको एउटा महत्त्वपूर्ण पक्ष प्रस्तुत गर्दछ । यसमा तात्कालिक राजनैतिक अवस्थाको जीउँदो चित्रण छ । यो वीरता भावानुसिक्त राजनैतिक कविता हो र यसले रचयिताको राजनैतिक ज्ञानको परिचय दिन्छ । सुवानन्ददास र उदयानन्दका कवितामा झैं यस कवितामा कुनै व्यक्तित्वको स्तुति छैन, न पाठकलाई रण-मैदानमा डोऱ्याएर लैजाने अभिप्राय छ । अपितु यसमा विजयको लागि कसरी अघि बढ्ने भन्ने कुराको राजनैतिक परामर्श काव्य-भाषामा लेखिएको छ ।

यो कविता त्यस वेला रचिएको हो जब तनहुँ नेपालको अधीनमा आइसकेको थियो तर आफ्नो दुर्बलताले गर्दा त्यो ठकुराइ आफ्ना हातबाट बिच्किन-बिच्किन लागेको थियो । यस दृष्टिले सं० १८३९ तिर यो कविता लेखिएको देखिन्छ । यसै सालमा तनहुँमाथि नेपालको विजय भएको थियो । यो कविता लेख्दा तनहुँ नेपालमा मिसिसकेको थियो भन्ने कुरो यस पंक्तिबाट थाहा हुन्छ—

"तेस ढङ्ग तनहूँ कति खाला ।"

धेरै दिनसम्म तनहुँमाथि गोर्खालीले अधिकार जमाउन नसक्ने कुराको संकेत कविले यस पंक्तिमा दिएका छन् । यसका कारणचाहिं कविले यसभन्दा माथिका तीन पंक्तिमा खुलस्त पारिदिएका छन् । त्यस वेला राजगद्दीमा रणबहादुर शाह थिए र नायबीचाहिं राजेन्द्रलक्ष्मीले लिएकी थिइन् । बहादुर शाह र राजेन्द्रलक्ष्मीको आपसी तानातानीले गर्दा त्यस वेला नेपालको शक्तिमा केही आँच आएको थियो । त्यसैले त राजेन्द्रलक्ष्मीका पालामा पश्चिमतर्फ त्यति धेरै विजय हुन सकेन । तिनको मृत्युपछि निस्फिक्री हुन सकेकैले बहादुर शाहले पश्चिमतर्फ प्रशस्त विजय गरे । राजेन्द्रलक्ष्मीका पालामा तनहुँमाथि विजय हुन त भयो तर कवि शक्तिवल्लभका अनुसार भारादारीमा कमजोरीपन देखियो । कवि के लेख्छन् भने मंत्री (बुद्धिसागर ?) कच्चा बुद्धिका छन्, पञ्च परमेश्वरहरूको चाला-माला राम्रो छैन; अनि ज्योतिषी (खरीदार=खरी कोर्ने अर्थात् ज्योतिष जसको नाम यहाँ कालु जैसी भनिएको छ) पनि अनुभवी छैनन् । युद्ध तथा विजयको लागि चाहिने यी भारादारहरू ठीक नभएकाले तनहुँमा नेपाली अधिकार कति दिनसम्म रहला र ! भन्ने विचार कविले पहिलो श्लोकमा लेखेका छन् । दरबारसँग सम्बन्धित भएकाले भित्री शक्तिको ज्ञान कविलाई थियो । हुन पनि कविले संकेत गरे झैं अन्तमा तनहुँका पराजित राजा हरकुमारदत्त सेनले पछि अन्य शक्तिको सहायता लिई नेपालीका हातबाट तनहुँ खोसेर लिइछाडे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोस्रो श्लोक हेर्दा साँच्चै नै शक्तिवल्लभ अर्ज्याल 'राजनीतिलाई बुझेका' व्यक्ति थिए भन्न सकिन्छ। राजनीतिक दाउपेचको चर्चा गर्दै अन्तमा कविले "मारि लेउ तनहूँ त भकुण्डो" भनी सदाको लागि तनहुँमा अधिकार जमाइराख्ने राजनीति बताएका छन्। यो राजनीति सफल पार्न कविका विचारमा लमजुंगलाई भकुण्डो लगाइदिएर नेपालपट्टि मिल्न बाध्य तुल्याइएकै छ (किनभने तनहुँ विजय-भन्दा अघि नै लमजुंगमा नेपालीहरूले विजय प्राप्त गरिसकेका थिए); कास्कीलाई सुनको खुकुण्डोले बाँध्नुपर्छ (अर्थात् लाखविषीको सन्धि गरेर [पैसाको लोभ देखाएर] कास्कीलाई आफ्नो पक्षमा लिनुपर्छ; र प्यूठानलाई चाहिं बत्ती देखाउनुपर्छ (अर्थात् मद्दत गरेर कृतार्थ तुल्याइराख्नुपर्छ)। यति गर्न सकियो भने सधैंको लागि तनहुँ खान सकिन्छ भन्ने राय कविले व्यक्त गरेका छन्। यस कवितामा भएको राजनीति विषयक यो चर्चा हेर्दा परामर्शका रूपमा कवि शक्तिवल्लभले यो कविता राजेन्द्रलक्ष्मी-लाई चढाएका थिए कि भन्ने अनुमान गर्न सकिन्छ। उदयानन्दले पनि अर्जीका रूपमा आफ्ना कविता तात्कालिक शासकलाई चढाएका थिए। सार्वजनिक आस्वादनको लागि यसको राजनैतिक कविता अवश्य पनि शक्तिवल्लभले लेखेका थिएनन्। सम्भवतः साह्रै गोप्यतवरसँग यो कविता यिनले तात्कालिक शासकलाई चढाएका थिए, किन-भने राजनीतिक चालबाजी त्यस समयमा ज्यादै महत्त्वपूर्ण थियो।

यस कवितामा अस्पष्टता निकै भए तापनि रूप-विधान निकै आकर्षक छ। भाषाको चोखो रूपलाई प्रस्तुत गर्नाका साथै यसमा कविले पाठकलाई अन्त्यानुप्रासको मोहले बाँधेका छन्। प्रतीकात्मकता यस कविताको महत्वपूर्ण विशेषता हो। पहिलो श्लोकमा वर्णनात्मकता भए पनि दोस्रो श्लोकमा ज्यादै भावनाको संश्लिष्टता छ। भकुण्डो खेल्नको लागि जुन खेल-मैदानको संकेत यहाँ कविले गरेका छन् त्यो निश्चय नै राजनीतिको मैदान हो। यही मैदानमा मकुण्डो, खुकुण्डो र सुकुण्डोलाई राजनीति सापेक्षिक अर्थ दिई प्रतीकका रूपमा कविले भकुण्डोसँगै प्रयोग गरेका छन्।

हास्यकदम्ब—

यस कृतिबारे यसैको गद्य खण्डमा हेर्नुहोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदयानन्द अर्याल

उदयानन्द अर्ज्याल शक्तिवल्लभ अर्ज्यालका भतिजा थिए। यिनको जन्म र मृत्यु-तिथि अझै थाहा हुन सकेको छैन। यिनका पिताको नाम विश्वेश्वर थियो जो ज्योतिष थिए। उनले किराती राजालाई रिझाएर कोशीनजीकै सप्तरीमा बिर्ता पनि पाएका थिए। त्यो ठाउँ थियो वैरवा! कवि उदयानन्दको जन्म यही ठाउँमा भएको थियो। यिनले आफ्नो "२६ सिलोके कविता" मा आफूलाई 'ढाक्रे' भनेर लेखेका छन्। यो कविता सं० १८५० तिर रचिएको भनी अनुमान गरिएकोले त्यस समयसम्म यिनी बेजागिरे नै थिए भन्ने देखिन्छ। आफ्नो 'कुलवर्णन' भन्ने कवितामा चाहिं यिनले यसरी दिएका छन्।

"उनका पुत्र त एक मात्र उदयानन्दै भनी आज छन्,
पंडित् ज्योतिषि वेस् कवि पनि बडा काम्ले अमिन् भन्दछन्"

सं० १८८७ सालमा भीमसेन थापाबाट यिनले अमीनको दर्जा पाएका थिए। त्यस वेला 'अमीन' साह्रै ठूलो पद थियो। यस पदमा आएपछि उदयानन्द अर्ज्यालले पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म उत्तरमा महाभारत डाँडादेखि दक्षिणमा भारतको सीमानासम्मको शासनभार सम्हाल्नुपरेको थियो। यसबाट यिनी आफ्नो समयमा कति धेरै प्रभावशाली व्यक्ति थिए भन्ने अनुमान गर्न सकिन्छ। त्यसै हुनाले यिनका बारेमा रोचक-रोचक अनुश्रुतिहरू पनि सुनिन्छन्। भनिन्छ, यिनले स्नान गरेको पानी कुष्टरोग भएको मानिसको लागि महौषधि हुन्थ्यो। जे होस्, यिनी एक कवि हुनाका साथै त्यस वेलाका एक विशिष्ट व्यक्ति पनि थिए। ध्रुवप्रसाद अर्ज्यालजी लेख्नुहुन्छ, "....उदयानन्द कवि मात्र नभई उनले आजको विभागबमोजिम हेरेमा गृह, अर्थ, रक्षा र केही अंशमा विदेश मंत्रीसमेतको दर्जा नभए पनि काम त गरेको देखिन्छ।[१] यसका अतिरिक्त यिनी संस्कृतका पंडित थिए भन्ने कुराको पुष्टि यिनले रचेका संस्कृतका श्लोकबाट गर्न सकिन्छ। लक्ष्मीनारायणको मन्दिरमा चढाइएको घण्टीमा कुँदिएको श्लोकका आधारमा सं० १८९३ सम्म पनि यिनी जीवित थिए भन्ने अनुमान गर्न सकिन्छ। यस बाहेक यिनका जीवनी बारे अरू कुनै कुरो थाहा पाउन सकिएको छैन।

उदयानन्द अर्ज्यालको कवि-व्यक्तित्व यस 'पूर्व-प्राथमिक काल' को लागि निकै महत्त्वपूर्ण सिद्ध भएको छ। यद्यपि यिनका कविताका कतिपय ठाउँमा भाव अस्पष्ट

१. ध्रुवप्रसाद अर्ज्याल "कवि उदयानन्द" नेपाली-१८, २०२० माघ-फागुन-चैत, पृष्ठ १०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ, तैपनि नेपाली भाषाको चोखो रूप यिनका कवितामा पाइन्छ। यिनको काव्य-चेतना केवल समसामयिक ऐतिहासिक तथ्यसँग मात्र सम्बद्ध थिएन कि वैयक्तिक जीवनका अनुभूतिलाई पनि यिनले मौलिक अभिव्यक्ति दिए। एक हदसम्म सामाजिक चेतना पनि यिनमा विद्यमान थियो भन्न सकिने भएको छ। वंशको क्रमागत परिचय दिनको लागि पनि यिनले कविताको माध्यम अपनाएका छन्। संस्कृतको प्रभाव यिनमा बढो छ, त्यसैले शास्त्रीय शैलीको प्राबल्य यिनमा छ, यिनका छन्दानुशासित कविताले नेपाली काव्य-परम्परामा खेलेको भूमिका महत्त्वपूर्ण त छँदैछ, यसका साथै कवितामा विषयको विविधतालाई पनि समावेश गरेर यिनले नयाँ सम्भावनाको बाटो खोलिदिए।

सर्वप्रथम यस कालको मूल प्रवृत्तिका सन्दर्भमा यिनको 'छब्बीस सिलोके कविता' (जो 'बुइँगल' मा "कविलासपुर-कटक" र 'साझा कविता' मा "सिंहप्रताप शाह" शीर्षकमा छापिएका छन्, का मूल्य-मूल्यान्तरलाई हेरौं। यो कविता मूलतः श्री ५ प्रतापसिंह शाहका शासनकालमा सम्पन्न भएको कविलासपुर र सोमेश्वर विजयका वर्णनमा केन्द्रित भए तापनि लेखिएको चाहिं श्री ५ रणबहादुर शाहको शासनकालमा हो। यस मान्यताको आधार के हो भने कविले "तिन् पुस्ता सँग नाति साघि जितमा....." भनेर श्री ५ पृथ्वीनारायण शाहदेखि श्री ५ रणबहादुर शाह-सम्म जम्मा तीन पुस्ताका वीरहरूको प्रसङ्ग ल्याएका छन्। सं. १८३४ मा प्रतापसिंह शाहको मृत्यु हुनुभन्दा करीब दुई वर्षअघि अर्थात् सं० १८३२ मा नै रणबहादुर शाहको जन्म भइसकेको थियो। यस हिसाबले प्रतापसिंह शाहसम्म तीन पुस्ता सन्तान वृद्धि भइसकेको मान्न सकिन्छ। तर यतिकै आधारमा यो कविता प्रतापसिंह शाहका पालामा लेखिएको थियो भन्न नसकिने स्थिति छ, किनभने कविले तेस्रो श्लोकमा लेखेका छन् :—

'महाराज् पृथिवीन्द्र शाह नृपका अस्त्यार नायक् बनी,
चौबिस् बाइस राज्य दिग्विजयमा औतार् भयाका भनी,
श्री बाहादुर शाहदेव थितिमा चार्वर जम्या जन् गनी,[२]
चाकर् बेस बुबाज्युको छ कबिलास्पुर् हान्न जाम्या अनी।

यस श्लोकमा कवि उदयानन्दले श्री ५ रणबहादुर शाहको नायबी लिई पश्चिम विजयतर्फ अग्रसर भएका चौ० बहादुर शाहको प्रसङ्ग ल्याएका छन्। नेपाल एकी-करण र विस्तारका इतिहासमा बहादुर शाहको भूमिका प्रतापसिंह शाहपछि (अझ राजेन्द्रलक्ष्मीको मृत्युपछि) नै शुरू हुन्छ। पूर्वतर्फको विजय पृथ्वीनारायण शाहकै

२२. यस श्लोकमा बहादुर शाहका सन्दर्भमा कविलासपुर-कटकको उल्लेख ऐतिहासिक तथ्यसँग नमिल्दो छ। कविलासपुर विजय प्रतापसिंह शाहका पालामा भएको थियो जब कि यस वेला बहादुर शाह बेतियामा गई बसेका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पालामा प्रशस्त भइसकेको थियो । प्रतापसिंह शाहको शासनकाल केवल करीब ४ वर्ष-को मात्र रह्यो र यस अल्पकालमा कविलासपुर, उपर्दाङगढी मात्र विजय भयो । अन्ततः रणबहादुर शाहकै पालामा नायब बहादुर शाहले बाईसी चौबीसी राज्यलाई नेपालमा मिलाई गढ कुमाऊँसम्ममा पनि शासन कायम राखेका थिए । पृथ्वीनारायण शाहमा भए जस्तो आदर्श र वीरता यिनमा थियो । पश्चिम विजयको लागि यिनी पृथ्वीनारायण शाहकै अवतार थिए भनेर स्पष्ट शब्दमा माथिका श्लोकमा भनेका छन्—कविले । कविले बहादुर शाहको बहादुरी देखिसकेका थिए । त्यसैले चौबीसी र बाईसी राज्यको दिग्विजयको लागि अवतार लिएका भनेर उपर्युक्त श्लोकमा कविले भन्न सकेका हुन् ।

यस कविताको प्रसङ्गमा एउटा अर्को कुरा पनि विचारणीय छ, त्यो हो, शक्तिवल्लभ अर्यालका "दुई श्लोक" कविताका सम्बन्धमा । यो कविता उदयानन्दको कविताभन्दा अघि लेखिएको हो । त्यसैले त यिनले आफ्ना कविताको २१ औं र २२ औं श्लोकका बीचमा "....बडा बाबु पर्न्या शक्तिवल्लभ पुरोहित काकाजीले बना याका सिलोकमध्ये दुइटा मात्रै पनि लेषिन्छन्"—भनेर यो कविता उद्धृत गर्न सकेका-थिए । शक्तिवल्लभ अर्ज्यालले आफ्नो यस कवितामा तात्कालिक राजनैतिक स्थितिको पृष्ठभूमिमा जुन कुराको संकेत गरेका छन् त्यो हो सं० १८३९ का घटना । त्यस वेलासम्म नायबी राजेन्द्रलक्ष्मीका हातमा थियो । तनहुँको सिजुंगमा लमजुङ र पर्वतले ठाना हालेको थियो र गोरखाली एकलो परेको थियो । तर वीर गोरखालीहरूले सिजुंगबाट शत्रुहरू-लाई हटाई चौबीसी शक्तिमा क्षीणता ल्याए । यसै वेला लमजुँगले कास्की दखल गऱ्यो, तर गोरखालीले कास्कीलाई थामेर आफूमा आश्रित तुल्याए । यसपछि तनहुँ नेपाल-भित्र गाभिन गयो । यसपछि नै पश्चिम विजय घमाघम हुन थालेको थियो ।

खास गरीकन सं० १८४३ पछि बहादुर शाहले आफ्नो पुरुषार्थ देखाउन थालेका थिए । तसर्थ कवि उदयानन्दले बहादुर शाहको प्रशंसा गरेको हेर्दा यो कविता सं० १८४३ र १८५० का बीचमा रचिएको अनुमान हुन्छ । अब यहाँ प्रश्न के उठ्न सक्छ भने यस कवितामा कविलासपुर-सोमेश्वर-चितौनकै विजयको मात्र वर्णन किन गरियो ? र बहादुर शाहका नायबीकालमा सम्पन्न भएको पश्चिम विजयको गौरवपूर्ण वर्णन झन् किन गरिएन ? उत्तर स्पष्ट छ, कवि उदयानन्दले यो कविता पुरानो कुरा (अतीतका थिति र ऐतिहासिक घटना) बताउने उद्देश्यले 'अर्जी' का रूपमा राजा रणबहादुर शाह वा चौ० बहादुर शाहलाई चढाएका थिए । यस कुराको प्रमाणस्वरूप यसै कविताको निम्नलिखित १८ औं श्लोकलाई लिन सकिन्छ :—

अर्जि बात छ पुरानु त ताहाँ
कीर्ति नीति तपसिल् गरि जाहाँ
त्यार् गरुन् कवि अनेक् रितमाहाँ
दान् खरच् गरि पुगोस् न त काहाँ ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यसबाट स्पष्ट हुन्छ वर्तमान घटनादिको वर्णन गर्ने उद्देश्य कविको थिएन; अपितु अतीतका गौरव गाथा र प्रचलित थितिको वर्णन गर्नु नै कविको मूलोद्देश्य थियो। यसै क्रममा यिनले पोशाक र तिलकका पुराना थितिको पनि उल्लेख गरेका थिए। नत्र लडाइँ र वीरताको वर्णनको सिलसिलामा पुराना थितिको उल्लेख गर्नुपर्ने आवश्यकै थिएन। "पुरानु बातको अर्जी" गर्न कविले .माथिको १८ औं श्लोकमा अन्य कविहरूलाई पनि आह्वान गरेका छन्। फेरि यसै कविताको २४ औं श्लोकको अन्तिम पँक्तिमा कविले लेखेका छन्—"यस्ता न्याय थिया बुढाहरूमहाँ...।" यसबाट पनि अतीतकै कुरालाई कोट्ट्याउने जमर्को कविले गरेका थिए भन्ने देखिन्छ। "सबै बिग्ति बिस्तार यो सक्नु काहाँ" भनेर कविता टुंग्याउनुको मतलब माथि भने झैं "पुरानु बात" लाई अर्जीका रूपमा तत्कालीन शासक समक्ष चढाउनु थियो। यसरी अन्ततः के सिद्ध हुन्छ भने यस कवितामा प्रतापसिंह शाहका पालाका युद्ध र विजयको वर्णन गरिए तापनि रणबहादुर शाहका पालामा आएर नै यो लेखिएको थियो।

उदयानन्द अर्यालको, यो कविता सर्वप्रथम 'प्रगति' पूर्णाङ्क १३ मा 'नेपाली भाषा-को एउटा पुरानो कविता 'शीर्षक' दिएर चित्तरञ्जन नेपालीज्यूले छपाउनुभएको हो। 'पूर्व-प्रारम्भिक काल' का पद्य-धाराको एउटा महत्त्वपूर्ण नमूना यस कविताले पेश गरेको छ। यसको प्रभाव सुन्दरानन्द बाँडाको 'त्रिरत्न-सौन्दर्य गाथा' मा टड्कारो देखापर्दछ। वीरकाव्य परम्पराको चेतना-प्रवाह कवि उदयानन्द अर्य्यालमा छ। सुवानन्ददासले पूर्वी नेपालको ऐतिहासिक भूगोलमा पाठकलाई विचरणशील बनाए भने उदयानन्द अर्य्यालले पश्चिमी नेपालको (सबै नभएर सीमित क्षेत्रको मात्र)। पृथ्वीनारायण शाहलाई "कायम पाहड चक्रवर्ति नृपमा पृथ्वीन्द्र ईश्वर भनी" भनेर उनको युद्धवीर व्यक्तित्वलाई यिनले अघि सारेका छन्। १७ औं श्लोकमा "ईश्वर् सिंहप्रताप शाह नृपमा गाथ्झैं प्रजा मन् परी" भनेर केही अतिशयोक्तिपूर्ण स्तुति कविले गर्न खोजेका छन्। संस्कृतका स्तुति काव्यको प्रभावमा परेर कविले यतिसम्म लेखेका छन्—

"कामधेनु नृप कीर्ति सकल्मा
भूपराज पृथू झात्रि अकल्मा
विष र अमृत पियाई निकल्मा
सृष्टि स्वै छ तिथि चल्छ अदल्मा।"

सुवानन्ददास जतिकै यथार्थवादी उदयानन्द छैनन्। अभिव्यक्ति-क्षमताचाहिं सुवानन्ददासमा भन्दा यिनमा बढी छ। गोरखाली वीरतालाई यिनले बडो आकर्षक ढङ्गमा व्यक्त गरेका छन् :—

"हो हो काहल हेरी भेरी लड लौ डंका दि गोर्खा चढ्यो
काळी गोरख फौज वर्णन असल् गाथ्मा अगाडी पड्यो।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाठकलाई युद्धक्षेत्रमा लगेर त्यहाँको गतिविधि देखाइदिने वीरकाव्यको प्रवृत्ति उदयानन्दमा पनि देखिन्छ :—

"च्यात्छन् आङ कुँडा खुँडा र खुकुरी सम्सेरका सङ्गमा
भाग्या गैह तन्हौं वहाल रणमा फत्ये भयो जङ्गमा।"

कविलासपुर कटक भइसकेपछि जब गोर्खाली फौज सोमेश्वर हान्न अघि बढ्यो कविले काव्य धारा यसरी भावुकतापूर्ण बनाएर छाडेका छन् :—

"श्रावण्मा अगिको कट्क् भदउ यो ढाङ् ढुङ् मन्या भाव बनी
ठिक्कै भो रणिमा रणा झर्यि बन्यो बिस्तार गाल्हा बनी।"

नेपाली वीरताको मूर्तरूप उदयानन्दले आफ्ना कवितामा प्रस्तुत गरेका छन्। कविलासपुर कटक गर्न जाने गोरखाली फौज कस्ता थिए भन्ने कुराको अनुमान निम्नलिखित पंक्तिहरूबाट सहजै गर्न सकिन्छ :—

"चार्वर् फौजि जम्या डंडाक् झर्यि नकल एम्सेर्पमा भै फसल्
वाजै वीर वरन् झुक्यो चहुँ दिशा.....।"

दृश्य उपस्थित गर्न सक्ने शक्ति यिनका कलममा छ। विजयोन्मत्त वीर गोरखालीहरूका हावभाव र गतिविधिलाई उपयुक्त शब्द दिईकन व्यक्त गर्न सक्ने सामर्थ्य पनि यिनका कलममा छ। चितवनसमेत दखल भइसकेपछि राजाले जुन राजकीय सम्मान जनताबाट पाए त्यसको मूर्त-चित्र कविले यसरी उतारेका छन्—

"अकबरि अकबर्का छाप् असर्फी लियाका
रयतसँग लिकायत् चौधरी गांसियाका
फउज खसि र माछा वस्त्र तेल् घ्यू लियाका
नृपति दरस अम्मृत् पुर्तिमा रस् पियाका।

"आम्छन् सब् जिमिदार् असर्फि कपरा पट्ना नजारत् गरी
लाग्या तङ्गि असर्फि माल चहुँवर् पटना भकारी भरी
जोर्छन् हात खडा भएर चहुँवर् मिल्छन् तसल् दिल् धरी
ईश्वर् सिंहप्रताप शाह नृपमा गाथ् झैं प्रजा मन् परी।"

कवि उदयानन्द अर्ज्यालले केवल प्रशंसा-पात्रका रूपमा मात्र राजालाई कवितामा उतार्न सकेका छन्। श्री ५ पृथ्वीनारायण शाह स्वयं लडाकु थिए; ढाल-तरवार भिरी उनी रण-मैदानमा पुग्दथे। तसर्थ सुवानन्ददासले आफ्ना राजालाई उदयानन्दले भन्दा भिन्दै रूपमा उतारेका छन्। श्री प्रतापसिंह शाहकै पालामा कविलासपुर, सोमेश्वर तथा चितौन विजय भए तापनि उनका वीरताको वर्णन नगरी कविले केवल उनले पाएको राजकीय सम्मानको मात्र वर्णन गरेका छन्। प्रतापसिंह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शाहकै पालामा यदि यो कविता लेखिएको भए सम्भवतः स्वरूपसिंह काजीको वीरताको प्रशंसा कविले गर्नै थिए, किनभने त्यस वेला यी काजीको जगजगी थियो। प्रतापसिंह शाहको मृत्युपछि उनी तुरून्तै भागेर गए, किन भने उनको उन्नति अरूको लागि अप्रिय बनिसकेको थियो। तसर्थ कविले भगुवा स्वरूपसिंह काजीको पनि प्रशंसा गर्न सकेनन्। अब एउटै कुरो बाँकी थियो—युद्धको वर्णन। यस कवितामा धेरै पंक्तिहरू युद्धकै वर्णनमा कोरिएका छन्।

ऐतिहासिक तथ्यहरूको आड लिएर वीरकाव्य सिर्जना गर्नु पूर्व-प्रारम्भिक कालको मूल प्रवृत्ति हो। उदयानन्द अर्ज्यालमा यो प्रवृत्ति टङ्कारो रूपमा देखापर्दछ। प्रतापसिंह शाहका पालामा तनहुँ विजयको लागि नेपाली फौज अगाडि बढेको थियो। पश्चिमका चौबीसी राज्यमा तनहुँ त्यस वेला ज्यादै शक्तिशाली बनेको थियो। पृथ्वीनारायण शाहले पनि सं० १८२८ मा तनहुँ लिने कोशिश गरेका थिए; तर सतहुँको लडाइँमा नराम्रोसँग हार भएकोले गोरखाली फौजले फर्कनुपरेको थियो। तनहुँ अधीनस्थ लामिडाँडा र छाँगमा नेपालको अधिकार जमिसकेको थियो। प्रतापसिंह शाहले पनि तनहुँमाथि आँखा लगाए। तनहुँका राजा हरकुमारदत सेन चौबीसी राज्यको इशारामा नाच्ने कठपुतली झैं बनेको देखेर यही मौका छोपी अभिमानसिंहका नेतृत्वमा फौज पठाइएको थियो। यस कवितामा पाटनका राजा विष्णुमल्ल र भक्तपुरका राजा रणजितसिंहको जुन चर्चा आएको छ त्यो लामिडाँडाको लडाइँसँग सम्बन्धित छ। प्रतापसिंह शाहले लामिडाँडाका फौजसमेत आफ्नो फौजमा मिसाई चार दोब्बर बनाएर तनहुँ हान्न तयार गरेका थिए। तर इतिहास साक्षी छ प्रतापसिंहका पालामा तनहुँ हात लाग्न सकेन।

कवि उदयानन्दले सातौं र नवौं श्लोकमा पृथ्वीनारायण शाहका पालाको एउटा घटनाको उल्लेख गरेका छन्। गोर्खाली राजाहरू गाई र ब्राह्मणका रक्षक हुन् भन्ने कुरासित परिचित भैसकेका जयप्रकाश मल्लले वेलकोटका जैसीहरूलाई हात लिई एउटा षडयंत्र रचे। बाघले गाई खायो भन्ने हल्ला मच्चाई सो बाघको शिकार गर्न युवराज प्रतापसिंह शाहलाई वेलकोटको जङ्गलमा ल्याउने र त्यहाँ प्रशस्त सिपाही तैनाथ गरी राखेर युवराजलाई पक्रने षडयंत्र जयप्रकाश मल्लले रचे। बाघले गाई खायो भनी थाहा दिन आएका वेलकोटे जैसीहरूका कुरामा विश्वास गरी युवराज शिकारका निम्ति गए। परन्तु यसै बीचमा जासूसीद्वारा षडयंत्रको भेद खुलेकोले पृथ्वीनारायण शाहले रातोरात मानिस पठाई युवराजलाई बीच बाटाबाटै फर्काएर ल्याए। षडयंत्रसँग सम्बन्ध भएका कतिपय जैसीहरूलाई मृत्युदण्ड दिइयो, कतिको बिर्ता हरण भयो, कतिको घर-खेत सर्वस्व गरियो औ जातपातबाट हटक पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गराइयो ।[3] यही ऐतिहासिक घटनालाई केवल दुई श्लोकमा कविले व्यक्त गरेका छन् ।

यस कविताको २२ औंदेखि २४ औं श्लोकसम्म पोशाक र तिलकको थिति-बारे कविले चर्चा गरेका छन् । यी श्लोकमा त्यस वेलाको सांस्कृतिक पक्षको चित्रण छ । माथि नै के भनिसकियो भने अतीतका रीति-थिति र घटनाको वर्णन अर्जी गर्नु कविको उद्देश्य भएकाले यस सन्दर्भमा यो अर्को विषय र प्रसंग असम्बद्ध ठहरिंदैन । तर एउटा कुरोचाहिं यस कविताका पाठकलाई नखट्किरहन सक्तैन; त्यो हो कविमा देखिएको सम्पादन क्षमताको अभाव । यिनले चर्चा गरेको ऐतिहासिक तथ्य पनि त्यति विश्वसनीय देखिदैन । धेरै ठाउँमा कविताका प्रासंगिक पंक्तिहरू अस्पष्ट छन् ।

फुटकर श्लोक र 'वंशवर्णन' कविता—

कवि उदयानन्द अर्ज्यालको एउटा 'फुटकर श्लोक' पाइएको छ । यो श्लोक उनले 'पूर्व-प्रारम्भिक काल' को परिधि (अर्थात् सं० १८७३) लाई पार गरिसकेपछि नै लेखेका थिए । यो श्लोक उत्तर-प्रारम्भिक कालको सेवा सम्पत्ति हो जसका नाइके थिए भानुभक्त आचार्य । यो श्लोक यिनले आफू अमीन भइसकेपछि नै लेखेको देखिन्छ । सात-सातवटा हात्ती पाल्न सक्ने उदयानन्द अर्ज्यालले आफू ढाक्रे छँदा यो श्लोक लेखे भन्दा पत्याउन सकिंदैन । सं० १८८७ मा भीमसेन थापाले यिनलाई अमीनीको सवाल गरिदिएका थिए । यसपछि यो कविता लेखिएको भनी अनुमान गर्नु युक्तिसङ्गत हुन्छ । श्लोक यही हो :—

"यो हात्ती त जाती मन्याको त साँचो
विधाता बडा हुन् शरीर रह्यो काँचो
हजारमा बजारले नर्दिदा रह्याको
कति शोक गर्नु कुदिनमा गयाको"

आफ्ना ७ वटा हात्तीमध्ये एउटा राम्रोचाहिं हात्तीको अकालमृत्यु हुँदा कविले यो श्लोक रचेका थिए ।[4] यस श्लोकबाट कवि उदयानन्दबारे एउटा कुराको पत्तो लाग्दछ; त्यो हो यिनको दार्शनिक प्रवृत्ति । "विधाता बडा हुन् शरीर रह्यो काँचो"—यस पंक्तिले यिनको धार्मिक झुकाव स्पष्ट गर्दछ । यो प्रवृत्ति यिनको "छब्बीस सिलोके कविता" मा पनि छ । पच्चीसौं श्लोकमा यिनी लेख्दछन्—

".....संसारी माया पनी
क्या आश्चर्य रहेछ मोह भवमा.....।"

यहो नै 'उत्तर-प्राथमिक काल' मा मूल प्रवृत्तिका रूपमा प्रतिष्ठित भयो ।

---

३. बाबुराम आचार्य, "चिठी" नेपाली–९, २०१८ कार्तिक–मंसीर–पौष; पृ० ६३–६६.

४. यसै क्रमको पाद–टिप्पणी सं० ३१.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'वंशवर्णन' को रचनाकाल शाके १७५६ अर्थात् सं० १८९१ नै हो भन्ने अनुमान गर्न सकिन्छ, किनभने सं० १८९३ सम्म त कवि उदयानन्द जीवितै थिए। बालकृष्ण पोखरेलज्यूले "नेपाली भाषा र साहित्य" भन्ने पुस्तकको १५३ पृष्ठमा उल्लेख गर्नुभएअनुसार उदयानन्दका छोरा छविलालको समयदेखि ध्रुवप्रसाद अर्ज्यालसम्मको वर्णन ध्रुवप्रसाद अर्ज्यालकै जेठा दाजु पद्मप्रसाद अर्ज्यालले लेखेर जोडेका हुन् भने पनि पद्मप्रसादले नै सम्वत् १८९१ मा (उदयानन्द जीवित छँदै) सो पद्य थपे भन्न मिल्दो कुरो हुँदैन। तसर्थ यस कविताको अन्तमा "इति अर्ज्यालकी वंशावली ॥ राम ॥ श्री शाके १७५६ नैपाले लिखितमेतत् ॥" भनी उदयानन्दले नै लेखेको अनुमान हुन्छ। यस कवितामा रचयिताको नाम उल्लेख नभए पनि यो कविता उदयानन्द अर्ज्यालले नै रचेका हुन् भन्ने बालकृष्ण पोखरेलको ठनाइ बलियो छ। क्रियापदका प्रयोगको आधारमा पोखरेलले यस्तो धारणा बनाउनुभएको हो।

'उत्तर-प्रारम्भिक काल' मै यो कविता रचिएको हो। कविता ज्यादै वर्णनात्मक छ। यो अर्ज्याल वंशावली हो। जुन वेलामा औषधिमूलो, नीतिशिक्षा जस्ता कुरालाई छन्दमा बाँधेर लेखिन्थ्यो, वंशको वर्णन गर्दा पनि यसै गरिन्थ्यो। साहित्यका यस्ता विषयमा कवितात्मकता कत्ति पनि रहँदैन भन्ने कुरो स्वतः सिद्ध छ। यहाँ चर्चित कविताको पनि साहित्य-सौन्दर्यगत मूल्य केही छैन; छ भने केवल एउटा अर्कै सान्दर्भिक आधार मात्र छ—त्यो हो बालकृष्ण पोखरेलज्यूले भन्नुभएअनुसार शक्तिवल्लभको 'भट्टाचार्य' पदवीबारे स्पष्ट प्रमाण। उहाँ लेख्नुहुन्छ, यस कवितामा लेखिएको "ब्राह्मण भट्ट अत्रिकुलका" भन्ने वाक्यांशले शक्तिवल्लभको "भट्टाचार्य" भन्ने पदवीको विषयमा पनि प्रकाश ल्याउँछ। आदौमा आफ्नो कुल भट्ट थियो भन्ने धारणा उदयानन्दमा मात्रै नभएर शक्तिवल्लभमा पनि रहेको बुझिन्छ। बाबुराम आचार्यले भने झैं बंगालीहरूको सिको लिएर शक्तिवल्लभ भट्टाचार्य भएका होइनन् रहेछ।[५] 'पूर्व-प्रारम्भिक काल' कै कविका जीवनी केलाउन यस कविताले सघाउ पुऱ्यायो यही अवान्तर साहित्यिक मूल्यद्वारा यस कविताको सम्मान गर्नुपर्ला।

५. नेपाली भाषा र साहित्य; पृ० १५५–५६.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्दरानन्द बाँडा

सुन्दरानन्द बाँडाको जन्म पाटनको ओकुबहाल (रुद्रवर्णमहाविहार) मा भएको थियो। पाटनको बौद्ध पुरोहित वंशमा जन्मेका यी कवि कहिले जन्मेका थिए बहिलेसम्म थाहा हुन सकेको छैन। यिनी कसका छोरा थिए त्यो पनि अज्ञात नै छ। धनवज्र वज्राचार्यद्वारा सम्पादित "त्रिरत्न-सौन्दर्य गाथा" को परिशिष्ट (क) को अन्तिम श्लोक र "बहादुर शाह वर्णनम्" को दुई नेपाली पद्य हेर्दा यिनी सामान्य आर्थिक अवस्थाका मानिस थिए भन्ने अडकल लगाउन सकिन्छ। यिनका बारेमा अरू कुनै प्रामाणिक तथ्य फेला पर्न सकेको छैन। त्यसैले यिनका कृतित्वका बारेमा मात्र यहाँ चर्चा गरौं। थाहा भएअनुसार यिनका कृतिहरू यी हुन्—

१. बहादुर शाह वर्णनम् (रचनाकाल सं० १८५० तिर),
२. त्रिरत्न-सौन्दर्य गाथा (रचनाकाल सं० १८९० तिर),
३. अध्यात्मरामायण
४. दुई गीति कविता
५. लोकनाथ सुन्दराष्टक (अप्रकाशित)
६. व्याघ्रभैरव ,, (,,)
७. घन ,, (,,)
८. कुलरत्नपञ्चल ,,
९. आनन्द सुन्दराष्टक ,,
१०. चैतन्यराज सुन्दरस्तव ,,
११. त्रिरत्न सुन्दरषोडशी ,,

कृतित्वका आधारमा सुन्दरानन्दको व्यक्तित्व बारेमा सामान्य अनुमान गर्न सकिन्छ। यसअनुसार भन्न सकिन्छ—यिनको अध्ययन र ज्ञानको सीमा विस्तृत थियो। यिनले अमरकोष, रघुवंश, भर्तृहरिशतक, भोजप्रबन्ध र महाभारत लगायत तन्त्रविषयक र पुराणका पुस्तकहरूसमेत अध्ययन गरेका थिए। पुरोहित-वंशमा जन्म भएकोले मात्र होइन कि यिनका कृतित्वको अनुशीलन गर्दा पौरोहित्य-वृत्तिमा यिनको रुचि भएको बुझिन्छ। शकुन-अपशकुन र ज्योतिष-शास्त्रविषयक ज्ञान यिनलाई थियो। ऐतिहासिक घटनावलिमा अभिरुचि हुनाका साथै वंशावलीको अध्ययनमा पनि यिनको रुचि थियो भन्ने कुरा स्पष्ट छ। श्री नयराज पन्तज्यूले यिनका व्यक्तित्वको परिचय निष्कर्ष रूपमा यसरी दिनुभएको छ,....."संस्कृतका कोश काव्य पढेका, तन्त्र पुराण ज्योतिषहरू हेरेका कर्मकाण्ड गर्न जान्ने, पुराण भन्न सक्ने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत नेपाली नेवारी यी तीन भाषामा कलम चलाउन सक्ने, हिन्दीमा पनि कलम चलाउन उत्सुक, वंशावली तथा काव्यका रसिक, भारादारहरू कहाँ आवत-जावत भएका, व्यवहार-चतुर पुरुष सुन्दरानन्द देखिन्छन् ।" [१]

सुन्दरानन्द बाँडाले संस्कृतमा धेरै श्लोकहरू लेखे तापनि संस्कृतमा यिनको राम्रो दखल भने थिएन । च्युतसंस्कृति" जस्तो दोष यिनका संस्कृतमा भेट्टिन्छ' नेपालीमा चाहिं यिनको कलम राम्ररी चले तापनि कहीं-कहीं व्याकरणगत दोषहरू भेट्टिन्छन् । नेवारी त यिनको मातृभाषा नै थियो । हिन्दीमा दोहा लेख्न सम्भवतः यिनको रहर मात्र थियो । यिनका हिन्दीको सधुक्कडी रूप हेर्दा यस्तो अनुमान गर्न सकिएको हो । एउटै कवितामा पनि संस्कृत, नेपाली, हिन्दी आदि छ्यासमिस गर्ने प्रवृत्ति यिनमा थियो ।

सुन्दरानन्द एक प्रतिलिपिकार पनि थिए । कर्णेल माथवरसिंह थापाको आज्ञा पाएर यिनले पाटनका कृष्णमन्दिरको शिलालेख सारिदिएका थिए । सं० १८५० मा यिनले पं० वाणीविलास पाँडेको लागि 'वेददीप' भन्ने पुस्तक सारिदिएका थिए । वाणीविलास जस्ता विद्वान्को संगत तथा माथवरसिंह थापा र भीमसेन थापा (जसका आज्ञाले यिनले "त्रिरत्न-सौन्दर्य गाथा" लेखेका थिए) जस्ता भारादारहरूसँगको सम्बन्ध हेर्दा यिनी आफ्ना समयमा निकै सक्रिय साहित्यकार थिए भन्ने लख काट्न सकिन्छ ।

नेपाली भाषामा कलम चलाउने खसेतर नेपालीहरूमा सुवानन्ददासपछि दोस्रा सुन्दरानन्द बाँडा नै हुन् । नेवारी भाषा-भाषी भएर पनि नेपाली भाषामा यिनको दखल थियो । खसहरूको सङ्गत र संस्कृत भाषाको ज्ञानले गर्दा नेपालीमा लेख्न यिनी सक्षम भएका देखिन्छन् ।

बहादुर शाह वर्णनम्—

'पूर्णिमा' [पूर्णाङ्क १४] मा "पं० सुन्दरानन्द बाँडाले राजकुमार बहादुर शाहलाई चढाएको पद्यमय विन्तिपत्र शीर्षक दिई बहादुर शाहको स्तुति गरी लेखिएको १७ पद्यको एउटा कविता छापिएको छ । यस कवितामा १० औं र १३ औं श्लोक मात्र नेपालीमा लेखिएका छन्, बाँकी १३ श्लोक संस्कृतमा र २ श्लोक सधुक्कडीमा लेखिएका छन् । यो कविता ठ्यासफुका रूपमा राष्ट्रिय पुस्तकालयको हस्तलिखित ग्रन्थको १३७३ संख्यामा रहेको "बहादुर शाह वर्णनम्" भन्ने पुस्तिकामा पाइएको कुरो उक्त पूर्णिमा-१४ पत्रिकामा उल्लेख गरिएको छ । यस पुस्तिकामा रचयिता र रचनाकालको कुनै उल्लेख गरिएको नभए तापनि यसका रचयिता सुन्दरानन्द बाँडा र रचनाकाल

१. **त्रिरत्न सौन्दर्य गाथा** (काठमाडौं : नेपाल सांस्कृतिक परिषद, २०१९) : पृ० ८-९.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सं० १८३५ देखि सं० १८५० सम्म मानिएको छ[२] यस परिकल्पनाको आधार सो पत्रिकामा यस प्रकारले प्रस्तुत गरिएको छ :—

"वि० सं० १८५० मा पं० वाणीविलास पाँडेको लागि पं० सुन्दरानन्द बाँडाले सारिदिएको वेददीप भन्ने पुस्तक राष्ट्रिय पुस्तकालयमा छ। यो पुस्तिकाको लिपि र वेददीपको लिपि उस्तै भएकोले यो पुस्तिकाका लेखक पनि सुन्दरानन्द हुन् भन्ने देखिएको छ।

"सुन्दरानन्दले रचना गरेको त्रिरत्न सौन्दर्य गाथा राष्ट्रिय पुस्तकालयमा पनि छ। राष्ट्रिय पुस्तकालयमा रहेको त्रिरत्न सौन्दर्य कथाको प्रति उनकै हस्ताक्षरको हो। वेददीपको लिपि र त्रिरत्न सौन्दर्य गाथाको लिपिसँग यस पुस्तिकाको लिपि मिलेकोले यी पुस्तिकाको रचयिता सुन्दरानन्द हुन् भन्ने हाम्रो विचार छ।

"त्रिरत्न-सौन्दर्य गाथामा च्युतसंस्कृति दोष प्रशस्त परेका र यी पद्य पनि यो दोषले मुक्त नभएकाले पनि यी पद्य सुन्दरानन्दकै हुन् भनी भन्न अझ बल मिलेको छ।

"बहादुर शाहको हातमा अधिकार भएको वर्णन यी पद्यमा परेकोले बहादुर शाहको शासनकाल (वि० सं० १८३५ देखि १८५० भित्र) यस पुस्तिकाको रचना भएको देखिन्छ।"[३]

यी आधारहरू वैज्ञानिक तर्कमा आधारित भएकाले चित्तबुझ्दा छन्। यसबारे अरू कुनै प्रामाणिक लेखोट प्राप्त नहुञ्जेलसम्म यिनै आधारलाई हामीले स्वीकार्नुपर्दछ। यसो हुँदा 'पूर्व-प्रारम्भिक कालकै काव्य-परम्परामा सुन्दरानन्द बाँडालाई समावेश गर्न सकिन्छ। यसबाट यिनी शक्तिवल्लभ अर्ज्यालका समकालीन प्रमाणित हुन्छन्। शक्तिवल्लभले बहादुर शाहकै आज्ञाले 'जयरत्नाकर' नाटक तयार पारेका थिए; सुन्दरानन्दले चाहिँ केही धन-प्राप्तिका आशाले पद्यमय विन्तिपत्र बहादुर शाहलाई चढाएका थिए। यिनको आर्थिक स्थिति खराब थियो जसबाट मुक्ति पाउन यिनी बहादुर शाहको शरणमा जान प्रयत्नशील रहे। आफ्नो यस प्रयत्नलाई यिनले कवितात्मक अभिव्यक्ति यसरी दिएका छन्—

"साहेब् अर्जि सरण् परोस् मनमहाँ दुःखी गरिए् दीन हूँ
ग्राहारूप दरिद्रसँ मकन ता उद्धार्गरीबक्सन्या ॥
जस्तै श्री हरिले गजेन्द्रवरलाई ग्राहा छुटाइदिया
दुःखी सो गज ता चतुर्भुज भई वैकुण्ठवासी भयो ॥

\+ + +

२. पूर्णिमा १४, वर्ष ४, अंक २, पृष्ठ २०४
३. ऐजनः पृष्ठ २०४–२०५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"आसा कोही नदी थिई सभमहाँ अत्यंत ठूली बडी
पानी हो तसमा मनोरथ सभै तेही नपुग्दा सुक्यो ।।
तस्माहाँ म पनी थिजा विधिवसात्माछो भई हे प्रभो
पानी शुष्क हुँदा जिवै चलिगयो बक्सीस अर्ती हवस् ।।"

उपर्युक्त श्लोकमा कविको वैयक्तिकताको अभिव्यक्ति भएको छ। यो हेर्दा वीरकाव्य परम्परामा यस कृतिलाई कसरी समावेश गर्नेभन्ने प्रश्न आउँदछ। सम्पूर्णतः यस कृतिमा बहादुर शाहको स्तुति गरिएको छ। निश्चय नै यस स्तुतिलाई राणा प्रधानमंत्रीहरूको स्तुतिको समकक्षमा राख्न सकिंदैन। बहादुर शाह आफ्ना पिता पृथ्वीनारायण शाहको बिंडो थाम्ने एक वीर पुत्र थिए भन्ने कुरो नेपाल एकीकरण र विस्तारको इतिहासले साक्षी बक्दछ। यिनकै नायबी कालमा नेपालको विशाल मानचित्र तयार हुन सकेको थियो। बहादुर शाहको यही ऐतिहासिक महत्त्वको पृष्ठभूमिमा सुन्दरानन्द बाँडाको यो कविता रचिएको थियो। राज्यलक्ष्मीले पनि नायबी चलाएकी थिइन् औ श्री ५ रणबहादुर शाह राजगद्दीमा छँदै थिए। यी दुइमध्ये कसैलाई पनि बहादुर शाहलाई जस्तै बिन्तीपत्र यी सुन्दरानन्द बाँडाले चढाउन सक्थे। तर बहादुर शाहको पराक्रमले नै त्यस वेला चारैतिर ख्याति प्राप्त गरिरहेको थियो। तसर्थ बहादुर शाहकै स्तुति सुन्दरानन्दले पनि गरे। यहाँ के स्पष्ट पार्न खोजिएको हो भने बहादुर शाहको स्तुति लेख्नामा सुन्दरानन्दसामु कुनै बाध्यता वा कन्यौली थिएन, जस्तो कि राणाकालका कविहरूलाई थियो।

बहादुर शाहको महत्तालाई यस कृतिमा सुन्दरानन्दले चित्रण गरेका छन्। गजेन्द्रमोक्षको सन्दर्भ निकाल्दै बहादुर शाहलाई हरिसँग कविले तुलना गरेका छन्। उपमा प्रयोग हेर्दा कविले उक्ति-वक्रता देखाएका छन् भन्न सकिन्छ जसको उद्देश्य बहादुर शाहकै महत्ताको परिचय दिनामा छ।

संस्कृत काव्य-शैलीको प्रभाव यस कृतिमा परेको छ। अन्त्यानुप्रास मिलाइएको छैन र उपमा-प्रस्तुति विधि संस्कृतकै ढंगको छ।

अध्यात्मरामायण--यसैको गद्य खण्डमा हेर्नुहोस्।
त्रिरत्न सौन्दर्य गाथा—यसैको गद्य खण्डमा हेर्नुहोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि राधावल्लभ र अरू कविहरू

राष्ट्रिय अभिलेखालयमा साँढेसम्बन्धी कवित्त लेखिएका तीनवटा व्यासफु छन्। यी तीन भिन्दा-भिन्दै कवित्तहरू तीन भिन्दा-भिन्दै कविले रचेको प्रतीत हुन्छ, किनभने शैली तथा प्रस्तुतीकरण-विधि यी तीनका वेग्ला-वेग्लै छन्। यी कविताहरू श्री ५ रणबहादुर शाहका पालामा खास गरीकन सं० १८५० र १८५५ का बीचमा लेखिएको अनुमान गर्न सकिन्छ, किनभने उनी साँढेका शौखीन थिए। यो कुरो केवल जनश्रुति मात्र होइन; यस बारेमा प्रामाणिक कागजात नै पाइन्छ। सं० १८५३ मा रणबहादुर शाहले दूत दीनानाथ उपाध्यायलाई पठाएको पत्रमा लेखिएको छ, "...त्यो ठूलोचाहिं साँढ्या झिकाउन पऱ्यो तस् निमित्य तेताबाट तिमिले दुइगोटा जाग्या मानिस षटाई बिजैनगर सहरमा पठाई आफूले ज्ञान्याको जुक्ति बुद्धिलाई सक्यभर गरि त्यो ठूलो साँढ्या झिकाहि षर्च लाग्न्या भया षर्चलाई पनि कृतसक्य गरि झिकाउनु....त्यो सांढ्या त्याई पुन्यायाका दिन तिमिदेषि....षुसि हुन्याछौं ढेरै सांढ्या आँडू वैल बटोली डोरिले नापि सभचाहिं अल्गो जुन ठहर्दछ त्रहा आई पुन्यासम्मको जवान र अधवैस्यामा सभचाहिं अल्गो जोडा एक १ फेरि एस् बरोबरको अल्गो अर्को नठहरोस् उस् माफिकको हेरि त्याउन्।" [१] सुन्दरानन्द बाँडाले पनि रणवहादुर शाहको साँढेको शौखबारे लेखेकाछन्, "फेर श्री ५ रणबहादूर साहदेवबाट नंदी नाम भयाका प्रमथ गण समान साँढ्याको बथान आफ्ना पुसिसँग नाम राषिदिंदा माल्या नाम बाज्या नाम मंगल्या नाम जुझ्या नाम भोट्या नाम इत्यादि प्रत्येक नाम संज्ञा राषि दियाका साँढ्याका बथानकन साँढ्यावैद्य भनि नाम राषि दियाका वैद्यले मस्ताराम नाम भयाका नाउले चिकित्सा विवेक गराई....हजारौं साँढ्याकन पालन्या...।" [२] यसबाट के स्पष्ट हुन्छ भन्ने रणवहादुर शाहले 'साँढ्या वैद्य' भन्ने पद नै सिर्जना गरेका थिए जसले साँढेहरूको रेख-देख तथा पालन-पोषणको काम गर्नुपर्दथ्यो। यो कुनै निम्न स्तरको पद थिएन; सं० १८५५ सालको ताँवापत्र गर्ने भारादारहरूका नामावलीमा 'साँढ्या वैद्य' को पनि नाम छ। [३] सं० १८५५ को ताँवापत्रमा रणवहादुर शाहले साँढ्या वैद्यको काम यसरी तोकिदिएका थिए—"साँढ्या वैद्यले आफ्ना कुल देवतालाई चोषि निति भाव भक्ति गरि नषुन्स्याइ प्रसन्न राषि मेरा परिवार सबको रष रक्ष्या गर्दै रहनु....।" [४]

---

१. धनवज्र वज्राचार्य (सम्पा०) **त्रिरत्न सौन्दर्य गाथा**; पृष्ठ २८४
२. ऐजन; पृष्ठ १४९
३. चित्तरञ्जन नेपाली. श्री ५ रणबहादुर शाह (काठमाडौं : मेरी राजभण्डारी २०२०) : पृ० १२३.
४. ऐजन; पृष्ठ १२६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कचहरिमा समेत साँढ्या वैद्यलाई स्थान दिइएको हेर्दा [५] यो उच्च कोटिको पद थियो भन्ने थाहा हुन्छ। साँढेको शौख रणबहादुर शाहलाई कति घेरै थियो त्यो यसबाट अनुमान हुन्छ। यिनकै प्रेरणामा तत्कालीन कविहरूले 'साँढ्याको कवित्त' लेख्ने होडबाजो नै चलाएका थिए; नभए परिमार्जन गर्दै एकपछि अर्को कवित्त लेख्ने आवश्यकता नै किन पर्दथ्यो !

एउटा कवित्तमा गजघट्ट नाम गरेको साँढेले देश-देशान्तरका शत्रुलाई हराउँदै कान्तिपुरमा आइपुगेपछि दरबारमा गएर पेंडा-लड्डु खाएको कुरो उल्लेख गरिएको छ। यसबाट के स्पष्ट हुन्छ भने गल्ली र सडकमा घुमी हिंड्ने साँढे कविको विषय थिएन; दरबारमा गएर पेंडा-लड्डू खान पाउने साँढे नै कविको विषय थियो। यसबाट पनि यी कवित्तहरू रणबहादुर शाहका पालामा रचिएको अनुमान गर्न सकिन्छ।

सम्भवतः रणबहादुर शाह मनोरञ्जनकै लागि साँढे जुवेको हेर्न मन पराउँथे। त्यसैले यी कविताहरूमा कविले मनोरञ्जनको यथेष्ट प्रयोग गरी कतै-कतै त शृंगार-मिश्रित हास्यको पराकाष्ठा नै देखाएका छन्। तर मनोरञ्जक पक्षको प्रस्तुति मात्र यी कवित्तका वास्तविक मूल्य होइनन्। तत्कालीन युग परिस्थितिको प्रभाव यी कवित्तमा टङ्कारो छ; त्यो हो वीर भावको समावेश। जुन समयमा गोर्खालीहरूले चारैतिर (खास गरीकन पश्चिमतर्फ) विजयको डंका पिटी आफ्नो वीरता प्रदर्शन गरिरहेका थिए, त्यसै वेला यी कवित्तहरू रचिएकाले लडाइँमा हुने उत्साह र उमंग तथा सक्रिय हावभावको चित्रण कविले गरेका छन्। विभिन्न साँढेहरूका भयंकर जुघाइको सजीव वर्णन पढ्दा पाठकलाई रोमाञ्चित तथा उत्साहित पार्ने स्थितिको सृजना कविले गरेका छन्। त्यसैले यी कवित्तहरूले वीरकालको काव्य-प्रवृत्तिको निकै महत्त्वपूर्ण वैशिष्ट्यलाई अघि सार्दछन्।

यी सबै कवित्तमा ब्रज-अवधी भाषाको मिश्रित रूप पाइन्छ। यस्तो भाषाको प्रयोग सुवानन्ददासले पनि गरेका थिए। यति भएर पनि नेपाली भाषाका आफ्ना सापेक्षिक ढपलाई यी कवित्तले प्रस्तुत गरेका छन्। भाव वा वस्तुमा नेपालीपन दिने प्रयास कविले प्रशस्त गरेका छन्। त्यस वेलाको स्थितिलाई ख्यालमा राखेर यी कवित्त-हरूमा कविले स्वदेशीपन दिने जो प्रयास गरेका छन् त्यो कम महत्त्वपूर्ण छैन।

अब यी तीन बेग्ला-बेग्लै कवित्त र तिनका रचनाकारका बारेमा विवेचना गरिन्छ।

---

५. ऐजन; चित्तरञ्जन नेपाली, 'श्री ५ रणबहादुर शाह', पृष्ठ १४२ (बालनरसिंह कुँवरको अर्जिपत्र)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँढ्याको कवित्त–१

राष्ट्रिय अभिलेखालयमा प्र० ५०६ वि० ५४१ नम्बरमा "माले साँढेको कवित" शीर्षक दिइएको एउटा ठ्यासफु छ। यस कवितका रचयिता कवि राधावल्लभ हुन् भन्ने कुरो यसै कवितमा लेखिएको "पढै पाँडे कवि राधावल्लभ येहि कृत्य किये..." भन्ने पंक्तिबाट प्रमाणित हुन्छ। यी राधावल्लभ को थिए भन्नेबारे विमर्श गर्नु आवश्यक देखिन्छ। "नेपालको संक्षिप्त वृत्तान्त" [भाग १] भन्ने पुस्तकमा इ० शि० बाबुराम आचार्यले कवि राधावल्लभ अर्ज्याल कविता लेख्ने गर्दथे र यिनका कविता थोरै मात्र छन् भनेर उल्लेख गरेका छन्। पशुपतिनाथको मन्दिरभित्रको दक्षिणतिरको चाँदीको ढोकामा कुँदिएको अभिलेख [६] अनुसार यिनी कवि शक्तिवल्लभ अर्ज्यालका भाइ थिए। यिनी गोरखाका राजाका पुरोहित थिए; बुद्धिमान थिए औ धर्मात्माहरूको भलाइ गर्दथे। यिनी पशुपतिनाथका परम उपासक भएकाले आफ्नो इहलीला समाप्त गर्नुभन्दा दुई दिनअघि यिनले पशुपतिनाथलाई प्रसन्न पार्न मन्दिरभित्रको दक्षिणतिर सुनले सिंगारेको चाँदीको ढोका बनाउन छः हजार रुपियाँ संकल्प गरेका थिए। यसबाट यिनको आर्थिक सम्पन्नताबारे सहज अनुमान गर्न सकिन्छ। कवि वाणीविलास पाँडेसँग यिनको राम्रो सम्बन्ध थियो भन्ने कुरो उपर्युक्त अभिलेखबाट थाहा हुन्छ। सं० १८६९ वैशाख शुक्ल एकादशी बृहस्पतिवारका दिन आर्यघाटमा यिनको देहावसान भएको थियो। गोरखा, पोखरीयोकनिरको राघावल्लभेश्वरको घण्टाको अभिलेखअनुसार यिनका पाँचै जना गृहिणीहरू यिनीसँगै सती गएका थिए।[७]

पशुपतिनाथका उपासकका हैसियतले उनका वाहन साँढेका बारेमा कवित लेख्न निश्चय नै कवि राधावल्लभलाई प्रेरित गऱ्यो। यसमाथि श्री ५ रणबहादुर शाहको साँढेको सोखले यिनलाई झन् हौस्यायो। परम्परादेखि राज-दरबार नेपालीहरूको आस्था र भक्तिको केन्द्र रहिआएकोले कवि राधावल्लभले पनि साँढ्या वैद्य हरिपति पाँडेमार्फत राजाका कानमा पुऱ्याउन यो कवित रचेका थिए होलान्। यो कविको राजभक्ति वा राजसत्ताप्रतिको आस्था हुन सक्तछ। 'कवि राधावल्लभको यो कृति पाँडे (माथि भनिए झैं हरिपति पाँडेले) पढुन्' भन्नाको आशय पाँडेले बिन्ति चढ़ावस् र राजा खुशी हउन् भन्ने कविको हुन सक्तछ। विद्वत्ताको लागि प्रख्यात भइसकेका राघावल्लभले आफ्नो थर 'अर्ज्याल' लेख्न आवश्यक ठानेनन् होलान्। यस्ता उदाहरणहरू अन्य कविहरूका सम्बन्धमा पनि नपाइने होइनन्।

६. यो अभिलेख योगी नरहरिद्वारा सम्पादित 'इतिहास–प्रकाश' अङ्क २, भाग २ को पृष्ठ ३१७ मा प्रकाशित भएको छ।

७. तुलसीराम वैद्य र घनवज्र वज्राचार्य 'गोरखाको ऐतिहासिक सामग्री' (नेपाल र एशियाली अ० सं०, त्रिभुवन विश्वविद्यालय, सं० २०२९) : पृष्ठ २८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रणबहादुर शाह हास्यप्रधान रचनाका सोखीन थिए भन्ने कुरो शक्तिवल्लभ अर्ज्याल लिखित "हास्यकदम्ब" [सं० १८५४] ले पनि पुष्टि गर्दछ। नाटककार लेख्दछन्-"...तिम्रा योनिदेषिन् घाँटिपर्यन्त भिरंगी भन्याको व्याघिले ग्रास गरोस् .. तिम्रा दुवै स्तनमण्डल लतरी पतन भैजाउन्। तिम्रा दुवै जाँघका माझमा ढेरै रोंवाले छोपि राष्याको भगको माझमा रह्याको मणि जो-छ-सो लामु भैकन निस्की जावस्... सन्तानको इच्छा भएमा दिन ढल्केपछि अद्भुत दर्शनको राजखानीलाई ततापको कैंचीले बलपूर्वक काटिदिनोस्।" मनोरञ्जनको पराकाष्ठा यी पंक्तिहरूमा पाइन्छ। साँढ्या वैद्य हरिपति शर्मा रणबहादुर शाहका निम्ति विदूषकको पाठ खेल्दथे।[८] शक्तिवल्लभ अर्ज्यालले रणबहादुर शाहको हास्यप्रतिको रुचिलाई राम्ररी बुझेका थिए। यसै अनुरूप कवि राघावल्लभले पनि लेखेका छन्—

"कहत नवाफ् नामादारः मुजि वौलाकैं अैसे बाँन्ः नित्य नित्य मरवावै गाँड्ः
झ्याउलालकैंः लाल्लालः लम्बेः लम्बे मोटे मोटे लाड्सौं षुप् मेष मारैः जैसो
[घोडिपर षैंचैं साँढः

षुप् षुप् सुरकैं आये और जवाँन्ः चोद् चोद्कौं हुवा हरान्ः
मिलैंः रस इनाम्ः झ्याउलालकौंः नवाफ्नेः दिये मरातम्
चोदते चोदतेः फिर्कावैः गाँड् ॥१॥"

यस्ता अश्लील वर्णनका साथै कविले विभिन्न साँढेहरूका जुघाइलाई बडो मनोरञ्जक ढंगमा प्रस्तुत गरेका छन्। 'गुहू', 'पादको कपूर' जस्ता नाम गरेका साँढेहरूका जुघाइको वर्णन कविले रोचक ढङ्गमा गरेका छन्। 'चिप्न्या' 'विजुली बहादुर' 'डल्या' 'फुस्न्या' जस्ता हास्यास्पद नाम दिइएका साँढेहरूका हास्यास्पद नै क्रियाकलापको वर्णन कविले गरेका छन्।

माथि नै भनियो—केवल मनोरञ्जक पक्ष मात्र यस कविताको वास्तविक मूल्य होइन। यसमा लडाइँका प्रसङ्गहरू यथेष्ट छन्। साँढेका जुझाइ नै कविको विषय बनेको छ। त्यसैले साँढेहरूमा वीरताको प्रतिद्वन्द्व गराएर कविले युगमानसलाई अभिव्यक्त गरेका छन्। कवितमा युग र माटोको छाप छ—

"लन्यो महाँविर मत्ताः मान्यो लात्ः विर सुर वैरि भागै अेत्ताउत्ताः
विर विरकोः मेष मान्योः दलि उडायोः जैसो बयारकै पत्ताः
भागै जोरि बडे बडेः लागै खुप धक्का लोटै पक्का पक्काः
तेरे जोर जगत्रः जाँनैः हटै दंति येक मत्ताः
भादगाउँल्या सहित रहैं विर पाँच पांडव जस्ता ॥१॥"

---

८. धनवज्र वज्राचार्य (सम्पा०) त्रिरत्न सौन्दर्य गाथा, पृष्ठ १५१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्रिय अभिलेखालयमा रहेको यस ठ्यासफुमा यस कवितका दुई पाठ-भेद छन्। दुवै पाठका हस्तलिपि एउटै भए पनि अर्कोचाहिं पाठ अपूर्ण हुनाका साथै केही ब्याप्तिक जस्तो देखिन्छ। दुवै पाठको भाव करीब एउटै भए पनि अर्कोचाहिंको रूप-रचना त्यति राम्रो छैन। दुवैको भाषिक रूप एउटै भए पनि अर्कोमा प्रयत्न लाघवपट्टि कविको झुकाव छ। त्यसैले पूर्ण भएको चाहिं पाठलाई नै आधार बनाएर त्यसको मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ।

साँढ्याको कवित-२

राष्ट्रिय अभिलेखालयमा रहेको दो. २५४।७९९, वि. ८२९ नम्बरको ठ्यासफुमा एउटा 'साँढ्याको कवित' लेखिएको छ। यस ठ्यासफुको बाहिरं लेखिएको छ "श्री साँढ्याको कवितः सँच्याइ लेष्याको पत्र हो सुभम्"। तर त्यसमा सच्याउने व्यक्तिको नाम कतै लेखिएको छैन। यसबाट यो कवित प्रतिलिपि हो भन्न सकिन्छ। कुन मूल प्रतिबाट यो सच्याइएको हो भन्न नसकिए तापनि के भन्न सकिन्छ भने कवि राधा-वल्लभको कवितभन्दा यो खास गरीकन भाषिक प्रयोगमा निकै फरक छ। प्रस्तुतीकरण विधिमा पनि यो त्यतिकै फरक छ। ब्रज-अवधी मिश्रित भाषाबाट यो निकै हदसम्म मुक्त छ र अपेक्षाकृत राधावल्लभको भन्दा परिमार्जित नेपाली भाषाको प्रयोग यसमा भएको छ। कतिपय ठाउँमा 'खाम्राङ खुम्रुङ्', 'घान्द्रा घुन्द्रं', 'रांडी छोरो'. 'रुन्द मुन्द' जस्ता ठेट शब्दहरूका प्रयोग पनि कविले गरेका छन्। राधावल्लभकामा भन्दा यसमा बढी साँढेहरू जुध्दछन्। वर्णनको सहजता यस कवितमा पाइन्छ। अनुप्रासयुक्त लयात्मक पद-योजनाका दृष्टिले पनि यो कवित निकै राम्रो छ। कवि राधावल्लभको शैली-शिल्प यससँग तुलना गर्दा के निष्कर्षमा पुगिन्छ भने यसका रचयिता राधावल्लभ नभएर कुनै अर्कै अज्ञात व्यक्ति हुन्।

विषयवस्तुका दृष्टिकोणले यो कवित कवि राधावल्लभको भन्दा खास फरक छैन, अर्थात् एउटै छ। अश्लील वर्णनको प्रसङ्ग यसमा झन् तीव्र छ; र मनोरञ्जनात्मक जुधाइको वर्णन यथेष्ट छ। यसका साथै "श्री वृषभविरस्यैः कवित लीष्यते" लेखेर गुरु गरिएको यस कवितामा साँढेहरूको वीरताको प्रसङ्ग काव्यात्मक ढंगमा जोडिएको छ। युद्धक्षेत्रको दृश्य कविले यसरी उतारेका छन्—

"इ सभ वृषभको जोर घोर घँमसाँन भयो,
हिमांन्चल पर्वत थर्किरह्यो पृथि धम्किरह्यो
धुरो उडिगयो आकासमा रुँदमुँद भयो हैं॥१॥

यस कवितमा कविले आफ्नो कल्पनाशक्तिको यथेष्ट प्रयोग गरेका छन्। उनमा प्रयोगमा कविको चातुर्य स्पष्ट झल्कन्छ। "येक सिं आकास् येक सिंः पाताल्" पृथ्वीका 'लछिमिप्रसाद' नाम गरेको साँढे, माइ कामधेनुको कोखमा जन्मी तप गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भैरव' नाम गरेको साँढे र अन्य कति यस्ता साँढे छन् जसले यस कवितमा वीर भावको पोषण गरी पाठकलाई उत्साहित पार्दछ। साँढेलाई मानवीकरण (Personification) गर्नें कविको प्रयास यथार्थतामा भन्दा बढी भावुकतामा आधारित छ।

साँढ्याको कवित—३

राष्ट्रिय अभिलेखालयमा रहेको दो० ल० नं० २५४, वि० ८२८ मा यो कवित लेखिएको ठ्यासफु छ। सांढ्याको कवित् पछी वन्याको हो" भनेर यस ठ्यासफुमा बाहिरपट्टि नै लेखिएको छ। यसमा पनि कविको नाम कतै लेखिएको छैन। अनुमान गर्दा कुनै एक गरीब कविले राजा (श्री ५ रणबहादुर शाह) बाट बिर्ता पाउने इरादा लिएर यो कवित लेखेका हुन् भन्ने देखिन्छ। कवि लेख्दछन्—

"हुकुम् मान्याः इन्को कवित् मैले क्या जाँन्याः
भजाँ नाँगोः काँहाँ वसि क्या षाँन्याः

\+ + +

"त्यो अवतारिः पसुदेवः को हो को होः
कविले विर्ता पाँउंन्या बाटो हो हो॥"

कवि राघावल्लभले यो कवित लेखेका होइनन् भन्ने कुराको आधार केवल शैली-शिल्पको भिन्नताले मात्र होइन कि उनी जस्ता आर्थिक रूपले सम्पन्न भएका व्यक्तिले यसरी दीन-याचना गर्नु जरूरत नै थिएन। माथि उद्धृत गरिएका पंक्तिहरूमा गरीबीको जुन स्पष्ट झल्को दिइएको छ त्यो हेर्दा पशुपतिनाथको मन्दिरमा दक्षिणतिरको चाँदीको ढोका बनाउन छः हजार रुपैयाँ संकल्प गर्ने राघावल्लभले यस्ता पंक्ति लेखे भन्ने पत्याउन सकिंदैन। एउटा कुरोचाहिं हो भन्न सकिन्छ; त्यो हो राघावल्लभ झैं यस कवितका रचयिता पनि गोरखाकै हुनुपर्दछ। यस अनुमानको आधार के हो भने कविले उपत्यकाबाहिर गोरखाका साँढेको जुघाइको पनि वर्णन गरेका छन्। अरू कवितमा यो विशेषता पाइँदैन।

विषयवस्तुका दृष्टिले अन्य दुई कवितभन्दा यो कत्ति पनि फरक छैन। माथि चर्चा गरिएको दोस्रो कवितका तुलनामा यस कवितको रूप-सौष्ठव त्यति राम्रो देखिंदैन।

यहाँ चर्चा गरिएका तीनवटै 'साँढ्याको कवित' मा थप पंक्तिहरू पनि दिइएका छन्। विषयको चयन, रूप विधान तथा लिपि-प्रयोगको एकरूपता हेर्दा समयको धेरै फरक पारेर यी कवितहरू लेखिएका थिएनन् भन्ने स्पष्ट हुन्छ। जे होस्, नेपाली साहित्यमा कविताका विषयको वैचित्र्य यी कवितले दर्शाउँदछन्। यसका साथै नेपाली लिपिबद्ध साहित्यमा लोक-साहित्यको प्रभावलाई पनि यी कवितले स्पष्ट पार्दछन्। त्यसैले यी कवित नेपाली साहित्यका ऐतिहासिक निधि हुन्।

●

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामभद्र पाध्या रेग्मी

रामभद्र पाध्या रेग्मीको जन्म सं० १८०० तिर भएको हो भनी बालकृष्ण पोखरेलज्यूले अनुमान गर्नुभएको छ।[1] यिनका पिताको नाम करुणाकर उपाध्याय थियो। यिनले सं० १८३६ मा 'प्रशस्तिरत्नम्' भन्ने संस्कृत किताब लेखेका थिए। यो पत्र लेखन कलाविषयक किताब हो। यिनको अर्को एउटा ग्रन्थ पनि पाइएको छ; त्यो हो 'लक्ष्मी-धर्म सम्वाद'। यो ग्रन्थ नेपाली भाषामा लेखिएको भए तापनि तत्सम शब्दहरू अशुद्ध भएकाले संस्कृतमा 'प्रशस्तिरत्नम्' लेख्ने रामभद्र र यी रामभद्र बेग्लाबेग्लै हुन् कि भन्ने शंका बालकृष्ण पोखरेलज्यूले गर्नुभएको छ।[2]

'लक्ष्मी-धर्म सम्बाद' को विषयवस्तुसँग मिल्दो एउटा कविता डा० जगदीशचन्द्र रेग्मीले फेला पार्नुभएको छ।[3] जसका रचयिताको नाम 'रामभद्र कवि' भनिएको छ। यस कविताको शीर्षक 'बंधुदिनपराष्टकं राखिएको छ। अन्तिम श्लोकमा लेखिएको छ—

"आठ श्लोकमहाँ बुहारिहरूको शिक्षा कह्याको छ यो
जो धर्ला कुलकन्यका मनमहा त्यो दुख पावैन है॥
जस् जाला पृथिवीमंहाँ सभ जना हाहा भनी गाँउनन्
तस्का पुरव कमाइले अरू पनि जस् भाग्य ता पांउनन्॥
इति श्रीरामभद्रकविना विरचितं बंधुविनपराष्टकं संपूर्णम्॥

यस श्लोकबाट यस कविताको विषयवस्तु तथा उद्देश्यबारे सहज अनुमान गर्न सकिन्छ। यसको आधारमा 'लक्ष्मी-धर्म सम्वाद' का रामभद्र पाध्या र यस कविताका रचयिता रामभद्र पाध्या कवि एउटै हुन् भन्ने अनुमान गर्न सकिन्छ।

डा० रेग्मीले यस कविताको रचनाकाल पनि 'लक्ष्मी-धर्म सम्वाद' कै हाराहारी सं० १८५१ तिर अनुमान गर्नुभएको छ।[4] यसबारे प्रामाणिक आधार फेला नपरेज्जेल हाललाई यही समयलाई मान्नु उपयुक्त हुन्छ।

भानुभक्तको वधू शिक्षा' को पूर्व-रूप रामभद्र कविको यस कवितामा पाइन्छ। रामभद्र कविले ज्यादै संक्षेपमा [केवल ८ श्लोक मात्र] बुहारीहरूले दैनिक जीवनमा गर्नुपर्ने कर्तव्यबारे उपदेश दिएका छन् भने भानुभक्तले यसैलाई सविस्तार [जम्मा ३३

(१) पाँच शय वर्ष; पृ० ३९३
(२) ऐजन
(३) डा० जगदीशचन्द्र रेग्मी, नेपाली अध्ययन, पृ० ७४-७५
(४) ऐजन; पृष्ठ ७६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्लोकमा] वर्णनात्मक ढंगमा प्रस्तुत गरेका छन् । यी दुवै कविले वधूवर्गको नैतिक चरित्रमा बढी जोड दिएका छन् । सबभन्दा मुख्य कुरो त के भने यी दुवै कविले आफ्ना सामु सम्पन्न परिवारका बुहारीलाई ध्यानमा राखेर उपदेश तयार पारेका छन् । भानुभक्तले आफ्नो 'वधूशिक्षा' को श्लोक ३, ५ र ७ मा चाकर (नोकर) को उल्लेख सन्दर्भगत गरेका छन् । नोकर-चाकर पाल्न सक्ने क्षमता सामान्य आर्थिक स्थिति भएको परिवारमा निश्चय नै हुँदैन, यस्तो परिवारमा बुहारीले नै एक प्रकारको चाकर-को काम गर्नुपर्दछ भने पनि हुन्छ । रामभद्र कविले पनि आफ्नो 'बंधुविनपराष्टकं', मा 'कुलकि बेटि भइ', 'जो घर्ला कुलकन्यका...'जस्ता वाक्यांश प्रयोग गरेका छन् । श्लोक ७ मा पनि कविले "मानिस हेरि अघीपछी महि दहि अचार साग्दालले पुर्नू" भनेर सम्पन्न कुलकै बुहारीलाई उपदेश दिएका छन् ।

रामभद्र कविको यस कवितालाई वीरकाव्य प्रवृत्तिमा समावेश गर्न नसकिए तापनि यस कालमा भने ससंमान स्थान दिन सकिन्छ । यस 'पूर्व-प्रारम्भिक काल'मा यस कविताको एउटा अर्कै मूल्य छ; त्यो हो सामाजिक चेतनाको अभिव्यक्ति । यिनीभन्दा अघि उदयानन्द अर्ज्यालले समाजको सांस्कृतिक पक्षको एउटा सानो झल्को प्रस्तुत गरेका थिए, तर उनको मूल काव्यप्रवृत्ति वीरकाव्यमै अन्तर्भूत थियो । रामभद्र कविको मूल प्रवृत्ति नैतिक-विश्लेषण भए तापनि यिनले समाजलाई सामु राखेर उपदेश दिएका छन् । परिवार जस्तो सामाजिक एकाईको सुधारपट्टि ध्यान दिएर अप्रत्यक्षतः यिनले सम्पूर्ण समाजकै कल्याणलाई दृष्टिमा राखेका छन् । बुहारीलाई शिक्षा दिने कुरालाई केवल माध्यम मात्र बनाएर यिनले वस्तुतः समाजकै नैतिक चरित्र र आर्थिक उन्नतिमा जोड दिएका छन् ।

आचार-विचारलाई नै विषय बनाएर सं० १७८० मा प्रेमनिधि पन्तले "प्राय-श्चित्तप्रदीप" लेखेका थिए । उनको "नृपश्लोकी" पनि यसै विषयमा आधारित थियो । रामभद्र कविको "बंधुविनपराष्टकं" लाई "प्रायश्चित्तप्रदीप" कै परम्परामा राख्न सकिए तापनि यस कविताले जुन आयाम लिएर नेपाली साहित्यको इतिहासमा ठाउँ पाएको छ, त्यो हेर्दा बेग्लै परम्परामा यसलाई समावेश गर्नु उचित ठहरिएला । "प्रायश्चित्तप्रदीप"मा शास्त्रीय ढाँचा छ—काव्यात्मकता छैन । समाजभन्दा पनि परम्परागत शास्त्रीय मान्यतालाई सामु राखेर प्रेमनिधि पन्तले यो ग्रन्थ लेखेका देखिन्छ । तर रामभद्रले प्रेमनिधिकै विषयलाई (फराकिलो अर्थमा) काव्यात्मक अभिव्यक्ति दिए, नेपाली पद्य-साहित्यको यो सम्पत्ति बन्यो । यिनका कवितामा शास्त्रीय परम्परा गौण छ, प्राधान्य समाजले नै पाएको छ । यिनको यो प्रवृत्ति पछि भानुभक्तमा झन् स्पष्ट भएको पाइन्छ । तसर्थ रामभद्र कविको यस कविताका आडमा के भन्न सकिएको छ भने 'वीरकाल' मै पनि कविहरूको ध्यान समाजपट्टि नगएको थिएन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सामाजिक आवश्यकताले नै साहित्यकारलाई लेखाउँछ—विश्व साहित्यको इतिहास नै यस कुराको साक्षी छ। सभ्यता, संस्कृति, कला, नैतिकता, आचरण आदि यस्ता उपकरण हुन् जसका संयोगमा समाजको धरातल थामिएको हुन्छ। यी उपकरणका कमजोरी वा अभावमा समाजमा 'अराजकता' फैलन्छ, तसर्थ विद्वानहरूले समाजको समृद्धिको लागि यी उपकरणहरूमा विशेष जोड दिंदै आएका छन्। वीरकालमा समाज-का संख्याको वृद्धि वीर गोर्खालीहरूले आफ्नै बाहुबलले गरे; कुनै विदेशी शक्तिलाई गुहार्नुपरेन। यही गौरवमय स्थितिले वीरगाथाकारहरूको जन्म दियो। ती विजित समाजको धरातललाई समृद्ध पनि तुल्याउनु थियो। त्यसैले नैतिकतालाई मुख बनाएर रामभद्र जस्ता नीतिवादी कवि पनि देखापरे। समाजलाई उठाउने काम यिनले प्रारम्भिक अवस्थादेखि नै थालेको देखिन्छ—समाजको एउटा एकाई परिवार र परिवारको एउटा आधार बुहारीबाट। तसर्थ यिनलाई वीरकालीन काव्यको पूरक कविका रूपमा मान्न सकिन्छ।

लक्ष्मी-धर्म सम्वाद—

यसैको गद्य खण्ड हेर्नुहोस्।

———

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुमानी पन्त र उनका कविता

सं० १८४७ मा कुमाउँमा नेपालको अधिकार जमेकै साल गुमानी पन्तको जन्म भएको थियो। "गुमानी" नाम किन रह्यो भन्नेबारे अनेक मतहरू पाइन्छन्; कोही भन्छन्, यिनका पिताले माया गरेर यिनलाई 'गुमानी' भन्ने गर्दथे। फेरि कोही भन्छन् काशीपुरका राजा गुमानसिंह देवका सभामा यिनी राजकवि भएर बसेकाले तिनै राजाका नाममा यिनी पनि 'गुमानी नामले प्रसिद्ध भए। परन्तु यसबारे प्रामाणिक तथ्य केही पनि फेला परेको छैन।[१] काशीपुर जिल्लाको नैनीलालमा यिनको जन्म भएको थियो। भानुभक्त झैं यिनी पनि आफ्ना बज्येको रेखदेखमा हुर्केका थिए। २४ वर्षको उमेरसम्म यिनले विद्याभ्यास गरे। यसपछि यिनको विवाह त भयो तर १२ वर्षसम्म ब्रह्मचर्य-व्रत बस्ने सनक यिनमा चढ्यो। अन्तमा यिनले त्यो व्रत पूरा गरिछाडे। यसपछि यिनी घर फर्के र व्यावहारिक जीवन यापना गर्न थाले। सं० १९०३ आषाढ कृष्णा-ष्टमीको दिन यिनको मृत्यु भएको थियो।

कवि गुमानी तत्कालीन राजाहरूद्वारा सम्मानित कवि थिए; ती राजाहरूमा काशीपुरका राजा गुमानसिंह देव, पटियालाका राजा श्री कर्णसिंह, अलवरका राजा बनेसिंह देव, नहानका राजा फतेह प्रकाश र टेहरीका राजा सुदर्शन शाहको नाम लिन सकिन्छ। यसबाट यिनको प्रतिष्ठाबारे अनुमान लगाउन सकिन्छ। शास्त्रार्थ गर्न र तुरून्त कविता रचेर अरूलाई चकित पार्न यिनी खप्पिस थिए। यिनको प्रतिभाका

---

१. कवि गुमानीका बारेमा हालसाल डा० गोविन्द 'अमृत' ले नयाँ तथ्य प्रस्तुत गरेका छन् जसअनुसार यिनको जन्म संवत् १८०४ को आसपास भएको थियो। यिनको उपनाम 'गुमानी पन्त' नभएर 'गुमान मिश्र' थियो। व्यावहारिक बोलचाललाई ध्यानमा राखेर मानिसहरू यिनलाई 'गुमानी' भन्दथे। यिनको खास नाम पनि 'लोकरत्न पन्त' नभएर 'सर्वसुख मिश्र' थियो। यस कुराको पुष्टिको लागि डा० 'अमृत' ले यिनको "नैषध काव्य" का निम्नलिखित दुई पंक्ति अघि सारेका छन्—

"मिश्र सर्व सुख, सुकविवर श्री गुरु चरण मनाय।
वरणि कथा हौं कहत हौं, होइ है वही सहाय॥

—डा० गोविन्द 'अमृतः' "गुमानी का नाम" आजकल (कहानी विशेषाङ्क) २९८, ३३।५ (१९७७) सेप्टेम्बर-अक्टोबर): पृ० १.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्बन्धमा शंका गर्नुपर्ने ठाउँ कतै थिएन। त्यसैले यिनको ख्याति केवल कुमाउँमा मात्र सीमित नभएर टाढा टाढासम्म फैलिएको थियो।[२]

गुमानी पन्त मूलतः संस्कृत र हिन्दीका आढ्य कवि-लेखक थिए भनेर जर्ज ग्रियर्सनले 'The Indian Antiquary' को अठतीसौं ठेलीमा लेखेका छन्। कुमाउँका सर्वप्राचीन कवि यिनलाई नै मानिएको छ। संस्कृतमै यिनले ज्यादा कलम चलाए तापनि खड़ी-बोलीका पहिलो कविका रूपमा हिन्दी साहित्यमा यिनी प्रसिद्ध छन्। भारतेन्दु हरिश्चन्द्र नजन्मँदै यिनले खड़ी बोलीमा कविता लेख्न थालेका थिए। यिनका कृतिहरू यस प्रकार छन् :—

१. रामनामपंचपंचासिका
२. राममहिमा वर्णन
३. गंगा शतक
४. जगन्नाथाष्टक
५. कृष्णाष्टक
६. रामसहस्त्र गणदंडक
७. चित्रपदावलि
८. राममहिमन्
९. रामाष्टक
१०. कालिकाष्टक
११. रामविषय भक्ति विज्ञप्तिसार
१२. तत्त्वविनोदिनी पंचपंचासिका
१३. नीतिशतक शतोपदेश
१४. रामविषय विज्ञप्तिसार
१५. ज्ञान भैषज्य मंजरी
१६. नैषध काव्य

यी बाहेक 'गुमानी नीति' र 'गुमानी विरचित काव्य संग्रह' यी दुई पुस्तक पनि सम्पादित भएर प्रकाशित भएका छन्। जुन-जुन राजाबाट यिनले सम्मान पाए तिनका बारेमा पनि संस्कृतमा यिनले काव्य रचना गरे। 'सत्रञ्जाष्टकम्' र 'गञ्जिफाक्रीडापद्धति' जस्ता खेलसम्बन्धी काव्य पनि यिनलें रचना गरे। 'तिथिनिर्णय', 'आशौचनिर्णय' र 'आचार निर्णय' जस्ता कर्मकाण्डसम्बन्धी ग्रन्थ पनि यिनले लेखे। माथि दिइएको सूचीमा उल्लेख गरिएको अन्तिम पुस्तक 'ज्ञान भैषज्य मंजरी' वैद्यकसम्बन्धी पुस्तक हो। यसरी यिनले विविध विषयमा कलम चलाएका थिए।

गुमानी पन्त विशेष गरेर संस्कृतका धुरन्धर विद्वान् थिए। माथि उल्लेख गरिएका ग्रन्थहरूबाट थाहा हुन्छ—यिनी संस्कृतका काव्य-सर्जक थिए। कुमाउनी, नेपाली आदि भाषामा यिनले केवल मुक्तकहरू मात्र लेखेका छन् जसलाई डा० भगतसिंहले विनोदपूर्ण क्षणका रचना भनेका छन्।[३] हुन पनि यिनले प्रयोग गरेका विभिन्न भाषा र लोकोक्तिहरू पढ्दा यिनका कवितामा डा० ईश्वर बरालले भन्नुभए झैं "कुनै उस्तो साहित्यिक आढ्यता किंवा वैशिष्ट्य"[४] पाइँदैन। समस्यापूर्तिकारका

२. डा० भगतसिंह, हिन्दी साहित्यको कूर्मांचल की देन (दिल्ली : नेशनल पब्लिशिंग हाउस) ई० १९६७); पृ० १५–१६।
३. ऐजन; पृष्ठ २५
४. "गुमानी पन्त" नेपाली २४, २०१२ साउन भदौ असोज, पृष्ठ ३८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा यिनी त्यस वेला प्रख्यात थिए; यो प्रयोग यिनले नेपालीमा पनि गरे। आफ्नो विनोदी स्वभावलाई यिनले आफ्ना कविताको माध्यमबाट व्यक्त गरे। डा० बराल लेख्नुहुन्छ "ई अद्भुत र हास्यरसका बडा प्रेमी थिए। तर इनले शृङ्गाररसका सट्टा नीत्युपदेशका तथा देव-देवीस्तवनका काव्यको नै बडो प्रगाढ आन्तरिकता तथा भक्तिका साथ रचना गरे [५]। यसरी संस्कृतका लेखकका रूपमा यिनको स्थान उच्च छ र खडी-बोलीका साहित्यमा यिनलाई प्रथम राष्ट्रिय कविको स्थान प्राप्त छ।

गुमानी पन्तले नेपाली भाषामा कविता रचना किन गरे? डा० बरालको उत्तर छ—"नयाँ गोर्खाली शासकलाई रिझाउन सम्भवतः इनले नेपालीमा लेख्ने चेष्टा गरे।" [६] फेरि उहाँ लेख्नुहुन्छ—"नेपाली भाषामा लेखेर गुमानीले हामीलाई धेरै गुन लगाएका छन्। जे भए पनि शासकको भाषालाई स्वीकार गरेर त्यसको वाणी रूपलाई सिंगारेर विजित तथा विजेतामाझ भावनात्मक ऐक्य स्थापित गर्ने चेष्टा इनले गरे। संस्कृतनिष्ठ पण्डितद्वारा औ नेपाली भाषा-भाषीइतरद्वारा अथवा भनौं पराजित देशका व्यक्तिद्वारा नेपालीको प्रयोग हुनु नेपालीका निम्ति कम्ती हर्षदायक कुरो होइन....कुमाउँवासी भए तापनि गुमानीले नेपालीमा रचना गरेर यस भाषालाई काव्य वाहनका निम्ति समर्थ हुन सक्ने कुरा देखाइदिए। इनले नेपालीको जस्तोसुकै प्रयोग गरे तापनि आफ्ना समसामयिक वा केही पछिका इन्दिरस तथा विद्यारण्यकेसरी अर्ज्यालको भाषाका अपेक्षा धेरै शुद्ध प्रयोग गरे।[७]" यहाँ डा० बरालका कतिपय कुराहरूसँग सहमत हुन गाह्रो पर्दछ। कुमाउँमा गोर्खाली शासनको स्थापना भएकोले नेपालीमा एकाध नै भए पनि कविता रचना गरे—यसको लागि गुमानी प्रशंसाका पात्र छन्। तर कुरो के जटिल छ भने विजेतालाई रिझाउन यिनले नेपालीमा रचना गरेका थिए भने गढवालका मौलाराम तोमरले पनि किन यसो गरेनन्; मौलाराम त झन् अझ नेपाल दरबारको नजीक सम्पर्कमा थिए। गोर्खाली शासकलाई रिझाउन गुमानीले स्तुति-काव्य लेख्नुपर्थ्यो; त्यो पनि लेखिएको पाइँदैन। केवल खिचडी भाषामा एकाधवटा पंक्ति कोर्दैमा रिझिने गोर्खाली राजाहरू इतिहासमा कोही पनि थिएनन्। बरु मौलारामले ब्रजमै स्तुति लेखेर गहिरो प्रभाव नेपाल दरबारलाई पारे। टिहरीका राजा सुदर्शनलाई रिझाउन गुमानीले "कल्पवृक्षप्रबन्ध" लेखे झैं, या यसरी नै पटियाला अलवर र नाहनका राजालाई रिझाउन विविध काव्य रचना गरे झैं नेपालका राजालाई रिझाउन यिनले कुनै कविता—काव्य रचना गरेको पाइँदैन। नेपालीमा नलेखेर संस्कृतमै पनि यिनले नेपालका राजालाई रिझाउन सक्थे; जस्तो कि नेपालभित्रकै नेपाली कविहरूले संस्कृतमा अनेक ग्रन्थ लेखेकाछन्; जस्तो ललितावल्लभको 'भक्त-

(५) ऐजन, पृष्ठ ४०

६. ऐजन, पृष्ठ ३७

७. ऐजन; पृष्ठ ३९–४०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विजय काव्य' र 'पृथ्वीन्द्रवर्णनोदय', लक्ष्मण कविको 'कवितानिकषोपल', शक्तिवल्लभको 'पुष्प्ररणचातुरी', 'जयरत्नाकर नाटक' र 'हास्यकदम्ब', सुन्दरानन्दको 'बहादुर शाह वर्णनम्' आदि। भाषाको चेतना त्यति वेला त्यति तीव्र रूपमा आइसकेको थिएन, संस्कृतकै गौरव ज्यादा थियो। शायद यसैले होला श्री ५ राजेन्द्रविक्रम शाहले संस्कृतमै "राजकल्पद्रुम" लेखेका थिए। जोसमनी सन्त परम्पराकै ज्ञानदिलदासले विशुद्ध नेपाली भाषामा रचना गरे भने स्वामी निर्वाणानन्द उर्फ रणबहादुर शाहले गर्न नहुनु कुनै कारण थिएन। नेपाली भाषा यस्तो स्थितिबाट गुज्रिरहेको बखतमा गुमानीले नेपाली भाषामा दुई-चार पंक्ति कोरे भन्दैमा नेपाली शासकलाई रिझाउन खोजेको हो भन्न सकिंदैन। यदि यसो हो भने ब्रजमा कविता रचना गरेर यिनले कसलाई रिझाउन चाहेका थिए त ? वास्तविक कुरो के थियो भने गोर्खाली आधिपत्यले गर्दा गोर्खालीहरूका सम्पर्कमा यिनी आए, भाषा पनि काम चलाउ रूपमा सिके। मनोविनोदको लागि नेपाली, ब्रज लगायत संस्कृत, कुमाउनी र हिन्दी भाषाको खिचडी बनाएर यिनले मुक्तक लेखे। नेपालीमा यिनले जति लेखेका छन् ती नगण्य संख्यामा मुक्तक मात्र छन्, काव्यका रूपमा छैनन्। त्यसैले जहाँ-जहाँ यिनले नेपाली भाषाका पदहरू हाले ती "प्रयोगका लागि प्रयोग" मात्र थिए। नेपाली भाषाप्रति हामी नेपालीको सम्मान भाव भएकोले नै गुमानीका नेपाली रचनालाई हामीले नेपाली भाषा भाषी इतरले लेखेका भनी सम्मान गरेका मात्र हौं। तसर्थ यो सम्मान केवल भावनात्मक मात्र हो; भावुकताको प्रतिफल मात्र हो।

डा० बरालले लेख्नुभएको छ "···गुमानीले नेपालीमा रचना गरेर यस भाषालाई काव्य वाहनका निम्ति समर्थ हुन सक्ने कुरा देखाइदिए।" यो श्रेय गुमानीलाई किन दिइयो थाहा छैन। निश्चय नै गुमानी नेपाली भाषाका पहिलो कवि वा काव्यकार होइनन्, नेपाली भाषा काव्य-वाहनका निम्ति समर्थ हुन सक्ने कुरा यिनी भन्दा अघि नै सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, सुन्दरानन्द प्रभृतिले देखाइदिएका थिए। गुमानीको कलम चल्न थालेको सं० १८६७ पछि मात्र हो—गीर्वाणयुद्धको शासन कालमा। उदयानन्द र शक्तिवल्लभ अर्ज्यालका भाषाभन्दा राम्रो भाषा यिनको भएको भए डा० बरालज्यूको मतलाई मान्न सकिन्थ्यो। यिनले त अझ झन् नेपाली भाषालाई खिचडी तुल्याइदिएका छन्। त्यसैले नेपालीमा रचना गर्नु यिनको धृष्टता थियो।

गुमानी पन्तलाई मोहवश नेपाली वीर काव्य परम्परामा समावेश गर्नै धृष्टता कसैकसैले गरेका छन्। यहाँ 'धृष्टता' शब्द किन प्रयोग गरियो त्यसको स्पष्टीकरण दिनुभन्दा अघि गुमानी रचित निम्नलिखित श्लोक हेरौं—

"दिन दिन खजानाका भारिका बोकनाले
शिव शिव चुलिमैंका बाल नै एक कैका।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदपि मुलुक तेरो छोड़ि नै कोइ भाजा
इति वदति गुमानी धन्य गोर्खालि राजा ।।"

"धन्य गोर्खाली राजा" भने भनेर गुमानीलाई सुवानन्दहरूकै परम्परामा राख्ने लोभ केहीले गरेका छन् । महानन्द सापकोटा लेख्नुहुन्छ, "अलमोडा निवासी कवि गुमानी पन्तले पृथ्वीनारायण शाहमा असीम श्रद्धा व्यक्त गर्दै गोर्खाली राजा भनेर सम्बोधन गरेको हो'''पृथ्वीनारायणका जितमा हिमाली जातिको कल्याण कवि गुमानीलाई झन्किएको थियो । त्यसैले कवि असीम श्रद्धासँग नैतिक बल थपिदिंदै र उत्साह बढाउँदै भन्छन्—'धन्य गोर्खाली राजा' ।[८] कमल दीक्षितज्यू पनि लेख्नुहुन्छ, "देशप्रेममा पक्का भएका यी कविको 'धन्य गोर्खाली राजा'—मा त्यस वेलाका नेपाली जनताको भावना बोलेको पाइन्छ ।"[९] माथि दिइएको श्लोकले गर्दा वस्तुतः हामी दोहोरो अपमानको शिकार वन्न गएका छौं—(१) हाम्रो आफ्नै नेपाली जातिको र (२) कविको काव्य-प्रतिभाको । तात्कालिक ऐतिहासिक पृष्ठभूमिलाई अगाडि राखेर हेर्दा यो कुरो प्रमाणित हुन्छ । कविले यस श्लोकमा भनेका छन्—"खजाना बोक्दा-बोक्दा थाप्लाको रौं खुइलिएर गए । तैपनि मानिस गोर्खाली राजाको मुलुक छाडेर जाँदैनन् । त्यसकारण हे गोर्खाली राजा, तिमी धन्य नै रहेछौ ।" यो गोर्खाली प्रशासक-प्रति प्रशंसा नभएर तीतो व्यंग्य थियो भन्ने कुरो तात्कालिक इतिहासले साक्षी बक्दछ। सं० १८४७ देखि सं० १८७२ सम्म कुमाउँमा नेपाली शासनको प्रतिकूल प्रभाव परेको थियो । अंग्रेजसँगको युद्धको परिणाममा यो प्रदेश नेपालले गुमाउनुपरेको कारणमध्ये यो पनि एउटा थियो । त्यहाँका मानिसहरूको हृदय जित्ने काम त्यस वेला भएन; त्यसैले युद्धमा तिनीहरूले गोर्खालीहरूलाई साथ दिएनन् । वस्तुतः कुमाउँमाथि त्यस वेलाको गोर्खाली शासन प्रतिकूल हुन गएकोले नै त्यहाँका मानिस रूष्ट थिए । डा० भगतसिंह लेख्दछन्, "गोरखालीहरूको बर्बरतापूर्ण अत्याचार, अमानवीय व्यवहार एवं नरसंहारबाट आतंकित भएर धेरैजसो कुमाउनी परिवार आफ्नो प्राणरक्षाको लागि तराई-भावर, कोटा, हल्द्वानी, काशीपुर, हरिद्वार आदि ठाउँतिर गए र गोरखालीहरूको चंगुलबाट स्वदेशलाई मुक्ति दिलाउने कुरामा चिन्ता गर्न थाले । गोरखालीहरूको नरसंहार कुन हदसम्म पुगेको थियो भने आज पनि अत्याचार, अन्यायपूर्ण व्यवहार एवं अमानवीय घटनाको लागि "गोरखाली राज्य" को उपमा दिइन्छ ।"[१०] शिवप्रसाद डबराल चारण[११] डा० नारायणदत्त पालीवाल[१२] र

---

८. यसै क्रमको पाद-टिप्पणी सं० ११ (पृ० ५३).

९. कमल दीक्षित (सम्पा०) बुइँगल : पृ० ३३२.

१०. **हिन्दी साहित्य को कूर्माचल की देन** : पृ० १३

११. **गढवाल का इतिहास** (२) (गढवाल : वीरगाथा प्रकाशन, २०३०) पृ० १०६-७

१२. **कुमाउँनी (हिन्दी की उपभाषा) के कवियों का विवेचनात्मक अध्ययन** : (दिल्ली : मौलिक साहित्य प्रकाशन, १९६६ ई०) पृ० ९४.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एच्० जी० वाल्टन [१३] ले पनि यही कुरो लेखेका छन् । यस्तो स्थितिमा हिन्दीका राष्ट्रिय कविका रूपमा ख्याति प्राप्त भएका गुमानी कविले गोर्खाली शासनको प्रशंसा गरे भन्ने कुरो पत्याउन सकिंदैन । वास्तवमा माथि दिइएको श्लोकमा यिनले गोर्खाली शासनप्रति व्यंग्य गरेका छन् । 'धन्य गोर्खाली राजा"—मा काकु वक्रोक्ति छ । यिनले गोर्खाली शासनलाई माथि नउचालेर तल खसालेका छन् । गोर्खाली शासनहरूले कुमाउँमा जुन निर्दयताका साथ राजस्व असूल गरेका थिए र त्यहाँको जनताले जुन कष्टपूर्ण र विवश जीवन बिताइरहेको थियो—तिनैलाई गुमानीले व्यंग्यात्मक ढङ्गले यस श्लोकमा अभिव्यक्त गरेका छन् । क्रूर शासन सहन नसकेर कुमाउनीहरू तराई-भावर, काशीपुरतिर भागेर गएका कविले देखेका थिए । तसर्थ "तदपि मुलुक तेरो छोडि नै कोइ भाजा" भनेर वास्तवमा यिनले जनताको बाध्यतापूर्ण तथा कष्टमय जीवन-तर्फ सकेत गरेका हुन् । यिनले गोर्खाली शासनको अपमान गरे जो अप्रत्यक्षरूपमा वीर कहलाइएका सम्पूर्ण नेपालीहरूकै अपमान थियो । शिवप्रसाद डबराल 'चारण' के भन्छन् भने आज पनि कुमाउनीहरू गुमानीको यो व्यंग्योक्ति दोहोऱ्याइरहन्छन् । हुन पनि हामी वीर नेपाली जातिको अपमान यस व्यंग्योक्तिले अहिले पनि गरिरहेको छ ।

कविको काव्य-प्रतिभाको अपमान भयो भनेर यस श्लोकका सन्दर्भमा किन भनियो भने प्रतिभाका धनी गुमानीको यस श्लोकको गूढार्थ बुझ्ने कष्ट हामीले गरेनौं; सं० १८४७ देखि सं० १८७२ सम्मको कुमाउँको इतिहास पल्टाउने जाँगर हामीले देखाएनौं र नेपाली भाषाप्रतिको मोहले गर्दा त्यसै त्यसै गुमानीप्रति पनि मोह देखाई यिनका कवितालाई पनि मोहवश अर्थ्याउने धृष्टता गऱ्यौं । यिनको भित्री आशय के थियो त्यतापट्टि हामीले कुनै चासो नै देखाएनौं । यिनका यस श्लोकको ठीक-ठीक अर्थ पत्तो नपाउनु अप्रत्यक्षतः यिनको काव्यप्रतिभाको अपमान नै हो । [१४]

गुमानी पन्तलाई वीरकाव्य परम्परामा हुल्न नसकिने कुरो स्पष्ट छ । तर यिनलाई 'पूर्व-प्रारम्भिक काल' को पद्य फाँटमा मामुली मात्र ठाउँ दिन सकिन्छ, किनभने नेपाली भाषामा यिनले केही श्लोक लेखे । आजभन्दा एक शय साठी वर्ष-अघि यिनी कुमाउनी-नेपाली थिए । यस 'थिए' शब्दका आधारमा पनि यिनलाई नेपाली साहित्यका इतिहासमा केही न केही ठाउँ दिनैपर्छ । परन्तु एउटा अप्ठ्यारो स्थितिको सिर्जना यिनले गरिदिएका छन् । यसो भएको यिनी मूलतः संस्कृत र त्यसपछि हिन्दीका आढ्य कवि भएर नै हो । त्यो अप्ठ्यारो स्थिति के हो त भने यिनले इन्दिरसहरूले भन्दा अघि (अझ सुगौली सन्धिभन्दा अघि) नै सीता, राम, अर्जुन, भीम आदिका नाम नेपाली कानमा पहिलो पटक पद्यद्वारा पुऱ्याइदिए; तर

१३. Almora Gazetteer—1711, P. 189.

१४. यहाँ चर्चा गरिएको श्लोक पाठ्यक्रमहरूबाट हटाइनु औचित्यपूर्ण देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनलाई भक्तिवादी नेपाली कविको पहिलो नम्बरमा राख्न सकिंदैन, किनभने जुन पृष्ठभूमिमा नेपाली साहित्यमा भक्तिकाव्यको प्रणयन भयो त्यस पृष्ठभूमिमा यिनका कविता-काव्य सिर्जना भएको थिएन। सुगौली सन्धिपछि यिनी कुमाउनी नै हुन गए। जहाँसम्म यिनी नेपाली हुँदासम्मको प्रश्न छ त्यो समय नेपाली वीरकाव्यको परिधि-अन्तर्गत नै थियो। 'कृष्ण' को नाम सुवानन्ददास र उदयानन्द अर्ज्यालले पनि लिएका छन्, तर यिनीहरूलाई भक्तिवादी कवि मान्न हामी सक्तैनौं। यसो मान्दा यी कवि-हरूको मूल काव्य-प्रवृत्तिसंग विरोध पर्न जान्छ। हुन त गुमानीले रामविषयक धेरै काव्य संस्कृतमा लेखे, तर ती लेख्नाको पृष्ठभूमि अर्कै थियो—हाम्रा इन्दिरसहरूका जस्तो थिएन। नेपालमै पनि मल्लकालमा संस्कृतमा धेरै भक्तिवादी नाटकहरू लेखिए। त्यो युग अर्कै परम्परामा थियो, युग र व्यक्ति-चेतनाको प्रभाव अर्कै थियो। गुमानीको भक्तिवादिता संस्कृतको परम्परागत काव्य-धाराकै उपज थियो जसका नेपाली कविताको सम्बन्ध नेपाली भक्तिकाव्यसँग कत्ति पनि थिएन।

अर्को अप्ठ्यारो स्थितिको सिर्जना के भएको छ त भने मोतीराम भट्टलाई उछिनेर यिनलाई पहिलो समस्यापूर्तिकार भन्ने कि नभन्ने! संस्कृत काव्य-परम्परा-सँगको सम्बन्धले गर्दा समस्या-पूर्तिलाई यिनले नेपालीमा पनि प्रयोग त गरे, तर ठिमाहा भाषामा।[१५] यसरी नै लोकोक्तिलाई पनि यिनले समस्या-पूर्तिकै शैलीमा लेखेका छन्।[१६] तर युगको परिवेश र व्यक्ति-चेतनाका सन्दर्भमा पहिलो समस्या-पूर्तिकार भनेर मोतीराम भट्टलाई नै मान्न हामी तत्पर छौं।

गुमानीका स्फुट रचनालाई हामी नेपाली-साहित्यका इतिहासबाट मिल्काउन सक्तैनौं। ती पनि नेपाली साहित्यका निधि नै हुन्। रसिला स्फुट रचना दिएर यिनले 'पूर्व-प्रारम्भिककाल' को काव्य-भण्डारमा केही भए पनि योगदान दिएका छन्। यिनी जस्ता धुरन्धर विद्वानमा नेपाली साहित्यको पनि केही 'हाम्रो' भन्ने वस्तु (अंश) रहे-काले यही नै गौरवको कुरो भएको छ।

●

---

१५. "छोरा आफ्नु मर्नु चाखि त बरु मीतैकु छोरा मरोस्॥" यसका माथिल्ला तीन पाउ संस्कृतमा छ।

१६. "आफ्ना सबै पाउ व साखु भाई
तिन्सङ्ग दुर्योधकले अथाको।
गर्यो अचाक्ली फल दुःख पायो
विनाशकाले विपरीतबुद्धि॥"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालीइतर भाषाका कृति र तिनका रचयिता

यहाँ ती कविहरूका कृतिको चर्चा गरिएको छ जसले पूर्व-प्रारम्भिक कालमा तत्कालीन युग-स्थिति अनुकूल सिर्जनात्मक रचना गरेका छन् । त्यसैले यी कृतिहरूमा हामी तत्कालीन काव्यगत प्रवृत्ति भेट्टाउन सक्तछौं । तर यी कृतिहरू नेपालीइतर भाषामा लेखिएका छन् । जुन राष्ट्रिय परिस्थिति र प्रेरणाले सुवानन्द, उदयानन्द आदिलाई कविता लेखाएका थिए, नेपालीइतर भाषाका यी (मौलाराम तोमर आदि) कविहरूलाई पनि तिनैले कविता लेखाएका थिए—केवल अभिव्यक्तिको माध्यमका रूपमा प्रयोग गरिने भाषा मात्र फरक थियो । त्यसैले यी कविहरूलाई यहाँ बिर्सन नसकिएको हो ।

मौलाराम तोमर

मौलाराम तोमर गढवाली-नेपाली थिए । जुन समयमा (सं० १८६१—सं० १८७२) कुमाउँ लगायत गढवालसमेत नेपालको अधीनमा थियो त्यस वेला मौलारामले श्रीनगरमा तहलका मच्चाइरहेका थिए । यिनी एक प्रतिभाशाली कवि लगायत दार्शनिक, चित्रकार र मतप्रवर्तक पनि थिए । चौतारिया हस्तिदल, अमरसिंह थापा र अन्य भारादारहरू यिनको प्रतिभाबाट ज्यादै प्रभावित भएका थिए । यिनलाई आफ्नो हातमा लिनको लागि यिनको पूरा सम्मान गरिएको थियो । भनिन्छ, शासन सम्बन्धी खास-खास काममा यिनको सरसल्लाहलाई त्यस वेला गढराज्यमा निकै महत्त्व दिइन्थ्यो ।

मौलाराम काठमाडौंमा पनि आएका थिए र नेपाल दरबारसँग यिनको राम्रो सम्बन्ध थियो । "रणबहादुर चन्द्रिका र "गीर्वाणयुद्ध प्रकाश जस्ता काव्य रचना गरेर यिनले दरबारसंगको सम्बन्ध अरू दरिलो तुल्याएका थिए । रणबहादुर शाहले प्रफुल्लित भएर यिनलाई पुरस्कृत पनि गरेका थिए । पश्चिम विजयको लागि खटिएका बखतवीर सिंह बस्न्यातले पनि यिनको काव्य-प्रतिभाबाट प्रभावित भएर सरकारी सम्मान प्रदान गरेका थिए । 'बखतावर-यश-चन्द्रिका' मा यिनले तिनै बखतवीरसिंह बस्न्यातको यश गाई गढराज्यमा गोरखाली शासनको भूत, वर्तमान र भविष्यको रोचक वर्णन प्रस्तुत गरेका छन् । [1]

१. शिवप्रसाद डबराल 'गढवालका इतिहास,' पृ० ११८, १२५, १५२-१५३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीमसेन थापासँग मौलारामको पत्र-व्यवहार हुन्थ्यो । एकपल्ट यिनले गढराज्य को गिर्दो अवस्थाबारे जानकारी दिंदै भीमसेन थापालाई एउटा पत्र लेखेका थिए । तर यो कुरो गढराज्यका सर्वोच्च अधिकारीले थाहा पाए । फलतः यिनको जागीर खोसियो र दैनिक वृत्ति हरण भयो । तुरुन्त यिनी काठमाडौं आए र दरबारमा हाजिर हुन पुगी पद्यमा यिनले स्तुति सुनाए । भीमसेन थापाबाट आफ्नो जागीर र वृत्तिको थमौतीबारे पूरा आश्वासन पाएपछि फेरि यिनी फर्केर श्रीनगर गए । [२]

मौलारामका कृतिहरूमा पनि सुवानन्ददास तथा उदयानन्द अर्ज्यालिहरूका कवितामा झैं ऐतिहासिक तथ्यहरू फेला पर्दछन् । गोर्खाली वीरताको प्रशंसा मुक्त-कण्ठले यिनले पनि गरेका छन् ।

"लडे गोरषा वीर महा ही !

× × ×

"भक्ति थापा बाहर आयो ।
कह सबै सजि संग मैं लायो ॥
राजगढी सौं फौज उठाई ।
धंस्यो फिरंगी कटक मैं जाई ॥

× × ×

"छुटे गोरषा वीर करारे ।
चहुँ दिसी घेर फिरंगी मारे !

× × ×

" जेती बार फिरंगी आये !
तेती बार हि मार पठाये !
भीमसैन जनरैल हि काजी !
राषी थाम गोरषा वाजी '
दाता ज्ञाता सूर महाई !
देस देस महि किरति छाई !

× × ×

लड्यो कांगडा शत्रु सिहान्यो ।

कांगडामा भएको युद्धबारे अझ स्पष्टसँग कविले लेखेका छन्—

"रुद्रवीर चौतारिया आये ।
दलभंजन संगमा ही पठाये ॥

२. शिवप्रसाद डबराल "चारण" ऐजन पृष्ठ १७०-१७१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लियो कांगडा तिनहुं घिराई ।
चहूँ तरफ फौज हि पिलाई ॥
फिरै तिलंगा चहुंतरफ, आठों जाम अथाह ।
देखि पेखि संसारकौं, भयो महामय त्रास ॥"

मौलारामको भाषाले कता-कता हामीलाई 'साँढ्याको कवित' र विद्यारण्य-केशरीका भाषाको हेक्का दिन्छ । विशुद्ध व्रज भाषालाई यिनले अपनाएका छन् किनभने त्यस वेला गढकुमाऊँमा यस भाषाको लोकप्रियता घेरै थियो । कुमाऊँका गुमानी पन्तले झैं यिनले पनि नेपाली भाषामा पद्य रचना गरे कि भन्ने कुराको जिज्ञासा हुनु स्वाभाविकै हो । घनवज्र वज्राचार्यको भनाइअनुसार "सुदूर पश्चिमका मौलाराम जस्ता कविले पनि नेपालीमा कलम चलाउन थालेका... [3] थिए । यसबाट आशाका झिल्काहरू निस्कन्छन् । यसतर्फ भविष्यमा अनुसन्धान हुने नै छ भन्ने विश्वास लिन सकिन्छ ।

ललितावल्लभ

श्री ५ पृथ्वीनारायण शाहका समकालीन कवि ललितावल्लभले सस्कृतमा दुई कृति लेखेका देखिन्छन्: (१) भक्तविजय काव्य र (२) पृथ्वीन्द्रवर्णनोदय काव्य । कविले 'भक्तविजय काव्य' सं० १८२६ मा लेखेका थिए । पृथ्वीनारायण शाहले भक्तपुर विजय गरिसकेपछि कविले यो काव्य लेखेका थिए । यो काव्य लेखिनाको पछिल्तिर कुन ऐतिहासिक कारण थियो भन्ने कुरो माथि नै सुवानन्ददासको चर्चा गर्दा स्पष्ट गरिसकिएको छ । यस काव्यमा आधा काव्य र आधाचाहिं ऐतिहासिक तथ्यहरू परेका छन् । वीरकाव्यकै परम्परामा यो काव्य लेखिएको छ । शुरूमा कविले केही वंश परिचय दिएका छन् । त्यसपछि दरबारका भारादारहरूको परिचय दिएर भक्तपुर विजयका निम्ति भएको युद्धको रोमाञ्चकारी बयान कविले गरेका छन् । पृथ्वीनारायण शाहको सैन्यदलको चित्रण २९ औं श्लोकमा सजीवताका साथ गरेका छन् । यस श्लोक-को नेपाली अनुवाद यस प्रकार छ—

"संग्रामरूपी ताण्डव (नाच) का शिवजी जस्ता नाना प्रकारका उपसर्गरहित (अर्काको बहकाइमा नलाग्ने) तिलंगा सैनिकहरू जपापुष्प जस्तो अति राम्रा (राता) लुगा लगाएर प्रचण्ड अग्नियन्त्रको शस्त्र अर्थात बन्दूक लिएर सँगसँगै लागे । [4]

४९ औं श्लोकमा गोर्खाली वीरताको वर्णन बडो राम्ररी कविले गरेका छन् । यस श्लोकको अनुवाद यस प्रकार छ—

४. नयराज पन्त र अरू (सम्पा) श्री ५ पृथ्वीनारायण शाहको उपदेश पृ० ४०८.
३. "नेपाली भाषाको ऐतिहासिक विकासक्रम (शोधपत्र) : पृ० ६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"गोरखा नरेशका उद्भट वीर सैनिकहरूले हनुमान्को जस्तो गरेर वरिपरि ढिस्का (पर्खाल) हरूमा चढ्दै बलात्कारसित घरहरू भत्काउन लागे । [५]

श्लोक १०३ मा कवि ललितावल्लभले सुवानन्ददासले झैं पृथ्वीनारायण सिंह-को खानाको वर्णन प्रतीकात्मक ढङ्गमा प्रस्तुत गरी उनको एकीकरण अभियानको आकांक्षालाई व्यक्त गरेका छन् । तुलनाको लागि सुवानन्ददासको पद्यांश र यस श्लोक-को नेपाली अनुवाद तल प्रस्तुत छ —

सुवानन्ददास—"नेपालको सिन्कि लुटि मंरातको घिले भुटि
पाल्पाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो
तनहुँको भातसित भोर्कोटको दालसित...

ललितावल्लभ--कान्तिपुरलाई सुनको पीरा तुल्याएर त्यसमा ।
विराजमान भई भक्तपुररूपो भुजाको
भोजन (शासन) गर्दा पनि राम्रोसँग नअघा-
एर अब फेरि पनि सिखर्नीसित राम्रो
पीठोको ठुलठुला दुइ पत्रे रोटी हजम
गर्न चाहनुहुन्छ । अर्थात् कास्कीरूपी दहीमा
पाल्पारूपी शखर मिसाएको सिखर्नीसित
प्यूठानरूपी पीठोको जुमलापत्रे डोटीरूपी ठूलो
रोटी हडप गर्न चाहनुहुन्छ ।[६]

"पृथ्वीन्द्रवर्णनोदय" सं० १८२७ मा कविले लेखेका थिए । यसमा जम्मा ३ सर्ग छन् जसको नाम क्रमशः 'सकलरिपुकुलध्वंसन नारायणावतारस्तवन' कथन र 'गुणवर्णन' राखिएका छन् । पहिलो सर्गमा गोरखा राजवंशको इतिहास प्रस्तुत गरिए-को छ; दोस्रोमा दशावतारमा घटाई पृथ्वीनारायण शाहको रोचक वर्णन गरिएको छ; र तेस्रोमा पृथ्वीनारायण शाहको स्तुति गरिएको छ । [७] कविले वीरताको वर्णनलाई काव्यात्मक अभिव्यक्ति दिएका छन्; उदाहरणको लागि पहिलो सर्गको ६५ औं श्लोक-लाई हेरौं (अनूदित रूपमा)—

"पुरुषार्थी राजा पृथ्वीनारायण शाहले तेजनरसिंह आदि अरू शत्रुहरूलाई पछिसम्म पनि झेलखानामा थुनिराख्नुभयो, घेरैजसो चोर भोटेहरूलाई काटेर रगतको भलले योगिनीहरूलाई तृप्त पार्नुभयो । भोकाएका काग, गिद्ध, श्याल, कुक्कुरहरू पनि मासु खाएर तृप्त भए ।" [८]

---

५. ऐजन : पृ० ४०८
६. ऐजन : पृ० ४१५
७. ऐजन; पृष्ठ ४३६ ।
८. ऐजन ; पृष्ठ ४७१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्मण कवि

लक्ष्मण कविले संस्कृतमा "कवितानिकषोपल" भन्ने ग्रन्थ लेखेका छन् । यसमा पृथ्वीनारायण शाहले कान्तिपुरलाई घेरामा पारिरहेका बखतमा युवराज प्रतापसिंह शाहले बालाजुमा कवि सम्मेलन गराएको कुरा उल्लेख गरिएको छ । बाबुराम आचार्य-ज्यूले यसलाई कविको बहुलट्टीपन भनेका छन् [९] र यसरी नै नयराज पन्तज्यूले पनि यस कवि सम्मेलनको प्रसङ्गलाई "....सत्र वर्षको चढ्दो उमेरका शृंगारी स्वभावका युवराजलाई शृंगाररसका कुरा सुनाई आफ्नो दुनो सोझ्याउन पल्केका पण्डितको बुद्धिको काम" हो भन्ने मत प्रकट गर्नुभएको छ । [१०] यस ग्रन्थमा असल-असल कवि-हरूलाई भारी इनाम दिइएको कुरो पनि चर्चा गरिएको छ । उपत्यका विजय भइसके-पछि अर्थात् सं० १८२५ र पृथ्वीनारायण शाहको मृत्यु नहुँदै अर्थात् सं० १८३१ बीच यो ग्रन्थ लेखिएको अनुमान हुन्छ । पृथ्वीनारायण शाह विरचित "व्रतरत्नमाला" का टीकाकार यिनै कवि हुन् कि भन्ने अनुमान गर्न सकिन्छ ।

●

जीवनाथ कवि

जीवनाथ कविका बारेमा केही कुरो थाहा हुन नसके पनि यिनले रचेको एउटा "ऐतिहासिक कविता" 'इतिहास-प्रकाश' अङ्क १ मा छापिएको छ । ब्रज-अवधी आदि मिसाइएको भाषामा यो कविता लेखिएको छ । कविले बस्न्यात खलकका वीरहरूका वीरताको वर्णन गर्ने उद्देश्य यस कवितामा लिएका छन् । एक किसिमले यसलाई बस्न्यात-वंशावलि भने पनि हुन्छ । कवि लेख्दछन्—

"बडो वंश वसनात है तिन्हमो विविध प्रकार : ।।
जो ई कुलमो अवतारे सोभा सूर उदार : ।।"

यिनै पंक्तिमा केन्द्रित गरेर कविले झपटसिंह बस्न्यातदेखि बषतौरसिं बस्न्यातसम्मका वीरताको वर्णन गरेका छन् । शिवरामका वीरताको वर्णन यस्तो छ—

"चहुवर घट्टा उमडे अरि के ताँहाँ तिरचले घन बूद के नाजीः ।।
फौज हाहाकारि हुलिकरे तेरो आरनते ताँहाँ धूम मचाईः ।

९. श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहको जीवनी (भाग ४); पृ० ८१३
१०. यसै क्रमको पाद-टिप्पणी सं० ७० (उपोद्घात) पृ० ४८१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साँगा कि चौक चालि ताहाँ तेग तमाम करे करतूति बनाईः ।।
जुझे ताँहाँ शिवराम बहादुर काम सबै नरनाह बनाईः ।।"

यसरी नै अभिमानसिंह, धौकलसिंह तथा अन्य वीरहरूका पनि कविले वर्णन गरेका छन् । नेपाली भाषाका वीरकालीन कवि (अथवा समकालीन ती कवि जसले वीरताको वर्णन नेपाली भाषामा गरे) का काव्य-प्रवृत्तिसँग यिनको ज्यादै नजीकको साम्य छ । यिनले युद्धको सजीव चित्र यसरी शब्दद्वारा खिचेका छन्—

"चलत गोल दल मलत हलत हल हल वैरिगनः ।।
कांपि कोपि षर भरत डरत थर थरत सकल जनः ।।
चढि तुरंग धस मसत कसत कसम सतक क्षनवः ।।
तवफ निसफ निफर कडर कहरि हरक होत तवः ।।
श्रीधौकलसिं उदार भार दरबार सँभार करः ।।
जस जाहाज जगराज साज सिर ताज काजवर : ।।

यी पंक्तिहरूका शब्द-योजना हेर्दा जीवनाथ कविको कवित्व-शक्तिको उत्कृष्टताबारे अनुमान गर्न सक्तछौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ख) गद्य

यस कालमा नेपाली भाषाले पद्यको लागि साहित्यिक अभिव्यक्तिको सामर्थ्य प्राप्त गरे झैं गद्यको लागि पनि प्राप्त गर्न सकेको देखिन्छ। तैंपनि औषधि तथा उपदेश विषयक कलम घोट्ने प्रवृत्ति यस कालमा पनि पाइन्छ। यसको कारण समाजको सांस्कृतिक परम्परा नै हुन सक्छ। एकीकरण अभियान प्रारम्भ भएपछि अधिका नेपाली समाजमा यथेष्ट राजनैतिक परिवर्तनहरू देखिए तापनि समाजको सांस्कृतिक ढांचामा कुनै परिवर्तन आएन। परम्परादेखिको धार्मिक ऐक्यको भावना विशाल नेपालको निर्माण भइसकेपछि पनि उस्तै नै रह्यो। केपुचिन पादरीहरू घपाइए। त्यसकारण ईसाई धर्मले नेपालमा प्रवेश पाउन सकेन। शताब्दियौंदेखि चल्दै आएका बौद्ध र हिन्दू धर्मले नैं स्वतंत्र रूपमा मौलाउने मौका पाए। एकीकरणभन्दा अघि नेपाल विभाजित अवस्थामा भए पनि एक आपसमा बिहावारी चल्दथ्यो; रीति-परम्परा मिल्दा-जुल्दा थिए। नेपाली संस्कृति आचार-निष्ठ जीवनमा आस्था राख्ने हुनाले यसै अनुरूप यस 'पूर्व-प्रारम्भिक काल' का गद्यकारहरूले यस विषयतर्फ कलम चलाए।

यो काल (सं० १८०१ देखि १८७३ सम्म) नेपालको इतिहासमा 'युद्ध काल' थियो। विभिन्न विदेशी शक्तिहरूसँग पनि यस कालमा नेपालले जुझ्नुपर्‍यो। नेपालीहरूले आफ्नो जीवनको अधिकांश भाग युद्ध-क्षेत्रमै बिताउनुपर्‍यो। लडाइँमा घाइते भएका वा चोट-पटक लागेका वा अरू नै कुनै बिरामी परेका मानिसहरूको उपचार सम्भवतः त्यस समयमा वैद्यहरूद्वारा नै हुन्थ्यो। वैद्य अनुपस्थित हुँदा सम्भवतः मानिसहरूले पुस्तकको सहायताले नै उपचारको समस्या समाधान गर्दथे। चिकित्सा-विज्ञानको प्रशस्त विकास भइसकेको अहिलेको युगमा त हामी आफ्ना घरमा प्राथमिक उपचारविषयक पुस्तकको आवश्यकता महसूस गर्छौं भने जुन समयमा अस्पताल र डाक्टरको नाम निशानै थिएन त्यस वेला यस्ता उपचारविषयक किताब घरको कोठा-देखि लिएर युद्ध-क्षेत्रसम्म उपयोगी हुनु स्वाभाविकै थियो। अतः यस 'पूर्व-प्रारम्भिक काल' मा नेपाली भाषामा औषधिमूलोविषयक ग्रन्थ पनि लेखिए।

यस कालको नेपाली गद्यको विकास यत्तिमै मात्र टुंगिदैन। यो काल नेपाली गद्यको वय-सन्धिको काल हो। खोंचमा बग्दो खोलोले तल गएर ठूलो फाँट भेट्टाए झैं यस कालमा आएर नेपाली गद्यले पनि ठूलो फाँटसँग आफ्नो उमेर जोड्न पुगेको छ। यस कालका औषधिमूलोविषयक ग्रन्थ 'केवल औषधिमूलोकै लागि मात्र नभएर साहित्यको लागि पनि हुन गएको छ, त्यो कृति हो सं० १८७२ को 'पिनासको कथा'। यो आयुर्वेदसम्बन्धी रचना हो; तर त्यसभन्दा ज्यादा यो साहित्यिक कथा हो। स्पष्ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्दमा भन्ने हो भने यस कृतिमा औषधिमूलो र साहित्यले हात मिलाएका छन्। ठीक यसरी नै 'दिव्योपदेश' (सं० १८३१), 'हितोपदेश' (सं० १८३३) र 'लक्ष्मीधर्म सम्वाद' (सं० १८५१) मा पनि नीतिशिक्षा (आचार-विचार) र साहित्यले हात मिलाएका छन्। यसरी संक्रमणकालको माझबाट नेपाली साहित्यिक गद्यको थालनी भएको देखिन्छ।

यस कालमा सं० १८६८ को वाणीविलास पाँडेको "बाग्वती अभिलेख" पनि समावेश गरिएको छ, किनभने माथि चर्चा गरेका कृति झैं यस अभिलेखमा पनि अभिलेख र साहित्यले आपसमा हात मिलाएका छन्।

यसरी यस कालमा नेपाली गद्यको नयाँ शृंखला शुरू भएको पाइन्छ। अतीतलाई संझँदै नयाँ परम्परामा आफूलाई प्रविष्ट गराएर यस कालको गद्यले उत्तरवर्ती काललाई समेत प्रवृत्तिगत देन दिएको छ।

अज्ञात लेखकको श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी—

"पूर्व-प्रारम्भिक काल" का नेपाली गद्य-साहित्यको थालनी कुनै अज्ञात लेखक-द्वारा लिखित "श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" बाट गरिएको छ। यसो गर्नाका आधारहरू यी हुन्। (१) यस जीवनीको रचना-कालबारे अहिलेसम्म प्रामाणिक तथ्य फेला पर्न सकेको छैन। बालकृष्ण पोखरेलज्यूको मतानुसार यो जीवनी पृथ्वीनारायण शाहको मृत्युको धेरै पछि लेखिएको होइन।[1] पृथ्वीनारायण शाहकै जीवनकालमा पनि यो लेखिएको हुनु धेरै सम्भव छ, किनभने जीवनीकारले यो जीवनी लेख्दा ज्यादै मिही-मिही कुरा पनि समावेश गरेका छन्। यो हेर्दा दरबारभित्रका कागत-पत्रको समेत अध्ययन र उपयोग गरी यो जीवनी तयार पारिएको देखिन्छ। फेरि "दिव्योपदेश" को भाषाकै स्तर यस जीवनीमा कायम भएको पाइन्छ। तसर्थ यो जीवनी जहाँ आएर टुंगिएको छ,[2] त्यो समय हेर्दा सं० १८०१ तिर नै यस जीवनीको रचनाकाल मान्नुपर्दछ, किनभने यसमा वेलकोट विजय (सं० १८०१) सम्मको मात्र वर्णन छ। यसपछिको वर्णन लेखिएको थियो नै भन्न पनि सकिन्न। लेखनाथको "गंगा-गौरी" महाकाव्य झैं यो जीवनी पनि कारणवश अधूरै रहेको पनि हुन सक्तछ। तसर्थ यस जीवनीको रचनाकाल बारे केवल हामी एकसरो अनुमान

१. **पांच सय वर्ष**; पृष्ठ २०८.

२. जीवनीको गति (Speed) हेर्दा यहीं टुंगिए झैं त देखिन्न; अपूरै रहेको देखिन्छ। तर जेजस्तो रूपमा यो जीवनी अहिले हाम्रो हातमा छ त्यसमा उल्लिखित अन्तिम घटनाका आधारमा यो 'टुंगिएको' भन्ने शब्द प्रयोग गरिएको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मात्र गर्न सक्तछौं। भविष्यमा अनुसन्धानका क्रममा यसका लेखकको नाम पत्तो लाग्न सक्यो र यसको बाँकी अंश पनि फेला पर्न सक्यो भने यसको रचनाकाल ठम्याउन धेरै सजिलो पर्न जाला। हाललाई यस जीवनीमा वर्णित अन्तिम घटनाका आधारमा सं० १८०१ नै यसको रचनाकाल मानिएको छ। यस दृष्टिले 'पूर्व-प्रारम्भिक काल' का गद्यमा यो जीवनी जेठो देखापर्दछ।

(२) यस कालमा पृथ्वीनारायण शाहकै व्यक्तित्त्वको सर्वोपरि महत्त्व रह्यो। 'पृष्ठभूमि' खण्डमा के स्पष्ट गरियो भने यस कालमा वीरकाव्यको प्रणयनको कारण राष्ट्रिय चेतनाको प्रस्फुटन नै थियो जसको सम्पूर्ण श्रेय पृथ्वीनारायण शाहलाई दिनु-पर्दछ। उनको वीरत्त्वपूर्ण व्यक्तित्त्व यस कालको लागि आदर्श थियो। सांस्कृतिक, राजनैतिक, सामाजिक आदि सबै दृष्टिकोणले आविर्भाव र उन्नति नेपालको लागि महत्त्वपूर्ण छ। यस दृष्टिकोणले पनि यस्ता महान् व्यक्तिको यस जीवनीलाई 'पूर्व-प्रारम्भिक काल' का गद्य-साहित्यको सिरानमा हाल्ने लोभ लागेको हो।

यो जीवनी वीर पुस्तकालयबाट सं० २०२० सालमा बुद्धिसागर पराजुलीको सम्पादनमा पुस्तकाकारमा प्रकाशित भएको थियो। "पुस्तकालयीय वक्तव्यमा सम्पा-दकज्यूले लेख्नुभएको छ—"यसमा पुरानो प्रतिकै भाषा सुरक्षित राखी टुटेका ठाउँमा यथाशक्य हुने पूर्ति गरी नसकेको ठाउँ खाली नै राखी विषय विषयको पैराग्राफसंग छुट्याई विषयबोधसंग गर्न शीर्षकको समावेश गरी जस्ताको तस्तो भाषा नै प्रकाश गरिएको छ। यसबाट इतिहास, राष्ट्रियता, भाषाको अनुसन्धान इत्यादि काममा निकै सहायता होला भन्ने विश्वास राखिएको छ।" यसबाट पनि हरेक, दृष्टिकोणले यस पुस्तकको महत्त्ववारे अनुमान गर्न सकिन्छ। ऐतिहासिक तथ्यको अध्ययनका दृष्टिले यो जीवनी निकै नै प्रामाणिक र विश्वसनीय त छंदैछ, यसका साथै भाषा र साहित्यका दृष्टिले पनि यो निकै महत्त्वपूर्ण हुन गएको छ। यहाँ हाम्रो सम्बन्ध विषय साहित्य र भाषा भएकाले यिनैमा केन्द्रित भएर अब यस कृतिको विवेचना गरिन्छ।

के कुरो निश्चय छ भने यो कृति साहित्यिक गद्यभन्दा पनि ज्यादा इतिहास-विषयक भाषाको गद्य हुनपुगेको छ। ऐतिहासिक तथ्यको उद्घाटन गर्ने नै मूल लक्ष्य जीवनीकारले लिएका छन् र वंशावलिको टड्कारो प्रभाव यसमा परेको छ। यसो भनेर यहाँ यस कृतिको साहित्यिक मूल्यलाई उपेक्षा गर्न खोजिएको होइन, हो भने केवल यसको मौलिक मूल्यलाई औंल्याउन खोजिएको मात्र हो। जीवनी इतिहासमा पनि लेखिन्छ, तर त्यो जीवनी साहित्यिक जीवनीभन्दा बेग्लै हुन्छ। ऐतिहासिक जीवनीमा कल्पना र भावनाको कुनै गुञ्जायस रहँदैन; केवल घटनावलिमै जीवनीकार केन्द्रित भएको हुन्छ। तर साहित्यमा 'जीवनी' एक विधाका रूपमा विकसित भएकोले संतुलित मात्रामा कल्पना र भावनाले पनि यथोचित स्थान पाएको हुन्छ। यस दृष्टिले यस जीवनीमा हामी ऐतिहासिक जीवनीकै लक्षण अधिकांश मात्रामा पाउँदछौं। जीवनी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारको साहित्यिक प्रतिभाले व्यक्त हुने मौका कहीं पनि यस जीवनीमा पाएको छैन। यस्तो लाग्छ मानौं ऐतिहासिक कागजपत्रहरूका माझ बसेर तिनैलाई आफ्नो भाषामा लिपिबद्ध पार्ने काम जीवनीकारले गरेका छन्। वर्णन र विवरणले नै सम्पूर्ण जीवनीलाई ढाकेको छ।

यस जीवनीलाई साहित्यिक मूल्य-विहीन भनेर कृतघ्न हुन पनि सकिंदैन। त्यस वेलाको साहित्य र भाषाको स्थितिअनुसार जीवनीकारले यस रूपमा भए पनि जीवनी लेखिदिए, त्यो नै पर्याप्त छ। ऐतिहासिक पक्षमै जीवनीकारको झुकाव ज्यादा भए पनि आज हामी यसमा सापेक्षिक साहित्यिक महत्त्व यत्किञ्चित मात्रामा भए पनि पाउन सक्छौं। त्यो के हो भने आख्यायिका लेखनका शैलीमा घटनाका शृंखलालाई जोड्दै लैजाने जीवनीकारको सीप। ज्यादै मिही-मिही कुराहरूका वर्णन र विवरण प्रस्तुत गरिए तापनि तिनको पूर्वापर सम्बन्धलाई मिलाउन लेखक सक्षम भएका छन्। एउटा क्रम र सौष्ठव रूपलाई सम्पूर्ण जीवनीभरि पालना गरिएको छ। एकाघ ठाउँमा रोचक घटनाको वर्णनका साथै उपमा प्रयोगद्वारा पाठकको हृदयलाई पनि जीवनीकार छुन पुगेका छन्। एक ठाउँमा नदीका ढुंगाको तरकारी पकाएको रोचक वर्णन गरिएको छ।[3] आलंकारिक भाषाको प्रयोग लेखकले यसरी गरेका छन्—

"...षुँडा र पुकुरी गोर्षालीका श्रीसूर्य्यका किरण पर्दामा ति तरवार चारोतरप् फिर्दामा बिजुली स्थानापन्न हुँदो भयो।"[४]

\+ \+ \+

"तस वषतमा कस्तो शोभा भयो भन्या जस्तो कंसलाई श्री कृष्णले मार्दामा जुन शोभा भयो सो सोभा हुँदो भयो।"[५]

यस जीवनीले पाएको यही साहित्यिक मूल्यका सापेक्षतामा 'पूर्व-प्रारम्भिक काल' का काव्य-प्रवृत्तिसँग यस कृतिलाई सम्बद्ध गर्दा यसले पृथ्वीनारायण शाहकै वीरत्वपूर्ण व्यक्तित्वलाई अवलम्बन गरेको स्पष्ट देखिन्छ। कुनै ऐतिहासिक महाकाव्यकारले झैं यस जीवनीमा पनि लेखकले आफ्नो नायकलाई चारैतिरबाट वीर र पराक्रमी बनाउने कोशिश गरेका छन्। काशी-यात्रादेखि नुवाकोट र वेलकोट विजयसम्मको वर्णन गरी लेखकले आफ्ना नायकलाई एक लडाकुका रूपमा उभ्याएका छन्। बनारसका छः हजार गुण्डाहरूको सेखी झारिदिएको, वीरताको प्रदर्शन गरेर सबैलाई आश्चर्यचकित पारिदिएको, फर्कदा वरुणाचौकीमा खडाजङ्गी परेको, नुवाकोट विजयको

३. श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी (काठमाडौं : वीर पुस्तकालय, २०२० ?) पृ० १९.

४. ऐजन : पृ० १३.

५. ऐजन : पृ० ४३.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि सैनिक संगठन गरिएको जस्ता प्रसङ्गहरू पढ्दा पृथ्वीनारायण शाहको वीरत्त्वपूर्ण व्यक्तित्वको जीउँदो चित्र हाम्रा आँखासामु आउँदछ ।

नेपाली भाषाले सं० १६६३ तिरै "राम शाहको जीवनी" पाइसकेको थियो । परन्तु करीब १३८ वर्षपछि पाएको यस "श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी" मा नेपाली भाषाले अपेक्षाकृत बढी साहित्यिक अभिव्यक्तिको बाटो पायो भन्नु अत्युक्ति नहोला । नेपाली भाषाका विकास-क्रमको अध्ययन गर्न यो कृति ज्यादै सहायक सिद्ध छ । कुन स्थितिलाई पार गरेर आज नेपाली भाषा कुन स्थितिबाट गुज्रँदैछ त्यसको स्पष्ट झल्को यस कृतिले दिन्छ ।

पृथ्वीनारायण शाह

आधुनिक नेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाह वीर मात्र थिएनन् कि एक लेखक पनि थिए । यिनले रचेको "गोरखनाथको भजन" नेपाली समाजमा ज्यादै लोकप्रिय भइसकेको छ ।[६] नेपालीइतर भाषामा लेखिएको भए तापनि कृतिको आफ्नै मूल्य छ । बुद्धिसागर पराजुलीको सम्पादनमा "व्रतरत्नमाला" भन्ने पुस्तक आजभन्दा ४ वर्षअघि प्रकाशित भएको थियो ।[७] त्यस पुस्तकमा "नेपाल सम्राट् श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाह विरचित" भनेर लेखिएको छ । यो ग्रन्थ संस्कृतमा लेखिएको छ र संस्कृतमै लक्ष्मण भट्टाचार्यले टीका लेखेका छन् । यसको रचनाकाल सं० १८२५ र १८३२ का बीच मानिएको छ । यसमा वसन्ततिलका छन्दमा जम्मा १८५ श्लोक छन् । छोरो प्रतापसिंह शाहलाई लौकिक विषयमा उपदेश दिन यो ग्रन्थ लेखिएको अनुमित हुन्छ । पृथ्वीनारायण शाहको अर्को र ज्यादै महत्त्व-पूर्ण कृति हो—'दिव्योपदेश' । यहाँ यसै कृतिको विश्लेषण र विवेचना प्रस्तुत गरिन्छ ।

दिव्योपदेश

"दिव्योपदेश" का लेखक श्री ५ बडामहाराज पृथ्वीनारायण शाह हुन् । भनिन्छ, आफ्नो जीवनको अन्तिम क्षणमा यिनले आफ्ना भाइ-भारादारहरूलाई

६. सन्दर्भगत हेर्नुहोस् : जनकलाल शर्मा, "कविको रूपमा पृथ्वीनारायण शाह," **प्रहरी** ८।४ (२०२४ चैत्र) : पृ. १०–१२

७. पृथ्वीनारायण शाह, **व्रतरत्नमाला** (दिव्यप्रभांशवलिता) सम्पा० बुद्धिसागर पराजुली (काठमाडौं, नेपाल राष्ट्रिय अभिलेखालय, २०३१) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नुवाकोट-दरबारमा बोलाएर जीवनभरिका अनुभवको पृष्ठभूमिमा गहकिला-गहकिला उपदेश दिएका थिए। यही उपदेश अहिले 'दिव्योपदेश' का नामले प्रसिद्ध छ। तर अहिले यस कृतिको जुन पाण्डुलिपि हाम्रो हात परेको छ त्यो धेरै पछिको प्रतिलिपि मात्र हो, किनभने यस ग्रन्थका शुरूका अनुच्छेदमा स्पष्टै लेखिएको छ—"श्री श्री श्री ५ बुढा महाराजाले....।" पृथ्वीनारायण शाह जीवित छँदै यो लेखिएको भए यस्तो पंक्ति अवश्यै लेखिने थिएन। तसर्थ कमसे कम रणबहादुर शाहका पालामा यो प्रतिलिपि गरिएको हुनु धेरै सम्भव छ। "बुढा मरै भाषा सरै"—भन्ने उक्तिलाई चरितार्थ गर्दै यो 'दिव्योपदेश' मौखिक परम्पराका रूपमा चल्दै आएर अन्तमा रणबहादुर शाहका शासन-काल वा अझ त्यसभन्दा पछि यो लिपिबद्ध भएको हुन सक्छ। तर यसको लेखन-काल सं० १८३१ नमानी धरै छैन, किनभने यसै साल यसका लेखकको देहावसान भएको थियो।

साहित्यिक मान्न धकाउनु नपर्ने सबभन्दा पहिलो 'दिव्योपदेश' नै हो। पृथ्वीनारायण शाह तरवारका साथसाथै कलम पनि चलाउन सक्तथे, अर्थात् उनमा साहित्यिक व्यक्तित्व पनि थियो। उनले रचेको एउटा भजन पनि प्राप्त भएको छ जसमा "बाबा गोरषनाथ सेवक सुखदाये" भनेर उनले गोरखनाथको भक्ति गरेका छन्। यो भजन सधुक्कडी भाषामा लेखिएको भए तापनि साहित्यिक रचना-विधानका दृष्टिले निकै राम्रो छ। पृथ्वीनारायण शाहको साहित्यिक व्यक्तित्वको सहज अभिव्यक्ति 'दिव्योपदेश' नै हो। कलात्मक शैलीमा परिमार्जित भावलाई यस कृतिमा व्यक्त गरिएको छ। यसमा विचारहरूको निबन्धन ज्यादै राम्ररी गरिएको छ। त्यसैले नेपाली निबन्धको मूल पैल्याउँदै जाँदा यसै कृतिसम्म हामी आइपुग्न सक्तछौं। यो कृति केवल वर्णनात्मक मात्र छैन, अपितु कतिपय प्रसङ्गमा लेखकको व्यक्तित्वको अभिव्यक्ति पनि भएको छ। त्यसैले नेपाली निबन्धको पृष्ठभूमिमा पहिलो स्थानको सम्मान यसै कृतिलाई दिन सकिन्छ। यसका अतिरिक्त यसको कलागत मूल्य पनि कम देखिँदैन। कथा, उपन्यास, नाटक, महाकाव्य आदि जुनसुकै कालमा लेखिए तापनि जसरी तिनको सार्वकालिक मूल्य रही नै रहन्छ, ठीक त्यसरी नै यो कृति करीब २०० वर्ष पुरानो भएर पनि यसको महत्त्वलाई सबैले बुझेकाले यो झन्-झन् लोकप्रिय हुँदै गइरहेको छ।

इतिहासकार, राजनीतिज्ञ, अर्थशास्त्री, साहित्यकार तथा भाषाशास्त्री सबैका सबै यस कृतिबाट आकर्षित भएका छन्। सम्पूर्ण रूपमा नेपाली संस्कृतिको मूलभूत आधार तथा विशेषता यस कृतिमा छर्लङ्गिएका छन्। अहिलेको राष्ट्रिय परिस्थितिमा यसका वाक्यहरू पथ-प्रदर्शकका रूपमा हाम्रा लागि उपादेय बनेका छन्। मानविकी र समाज-शास्त्रका हरेक शोधकर्ताको लागि विविध सन्दर्भमा यो कृति महत्त्वपूर्ण बनेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि नै के भनियो भने यो साहित्यिक कृति हो। यसो भन्न साहित्यिक-हरूलाई यसका भाषा तथा वस्तु दुवैले लोभ्याएको हो। ताना सर्माको भनाइअनुसार, "उपमाहरू पनि यसमा प्रशस्त छन् र भाषासम्बन्धी चेतना पनि यहाँ पाइन्छ..... नेपाली उपमाहरूलाई आफ्नै अनुभवका आधारमा प्रयोग गरेकाले, भनाइहरूलाई नीति वा धर्मका सूत्रहरूमा भन्दा जीवनमा बढो अडेस्याइएकाले र मौलिक कुराहरूलाई राष्ट्रिय हितको लक्ष्य राखेर प्रकट गरेकाले 'दिव्योपदेश' नेपाली गद्य-साहित्यको इतिहासमा अमूल्य उपलब्धि हो। अभिव्यक्तिको सरसता, उपमा प्रयोगको सरलता, विषयवस्तुको राष्ट्रियता र भाषाको सुन्दरता यस रचनाका विशेषता हुन्।" [८] शर्माजीले ज्यादै लचिलो अर्थमा 'उपमा' शब्दको प्रयोग गर्नुभएको छ। वस्तुतः यस कृतिमा उपमा ज्यादै कम र रूपकचाहिं अधिक मात्रामा प्रयुक्त छन्। यसको भाषा आलङ्कारिक छ भन्ने तात्पर्य शर्माजीको हुनु धेरै सम्भव छ। केही आलङ्कारिक भाषाका नमूनालाई हेरौं—

✓ "हामि तिन षोपि का पाच पांडुवा को अवतार भयाका थिञु.

✓ "हामिले देषता पाच पाण्डुवा को अवतार भया जस्तो लाग्द छ। कुरुक्षत्रको मेला न भै नेपाल फुटने छैन. लमजुन् भन्याको गरुड हो. गोर्खा भन्याको सरप हो. नेपाल भन्याको. म्यागुतो हो. अघी. गरुडको. आषा छलनु. तब सर्पले म्यागुतो पान पाउँछ।

"बाहुन् को. सवार. भन्या को. वयेल हो. पातक् लाग्छ. ठकुरि को सवार. भन्या को टागन घोडा हो. ढिलो हुन्छ. षस को सवार भन्या को. ताजि. तुर्कि घोडा हो. षस को. सवार. गऱ्या. चाडो होला।

"यो राजे दुई. ढुङ्गाको. तरुल जस्तो. रहे छ.
"यो तिन सहर. भन्या को. चिस्व ढुङ्गो रहे छ
"सबै जात को. फुल्वारि हो. सबैलाई चेतना भयो" [९]

संस्कृतका जूठा उपमान–उपमेयको प्रयोग लेखकले गरेका छैनन्। राजनीति विषयक अनुभवका आगामा खारिएर व्यक्त भएका यी उपमान-उपमेयहरू यस कृतिमा प्रयोग भएका छन्। नेपालको आफ्ने भौगोलिक स्थिति तथा जातीय जीवनका पृष्ठ-भूमिमा यी आलंकारिक प्रयोग यस कृतिमा देखापरेका छन्। निश्चय नै यस मौलिक-ताले नेपाली साहित्यलाई गौरवान्वित तुल्याएको छ।

८. **नेपाली साहित्यको इतिहास.** (काठमाडौं : सहयोगी प्रकाशन, २०२७) पृ० १६.

९. यी पंक्तिहरू योगप्रचारिणी महासभाद्वारा प्रकाशित तथा योगी नरहरिनाथ-द्वारा सम्पादित 'दिव्य-उपदेश'-बाट उद्धृत गरिएका हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाषाको अभिव्यक्ति-क्षमताको प्रशस्त विकास यस कृतिमा भएको छ। सरल भाषामा अभिव्यक्तिको गहनता यस कृतिमा पाइन्छ। भावहरू शृंखलाबद्ध तथा कसिदो रूपमा व्यक्त भएका छन्। यसका साथै विचारको प्रस्तुतीकरण आकर्षक भएकोले पाठकको हृदय तथा मथिङ्गललाई दीर्घ प्रभाव यस कृतिले दिन्छ।

यस कृतिको कलागत वा साहित्यिक महत्त्वलाई पूर्व-परम्परासँग सम्बद्ध राखेर मूल्याङ्कन गर्नुपर्दछ, साहित्यिक विकासको क्रमलाई अहिलेको अवस्थालाई दृष्टिगत गरेर होइन। निश्चय नै अहिलेको दृष्टिले हेर्दा यसको केवल राजनीतिक मूल्य मात्र ज्यादा देखिएला; परन्तु नेपाली गद्य-परम्परामा राखेर हेर्दा यो समय-सापेक्षिक उत्कृष्ट साहित्यिक कृति ठहरिन्छ।

भानुदत्त

भानुदत्तका जीवनीका बारेमा अहिलेसम्म कुनै प्रामाणिक तथ्य फेला पर्न सकेको छैन। यिनले सं० १८३३ मा 'हितोपदेश मित्रलाभ' लेखेका थिए। यसबाहेक यिनका अन्य कृतिहरूको पत्तो लाग्न सकेको छैन।

यिनले 'हितोपदेश मित्रलाभ' नेपालीमा अनुवाद गर्नाको एउटा खास निजी स्वार्थ थियो; त्यो थियो कुनै मंत्रीकी पत्नीलाई रिझाएर अर्थलाभ गर्ने। सं० १८३३ मा श्री ५ प्रतापसिंह शाह राजगद्दीमा थिए औ मंत्रीपदमा वंशराज पाण्डे थिए। यिनै मंत्रीकी पत्नी यस कृतिको प्रेरणा-पृष्ठभूमि हुन्।

यो कृति नेपाली कथाको दोस्रो आभास-बिन्दु हो; पहिलो थियो गोरखाका पहिला राजा द्रव्य शाहका पालाको "वंशावलि"। "वंशावलि" बाट यस कृतिमा आइपुग्दा कथा-सीपको निकै स्पष्ट आकार बनिसकेको महसूस हुन्छ। यसमा साध्य उपदेश छ भने साधन कथा, अर्थात् यसमा लेखकले कथा भन्नकै लागि कथाको समावेश नगरेर उपदेशको चरितार्थताको लागि कथाको समावेश गरेका छन्। कथालाई बालोपयोगी बनाइएको छ र दन्त्यकथाको नजीक पुऱ्याइएको छ। पेट-बोली भने जस्तैमा यस कृतिमा कथाको समावेश गरिएकोले यसको रचना-विधान त्यति स्पष्ट हुन सकेको छैन। जे भए पनि नेपाली कथाका जन्मको पृष्ठभूमिलाई यस कृतिले स्पष्ट पार्दछ। सं० १८७२ मा प्रकाशित 'पीनासको कथा' को गर्भावस्था यो कृति हो।

यस कृतिको भाषा प्रौढ छ। भानुदत्त कलम चलिसकेका लेखक थिए भन्ने कुरो यसबाट बुझिन्छ। बालकृष्ण पोखरेलज्यूले यिनलाई गद्यकार शक्तिवल्लभ अर्ज्यालसँग दाँजिन सक्ने लेखक भनी मान्नुभएको छ। उहाँका विचारमा भानुदत्त यस कालका प्रतिनिधि लेखक हुन्।[1] नेपाली गद्यले क्रमशः प्राप्त गर्दै गएको प्रगतिलाई यिनका गद्यले संकेत गर्दछ।

---

१. **पाँच सय वर्ष** : पृ० ३९७-९८.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामभद्र पाध्या

'लक्ष्मी-धर्म सम्वाद'—

यस कृतिको रचना काल सं० १८५१ हो। यस गद्य-कृतिमा लक्ष्मी र धर्म-बीचको वार्तालाप (सम्वाद) द्वारा लेखकले खास गरीकन नारीहरूलाई उपदेश दिने लक्ष्य राखेका छन्। लक्षणयुक्त तथा अलच्छिन स्त्रीहरूका लक्षण बताउनाका साथै लेखकले स्त्रीहरूको कर्तव्यबारे पनि लेखेका छन्। पाप-पुण्यका बारेमा पनि चर्चा गर्दै लेखकले पुनर्जन्मको उल्लेख गरेका छन्। चोर्दा भोग्नुपर्ने पापको चर्चा पनि लेखकले गरेका छन्। यसरी सम्पूर्ण रूपमा हेर्दा नैतिक-सुधार र परम्परागत धार्मिक अनुशासनमा लेखकले बढी जोड दिएको देखिन्छ। मुख्यतः लेखक नारी-चरित्रमै केन्द्रित छन्। त्यसैले वालकृष्ण पोखरेलजीको भनाइअनुसार यस कृतिले "भानुभक्तको" 'वधूशिक्षा'को हेक्का दिन्छ। सम्भवतः भानुभक्तले पनि "लक्ष्मीधर्मसम्वाद" पढेर नै वधूशिक्षा" लेख्ने प्रेरणा पाएका हुन्।[1] परन्तु यो कृतिभन्दा यिनै लेखक कविको "वन्धुविनपराष्टकं" भानुभक्तको "वधुशिक्षा" को धेरै नजीक छ भन्ने कुरो स्पष्ट भइसकेको छ।

भाषिक अध्ययनका दृष्टिले यो कृति ज्यादै महत्त्वपूर्ण छ। पोखरेलजीका अनुसार "यिनको नेपाली भाषामा अन्त नपाइएका विशेषता पाइन्छन्।"[2]

शक्तिवल्लभ अर्ज्याल

"हास्यकदम्ब—"

शक्तिवल्लभ अर्ज्यालले सं० १८५४ मा रणबहादुर शाहको लागि संस्कृतमा 'हास्यकदम्ब' लेखेका थिए भनेर माथि नै भनियो। संस्कृतको नेपाली अनुवाद स्वयं यिनैले नै पछि गरेका थिए। अन्य कृतिहरू अनुवाद नगरेर यसैको मात्र अनुवाद गर्नाको कारण सम्भवतः यसको लोकप्रियता हुन सक्छ। यो नाटक भएकोले सामूहिक प्रशंसा यसले पाएको हुन सक्छ। तर अनुवाद गर्दाचाहिं यसले झण्डै-झण्डै आख्यानको जस्तै स्वरूप लिन पुगेको छ।

१. ऐजन : पृ० ३९५
२. ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रणबहादुर शाहको मनोरञ्जन-प्रियताको पूर्ति गर्नु नै यस कृतिको लक्ष्य थियो। राजाको लागि लेखिएकोले चतुर शक्तिवल्लभले राजवंशको गौरवमय परम्परा-को पनि उल्लेख गरेका छन्। त्यसपछि मात्र हास्यात्मक वार्ता र दृश्य प्रस्तुत गरेका छन्—यिनले। गोरखाका पहिला राजा द्रव्य शाहदेखि रणबहादुर शाहसम्मको राजवंश-को वर्णन कविले काव्यात्मकताका साथ गरेका छन्। वर्णनमा वस्तुपरक दृष्टिभन्दा भावुकता बढी छ र शब्दाडम्बरद्वारा ओतप्रोत छ। यसरी नै हास्यका नाममा लेखकले अश्लील शब्दहरूसमेत 'साँढ्याको कवित' मा झैं प्रयोग गरेका छन्।

'हास्यकदम्ब' को भाषा निकै मिठासपूर्ण छ। त्यसैले बालकृष्ण पोखरेलज्यूको मनाइअनुसार शक्तिवल्लभको गद्यशैली परिमार्जित र उन्नत मात्रै नभएर आफ्नो समयका अन्य सफल गद्यकारहरूको शैलीको दाँजोमा उभिन सक्ने खालको थियो ... यिनको प्रतिभा त्यस समयका कुनै लेखकसँग दाँजिन सुहाउँछ भने ती हुन् भानुदत्त। अर्को शब्दमा भन्ने हो भने शक्तिवल्लभ र भानुदत्त त्यस समयका प्रतिनिधि—लेखक हरूमध्ये अग्रगण्य थिए।" [1] नेपाली गद्यको क्रमिक विकासमा यस कृतिले एउटा महत्त्वपूर्ण कुराको संकेत दिन्छ; त्यो हो ठेट शब्दद्वारा भाव वा विचारलाई सहज रूपमा व्यक्त गर्नें क्षमताको विकास। हास्यकदम्बभन्दा अघि नेपाली गद्य अभिलेखका साथै औपधिमूलो र उपदेशमै मात्र सीमित थियो। अब नाटक अथवा आख्यानको भाषाका रूपमा नेपालीको प्रयोग हुन थाल्यो। यसको श्रेय शक्तिवल्लभ अर्ज्याललाई छ।

नेपाली नाट्य-परम्पराको मूल पैल्याउँदै जाँदा मोतीराम भट्टमा एक अडान दिएर 'हास्यकदम्ब' सम्म आउन करै लाग्दछ। शक्तिवल्लभमा नाट्य-प्रतिभा थियो। त्यसैले 'जयरत्नाकर', 'हास्यकदम्ब' र 'ललितमाधव' यी तीन नाटक यिनले संस्कृतमा लेखे। अनूदित 'हास्यकदम्ब' मा नाट्य-शिल्पको अभाव भए तापनि यो पूरै आख्यान पनि होइन (जस्तो कि माथि के भनियो भने झण्डै-झण्डै यो आख्यान बन्नगएको छ)। यसको कारण के हो त भने नान्दी, सूत्रधार, नटी र विभिन्न पात्रहरूको योजना यस कृतिमा गरिएकै छ। मञ्चन (Staging) गराउने उद्देश्यले होइन कि केवल विषय-वस्तुको आस्वादन गराउने दृष्टिले शक्तिवल्लभले यस नाटकको अनुवाद गरेको बुझिन्छ। [2]

---

१. ऐजन : पृ० ३९७-९८

९०. विस्तृत विवेचनो को लागि हेर्नुहोस् : घनुपचन्द्र गौतम लिखित "हास्यकदम्ब नेपाली भाषाको जेठो नाटक" रूपरेखा–५५, ६।७ (२०२२ मार्ग); पृ० ३१–४३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दैवज्ञ ज्योतिनरसिंह

दैवज्ञ ज्योतिनरसिंहले आफ्नो कृति "तुलसीस्तव" मा आफूलाई 'संकरसिंहकस्य पुत्र भनेका छन् । यिनी श्री ५ गीर्वाणयुद्धविक्रम शाहका समकालीन थिए । यिनको विशेषता ज्योतिषशास्त्रमा थियो । यिनले लेखेका कृति हेर्दा रामायण, महाभारत र पौराणिक पुस्तकहरूको अध्ययन यिनले गरेका थिए भन्ने अनुमान गर्न सकिन्छ ।

"तुलसी-स्तव" को लेखन-काल सं० १८६६ असार हो । यस कृतिको विषय हो धर्म । यसमा मानव जीवनको उपयोगितालाई ध्यानमा राखी तुलसीको महत्त्व दर्शाइएको छ; जस्तो—

"विशेष कलियुगमहा तुलसि जस्ता भनि जस् कसैले तुलसीको मंत्र जाप गर त सो मोक्षपद जांछं ।

"मुलसिका जराको माटो सर्वांग लेपन गर, परमेश्वरको पृय हुन्छ । माटो लायाका हात अति पवित्र हुन्छ ।

"जस कसैले पुरुषले तुलसिकि माला धारण गर्छ । पुण्य-फल कस्तो हो ? कृष्णले कंस मारिकन गोकुलमहा वृद्धि गऱ्या जस्तो हो ।

"तिन त्रिलोकमहा गंगा ठुलि, शास्त्रमहा गीता, देवतामहा ठुलि तुलसि ।

यसपछि अन्तमा "तुलसी-स्तव" पाठ गर्दा हुने फाइदा लेखकले बताइदिएका छन् ।

विषय-वस्तुका दृष्टिले भन्दा भाषाका दृष्टिले यस कृतिको ज्यादा महत्त्व छ । बालकृष्ण पोखरेलज्यूको मतानुसार "ज्योतिनरसिंहको भाषाको विशेषताले हामीलाई जुम्लाको कनकपत्रको सम्झना दिन्छ ।[१] उहांले यसमा 'देष्यापार', 'गऱ्यापार, जस्ता पाल्पातिर प्रचलित क्रियापदहरू प्रयोग भएको कुरो औंल्याउनुभएको छ ।[२]

---

१. पाँच शय वर्ष; पृ० ३९९
२. ऐजन ;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाणीविलास पाण्डे

वाणीविलास पाण्डे रामहृदय पांडेका छोरा थिए। रामहृदय पांडे पृथ्वीनारायण शाहको सभाका एक पण्डित थिए। यसैबाट वाणीविलास पाण्डे एक शिक्षित र सुसंस्कृत परिवारमा जन्मेका थिए भन्ने अनुमित हुन्छ। वृद्धावस्थामा यिनी काशीवास गएका थिए। त्यहाँ यिनले विद्यार्थीहरूलाई पढाउने काम गर्न थाले। "नवरत्नयुगलस्तोत्र" भन्ने ग्रन्थ यिनले काशीमै बस्दा लेखेका थिए। परन्तु यिनको जन्म र मृत्युको मिति-तिथि भने अहिलेसम्म पत्तो लाग्न नसक्नु ज्यादै खेदको कुरो हो। कृतित्वका आधारमा भन्न सकिन्छ—यिनी जनरल भीमसेन थापाका समकालीन थिए। खास गरीकन यिनी संस्कृतका विद्वान् थिए। यिनको विद्वत्ताबाट भीमसेन थापा ज्यादै प्रभावित भएकाले यिनी उनका प्रियपात्र थिए।

बाबुराम आचार्यले वाणीविलास रचित एउटा कवित्त छपाउनुभएको छ।[3] तर यो व्रज भाषामा लेखिएको छ। नेपाली भाषामा यिनले लेखेको "वाग्वती स्तम्भ-लेख" को उत्तरखण्ड मात्र प्राप्त छ। यिनका संस्कृतमा लेखिएका कृतिहरू यी हुन्—

१. धौकलसिंहको सं० १८५० को नारायण थान अभिलेख।
२. महारानी सुवर्णप्रभाको सं० १८६५ को नक्साल अभिलेख।
३. रानी लक्ष्मीदेवीको सं० १८६९ को पचली अभिलेख।
४. दुर्गाकृत्यकौमुदी
५. वाणीविलाससिद्धान्त
६. पुरश्चरणप्रयोगरत्न दीपिका
७. वेदान्त सार-संग्रह
८. गङ्गास्तोत्र
९. नवरत्नयुगल स्तोत्र
१०. प्रशस्तिरत्नावली
११. वाग्वती स्तम्भलेख (पूर्वखण्ड)

यी कृतिहरू हेर्दा वाणीविलास भारी विद्वान् तथा उच्च कोटीका साहित्यिक प्रतिभा थिए भन्न सकिन्छ। डा० जगदीश रेग्मीको भनाइअनुसार यिनका कृतिको साहित्यिक प्रभाव त्यस कालका अन्य साहित्यकारहरूमा परेको थियो।[4]

---

३. **पुराना कवि र कविता** (काठमाडौं : साझा प्रकाशन, २०२९); पृ० ५-६
४. **सात साहित्यिक र ऐतिहासिक अभिलेख** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०२३); पृ० १४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"वाग्वती स्तम्भलेख" लाई नेपालका श्रेष्ठतम तीन अभिलेखमध्ये एक मानिएको छ। यसलाई अझ विशिष्टीकरण गरेर भन्ने हो भने यो शाहकालको श्रेष्ठतम अभिलेख हो। यसको रचनाकाल हो सं० १८६८। यसमा संस्कृतमा जम्मा ३७ श्लोक छन्। त्यसपछि संस्कृतकै मूल भावलाई संक्षेपमा खिचेर नेपालीमा गद्यानुवाद गरिएको छ। संस्कृत अंशलाई डा० जगदीश रेग्मीले 'लघुकाव्य' भन्नुभएको छ। [९५] उहाँको विचारमा यस अभिलेखको छन्द र लयको प्रभाव तत्कालीन कवि इन्दिरसमा परेको छ। [९६] जे भए पनि यस कृतिमा रचनाकारको लेखनीको प्रौढता पाइन्छ। सुललित संस्कृत पदको प्रयोग गरी रचनाकारले यस अभिलेखलाई साहित्यिक कृति बनाएका छन्।

सन्दर्भगत हामीहरूको मुख्य चासो यस आभिलेखको नेपाली गद्यांशसँग भएकोले यसैको मूल्य केलाउनतर्फ लागौं। बालकृष्ण पोखरेलज्यूको भनाइअनुसार, "यो एउटा छोटो रचना हो तापनि यसले वाणीविलासको नेपाली गद्यलाई लर्तरो स्तरभन्दा धेरै माथि देखाउँछ"। [९७] संस्कृतको श्लोक टुंगिएपछि वाणीविलासले नेपाली "अतः परं संस्कृतवाणीमजानानपि झटित्यर्थवोधाय स एवार्थः संक्षिप्य भाषया प्रकटीक्रियते" भनेर बाधा जति भाग नेपालीमा लेखेका छन्। यसलाई नेपाली भाषाले पाएको सम्मान भन्नुपर्छ। यसबाट त्यस वेलाको जनमानसमा नेपाली भाषाले कस्तो महत्त्वपूर्ण भूमिका खेलेको थियो त्यो थाहा हुन्छ। यद्यपि संस्कृत अंशको तुलनामा नेपाली अंशको कलात्मक रूप त्यति राम्रो छैन, तथापि तत्कालीन साहित्यिक अवस्थाको सापेक्षतामा यो अंश निकै परिष्कृत देखिन्छ। केही पंक्तिहरू उदाहरणको लागि हेरौं—

"श्री रणबहादुरशाह महाराजाधिराज देखिन् समुद्रदेखि उदाएका पूर्णचन्द्रले झैं सकल लोककन अत्यन्त आल्हादन गर्न्या.

"यिनै महाराजा महारानीमा कलियुगका महिमाले फेरी भूमिमा जो जो भारका कारण छन्, तिनको विनाश गर्ना निमित्त कृष्णजीको अवतार महाराज रुक्मिणीजीको र सत्यभामाजीको अवतार यी दुई महारानी हुन्....

"...यो नेपाल उपद्रवको घर हो प्रभु भन्या वालक मैले सह्यार गर्न्या हो भन्ना निमित्त गृहसुख छोडि पनि दरवारैमा बसी....।

यो अभिलेख निर्माण वा विकास कार्यसँग सम्बन्धित छ। 'पूर्व-प्रारम्भिक कालका कविहरूले झैं यस अभिलेखका लेखकले पनि वीर पुरुषहरूको वीरताको वर्णन गरेका छन्। एक ठाउँमा लेखक लेख्दछन्—

"बाल्यावस्थैमा ओ काशीयात्रा गरि. फिर्दामा छेकन आउन्या चौकीदार प्रभृति शत्रुसैन्यकन कतल गरि गोर्खा सहरमा प्रवेश गऱ्या। पछि नवाकोट नेपाल प्रभृति देश

९५. ऐजन, पृ. १३
९६. ऐजन, पृ. १४
९७. पांच शय वर्ष. पृ. ४००

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मारी श्री महाराजे बहादूर सम्सेर जङ् पदवी पाउन्या श्री पृथ्वीनारायण साह महाराजा हुनुभयो ।"

भीमसेन थापाको वीरताका प्रसङ्गमा अन्य नेपाली वीरहरूको वर्णन लेखकले यसरी गदेका छन्—

"....जस्का मंत्रणाले आप्ना वावा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले बढ्याको फिरंगी पनि आकन शक्दैन जस्का भाई नयनसिंह थापाले पनि काङ्डाकोटमा प्रभुका निमित्त लडानिमा प्राण दिया...."

यसरी "पूर्व-प्रारम्भिक काल" को काव्य-प्रवृत्तिका दृष्टिकोणले पनि यस अभिलेखको महत्त्व छ । त्यसैले यस कालका अन्य अभिलेखलाई साहित्यिक सन्दर्भमा छाड्नुपर्ने भए तापनि यस कृतिको चाहिं साहित्यिक मूल्यले गर्दा विशेष चर्चा गर्नुपरेको हो ।

पिनासको कथा—

डा० जगदीश रेग्मीले साझा प्रकाशनबाट सं० २०३२ सालमा प्रकाशित आपनो "नेपाली अध्ययन" भन्ने पुस्तकको खण्ड-४मा "ई०१८१५ को यौटा लोकप्रिय नेपाली कथा" शीर्षक दिई एउटा कथा छपाउनुभएको छ । कथाको शीर्षक छ "पीनासको कथा" । यस कथाका अन्त्यमा स्पष्ट शब्दमा लेखिएको छ—"ईति श्रीपिनास कथाहा सुभ्म् ईति साल भाद्रव सुदी २ रोज १ सु. १८७२ सुभ्म् ।" यस मितिका आधारमा यो कृति मुन्शीका "तीन आहान" भन्दा ५ वर्षले जेठो ठहर्दछ, अथवा यही नै सर्वप्राचीन नेपाली कथा ठहर्दछ ।

डा० रेग्मीको मतानुसार अझ सं० १८७२ मा पनि यो कथा मूल रूपमा नलेखिएर प्रतिलिपि गरिएको थियो । उहाँको धारणामा यो विक्रमको अठारौं शताब्दीभन्दा अझ अघि नै लेखिएको थियो । आपनो धारणाको आधार उहाँले यस कथामा प्रयुक्त पुराना नेपाली शब्दहरूलाई लिनुभएको छ, ती हुन् 'रौत्यालि', 'घाल', 'दोहल' र 'कथाहा' शब्दहरू । यसै सन्दर्भमा उहाँले अर्को आधार पनि प्रस्तुत गर्दै लेख्नुभएको छ— "क्रियापदहरूमा एकरूपता नहुनु, संस्कृतका शब्दहरूलाई पनि निकै विकृत पारी प्रयोग गरिएको र 'र-ल' मा भेद नराखिएको र ती सबैको समष्टिगत निष्कर्षमा रचनामा निकै आदिम तत्त्व निहित रहेको अन्दाजी गरिएको हो ।' [1] रेग्मीज्यूको परिकल्पना निकै मान्य भए तापनि यो कथा अझ पुरानै हो भन्ने कुराको प्रामाणिक तथ्य फेला नपरुञ्जेल सं०' १८७२ लाई नै यसको लेखन-काल मान्दा केही आपत्ति नहोला ।

सं० १९६५ मा बनारसबाट प्रकाशित भएको 'पीनासको कथा' का लेखक थिए शिखरनाथ सुवेदी । डा० रेग्मीको भनाइनुसार शिखरनाथले यो कथा मौलिक रूपमा तयार नपारेर माथि चर्चा गरिएको सं० १८७२को 'पीनासको कथा'कै जीर्णोद्धारका रूपमा

१. नेपाली अध्ययन, पृष्ठ ५६-५७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत गरेका थिए । [९९] जीर्णोद्धार गर्दा यिनले यस कथालाई विभिन्न रूपमा ढाले पनि मूलको कथावस्तुलाई अलिकति पनि परिवर्तन गरेका छैनन् । यिनले केवल भाषा र आकार-प्रकारमा मात्र फरक ल्याएका छन् ।

यो आयुर्वेदिक गल्प हो । त्यसैले यो परापूर्व कालदेखि नेपालीहरूका जिब्रामा झुण्डिएर आएको अति नै लोकप्रिय कथा हो । अब यहाँ प्रश्न के उठ्दछ भने यस्तो औषधि-मूलो विषयक कथालाई साहित्यिक कथा-यात्राको सिरानमा किन हालियो ? यस प्रश्नको समाधान यसरी गर्न सकिन्छ ।

(१) सामान्य जनजीवनको उपयोगिताको दृष्टिले यो एक प्रकारको 'झारफुक' भए पनि वाङ्मयका दृष्टिले यो विशुद्ध कथा हो ।

(२) साहित्यको अध्ययन निरपेक्ष ढंगमा गरिनुपर्दछ। कुनै पनि कुराको भेदभावसँग साहित्यको सरोकार छैन । साहित्य सर्वव्यापक छ । त्यसैले रामायण, महाभारत, बाइबल, कुरान, अग्नि पुराण–जहींतहीं यो घुस्न पुगेको छ । हाम्रो सौभाग्यको कुरो हो कि हाम्रो औषधिमूलोमा पनि पनि साहित्यको वास रहेछ ।

(३) यस कथालाई नेपाली कथा-परम्पराबाट आफाल्नाले त्यही हानि छ, जुन हानि नेपाली गद्य-परम्पराबाट शुरू-शुरूका अभिलेखादिलाई आफाल्नाले हुन्छ ।

(४) यो कथा लोककथा वा दन्त्यकथाको स्तरभन्दा धेरै माथि उठेको पनि छ । यसमा पशु-पक्षीहरू मान्छै झैं बोल्दैनन्, न भूत-प्रेतहरूका क्रिया-कलाप नै कथाकारले देखाएका छन् । निकै हदसम्म कथा यथार्थतामा आधारित छ, यद्यपि किञ्चित् मात्रामा यस्ता झारफुके कथामा काल्पनिकता हुने नै भयो । यसमा अनिरुद्र पांडे नाम गरेको मान्छे-पात्र नै छ र उसलाई सर्पले खेदो गरेको तथा जसुचन्दरसँग भेट भई उसलाई उपदेश दिएका जस्ता घटनाहरू हाम्रो नेपाली लोक-मानसका सन्दर्भमा धेरै हदसम्म अति-काल्पनिक ठहर्दैन । लोक-अन्धविश्वासले यस कथामा स्थान पाएको छ, त्यो अर्कै कुरा हो; तर घटना र पात्रको संयोजन यस कथामा जुन क्रमबद्ध रूपमा गरिएको छ, त्यो हेर्दा यसको कलात्मक स्वरूप धेरै दरिलो देखिन आएको छ ।

यिनै कुराका आधारमा हामी यस कथालाई जेठो नेपाली कथा भन्न सक्तछौं । औषधिमूलो विषयमा प्रयोग भइरहेको सामान्य नेपाली गद्य यस कृतिमा आइपुगेपछि कसरी साहित्यतर्फ घुस्न थाल्यो त्यस गद्य-विकासको प्रक्रियालाई यस कथाले स्पष्ट गर्दछ ।

यस कथाका लेखकको नाम अज्ञात नै छ । सं० १८७७ मा मुन्शीले फारसीबाट नेपालीमा कथा अनुवाद गरे झैं यो कथा पनि कुनै एक संस्कृत जान्ने व्यक्तिले स्कन्द-पुराणको "पीनासरोगहरणोपाख्यानं" बाट नेपालीमा अनुवाद गरेको देखिन्छ । संस्कृत-मा यो उपाख्यान पद्यमा लेखिएको भए तापनि अनुवादकले बोलचालको सरल नेपाली गद्य भाषामा लेखिदिएका छन् । कथा यसरी शुरू गरिएको छ—

२. ऐजन, पृष्ठ ५४।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"श्रीपीनासको कथा लीषित्य" यक ब्राह्मन थियो गरे : अनिरुद्र नाम गऱ्याको रहेछ : सदा घर्लिप्तो. बनाउदो रहेछ : पछी विहा गरेछन् : फोर्हिन ब्राह्मनि मिलिछ : घर्लिप्ति बढार्दि रहेनछ र : कैल्हे घरको कसिगर : सगेटेर : कुनाकुनामहा : घुसारि राष्ती : रहिछ.....।

कथामा कुनै विदेशी गन्ध पाइँदैन; नेपाली परिवेश र संस्कारकै स्पष्ट प्रभाव यस कथामा पाइन्छ। मुन्शीका 'तीन आहान' लाई बरु साना-साना चुट्किला भन्न सुहाउँछ, परन्तु यो कथा आफैमा गठिलो छ र कथा-आस्वादनको दीर्घ प्रभाव पाठकलाई यसले दिन्छ।

●

सुन्दरानन्द बाँडा

अध्यात्मरामायण—

यस कृतिको प्रामाणिक रचना-काल अज्ञात नै छ। तारानाथ शर्माले यस कृतिको रचनाकाल "त्रिरत्न-सौन्दर्य-गाथा" (सं० १८८९-९० तिर) कै हाराहारी हुनुपर्छ भन्ने अनुमान गर्नुभएको छ।[1] तर कुन तथ्यका आधारमा उहाँले यो अनुमान गर्नुभएको हो त्यो बताइएको छैन। परन्तु भाषा-प्रयोगका दृष्टिले हेर्दा 'त्रिरत्न-सौन्दर्य-गाथाभन्दा निकै अघि नै यो 'रामायण' लेखिएको प्रतीत हुन्छ। सं. १८५० तिर 'बहादुर शाह वर्णनम्' लेखिसकेपछि त्यसको करीब ४० वर्षपछि 'त्रिरत्न-सौन्दर्य-गाथा' सुन्दरानन्दले लेखे। यति लामो समयका बीचमा सुन्दरानन्द चुप लागेर बसे होलान् भन्न हाम्रो मनले मान्दैन। सं. १८५० मा कविका रूपमा देखा परिसकेका सुन्दरानन्दले यसपछि केवल प्रतिलिपि मात्र सार्ने काम निश्चय नै गरेनन्। यस बीचमा वाणीविलास पाँडेसँग यिनको सङ्गत बस्यो औ भारादारहरूसँग सम्बन्ध गाँसियो। लेख्नको लागि विभिन्न प्रेरणाहरू यिनले ग्रहण गर्दैगए। कुनै व्यक्तिको मनसाय बुझी कलम चलाउन सक्ने चतुऱ्याइँ यिनमा थियो। सं. १८७३ को सन्धिपछि आपना ढाल तरवार, खुँडा र खुकुरी थान्को लगाउन बाध्य भएका वीर नेपालीलाई तिनीहरूका मानसिक स्थिति सुहाउँदो कस्तो खुराक दिनुपर्ला भन्ने कुराको निर्क्योल गरी सुन्दरानन्दले 'रामायण' लेखेको प्रतीत हुन्छ। यो कृति तयार पार्न यिनलाई निकै समय लागेको थियो। यस कुराको प्रमाण यस कृतिको मोटाइ मात्र होइन कि दुई तीन थरी रामायणका प्रसंगहरू मिलाई आफ्नो 'रामायण' मा यिनले समावेश गरेको तथ्यबाट थाहा हुन्छ। यस 'रामायण' मा लेखकको भाषा-सीप हेर्दा सिकारूपनको अवस्थालाई पार गरिसकेको देखिन्छ। सबभन्दा महत्त्वपूर्ण कुरो त नेपाली-पनलाई पक्ड़ने जुन प्रयास यसमा लेखकले गरेका छन् त्यो हेर्दा सं. १८७३ भन्दा पछि नै

१. नेपाली साहित्यको इतिहासः पृ. ४८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो कृति लेखिएको देखिन्छ। नेपालीपनले स्थिर रूप लिन थालेको सं. १८७२ को सुगौली-सन्धिपछि नै हो, किनभने यसभन्दा अघि नेपालको सीमा उत्तरोत्तर वृद्धि हुँदै थियो। फेरि त्यस वेला बाबुले आफ्ना छोराबीच अंशबण्डा गरिदिएझैं विजित राज्य पनि एक आपसमा अंशबण्डा गर्ने चलन थियो।[२] यसले गर्दा नेपालीपनमा स्थिरता आउन सकेको थिएन। राजेन्द्रलक्ष्मीको नायवी कालमा तनहुँ नेपालको अधीनमा रहन त रह्यो, तर पछि फेरि पाल्पाली शक्तिको सहायता लिई तनहुँका पराजित राजा हरकुमार-दत्त सेनले पर्वत-शक्तिलाई आफूमा संयुक्त रूपमा मिलाई तनहुँलाई मुक्ति दिइछाडे। त्यो शक्ति-प्रदर्शनको युग थियो र कुन ठकुराइ कता भन्ने कुरो शक्तिमा निर्भर थियो। जुन जुन ठाउँमा नेपालको झण्डा फरफरायो, त्यहाँ नेपालको आधिपत्य सधैं रहिरहन्छ भन्ने कुनै निश्चितता थिएन। तसर्थ सं. १८७३ को सुगौली-सन्धिपछि खुम्चनै परे पनि नेपालको सीमा निर्धारण भयो, अर्थात् कहाँदेखि कहाँसम्म नेपाल हो भन्ने कुराको टुंगो लाग्यो। दक्षिणमा फिरंगीहरू छँदै थिए। तसर्थ यस खुम्चँदो सीमाभित्र नेपालीत्वको भावना दन्काउनु राष्ट्रिय आवश्यकता थियो। यस आवश्यकताको पहिलो साहित्यिक अभि-व्यक्ति सुन्दरानन्दको "रामायण" मा पाइन्छ। यसमा नेपाली मानसिकता र वातावरण-को प्रस्तुति छ। अनूदित कृति भएर पनि मूल कृतिको दबाव यसमा छैन; अनुवादलाई स्वतन्त्र बनाइएको छ। सुगौली-सन्धिपछि नेपाली मानसिकताको निर्माण पनि ठीक यस्तै स्वतंत्रतालाई लिई भएको थियो। सम्पूर्ण भारतभरि अंग्रेजहरूको दबाव छँदैथियोः, नेपालीहरू यसदेखि सतर्क थिए नेपाललाई स्वतंत्र राख्ने सपना तिनीहरूको थियो। यस्तो मानसिकता तत्कालीन साहित्यमा पनि परेको पाइन्छ। यसबाट सुन्दरानन्दले आपनो 'रामायण' सं. १८७३ भन्दा पछि नै लेखेका हुन् भन्ने देखिन्छ।

"त्रिरत्न-सौन्दर्य-गाथा" भन्दा अघि नै यो कृति लेखिएको थियो भन्न भाषा-प्रयोगले मद्दत गर्दछ। "त्रिरत्न-सौन्दर्य-गाथा" को भन्दा यस कृतिको भाषा निकै अपरिष्कृत छ। यस कृतिमा नेपाली भाषाको अशुद्ध रूप र वाक्य-विन्यासका गडबडी अति धेरै देखिन्छन्, त्यो हेरी "त्रिरत्न-सौन्दर्य-गाथा" को भाषा निकै परिष्कृत देखिन्छ। फेरि यस 'रामायण' मा कथानकमा मौलिकता दिने जुन लोभलाई लेखकले छाड्न सकेका छैनन्, त्यसैको पूर्ण प्रस्फुटन पछि "त्रिरत्न-सौन्दर्य-गाथा" मा भएको छ। त्यसैले "त्रिरत्न-सौदर्य-गाथा" भन्दा यो "रामायण" निकै वर्षले जेठो देखिन्छ।

२. बहादुर शाहको नायबीकालमा पश्चिममा नेपालको राज्यविस्तार प्रशस्त भयो। पश्चिम विजयमा नेपाललाई पाल्पाले धेरै सघाएकोले नेपालले आपनो अधीनको अर्घा, खाँची र गुल्मी यी तीन क्षेत्र पाल्पालाई प्रदान गरेको थियो। त्यस वेलाका युद्धमा संयुक्त शक्तिले कुनै क्षेत्रमाथि विजय गरिसकेपछि सके राज्य नभए धन, हात्ती आदि बाँडचुँड गरी लिने चलन थियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस कृतिलाई "उत्तर-प्रारम्भिक काल" को निकै महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । एकातिर यसले जनरुचिलाई ध्यानमा राखेको छ भने अर्कातिर अनुवादमा पनि मौलिकताको खेल खेलेर नेपाली साहित्यमा मौलिक सिर्जनात्मक साहित्यको विकासको लागि टेवा दिएको छ । त्यस वेला नेपाली भाषामा लेखिएको सबभन्दा ठेलीदार पुस्तक यही हो जो नेपालीइतर भाषा-भाषीद्वारा लेखिएको थियो । नेपाली भाषाले प्राप्त गर्दै गएको प्रतिष्ठा र लोकप्रियतासँग सम्भवतः सुन्दरानन्द बाँडा परिचित थिए । ऐतिहासिक चेतना यिनमा थियो र समयलाई यिनले राम्ररी चिनेका थिए । "रामायण" को निर्माण यिनै स्थितिबीच भएको थियो । नेपाली कानको लागि 'रामचन्द्र' कुनै अपरिचित नायक थिएनन् । तर रामचन्द्रमा भएको असीमित शक्तिको परिचय समाजलाई दिनु थियो । रावणले भेष बदलेर सीतालाई छली लगे झैं दक्षिणतर्फ पनि अंग्रेजहरू गुप्त भेषमा पहिले व्यापारी भई भारतको शक्ति हरण गर्न उद्यत थिए । रामचन्द्रको आदर्शका आधारमा शक्तिलिप्सु भारादारहरूलाई शान्तिको पाठ पढाउनु थियो । सुन्दरानन्दले 'रामायण' लेख्नाको पछाडि यिनै राष्ट्रिय कारणहरू थिए ।

सुन्दरानन्दको "रामायण" को अनुशीलनद्वारा नेपाली भाषाका विकासको एउटा महत्त्वपूर्ण गोरेटो फेला पर्न सक्ने विश्वास कमल दीक्षितज्यूले गर्नुभएको छ ।[3] यस कृतिको भूमिकामा सम्पादकका हैसियतले दीक्षितज्यूले ज्यादै गहन विवेचना प्रस्तुत गरिदिनुभई ठूलो गुन लगाउनुभएको छ । उहाँको अनुशीलनअनुसार यसमा पहाडतिरका शब्द प्रयुक्त हुनाको साथ-साथै नेपाली झर्रा शब्दहरू पनि प्रयुक्त छन् । नेपाली वाक्यांश र वाक्पद्धतिको प्रयोग यस कृतिमा निकै प्रशंसनीय छ ।

'रामायण' मा भाषासम्बन्धी कमजोरीहरू यथेष्ट छन् भनेर दीक्षितज्यूले औंल्याउनुभएको छ । शब्दहरूको अशुद्ध प्रयोग मात्र नभएर व्याकरणगत दोषहरू पनि यस कृतिमा भेटिन्छन् । कतै शब्दहरू नबुझिने खालका छन् भने कतै उदेकका नयाँ शब्दको निर्माण भएको पनि पाइन्छ ।

अन्तमा, लेखकका रूपमा सुन्दरानन्दका साहित्य-साधनाको क्रमिक-विकासलाई बुझ्न र यिनको युगः सचेतनतालाई बुझ्न "रामायण" को अध्ययन आवश्यक छ भन्न सकिन्छ ।

●

३—सुन्दरानन्द बाँडाको रामायण (काठमाडौं: जगदम्बा प्रकाशन, २०२१) पृष्ठ...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रिरत्न-सौन्दर्य गाथा—

यस कृतिको रचनाकाल सं, १८८९-९० तिर मानिएको छ। मुख्यतः यसमा सं. १८८८ सम्मका महत्त्वपूर्ण घटनाहरू उल्लेख गरिएका छन्, यद्यपि १८९० सालसम्मका फाटफुट घटनाहरूका उल्लेख पनि यसमा नभएका होइनन्। भीमसेन थापा हर्ताकर्ता भइरहेकै बखतमा यो कृति लेखिएको थियो। सं. १८६३ देखि १८८८ सम्मको नेपालको राजनैतिक स्थिति कस्तो रह्यो भने "राजा (गीर्वाणयुद्ध वा राजेन्द्र) रानी (ललित-त्रिपुरसुन्दरी) र मंत्री (भीमसेन थापा) यी तीनमध्ये एउटामा मात्र पनि अविश्वास प्रकट गर्नेले... नेपालमा ठाउँ पाउन सक्तैनथ्यो।"[४] सुन्दरानन्द बाँडाले यी तीन शक्तिलाई खुशी तुल्याई धन प्राप्त गर्ने उद्देश्यले नै यो कृति लेखेका थिए। यसरी घटना-वली, राष्ट्रिय परिस्थिति र लेखकको उद्देश्य यी तीनै दृष्टिले विचार गर्दा भीमसेन थापाको पतन (सं. १८९२) भन्दा अघि नै अर्थात् भीमसेन थापा सर्वेसर्वा (सं. १८८९-९०) भइरहेकै बखतमा यो कृति लेखिएको सिद्ध हुन आउँदछ।[५]

यस कृतिका शीर्षकको सार्थकताको बारेमा "नयराज पन्तज्यू लेख्नुहुन्छ,".... बौद्धधर्मका अनुयायी पण्डित सुन्दरानन्दले आपनो धर्ममा परिचित भएको 'त्रिरत्न' शब्द, आपनो नाउँको सुन्दर शब्दबाट बनेको 'सौन्दर्य' शब्द बौद्ध धर्मसङ्ग विशेष सम्बन्ध राख्ने पद्यात्मक वर्णन अर्थ भएको 'गाथा' शब्दको संयोग गरी आपनो धर्म र आपनो नाम पारी, आपना राजा रानो मन्त्रीको स्तुति पारी 'त्रिरत्न-सौन्दर्य-गाथा' नामक यो ग्रन्थ बनाएको देखिन्छ।"[६] यसबाट पनि लेखकको उद्देश्य स्पष्ट हुन आउँदछ। सुन्दरा-नन्द चतुर थिए। त्यसैले सुहाउँदिलो शीर्षक राखेर यिनले आपना कृतिको विषयवस्तु-लाई पनि चतुरताका साथ प्रस्तुत गरेका छन्। भीमसेन थापालाई यिनले नजीकबाट चिनेका थिए। उनको मनसाय बुझेर एक-एक शब्द तौलेर यिनले यो ग्रन्थ तयार पारेका थिए। दामोदर पांडे र शेरबहादुरको निन्दा भीमसेन थापाकै मनको भेउ पाएर यी सुन्दरानन्दले गरेका छन्। अर्को कुन कुरो यस कृतिमा महत्वपूर्ण छ भने संस्कृतको गरिमालाई बुझिसकेका सुन्दरानन्दले धेरैजसो पद्य संस्कृतमै लेखी तिनको बोध-विश्लेषण चाहिं सरल नेपाली गद्य भाषामा दिएका छन्। यहाँनेर पनि भीमसेन थापाको मनसायले काम गरेको छ। यसै प्रसङ्गमा नयराज पन्तज्यू लेख्नुहुन्छ, "भीमसेन थापा संस्कृत भाषा

४—धनवज्र वज्राचार्य (सम्पा.) **त्रिरत्न-सौन्दर्य-गाथा**, पृष्ठ ५ (यी शब्दहरू 'उपोद्घात' का लेखक नयराज पन्तज्यूका हुन्)

५—'भीमसेन थापाको आज्ञाले मैले यो पुस्तक लेखेको हुँ' भनी सुन्दरानन्दले लेखेकै पनि छन्। हेर्नुहोस् 'त्रिरत्न-सौन्दर्य-गाथा' पुस्तकको परिशिष्ट 'क'।

६—ऐजन; पृष्ठ ६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जान्दैनथे। यसकारण उनलाई आफ्नो कुरा सुनाउन नेपाली भाषाको आश्रय लिनु आवश्यक थियो। यसकारण भीममेन थापाका प्रशंसक पं. वाणीविलास पाँडेले जस्तै गरी सुन्दरानन्दले पनि संस्कृतको साथै नेपाली भाषाको पनि आश्रय लिएका छन्।" ७

यो कृति 'उत्तर-प्रारम्भिक काल' मा लेखिएको भए तापनि 'पूर्व-प्रारम्भिक काल' कै परम्परामा यसलाई राख्न सकिन्छ। यस कृतिको वर्णन-क्षेत्र केवल त्रिशक्तिमा मात्र सीमित छैन, अपितु अतीतपट्टि फर्केर श्री ५ पृथ्वीनारायण शाहसम्मका वीरताको वर्णन गर्न लेखक पुगेका छन्। वीरताको परम्परालाई उदयानन्द अर्ज्यालले झैं यिनले पनि आदिदेखि शुरू गरी अतीतको गौरवलाई उज्ज्वल तुल्याएका छन्। तर शक्तिपूजाको जुन चरम रूप यिनले प्रस्तुत गरेका छन्, त्यो उदयानन्दमा पाइँदैन। सं. १८७३ को सुगौली-सन्धिले नेपालीहरूका युद्ध-नृत्यको अन्त गरिदिइसकेको थियो। अतः उदयानन्द-हरूका कवितामा रण-क्षेत्रको जुन जोश र उत्साह अभिव्यक्त भएको पाइन्छ, त्यो सं. १८८९-९० तिर लेखिएको 'त्रिरत्न-सौन्दर्य-गाथा' मा पाइन्न। युद्ध-क्षेत्रको सामान्य वर्णन मात्र सुन्दरानन्द पेश गर्दछन्; वीरकालका कविहरूले झैं पाठकलाई युद्ध-क्षेत्रमा लान सक्तैनन्। यो स्वाभाविक पनि थियो, किनभने विजीगिषा सेलाएकोले केवल अतीतलाई सम्झँदै सम्पूर्ण नेपालीहरू ल्यस वेला मुट्ठी बाँधी बसेका थिए। शक्तिको केन्द्र दरबार नै छँदै थियो। देशको सीमा निर्धारित भइसकेको थियो। त्यसैले राजमुकुटमा रहेको नेपाली संस्कृतिको मुहानको संरक्षण गर्न प्रत्येक नेपाली संलग्न रहे। राजतंत्र प्रति नेपाली-हरूको अगाध आस्था र श्रद्धामा फिरंगीसंगको युद्धले कुनै बाधा परेन। यही नै नेपालीको लागि सन्तोषको विषय बन्नगयो। तसर्थ राजदरबारका शक्तिको सम्मान गर्नु नेपाली-हरूले परम्परागत कर्तव्य ठानेकै थिए र यस ठनाइमा झन् वृद्धि भयो। सुन्दरानन्द बाँडाको 'त्रिरत्न-सौन्दर्य-गाथा' युगको यही परिस्थितिको उपज थियो। यसमा पृथ्वी-नारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मका राजवंशको वर्णन गरिएको छ।

'वीरकाल' का कवितामा झैं "त्रिरत्न-सौन्दर्य-गाथा" मा पनि ऐतिहासिक तथ्यहरू यथेष्ट छन्। यति भईकन पनि यस कृतिमा काव्यात्मकता बढी पाइन्छ। कतिपय ठाउँमा ऐतिहासिक घटनावलिलाई वास्ता नगरेर सुन्दरानन्दले काव्यात्मक आस्वादन पाठकलाई चखाएका छन्, तर ती घटनावलिको सन्तुलनलाई बिग्रन पनि दिएका छैनन्। यस कृतिको रोचकतामा वृद्धि हुनाको अर्को कारण के हो भने यथास्थान यिनले किंवदन्ति र लोकोक्तिको पनि प्रयोग गर्दै गएका छन्। अतिशयोक्तिपूर्ण वर्णनबाट भरसक बच्दै लेखकले यथार्थवादी दृष्टिकोण लिनु यस कृतिको अर्को विशेषता हो भने पनि हुन्छ।

सम्पूर्ण कृतिलाई सुन्दरानन्दले जम्मा ४ खण्डमा विभाजित गर्ने लक्ष्य लिएका छन्। तदनुसार पहिलो खण्डमा शुरूदेखि पृथ्वीनारायण शाहसम्म, दोस्रो खण्डमा प्रताप-सिंह शाहदेखि रणबहादुर शाहसम्म, तेस्रो खण्डमा त्रिपुरेश्वर निर्माणसम्म र अन्तिम

७—ऐजन पृष्ठ १३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खण्डमा अन्य कुराहरूको वर्णन गरिएका छन् । गद्य र पद्य दुवैको मिश्रण गरेर यो कृति तयार पारिएको छ । पद्यहरू धेरैजसो (जम्मा ३१९) संस्कृतमै लेखिएका भए तापनि नेपालीमा ११, नेवारमा ५ र सधुक्कडीमा १४ श्लोक पनि लेखिएका छन् । प्रत्येक श्लोक-को बोध-विश्लेषणचाहिं नेपालीमै लेखिएको छ ।

यस कृतिको महत्त्व अनेक दृष्टिले छँदा छँदै पनि यसमा लेखकका आपना सीमाहरू पनि नभेट्टिने होइनन् । संस्कृतमा यिनले प्रशस्त श्लोकहरू लेखे तापनि यस भाषामा यिनको पूर्ण आधिपत्य थिएन । च्युतसंस्कृति जस्तो दोष यिनको संस्कृतमा पाइन्छ । यसका अतिरिक्त कतैकतै ऐतिहासिक घटनावलिमा गडबडी देखिनाका साथै घटनाहरूको व्यव-स्थामा पनि सिलसिला बद्धताको अभाव पाइन्छ । सम्पूर्ण कृतिलाई चार खण्डमा विभाजित गर्न खोजिए तापनि क्रम भने लेखकले मिलाउन सकेको देखिंदैन । यिनै कमजोर पक्षका बावजूद पनि यस कृतिले नेपाली वीरकाव्यको परम्परामा महत्त्वपूर्ण ठाउँ पाएको छ । सं. १८५० तिर "बहादुर शाह वर्णनम्" लेखेर आपनो काव्य-यात्राको करीब ४० वर्ष (अर्थात् सं १८९०) सम्म कलम समाउँदै आएका सुन्दरानन्दले यस कृतिद्वारा 'वीर-काल' लाई जगाउन खोजेका छन् । भीमसेन थापाको व्यक्तित्व नै वीरत्त्वपूर्ण थियो । फिरंगीलाई एशियाबाटै धपाई सदाको लागि बाटाको काँढो पन्छाउने योजना उनको थियो । उनको व्यक्तित्वको प्रभावले गर्दा नै सं. १८६३ देखिन् १८९२ सम्म करीब २९ वर्षसम्म लामो शासन गन सके । त्यसैले सुन्दरानन्द, यदुनाथ पोखन्याल जस्ता कवि उनीबाट ज्यादै प्रभावित थिए ।

●

औषधि-मूलोसम्बन्धी ग्रन्थहरू

यस कालमा साहित्यिक गद्यको थालनी भइसकेको हुँदा साहित्येतर विषयका गद्यको यहाँ केवल नामोल्लेख मात्र गर्ने प्रयास गरिएको छ । यसो गरेर यहाँ तिनको महत्त्वलाई घटाउने धृष्टता गरिएको होइन; न लाखा-पाखा गर्ने लक्ष्य लिइएको हो । निश्चय नै गद्यको विकास-शृंखलालाई जोड्न यी ग्रन्थहरूको सापेक्षिक महत्त्व ज्यादै ठूलो छ । तर कुनै पनि कृति र कृतिकारले तत्कालीन साहित्यिक स्थितिको अनुपातमा महत्त्व पाउने वा नपाउने हुन्छ । यस दृष्टिले साहित्यिक गद्यको थालनो नहुँदै साहित्येतर विषय-का ग्रन्थ (जस्तो-औषधिमूलो, आचार-विचार, ज्योतिषविषयक आदि) को जति महत्त्व हुन्छ त्यो साहित्यिक गद्यको थालनीपछि स्वतः क्रमशः साहित्येतिहासमा प्रभावहीन हुँदै जान्छ, यद्यपि पूर्व-परम्पराका दृष्टिले तिनको महत्त्व भने नगण्य वा गौण रूपमा भए पनि रहेकै हुन्छ । यही महत्त्वलाई दृष्टिगत गरी यस कालमा औषधिमूलोसम्बन्धी ग्रन्थको केवल नामोच्चारण मात्र गर्नु कर्तव्य सम्झिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजीर्णमंजरी—यस कालमा "अजीर्णमंजरी" नामका तीन ग्रन्थहरू फेला पर्दछन: (१) गंगाविष्णु द्विजको "अजीर्णमंजरी", (२) लीलाम्बरको "अजीर्णमंजरी" र (३) बेनामी "अजीर्णमंजरी"।

गंगाविष्णु द्विजको "अजीर्णमंजरी" को लेखनकाल सं० १८०९ हो। यसैको प्रतिलिपि गरेर सं० १८२१ मा लीलाम्बरले पनि 'अजीर्णमंजरी' लेखे। बेनामी 'अजीर्णमंजरी' को लेखनकालचाहिं सं० १८३५ देखि १८५० का बीच मानिएको छ। यी तीनै ग्रन्थको तुलनात्मक अध्ययन गर्दा भाषिक अन्तरहरू यथेष्ट पाइए तापनि विषयवस्तुका दृष्टिले समानता पाउँदछौं। उदाहरणको लागि यी पंक्तिहरूलाई हेरौं—

१. **गंगाविष्णु द्विज**—घियको पाक अमिलीले पिराले तप्तोदकले गर। तिलादि सर्वतेलको पाक कांजिले गर। कटहर अवलाका फलको पाक शल्लाका वीजले गर। बहुत मासु माछा यथेष्ट पाया पनि सूक्त चुक्र पिया पाक तत्क्षणै गर। केवल आगाले पोल्याका माछाको पाक मासुले गर।

२. **लीलाम्बर**—घियको पाक अमिलिले पिराले तप्तोदकले गर। तिलादि सर्वतैलको पाक कांजिले गर। कटहर, अवलाका फलको पाक शल्लाका बीजले गर। बहुत मासु माछा यथेष्ट पाया पनि सूक तवु (चु?) ऋ पिया पाक तत्क्षणै गर। केवल आगाले पोल्याका माछाको पाक मासुले गर।

३. **बेनामी**—घिउको पाक अमिलाले अथवा मरिचादिका पिराले अथवा ताता पानिले गर्छ। तिल आदि गऱ्याका सबै तेलको पाक दहिका पानिले (सुक्त भऱ्याको नया माटाका भाडामा मह गुड दहिको पानि हालि घानका भकारिमा तिन दिन राषनु र त्यो शुक्त कहिंछ) गर्छ। कटहरको अवलाको पाक शल्लाका वीजका गुदिले गर्छ। बहुतै मासु माछा यथेच्छ पाया पनि परिपाक हुंछ भनि यस्मा क्या आश्चर्य छ?

श्रीहर्ष आचार्यको 'औषधी ग्रन्थ'—

यो ग्रन्थ सं० १८४८ मा लेखिएको थियो। बालकृष्ण पोखरेलज्यूको मतानुसार यो ग्रन्थ पहिलेका कुनै लेखकका कृतिलाई आधार बनाएर लेखिएको हो।[८] यसमा घरेलु उपचारका औषधिहरूको वर्णन गरिएको छ।

श्रीहर्ष आचार्य मुड्खुमा जन्मेका थिए। यिनले संस्कृतमा "वाजसनेयसंहिता" भन्ने ग्रन्थ पनि लेखेका थिए।

८—पाँच शय वर्ष : पृ० ३९२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवसिंहको 'वाजहोत्र'—

यो ग्रन्थ सं० १८६४ मा लेखिएको थियो। यसमा बाजको शुभाशुभ लक्षणका साथै उपचार-विधिको पनि वर्णन गरिएको छ। यस ग्रन्थको भाषा र विषयवस्तु हेर्दा लेखक जुम्लातिरका थिए भन्ने अनुमान गर्न सकिन्छ।

३. उत्तर-प्रारम्भिक काल

१. उत्तर-प्रारम्भिक कालको पृष्ठभूमि

नेपाली संस्कृति अति प्राचीन कालदेखि चल्दै आइरहेको छ। हिमालयको काखमा रहेको यो नेपाल प्राचीन कालमा ऋषि-मुनिहरूको तपोभूमि रहेको कुरो प्राचीन ग्रन्थहरूले सिद्ध गर्दछन्। सांस्कृतिक प्रवाहमा अनेक धार्मिक विश्वासहरूको जन्म तथा विकास यस हिमवत्खण्डमा भयो। देव-देवीहरूको उत्पत्ति र अनेक मतहरूको आविर्भावले नेपालको प्राचीन इतिहासको पृष्ठलाई गौरवोज्वल तुल्याएको छ। यसपछि अनेक राजनीतिक परिवर्तनहरू भए तापनि सांस्कृतिक एकताको वृद्धिको लागि सबै विजित र पराजित राजाहरूले केही न केही देन दिंदै आए। त्यसैले नेपाली शैली अनुरूपकै संस्कृतिको विकास यहाँ भयो। कसैले कसैको संस्कृति नष्ट गर्ने वा एक-अर्कामाथि जबर्जस्ती संस्कृति लाद्ने धृष्टता गरेनन्। युद्धका नाममा राजनीतिक युद्धबाहेक यहाँ धर्म-युद्ध (Crusade) कहिल्यै भएन। धर्मलाई एक आपसमा लडाउनु भिडाउनुभन्दा बरु तिनलाई समन्वय गर्नपट्टि नेपाली संस्कृतिको झुकाव बढ्यो। यसो हुनाको कारण थियो नेपाली संस्कृतिको लोक कल्याणकारी प्रवृत्ति। नेपाली संस्कृतिको यही परम्परा जोसमनी सन्तकाव्यको पृष्ठभूमि हो। यो एक मतका रूपमा नेपाली संस्कृतिको परिपोषक भएर जन्मियो। नेपालमा यही एउटै मात्र मत थिएन; धेरै थिए। तर साहित्यिक उपलब्धिका दृष्टिले यस मतले प्राप्त गर्न सकेको महत्ता अरू मतले प्राप्त गर्न सकेन। जे होस्, जोसमनी लगायत सबै मतहरू नेपालको सांस्कृतिक प्रवाहका उपलब्धि हुन्।

यहाँ सन्तकाव्यको पृष्ठभूमिलाई प्रस्तुत गर्ने जमर्को गरिएको छैन। युग परिस्थिति तथा संवेदनाद्वारा उद्भूत कृष्ण तथा रामभक्ति काव्यका पछाडि रहेका विभिन्न पृष्ठभूमिहरूलाई स्पष्ट पार्ने जमर्को गरिएको छ।

(क) ऐतिहासिक पृष्ठभूमि

(१) नेपाल अंग्रेज युद्ध र सुगौली-सन्धि

भारतमा अंग्रेजहरू सर्वप्रथम व्यापार गर्नें निहुँले पसेका थिए। वस्तुतः साम्राज्यवादको विस्तार नै तिनीहरूको लक्ष्य थियो। तिनीहरूले नेपालसँग व्यापार-सन्धि गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालकै बाटो भोटसँग व्यापार गर्न प्रयत्न गरे। तर नेपालीहरूको राजनैतिक सतर्कताले गर्दा तिनीहरू सफल हुन सकेनन्। तसर्थ नेपालमाथि सैनिक शक्ति प्रयोग गरी आपनो राजनीतिक स्वार्थ पूर्ति गर्ने बाटो कम्पनी सरकारले खोज्न थाल्यो। आपनो देशको हावा-पानी अनुकूल अंग्रेजहरू ठण्डा ठाउँको खोजमा थिए। त्यसैले त्यस वेला नेपाल अधीनस्थ देहरादून, कुमाऊँ, गढवाल, सिमला र दार्जीलिङमाथि तिनीहरूको आँखा गडेको थियो। नेपाल एकीकरण र राज्यविस्तार अभियानले कम्पनी सरकारको साम्राज्यवादी कार्यक्रममा बाधा पुऱ्याएको थियो। किनलॉकको नेतृत्वमा आएको फौजको पराजय, केपूचिन पादरी-हरूको निष्कासन, सात सूत्रीय व्यापार-सन्धिको निष्क्रियता, क्याप्टेन नॅक्सको वापसी आदिले गर्दा कम्पनी सरकार नेपालसँग प्रतिशोध लिने दाउमा थियो। त्यसैले नेपाल अधीनस्थ बुटवल र स्यूराजलाई निहुँ बनाएर पच्चीस दिनभित्र ती ठाउँहरू नेपालले खाली गर्नुपर्ने, अन्यथा ती ठाउँ बलजफ्ती कब्जा गर्ने आदेश-पत्र कम्पनी सरकारले गोरख पुरका कलक्टरको नाममा पठायो। त्यस पत्रको नकल नेपाल सरकारलाई पनि सूचनार्थ कम्पनी सरकारले पठायो। सं० १८७१ [ई० १८१४ मार्च] मा गवर्नर जनरल हेस्टिंग्सले यो आदेश-पत्र पठाएका थिए।

अंग्रेजसँग युद्ध गर्न नेपालीहरू पछि हट्न चाहेनन्। वीर नेपालीहरूले आपनो अधिकारमा रहेको बुटवल र स्यूराज त्यति सजिलैसँग अंग्रेजका हातमा सुम्पन मानेनन्। अतः १ नवम्बर १८१४ ई० मा गवर्नर जनरलले वैधानिक तरीकाले युद्धको घोषणा गरे। पूर्वयोजनानुसार कम्पनी सरकारले करीब तेईस हजार जति फौज नेपालका विभिन्न भागमा कब्जा गर्न पठायो। अंग्रेजी फौजका तुलनामा नेपाली फौज आधा जति पनि थिएन। नालापानीको युद्धमा बलभद्रसिंहले आपनो अतुलनीय वीरता प्रदर्शन गरी अंग्रेज-हरूलाई आश्चर्यचकित पारिदिए। सुदूर पश्चिमी खण्डको सुरक्षाका निम्ति खटिएका अमरसिंह थापाले पनि आपनो वीरताको परिचय दिए। परन्तु अंग्रेजी फौजको ठूलो संगठित शक्तिका सामु नेपाली शक्तिको केही जोड चलेन।

कम्पनी सरकारले उठाएको सीमासम्बन्धी प्रश्नलाई शान्तिपूर्ण ढङ्गमा समाधान गर्न नेपालका राजदूतको हैसियतले चन्द्रशेखर उपाध्याय कलकत्तासम्म पनि गए। तर युद्ध गर्ने नै नियत लिएका कम्पनी सरकारसँग उनको केही सीप चलेन।

नालापानीको हार तथा अक्टरलोनीको विजय प्राप्ति देखेर नेपाल सरकारले अंग्रेजहरूसँग सन्धि गर्नु नै उचित ठान्यो। अतः ८ मई १८५१ ई० का दिन अक्टरलोनी-कहाँ सन्धिका निम्ति पत्र गयो। राजगुरु गजराज मिश्र कम्पनी सरकारसमक्ष गए; तर कुरो नमिलेर उनी नेपाल फर्केर आए। मेजर ब्रेडशॉले नयाँ सन्धि-प्रस्ताव पेश गरे। २ डिसेम्बर १८१५ ई० का दिन नेपाल सरकारका तर्फबाट गजराज मिश्रले र कम्पनी सरकारका तर्फबाट ब्रेडशॉले सन्धि-पत्रमा हस्ताक्षर गरे। सन्धि-शर्तअनुसार—

(१) युद्ध-पूर्व झगडा भएका ठाउँहरू कम्पनी सरकारका हातमा जाने भयो;

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२) काली र रापती बीचको तराई भाग, खास बुटवलबाहेक रापती र गण्डकी-बीचको तराई भाग, गण्डकी र कोशीबीचको तराई भाग; मेची र टिस्टाबीचको तराई भाग तथा नगरकोट र त्यसका सम्पूर्ण इलाका एवं मोरङबाट पहाडतिर जाने नगरकोटको घाटी र त्यस नजीकका सम्पूर्ण भाग, नेपालले कम्पनी सरकारलाई सुम्पनुपर्ने भयो;

(३) काली पश्चिमका भूभागसँग नेपालको कुनै अधिकार नरहने भयो;

(४) सिक्किम अधीनस्थ भूभागमा नेपालको दावा नरहने भयो र यी दुई राज्य-बीच उठेको प्रश्नको अन्तिम निर्णय दिने अधिकार कम्पनी सरकारले लिने भयो;

(५) कम्पनी सरकारको पूर्व-अनुमतिविना ब्रिटेन, यूरोप वा अमेरिकाका कुनै पनि नागरिकलाई नेपालले आपनो नोकरीमा लिन नपाउने भयो; र

(६) ब्रिटिश तथा नेपाल सरकारका बीच राजदूत स्तरमा मैत्री सम्बन्ध गाँसिने भयो ।

यी सन्धि-शर्तहरूको अध्ययन गर्दा के देखिन्छ भने कम्पनी सरकारले नेपाललाई पंगु बनाउने धृष्टता गरिरहेको थियो । तसर्थ १५ दिनको म्याद काटिसकेर पनि नेपाल नरेशका तर्फबाट त्यस सन्धि-पत्रमा अन्तिम हस्ताक्षर भएन । यसबारे भारादारी बस्यो र अंग्रेजसंग युद्ध गर्ने नै निधो भयो । नेपाललाई चीनियाँ सैन्य-शक्तिको आशा र भरोसा थियो । तर धूर्त कम्पनी सरकारले यो कुरा बुझी चीनियाँ फौज दिगर्चा हिंडिसकेको सूचना आउँदा नआउँदै नेपालमाथि आक्रमण गर्न शुरू गऱ्यो । सर्वत्र विजयको डंका पिटी अक्टरलोनी मकवानपुर काटी काठमाडौं आउन लागेको देखेर अन्तमा विवश भई नेपाल नरेशका तर्फबाट सन्धि-पत्रमा अन्तिम हस्ताक्षर भयो ।

(२) सुगौली सन्धि : प्रभाव र प्रतिक्रिया

श्री ५ पृथ्वीनारायण शाहले "दिव्योपदेश"मा भनेका थिए. "दषिन को समुद्र का बादशाह. सित घाहा ता राष्नु. तर. त्यो महाचतुर छ. हिन्दुस्थाना दवाई. राषे छ. सरजिमी मा परि रहे छ. हिन्दुस्थाना. जाम्यो भन्या. कठिन् पर्ला. भनि किल्ला षोजन आउन्या छ." यसको ठीक ४२ वर्षपछि अर्थात् सं० १८७३ मा नेपालले त्यो दुर्दिन हेर्नुपऱ्यो । लाचार भई नेपालले एक-तिहाई भूभाग गुमाउनुपऱ्यो । नेपालले जे चाहेको थिएन आखिरमा त्यही भयो, अर्थात् नेपालभित्र जुन फिरंगीको प्रवेशलाई नेपालले मन पराएको थिएन, त्यही मन पराउन बाध्य हुनुपऱ्यो । मेची-महाकालीबीच नेपालको सार्व-भौम सत्ता कायम त भयो; तर फिरंगीहरू युद्धका निम्ति फेरि-फेरि पनि नचलमलाउलान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेर आत्मशान्ति नेपाललाई भएन। यसै कारण तत्कालीन मुख्तियार भीमसेन थापाले अंग्रेज राजदूतमाथि कडा निगरानी राखेका थिए। अंग्रेजहरूका एक-एक गतिविधिलाई बडो सतर्कताका साथ बुझ्ने चेष्टा उनी गर्दथे। तिनीहरूलाई एशियाबाटै घपाउने जमकों उनी गर्दै थिए। यसको लागि सैनिक संगठनको आवश्यकतालाई महसूस गरी उनले पाश्चात्य ढङ्गबाट सैनिकहरूलाई प्रशिक्षण दिन थाले। उनले अंग्रेज विरोधी फ्रांसेली प्रशिक्षकहरू झिकाएका थिए, किनभने यसो गरेर अंग्रेजहरूलाई हाँक दिनु थियो। पाश्चात्य युद्ध-कलाको ज्ञानविना फिरंगीहरूसँग लड्न सकिने स्थिति पनि थिएन।

भीमसेन थापाले अंग्रेजसंग हार हुनाको एउटा कारण धनको कमी पनि हो भन्ने ठानेका थिए। त्यसैले चीनसँग धनको सहायता माग्दै उनले यस्तो पत्र पनि लेखेका थिए,"....यो मुलुक फिरंगीले षायो भन्या भोटलाई पनि बढिया छैन.. दौलथको मोहर भै आया आपनै मुलुकका सिपाहि राषि लडाउन पाया फिरंगीलाई मारी हटाइ मुलुक पनि थामौंला।" [१] यसवाट के स्पष्ट हुन्छ भने फिरंगीहरू देखेर भीमसेन थापा बडो कुपित भएका थिए। अंग्रेज राजदूतको प्रभाव नेपालमा नपरोस् भन्ने मनसाय उनले लिएका थिए। दूतावास र राजधानीका बीचमा उनले सिपाहीहरूको चौकी नै खडा गरिदिए। दूतावासमा आवत-जावत गर्न पूर्ण निषेध गरियो। आवत-जावत गर्ने वा समाचार पुऱ्याउने ल्याउनेलाई दण्ड दिइने व्यवस्था पनि गरियो। नेपालको राजनीतिबाट अंग्रेजहरूलाई एकदम टाढा राख्नको लागि यथेष्ट प्रबन्ध मिलाइएको थियो।

तंत्रमंत्रका बलले पनि लडाइँ जित्न सकिन्छ भन्ने विश्वास भीमसेन थापाको थियो। तसर्थ सं० १८९३ माघ १२ गतेका दिन वकील लोकरमण उपाध्यायलाई पत्र पठाउँदै उनले लेखेका थिए; "...फिरंगीका आपना मझवको वया देवता रहेछ. ताहा बुझ्या थाहा होला. तसनिमित्त तिमिले कसैले चाल नपाउन्या पाठसँग अभ्यंतर गरी बुझी यो देवता यो ध्यान यो पूजापद्धति भनी छुट्याई कागजमा उतारी चाडो पठाउन्या काम गर।" [२] यति मात्र नभएर उनले युद्ध जित्नाको लागि राजनीति विषयका नेपाली भाषामा अनूदित ग्रन्थहरू पनि पढेका थिए।

माथि गरिएका चर्चाबाट के स्पष्ट हुन्छ भने सुगौली सन्धिले नेपालीहरूमा प्रतिकूल असर पारेको थियो। यसले नेपालीहरूका अहंमा ठूलो चोट पाऱ्यो जसको परिणामस्वरूप नेपालीहरू मानसिक रूपले उदासीन भए। यदि अंग्रेजहरूले गढ-कुमाऊँमा झैं नेपालमा पनि अत्याचार गरेका भए नेपालीहरूमा प्रत्यक्ष विद्रोहको भावना जागृत हुने थियो। तर नेपाल एक स्वतंत्र मुलुकको रूपमा रहिरहेको र साम्राज्यवादी विस्तारवादमा

१—चित्तरञ्जन नेपाली. **जनरल भीमसेन थापा र तत्कालीन नेपाल** (दो. सं.) (काठ०: रत्न पुस्तक भण्डार, २०२२); पृष्ठ १३७

२—"मूलपत्रम्", **संस्कृत सन्देश** १। १०-११-१२ (२०१० चैत्र); पृ० २१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो नपरेकोले गर्दा अंग्रेजहरू चुप लागेर बसे। गढ-कुमाऊँ भने सुगौली सन्धिपछि तिनीहरूका हातमा पर्न गएकोले त्यहाँ उनीहरूले राजनीतिक दमनलाई प्रशस्त सफल पारे। फलतः त्यहाँको जनतामा विद्रोहको आगो सल्कियो। गुमानी कविले अंग्रेज विरोधी यही जनभावनालाई आपना कृतिमा व्यक्त गरेका छन्। नेपालको स्थिति गढ-कुमाऊँको भन्दा बेग्लै थियो। सन्धिपत्रमा हस्ताक्षर गर्न नेपालका आपनै लाचारी र विवशताहरू थिए। आपनो बाहुबलद्वारा आर्जन गरेको ⅓ भूभागलाई नेपालले गुमाउनुपर्‍यो। यस्तो राष्ट्रिय क्षति नेपालीहरूको लागि निश्चय नै सह्य भएन। तर विकल्प पनि केही थिएन; सन्धिपत्रमा हस्ताक्षर भइसकेकोले गर्दा नेपालको औंला काटिइसकेको थियो। यही मानसिक रुग्णावस्थाको परिणामस्वरूप नेपाली साहित्यमा भक्तिकाव्यको प्रणयन भएको थियो।

सुगौली सन्धिले नेपालीहरूको राष्ट्रियताको भावनालाई अरू मजबूत तुल्यायो। नेपालीहरू संगठित नबने भविष्य झन् बिग्रने सम्भावना थियो। धर्मप्राण नेपाली हृदयले घेरै अघिदेखि नै म्लेच्छहरूलाई घृणाका दृष्टिले हेर्दै आएका नै थिए। त्यसैले तिनलाई घपाउन नेपालीहरूले नितान्त आवश्यक ठानेका थिए। भीमसेन थापाको प्रयास यही जनभावनाको प्रकटीकरण थियो। म्लेच्छहरूको कालो करतूतलाई नेपालीहरूले पहिले नै बुझिसकेका हुनाले आपनो देशलाई बचाउन तिनीहरू बढी प्रेरित भए। देशप्रतिको ममता जागेर आयो र नेपाली भन्ने भावनाले अरू प्रोत्साहन पायो। वाणीनिधि पन्तले "गोरण्डाख्यो मलिम्लुच" मा र यदुनाथ पोखरेलले "स्तुतिपद्य" मा यही व्यापक राष्ट्रियताको भावनालाई अभिव्यक्त गरेका छन्।

(३) भीमसेन थापा र उनका सुधार-कार्यहरू–

वाणीविलास पाण्डेको "वाग्वती अभिलेख" सुन्दरानन्द बाँडाको "त्रिरत्न-सौन्दर्य-गाथा" र यदुनाथ पोखरेलका "स्तुति पद्यहरू" भीमसेन थापासँग सम्बद्ध छन्। उनको व्यक्तित्व तत्कालीन कविहरूको लागि प्रेरणादायी बन्यो। उनको दीर्घ शासनकाल राष्ट्रिय चेतनाको प्रस्फुटनका दृष्टिले महत्त्वपूर्ण बन्यो; अनि उनको शासनकाल शान्तिपूर्ण बनेकोले गर्दा त्यस वेलाको वदलिदो राष्ट्रिय परिस्थितिअनुकूल भक्तिकाव्य सिर्जना गर्न कविहरूलाई प्रेरणा मिल्यो। उनले घेरै सुधार कार्यहरू गरी देशमा सामाजिक सुधारका निम्ति ढोका खोलिदिए। हरेक क्षेत्रमा आधुनिकीकरण गर्नु उनले अभीष्ट संझी नेपाली परम्पराको पनि संरक्षण गर्दै उनले नेपाली समाजलाई विकासका निम्ति नयाँ बाटो दिए। नेपाली मानस र चेतनाको नवोन्मेष उनको शासनकालमा भयो जसको प्रभाव तत्कालीन साहित्यमा प्रत्यक्ष वा प्रच्छन्न रूपमा नपरिरहन सकेन। त्यसैले यस परिच्छेदमा भीमसेन थापाको महत्त्वमाथि प्रकाश पार्न उनका सुधारकार्यहरूसमेतको चर्चा गर्न खोजिएको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माथि नै चर्चा भइसक्यो-सुगौली सन्धिपछि नेपालको सार्वभौम सत्तालाई जोगाउन भीमसेन थापाले गरेको प्रयास ज्यादै महत्त्वपूर्ण बन्यो। त्यसैले श्री ५ रणबहादुर शाहले भनेका थिए, "...म मरि मुलुक डुब्न्या छैन, भीमसेन मऱ्यो भन्या मुलुक डुब्न्या छ।" यसै सन्दर्भमा चन्द्रशमशेरको यो उक्ति पनि उल्लेख्य छ–"...एउटा भीमसेन थापा नजन्मेको भए नेपाल उहिल्यै हिंडिसक्थ्यो।" जङ्गबहादुरले समेत "..हामि वजिर मध्ये ठुला बुद्धिमान वजिर भीमसेन थापा हुन्"–भनेका थिए। नेपालको राष्ट्रिय क्षितिजमा श्री ५ बडामहाराज पृथ्वीनारायण शाहपछि भीमसेन थापा नै महत्त्वपूर्ण बन्न गए। चित्तरंजन नेपाली लेख्नुहुन्छ, "श्री ५ पृथ्वीनारायण शाहको विजय-कार्यपश्चात् विशाल नेपाल राज्यको निर्माण हुन गएपछि नेपालको परराष्ट्र नीतिविषयक अध्यायमा विशेष उल्लेखनीय, महत्त्वपूर्ण एवं कूटनैतिक अध्याय नै जनरल भीमसेन थापाको शासनकालको समय थियो।" [3] भीमसेन थापाले लर्ड वेलेज्लीको संरक्षण-नीति [System of Protectorates] को भित्री मनसायलाई राम्ररी बुझेका थिए। त्यसैले अंग्रेजहरू भारतभरि आपनो उपनिवेशवादी झण्डा गाड्न सफल भए पनि नेपालमा भने सफल हुन सकेनन्।

भीमसेन थापाले अनेक सुधार कार्यहरू गरे; ती थिए: (१) सैनिक सुधार—छाउनी र तोपखानाको व्यवस्था उनकै पालामा भएको थियो। फौजलाई उनले पाश्चात्य ढंगको सैनिक शिक्षा पनि दिलाए। सैनिक संगठन गरेर उनले तिनीहरूलाई प्रोत्साहन दिन पगरी, चाँदतोडा आदिको पनि चलन चलाए। (२) आर्थिक सुधार—जग्गा-जमीनको नापी गरेर त्यसबाट प्रशस्त मालपोत उठाई उनले राष्ट्रिय आयमा वृद्धि गरे। खेती व्यवसायमा प्रोत्साहन दिनको लागि उनले कुलो-पैनी आदिको व्यवस्था मिलाइदिनाका साथै मोहीको सुरक्षातिर पनि ध्यान दिए। नाप-तौलको बजार-व्यवस्थामा स्थिरता कायम राख्न उनले ठूलो कोशिश गरे। ब्याजदर कायम राख्नका निम्ति पनि उनले विशेष ध्यान दिए। जनताको आर्थिक उन्नति कसरी गर्ने भन्नेबारे उनी सदैव प्रयत्नशील रहे। (३) धार्मिक सुधार—सुनधाराको निर्माण उनकै पालामा भएको थियो। उनले पशुपतिको चारै ढोकामा चाँदी राख्न लगाए। उनका पालामा धेरै मन्दिर तथा धर्मशालाहरू पनि बने। (४) अन्य सुधार—भीमसेन थापा विकास-प्रेमी थिए। घरहरा, वागमती पुल जस्ता निर्माण कार्य गर्नाका साथै जनताका सुविधाको लागि उनले न्याय, हुलाक र प्रशासन व्यवस्थामा प्रशस्त सुधारकार्य गरे। दास-प्रथा हटाउनको लागि पनि उनले कदम उठाए।

(४) राणा-शासनको उदय

राणा-शासनको उदयका निम्ति भीमसेन थापाको फौजी एकाधिपत्यका साथै कम्पनी-सरकारको राजनैतिक स्वार्थपूर्तिलाई पनि पृष्ठभूमि मान्न सकिन्छ। सुगौली-संधिपछि नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भई एडवर्ड गार्डनर नेपालको लागि स्थायी

३—जनरल भीमसेन थापा र तत्कालीन नेपाल: पृ० ६९.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजदूत नियुक्त भए पनि कम्पनी सरकारले आपनो राजनैतिक स्वार्थपूर्ति गर्न सकेको थिएन, किनभने कम्पनी सरकारका विरोधी व्यक्तिहरू नै एकपछि अर्को गर्दै मुख्तियारी पदमा आएका थिए। अंग्रेज-विरोधी भीमसेन थापाले झैं माथवरसिंह थापाले पनि आफू मुख्तियार बनेपछि फौजी संगठनको लागि अरू तीन कम्पनी थपी फौजी एकाधिपत्य आफ्नो हातमा लिए। यसले गर्दा कम्पनी सरकारको मनमा अशान्ति मच्चियो। अतः आपनो राजनीतिक स्वार्थपूर्तिको लागि कम्पनी सरकारले एक यस्तो व्यक्तिको आवश्यकता महसूस गऱ्यो जसले राजगद्दीमाथि पनि आपनो प्रभुत्व जमाउन सकोस् र कम्पनी-विरोधी तत्व निर्मूल पारी कम्पनी सरकारको लागि जीउज्यान अर्पन सकोस्। यस्ता व्यक्तिको रूपमा जङ्गबहादुरलाई खडा गरी कम्पनी सरकारले उनको हातबाट माथवरसिंह थापाको हत्या गर्न लगायो।

जङ्गबहादुर महत्त्वाकांक्षी थिए। भविष्यमा राष्ट्रको सर्वैभन्दा ठूलो शक्ति हात लगाउने सपना उनले देख्न थाले। यसको लागि भित्रभित्रै उनले कम्पनी सरकारसँग हातमालो गरे। माथवरसिंहलाई मारेपछि आफू प्रधानमंत्री बन्ने आकांक्षा उनको थियो। तर राजाले गगनसिंहलाई प्रधानमंत्री बनाएको देखेर उनको सपना चकनाचूर भयो। गगनसिंह पनि अंग्रेज-विरोधी नै थिए। तसर्थ जङ्गबहादुरले लालझालाई हतियार बनाएर गगनसिंहको हत्या गरे। यस हत्याको रहस्य नखुलेकोले हत्यारा पत्ता लगाउन महारानी राज्यलक्ष्मीदेवीले सं० १९०३ साल आश्विन २ गते राति भारादारहरूलाई बोलाइन्। चतुर जङ्गबहादुरले कोतबाहिर फौज तैनात गरी राखेका थिए। जब अभिमानसिंहले गगनसिंहलाई हत्या गर्ने जङ्गबहादुर नै हो भनी ठोकेर भनिदिए, जङ्गबहादुरले हत्या-काण्ड शुरू गरे। रगतको खोलो बग्यो। यो देखेर महारानी ज्यादै डराइन्। आपनो पनि ज्यान खतरामा पर्न सक्ने सम्भावना देखेर तिनले तत्कालै जङ्गबहादुरलाई प्रधानमंत्रीका साथै प्रधान सेनापति पनि बनाइदिइन्। तर जंगबहादुरको यो जबर्जस्त्याइँ महारानीलाई मन परेको थिएन। अतः उनलाई भण्डारखालमा खतम गर्ने षड्यंत्र मिलाइयो, तर सफल भएन। यसरी जंगबहादुर सं०१९०३ को कोतपर्वपछि शक्तिमा आए। राणा-शासनको जग बस्यो। कम्पनी सरकारले पनि खोजेजस्तै व्यक्तिलाई भेट्टायो। अब नेपाल-ब्रिटिश सम्पर्कमा वृद्धि हुन थाल्यो।

स्वार्थपूर्ण मनोवृत्ति लिएर बसेको कम्पनी सरकारले जंगबहादुरलाई आफ्नो मुठ्ठीभित्र बलियोसँग राख्न तथा अंग्रेजी शक्तिको प्रदर्शनद्वारा प्रभावमा पार्न बेलायत यात्राको चाँजो मिलाएको थियो। यात्रापछि नभन्दै जंगबहादुर बेलायतीकरणतर्फ उन्मुख भए। नेपालको राजनीतिक इतिहासमा यो अँध्यारो पृष्ठ थियो।

जंगबहादुर आपनो युगका एक सफल कूटनीतिज्ञ थिए। शाहवंशसँग वैवाहिक सम्बन्ध जोडेर तथा कम्पनी सरकारसँग नयाँ सन्धि गरेर उनले जहानिया शासनको स्था-पनाको लागि बाटो चौडा पारे। उनले आपनो महत्त्वाकांक्षालाई चरम रूप दिन पहिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कास्की र लमजुङ्गको 'महाराज' पद ग्रहण गरे; त्यसपछि नेपालकै 'श्री ३ महाराज' का साथै श्रीपेच पनि धारण गरे। उनको सैनिकवादी व्यक्तित्वको खिलाफमा कोही पनि एक शब्द बोल्न सक्तैनथे, किनभने कोतपर्व, भण्डारखालपर्वको घटना अरूका आँखामा ताजै थियो। जनताहरू राजनीतिबाट पलायन हुन खोजे। यसले गर्दा जंगबहादुरलाई निरंकुश शासन स्थापना गर्न झन् सुगम भयो। उनले न्याय र ऐन–कानूनलाई आफ्नो हातमा लिए। जनताका सम्पूर्ण अधिकार उनको मुठ्ठीभित्र गयो। यसरी राणा-शासनको स्थापना भयो, जसले १०४ वर्षसम्मको लामो समय ओगटेर केवल आपनै मात्र स्वार्थपूर्तिको बाटो खोजिरह्यो।

(ख) सांस्कृतिक पृष्ठभूमि

(१) वैष्णव भक्ति

प्रस्तावना

वैष्णव धर्ममा अवतारवादको विस्तृत वर्णन पुराणहरूमा गरिएको छ। संसारमा अधर्म र अत्याचारको अन्त्य गर्न विष्णुले विभिन्न कालमा विभिन्न अवतार लिएको कुरो पछिका वैदिक साहित्यमा उल्लेख गरिएको छ। भगवद्गीतामा यही अवतारको महत्त्ववारे प्रकाश पारिएको छ। यसअनुसार कृष्ण र रामलाई विष्णुका दश अवतारमध्ये दुई अवतार मानिएको छ; बाँकी आठ अवतार हुन्–मत्स्य, कच्छप, वराह, नृसिंह, वामन, परशुराम, बुद्ध र कल्कि। नेपाली साहित्यको 'उत्तर-प्रारम्भिक काल' मा कृष्ण र रामकै उपासनामा काव्य सिर्जना भयो। यी दुई अवतारको दैवी-सत्तालाई स्वीकारेर यस कालका भक्तिवादी कविहरूले तत्कालीन राजनैतिक परिस्थितिको परोक्ष प्रभाव र प्रतिक्रिया व्यक्त गरे। यसका साथै यस कालको सन्त-काव्यमा समेत वैष्णव-भक्तिको प्रचुर प्रभाव परेको देखिन्छ। सन्त कविहरूले विष्णुलाई सम्मानका दृष्टिले हेर्दै उनका अवतारलाई साक्षात् ईश्वरका रूपमा मानेका छन्। सन्त-काव्यका महत्त्वपूर्ण हस्ताक्षर ज्ञानदिलदास जस्ताले समेत "श्रीमद्भागवत गीता सुमेरनु मन चित्तत आत्मा धरी" भनेर वैष्णव भक्तिमा आस्था व्यक्त गर्दै वेदलाई श्रद्धाका दृष्टिले हेरेका छन्। सन्त शशिधर त झन् यस वैष्णव भक्ति-बाट पूरै प्रभावित थिए। यसरी "उत्तर-प्रारम्भिक काल" मा वैष्णव भक्तिले यति व्यापकता लिएको देखिएको हुनाले यस भक्ति-सम्प्रदायको सांस्कृतिक तथा दार्शनिक पृष्ठभूमि-बारे आवश्यक जानकारी प्राप्त गर्नु चासोपर्दो देखिन्छ।

सन्दर्भ-विस्तार—

वैष्णव भक्तिको उदयको इतिहास केलाउँदै जाँदा हामी वेदसम्म पुग्दछौं। तर विद्वान्हरूले के कुरो स्वीकारेका छन् भने वैदिक विष्णु र भागवत धर्मका विष्णु भिन्न-भिन्न हुन्। ऋग्वेदमा विष्णुलाई स्वर्गका देवताका रूपमा प्रतिष्ठा प्रदान गरिएको छ। विष्णुका तीन पाइलाको वर्णन गर्दै ऋग्वेदले विष्णुलाई सूर्यसँग सम्बद्ध गरेको छ। तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस वैदिक विष्णुले कुनै धार्मिक सम्प्रदायको नायकत्व लिएको देखिदैन। भागवत धर्मको उदय भएपछि मात्र यो नायकत्व विष्णुलाई प्राप्त भयो। भनिन्छ, ईसाभन्दा चार या पाँच शताब्दीपूर्व नै भागवत धर्मको उत्पत्ति भइसकेको थियो, जसको पुनर्गठन ईसा-पूर्व दोस्रो शताब्दीमा भएको थियो। यो धर्म बौद्ध तथा जैन धर्मभन्दा पनि पुरानो हो।

वैष्णव भक्तिको बीज रूप पैल्याउँदै जाँदा हामी वेदपछि ब्राह्मण साहित्यमा पुग्दछौं। शतपथ ब्राह्मणले विष्णुका अवतारलाई स्वीकार गर्दै उनलाई पूज्य देवताको प्रतिष्ठा प्रदान गरेको छ। उपनिषद् युगमा आएर जब 'उपासना' ले महत्त्व पायो, भक्तिको उदय भयो। यसै युगमा मथुरा प्रदेशमा कृष्ण-भक्तहरूको आविर्भाव भएको कुरो इतिहासका पृष्ठमा भेटिन्छन्। यिनै भक्तहरूको एउटा सम्प्रदाय खडा भयो र वैष्णव धर्मको प्रारम्भ भयो। यस धर्मको स्थापनासँग वासुदेवको नाम सम्बद्ध पारिन्छ; यिनै वासुदेव नै पछि 'भागवत' नामले प्रसिद्ध भए। यसरी भागवत धर्मको प्रतिपादन भयो, जसलाई व्यवस्थित रूप दिन पाञ्चरात्र, सात्वत र नारायणी धर्मले आधारभूत भूमिका खेलेको देखिन्छ। यो धार्मिक सम्प्रदायहरू वैष्णव भक्तिअन्तर्गतकै थिए।

सात्वत धर्मले विष्णु र वासुदेवमा ऐक्य स्थापना गऱ्यो। पाञ्चरात्र धर्मले व्यापक शास्त्रीय आधारलाई ग्रहण गरेर पाँचवटा धार्मिक मतहरूको एकाकार गऱ्यो भन्ने विद्वान्हरूको मत छ; ती पाँच धार्मिक मत हुन्-एकान्तिक, भागवत, नारायणीय, वैखानस र सात्वत। यी मतका अनुयायीहरूले आपना उपास्य देवतालाई नारायण, कृष्ण, वासुदेव, हरि, भागवत र विष्णु भनी पुकार्दथे। पछि यी सबै एउटै हुन् भन्ने कुरो स्वीकारिएपछि 'पाञ्चरात्र' धर्मको उदय भयो भन्ने कतिपय विद्वान्हरूको मत छ। उत्पत्तिका सम्बन्धमा जे जस्ता मतहरू भए तापनि मूलतः यो वैष्णव धर्म नै थियो। यस धार्मिक मतका अनुयायीहरू विष्णुका सगुण र निर्गुण दुवै रूपलाई मानी उनैको आराधना र भजनमा विश्वास राख्दछन्। यिनीहरूका मतानुसार भगवानलाई खुशी तुल्याउनाको लागि यी साधनहरूको अनुसरण गर्नुपर्दछ—अभिगमन, उपादान; इज्या, स्वाध्याय र योग।

महाभारत, गीता र पुराणहरूमा वैष्णव भक्तिका यथेष्ट वर्णनहरू पाइन्छन्। यसै सिलसिलामा मुनिवर शाण्डिल्य र देवर्षि नारदका भक्ति-सूत्रहरू पनि विशेष उल्लेखनीय छन्। यो सूत्रहरूमा वैष्णव भक्तिको स्वरूप छर्लङ्ग्याइएको छ।

प्राणीमात्रप्रति प्रेम राखी उदार दृष्टिकोण अपनाउनु वैष्णव भक्तिको वैशिष्ट्य हो। यो भक्तिसम्प्रदाय अहिंसामा विश्वास राख्दछ। विष्णुको उपासना र आराधना गर्नाले मोक्ष पाउन सकिन्छ भन्ने कुरामा प्रेरित गर्दै यस भक्ति-सम्प्रदायले भक्तिमार्गमा मानिसमात्रलाई अग्रसर गराउँदछ। त्यसैले पहिले यो धर्म मथुरामै सीमित भए तापनि पछि ऐतिहासिक कालमा यसको प्रभाव चारैतिर पर्न थाल्यो। ईसापूर्व दोस्रो शताब्दीमा जब यो धर्म पुनर्गठित भयो, तब यसको लोकप्रियता चारैतिर फैलियो। यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्म प्रशस्त विकसित हुँदै हिन्दू संस्कृतिसँगसँगै अन्य मुलुकहरूमा समेत फैलन थाल्यो। नेपाल र भारतमा मात्र नभएर दक्षिण-पूर्व एशियाका अन्य मुलुकहरूमा समेत यसले प्रभाव पार्‍यो।

प्रमुख वैष्णवाचार्यहरूको संक्षिप्त परिचय

वैष्णव भक्तिलाई आ-आपनो ढङ्गले प्रतिष्ठापित गर्ने काममा विभिन्न आचार्यहरूले उपनिषद्, गीता र ब्रह्मसूत्रमा भाष्य लेखेर आपनो दार्शनिक मत प्रतिपादन गरेका छन्, जसका आधारमा विशेष गरेर वैष्णव भक्तिबारे तिनीहरूका विचारलाई जान्न यहाँ तिनै केही आचार्यहरूको सन्दर्भगत सामान्य परिचय प्रस्तुत गरिन्छ—

रामानुज

रामानुजको जन्म ई० १०१६।१७मा भएको थियो। यिनको बाल्यकाल काञ्चीपुर भन्ने ठाउँमा बित्यो। आलवार वैष्णव गुरुका कृतिहरूको अध्ययन गरिसकेपछि यिनी वैष्णव भक्त भएर देखापरे। यिनले विट्ठलदेवलाई वैष्णव धर्ममा दीक्षित पारे। यिनले "वेदान्त सार", "वेदार्थ संग्रह" तथा "वेदान्त दीप" जस्ता कृतिहरू लेखे; अनि ब्रह्मसूत्र र भगवद्गीतामा भाष्य पनि यिनले लेखे।

रामानुज सम्प्रदायलाई "श्री सम्प्रदाय" भनिन्छ। रामानुजले जीवात्मा, जगत् र ईश्वर यी तीन तत्त्वकै आधारमा भक्ति-भावनाको प्रतिष्ठापन गरेका छन्। जीवात्मा र जगत् ईश्वरकै गुण हुन् भन्ने मत यिनको थियो। ईश्वरलाई यिनी अन्तर्यामी मान्दथे। खास गरीकन यिनले विष्णु-अवतार रामकै उपासनामा बढी जोड दिएका छन्। यिनको दार्शनिक सिद्धान्तलाई "विशिष्टाद्वैत" भनिन्छ। राम-भक्तिद्वारा मुक्ति पाउन सकिने कुरामा यिनको विश्वास थियो।

मध्व या आनन्दतीर्थ

दक्षिण भारतको वेलिग्राम भन्ने ठाउँमा जन्मेका मध्व या आनन्दतीर्थको जीवनकाल शकाब्द १११९ देखि ११९८ सम्म मानिन्छ। बाल्यकालमा यिनको नाम वासुदेव थियो। पछि यिनी सन्यासी भए र आचार्य पदद्वारा सम्मानित भए।

आचार्य मध्वको दार्शनिक सिद्धान्तलाई "द्वैतवाद" भनिन्छ। यिनी अद्वैतवादका कट्टर विरोधी थिए। मायावादीहरूलाई यिनले हराए अनि यत्र-तत्र वैष्णव धर्मको प्रचार गरे। समस्त जीव हरिकै अनुचर हुन्' भन्दै यिनले परमात्माद्वारा नै मानिसमा ज्ञानको उदय हुन्छ भनी स्वीकारे। यिनका दृष्टिमा मुक्ति भनेको आफूलाई वास्तविक सुखानुभूति हुनु हो। यिनको सम्प्रदाय ब्रह्म-सम्प्रदायको नामले प्रसिद्ध छ।

आचार्य मध्वले आफ्ना ३७ विभिन्न ग्रन्थहरूमा आपनो दार्शनिक मतको प्रतिपादन गरेका छन्। यिनले परमात्मा भनेर विष्णुलाई मान्दै यिनै परमात्माले नै अल्पज्ञानी मनुष्यलाई ज्ञानी तुल्याउँदछ भन्ने मत प्रतिपादन गरे। विष्णु-अवतार राम तथा कृष्णको उपासना यिनले गरे; तर भागवत-मतलाई यिनले परै पन्छाएका थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्बार्क

आचार्य निम्बार्कको समय अहिलेसम्म पत्तो लाग्न सकेको छैन। विद्वान्हरूले यिनको समयलाई ईसाको बाह्रौं शताब्दीतिर भनी अनुमान गरेका छन्। यिनको जन्म निम्ब भन्ने गाउँमा भएको थियो। यिनी तैलङ्ग ब्राह्मण थिए।

निम्बार्कले "द्वैताद्वैतवाद" दार्शनिक मत प्रतिपादन गर्दै कृष्णलाई उपास्य देव मानेका छन्। यिनले कृष्णका लीलाद्वारा आपनो भक्ति व्यक्त गरेका छन् भन्ने कुरो यिनले लेखेको 'सिद्धान्तरत्न' भन्ने ग्रन्थबाट थाहा पाउन सकिन्छ। यिनले 'वेदान्तपारिजातसौरभ' भन्ने कृति पनि लेखे, जसमा यिनले के भनेका छन् भने अवस्था-भेदले जीव ब्रह्मभन्दा भिन्न तथा अभिन्न दुवै हुन्छ। ब्रह्मकै एक अंश जीव हो जो अल्पज्ञ छ यिनको सम्प्रदायलाई 'सनक सम्प्रदाय' भनिन्छ।

विष्णुस्वामी

विष्णुस्वामी रुद्रसम्प्रदायका आचार्य थिए। यिनले नृसिंहलाई नै ईश्वरको मुख्य अवतार माने। यिनका दृष्टिमा ईश्वर सच्चिदानन्द स्वरूप छन्। वल्लभाचार्य यिनकै शिष्य थिए।

वल्लभ

वल्लभाचार्यको जन्म ईसाको पन्ध्रौं शताब्दीमा चम्पारन भन्ने ठाउँमा भएको थियो। यिनी तैलङ्ग ब्राह्मण थिए। विष्णुस्वामीको वेदान्त-दर्शनको प्रभाव यिनमा थियो, तैपनि यिनको सम्प्रदायलाई स्वतन्त्र सम्प्रदाय भनी मानिएको छ। यिनलाई "पुष्टिमार्ग" का प्रतिष्ठापक मानिन्छ। यिनको के भनाइ थियो भने भक्तिद्वारा भगवान्को अनुग्रह वा पोषण पाउन सकिन्छ, भक्तिद्वारा नै जीवले ब्रह्मत्व प्राप्त गर्दछ। जीवलाई ब्रह्मा वा कृष्णको पोषणको आवश्यकता पर्दछ; किनभने जीव अनेक दुर्बलताहरूद्वारा ग्रसित छ। ब्रह्मले पोषणद्वारा जीवलाई यी दुर्बलताहरूबाट मुक्त गरी पुष्ट गर्दछ।

वल्लभ सम्प्रदायले कृष्णलाई परब्रह्म र परमानन्द मान्दै उनका लीलालाई सर्वोच्च महत्त्व दिन्छ। राधालाई यस सम्प्रदायले कृष्णसँगै प्राथमिकता दिएको छ। कृष्ण-लीलामा सम्मिलित हुन यस सम्प्रदायले मानिसलाई प्रेरित गर्दछ। यस सम्प्रदायको प्रचार कार्य वल्लभाचार्यकै छोरा विट्ठलनाथद्वारा यथेष्ट मात्रामा भयो।

"पुष्टि मार्ग" को प्रभाव भारतीय "अष्टछापकवि मण्डली" मा परेको थियो। डा० ईश्वर बरालको भनाइअनुसार नेपाली भक्तिवादी कविहरूमा पनि यही पुष्टिमार्गको प्रभाव परेको थियो। उहाँ भन्नुहुन्छ, "प्राथमिक कालको नेपाली साहित्यमा १८८४ तिर वैष्णव भक्ति साहित्यको जुन प्रणयन देखिन्छ, त्यो पुष्टि-मार्गको प्रभावले हो भन्ने बुझिन्छ। यसैका प्रभावले इन्दिरस; वीरशाली पन्त, विद्यारण्यकेसरी अर्ज्याल, वसन्त शर्मा, विद्यापति, योगी अम्बरगीर, यदुनाथ पोखर्‍याल आदिले कृष्णाश्रयी भक्ति साहित्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को निर्माण गरेका होलान् भन्ने अनुमान गरिन्छ।[४] नेपालको राजनीतिक परिस्थितिका पृष्ठभूमिमा पुष्टिमार्गको दार्शनिक मतलाई समायोजन गर्दै बरालज्यूले यो मत प्रतिष्ठापित गर्नुभएको हो।

चैतन्य

चैतन्य वल्लभाचार्यकै समकालीन वैष्णवाचार्य थिए। यिनले पनि राधा-कृष्ण धर्मकै प्रचार गरे। यिनले आध्यात्मिक भक्ति-भाव जागृत गर्न लोकलाई राधा-कृष्णको प्रेम र भक्ति विषयक कीर्तनहरूको चलन चलाए। कृष्णलाई नै यिनले सर्वोच्च देव माने; अनुरागवान माने; अनि विलासशक्तिसम्पन्न माने। यिनले कृष्ण र जीवबीच सम्बन्ध स्थापना गर्दै कृष्णलाई आश्रय र जीवलाई आश्रितका रूपमा माने। भक्तिद्वारा नै कृष्ण-कहाँ पुग्न सकिन्छ भन्ने मत यिनको थियो। यिनको मत वल्लभाचार्यका मतको अनुकरण थिएन; स्वतंत्र मत प्रतिपादन गरेर यिनले भक्तिमार्ग लोकको लागि सुगम तुल्याइदिएका थिए।

(२) नेपालमा वैष्णव धर्मको संक्षिप्त परिचय—

नेपालमा वैष्णव धर्मको प्रारम्भ कहिलेदेखि भयो भन्न नसकिए तापनि "भाषा वंशावलि" का आधारमा के भन्न सकिन्छ भने नेपालमा वैष्णव धर्मको प्रारम्भ निकै पहिले नै भइसकेको थियो। परन्तु ऐतिहासिक प्रमाणका आधारमा भन्ने हो भने "मानदेव प्रथमको समयदेखि नेपालमा वैष्णव धर्मको इतिहास विशेष स्पष्ट भएर आएको देखिन्छ।[५] यस कुराको प्रमाणको लागि हामी शाके ३८६ को "चाँगुनारायण अभिलेख" लाई लिन सक्तछौं जसमा प्रारम्भमै विष्णुको स्तुति गरिएको छ। मानदेव वैष्णव धर्मको पाञ्चरात्र सम्प्रदायलाई मान्दथे भन्ने अनुमान डा० जगदीशचन्द्र रेग्मीको छ।[६]

लिच्छवि कालमा वैष्णव धर्मले निकै प्रचार प्रसार पाएको तथ्य नेपालको सांस्कृतिक इतिहासमा भेटिन्छन्। यस कालमा वसन्तदेव, वामनदेव, गणदेव, शिवदेव जस्ता राजाहरू वैष्णव नै थिए। अंशुवर्माले त झन् यस धर्मलाई सरकारी मान्यता नै दिएका थिए। डा० रेग्मी लेख्नुहुन्छ, "मत्स्यावतारलाई पूर्ण पशु-रूप (Theriomorphic)-मा देखाउने परम्परा लिच्छविकालको मौलिकता हो।"[७] पूरै लिच्छविकालमा यस धर्मले निकै लोकप्रियता प्राप्त गऱ्यो, यद्यपि शैव धर्मकै अति लोकप्रियता यस कालमा

४—ईश्वर बराल "नेपाली वैष्णव-साहित्य र कवि विद्यारण्यकेसरी अर्ज्याल", कविता, वर्ष २, अंक १, २०२२ हिउँद, पृष्ठ ७३

५—जगदीशचन्द्र रेग्मी : **नेपालको धार्मिक इतिहास** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्र०, २०३०); पृष्ठ १२७

६—ऐजन; पृष्ठ १२८

७—ऐजन; पृष्ठ १३४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रह्यो। यसपछि मध्यकालमा यो पहिले जत्तिकै लोकप्रिय नै भएर रह्यो। यस कालको पहिलो वैष्णव अभिलेख हो सं० १११३ को चाँगु अभिलेख। लिच्छविकालमा झैं यस कालमा पनि गरुडस्तम्भहरू खडा गरिए। नेपाल संवत् २९६ को चांगु अभिलेख, ने. सं० ३२० को इचंगु अभिलेख, ने. सं० ५२८ को सूर्यमाधिटोल भादगाउँको अभिलेख आदिले मध्यकालमा यस धर्मले प्राप्त गरेको लोकप्रियताबारे अनुमान गर्न सकिन्छ। यक्षमल्लले आपना मृत छोराका नाममा नेपाल सं० ५८८ मा भक्तपुरमा विष्णुको स्थापना नै गर्न लगाएका थिए। डा० रेग्मीले यिनै मल्ल राजाका पालामा वैष्णव धर्मको क्रियाशीलतालाई स्पष्ट पार्ने दुई अभिलेखको उल्लेख गर्नुभएको छ; ती हुन्–(१) ने० सं० ५७२ को लुभु नारायणस्थानको अभिलेख र (२) भादगाउँको दत्तात्रेय मन्दिरका अगाडि रहेको विष्णुमूर्तिको पादपीठमा लेखिएको अभिलेख।[८]

जयदेवको 'गीतगोविन्द' बाह्रौं शताब्दीमै नेपाल उपत्यकामा आइपुगेको थियो। यो ज्यादै लोकप्रिय बन्यो। यक्षमल्लपछिका मल्लराजाहरू कवितानुरागी थिए। उनीहरूले कृष्ण-भक्तिआश्रित कविताहरू रचे। वैष्णवाचार्य चैतन्यको प्रभाव पनि त्यस वेला नेपालमा परेको थियो। भनिन्छ, भ्रमणका सिलसिलामा चैतन्य नेपाल आएका थिए। सूर्यविक्रम ज्ञवालीको भनाइअनुसार "चैतन्य स्वयं नेपाल नगएका भये तापनि उनका कोही न कोही शिष्यद्वारा उनका वैष्णव धर्मको प्रभाव नेपालमा पुग्नु सम्भव छ।"[९] त्यसैले मध्यकालमा वैष्णव भक्तिआश्रित धेरै साहित्यिक कृतिहरू लेखिएको पाइन्छ।

आधुनिक नेपालको निर्माणमा श्री ५ पृथ्वीनारायण शाहको अभ्युदयपछि नेपालको धार्मिक परम्परा झन्-झन् फस्टाएर गयो। धार्मिक सहिष्णुता शाहवंशीय राजाहरूको उदार गुण थियो। त्यसैले नेपालमा प्रचलित सबै धर्मलाई ती राजाहरूले समान सम्मानका दृष्टिले हेरे। नेपालमा भएका वैष्णव-तीर्थहरूले परम्परागत मान्यता पाइ नै रहे। वैष्णव धर्मकै बढ्दो लोकप्रियताले गर्दा वीरकालीन नेपाली कविहरूले आफ्ना युगपुरुषलाई कृष्णसँग तुलना गरेका छन्। नेपाली साहित्यको 'उत्तर-प्रारम्भिक काल' मा त झन् यस वैष्णवभक्तिले नेपाली साहित्यलाई पूरै प्रभावित पाऱ्यो। तत्कालीन राष्ट्रिय परिस्थितिले गर्दा राम वा कृष्णको सगुणोपासना गर्न कविहरू अभिप्रेरित भए। रावण वा कंसको संहार गर्न यस पृथ्वीमा अवतरित भएका राम वा कृष्ण जस्ता दैवी शक्तिको अपेक्षा त्यस वेलाका कविहरूलाई भयो, किनभने "रछाने भूत फिरङ्गी" लाई परास्त गर्नु नितान्त आवश्यक थियो। सुगौली सन्धिले उत्पन्न गराएको राजनीतिक नैराश्यबाट मुक्ति पाउन त्यस वेलाका कविहरूले निर्गुण होइन कि सगुण भक्तिकै नै अवलम्बन गरे।

८—ऐजन; पृष्ठ १३८

९—**नेपाल उपत्यकाको मध्यकालीन इतिहास** (काठमाडौं रायल नेपाल एकेडेमी. २०१९) पृष्ठ ११९-२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(३) लोक-साहित्यमा भक्ति-प्रसङ्ग

प्राचीन कालदेखि नेपालीहरूको जीवनमा धर्मले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। धर्म र संस्कृतिलाई एक-अर्काका पूरक मान्दै आफ्ना जीवनलाई समृद्धि तथा उन्नतितिर लैजाने प्रवृत्ति नेपालीहरूको रहिआएको छ। चाड-पर्वोत्सवहरूलाई कुनै न कुनै प्रकारले धर्मसँग सम्बद्ध पारेर मनाउने परम्परा नेपालमा छ। यस्ता परम्परालाई धार्मिक अन्धविश्वास मात्र भनेर जीवनबाट अलग्याउन सकिंदैन, किनभने यसका पछाडि वैज्ञानिकता विद्यमान छ। त्यो वैज्ञानिकता के हो भने जीवनका आवश्यकताको परिपूर्तिको लागि चाहिने स्वास्थ्य, संतुष्टि, आमोद-प्रमोद, प्रेरणा जस्ता कुराहरू संस्कृतिकै माध्यमबाट हाम्रा पुर्खाहरूले हामीलाई दिए। नेपाली हृदय धर्म-वशीभूत भएकोले पुर्खाहरूले चाड-पर्वसँग धर्मलाई पनि सम्बद्ध पारे, किनभने यसो गरेपछि मात्र पाप-पुण्यको डर वा आशाले मानिसले चाड-पर्व मान्ने भए। बदलिंदो जलवायुको समुचित प्रभाव मानिसमा पर्दै जाओस् तथा मानसिक र भौतिक स्वास्थ्यलाभ मानिसहरूले प्राप्त गर्दै जाउन् भन्ने अभिप्राय हाम्रा पुर्खाहरूको थियो। यसै अभिप्रायलाई तिनीहरूले धर्ममा रङाए।

धर्मप्राण नेपालीहरू ईश्वरको उपासनालाई जीवनको हरेक क्षणमा आवश्यक ठान्दै आएका छन्। आत्मबल तथा आत्मविश्वास, सफलता तथा समुन्नतिको प्रतीकका रूपमा ईश्वरलाई पुज्दै नेपालीहरू अर्को जन्ममा समेत सार्थक जीवनको कामना गर्दछन्। ईश्वरलाई शिरमा राखेर नेपालीहरू पाइला-पाइलामा पाप र पुण्यप्रति सचेत रहन्छन्। युद्धक्षेत्रमा समेत ईश्वरलाई हृदयमा राखेर नेपालीहरूले विजय हासिल गर्दै आएका छन्। ईश्वरलाई सर्वशक्तिमान मान्दै नतमस्तक भई मन्दिर परिक्रमा गर्नु नेपालीहरूको आदत नै बनिसकेको छ। खेती-पाती, बन्द-व्यापार, लेन-देन जस्ता आर्थिक उन्नतिका कुरामा समेत हामी ईश्वरको सत्तालाई स्वीकार गर्दछौं। जीवनको लागि चाहिने विद्या, कल्याण, सफलता जस्ताको लागि हामीले सरस्वती, महादेव, गणेश आदि ईश्वरलाई प्रतीकका रूपमा मान्दै आउँदै छौं। त्यसैले उपासना वा भक्तिद्वारा हामी आफ्नो जीवनको सर्वतोमुखी विकासको लागि अनुप्रेरित भइरहेका छौं भन्नु युक्तिसङ्गत ठहर्दछ।

नेपाली लोक-साहित्य लोक-जीवनसँग सम्बद्ध भएर धार्मिक पक्षको चित्रण गर्न सक्षम भएको छ। नेपालीहरूका सांस्कृतिक जीवनको सशक्त पक्ष लोक-साहित्यमा प्रतिबिम्बित छ। तीर्थ-व्रत, पूजा-पाठ, तीज-तिहार आदिका अवसरमा नेपालीहरू ईश्वर-भक्तिमा तन्मय हुने कोशिश गर्दछन्। भजन त झन् नेपालीहरूको लागि दैनिक आवश्यकता जस्तै भइआएको छ। खोला-नाला, पहाड़-पर्वत चन्द्र-सूर्य जस्ता प्राकृतिक वस्तुमा समेत नेपालीहरू ईश्वर देख्दछन् जसको अभिव्यक्ति लोक-साहित्यमा हुँदै आएको छ। कुनै शुभकार्य सम्पन्न गर्नुपर्‍यो वा देवदेवीका मन्दिरमा भेला भई मनोरञ्जन गर्नुपर्‍यो भने भक्ति-भावयुक्त लोकगीतकै धारा प्रवाह नेपालीहरूका मुखबाट निस्कन्छ। बिहा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारीमा रामायणका सिलोकहरू भट्याउने चलन अहिलेसम्म पनि छँदै छ। कुनै धार्मिक भावनाद्वारा अनुप्रेरित भएर जाग्राम बस्नुपर्‍यो भने भक्तिभावयुक्त बालुन वा भजनद्वारा रात छर्‍यांगै काटिन्छ। लोकको वाणीले यसरी विभिन्न समय वा अवसरमा अभिव्यक्ति पाउनाको तात्पर्य के हो भने धार्मिक संसारमा भक्तिलाई नै लोकले ईश्वर-साहचर्यको माध्यम ठान्दै आएका छन्।

नेपाली लोक-साहित्यमा भक्तिपूर्ण लोक-काव्य, लोकगीत, सवाई र लोक-नृत्यहरू पाइन्छन्। डोटीतिर प्रचलित "श्री गन्याप (गणेश) जीको चैत" भक्तिपूर्ण लोक-काव्य हो, जसका केही पंक्तिहरू यी हुन्—

'ए ! बाइस खामको तेरी माणौ रोकाउँलो
ए ! नौहार गोसाईको बाणी बधाउँलो
ए ! शिरमाथि गंगाइको जल मगाउँलो
ए ! पंच कैलु गाईको दान अराउलो [१०]

गणेशकै भक्तिसँग सम्बन्धित "गन्यापजीको धुमारी" र "श्री गन्यापजीको भोलाउलो" पनि डोटीतिर प्रचलित छन्। त्यहाँ धुमारी लयमै सम्पूर्ण भक्तिपरक गीत-हरू गाइन्छन्। भोलाउलोका केही पंक्तिहरू हेरौं—

प्रभात सुमिरौं पूजैको बेला देवताइको भोग लगाउँ
गोसाईं देवताइको भोग लगाउँ
तीन लोक तेरी पूजा चढत है
गणेश नारायणको नाउँ
परभात लीजै गणेसको नाउँ" [११]

हामी हिन्दूहरू कुनै धार्मिक कार्य गर्नुपर्दा पहिले गणेशकै पूजा गर्दछौं। भनिन्छ, गणपति-विनायकको पूजा गर्ने परम्परा छैटौं शताब्दीदेखि शुरू भएको हो। यसै सिल-सिलामा 'गाणपत्य-सम्प्रदाय' को अस्तित्व भएको पनि हामी प्राचीन इतिहासमा पाउँ-दछौं। तर अहिले हामी गणेशको भक्ति गरेर जुन पूजा गर्दछौं, यही सम्प्रदायको प्रभावले होइन। सिद्धि प्राप्तिको लागि नै हामीले गणेशको पूजा-भक्ति गरेका हौं। पश्चिम नेपालतिर प्रचलित चैत, धुमारी र भोलाउलोले यसै कुराको पुष्टि गर्दछन्।

वैष्णव धर्मसँग सम्बन्धित कृष्ण र राम-भक्तिविषयक भक्तिकाव्यहरू पनि नेपाली लोक-साहित्यमा पाइन्छन्। डोटीतिर कृष्णभक्तिसँग सम्बन्धित धुमारी र चैतहरू पाइन्छन्। यस्ता धुमारीका केही पंक्तिहरू हेरौं—

"कृष्ण कनैयाले जनम लियो है
खुसी भयो सनसार

१०—देवकान्त पन्त 'डोटेली लोक-साहित्य', : पृष्ठ १६५
११—ऐजन; पृष्ठ १७०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगि गुवालो पछि गुवालिन रे
बीच बीच कृष्ण कनैया
कंस कलंकी कैसो समझाउँ
बालक कैसो बचाउँ
कृष्ण कनैयाले जनम लियो है" १२

"कृष्णजीको चैत" मा कृष्ण-चरित्रको वर्णन गरिएको छ जसमा कृष्णलीला-लाई मुख्य आधार बनाइएको छ। यसै गरी कृष्णजीका विभिन्न क्रीडाहरूको वर्णन 'गररा' मा पनि गरिएको पाइन्छ; जस्तो—

"हरि कृष्ण कसरी तिमीले ध्यानु चरायौ
कसरी तिमीले बंशी बजायौ
जशुदाको लाला कृष्णजी बाला
कसरी तिमीले ध्यानु चरायौ"

नेपाली लोक-जीवनमा कृष्णजी ज्यादै नै लोकप्रिय देवता हुन्। कृष्णको लीला-बाहुल्य रूप र उनको वीर योद्धा व्यक्तित्व यी दुवैको चित्रण लोक-साहित्यमा भएको पाइन्छ। "हो हो राम रसै मुरली, गोकुलमा कृष्णले बजाई" भनेर नेपालीहरूले प्राचीनकालदेखि कृष्ण-भक्तिमा आफूलाई तन्मय पार्दै आएका छन्। 'खैंजडी गीत' मा कृष्णको वीर-योद्धा व्यक्तित्वलाई यसरी प्रस्तुत गरिएको छ—

"दौडेर गयो कंसको हात्ती हाहाकार भो
मुक्कीले हानी कंसको हात्ती कृष्णले मार्नु भो

\+ + +

"मोटा काला बलिया दुइटा मल्ल युद्ध भो
निमेष भरमा कृष्णजीले प्राणै लिनुभो

\+ + +

"छात्तीमा टेकी जोर घुँडा घसी घोक्रो फोर्नु भो
श्रीकृष्णजीले कंसलाई मारी द्वारिका पाल्नुभो
हो हो द्वारिका पाल्नुभो
नारायण, द्वारिका पाल्नुभो।"

कृष्ण-भक्तिलाई नेपालीहरूले "सवाई" मा पनि व्यक्त गर्दै आएका छन्। "गोपिनीको सवाई" मा कृष्ण-लीलाको रमाइलो वर्णन प्रस्तुत गरिएको छ; जस्तो—

१२—ऐजन; पृष्ठ १८८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"गौ हेर्न गए सबै ली साथिलाई।
गए अनि घर घर लागे चोर्न दही॥
मखन्का हाँडि खोजि खोजि चोर्छन्।
बाटो हुँदो लगि हाँडि पनि फोर्छन्॥

\+ + +

"घेति गरि गोपिका खोसे सबै भारी।
धकेल धुकेल गर्दा फाटेछ सारी॥"

यस्तै कृष्णलीलाको प्रसङ्ग 'बालुन' मा पनि यसरी दिइएको पाइन्छ—

"हो हो अमृत रूपी कृष्णलीला मैले कहन्छु
सुनिल्यौ परीक्षित राजा
हो हो प्रलंब दैत्यलाई बलरामले मारे
कंसलाई कृष्णले मारे"

नेपालमा वैष्णव धर्मको प्रवेश कहिले भयो भन्न नसकिए तापनि शक संवत् ३८६ को मानदेवको चाँगुनारायण अभिलेखमा प्रारम्भमै विष्णुको स्तुति गरिएकोले त्यस कालमा वैष्णव धर्मको प्रवेश नेपालमा भइसकेको थियो भन्ने प्रमाणित हुन्छ। यसबाट नेपालमा कृष्णाष्टमी र रामनवमी मनाउने परम्परा धेरै पुरानो रहेछ भन्ने ज्ञात हुन्छ। नेपाली लोक-साहित्यमा वैष्णव भक्तिको अभिव्यक्ति प्राचीनकालदेखि नै हुँदै आएको छ। "विष्णुको सवाई" "मा विष्णुको उपासना गरिएको छ। विष्णु-अवतार कृष्ण र रामलाई नेपालीहरूले हृदयमै "हरे राम, हरे कृष्ण" भन्दै टाँस्दै आएका छन्। विष्णुका दशै अवतारको उपासना "दश अवतारको बालुन" मा ज्यादै राम्ररी प्रस्तुत गरिएको छ।

लोकप्रिय रामायणका कथालाई नेपालीहरूले आफ्ना लोक-साहित्यमा प्रयोग गर्दै रामभक्तिको पोषणको लागि प्रयास गर्दै आइरहेका छन्। भजन, चुड्का वा खैंजडी गीतमा रामभक्तिको ओइरो पाइन्छ। 'खैंजडी' का केही पंक्तिहरू हेरौं—

"अशोकको वनमा
शिशौको फेदमा
रुन्थिन् सीता माई।
त्यसै बखतमा
वायुका पुत्र
हनुमान वीरले
श्रीरामचन्द्रको
नाउँ कुँदिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

औंठी ल्याई
नमस्कार गरी
राखी दिंदा भए"

\+ + +

"बुझेनौ कि भाइ हो जो चाहिने सो, इन्द्रजीतको बाण लागी
जब लक्ष्मणजी मूर्छा पर्नु भएथ्यो जो चाहिने सो
रामजी मान्छे जस्तै विलाप गर्न लाग्नुभयो ॥"

"बालुन" मा रामायणका सम्पूर्ण कथाहरू भट्याउने गरिन्छ। पतञ्जलि गजुरेलले सम्पूर्ण रामायण "बालुन" मा लेखेका थिए, जो अहिले 'राष्ट्रिय अभिलेखालय' मा संग्रहित छ।[13] यस्ता बालुनलाई भक्तिपूर्ण लोक-काव्य नै पनि भन्न सकिन्छ। भाषाको सरलता र भावको स्पष्टता यस्ता काव्यमा हेर्नलायक हुन्छन्; जस्तो—

"दशरथ पिता-
छोरा राम लक्ष्मण
भरत शत्रुघ्न
चार भाइ पुत्र।
इन चार भाइमध्ये
भरत शत्रुघ्न
राज्यमा बसे।
राम र लक्ष्मण
पिता र मातालाई
बिदा मागीकन
वनवास चले।"

"सीता-भारत बालून" पनि रामभक्तिविषयक लोककाव्य हो। लोक प्रचलित रामायणको कथाकै आधारमा यो बालुन लेखिएको छ। मुख्यतः यो बालुन सीताको जीवन वृत्तान्तमा केन्द्रित छ। उदाहरणको लागि केही पंक्ति हेरौं—

"अजुद्धे नगरिमा राम र सीता लेखमा लागे नी घाम।
जनक ऋषिकी चेलि हौ तिमी कुलको राख्यौ नी नाम॥
सीताका आँसु ऋषिले पुछे झुराउन लागिन् रानी सीता।
बत्तीस लक्षिणकी थिइन् रानी सीता धन्ने हुन् तिमरा पिता॥

\+ + +

(१३) अरू जानकारीको लागि : काशीनाथ तमोट "अध्यात्मरामायणको बालून" मधुपर्क, वर्ष ८, अंक ११, २०३२ चैत; पृष्ठ ७३-८०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डोटीतिर सीताकै जीवनसँग सम्बन्धित "सीताजीको चैत" लोक-साहित्यका रूपमा अद्यापि बहु-प्रचलित छ। यो चैत वाल्मीकि रामायणमा आधारित छ। केही पंक्तिहरू उदाहरणको लागि हेरौं—

"राम लछेमन वनवास चल्या
देवी सीता पछि लागी गैन
स्वाउट उदाउटकी खाई रानी सीता
वनफल कसोरी खाल्यौ
ज्यै मेरा रामज्यूकी ज्यूनार लाग
त्यै मखि स्वाउट उदाउट
सुवरन थालैकी खाइ रानी सीता
वन पातली कसि अरि खाल्यौ। इत्यादि।

यस्ता लोक-काव्यमा कतै कतै मौलिक कथाहरू पनि जोडिएको पाइन्छन्। लोक-स्तरमा आम रुचि र सरसतालाई ध्यानमा राखेर यस्ता काव्यहरूको सिर्जना हुने हुंदा मौखिक परम्परामा यसरी मौलिक कथावस्तु देखापर्नु स्वाभाविकै हो।

राम-भक्तिकै प्रसङ्गमा "हनिमन्त (हनुमान) को चैत" पनि उल्लेखनीय छ। यसमा हनुमानको वीरता रामभक्तिकै प्रसङ्गमा वर्णित छ।

धार्मिक सहिष्णुता, उदारता र समन्वय नै नेपालको गुन रहिआएको छ। त्यसकारण यहाँ विभिन्न देवदेवीका पूजा-भक्ति प्राचीनकालदेखि गरिंदै आएको छ। चाहे बौद्ध होस्, चाहे हिन्दू सबै धर्मले यहाँ समान रूपमा हुर्कने मौका पाएको छ। यस कुराको पुष्टि हामी यहाँका लोक-साहित्यबाट गर्न सक्तछौं।

"भक्तिको सवाई" मा विभिन्न देव-देवीको स्तुति गरिएको छ। यसरी नै कुनै कुनै 'बालुन' मा विभिन्न देव देवीको स्तुति गरिएको हुन्छ। के शिव, के भगवती सबै देवदेवीलाई नेपालीहरूले समादर गर्दै आएका छन्। कसैलाई ठूलो र कसैलाई सानो भन्ने भावना नेपालीहरूले कहिल्यै पनि लिएनन्। एउटा नेपालीका दृष्टिमा बुद्ध र पशुपति ठूला-साना छैनन्, समान छन्। धर्मका सम्बन्धमा यस लोक-चेतनाले लोक-साहित्यमा स्वाभाविक अभिव्यक्ति पाएको छ।

नेपालमा परम्परागत अनेक धार्मिक नृत्यहरू पनि प्रचलित छन्। यस्ता नृत्यहरू विभिन्न देवदेवी (कुमारी, भैरव, गणेश आदि) को भेष लिएर सार्वजनिक स्थलहरूमा लोकलाई देखाइने गरिन्छ। लोकमा भक्तिभाव जागृत गर्न यस्ता लोकनृत्यहरूले ठूलो सघाउ पुऱ्याउँदछन्।

\+ \+ \+

'उत्तर-प्रारम्भिक काल' मा मुख्यतः वैष्णव काव्यकै छेलोखेलो रह्यो। कतिसम्म भने सन्त-काव्यमा समेत यसको टङ्कारो प्रभाव पऱ्यो। यस काव्यमा लोक-साहित्यको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कति घेरै प्रभाव पऱ्यो भन्ने कुराको पुष्टिको लागि पतञ्जलि गजुरेलको "अध्यात्म-रामायणको बालून" लाई नै लिन सकिन्छ। यसरी नै वसन्त जैसीको "समुद्र लहरी" र ज्ञानदिलदासको "उदय लहरी" लाई त झन् लोक-साहित्य नै पनि मान्न सकिन्छ, किनभने यी दुवै कृति सवाई छन्दमा लेखिएको छ। यही परम्परामा हामी नरबहादुर रानाले लेखेको "जङ्गबहादुरको सवाई" र लालबहादुर आउँमासीले लेखेको "भोटको लडाइँको सवाई" लाई पनि लिन सक्छौं। यसरी लोक-साहित्यको प्रभावलाई ग्रहण गर्दै यस 'उत्तर-प्रारम्भिक काल' ले स्वकीयता प्राप्त गऱ्यो। आफ्नै लोक छन्दमा पनि उत्कृष्ट कृति लेख्न सकिन्छ भनेर यस कालले प्रमाणित गऱ्यो। लोक-साहित्यसँग लिपिबद्ध साहित्यको यो सम्बद्धता हाम्रो लागि गौरवको कुरो हो।

(४) लिपिबद्ध साहित्यमा भक्ति-भावाभिव्यक्तिको पूर्व-परम्परा

"उत्तर-प्रारम्भिक कालीन" भक्तिकाव्यको निर्मिति आकस्मिक भएको होइन। राजनीति-सापेक्ष भएर यो जन्मियो। यसको पृष्ठभूमिमा यथोचित परम्परागत आधारहरू छँदै थिए; ती थिए-वैष्णव भक्तिको लामो सांस्कृतिक परम्परा, लोक-साहित्यमा भक्तिप्रसङ्ग र लिपिबद्ध साहित्यमा भक्तिभावाभिव्यक्तिको पूर्व-परम्परा। यी आधारहरूमध्ये पहिलो दुईका बारेमा माथि नै चर्चा गरिसकिएकोले केवल पछिल्लो आधारका बारेमा मात्र यहाँ चर्चा गरिन्छ। सर्वप्रथम त हामी नेपाली भक्तिकाव्यको पृष्ठभूमि खोज्दै वीरकाललाई पनि पार् गरेर मल्लकालमा पुग्दछौं। यद्यपि यस कालमा नेपालीइतर भाषामा भक्ति-साहित्यको सिर्जना भयो; तथापि नेपाल हृदयमा रोपिएको भक्तिको बीज ती कृतिहरूमा पाइने हुनाले तिनलाई उपेक्षा गर्न सकिँदैन। कतिपय मल्ल-राजाहरू स्वयं कवि थिए। तिनीहरूले कृष्णाश्रित भक्तिकाव्य लेखे। भक्तिरसमा तिनीहरूलाई चाख थियो। पाटनका राजा सिद्धिनरसिंह मल्ल तथा भादगाउँका राजा भूपतीन्द्र मल्लले भक्तिरचना गरेका थिए। जगत्प्रकाश मल्लले विष्णु र शिवको आराधना गरेर गीतहरू लेखेका थिए। यस कालमा दरबारमा नाटक अभिनय गराउने परम्परा थियो। भक्तिपरक नाटकहरूले यस कालमा ठूलो लोकप्रियता प्राप्त गरे। तीमध्ये केही नाटकहरू यस प्रकार छन्—

महाभारत (ई० १७०२), रामचरित, हरिश्चन्द्र नृत्यम् (ई० १६५१), कृष्णचरित्र नाटक (ई० १७३९), रामायण नाटक (ई० १७६५) आदि। पौराणिक कथालाई आधार बनाएर विभिन्न नाटककारहरूले नाटक लेखे। पुराण र धर्मशास्त्रद्वारा अभिप्रेरित राजा तथा प्रजाको मानसिक संतुष्टिको लागि यस कालमा लेखिएका साहित्यिक कृतिहरू सांस्कृतिक परम्पराकै प्रतिफल थिए।

'पूर्व-प्रारम्भिक कालीन' वीर काव्य तथा गद्यमा भक्तिका सभापीय बीज पाइन्छन्। युद्ध र धर्म एक-अर्काका परिपूरक भएको यस कालमा वीर भावसँगसँग भक्ति-भाव पनि अभिव्यक्त हुनु स्वाभाविकै हो। उपनिषद् कालमा नवीन भक्तिको उदय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएपछि त्यसको प्रभाव नेपालमा पनि नपरिरहन सकेन। यहाँ विभिन्न धर्मले प्रभाव पार्दै सामाजिक जीवनमा तिनले महत्त्वपूर्ण भूमिका खेल्दै आयो। यही धार्मिक परम्पराको पृष्ठभूमिमा नेपाली मानसिकताको निर्माण भएकाले विभिन्न साहित्यिक कृतिमा नेपाली-हृल्ले भक्तिभावको अभिव्यक्ति दिंदै आएका छन्। सर्वप्रथम हामी रघुनाथ भाट (रचना काल सं० १८०१ तिर) लाई भक्ति-आश्रित कविका रूपमा पाउँदछौं। आफूलाई काली-पुत्र ठान्ने यी कविले काली, गोरख, भैरवी र महिषमर्दिनीको नामोल्लेख आफ्ना कवि-तामा गरेका छन्। त्यसपछि सुवानन्ददासले श्री ५ पृथ्वीनारायण शाहको काशीयात्राको वर्णन गर्दै उनको जीवनको धार्मिक पक्षलाई पाठकसामु प्रस्तुत गरेका छन्। "ईश्वरको डोर लागि अव जाम्ला कासि है :"–भन्दै कविले विश्वेश्वर, मणिकर्णिका, गङ्गा आदि-को नामोल्लेख गरेका छन्। नीलकण्ठ, स्वयम्भू, पशुपति, गोकर्ण, गुह्येश्वरी, तलेजु भवानी जस्ता नेपाल उपत्यकाका विभिन्न देव-देवीको उल्लेख पनि कविले गरेका छन्। पृथ्वीनारायण शाहको धार्मिक अनुष्ठानको समेत उल्लेख गर्दै एक ठाउँमा कविले उनलाई 'कृष्ण-अवतार' भन्न पुगेका छन्।

नेपालमा राजालाई विष्णुभगवानको अवतार मान्ने परम्परा अति प्राचीन काल-देखिको हो। उदयानन्द अर्ज्यालले पृथ्वीनारायण शाहलाई स्पष्ट शब्दमा 'पृथ्वीन्द्र ईश्वर' भनेर अवतारवादको प्रसङ्ग निकालेका छन्। कृष्ण र अर्जुनको नामोल्लेख यिनका कवि-तामा गरिएको छ। सुन्दरानन्द बाँडाले त झन् आफ्ना कवितामा सन्दर्भगत गजेन्द्र-मोक्ष-का कथालाई जोडेर वैष्णव-भक्तिको अभिव्यक्ति दिएका छन्—

"...श्रीहरिले गजेन्द्रवरलाई ग्राहा छुटाइदिया
दुःखी सो गज ता चतुर्भुज भई वैकुण्ठवासी भयो।।"

कवि रामभद्रले 'गौरीको स्तुति' गर्न वधूवर्गलाई आह्वान गरेका छन्। यसपछि यस कालका अन्तिम कवि गुमानी पन्तले शिव, गणेश, भवानी, दशरथ, राम, दुर्योधन, इन्द्र आदि थुप्रैका नाम आफ्ना कृतिमा उल्लेख गरेका छन्। विशुद्ध भक्तिविषयक श्लोक पनि यिनले रचेका छन्।

यस कालका गद्य-रचनातर्फ दृष्टि दिंदा हाम्रा लेखकहरूले गद्यका माध्यमले पनि ईश्वरीय भक्तिको अभिव्यक्ति यदाकदा दिएका देखिन्छन्। "श्री ५ बडामहाराज पृथ्वी-नारायण शाहको जीवनी (सं० १८०१ ?) मा लेखकले पृथ्वीनारायण शाहको काशी-यात्राको वर्णन गर्दै तीर्थस्नान, दान, धर्म आदि गरिएको प्रसंग दिएका छन्। काशीका विभिन्न देव-देवीको दर्शन पृथ्वीनारायण शाहले गरेका र उनमा भक्तिभावको ओतप्रोत रहेको कुरो लेखकले वर्णन गरेका छन्। 'दिव्योपदेश' (सं० १८३१ ?)"मा पाँच पाण्डव-को चर्चा छ। पृथ्वीनारायण शाहले विभिन्न देव-देवीको दर्शन सपनामा गरेको, पुरश्चरण गरेको आदिको चर्चा पनि यस कृतिमा भएको छ। रामभद्र पाध्याको 'लक्ष्मीधर्म-सम्वाद' (सं० १८५१) मा लक्ष्मीभक्तिको परोक्ष आशय व्यक्त गरिएको छ। दैवज्ञ ज्योति-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरसिंहको "तुलसी-स्तव" (सं० १८६६) धार्मिक कृति नै हो जसमा लेखकले विष्णु-अवतार कृष्ण र रामको नामोल्लेख गरेका छन् । यसपछि वाणीविलासको 'वाग्मती स्तम्भाभिलेख (सं० १८६८) मा भक्तिको धारा बहाइएको छ । यसमा श्री ५ रणबहादुर शाहलाई वीर अर्जुनसँग तुलना गर्दै लेखक (कवि ?) ले उनलाई 'कृष्णजीको अवतार' भनेका छन् । यसरी नै उनकी दुई महारानीलाई रुक्मिणी र सत्यभामाको अवतार भनेर वाणीविलासले वर्णन गरेका छन् । यसमा 'गरुड अवतार' 'राम अवतार' र 'हनुमान अवतार' को सान्दर्भिक प्रसंग पनि ल्याइएको छ । हरिकथा र भागवत पुराणको चर्चा यसमा गरिएको छ ।

माथिका चर्चाबाट के स्पष्ट हुन्छ भने साहित्यमा भक्ति-भावाभिव्यक्तिको पूर्व-परम्परा 'उत्तर-प्रारम्भिक कालीन' भक्ति-काव्यको पृष्ठभूमि थियो । सं० १८७३ पछिको राजनीतिक परिस्थितिले राष्ट्रिय मानसमा जुन प्रभाव पार्‍यो, त्यसैको प्रतिफलस्वरूप यस भक्ति-भावले मूल-प्रवृत्तिको रूपमा नेपाली साहित्यमा स्थान पायो । नेपाली साहित्यमा यो राजनीति-सापेक्ष नयाँ मोड थियो ।

●

२. 'उत्तर-प्रारम्भिक काल' : प्रवृत्ति, परम्परा र उपलब्धि

प्रवृत्ति—

इन्दिरसदेखि पतञ्जलि गजुर्‍यालसम्म मोटामोटी आधा शताब्दीको साहित्य-यात्रा भक्तिकाव्यकै सृजनमा बित्यो । यो यात्रा ईश्वरीय भक्तिको सन्धानमा मूलतः वैष्णव काव्यमै केन्द्रित भयो । कवि-लेखकहरू सगुणवादी भए । कवि सम्म भने निर्गुण-वादी जोसमनी सन्त कविहरूले समेत सामाजिक सहानुभूति प्राप्त गर्नाको लागि वैष्णव, भक्तिको आड लिनपुगे । जन-बिम्बले ग्रहण गरिसकेको कृष्णलाई यी सन्त कविहरूले पनि स्वीकार गरे । सामाजिक दुरवस्था र अन्ध-परम्परासँग डटेर सामना गर्न तिनीहरूले यसो नगरी धरै थिएन । त्यसैले नेपाली कृष्णभक्ति तथा रामभक्ति काव्यमा झैं सन्त काव्यमा पनि वैष्णव भक्तिको प्रवृत्तिगत गुण भेटिन्छ ।

उत्तर-प्रारम्भिककालीन सम्पूर्ण साहित्यका मूल प्रवृत्तिगत वैशिष्ट्यलाई दृष्टिगत गरेर नै यसलाई 'भक्तिकाल' नामकरण गरिएको हो । यस कालमा भक्ति-तत्त्वले क्रमिक विकासका प्रक्रियाहरू प्राप्त गर्दै गएको छ । इन्दिरस, विद्यारण्यकेसरी-हरूद्वारा शिलान्यास भएको भक्तितत्त्व भानुभक्तमा पुगेर उत्कर्षमा पुगेको छ र पतञ्जलिमा पुगेर विस्तार भएको छ । यस गतिशील प्रक्रियाको अर्को बलियो पक्ष के हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने भक्तिकालीन कविहरू केवल शृङ्गारमिश्रित भक्तिमा मात्र प्रवृत्त नरहेर भजनीय देवको शक्तिसम्पन्न गुणको पनि प्रशंसा गर्नामा प्रवृत्त छन् । यति मात्र नभएर दार्शनिकतासँग सम्बद्ध भएर भक्तिकाव्य सृजना गर्न पनि कविहरू प्रवृत्त छन् । वसन्त कविको 'समुद्रलहरी', वीरशाली पन्तको 'विमलबोधानुभव', भानुभक्तको 'भक्तमाला' आदिले यस कुराको पुष्टि गर्दछन् । कृष्णको लीला-बाहुल्य शृङ्गारी रूप यस कालका पद्यकार तथा गद्यकार दुवैको आदर्श वर्ण्य-विषय बनेको छ, तथापि कृष्णको योद्धा र वीरत्वपूर्ण व्यक्तित्वको वर्णनमा पनि कवि लेखकहरू अघि सरेका नपाइने होइन । रामको चाहिं आदर्श मर्यादा-रूपकै स्थापनामा कविहरू प्रवृत्त छन् । अझ यस कालका कविहरूको प्रयास के छ भने केवल राम र कृष्णमा मात्र सीमित नभएर देव-देवीको भक्तिमा पनि आफूलाई संलग्न गर्नु यो कुरो कवि हरिदास, पतञ्जलि गजुर्याल जस्ता कविका कृति हेर्दा प्रमाणित हुन्छ । अर्को महत्त्वपूर्ण कुरो के हो भने यस कालको उत्तरार्धमा गएर कविहरू साम्प्रदायिक कट्टरताबाट क्रमशः मुक्त हुँदै गएका छन् । रामभक्ति सम्प्रदायका कवि भानुभक्त आचार्य आफ्नो "प्रश्नोत्तरमाला" मा "श्री कृष्णको पाउ छ मुख्य नाऊ" भन्दै विष्णु-पूजनको महत्त्व गाउँदछन् । कवि पतञ्जलि एकातिर "अध्यात्मरामायणको बालून" लेख्छन् भने अर्कातिर "बालगोपाल वाणी" र "महाभारत विराटपर्वको बालून" पनि लेख्छन् । सन्त कविहरू पनि साम्प्रदायिक कट्टरताबाट सर्वथा मुक्त छन् ।

लोक-साहित्यसँग सम्बद्ध भएर लिपिबद्ध साहित्यको सृजनामा संलग्न हुनु भक्तिकालको अर्को प्रवृत्ति हो । सवाई, बाह्रमासे, बालूनको मेरुदण्डलाई पक्रेर देखापर्ने कवि वसन्त, ज्ञानदिलदास, लालबहादुर आउँमासी, नरबहादुर राना, विद्यापति र पतञ्जलि गजुर्यालका कृतिहरू यस कुराका साक्ष्य छन् । ज्ञानदिलदासले त अझ झ्याउरे र टुङ्नाको रचना गरे । भानुभक्तको रामायण कैयौं वर्षसम्म श्रुति-साहित्यका रूपमा जनताका कण्ठ-कण्ठमा झुण्डिएर बस्यो । उनको "प्रश्नोत्तर" मालालाई नेपाली गाउँखाने-कथा-शैलीको नजीक राखेर पढ्न सकिन्छ । यस कालमा गद्यतर्फ देखिएका जति कथा-आख्यानहरू छन्, तिनमा लोककथाको प्रभाव स्पष्ट देखापर्दछ ।

अन्त्यानुप्रासको बन्धनबाट मुक्त हुँदै स्वतंत्र भाव-विधानमा प्रवृत्त रहने भक्तिकालीन कविहरूको प्रयास ज्यादै महत्त्वपूर्ण छ । वीरशाली पन्त, विद्यारण्यकेसरी अर्ज्याल, विद्यापति, हरिदास आदि कविहरूका कृतिबाट यस कुराको पुष्टि दिन सकिन्छ । साथै मौलिकताको नाममा यस कालका कविहरूले जो नेपालीपन ल्याएका छन्, त्यो झन् महत्त्वपूर्ण छ । यहाँ के कुरो पनि उल्लेख गर्नु आवश्यक छ भने यस कालका उत्तरवर्ती कविहरू ब्रज-अवधी भषाबाट क्रमशः मुक्त हुँदै नेपाली भाषाकै प्रयोगतर्फ बढी आकर्षित हुँदै गएका छन् । यस कालका कवि-लेखकहरूमा क्षेत्रीय भाषाको प्रभाव र निजी शैलीको आधिक्य-नपाइने होइन, तथापि ती सबै नेपाली भाषाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिव्यक्ति क्षमतामा विश्वस्त हुँदै भाषा-विकासको लागि प्रवृत्त रहेका देखिन्छन्। यस कुराको नेतृत्त्व भानुभक्तले लिएका छन् र उनको 'रामायण' मा यस कालको सजीव भाषिक प्रवृत्ति प्रतिबिम्बित भएकों छ।

उत्तर-प्रारम्भिक कालमा अनुवाद-परम्पराको सबल भूमिका छ। यस कालमा अनुवाद-साहित्यकै व्याप्ति रह्यो भन्नामा अत्युक्ति नहोला। केवल पद्य मात्र होइन कि गद्यलाई हेर्दासमेत यस कुराको पुष्टि मिल्छ। प्राचीन कालदेखि नै नेपालमा संस्कृत वाङ्मयको प्रभाव पर्दै आएकाले भक्तिकालमा नेपाली भाषाले क्रमशः प्राप्त गर्दै गएको लोकप्रियता तथा राजकीय सम्मानको परिणामस्वरूप अनूदित कृतिहरू देखापरे भन्नु जति चित्तबुझ्दो छ त्यति नै चित्तबुझ्दो अर्को के छ भने सं० १८७३ को सुगौली-सन्धिले ल्याएको राजनैतिक परिवर्तनपछि नेपाली कविहरूले आफूमा भएको राजनैतिक असन्तोष र क्षोभलाई प्रतीकात्मक रूपमा प्रकट गर्न राम, कृष्ण आदिका कथाको शरण लिन पुगे। तसर्थ ती कविहरूको लागि अनुवाद केवल सांस्कृतिक मोहको लागि नभएर राजनीति-सापेक्ष प्रयोजनको लागि थियो। जे होस्, यी अनूदित कृतिहरू हेर्दा के धारणा बन्छ भने अनुवादबाट पनि कलात्मक-सीपको प्रयोग गरेर मौलिकता प्रदर्शन गर्न सक्नु भक्तिकालीन कविको महत्त्वपूर्ण प्रवृत्ति हो।

यस कालका कविहरूमा पूर्ववर्ती तथा उत्तरवर्ती साहित्य शृङ्खला-मा आबद्ध हुने प्रवृत्ति पनि पाइन्छ। पूर्ववर्ती साहित्य प्रवृत्तिको बींडो थाम्ने कवि-हरूमा यदुनाथ पोखर्‍याल, छविलाल नेपाल, रघुनाथ भट्ट, भानुभक्त र लालबहादुर आउँमासीलाई लिन सकिन्छ भने उत्तरवर्ती-साहित्य-प्रवृत्तिको बीजारोपण गर्ने कविहरूमा इन्दिरस, विद्यारण्य र खास गरीकन विद्यापतिलाई लिन सकिन्छ। यसै सन्दर्भमा यदुनाथ उपाध्यायको गद्य-कृति "रतिकोषसार" [सं० १८८५] लाई पनि लिन सकिन्छ। यसरी इतिहास-शृङ्खलाको निर्माण यस कालमा भएको छ।

भक्तिकालीन कविहरूमा तत्कालीन परिस्थिति सुहाउँदो विविध चेतनाको सम्मेलन छ। नीति-चेतना, राजनैतिक चेतना, सामाजिक चेतना र काव्य-चेतनाको आनुपातिक पक्षलाई अङ्गीकार गर्दै यस कालका कविहरू काव्य-सृजनमा प्रवृत्त रहेको पाइन्छ।

परम्परा—

परम्परा-स्थापनाको दृष्टिले 'उत्तर-प्रारम्भिककालीन' साहित्यको मूल्याङ्कन गर्दा घेरै महत्त्वपूर्ण कुराहरू फेला पार्न सकिन्छ। जस्तो माथि नै पनि भनियो— पूर्ववर्ती र उत्तरवर्ती कालसँग यो घनिष्ठ रूपले शृङ्खलाबद्ध छ; अझ त्यति मात्र होइन पतञ्जलि गजुर्‍यालसँगसँगै भक्तिकालको अन्तिम कोशे-ढुङ्गो हालिए तापनि भक्तिकाव्य-सृजन परम्परा माध्यमिक र आधुनिक कालमा समेत चल्दै आयो। माध्यमिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालका मोतीराम, गोपीनाथ लोहनी, होमनाथ खतिवेडा, शम्भुप्रसाद ढुङ्गेल आदिले भक्तिकाव्य-परम्परामा ठूलो योगदान दिएका छन् । आधुनिक कालमा लेखनाथ पौड्यालले "मेरो राम" लेखी त्यही परम्परालाई अघि बढाएका छन् ।

नेपाली काव्य-परम्पराको उल्लेखनीय प्रारम्भ यसै कालमा भएको पाइन्छ । दार्शनिक-काव्यको इतिहास पैल्याउँदै जाँदा यसको मूलमा पुग्न हामीले भानुभक्तको "भक्तमाला" बाट शुरू गर्नुपर्ने हुन्छ । यसरी नै नेपाली नाटकको पूर्वाधार खोतल्दै जांदा भवानीदत्तको 'मुद्राराक्षसले' परम्परालाई केही भए पनि अघि बढाएको देखिन्छ । महाकाव्य र खण्डकाव्यको परम्परा यसै कालबाट शुरू भएको हो । विद्यापति पहिलो गीतिकाव्यका प्रयोक्ता हुन् । भानुभक्तले शुरू गरेको "प्रश्नोत्तर" को परम्परा लेखनाथ पौड्याल र देवकोटामा समेत आइपुगेको छ । "जङ्गबहादुरको बेलायत यात्रा"ले शुरू गरेको भ्रमण-साहित्यकै परम्परामा आज "बेलायत जाँदा" "बेलायततिर बरालिंदा" र "समुद्रपारि" जस्ता कृतिहरू लेखिएका छन् । कथा र उपन्यासको परम्परामा समेत यस कालका गद्य-कृतिहरू ज्यादै महत्त्वपूर्ण छन् । यसका साथै लोक-साहित्यका शैलीलाई अपनाएर यस कालमा जो साहित्यिक कृतिहरू खिए, माध्यमिक कालमा त्यस परम्पराले व्यापक रूप लियो । प्रभावकारी नेताको जन्म यसै कालमा भयो; ती थिए भानुभक्त आचार्य । तिनका कृतिले नेपाली साहित्यमा लामो परम्परा ओगटेको छ ।

उपलब्धि—

नेपाली भाषा तथा साहित्यको विकासको लागि 'उत्तर-प्रारम्भिक काल' एउटा महत्त्वपूर्ण उपलब्धि हो । सं० १८७७ मा प्रकाशित एटनको 'नेपाली व्याकरण' नेपाली भाषाको लागि ठूलो उपलब्धि थियो । नेपाली भाषालाई व्याकरणद्वारा अनुशासित गर्ने प्रयास यसै कालमा भयो । सं० १९०३ मा बेलायतबाट फर्कदा जङ्गबहादुरले एउटा 'गिद्धे प्रेस' लिएर आएका थिए । नेपाली भाषाका जीवनमा आधुनिक चेतनाका प्रविष्टिको यो प्रयास थियो । यसपछि भानुभक्तको प्रादुर्भाव, अझ यसै कालमा आदि-कविको जन्म हुनु महान् उपलब्धि ठहर्दछ । नेपाली साहित्यले विधागत विभिन्नताको प्राप्ति यसै कालमा गरेको हो । पद्यतर्फ यस कालमा खण्डकाव्यका साथै महाकाव्य पनि लेखियो भने गद्यतर्फ यात्रा-साहित्य, दैनिकी तथा कथा-आख्यानहरू लेखिए । यसै कालमा नेपाली उपन्यासको प्रारूप तयार भयो र नेपाली कथामा एउटा बलियो परम्पराको जग बस्यो । यस कालमा भानुभक्तद्वारा भएको फुटकर श्लोकको रचना पनि नेपाली साहित्यको लागि महत्त्वपूर्ण उपलब्धि भएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. सन्त-साहित्य

[जोसमनी काव्यधाराको परिचय]

नेपाली भक्तिकाव्यमा जम्मा तीन धारा छन् : (१) सन्त-काव्य धारा (२) कृष्ण-भक्ति धारा र (३) रामभक्ति धारा। नेपालमा धेरै सन्त सम्प्रदायहरू विद्यमान रहे तापनि 'जोसमनी' बाहेक अरू कुनै सम्प्रदायका साहित्यको खोज अहिलेसम्म भएको छैन। जोसमनी सन्त-साहित्यको गहन खोजको लागि सम्पूर्ण श्रेय जनकलाल शर्माज्यूलाई छ। सं० २०२० सालमा प्रकाशित उहाँको "जोसमनी सन्त-परम्परा र साहित्य" भन्ने पुस्तकले मदन पुरस्कार प्राप्त गरेको थियो। यो पुस्तक प्रकाशित भएपछि नेपाली साहित्यको इतिहासमा एउटा महत्त्वपूर्ण अध्याय जोडिन गयो। नेपाली भक्तिकाव्य परम्परामा सन्त-काव्यधारा अन्य दुई धारा जत्तिकै प्रभाभशाली र सशक्त छ। यस धाराका सन्त ज्ञानदिलदास जस्ता प्रतिभा नेपाली साहित्यको इतिहासका पृष्ठमा अमर रूपमा अंकित छन्।

१. (क) 'जोसमनी' शब्दको व्युत्पत्तिमूलक औचित्य—

यस परिच्छेदमा चर्चित सन्त-परम्पराको नाम 'जोसमनी' किन रह्यो भन्नेबारे विद्वान्हरूमा मत वैभिन्य छ। जनकलाल शर्माज्यू लेख्नुहुन्छ, "...खेदको कुरा यही छ-जुन सम्प्रदाय नेपालको हो, जुन सम्प्रदायमा कैयौं प्रसिद्ध सन्तहरू भए त्यस सम्प्रदायको नामको अर्थ अनुमानित छ। संभवतः यसका आदि प्रवर्त्तकको नाम 'जोसमनी' थियो। यस संप्रदायका कैयौं सन्तहरूका रचनामा 'जोसमनी' शब्दको उल्लेख आउँछ, तर कहींबाट यसको अर्थ खुल्दैन।"[१] डा० मथुरादत्त पाण्डेयले चाहिं 'जोसमनी' शब्दको मूल रूप 'ज्योतिर्मनी' मान्नुभएको छ, जो व्याकरणको अशुद्धिका कारणले 'ज्योतिष्मनी' हुँदै अपभ्रंश भएर अन्तमा 'जोसमनी' भएको हो।[२] पाण्डेयज्यूले आफ्नो मतको आधार केलाई मान्नुभएको छ भने ती सन्तहरू ज्योतिका उपासक थिए। ज्योतिको ध्यान गर्दा-गर्दै तिनीहरू तैजस ज्योति-स्वरूप हुन्थे। पाण्डेयज्यूको निष्कर्ष यस्तो छ, "जोसमनी का अर्थ 'ज्योतिष्मनी' है यह बात इससे भी पुष्ट होती है कि इसका विलोम शब्द उक्त सम्प्रदाय में 'विषयमन' या 'विषयमनी' प्रचलित हुआ। ज्ञानदिलदास के 'ब्रह्म अग्नीमन' शब्द-प्रयोग से भी जोस्मनी के अर्थ को स्पष्ट करने में सहायता मिलती हैं। जोस्मन या

१—जोसमनी सन्त परम्परा र साहित्य (काठमाडौं: रायल नेपाल एकेडेमी, २०२०), पृष्ठ ७

२—नेपाली और हिन्दी : भक्तिकाव्यका तुलनात्मक अध्ययन, दिल्ली : भारतीय ग्रन्थ निकेतन, ई. १९७०); पृ०९५.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोस्मनी के समान ही उक्त शब्द का प्रयोग हुआ है जिससे सिद्ध होता है कि अग्नीमन उसका पर्यायवाची शब्द है। उन्मनी, मनोन्मनी, सुष्मनी शब्दों के अनुकरण पर यह सम्प्रदाय जोस्मनी कहलाया–ऐसा प्रतीत होता है।" [3]

माथि हामीले दुई विद्वान्का आनुमानिक मतको अवलोकन गऱ्यौं। वस्तुतः 'जोसमनी' शब्दको व्युत्पत्तिमूलक औचित्यको लागि प्रामाणिक आधारहरू कुनै विद्वान्बाट अझसम्म अनुसन्धान भएकै छैन। सन्त धिर्जेदिलदासभन्दा अघिका तीन पुस्ता [अर्थात् हरिश्चन्द्र (प्रथम), हरिभक्त (प्रथम) र हरिश्चन्द्र (द्वितीय)] का कृतिहरू फेला पर्न नसकेकाले गर्दा पनि यस सम्बन्धमा निश्चित प्रमाण दिन नसकिएको हुन सक्छ। सन्त शशिधरदासले आफ्नो कृति "वैराग्यांवर"मा "ओम् नमो जोसमनी चरणारविन्देभ्यो नमः" भनेर 'जोसमनी' शब्दको उल्लेख गरेझैं ती अघिका सन्तहरूले पनि यस शब्दको उल्लेख आफ्ना कृतिमा गरे होलान् भन्ने अनुमान गर्न सकिन्छ। तर तिनका कृति त के तिनका बारेमा समेत केही थाहा हुन सकेको छैन–यो खेदको कुरो हो।

अघिल्लो अनुच्छेदमा उद्धृत गरिएको शशिधरको एक वाक्य पढ्दा 'जोसमनी' कुनै व्यक्तिकै नाम थियो कि भन्ने अनुमित हुन्छ। शशिधरले पहिले "श्रीकृष्णाय नमः" भनिसकेर त्यसपछि यहाँ चर्चित वाक्य लेखेका छन्। यी दुई वाक्य पढ्दा कृष्ण झैं नै एक व्यक्तिका रूपमा 'जोसमनी' पनि हाम्रो मानसमा उभिन्छन्। यसरी नै यिनै सन्त-कविहरूका "आदि गुरुनम शशिधर भेष नाम जोस्मणि", "आफै आफ साचा करि आफै आफ हरिपद समावै तस्को नाउँ जोस्मणि सत्" जस्ता पंक्तिहरू पढ्दा 'जोसमनी' लाई एक व्यक्तिकै रूपमा (अझ 'आदिगुरु' अर्थात् प्रवर्तक) हामी सोच्दछौं। 'जोसमनी' व्यक्ति भएकाले नै उनको चरणारविन्दमा परेर शशिधरले नमस्कार गरेका छन्। यसरी मीमांसा गरी हेर्दा जनकलाल शर्माले भनेझैं 'जोसमनी' यस सम्प्रदायका प्रवर्तकको नाम हो।

(ख परम्परा, स्वरूप र पृष्ठभूमि

नेपाली भक्तिकाव्यका तीन धारामध्ये 'सन्त-काव्यधारा' सबभन्दा पुरानो हो। पहिलो सन्त हरिश्चन्द्र (प्रथम) को समय अहिलेसम्म थाहा हुन सकेको छैन। चौथा सन्त धिर्जेदिलदास श्री ५ बडामहाराज पृथ्वीनारायण शाह [सं० १७७९—१८३१] भन्दा अघिका थिए। सधुक्कडीमा लेखिएको यिनको एक रचनामा हरिको उपासना गरिएको छ। यिनका चेला हरिभक्त (द्वितीय) का बारेमा न केही कुरो थाहा हुन सकेको छ, न रचना नै प्राप्त हुन सकेको छ। सन्त शशिधर [सं०-१८०४ तिर–१९०६] पृथ्वीनारायण शाहका समकालीन थिए। जोसमनी मतको प्रचार गर्नामा यिनको ठूलो देन थियो। संतहरूमा यिनलाई प्रतिष्ठित कविका कोटिमा गणना गरिएको छ। धोकलदास [सं०

३. ऐजनः पृ० ९:–९८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८०३-१८५९] शशिधरबाटै दीक्षित भएका थिए। यिनी पृथ्वीनारायण शाहका दरबारका भारादार थिए। यिनको "रागवाणी-१" भन्ने रचना प्राप्त भएको छ। मोक्षमण्डल पनि पृथ्वीनारायण शाहकै भारादार थिए। यिनले आफ्ना गुरु शशिधरको आदेश पाएर पश्चिमी नेपालमा जोसमनी मतको प्रचार गरेका थिए। यिनले पनि सधुक्कडीमा रचना गरेका छन्। प्रेमदिल पृथ्वीनारायण शाहका दरबारमा खरदार थिए। यिनलाई पनि शशिधरबाटै दीक्षा प्राप्त भएको थियो। गुरुका आदेशले पूर्वी नेपालतर्फ जोसमनी मतको प्रचार गरेर यिनले धेरै चेलाहरू बनाएका थिए।

जोसमनी मतले दरबारमा समेत कति ठूलो प्रभाव पारेको थियो भन्ने कुरो माथिको चर्चाबाट अड्कल गर्न सकिन्छ। पृथ्वीनारायण शाह आदरका साथ ती सन्तहरूलाई पत्र लेख्दथे। शशिधरलाई भेट्न स्वयं पृथ्वीनारायण शाह आफै गएका थिए। यसै सिलसिलामा स्वामी निर्वाणानन्द उर्फ श्री ५ रणबहादुर शाह [सं० १८३२–१८६३] कम महत्त्वपूर्ण देखिदैनन्। यिनलाई पनि शशिधरले नै दीक्षित तुल्याएका थिए। जनकलाल शर्माज्यूले के लेख्नुभएको छ भने स्वयं राजाले यस संप्रदायमा दीक्षा लिएकाले त्यस समयमा यो धर्म राजधर्मको रूपमा लिइयो।[४] अभयानन्द उर्फ फुल जैनरल रणवीरसिंह थापा [सं० १८३८-३९(१)—१९१९) जो भीमसेन थापाका भाई थिए] पनि शशिधरबाटै दीक्षित भएका थिए। जोसमनी सम्प्रदायमा शशिधरपछि यिनी नै विद्वान् चेलाका रूपमा प्रतिष्ठित भए। यिनका ६३ वटा भजन प्राप्त भएका छन् जसमध्ये दुई नेवारी भाषामा लेखिएका छन्। यिनलाई वेदान्त दर्शनको पनि राम्रो ज्ञान थियो।

प्रेमदिलका चेला श्यामदिलले लिम्बुवानमा जोसमनी मतको प्रचार जोडतोडका साथ गरे। ज्ञानदिलदास जस्ता सन्त यिनकै चेला थिए। मत प्रचारार्थ पूर्वी नेपालतर्फ जाँदा यिनका गुरु प्रेमदिलले यिनका साथै निरषदिलदास, अच्युतदिलदास, धर्मदिलदास; सतदिलदास, वैदिकदिलदास, ज्योतिदिलदोस आदिलाई यस परम्परामा दीक्षित पारेका थिए। यस परम्पराको प्रचार तथा विकासमा यी सन्तहरूले धेर-थोर योगदान दिएकै थिए। शिष्य-परम्परा यी सन्तहरूबाट पनि जारी नै रह्यो। अगमदिलदास [सं० १८५० तिर–१९३५] र धरणीदास ज्योतिदिलदासका चेला थिए। मंगलदास, कमलदास, अषड्दिलदास, कृष्णदास र सीतारामदास, अगमदिलदासका चेला थिए। यिनी प्रभावशाली सन्त थिए। यिनका १६ रचनाहरू प्राप्त भएका छन्। यिनका चेला अषडदिलले निक्कै प्रसिद्धि कमाएका थिए। यस मतमा कुनै चेलालाई दीक्षित तुल्याउनुपर्‍यो भने तिनी कुनै परीक्षा लिदैनथे। यिनले भेटीको दर निर्धारण गरिदिएका थिए जसअनुसार भेटी दाखिल गर्नेलाई यिनले दीक्षा दिइहाल्थे। यसरी यिनले प्रशस्त आर्थिक लाभ उठाएर गुरु-ज्ञानलाई सुलभ तुल्याइदिएका थिए।

४—जोसमनी सन्त परम्परा र साहित्य : पृ० ६५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोसमनी परम्परालाई उच्च प्रतिष्ठा प्रदान गरी यसको व्यापक प्रचार गर्नेहरूमा ज्ञानदिलदास [सं० १८७८–१९४०] विशेष उल्लेखनीय छन् । यिनी तीक्ष्ण बुद्धि भएका क्रान्तिकारी सन्त थिए । यिनमा राजनैतिक चेतना पनि थियो । यिनकै समयदेखि यस मतमा 'खागी' र 'त्यागी' दुई सम्प्रदाय चल्यो । यिनले नेपालबाहिर टाढाटाढासम्म पनि यस मतको अधिकाधिक प्रचार गरेका थिए ।[५]

जनकलाल शर्माज्यूको भनाइअनुसार जोसमनी सन्त-परम्परा निरवच्छिन्न रूपले अहिलेसम्म पनि चलिरहेको छ । यस मतका उत्तराधिकारीहरूमा अभयानन्द द्वितीय [सं० १९१५–१९९८], श्यामदिलमाई कोइराला, श्यामदिलमाई पौडेल, शक्तिमाई [सं० १९१७–१९९७], रविदिलदास [सं० १९३०-३१ तिर—२०१४], सत्ब्रह्मदिलदास [सं० १९३५–], गोविन्ददास [सं० १९४४–१९९८] आदि देखापर्दछन् । यी सन्तहरूले काठमाडौं उपत्यकाभित्र तथा बाहिर घेरै चेलाहरू बनाई तिनलाई दीक्षित पारेका थिए । यिनीहरूका रचना पनि फेला परेका छन् ।

× × ×

जोसमनी सन्तहरू नेपालको रष्ट्रिय वा सांस्कृतिक परिस्थितिकै उपज हुन् । नेपाली समाजको सुधारकार्य हेतु ती सन्तहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । समाजको नवोत्थानका लागि तिनीहरू ज्यादै चिन्तित थिए भन्ने कुरो तिनीहरूका रचनाबाट सिद्ध हुन्छ । आफ्नै वेग्लै स्वरूप र वैशिष्ट्यलाई समाहित गरेर ती सन्तहरूले यस मतको संरक्षण गरेका छन् । ती सन्तहरू मूलतः निर्गुणोपासक भए पनि सगुणोपासकमा तिनीहरू त्यत्तिकै लीन देखिन्छन् । तिनीहरूले कतै पनि सगुणको विरोध वा निन्दा गरेका छैनन् । तिनीहरू सगुण ईश्वरको नाम पनि जप्तछन् र समाजको हितलाई ध्यानमा राखेर निर्गुण स्वरूपतर्फ केन्द्रित हुन्छन् । तिनीहरूमा मुख्यतः वैष्णव भक्तिको ठूलो प्रभाव परेको छ । कृष्णसायै विष्णुका अन्य अवतारको स्तुति ती सन्तहरूले गरेका छन् । वैष्णवीय ईश्वरप्रति तिनीहरूको आदरभाव खुपै थियो । यसरी वैष्णव योगीका रूपमा ती जोसमनी सन्तहरू देखापर्दछन् । यो तिनीहरूको समाज-सापेक्ष तीक्ष्ण दृष्टिकोण थियो, किनभनें तिनीहरूको मूलोद्देश्य समाजमा वैचारिक क्रान्ति ल्याउनु थियो । यसका लागि झन् झन् सामाजिक मान-मूल्य प्राप्त गर्दै गएको राम तथा कृष्णको व्यक्तित्वसमेत आफ्नो मतमा समाहित गरेर अगाडि बढ्नु तिनीहरूका लागि वाञ्छनीय थियो ।

जोसमनी सन्तहरू तुलसीको माला अनिवार्य रूपले लगाउँदछन्, योगमार्गको अनुसरण गर्दछन् र गुरुको महत्त्वलाई स्वीकार गर्दछन् । तिनीहरू परमतत्त्वलाई निर्गुण मान्दछन् र पर-संसारमा विश्वास गर्दैनन् । तिनीहरूका दृष्टिमा यो संसार मिथ्या र

५—ज्ञानदिलदासका बारेमा विशेष परिचय यसै परिच्छेदको "केही प्रमुख सन्त प्रतिभा" शीर्षक पृष्ठमा दिइएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षणभंगुर छ। झुट्टो आडम्बर तथा अहंप्रति तिनीहरूको घृणा भाव छ; सत्त्वगुणलाई तिनीहरू आदरका दृष्टिले हेर्दछन्। यसरी तिनीहरूको दार्शनिक चिन्तन उच्च देखिन्छ।

जोसमनी सन्त-परम्परा कुनै पनि भारतीय सन्त सम्प्रदायबाट प्रभावित छैन। सन्त दरिया, कबीर पन्थी, नाथ सम्प्रदाय, धरणीश्वरी सम्प्रदाय आदि कुनैबाट पनि प्रभावित छैन—सन्त साहित्यको अध्ययनबाट यस कुराको पुष्टि दिन सकिन्छ। डा० मथुरादत्त पाण्डेयले भन्नुभएझैं धरणीश्वरी सम्प्रदायसँग यस सम्प्रदायको मेल खानजाला, तर यो केवल आकस्मिकता मात्र हो। वस्तुतः स्वतन्त्र रूपले यो सम्प्रदाय नेपालमा विकसित हुँदै आएको हो। यस सम्प्रदायका सन्तहरूले सधुक्कडी भाषाको प्रयोग गरे भन्दैमा भारतीय सन्तसम्प्रदायसँग यसको सम्बन्ध जोडिहाल्नु अनिवार्य छैन।

(ग) साहित्यिकता—

सन्त-साहित्यले नेपाली भक्तिकाव्यमा बहुपक्षीय योगदान प्रदान गरेको छ। निर्गुण भजन र विभिन्न रागहरूको रचना हेर्दा जोसमनी सन्तहरू भक्तिवादी कवि थिए भन्ने स्पष्ट हुन्छ। निर्गुण उपासनामा लीन भएका ती सन्त-कविहरूले वैराग्यको भावनालाई आफ्ना कृतिमा अभिव्यक्त गर्दै ब्रह्मतत्त्वको खोजी गरेका छन्। ती कविहरू मूर्तिपूजाका कट्टर विरोधी थिए। परम्परागत ब्राह्मणवादप्रति तिनीहरूको घोर विरोध थियो। ती मूलतः साधक थिए औ समाजलाई आक्रान्त पारिराखेको धार्मिक कट्टरताउपर तिनीहरूको घृणा थियो। तिनीहरूका आँखासामु पुराणादिले जकडाइराखेको रुग्ण समाजको अस्थिपंजर थियो औ सांस्कृतिक प्राप्तिका नाममा कुहिएको जातिपाति प्रथाका खराब परिणामहरू थिए। यस्तो स्थितिमा समाजलाई सही बाटो देखाउन भक्तिको नयाँ बाटोतर्फ ती सन्त कविहरू लागेका थिए। त्यस बाटालाई विवादग्रस्त हुनबाट बचाउनाका लागि तिनीहरूले निगुर्णोपासनालाई अंगीकार गरेका थिए। साधक हुनाको नाताले भजन, आरती, राग जस्ता भक्तिपरक कृतिको रचना तिनीहरूले गरेका थिए।

सन्त कविहरूको सबभन्दा प्रबल प्रवृत्ति हो सामाजिक चेतना। समाजको भग्नरूप देखेर ती सम्वेदनशील कविहरू चिन्तित थिए। तिनीहरूले सामाजिक आडम्बरको विरोधमा आवाज उठाए; समाजमा व्याप्त अन्धविश्वास र रूढिवादिताको बादल फाँड्न हतियार चलाए। धर्मका तथाकथित ठेकेदारहरूका हातबाट धर्म खोसी सर्वसाधारण सबैका लागि सुलभ तुल्याउने प्रयास गरे—ती कविहरूले। जातिभेदलाई मूलैदेखि उखेलेर मानवतावादी धर्मको स्थापना गर्ने लक्ष्य तिनीहरूले लिए। धामी-झाक्री, ज्योतिषी र पण्डितवर्गको ठगी प्रवृत्ति तिनीहरूलाई कत्ति पनि सह्य थिएन। न्यायको दुरुपयोग र दुर्व्यवस्था तथा धनीवर्गको स्वार्थपूर्ण मनोभावनातर्फ पनि ती कविहरूको दृष्टि पुगेको थियो। मानवीय कमजोरीहरूलाई अभिव्यक्त गर्ने ती सन्त कविहरूको कृति हेर्दा तिनीहरूको चेतना बडो तीक्ष्ण थियो औ अन्तर्दृष्टि बडो गहिरो थियो भन्न सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जोसमी नसन्त कविहरूको दार्शनिक चिन्तन प्रणाली स्वभावैले गहन थियो। आत्मतत्त्वको खोज, संसारको मायावी रूप, वैराग्य जस्ता आध्यात्मिक विषयमा ती सन्त-कविहरूले यथेष्ट कलम चलाएका छन्। त्यसैले सन्तकाव्यमा वैचारिक पक्ष निकै सशक्त रूपमा प्रस्तुत भएको छ।

सन्तकाव्यमा परम्परागत शिल्प-प्रयोगकै बढी आग्रह छ। सन्त धिर्जेदिल दासदेखि ज्ञानदिलदाससम्मका रचनाहरूको संरचना हेर्दा प्रायः एकसमानता पाइन्छ। ती कवि-हरूमा शिल्प-चेतनाको कमी हुनु स्वाभाविकै हो, किनभने तिनीहरूका सामु लेखन-सिर्जनाभन्दा मतप्रतिको आकर्षण बढी थियो। अतः वस्तुविन्यासतर्फ मात्र तिनीहरूको दृष्टि गयो। भजन, राग आदि केवल साधनाका लागि लेखिएको हुँदा शिल्पपक्षभन्दा वस्तुपक्ष-तर्फ ती सन्त कविहरू आकृष्ट भए। तिनीहरू साहित्यका नवीनतम प्रवृत्ति र धारासँग परिचित थिएनन्; आफ्नो मतको सीमित दायराभित्र तिनीहरूको कलम चलेको थियो। यति भएर पनि ती कविहरूमा काव्य-चेतना न्यूनाधिक मात्रामा छँदै थियो। यस परम्पराका सबभन्दा चेतनशील तथा प्रबुद्ध कवि हुन्—ज्ञानदिलदास। यिनको "उदयलहरी" उत्तर-प्रारम्भिक कालीन उत्कृष्ट काव्यमध्ये एक हो।

जोसमनी सन्त कविहरूका आँखासामु आफ्नो सम्प्रदायगत आदर्श नै बढीभन्दा बढी महत्त्वपूर्ण थियो, यसैले तिनीहरूलाई परम्परागत पनि बनायो, फलस्वरूप; आफ्ना रचनाको भाषालाई तिनीहरूले सधुक्कडी नै बनाए। यस भाषालाई डा० मथुरादत्त पाण्डेयले हिन्दी भन्ने हिम्मत गर्नुभएको छ [६] जो उपयुक्त जँच्दैन। यस 'सधुक्कडी' मा हिन्दीका प्रभाव छ, तर यसका साथै नेपालीको पनि त्यत्तिकै प्रभाव छ। पाण्डेयज्यूको भनाइअनुसार सधुक्कडीको मूल प्रकृति खडी बोली हो भने हिन्दी भाषालाई नेपाली भाषाले प्रभावित पारेको छ भन्ने कुरो उहाँ स्वीकार गर्नुहुन्न? सत्यतः साधु-सन्त भएपछि देशी अर्थात् पक्की भाषा [हिन्दी आदि] बोल्नुपर्छ भन्ने मिथ्या-धारणामा परेका नेपाली-साधु-सन्तहरूले जानी-नजानी बोलने भाषा 'सधुक्कडी' हो। यस प्रकारका भाषाको आफ्नै परम्परा र स्वरूप नेपालमा छ। जोसमनी सन्तहरूले प्रायःजसो सधुक्कडीमै रचना गरेर आफ्ना भाव तथा विचारलाई व्यक्त गरेका छन्। ती रचनाहरू हेर्दा के थाहा पाइन्छ भने सबै कविको भाषिक स्वरूप एकरूपको छैन। भाषालाई मिस्कट बनाउने प्रक्रिया प्रायः सबै कविले चलाएका भए तापनि त्यसका मात्रामा फरक छ। उदाहरणका लागि अभयानन्द रचित निम्नलिखित पंक्तिहरू हेरौं—

"माता मरी गई पिता मरी गई मर्ता है सब कोही।
देखते बुझते कोही नमाने फसता आफई आफ॥

× × ×

६—नेपाली और हिन्दी : भक्ति-काव्य का तुलनात्मक अध्ययन : पृ० १३८.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"नाची रह्यो दिल नाचीरह्यो लटपट होइके नाचीरह्यो :

× × ×

समदृष्टि जाहाँ भयो परविन्
पायो पद गम्भीर अभयानन्द।

× × ×

कफ पित वायु कण्ठ जब रोक्यो
घाट बाट सब बन्द भये।" आदि

यी पंक्तिहरूमा नेपाली भाषाको जिउँदो प्रभाव स्पष्ट देखिन्छ, किनभने नेपाली भाषाको संस्कारमा हुर्किएका एक नेपाली सन्तका कलमबाट लेखिएका यी पंक्ति हुन्। भाषा मिश्रणको आग्रह अभयानन्दलगायत सबै सन्त-कविहरूमा छ; तर जस्तो माथि नै पनि भनियो, मात्रामा फरक छ, जो सधुक्कडीको विशेषता हो।

जोसमनी सन्त-कविका काव्य-भाषालाई सधुक्कडी वा हिन्दीकरण गर्ने आग्रह भनेर हियाउन सकिंदैन। जुन कालमा यस सन्त-परम्पराको प्रारम्भ भयो र विभिन्न प्रतिभाहरूले यसलाई विकसित गराउँदै लगे, त्यस कालको परिप्रेक्ष्यमा यस भाषालाई राखेर हेर्दा यो विदेशी भाषा नठहरिएर स्वदेशी नै ठहर्दछ। नेपाली भाषालाई राष्ट्र-भाषाका रूपमा मान्यता प्रदान गर्ने पृथ्वीनारायण शाह स्वयंले गोरखनाथको स्तुति यसै भाषामा रचेका छन्। खास गरीकन पद्य-रचना गर्दा पक्की भाषाको संस्कारलाई त्यस वेलाका कविहरू त्याग्न सक्तैनथे। त्यसैले त्यस वेलाको सांस्कृतिक परिस्थितिको पृष्ठभूमिमा यस भाषालाई राखेर हेर्नु न्यायसंगत ठहर्दछ।

सन्त कविहरूमा ज्ञानदिल दास क्रान्तिकारी कवि हुन्। यिनको व्यक्तित्व नै क्रान्तिकारी थियो। आफ्नो सम्प्रदायको आदर्शलाई शिरोपर गरेर सन्त काव्यशिल्पमा यिनले नयाँ मोड ल्याए; त्यो थियो जनताको हृदयमा भिजेको लोकलय (अर्थात् 'लहरी')-लाई पक्री नेपाली भाषाको प्राञ्जल प्रयोग। यो यिनको अभूतपूर्व कदम थियो। यसले सन्तकाव्यको महत्त्वलाई सहसा माथि उठाएको छ। यसरी नेपाली भाषा-प्रयोगकै दृष्टिले हेर्दा पनि सन्तकाव्य नेपाली भाषाका विकासको इतिहासमा महनीय देखिन्छ।

द्विअर्थकता, प्रतीकात्मकता र उपमादि अलंकारको प्रयोगशीलता पनि सन्त-काव्यका साहित्यिक मूल्य हुन्। यो काव्य शास्त्रीय परिपाटीबाट लोक-साहित्यका प्रवृत्तिप्रति उन्मुख छ। यस कुराको प्रमाणका लागि सन्त कविहरूले रचना गरेका बाह्रासा, टुङ्ना, लहरी, झ्याउरे आदिलाई लिन सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. केही प्रमुख सन्त प्रतिभा (कवि-लेखक)

शशिधरदास

परिचय—

सन्त शशिधरदासको जन्म वि० सं० १८०४ मा त्रिशूलगंगाका किनार प्रसूतपुरी (?) मा भएको थियो। यिनका पिताको नाम विष्णु उपाध्याय थियो। सानै उमेरदेखि नै यिनी साहसिला र कुशाग्र बुद्धिका थिए। १२-१३ वर्षका उमेरमा यिनी तीर्थयात्रीहरूको साथ लागेर जगन्नाथ गएका थिए। किंवदन्ती अनुसार बाटामा वास पर्दा दाउरा खोज्न भनेर यिनलाई पठाइयो। तर यिनको दाहिने हाथ भाँचियो। जगन्नाथका पण्डाहरूलाई यस कुराको स्वप्न-दृष्टान्त भयो। जगन्नाथका आज्ञाअनुसार ती पण्डाहरूले बाटाबाट शशिधरलाई लिएर गए। त्यहाँ यिनी एघार वर्षसम्म बसे भन्ने किंवदन्ती छ। यसै लामो अवधिमा यिनले चैतन्यका साथै दरियाको सत्सङ्ग र अध्ययन गरे, त्यसपछि सं० १८२६-२७ तिर यिनी काठमाडौं आई विष्णुमती नदीका किनारमा धुनी जगाएर बसे। भनिन्छ, यसै वेला पृथ्वीनारायण शाह स्वयं यिनलाई भेट्न धुनी जगाएका ठाउँमा पुगेका थिए। दुइ महीना जति त्यहीं बसी त्यसपछि यिनी विष्णुपुरीको लेकमा बस्न भए। पांच वर्ष त्यहाँ बस्दा यिनले दरवारका धेरै भारादारहरूलाई जोसमनी सम्प्रदायमा दीक्षित पारे। यिनले यस सम्प्रदायको प्रचारार्थ आफ्ना चेलाहरूलाई चारै दिशातर्फ पठाएका थिए। पृथ्वीनारायण शाहको मृत्यु (सं० १८३१)—पछि यिनी मत प्रचार गर्दै पश्चिम नेपालतर्फ लागे। गुल्मी जिल्लाको रशुङ्गामा यिनले आफ्नू कुटी स्थापना गरे। अब जोसमनी मतको प्रचार जोड-तोडका साथ हुन थाल्यो। सन्त शशिधर बराबर काठमाडौं आउने-जाने गर्दथे। यिनको प्रभाव तत्कालीन महाराजाधिराज श्री ५ रणबहादुर शाहमा पनि पऱ्यो, जो पछि निर्वाणानन्द भई दीक्षित भए। भीमसेन थापाका भाइ फुलजर्नेण रणवीरसिंह थापा पनि यस मतमा दीक्षित भई अभयानन्द भए। किंवदन्तीअनुसार सन्त शशिधरले जङ्गबहादुरसमेतलाई प्रभावित परेका थिए।

वज्रयानको प्रभावले गर्दा सन्त शशिधर गृहस्थी-सन्त बनेका थिए। यिनमा वैष्णववादको पनि प्रभाव थियो। त्यसैले यिनी माछा-मासु, रक्सी आदि खाँदैनथे। यिनको मृत्यु सं० १९०६ तिर रेशुङ्गामा नै भएको थियो।

साहित्यिकता—

सन्त शशिधर प्रतिभाशाली विद्वान् तथा कवि र गद्यकार थिए। यिनले सधुक्कडीका साथै नेपाली र संस्कृतमा पनि रचना गरेका छन्। यिनका कृतिहरू नेपाली गद्य तथा पद्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धाराका अमूल्य सम्पत्ति हुन् भन्नामा अतिशयोक्ति नहोला; ती कृतिहरू हुन्:—

१. सच्चिदानन्दलहरी
२. वैराग्यांवर
३. पाखण्डखण्ड अखण्ड शब्द
४. गुरुपञ्जा
५. तत्त्वगीता
६. अजपगीता
७. भजनसंग्रह

जनकलाल शर्माज्यूका भनाइअनुसार शशिधरले "अमर भाषा" शीर्षकको अध्यात्म विषयक महाकाव्य पनि लेखेका थिए। [७] यो कृति दार्जीलिङका उदयदास विश्वकर्माकहाँ रहेको कुरो शर्माजीले उल्लेख गर्नुभएको छ।

माथि दिइएका कृतिहरूमा "वैराग्यांवर" शुद्ध नेपाली भाषामा लेखिएको गद्य-कृति हो। बालकृष्ण पोखरेलज्यूका विचारमा यो कृति शशिधरको नभएर योगी अम्बर-गीरको हो। [८] तर जनकलाल शर्माज्यूले सम्पादन गर्नुभएको "जोसमनो सन्त परम्परा र साहित्य" मा छापिएअनुसार पंचमोपदेशको अन्तमा स्पष्टै लेखिएको छ—**"ससीधर भाषे आदी भाषे आदी भाषा वैराग्यांवर वानी विवेक"** यस कृतिका अन्य ठाउँमा पनि शशिधरको नाम परेको छ। योगी अम्बरगीर [जो शशिधर झैं जोसमनी सन्त नै थिए] ले पनि यसै शीर्षकमा अर्कै कृति लेखेको हुँदो हो, तर यहाँ चर्चा गरिएको कृतिचाहिं शशिधरकै हो भन्ने प्रमाणित हुन्छ। यस कृतिमा जम्मा ५ खण्ड छन्, जसलाई 'उपदेश' भनिएको छ। शुरू र अन्तको खण्डान्त्यमा दोहा पनि दिइएको छ। यस कृतिको लेखन काल निश्चित गर्न सकिंदैन।

सन्त-साहित्यका एकमात्र गद्यकार शशिधरको भाषा निकै परिमार्जित छ। गद्यमा समेत हात बढाएर यिनले आफ्नो लेखनीको क्षमता प्रदर्शन गरेका छन्। यस कृतिमा विचार र दार्शनिक धारणाको निबन्धन उपयुक्त शब्दद्वारा गठिलो किसिमले भएको छ। असम्बद्ध र अप्रासंगिक बहकाउबाट लेखक बचेका छन्, अर्थात् विषयमा केन्द्रित भएर प्रतिपादन गर्ने ढंगलाई रोचक तुल्याएका छन्। विषय-बोधका लागि प्रसंगानुकूल लौकिक उदाहरणहरू दिंदै लेखकले विषयलाई जगाडि बढाएका छन्। योगाभ्यास र अन्य तत्सम्बन्धी कर्म जस्तो गहन र सूक्ष्म विषयलाई सहज ढंगमा प्रस्तुत गर्न सक्नु गद्यकार शशिधरको वैशिष्ट्य हो। पाण्डित्य प्रदर्शनको झर्कोपन यस कृतिमा छैन, बरु सहज ज्ञानको झल्को सर्वत्र फिजिएको छ। शशिधरको गद्य-भाषाले पाएको यो विलक्षणता नेपाली गद्य-परामा निकै महत्त्वपूर्ण अध्याय हो।

७—जोसमनी सन्त परम्परा र साहित्य : पृ० १७
८—पाँच सय वर्ष : पृ० ४०९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्तकाव्यमा पहिलोपल्ट नेपालीभाषाको प्रयोग शशिधरबाटै भएको थियो जसको पूर्ण विकास हामी पछि गएर सन्त ज्ञानदिल दासमा पाउँदछौं। "गुरुपञ्जा" को ३।४ भाग शुद्ध नेपालीमा रचिएको छ। नेपाली भाषामा पनि सन्त-पद्य रचना गर्न सकिन्छ भन्ने उदाहरण यिनले पेश गरिदिए। सन्त-काव्य-परम्परामा यिनले यसरी जुन परिवर्तन ल्याउने प्रयास गरे त्यो ज्यादै स्तुत्य छ। यद्यपि यिनको नेपाली पद्य रचनामा काव्यात्मकताको कमी छ, तापनि ऐतिहासिकताका दृष्टिले त्यसैको पनि कम महत्त्व छैन।

"तत्त्वगीता" र "अजपगीता" दुवै संस्कृत रचना हुन्, जो चेलाहरूको श्रुति-परम्परापछि लिपिबद्ध गरिएकाले निकै अशुद्ध-पाठ बन्न गएको छ। जे भए पनि शशिधरको विद्वत्तालाई यी रचनाले प्रमाणित गर्दछन्। यिनी सचेत विचारक पनि थिए। यसरी के देखिन्छ भने प्रारम्भावस्थामै शशिधरले सन्त काव्यलाई नवीन दिशा प्रदान गरेका थिए।

"सच्चिदानन्द लहरी" शशिधरको श्रेष्ठ पद्य-राचना हो। जोसमनी मतको संस्थापन र सम्बर्द्धनका लागि शशिधरको योगदान कति थियो, त्यो यसै रचनाबाट थाहा पाउन सकिन्छ। यस रचनाले यिनको व्यक्तित्वका साथै काव्य-चेतनाको पनि परिचय दिन्छ। प्रतीक-प्रयोग र विचार-निरूपण-चातुर्यका वैशिष्ट्यहरू यस रचनामा भेटिन्छन्।

शशिधरले प्रशस्त निर्गुण-राग भजनहरूको रचना गरेका छन्। काव्यगत शिल्प-चेतना यिनमा थियो। यिनी रहस्यवादी कवि थिए। जीवन र विश्वप्रति तथा सृष्टिको रहस्य र सृष्टिकर्ताको अदृश्य शक्तिप्रति यिनले पाठकको ध्यान आकृष्ट गरेका छन्।

ज्ञानदिलदास

परिचय—

सन्त ज्ञानदिलदासको जन्म वि० सं० १८७८ तिर भएको थियो। पूर्वी नेपालमै यिनको जन्म भए तापनि खास कुन ठाउँमा भएको हो त्यो अनिश्चित नै छ। यिनको जन्म ब्राह्मणकुलमा भएको थियो। यिनलाई संस्कृतको सामान्य ज्ञान थियो। यिनले कतिसम्म शिक्षा हासिल गरेका थिए त्यो अज्ञात नै छ। जे भए पनि यिनी तीक्ष्ण बुद्धिका थिए, अध्ययन र मनन गर्न सक्ने क्षमता यिनमा थियो।

सन्त ज्ञानदिलदासको विवाह त्यस वेलाको चलन-अनुसार सानै उमेरमा भएको थियो।[९] यिनकी पत्नीको नाम शीतलामाई थियो। गुरु श्यामदिलबाट दीक्षा ग्रहण गरेपछि जोसमनी मतको प्रचारका लागि आफ्नी पत्नीलाई साथैमा लिएर ओखलढुङ्गाको

९—महानन्द सापकोटा, "गुरु ज्ञानदिल," नेपाली—५१, २०२९ बैशाख-जेठ र असार : पृ० ४७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुम्जाटार भन्ने गुरुङगाउँमा यिनी गएका थिए। त्यहाँ बसेर यिनले मत-प्रचार कार्य जोडतोडका साथ गर्न थाले। तिनी गुरुङ जातिका श्रद्धाका पात्र बने; तर कर्मकाण्ड तथा बाहुनवादका विरुद्ध यिनले जुन आवाज उठाए त्यसबाट ब्राह्मणहरू यिनीदेखि क्रुद्ध भए। यसै बीच लषन थापा द्वितीयको पर्वमा परेर यिनी पकडाउमा परे। यिनलाई काठमाडौं ल्याइयो। यो त्यस वेलाको कुरो हो जब प्रथम प्रधानमंत्री जंगबहादुरको निरंकुश शासन उग्र रूपमा चल्दै थियो। जंगबहादुरले काठमाडौंमा ल्याएर ज्ञानदिलदासलाई छः महीना-सम्म नजरबन्दमा राखे। अन्ततः यिनी लषन थापा द्वितीयको पर्वसँग असम्बद्ध छन् भन्ने कुरामा जंगबहादुर विश्वस्त भए। यिनी समाजसेवी ठूला सिद्ध रहेछन् भन्ने कुरामा जंगबहादुरलाई पक्का विश्वास लाग्यो। परिणाम के भयो भने उनले आफ्ना भाइ-भारा-दारहरूलाई यिनीसँग सत्सङ्ग गर्ने अनुमति दिए। उनका भाइ रणोद्दीपसिंहका साथै दरबारिया वस्ताद रामबहादुर खवास पनि यिनीबाट दीक्षित भए। यिनको सन्त व्यक्ति-त्वले जंगबहादुरको मनःस्थितिमा ठूलो प्रभाव पार्‍यो। त्यसैले वि० सं० १९३३ सालको मार्ग महीनामा जङ्गबहादुरले ससम्मान काठमाडौंबाट यिनलाई बिदाइ गरे।

काठमाडौंबाट आएर ज्ञानदिलदास सोझै रुम्जाटार गए। जोसमनी मतलाई विस्तृत रूपमा प्रचार गर्ने कार्यक्रम यिनले बनाए। यसैका सिलसिलामा आफ्नी धर्मपत्नी शीतलामाईलाई साथैमा लिएर यिनी सुदूरपूर्वी नेपालतर्फ प्रस्थान गरे। प्रचारकार्य गर्दै यिनी पल्लो किरात पुगे, इलाममा पुगेपछि तात्कालीन बडाहाकिम गजराज थापाले राज-नीतिक प्रचारको शंका तथा पोलाहाहरूको कुरा सुनेर यिनलाई जेलभित्र हुले। यो कुरो प्रधानमंत्री रणोद्दीपसिंह [जो ज्ञानदिलका चेला थिए] को कानमा पर्‍यो; तुरुन्तै गुरुलाई छोडिदिनू भन्ने आदेश उनले इलाममा पठाए। दुई महीनाको कारावासपछि ज्ञानदिल छोडिए। यसपछि यिनी दार्जीलिङतर्फ लागे। त्यहाँ ईसाई पादरीहरूसँग यिनले निकै ठूलो टक्कर लिनुपर्‍यो। मुख्य पादरी टर्नबुलले यिनलाई अनेक धम्की दिई दार्जीलिङबाट घपाउने यत्न गरे। तर ज्ञानदिलदास धम्कीकै भरमा हच्किएर बस्ने खालका व्यक्ति थिएनन्। यिनले ईसाई पादरीहरूसँग शास्त्रार्थ गर्ने चुनौती दिए। शास्त्रार्थमा हार्ने पक्षले आफ्नो धर्मग्रन्थ पोल्नुपर्ने शर्तमा सात दिनसम्म दुइपक्षबीच शास्त्रार्थ चल्यो। अन्त्यमा ज्ञानदिलदासको जित भयो; ईसाई पादरीहरूले 'बाइबिल' पोले। पोलिएको बाइबिलको खरानीमा मह खन्याएर तुरुन्तै ज्ञानदिलले त्यसलाई गोली-गोली बनाए, अनि कण्ठी बनाएर आफ्ना चेलाहरूलाई लगाइदिए। त्यसै वेलादेखि त्यो कण्ठी लगाउन पाउने चेला 'खागी' र कण्ठी लगाउन नपाउने चेला 'त्यागी' कहलियो।

बाइबिल पोलिएको घटनापछि ज्ञानदिलदासको प्रसिद्धि झन् बढ्यो : स्वयं टर्नबुल यिनीबाट प्रभावित भएर रङ्गबुल भन्ने ठाउँमा कुटी बनाएर बस्न यिनलाई अनुमति दिए। यिनीकहाँ चेलाहरूका ओइरो लागे। त्यसपछि यिनी सिक्किम गए र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गेलिङ्ग बस्तीमा बसेर मत-प्रचारकार्य गर्न थाले। त्यहाँ पनि यिनले खूबै प्रसिद्धि कमाए। चेलाहरूका सत्प्रयासबाट गेलिङ्ग धामकै स्थापना भयो। पश्चिमी सिक्किममा पनि जोसमनी मतको ठूलो प्रचार भयो। रहँदा बस्दा सिक्किममा यिनले ठूलो संघर्षको सामना गर्नुपऱ्यो। यिनको प्रचार-कार्यको व्यापकता देखेर च्याखुङ स्टेटका मालिक जेरुङ्ग देवान सशंकित भएका थिए। भोटे र लाप्चे जातिमा समेत जोसमनीको प्रभाव पर्न लागेको देखेर उनी आफ्नो राजधर्म नै विलीन हुने डरमा परेका थिए। एक दिन ज्ञानदिलको कुटीमा आउँदा आफू अपमानित भएको संझी उनले त्यही निहुँमा आफ्ना फौजलाई मठ भत्काउने आदेश दिए, हेर्दा-हेर्दै गेलुङ्ग धाम ध्वंश भयो। जेरुङ्ग देवानको मन त्यस घटनाले मात्र शान्त भएन, उनी अझ ज्ञानदिलैलाई सिक्किमबाट धपाएर पठाउने दाउमा थिए, तर ज्ञानदिलका दुई प्रमुख चेलाको सम्बन्ध जेरुङ्ग देवानसँग राम्रो भएकाले ज्ञानदिलले त्यहीं बसी प्रचारकार्य गर्ने अनुमति पाए। यी सब घटनापछि एउटा अपरिचित र अब्राह्मणका गोडा धोएर पानी खाएको आरोप यिनीमाथि लाग्यो। कर्म-काण्डी ब्राह्मणहरूको यो खोते थपाइ थियो। यिनलाई जात र समाजबाट बहिष्कार गर्ने धम्की दिइयो। यस अवाञ्छित धम्कीको निराकरणका लागि एक दिन यिनी सिङ्गल बजार गए। हाट- बजारको दिन भएकाले कैयौं मानिस त्यहाँ भेला भएका थिए। यत्तिकैमा दिउँसै हातमा राँको लिएर यिनी जन-समूहमा देखापरे। जिज्ञासु दर्शकहरूका सोधाइको जवाफमा यिनले जात खोजेको कुरो बताए। यस घटनाको पूर्ववृत्तान्त थाहा पाएपछि घेरै व्यक्तिहरू तुरुन्तै यिनका चेला भए। यस घटनाले जात र समाजबाट बहिष्कारको धम्की दिने गेलिङ्गका ब्राह्मणहरूका मुखमा बुजो लाग्यो।

सन्त ज्ञानदिलदासको मृत्यु वि. सं. १९४० कार्तिक २५ गतेका दिन गेलिङ्ग धाममं भयो।

साहित्यिकता—

सन्त कविका रूपमा ज्ञानदिलदासको शीर्षस्थ स्थान छ। यिनका रचनामा जुन साहित्यिक मूल्य पाइन्छ त्यसले सम्पूर्ण सन्त-साहित्यकै प्रवृत्तिलाई ध्वनित गर्दछ। सन्त शशिधर [वि. सं. १८०४–१९०६] ले नेपाली-भाषा-साहित्यलाई गद्य दिए भने यिनले पद्य दिए। यिनका नेपाली पद्यमा खास गरीकन "उदयलहरी" नेपाली साहित्यकै एक 'क्लासिक' रचनाको श्रेणीमा पुगिसकेको छ। जोसमनी सन्त-मतको पृष्ठभूमिमा यिनले जुन सामाजिक चेतनाको विकास आफूभित्र गरेका थिए त्यसैको कवित्वमय अभिव्यक्ति यिनका समस्त रचनामा भएको छ।

उदय लहरीको रचनाकाल हो वि. सं. १९३४ वैशाख महीना। यो कृति ज्ञानदिल-दासले रङ्गबुल धाममा बस्दा लेखेका थिए। यो सवाई छन्दमा लेखिएको छ, जसमा जम्मा १०९ श्लोक छन्। महानन्दज्यू लेख्नुहुन्छ, "...झ्याउरेलाई शिष्ट समाजमा ल्याउन थालेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रेय ज्ञानदिललाई छ। हामीले झ्याउरेको महिमा चाल पाउनुभन्दा वेरै पहिले नै गुरु ज्ञानदिलले अध्यात्मतत्त्व जस्तो गहिरो ज्ञान अति सरल भाषामा झ्याउरे लयमा गाएर आफ्ना चेलाहरूलाई मुग्ध पारेका थिए।[१०] महानन्दले दिनुभएको श्रेय अनुचित त छैन, तर ऐतिहासिकतालाई उहाँले ठ्याम्मै बिर्सिदिनुभएको छ। ज्ञानदिलदासले "उदयलहरी" लेख्नुभन्दा ३४ वर्षअघि नै कवि वसन्तले नेपालीमा "समुद्र-लहरी" लेखिसकेका थिए, जसको विषय पनि अध्यात्म नै थियो। सवाई छन्दमै लेखिएको यो रचना सम्भवतः पहिलो साहित्यिक लहरी-काव्य हो[११]। यसपछि दोस्रो क्रममा मात्र पालो आउँदछ "उदयलहरी" को, जो सन्तकाव्य परम्परामा लेखिएको शशिधरको "सच्चिदानन्द-लहरी" पछि पनि दोस्रो क्रममै आउँछ। तर क्रममा दोस्रो भए तापनि सापेक्षिक साहित्यिक मूल्य र प्रयोजनका दृष्टिले यो पहिलो सफल लहरी-काव्य हो भन्नामा अत्युक्ति नहोला किनभने यसमा साहित्यिक अभिव्यक्ति तथा कलात्मक शिल्पको जुन महनीयता व्यापक सामाजिक पृष्ठभूमिमा पाइन्छ त्यो यस-अघिका यहाँ उल्लिखित कृति (हरू) मा पाइन्न। कवि-व्यक्तित्वको सर्वोत्तम निदर्शन "उदयलहरी" मा भएको छ। मतको आदर्शलाई यसमा साहित्यिक व्यक्तित्वले पूर्ण आत्मसात् गरेको छ। यति मात्र नभएर काव्य-भाषाको जुन माध्यमलाई रचनाकारले पक्डेका छन् त्यो नेवाली जन-मानसअनुकूल छ। यसरी लेख्नका निम्ति मात्र नलेखेर "उदयलहरी" का रचयिताले आफूलाई समाजमा व्याप्त पारेका छन्। सामाजिक प्रयोजनमूलक यही काव्यादर्श यस कृतिको पहिलो र महत्त्वपूर्ण वैशिष्ट्य हो। यो वैशिट्य ज्ञानदिलदासका अन्य नेपाली रचनामा पनि पाइन्छ।

ज्ञानदिलदास कट्टर परम्परावादी कवि थिएनन्। नेपाली भाषाको अभिव्यक्ति क्षमतासँग यिनी परिचित थिए। यिनका समयमा भानुभक्त आचार्य। [सं० १८७१-१९२६] का रचनाले नेपाली जनमानसमा भाषा-प्रेमको संस्कार उब्जाइसकेको थियो। भानुभक्तका रामायणका श्लोकहरू नेपालीहरूका जिब्रामा भिजिसकेका थिए। भानुभक्तले जगाएको यस भाषिक चेतनालाई ज्ञानदिलदासले पनि अरू विस्तार गरे। सधुक्कडीमा मात्र भजनादि रच्न सकिन्छ भन्ने परम्परावादी धारणा सन्तहरूबीच थियो; तर यिनले नेपाली भाषामा रचना गरी सन्त-साहित्यमा एउटा नयाँ परम्पराको जग

१०. ऐजन; पृष्ठ ५४

११. सर्व हितैषी कम्पनी, बनारसलें प्रकाशित गरेको "सवाई पच्चीसा" मा कति यस्ता सवाईहरू छापिएका छन् जसको न रचयिता, न रचनाकालकै उल्लेख भएको छः ती सवाईहरू कवि वसन्तको "समुद्र-लहरी" भन्दा अघि रचिएका हुन् वा पछि, निश्चितरूपले भन्न सकिँदैन। तसर्थ तिनका रचयिता र रचनाकाल-को टुंगो नलागुन्जेल कवि सन्तकै कृतिलाई पहिलो मान्नुपर्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसाले। यद्यपि यिनले सधुक्कडीमा पनि धेरै भजनादिको रचना गरे, तथापि यिनलाई सन्तकाव्यका प्रतिभाका रूपमा नेपाली रचनाले नै प्रतिष्ठत गरेको छ। अझ के भन्न सकिन्छ भने दार्जीलिङदेखि लिएर सिक्किमसम्म नेपाली भाषाको प्रचार गर्नामा यिनको ठूलो हात छ, किनभने यिनले "उदयलहरी" रङ्गबुल धाममा रचना गरेका थिए जो ज्यादै लोकप्रिय बनी मानिसहरूको कण्ठ-कण्ठमा झुण्डिएको थियो।

परम्परागत सामाजिक व्यवस्थादेखि कवि ज्ञानदिलदासलाई घृणा थियो। धर्म र रीति-परम्पराका नाममा जुन आडम्बर र विकृतिको जन्म समाजमा भएको थियो, ती सबसँग यिनको विरोधको भाव थियो। कर्मकाण्ड र ब्राह्मणवादले निरन्तर प्रश्रय पाइरहेको समाजको बिग्रँदो यथार्थ स्थितिको ज्ञान यिनलाई थियो। न्याय नपाई तड्पिरहेका मानिसहरूप्रति यिनको सहानुभूति थियो। त्यसैले आफ्ना रचनामा यिनले समाजलाई आध्यात्मिक सुखको बाटो देखाएर सन्तुलित समाजको स्थापना गर्ने सन्देश-हरू दिएका छन्। सर्वप्रथम त व्यक्तिभित्रका खराब आचरण र कुविचारमाथि हमला गर्दै यिनले अहंकार र आडम्बरलाई घातक सिद्ध गरेका छन्। त्यसपछि सामाजिक वातावरणलाई दूषित बनाउने प्रवृत्तिको घोर विरोध र निन्दा यिनले गरेका छन्। धनलाई अत्यधिक महत्त्व दिएपछि जब मानिसको नैतिक पतन हुन थाल्यो, तब समाजमा नाना अन्याय र अत्याचारको गतिविधि बढ्न थाल्यो। मानिसका आचरण भ्रष्ट भए जसको परिणामस्वरूप बलियाले निर्धालाई दबाउने अमानवीय प्रतिक्रिया शुरू हुन थाल्यो। समाजका व्यक्तिको आर्थिक स्थितिमा असन्तुलन आउन थाल्यो र गरीब तथा धनीबीचको दूरी झन्-झन् लम्बिन थाल्यो। कवि ज्ञानदिलदासले समाजको यही वर्तमान स्थितिमा असन्तोष प्रकट गर्दै लेखेका छन्—

"धन जन भन्दै गाउँ ब्याँसि गर्छ
लागछ रिंगटा भडषालामा पर्छ
काम र किसान धन्दा धेरै गर्छ
लाउन षान नपाई अकालैमा मर्छ

[उदयलहरी, श्लोक ३६]

× × ×

"कोहि षावे षावा षिचडो कोहि षावै साग
कोहि षावे रूषा सुष्वा कोहि करे हो राज"

[रागवानी २४]

कविले धनपिपासुमाथि व्यंग्यको प्रहार गरेका छन्। धनको प्रलोभनमा सम्पूर्ण मानिस फसेको देखेर कवि खिन्न भएका छन्। धनीहरूले धनको लोभ देखाएर न्याय-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समेत किनेको र न्याय गर्नेहरूले धनको लोभमा परेर न्याय बेचेको देखेर कवि विरोधको आवाज निकाल्दछन्—

"छोटा बडा जति छन् धनै मात्र भन्छन्
धर्म तलाउ षोली पाप तलाउ षन्छन्

× × ×

"अइन बज्यो धनिको फिन्यो जगमाँहाँ
घुस्याहा विचारी निसाप् हेर्छ काहाँ
[उदय० श्लो-१०र ३२]

पशुबलि, तीर्थयात्रा, मूर्तिपूजा आदिको विरोध कविले गरेका छन् । देखावटी लोकाचारको हँस्सी उडाउँदै यिनले लेखेका छन्—

"भांसामा बाघ्री छन् धोतिपाटा फेर्छन्
सुझ न बुझ उसै बकवात गर्छन्"
[उदय० श्लोक ५४]

कविका दृष्टिमा समाजलाई कुबाटोतिर डोऱ्याउने बाहुनवादीहरू नै हुन् । तिनीहरूले नै समाजलाई अन्धो बनाइराखेका छन् । यिनीहरूको धूर्त्याइँ र बनावटी स्वरूपको वर्णन कविले यसरी गरेका छन्—

"चार वेद पुरान पण्डितादि पर्छन्
लोभका नदीमा सदादिन् बहन्छन्
पण्डित मनिजन धेरै बाढा लाउँछन्
न्येराको चीज दूर बताउँछन्

× × ×

"ब्रह्मा हूँ भन्न्या ब्रह्म नचिन्न्या
बैलि बाखी कता छन् षसि षोजी किन्न्या ॥

+ + +

"वेद परे पनि मुक्ति, काँहाँ पाउँछन्
छ डोरा जनै पनि व्यार्थ किन लाउँछन्"
[उदय० श्लोक ७.५२ र ९४]

धर्म कुनै एक जातिको मात्र पेवा होइन । जुन जातिले यसलाई पेवा बनायो, समाजमा अनाचार फैलाई आफ्नो स्वार्थ सिद्ध गर्ने हतियार बनायो । यही कुराको पुष्टि कवि ज्ञानदिलदासले आफ्ना कृतिमा गरेका छन् । धर्मका ठेकेदार हुँ भन्ने बाहुनवादीका विरोधमा कवि भन्छन्—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"यो रूमजाटार्को कोदाको पिठो—
निर्गुनको दाऊन
धर्म र कर्म गुरुङले गऱ्यो—
छक् पऱ्यो बाहून
हिराको दर्वार सुन गरिपर्वर—
छक् पऱ्यो बाहून"
[झ्याउरे भजन, श्लोक ८]

कवि ज्ञानदिलले आफ्ना विचार र भावलाई स्पष्ट रूपले प्रस्तुत गरेका छन् । सन्त-सम्प्रदायोचित मतको प्रस्तुति यिनका सबै रचनामा भएको छ, तर कविका रूपमा यिनको महत्ता यही मत-प्रस्तुति नभएर यिनमा निहित सामाजिक चेतना हो । समाजको कडा आलोचना गर्दै स्वस्थ-समाजको स्थापना गर्ने यिनको लक्ष्य छ । सम्प्रदायगत आदर्शलाई हृदयमा राखेर आफ्नो आँखामा यथार्थ दृष्टि राखी समाजका स्थितिहरूसँग परिचित हुन कविका लागि अभीष्ट बनेको छ । यिनमा काव्यगत सौन्दर्य-चेतना छ । भावको सहज अभिव्यक्तिका लागि यिनले गरेका शब्दको चयन लयात्मक र अर्थ-सम्बद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. कृष्णभक्ति-काव्य र कविहरू

भक्ति-आन्दोलनको संक्षिप्त परिचय—

भक्ति-परम्परा पतंजलि (२०० ई० पू०) को समयदेखि शुरू भएको भए तापनि भारतीय सांस्कृतिक इतिहासमा यो एक आन्दोलनका रूपमा मध्ययुगमा देखा-परेको थियो। ईश्वरका विविध रूपको खोजीका सिलसिलामा मुख्य गरेर निर्गुण र सगुण रूपलाई स्वीकारियो। निर्गुण उपासकहरूले ईश्वरलाई निराकार ब्रह्म माने, तर सगुण उपासकहरूले ईश्वरलाई गुणयुक्त ठानी भौतिक रूपलाई स्वीकारे। तिनीहरूको ठनाइ के थियो भने ईश्वरप्राप्तिका निम्ति ज्ञान तथा पाण्डित्य केही चाहिँदैन, केवल भाव भए पुग्छ। त्यसैले सगुण ईश्वर प्राप्तिका निम्ति भावका सहायताले जुन प्रयास गरिन्छ, त्यसैलाई भक्ति भनिन्छ।[1] भक्तिको सम्बन्ध बुद्धिवादसँग नभएर हृदयको प्रक्रियासँग हुन्छ।

मध्ययुगमा प्रारम्भ भएको नयाँ भक्ति-आन्दोलनले भारतीय संस्कृतिलाई नयाँ आलोक प्रदान गऱ्यो। यो आन्दोलन दक्षिण भारतबाट शुरू भएको थियो जसको नेतृत्व सन्त नम्मालवारले गरेका थिए। यिनले आलवार भजन गाएर जनतालाई खूबै प्रभावित पारेका थिए। वैष्णव र शैव भक्तहरूको मण्डली तयार भयो र जन-जीवनमा भक्तिभाव-प्रति पूर्ण श्रद्धा उत्पन्न भयो। नम्मालवारपछि क्रमशः नाथमुनि, यामुनाचार्य र रामानुज-ले यस आन्दोलनलाई विस्तार रूप दिए। खास गरीकन रामानुजले उदार दृष्टि लिईकन सम्पूर्ण जनमानसको रुचि भक्तितर्फ आकृष्ट गरे। वैष्णव धर्मलाई लोकप्रिय बनाउनामा यिनको ठूलो हात छ।

भारतको इतिहासमा ईसाको दशौं शताब्दीदेखि सोह्रौं शताब्दीको प्रारम्भसम्मको काल ज्यादै अन्धकारमय छ। यस कालमा भारतमा मुसलमानहरूका अत्याचारको ताण्डव-नृत्य भइरहेको थियो। धर्मद्रोह गरेर मुसलमानहरूले भारतीय जीवनलाई तहस-नहस पारिरहेका थिए। ठीक यसै समयमा दक्षिण भारतमा रामानन्द [ई० १३९९–१४१०] ले देशको ठीक-ठीक स्थितिको अध्ययन मनन गरेर समन्वयवादी धर्मको सूत्रपात गरे। इस्लाम र हिन्दू दुवै धर्ममा निहित दोषहरूको कडा विरोध गरेर यिनले यी दुवै धर्ममा निहित गुण-पक्षको समन्वय गरे। यसरी भक्ति-आन्दोलनलाई यिनले जुन नयाँ दिशा प्रदान गरे त्यसैको प्रभावस्वरूप यिनका घेरै अनुयायीहरूको आविर्भाव भयो। दक्षिण भारतबाट यिनले थालेको यो आन्दोलन जब उत्तर भारतमा पुग्यो, यसका दुई हाँगा

१—वाचस्पति गैरोला, भारतीय संस्कृति और कला (लखनऊ : उत्तर प्रदेश, हिन्दी ग्रन्थ अकादमी, ई० १९७३); पृष्ठ ५३३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फाटे। पहिलो हाँगाअन्तर्गत ती भक्तहरू [जस्तो तुलसीदास, सुरदास] थिए, जसले वैदिक आचार तथा पुराना परम्परालाई हृदयदेखि नै स्वीकारेका थिए; दोस्रो हाँगाअन्तर्गत चाहिं ती भक्तहरू [जस्तो कबीर; रैदास] थिए, जसले परम्पराको विरोध गरेर नयाँ परम्पराको समर्थन गरे। भक्तिका यिनै दुई हाँगालाई कमशः सगुणवादी र निर्गुणवादी भनिन्छ। निर्गुणवादी भक्तिधाराका पनि फेरि दुई हाँगा फाटे-ज्ञानमार्गी र प्रेममार्गी। ठीक यसरी नै सगुणवादी भक्तिधाराका पनि दुई हाँगा फाटे—रामभक्ति र कृष्ण-भक्ति।[२]

राम-भक्ति शाखा—यस शाखाका प्रवर्तक रामानन्द हुन्। यस शखाका सफल भक्तमा तुलसीदास (ई० १४९७–१६२३) को नाम आउँछ। यिनको "रामचरित-मानस" एक लोकप्रसिद्ध महाकाव्य हो, जसमा रामकथालाई सरल भाषामा व्यक्त गरिएको छ। यिनलाई यस शाखाका उन्नायक मानिएको छ। यिनका अनुयायी नाभादास हुन् जसले उत्तर भारतमा रमभक्तिको ठूलो प्रचार गरेका थिए। तुलसीदास झैं यिनी पनि कवि नै थिए।

कृष्णभक्ति शाखा—वल्लभाचार्य र निम्बार्कलाई यस भक्तिशाखाका संस्थापक मानिन्छ, तर यसका उन्नायकचाहिं सुरदास (ई० १४८३–१५६४) लाई ठानिन्छ। यिनले आफ्ना कृतिमा कृष्ण-लीलाको सुन्दर वर्णन गरेका छन्। यिनले साहित्य-वाणीद्वारा परम्परागत वैष्णव धर्मलाई ज्यादै लोकप्रिय बनाए। यसपछि मीराबाई (ई० १५०२-१५६३) ले कृष्णभक्तिको माधुर्य भावनाको प्रचार गरेर यस भक्तिधाराको लोक-प्रियतामा प्रशस्त वृद्धि गरेको देखिन्छ।

माथि हामीले भक्ति-आन्दोलन र यसका विभिन्न धाराका बारेमा संक्षेपमा चर्चा गर्‍यौं। यस आन्दोलनले एकातिर भारतलाई मध्ययुगमा धार्मिक-पतनको बाटोबाट जोगायो भने अर्कातिर यसले भारतीय जनताको नैतिक आचरणमा विशुद्धि ल्यायो। यस आन्दोलनले सामाजिक सुधारमा जोड दियो। सबभन्दा महत्त्वपूर्ण कुरो त अरू के हो भने यस आन्दोलनको प्रभावले साहित्यिक कृतिको सिर्जना भयो; साहित्यमा नयाँ प्रवृत्तिको जन्म भयो, जो सांस्कृतिक निधिका रूपमा राष्ट्रिय-साहित्य-भण्डारमा सञ्चित छ।

इन्दिरस

कृष्णभक्ति काव्य-धाराका कवि इन्दिरसको जन्म-मरण तथा जीवन-वृत्तबारे अहि-लेसम्म केही कुरो थाहा हुन सकेको छैन। सर्वप्रथम इ० शि० बाबुराम आचार्यले सं०

२—ऐजन; पृ० ५२३–५३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२००३ मा आफ्नो "पुराना कवि र कविता" भन्ने कृतिमा यिनको एउटा कविता संकलन गरी नेपाली साहित्यका पाठकसँग यिनको परिचय गरिदिएका थिए। यिनको जीवनी पक्षबारे हामी केही भन्न नसक्ने भए तापनि तिनको कृतित्वका आधारमा यिनको व्यक्तित्वबारे सामान्य कुराको अनुमान गर्न सकिन्छ। यिनी ब्राह्मण जातिका थिए।[३] गुमानी पन्त र विद्यारण्यकेसरी अर्ज्यालका यिनी समकालीन थिए,[४] यिनी संस्कृतका ज्ञाता थिए। त्यसैले यिनी बनारस गएका थिए कि भन्ने अनुमान लगाउन सकिन्छ, किनभने त्यस वेला बनारस नै विद्याको केन्द्र थियो। फेरि, बनारसबाट प्रकाशित भएको "भाषासप्तरत्न" का प्रायः कविहरू बनारस गएका देखिएकाले यिनी पनि गएका थिए कि भन्ने स्वाभाविक अनुमान गर्न सकिन्छ। डा० ईश्वर बरालज्यूको मतानुसार यदि वैष्णव कविहरूमा अष्टछाप कवि-मण्डलीको प्रभाव परेको हो भने निश्चय नै कवि इन्दिरस पनि बनारस गएका थिए।

डा० जगदीशचन्द्र रेग्मीले कवि इन्दिरसमा वाणीविलास पाण्डेको प्रभाव परेको कुरो लेख्नुभएको छ। उहाँको धारणाअनुसार वाग्मती अभिलेखको प्रारम्भमा गरिएको वाग्मतीस्तुतिको छन्द र लयको प्रभाव इन्दिरसमा परेको छ। उहाँले यिनलाई वाणीविलासका समकालीन मान्नुभएको छ।[५] परन्तु साहित्येतिहासका दृष्टिले रेग्मीज्यूको धारणालाई सकार्न कठिनाइ आइपर्ने देखिन्छ। वाणीविलास पाण्डेले उक्त अभिलेखमा प्रयोग गरेका छन्द र लय उनको निजी आविष्कार थिएन; शास्त्रीय छन्द र लयकै आधारलाई उनले पक्रेका थिए। कुनै पनि प्रतिभाशाली कवि वा लेखकका कृतिमा निजत्व यदि केहीमा हुन्छ भने उसले प्रयोग गरेको भाषा-शैली तथा प्रस्तुत गरेको वस्तुमा हुन्छ। छन्दसँग लय संपृक्त हुन्छ र छन्दशास्त्रीय परम्परानुमोदित हुन्छ। इन्दिरसले उक्त अभिलेखको न वस्तु, न भाषालाई नै आफ्ना रचनामा सकारेका छन्। श्रीमद्भागवतकै छन्द र लयले पनि इन्दिरसलाई प्रभाव पारेको हुन सक्दछ। यिनी वाणीविलासका समकालीन हुनामा धेरै संभव छ, किनभने यिनको "गोपिका-स्तुति" को रचनाकाल सं० १८८४ तिर भनी अनुमान गरिएको छ।[६] उक्त अभिलेखको रचनाकाल सं० १८६८ भएकाले इन्दिरसको रचना र यस अभिलेखमा १६ वर्षको जेठकान्छो देखिन्छ। साहित्य-साधनाका दृष्टिले १६ वर्षको फरक्याई अनौठो हुँदैन, किनभने पचासौं वर्षसम्म मानिसहरू साहित्य-साधनामा लाग्दछन्। रेग्मीज्यूको धारणाअनुसार यदि इन्दिरस वाणीविलासकै समकालीन हुन् भने यिनले जीवनमा एउटै मात्र कविता रचेनन् होलान्; निश्चय

३—ईश्वर बराल. "प्राथमिक कालका वैष्णव कवि इन्दिरस" **कविता** वर्ष२–अंक३. २०२३ वर्षा; पृ० ३१६

४—तारानाथ शर्मा **नेपाली साहित्यको इतिहास** पृ० २४

५—जगदीशचन्द्र रेग्मी **सात साहित्यिक र ऐतिहासिक अभिलेख** पृ० १४

६—ईश्वर बराल, यसै क्रमको पाद-टिप्पणी सं० २७ : पृ० ३१५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै अन्य रचना पनि गरे होलान् । यिनको अहिलेसम्म प्राप्त एउटै कविता "गोपिका-स्तुति" मा काव्य-शिल्पको स्वरूप हेर्दा कविता-रचनामा यिनको हात बसिसकेको देखिन्छ ।

'गोपिका-स्तुति'—

कवि इन्दिरसको यो कविता श्रीमद्भागवतको दशम स्कन्ध (पूर्वार्ध) को एकतीसौं अध्यायको छायानुवाद हो । माथि नै पनि भनियो कि यस कृतिको अनुवाद भएको काल सं० १८८४ तिर हो कविले संस्कृतबाट नेपाली भाषामा यसरी अनुवाद गर्नाको प्रयोजन वास्तवमा राजनीति-सापेक्ष थियो—सुगौली-सन्धिले ल्याएको परिणामको पृष्ठभूमिमा यस कुरालाई स्वीकार्न सकिन्छ । परिस्थितिको बदलिंदो जन-मनःस्थितिको प्रतिबिम्ब यस कृतिमा छ; काव्य-सौन्दर्यका दृष्टिले जसको पूर्ण विकास कवि वसन्तको "कृष्णचरित्र" मा भएको छ । त्यसैले इन्दिरसका कृतिको साहित्यिक मूल्याङ्कन गर्दा युग-परिस्थिति तथा काव्य-चेतनाको तत्कालीन अवस्थालाई हेर्नुपर्दछ । कृष्ण-भक्ति काव्यको शुरूआत यिनले गरे, जब काव्य-चेतनाको मिर्मिरे उज्यालो मात्र नेपाली साहित्यको आँगनमा खसेको थियो । एउटा बलियो काव्य-परम्पराको अभाव नेपाली साहित्यमा थियो । स्वतन्त्र सीपको प्रयोग गरेर "पूर्व प्रारम्भिक काल" मा वीरकाव्य रचिए तापनि, पछि (अर्थात् सुगौलीको सन्धिपछि) त्यो परिस्थिति रहेन । नेपाली जनमानस भक्तितर्फ नै उन्मुख थियो । तसर्थ भक्तिकाव्यले सम्पन्न श्रीमद्भागवततर्फ नै इन्दिरस जस्ता भक्तिवादी कविहरूको दृष्टि गयो । सम्पन्न संस्कृत साहित्यको काव्यभण्डारबाट भक्तिका कोसेलीहरू नेपाली हृदयलाई दिन नै तिनीहरू लालायित भए । यसो गर्नु आवश्यक पनि थियो । धर्मप्राण नेपाली-हृदयमा सुगौली-सन्धिले पारेको चोटलाई पूर्ण विश्वाससाथ निको पार्न धर्मकै आड लिनु अत्यावश्यक पनि थियो । यही कारणले इन्दिरसहरूले वैष्णव भक्तिका आदि स्रोत-ग्रन्थ श्रीमद्भागवतलाई आधार माने । फेरि, त्यस वेला जनतामा पक्की भाषाले बेजोड प्रभाव पारेको थियो; बोलचाल तथा गद्यभाषामा भन्दा अझ भजनादि तथा पद्यभाषामा पक्की बोलीकै प्रयोग हुनुपर्छ भन्ने जनधारणा थियो । ईश्वर प्राप्तिका लागि जनताद्वारा गरिने भाव-प्रयत्नमा पहिलो स्थान संस्कृतको र त्यसपछि पक्की भषाको थियो । नेपालमा पक्की भाषाको परम्परा धेरै अघिदेखि नै चल्दै आइरहेको थियो । फेरि, पूर्वदेखि पश्चिमसम्म फैलन पुगेका सेन-शासित क्षेत्रमा यसै भाषाको प्रचलन थियो । देशी बोलीका नाममा यस पक्की भाषाले प्राधान्य पाइरहेको समयमा नेपाली भाषा उपेक्षित अवस्थामा थियो । तसर्थ तत्कालीन पक्की तथा नेपाली भाषाको पृष्ठिभूमिमा इन्दिरसका कविताको विवेचना गर्नु समय-सापेक्षिक न्याय हुन जान्छ ।

कवि इन्दिरस आफ्ना समयका आँटिला र राष्टवादी व्यक्ति हुन् । भक्तिकाव्यमा नेपाली भाषाको प्रयोग गरेर यिनले जनभावनानुकूल व्रज-अवधी शब्दहरू पनि मिसाए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी शब्दहरू मिसाउनामा नै यिनी लोकप्रिय हुन सक्तथे; र भए पनि।[७] उपेक्षित नेपाली भाषालाई भक्ति जस्तो विशुद्ध र पवित्र काव्यमा प्रयोग गर्नु यिनको ठूलो आँट थियो। सं० १८२५ को राजनैतिक परिवर्तनपछि नेपाली भाषाले पाएको राष्ट्रभाषाको सम्मानका वृद्धि खातिर इन्दिरसको कदम राष्ट्रभाषा प्रेमको परिचायक हो। त्यसैले इन्दिरसको भाषाको मूल्यांकन गर्दा आजका झर्रावादी तथा साहित्य-पण्डितहरूका भाषा-प्रयोगका दृष्टिले हेर्नु दोषपूर्ण ठहर्दछ।

कवि इन्दिरसको काव्य-सीपको सुन्दर निदर्शन "गोपिका-स्तुति" मा भएको छ। डा० ईश्वर बराल भन्नुहुन्छ, "वैष्णव-भावापन्न रचनाद्वारा नेपालीका कोमल अभिव्यक्ति, संवेदनप्रवणता, आन्तरिक भावावेग, नैसर्गिक रसावेश अभिव्यञ्जित गर्न सक्ने हुती र सीप देखाएर उनले कविकर्म र कविमर्मको आदर्श कौशल देखाएका छन्।"[८] शृङ्गार-मिश्रित भावाभिव्यक्तिका लागि चाहिने कोमल-पद, संवेगका उर्लाइ तथा हृदयका निर्लिप्त थकाइको राम्रो प्रस्तुति इन्दिरसको कवितामा भएको छ। केही श्लोकहरू हेरौं—

"गउ चह्राउँदै जानुहुन्छ वन्।
कमल झैं नरम् लाल पाउ छन्॥
गडिदिनन् तिखा पत्थरै ति झन्।
भनि त हामरो पग्लिजान्छ मन्॥

\+ + +

"रति बढाउन्या शोक नासन्या।
व्रज त वेणुले स्वाद पाइन्या॥
अरु कुरा सबै बिसिजाइन्या।
अमृत ओठको द्यौ मिठो हुन्या॥

\+ + +

"कोमल् चरण्कमल जौन् तिमि राति राख्छौ.
विस्तार् कठोर कुचमा भय मानि हाल्छौ॥
जान्छौ तिनै चरणले तिमि ता वनैना,
प्राण्! हामरो अधिक खेद भयो मनैमा॥"

७—ईश्वर बराल ऐजनः पृ० ३१८। उहाँ लेख्नुहुन्छ, "विभिन्न प्रकाशकका 'भाषा सप्तरत्न' 'भाषा पञ्चरत्न' र 'भाषा नवरत्न' का विभिन्न संस्करणमा 'गोपिका स्तुति' सङ्कलित भएबाट यो कविता नेपाली समाजमा बहुपठित र अतिरुचिकर भएको स्पष्ट बुझिन्छ।"

८—ऐजन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रेमका निम्ति गरिने विसर्जन, प्रेमपछिका हृदयका छट्पटी आदिको राम्रो चित्रण कवि इन्दिरसले गरेका छन् । अनूदित भए पनि यिनका कवितामा काव्य-लालित्य छ; पद-चयन र छन्द-विधाको संतुलन काव्यानुशासित छ । अनुवादकभन्दा बढी इन्दिरस कविताका रूपमा टङ्कारिएका छन् । केवल आजका मात्र दृष्टि लिएर यिनलाई होंच्याउने ठाउँ प्रशस्त छन् [जस्तो कि आजका केही समालोचकहरूले यो धृष्टता गरेका छन्] तर त्यो युग, समय, साधन, राष्ट्रिय परिस्थिति आदिका सापेक्षतामा राखेर यिनलाई हेर्दा होच्याउने ठाउँ देखिंदैन ।

विद्यारण्यकेशरी अर्ज्याल

विद्यारण्यकेशरी अर्ज्याल "कवि पण्डित" उर्फ दैवज्ञकेशरी अर्ज्यालका छोरा थिए । यिनको जन्म सं० १८६३ को माघ महीनामा कृष्णत्रयोदशीका दिन नुवाकोट जिल्लाको सूनाखानी भन्ने गाउँमा भएको थियो ।[९] काशीवास गएका आफ्ना वृद्ध पिता दैवज्ञकेशरीकै साथ लागेर यिनी पनि त्यहीं गएका थिए । यिनको विद्याभ्यास त्यहीं भयो । पिताको शेषपछि यिनी सुनाखानीमै फर्किए—यो सं० १८८४ तिरको कुरो हो । यिनका पिता सं० १८६३ मा राजनैतिक कारणले काठमाडौंबाट घपिएका हुनाले यिनलाई समेत काठमाडौं जान निषिद्ध थियो । सं० १८९४ मा यिनलाई काठमाडौं आउन पाउने आदेश मिल्यो । काठमाडौं आई यिनले शास्त्रहरूको अध्ययन गर्ने र अध्यापन गर्ने कार्यमा आफूलाई व्यस्त बनाए । सं० १९०२ मा काठमाडौंमै यिनको देहान्त भयो ।

प्रसिद्ध अर्ज्याल वंशमा जन्मेका कवि विद्यारण्यकेशरी संस्कृतका विद्वान् थिए । बनारस बस्दा प्रसिद्ध पण्डित बाल शास्त्रीसँग सङ्गत गरेर यिनले शास्त्रीय ज्ञान हासिल गरेका थिए । पिता नै कवि तथा विद्वान् भएकाले बालककालमै तदनुरूप यिनको संस्कार बन्दै आएको थियो । पिता बिर्तावाल भएकाले यिनलाई आर्थिक विपन्नताको चिन्ता थिएन । सं० १८९८-९९ मा राजदरबारसँगको सम्बन्धले गर्दा यिनले ठाउँ-ठाउँमा विर्ता पाएका थिए ।[१०] शास्त्रीय चिन्तन-मननमा यिनले आफ्नो मन केन्द्रित गरेका थिए । सं० १८८४ र १८९४ का बीच दश वर्षको अवधिमा जब यिनी सुनाखानीमा थिए, त्यसै बखत साहित्य-सिर्जनामा यिनी लागेका थिए भन्ने कुरो इ० शि० बाबुराम आचार्यले आफ्नो "पुराना कवि र कविता" मा लेख्नुभएको छ । आचार्यज्यूले यिनका

९—डा० ईश्वर बरालको मतानुसार यिनको जन्म काठमाडौंमै भएको थियो । सन्दर्भ यसै क्रमको पाद-टिप्पणी सं. ४ (पृ. ७२)

१०—ऐजन : पृ. ८०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुइ कृति "युगलगीत" र "द्रौपदीस्तुति" को पनि उल्लेख गर्नुभएको छ। डा० ईश्वर बरालको मतानुसार 'भाषासप्तरत्न' (द्वितीय भाग) का सबै पछिल्ला संस्करणमा छापिएको 'वंशीचरित्र' यिनैले लेखेका हुन्। [११] यसरी यिनका कृतिहरूको अनुशीलन घमाघम भइरहेको छ। बाबुराम आचार्यको कथनानुसार यिनले "वेणुगीत" पनि लेखेका थिए, परन्तु त्यो कृति अहिलेसम्म फेला पर्न सकेको छैन। यसतर्फ अनुसन्धानको खाँचो छ।

वंशी-चरित्र—

यो कृति श्रीमद्भागवतको दशम स्कन्ध [पूर्वार्ध] को पैंतीसौं अध्यायमा आधारित छ। इन्दिरसको "गोपिकास्तुति" झैं यो अनूदित नभएर श्रीमद्भागवतलाई केवल आधार मानी तयार गरिएको स्वतन्त्र रचना हो। यो शुद्ध व्रज भाषामा लेखिएको छ। यस कृतिमा कतै पनि विद्यारण्यकेशरीको नाम उल्लेख नभए तापनि डा० बरालले "यसको छन्द, भाव तथा शैली "युगलगीत" सित प्रशस्त मिल्ने हुनाले यसका रचयिता विद्यारण्यकेशरी नै हुन्" [१२] भन्ने निर्णय दिनुभएको छ "द्रौपदीस्तुति" को शैली पनि "वंशीचरित्र" सँग मिल्छ भन्ने तर्क उहाँले पेश गर्नुभएको छ।

'वंशीचरित्र' मा जम्मा एघार श्लोक छन्, जो कृष्णभक्तिसँग प्रत्यक्षतः सम्बद्ध छन्। यो रचना शुद्ध व्रज भाषामा लेखिएकाले यसको विवेचना गर्नु यहाँ आवश्यक ठानिएको छैन; केवल कृतित्वको उल्लेख मात्र वाञ्छनीय मानिएको छ। सन्दर्भका लागि यहाँ पहिलो र अन्तिम श्लोक उद्धृत गरिएको छ—

"गैया कान उठाय पान करती पंछी न बोले कछू।
बच्छे दूध न पीबते थननमें मुख् लाइ ठाढे रहे॥
ग्वाले दोहनिआ लिए दुहतना कर् लाय थन्मे रहे।
जब् बाजी मुरली अली रस भरी श्रीकृष्णकी बाँसुरी॥

\+ + +

"भाषाकी रचना य नन्दसुतके जो कुछ् बने लीजिए।
हम् तो दीन गरीब नित्य दुखिया झट्पट् कृपा कीजिए॥
सब् गुण् पूर हजूर बाँह गहिके अब् देर मत् कीजिए।
मेरी पीर् हरबे किया य जियन चालीस सेर् दीजिए॥

सम्भवतः आफ्ना वृद्ध पिताका साथ बनारसमा छँदा विद्यारण्यकेशरीले यो कृति लेखेका थिए। यस कृतिका केही श्लोकमा सूरदासको प्रभाव परेको छ भन्ने डा० बरालको ठनाइ छ। [१३]

११—ऐजन : पृ. ८५
१२—ऐजन; पृष्ठ ८३
१३—ऐजन; पृष्ठ ८७–८८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रौपदी-स्तुति—

"द्रौपदीस्तुति" महाभारतको सभापर्वका आधारमा रचिएको स्वतन्त्र कृति हो। द्रौपदीको चीर-हरणको प्रसङ्ग जोडेर अन्तमा कृष्णको चरित्र उद्घाटन गर्ने लक्ष्य कवि विद्यारण्यकेशरीले लिएका छन्। यो त यस कविताले व्यक्त गर्ने बाह्य लक्ष्य मात्र हो; वस्तुतः यस कवितामा अन्तर्निहित जुन गूढ लक्ष्य छ त्यो सर्वथा राजनीति सापेक्ष छ। अंग्रेजी शक्तिसँग स्वीकार्नुपरेको हार र त्यस हारबाट मुक्ति पाई विजयका निम्ति पुनः शक्ति आर्जन गर्ने वीर नेपालीहरूको चाहना यस कृतिमा लक्षित भएको छ। यसरी यस कृतिमा निहित प्रतीकात्मक अर्थलाई डा० बराल र बालचन्द्र शर्माले पनि स्वीकार्नु-भएको छ। बालचन्द्र शर्मा यस कृतिलाई आफ्नो समयको प्रतिनिधि काव्य ठहऱ्याउनुहुन्छ, किनभने "अंग्रेजहरूसित पराजित र चारैतर्फबाट सीमित हुनुपरेको पराक्रमको र आज-सम्म अजेय नेपाली जातित्वको विवशता र त्यसबाट त्राण पाउन अलौकिक शक्तिप्रति आत्मनिवेदनको यस रचनामा प्रतीकात्मक राम्रो अभिव्यञ्जना भएको छ"।[१४]

"द्रौपदीस्तुति" को भाषा-प्रयोग इन्दिरसको 'गोपिका-स्तुति' कै परम्पराको हो। कवि विद्यारण्यकेशरी त झन् धेरै समयसम्म बनारसमा बसेका हुनाले ब्रज-अवधी भाषाले इन्दिरसलाई भन्दा बढी यिनलाई अँठ्याएको छ। यो यिनको नेपाली भाषालाई वर्णसंकर बनाई लोतिखरे बनाउने अथवा भारतीकरण (हिन्दीकरण ?) गर्ने प्रक्रिया किमार्थ थिएन। इन्दिरसकै पृष्ठभूमिमा यिनका कविताको भाषा-प्रयोगलाई पनि हेर्नुपर्दछ। खास गरीकन यस कृतिमा जुन स्वतन्त्र भावविधान विद्यमान छ, त्यही नै यसको विशिष्ट प्रयोजन हो।

युगलगीत—

डा० ईश्वर बरालको अनुमान के छ भने "युगलगीत" मा नेपालीइतर प्रभाव अपेक्षाकृत घट्दै गएकाले 'द्रौपदीस्तुति' भन्दा यो पछि रचिएको हो।[१५] यो कृति श्री-मद्भागवतको दशम स्कन्ध [पूर्वार्ध] को तेत्तीसौं अध्यायमा आधारित छ। कृष्ण अन्तर्धान भएपछि वियोगले छट्पटिएका गोपिनीहरूले गरेको गानलाई यस कृतिमा निबद्ध गरिएको छ। यसमा शृङ्गार-मिश्रित भक्तिभाव ओतप्रोत छ, अथवा विरहावस्थाको मानसिक उद्वेलनलाई रागात्मक अभिव्यक्ति दिइएको छ।

"युगलगीत" अनूदित कृति भए तापनि कविको काव्यशिल्पको सुन्दर निदर्शन यसमा भएको छ। मौलिक कल्पनाको प्रयोग गरेर कविले काव्य-सौन्दर्यको रहरलाग्दो रूपको प्रस्तुति गरेका छन्। छन्द तथा अलङ्कार विधानको वैशिष्ट्य यस कृतिमा प्रशंस-नीय छ। ब्रज-अवधी भाषाको प्रभावबाट निकै हदसम्म मुक्त भई नेपाली भाषाको

१४—"इन्दिरस, विद्यारण्यकेशरी र वसन्त शर्मा", **साझा समालोचना** सम्पा. कृष्ण-चन्द्रसिंह प्रधान (काठमाडौं: साझा प्रकाशन, २०२५) : पृ० ८८

१५—यसै क्रमको पाद-टिप्पणी सं० ४ (पृ० ८८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशुद्ध प्रयोग कविले गरेका छन् । अन्त्यानुप्रास मिलाउने झन्झट पन्छाएर कविले उन्मुक्त भावको प्रवाहतर्फ विशेष ध्यान दिएका छन् । उदाहरणका लागि यो श्लोक हेरौं—

"नाना भाव गरी रसै सब भरी टेढी नजर्ले सखी ।
हाम्रो छातिउपर् अनङ्गशरले भेदन् गरी हिंड्दछन् ॥
मोहैले स्तनदेखि शान्ति पनि ता गिर्दा रसन् केशको ।
खुल्दा याद छुटी भजू द्रुम झञ्जी आली जहाँका तहीं ॥"

फुटकर श्लोक—

डा० ईश्वर बरालज्यूले कवि विद्यारण्यकेशरी रचित चार पंक्तिको एउटा श्लोक प्रकाशित गरिदिनुभएको छ ।[१६] त्यो श्लोक यस प्रकार छ—

"कृष्णका चरणको गर सेवा ।
येहि हो जगतको पनि मेवा ॥
हुन्छ क्या अरु भनीकन देवा ।
तस्निमित्त हरिको गर सेवा ॥

कृष्णप्रति कविको भावगृहीत भक्तिको परिचय यस श्लोकले दिन्छ ।

●

कवि वसन्त शर्मा

कवि वसन्त शर्माको जन्म कहिले र कहाँ भएको थियो, त्यो प्रमाणसिद्ध छैन । ताना शर्मा यिनको जन्म सं० १८६० तिर भादगाउँको कटुन्जेमा भएको मान्नुहुन्छ[१७] भने मोहनप्रसाद खनालज्यू सं० १८५२ साल माघ शुक्ल पंचमीका दिन देउपुरमा भएको मान्नुहुन्छ ।[१८] इ० शि० बाबुराम आचार्यज्यूले यिनै कविले लेखेका "कृष्णचरित्र" को उत्तरार्द्धको पैंसठ्ठिऔं श्लोकका आधारमा यिनको जन्मस्थान सिपासिन्धुतिर भएको अनुमान गर्नुभएको छ ।[१९] डा० ईश्वर बराल यी कविको जन्म देउपुर (भाद्गाउँदेखि उतर पर्ने) मै भएको विश्वास गर्नुहुन्छ ।[२०] यिनी कटुन्जेमा बसाई आएका थिए र

१६—ऐजन : पृ० ८२

१७—**नेपाली साहित्यको इतिहास** : पृ० ३०

१८—"कवि वसन्त शर्मा : केही तथ्य केही विचार", मधुपर्क ६/१० (२०३० फागुन), : पृ० ८४-८५

१९—**पुराना कवि र कविता** : पृ० ३६-३७.

२०—"नेपाली साहित्य प्राथमिक काल" र, **साझा समालोचना.** सम्पा. कृष्णचन्द्र-सिंह प्रधान (काठमाडौं : साझा प्रकाशन, २०२५) : पृ० १२५.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बराबर यिनी देउपुर गइरहन्थे भनेर खनालज्यूले लेख्नुभएको छ।[२१] यिनका पिताको नाम परमानन्द थियो। बाबुराम आचार्यले प्रारम्भिककालीन कविहरूमा परमानन्द भन्ने कविको नाम पनि लिनुभएको छ,[२२] तर ती परमानन्द र कवि वसन्तका पिता परमानन्द एउटै व्यक्ति हुन् वा बेग्ला-बेग्लै हुन् निश्चित तवरले थाहा हुन सकेको छैन। कृति फेला नपरेकाले गर्दा यस्तो अन्योल उत्पन्न भएको हो। "समुद्र-लहरी" मा कवि वसन्तले आफूलाई 'जैसी' भने तापनि यिनी 'उपाध्याय लुइँटेल' थिए; यिनले 'जैसी' शब्दको प्रयोग 'ज्योतिषी' भन्ने अर्थमा गरेका थिए। यिनले ज्योतिष पढेका थिए औ चिनाटिप्पन लेखी तथा ज्योतिष हेर्ने काम गरी गुजारा चलाउने गर्दथे।[२३] यिनले सारस्वत व्याकरणको अध्ययन गरेका थिए। कथा-पुराण भन्न यिनी सिपालु थिए। तुरुन्तै कविता रच्नमा यिनी खप्पिस थिए। हरिनाथ ढुंगेलज्यूले लेख्नुभएअनुसार यिनका चार भाइ छोरा थिए। जसमध्ये माहिलो र कान्छो छोरा सानै उमेरमा मरे; जेठा छोरा प्रतिभाशाली थिए, तर युवावस्थामा तिनको पनि मृत्यु भयो। बाँचेको साहिलो छोरो वामदेवलाई घरको सम्पूर्ण भार सुम्पी कवि वसन्त काशीवास गए। काशीमा तीन वर्ष बसेर यिनी कदुन्जेमै फर्केर आए। सतासी (८७) वर्षको उमेरमा यिनको मृत्यु भयो।[24]

"कृष्ण-चरित्र" र "समुद्रलहरी" बाहेक कवि वसन्तका अन्य कृतिहरू पनि रहेका कुराको संकेत पाइएको छ। हरिनाथ ढुंगेलज्यूले दुइवटा फुटकर श्लोक छपाउनुभई कविकै हस्ताक्षरको "सप्तशती" र "जन्मोत्सवविधि" भन्ने पुस्तक उपलब्ध भएको कुरो उल्लेख गर्नुभएको छ।[25] यसरी नै मोहनप्रसाद खनालज्यूले महाभारत विराट पर्वको नेपाली अनुवाद। जो सं० १८९६ सालमा माथि नै पनि भनियो—कृष्णको खास गरीकन वीरत्वपूर्ण व्यक्तित्वको उद्घाटन गर्नु। कृष्णले गरेका उद्धार तथा उपकार कार्य र उनको चरित्रका खास-खास वैशिष्ट्यको निरूपणमै कवि मुख्यतः केन्द्रित छन्। कवि संक्षिप्तताका बाटामा हिंडेका छन्। कविको उद्देश्य शास्त्र वा पुराण-ग्रन्थ तयार पार्नु नभएर काव्य तयार पार्नामा केन्द्रित छ। त्यसैले व्यासका 'महाभारत' को कथा-संगति "कृष्ण-चरित्र" मा खोजेर कमी औंल्याउनु युक्तिसंगत हुँदैन।

कवि वसन्तको आविर्भाव नेपाली भक्ति-साहित्यमा नवीन दिशा-बोधको संकेत थियो। यिनले आफ्ना कृतिमा अनुवादको छाया नै पर्न नदिईकन स्वतंत्र मौलिक काव्य-

२१—यसै क्रमको पादटिप्पणी सं० ४२ (पृ० ८६)
२२—**पुराना कवि र कविता** : पृ० ८
२३—हरिनाथ ढुंगेल, "वसन्त कविको परिचय", **नेपाली**–३९ (२०२६ वैशाख-जेठ-असार) पृ० ६८
२४—ऐजन : पृ० ६९
२५—ऐजन : पृ० ६९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिल्पको प्रयोग गरे । यस प्रयोगमा यिनी पूर्णतः सफल छन् भन्ने दुराग्रह यहाँ लिइएको होइन. अपितु यिनले जुन प्रयोग गरे त्यसको पूर्ण विकास पछि भानुभक्तमा गएर भयो । "कृष्ण-चरित्र" मा मौलिक घटनादिको समायोजन कविको काव्य-चेतनाको द्योतक हो । साहित्यमा कल्पनाको प्रयोग ऐतिहासिक र पौराणिक विषयमा आधारित कृतिमा समेत अनिवार्य मानिन्छ । कल्पनाकै प्रयोगले काव्य-कृति आस्वाद्य बन्दछ । काव्य-सौन्दर्यको सृष्टिका लागि कल्पना-तत्त्वकै प्रयोगमा कवि-लेखकहरू बढी जोड दिन्छन् । कवि वसन्तले 'कृष्णचरित्र" मा यही काव्य-गुणको प्रयोग गरेका छन्, जो पुराणवादी विद्वान् आलोचक-हरूका दृष्टिमा अपराध सिद्ध भएको छ, तर काव्य-सौन्दर्यका दृष्टिले चाहिँ गुण । श्रीमद्भागवत र महाभारतका आँखाले होइन. काव्य-सौन्दर्यका दृष्टिले "कृष्ण-चरित्र" को स्वतंत्र मूल्यांकन गर्नुपर्दछ र यो कृति लेख्नामा कविको के उद्देश्य थियो, त्यस औचित्यमा विचार पुऱ्याउनुपर्दछ ।

नेपाली संसारको झलक "कृष्ण-चरित्र" ले समेट्ने प्रयास गरेको छ । कृष्णको जन्म हुँदा हर्षबडाइँ स्वरूप विभिन्न बाजाका साथ नेपाली डम्फू, खैँजडी, ढोलक र नौमती बाजा पनि बज्दछन् । बालक कृष्णको सातो बोलाइन्छ । कम्मरमा गाग्रो बोकेर 'जसुमती' पनेरो जान्छिन् । ग्वालिनीहरू घरको करांसोमा पुग्दछन् । युधिष्ठिर र दुर्योधन थर्की खेल्दछन् र बाजी पूँढ़ो सर्दछ । बलराम चारधाम जान्छन् । यी वर्णन-बाहेक शब्द-प्रयोगमा पनि नेपालीपनको छाप पाठकलाई कविले दिएका छन्; ती शब्द हुन्—बिनेर, सकस, लोटी, चीयो, बिजाजि, हद्दै, बकुलो भई, नाथ्नू, मुर्दा भई तेरसियो, दपेटा, छट्टू, घस्किजाउ, खाकै गऱ्या, खीसी, छेडछाड, पुँढो सर्दथ्या, भान्से भयामा, ऊपर्खूट्टी आदि । "कृष्ण-चरित्र" स्वतंत्र मौलिक भएकाले कविले नेपाली वातावरण सिर्जना गर्ने क्षमता लिन सकेका हुन् । यी मौलिकताहरूको संगति श्रीमद्भागवत र महाभारतसँग अमिल्दो भए पनि नेपाली काव्य निर्माणमा यी मौलिकताहरू ज्यादै महत्त्वपूर्ण छन् । यसबाट कविको परिवेश-बोधको परिचय पाइन्छ ।

नेपाली खण्डकाव्यको इतिहास पैल्याउँदै जाँदा कवि वसन्तको "कृष्ण-चरित्र" मा गएर नअडी सुखै छैन । खण्डकाव्य नै तयार पार्ने उद्देश्यद्वारा प्रेरित भएर यो कृति कविले नलेखे तापनि नेपाली साहित्यको इतिहासमा पहिलो खण्डकाव्यको स्थान यसले प्राप्त गरेको छ । रूप-संरचनाका आधारमा यो धारणा बनाइएको हो, किनभने खण्ड-काव्यको शैलीमा यस कृतिलाई कथा-वस्तु निबद्ध गरिएको छ । कृष्णको जीवन-वृत्त प्रस्तुत गर्नाका साथै कवि संयमित भएर शिल्प-सौन्दर्यको प्रस्तुतिमा निमग्न छन् । कृति वर्णनात्मक छ, तैपनि ठाउँ-ठाउँमा कविको काव्य-चेतनाले अभिव्यक्ति पाएको छ; जस्तै—

प्रातःकाल भयो निशा चलिगयो दीशा उज्याला भया ।

\+ \+ \+

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"वर्षा श्रावणका अघोर जलझैं बाण्को लडाञी गरी ।
त्यो सेना प्रभुले सखाप् गरि हिड्या रण्मा अगाडो सरी ।।"

"कृष्ण-चरित्र विभिन्न दोषद्वारा आक्रान्त पनि छ । घेरैजसो आलोचकहरूले यिनमा भएको भाषा-सम्बन्धी त्रुटिको ऐरोखेदो गरेका छन् । शब्दको अशुद्ध र विकृत रूप प्रयोग गर्ने भनेर यिनीमाथि आरोप लगाइएको छ । शब्दको शुद्ध र सही रूपलाई ठम्याउने काम व्याकरणको हो । कवि वसन्तले कविता लेख्दाताका नेपाली व्याकरण बन्न नसक्नु तथा तदनुरूप यिनको भाषामा स्थिरीकरण हुन नसक्नु हाम्रै दुर्भाग्य हो । यी कविले जनजिब्रोका आधारमा ठेट नेपाली शब्द तथा भाषालाई "कृष्ण-चरित्र" मा प्रयोग गरे । भाषिक चेतनाको त्यो द्योतक थियो । तर यसमा पनि यिनलाई "शब्दको अनागरिक अथवा ग्रामीण" प्रयोग गर्ने भनेर आरोप लगाइएको छ । नेपाली भाषाको मर्यादा राखी पक्की भाषाबाट राष्ट्रभाषातर्फ नेपाली जनताको ध्यान आकृष्ट गर्ने कवि-प्रतिको यो कृतघ्नता निश्चय पनि न्यायपूर्ण होइन ।

"कृष्ण-चरित्र" मा कवि वसन्त शृंगार मिश्रित-भक्तिबाट सर्वथा मुक्त भएका छन्-यो यिनमा देखिएको नवीन प्रवृत्ति हो । पूर्वार्धको ५९, ६० र ६१ औं श्लोकमा गोपिनीहरूको सारी कृष्णले लुकाइदिएका कुराको वर्णन छ । तर यो वर्णन कामोत्तेजित गर्ने खलको वा अश्लीलचार्हि छैन । विभिन्न असुरहरूको विध्वंशको वर्णन गर्दै कविले कृष्णको वीरताको वर्णनमा नै आफूलाई बढी केन्द्रित गरेका छन् । लडाकू, जुद्ध; विजय, पुरुषार्थ आदिकै भरमार वर्णन यस कृतिमा गरिएको छ । कृष्णको युद्धवीर व्यक्तित्व उद्घाटित गर्न कविले कति पनि कसर बाँकी राखेका छैनन् । कविले गरेको वर्णन कतिसम्म छ भने--

"कोटी दल् यदुवंशिका सँग गरी श्रीकृष्ण खेलीरह्या ।
फूल्को युद्ध गरौं भनेर नदिका तट्मा सबै जन् गया ।।
दाघिक्रावण पुष्पका जुधमहाँ सैन्यै विनाश् भैगया ।
एक्लै कृष्ण रह्या नदीतटविषे ऊदेक मानीरह्या ।। (उत्त० ५९)

सं० १८७३ को सुगौली-सन्धिपछि नेपाली वीरतालाई जगाउने कविको यो आह्वान थियो । जनरल भीमसेन थापाको नेतृत्वमा अंग्रेजसित युद्ध गरेर अघिको विशाल नेपाललाई प्राप्त गर्ने जुन महत्त्वाकांक्षा नेपालीहरूको थियो त्यसलाई उद्दीप्त पार्ने प्रयास "कृष्ण-चरित्र" का रचयिताले गरेका छन् । यसरी यिनले यदुनाथ पोखरेलका 'स्तुतिपद्यहरू' को भूमिका तयार पार्दै थिए भन्ने बालचन्द्र शर्माज्यूको मत ठीक जँच्दछ । २६

समुद्रलहरी—सर्वहितैषी कम्पनीले प्रकाशित गरेको "सवाई पच्चीसा" मा छापिएअनुसार "समुद्रलहरी" को अन्तिम श्लोक यस प्रकार छ–

२६—यसै क्रमको पाद-टिप्पणी सं० ३८ (पृ० ६३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"सालि वाहनि साके कह्याको ।।
सत्र सये पर्छ पैसट्ठि रह्याको ।
शुक्लपक्ष वैशाखको चौथि रह्याको ।।
आदित्यवारमा सिद्ध भयाको ।।"

परन्तु यस कृतिका अनेक पाठान्तर पाइन्छन्, जसमध्ये सं० १९५१ मा भारत-जीवन यंत्रालयले छापेको संस्करणमा पैसट्ठीका सट्टामा 'छ्यासट्ठी' र सं० २००१ सालसा माधवप्रसाद शर्माले छापेको संस्करणमा 'उण्डैसयतिरानब्बे' भनेर छापिएको छ। सं० १९४८ मा पनि भारतजीवन यंत्रालयले यसको एउटा संस्करण (सम्भवतः मूल) छापेको थियो, तर त्यो देख्न पाइएको छैन। यी विभिन्न पाठान्तरले गर्दा यस कृतिको ठीक रचनाकाल पत्तो लगाउन अप्ठ्यारो आइपरेको छ। तैपनि यसको रचनाकाल शाके सं० १७६५ वा ६६ मान्दा वि० सं० १९००–१ तिर यसको रचना भएको मान्न सकिन्छ। अर्को प्रमाण प्राप्त नहुन्जेल यही काललाई मान्नु उपयुक्त हुन्छ।

'समुद्रलहरी' सवाई छन्दमा लेखिएकाले यसको शुरूआत "सुन सुन पाँच हो ! म केहि भन्छु। समुद्रका लहरि झैं मनमा गुन्छु ।"–बाट भएको छ, जसलाई परम्परागत शैली मान्न सकिन्छ। यसमा अध्यात्मका विषयमा कविको हृदय-समुद्रमा उठेका चिन्तना-लहरहरूको अभिव्यक्ति भएको छ। आफ्नो आध्यात्मिक-चिन्तनलाई मुख्यतः कविले कर्म अर्थात् भाग्यको स्वरूप र महत्त्व बनाउनामा केन्द्रित गरेका छन्। शुरूमै कविले भनेका छन्–"छोटा बडा सबले भन् भने भन्छु। कर्म विशेषको कार्जे कहन्छु ।।" यसैको सान्दर्भिक विश्लेषण गर्दै कविले लोभ र मोहबाट हुने हानिको यथेष्ट चर्चा गरेका छन्। "लोभ र मोहमा मिसियाको पाप छ" भन्दै कविले धर्मलाई एउटा यस्तो प्रकाश-पुञ्ज ठानेका छन्, जसले पापरूपी अन्धकारलाई नाश गर्दछ। धनका पिपासुप्रति कविको घृणा छ। यिनको व्यंग्य कतिसम्म तीतो छ भने—

"बडा बडा पंडित वेदरस खान्छन्।
दौलथ बड्यो भन्या मूर्ख होइजान्छन् ।।

धनको लोभ गर्दा हुने दुर्गतिबारे कवि भन्छन्—

"सुनको मृगमा लोभ बढाया ।
राम् लछिमन्ले महा दुःख पाया ।।"

मरेपछि मान्छेले सँगै लिएर जाने धर्म हो, धन होइन। यस छोटो जिन्दगीमा मानिसले यस संसार-समुद्रलाई पार गर्न धर्मकै शरणमा जानुपर्छ; धर्म कहिल्यै मर्दैन—

"जीऊनु थोरै छ मट्टीको भाँडो ।।
थिर हुँन्या छैन कोहि रहँदैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यति चिनिदिया मूर्ख हवैन ॥
धर्म अटल् छ उ काहाँ मर्छ ।"

\+ + +

"अमृतका वृक्षमा विष फल्दैन ।
धर्म अटल् छ कति चल्दैन ॥"

विषय-वासना वा भौतिक मोजमज्जामा लागेका व्यक्तिहरूको खराब भविष्यको संकेत कविले गरेका छन् । सांसारिक मोह-प्रपञ्च र कष्टबाट मुक्ति पाउन कविले भक्ति-मार्ग निर्देशित गरेका छन्; त्यो मार्ग वैष्णव धर्माश्रित छ । कवि स्पष्ट रूपमा भन्छन्, "बाह्र स्कन्ध भागवत् कानले सुन्नू ।" कविका दृष्टिमा हरिभजन वेदरस हो जसलाई पान गर्नाले भव-सागरबाट पार तर्न सकिन्छ । कविताको अन्त्यतिर कवि आह्वान गर्दछन्—

"धर्म र पुन्यमा चित्त बढ़ाऊ ।
निसि दिन सबले हरिगुण गाऊ ॥
हरि बिनु अरु मनमा नचिताउ ।
अरुसँग मुक्ति लिन नचिताउ ॥
जल-थल मण्डल हरिका छाया ।
चौधै भुवन्मा हरिको माया ॥
हरिको नाम सुमिरन गर्नू ।
परम्पद यहि हो परलोक तर्नू ॥"

कवि वसन्तको भक्तिवादी प्रवृत्ति यस काव्य-कृतिमा पनि उद्बोधित भएको छ । लोक-छन्दलाई पक्डेर त्यसमा आध्यात्मिक विषय-वस्तु हाली त्यसलाई सरल ढङ्गले व्यक्त गर्न सक्नु कवि वसन्तको वैशिष्ट्य हो । रहस्यको भुमरीभित्र पाठकलाई अलमल्याउने उद्देश्य कविको छैन । कवि स्पष्ट छन् । कतिपय ठाउँमा कवि भावप्रकाशनका लागि प्रतीकको प्रयोग गरेर अर्थ-गाम्भीर्यको गहिराइभित्र डुबुल्की मार्न पुगेका छन् । तर कविलाई बुझ्न पाठकले कतै बौद्धिक कसरत गर्नुपर्दैन । भाषाको प्रवाहसँग-सँगै अर्थ-निष्पत्तिका ढोकाहरू पनि क्रमशः खुल्दै जान्छन् ।

फुटकर श्लोक – हरिनाथ ढुंगेलजीले कवि वसन्त रचित दुई फुटकर श्लोक 'नेपाली' पूर्णाङ्क ३९ मा छपाउनुभएको छ; ती श्लोक यिनै हुन्—

१. सुकुल्मा उडुस् बस्तछन्, सूकुलैमा
उपीयाँहरू उब्जिरन्छन् क्षणैमा ।
अनूभव् गरी पद्य यो लेखिदीयाँ,
सुकुल्मा कसैका नजाउन् उपीयाँ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२. काशीवास गयाँ बस्याँ तिन बरख् फर्केर आयाँ यहाँ ।
तिम्रै पाउ पऱ्यां प्रभो पशुपते श्री वासुकी छन् जहाँ ॥

यी श्लोकहरूमा गहन भावाभिव्यक्ति नभए पनि कवि वसन्तको कविता-रचना क्षमता प्रदर्शित भएको छ ।

यदुनाथ पोखरेल

यदुनाथ पोखरेल कहिले जन्मे औ यिनको मृत्यु कहिले भयो, यसबारे अहिलेसम्म केही प्रामाणिक आधार फेला परेको छैन । बाबुराम आचार्यज्यूले यिनको जन्म सं० १८६५ तिर भएको अनुमान गर्नुभएको छ ।[२७] रघुनाथ भट्टका यिनी जेठान थिए । यसैका आधारमा बबुराम आचार्यज्यूले यिनलाई रघुनाथभन्दा जेठो साबित गर्ने प्रयास गर्नुभएको छ ।[२८] तर जुवाईंभन्दा जेठान जेठो हुनैपर्छ भन्ने तर्क त्यति बलियो ठहरिन सक्तैन । यिनी नरभोग, सप्तरीका प्रसिद्ध पोखऱ्याल बिर्तावाल-परिवारका थिए ।[२९] बाबुराम आचार्यज्यूको अनुमान छ; "श्री ५ राजेन्द्र विक्रम शाहका प्रशंसामा नेपालका पूर्व भागमा नदीहरूको र चीसापानी गढीको जो बयान गरेका छन्, आँखाले नदेखेको गढीको त्यस्तो बयान हुन सक्तैन । पश्चिमपट्टिका गढीहरूको बयान गरेका पनि छैनन् । यसकारणले यी कवि पूर्विया हुनामा सन्देह छैन ।"[३०] डा० ईश्वर बरालको मतानुसार यिनको वैवाहिक सम्बन्ध काठमाडौंमा भएकाले यिनी बराबर काठमाडौं आउने-जाने गर्दथे । जग्गा-जमीन-सम्बन्धी मामला बोकेर पनि यिनी काठमाडौं आएका थिए ।[३१]

यदुनाथ पोखरेलका पिताको नाम पृथ्वीधर उपाध्याय थियो । यसबाहेक यी कविको जीवनीका बारेमा अरू कुनै कुरा विस्तृत रूपमा थाहा हुन सकेको छैन ।

कृष्ण-चरित्र—कवि यदुनाथ पोखरेलले केवल २१ श्लोकको एउटा सानो "कृष्णचरित्र" लेखेका छन् । यो कृति कहिले लेखिएको थियो त्यो थाहा हुन सकेको छैन । यस कृतिमा कविले श्रीमद्भागवतको दशम स्कन्ध पूर्वार्धका कथावस्तुलाई आधार मानेर ज्यादै संक्षेपमा कृष्ण-लीलाको वर्णन गरेका छन् । यो कृति भुजंगप्रयात छन्दमा लेखिएको छ ।

२७—'पुराना कवि र कविता' पृ० ७५
२८—ऐजन
२९—यसै क्रमको पाद-टिप्पणी सं० ४४ (पृ०१३२)
३०—पुराना कवि र कविता
३१—यसै क्रमको पाद-टिप्पणी सं० ४४ (पृ० १३२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि यदुनाथले यस कृतिमा प्रयत्न-लाघव [Short-Cut] को बाटो समातेका छन् । त्यसैले कविले ती घटनाहरूका मात्र सान्दर्भिक संकेत दिएका छन् जसले कृष्णको चरित्रमाथि प्रकाश पार्दछन् । कवि वसन्त झैं घटनाको वर्णन गर्नामा यिनी लागेका छैनन् । कथा-आस्वादन कवि यदुनाथको अभीष्ट बनेको छैन । उदाहरणका लागि यस श्लोकलाई हेरौं—

"जलैमा स्थलैमा स्वयच्छा हरण्मा
सुगोवर्धनैलाइ करैमा लिंदामा ।
मधुर् मूरली श्री करैमा लिंदामा
फणामा बसी कालिनाग्का दमन्मा ॥"

कविले रासलीलाको पनि चर्चा गरेका छन् । तर त्यो अश्लीलताका लागि नभएर केवल कृष्णको लीला-बाहुल्य रूपको उद्घाटनका लागि भएको छ । मुख्यतः कृष्णलाई बालगोपालका रूपमा हेरी वात्सल्यको रसधारा बहाउने उद्देश्यद्वारा कवि अभिप्रेरित देखिन्छन् ।

'कृष्णचरित्र' मा निश्चय पनि धेरै शैल्पिक त्रुटिहरू होलान्; आभ्यासिक कालको सिकारु कविको यो कृति हुन सक्तछ । यी सबका अतिरिक्त पनि यस कृतिमा काव्य-शिल्पको राम्रो प्रयोग एकाध ठाउँमा नभेटिने होइन । यस कृतिमा संगीतात्मक शब्द-योजना छ र कलात्मक अलंकार-विधानको प्रस्तुति पनि छ । अनुकरणात्मक शब्द-योजना-का निम्नलिखित उदाहरण हेरौं—

"क्वणत् कङ्कणै किङ्किणी छन् कटीमा"

अनि, अनुप्रास-प्रयोगका उदाहरण हेरौं —

"कनक् कुण्डलै झल्कँदा कानमाहाँ
कुटिल् कुन्तलै हिंड्दछन् गाथमाहाँ ।

\+ + +

"विचित्रै अनेकै चरित्रै पवित्रै
इनै मंगलै गाइ गाई चह्राया"

डा० ईश्वर बराल लेख्नुहुन्छ, "संस्कृतका ठाडा तत्सम शब्दको प्रयोग भषाका शब्दमा झैं चटामरी झैं स्वादिलो भएका छन् ।"[३२] भावाभिव्यक्तिको माध्यम स्वरूप व्रज-अवधी भाषाका शब्दहरू होइनन् कि संस्कृत शब्दहरूको अवलम्बन कविले गरेका छन् । नेपाली काव्य-भाषाको राम्रो लक्षणको संकेत थियो त्यो । व्रज-अवधी भाषाको प्रभावबाट खुकुलिंदै नेपाली भाषाको स्वकीय अस्तित्व स्थापनाका लागि गरिएको त्यो ज्वलन्त प्रमाण थियो । यसैको परिनिष्ठित प्रयोग भानुभक्त र लेखनाथले पछि गरे ।

३२—ऐजन : पृ० १३४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तुति-पद्यहरू—यी पद्यहरू बाबुराम आचार्यज्यूले वीर पुस्तकालय [हाल राष्ट्रिय अभिलेखालय] मा फेला पार्नुभएको हो। यी पद्यहरू जम्मा तीन थरीका छन्, जसमध्ये पहिलो र दोस्रामा भीमसेन थापाको र तेस्रोमा श्री ५ राजेन्द्रविक्रम शाह [सं० १८७१–१९३८] को स्तुति गरिएको छ। यिनै पद्यहरू सम्पादन गरी बाबुराम आचार्यज्यूले "पुराना कवि र कविता" मा छपाउनुभएको छ। वीर पुस्तकालयमा रहेका यी पद्यहरूमा कतै पनि कविको नाम उल्लेख गरिएको छैन तापनि बाबुराम आचार्यज्यूले कवि यदुनाथ पोखरेलको "कृष्णचरित्र" को शैली र यी पद्यहरूका शैलीमा पाइने समानताका आधारमा यी पद्यको रचयिता पनि उनै कवि यदुनाथ पोखरेल हुन् भन्ने अनुमान गर्नुभएको छ। भीमसेन थापाका स्तुतिमा लेखिएका पहिलो र दोस्रो पद्यको रचनाकाल सं० १८९०–९४ का बीच र श्री ५ राजेन्द्रविक्रम शाहका स्तुतिमा लेखिएको तेस्रो पद्यको रचनाकाल सं० १८९४–९८ का बीच हो भन्ने तर्क पनि ऐतिहासिक घटना-साक्ष्यका आधारमा आचार्यज्यूले पेश गर्नुभएको छ।[33] ती तीनै पद्यमा एउटै काव्य-प्रवृत्तिको उन्मेष छ; त्यो हो—वीरकाव्य परम्परानुगामी युग-पुरुषको वीरताको स्तवन। अब यी तीनै पद्यको बेग्ला-बेग्लै विवेचनात्मक अध्ययन यहाँ गरिन्छ—

स्तुतिपद्य—१–सुगौली-सन्धिपछि सेलाएको नेपाली वीरतालाई जगाउने काम कवि यदुनाथ पोखरेलबाट भएको छ। अंग्रेजी शक्तिका विरुद्ध लड्न भीमसेन थापा भित्र-भित्रै जुन संगठन गरिरहेका थिए त्यसले नेपालको राष्ट्रिय क्षितिजलाई प्रोज्ज्वल तुल्याइरहेको थियो। वीर नेपालीहरू गुमेका भागहरू पुनः प्राप्त गर्ने चेष्टामा थिए जसका लागि भीमसेन थापाको नेतृत्व अनुकूल बनिरहेको थियो। उनको प्रभावशाली व्यक्तित्व नेपाली वीरताकै ज्वलन्त प्रतीक थियो। बलियो सैन्य-संगठनमा उनी लागेका थिए। कवि यदुनाथ उनै युग-पुरुष भीमसेन थापाको नेतृत्वमा नेपालमा तयार भइरहेको यस परिस्थितिबाट अप्रभावित भएर रहन सकेनन्। अंग्रेजसँग हार हुँदैमा हात बाँधेर बस्नु वीर नेपालीका लागि बिलकुल अयोग्य थियो। कविले राष्ट्रियताको बिगुल फुकेका छन् र भीमसेन थापाको व्यक्तित्वको परिचय दिएका छन्। सुगौली-सन्धिपछि एउटा सीमित क्षेत्रमा खुम्चनुपरेकामा कविलाई हृदयमा असंतोष छ। नेपालको त्यो महान् पूर्व-गौरव आर्जन गर्ने धोको यिनलाई छ। त्यसैले यिनी भन्दछन्—

"फिरंगी हटाई लुटीपोटि चाँडो।
पुगी आज गंगा पषाल्नू छ खाँडो॥"

तालीम प्राप्त नेपाली सैनिकको फुर्तिलो मिजाइसको प्रशंसा कवि नगरी रहन सक्तैनन्। सम्भवतः आफ्नो बिर्ता सप्तरीबाट काठमाडौं आउँदा कविले सैनिक जवानहरूको शूरता देखे, कवि भन्दछन्—

३३—**पुराना कवि र कविता**; पृ० ७४–७५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"सहर् कान्तिपुर्मा बडा कम्पु शूरा
कडा छन् तिलंगा समन्का त पूरा।

\+ + +

"वयस्मा त लायक् समर्का त शूरा"

नेपाली वीर जाति हो, अर्थात् वीरता नेपालीहरूको जातीय गुण हो। यस जातीय गुणका अगाडि अंग्रेजहरू नगण्य ठहर्दछन्। कवि भन्दछन्–

"गोरा त शूरा दुइ एक हुन्छन्
गोर्षामहाँ कातर आज कुन् छन्।
गारन् डराई पनि चिठ्ठि लेष्यो
नेपालका वीर सिपाहि देष्यो॥"

कविले यस कृतिमा नेपाल राष्ट्रले प्राप्त गर्दै गएको आन्तरिक शक्ति-वृद्धिको पनि चर्चा गरेका छन्। नेपालमा भीमसेन थापाले जुन प्रकारको बलियो सैन्य-संगठन गरे त्यसले अरूमा कस्तो प्रभाव पार्‍यो, कवि लेख्दछन्–

"सुनी चीन काबिल् त सामिल् भयाको।
बडा शिष् त रंजित्कि चेतै गयाको॥

\+ + +

"नेपाल्महाँ कम्पु तयार् भयाको
डिल्ली तखत्मा त षवर् गयाको।
लख्नौ नवाफ्को थरहर् पर्‍याको
चारै दिसा बन्दुक बम् भर्‍याको॥

\+ + +

"अंग्रेज लाठ्ले सुनि टोप पट्क्यो
दांत्ले त ओठ् च्यापि त भित्र सट्क्यो
जहाज षोली उतिषेर् भगायो
विधी बिपाइत् डरले पठायो॥"

भीमसेन थापालाई कविले 'अवतार' मानेका छन्। उनी बडा ज्ञानी छन्। सबैका उनी दाता हुन्। उनी अक्कल निकाल्नामा निपुण छन्। उनले गरेका सुधार कार्यहरू नेपाली मानसमा अविस्मरणीय छन्। कवि भन्दछन्—

"अनेक् गुन् र लीला बडा भीम् बलीया।
पुरुष् को छ उस्ता अरू येस् कलीमा॥"

भीमसेन थापाको "बडी बाग" को सजीव तस्वीर कविले उतारेका छन्। कल्पना-शक्तिको मनोरम प्रयोग कविले गरेका छन्। स्वर्गको 'प्रोटोटाइप' का रूपमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविले 'बडी बाग' को दृश्य-विधान पाठकसामु राखिदिएका छन् । यो भीमसेन थापाप्रति कविको अतुल भक्तिको परिणाम हो । यसै प्रसंगमा कविले घरहरा, पूल र दरवारको पनि उल्लेख यस पद्यमा गरेका छन् ।

भुजंगप्रयात छन्दको प्रयोगले गर्दा यो पद्य भावानुकूल गतिमय बनेको छ । शब्द-शिल्पमा संगीतात्मकता छ । अंग्रेजी शब्दहरू नेपाली जिब्रोअनुसार उच्चरित भएका छन् । खास गरीकन चित्रोपम (Graphic) शैलीले गर्दा यो पद्य आस्वाद्य बनेको छ ।

स्तुतिपद्य—२ यस कृतिमा कविले "दर्बार् श्री अमरावती सुरपती नेपालका भूपती" भनेर राष्ट्रप्रेमको अभिव्यक्ति दिएका छन् । कविले भीमसेन थापाको वीरताको प्रशंसा गरेका छन् । भीमसेन थापाले बडो चतुर्याइँसाथ सैनिक प्रबन्ध मिलाएका थिए । अंग्रेजसँग लड्न विशाल धनराशि जम्मा गर्नुपर्ने हुनाले उनले पंचसालाको बन्दोबस्त गरे, जसबाट वर्षको एघार लाख रुपियाँ आम्दानी हुन्थ्यो । भीमसेन थापाले गरेको यस बन्दोबस्तको प्रशंसा गर्दै लेखेका छन्: –

"पान्साला थिति भो सबै मुलुकको राजी दुनीआ अती ।
विर्ता जागिर गूठि पाइ षुसि छन् वैरागि ब्राह्मण् जती ॥

अनेक सुधार-कार्य र बन्दोबस्तले गर्दा भीमसेन थापा आफ्ना समयमा ख्यातिप्राप्त भएका थिए । त्यसैले कविले "औतारी जन हुन् बडा यस घरी श्री भीम् बहादुर् भनी" भनेर उनका कीर्तिको उल्लेख बराबर गरेका छन् । अझ कवि कतिसम्म भन्छन्—

"अंग्रेज्को मनसुब् पनी गइगयो गारन् गल्यो मोप्तमा ।
दिन् दिन् चिन् पनि वश् भयो यस घरी सिष्ले सुनी सोष्तमा ॥
आसाम् आफु सेलाइगो घर फुटी डिल्ली तषत् गैगयो ।
मन्त्री भीम बली भया भनि सुनी सब्लाइ त्रासै भयो ॥"

त्यस वेलाको राजनैतिक गतिविधिसँग कवि पूर्णतः परिचित देखिन्छन् । कम्पू पल्टनको स्थापना भएपछि अन्य देशमा त्यसको कस्तो प्रभाव पऱ्यो त्यस कुराको उल्लेख कविले गरेका छन् । पहिलो स्तुतिपद्यमा झैं यस पद्यमा पनि कविले कम्पू पल्टनको प्रसंगलाई छोई वीर भावको स्वाभाविक चित्रण गरेका छन् । अन्तिम श्लोक कविका बारेमा बुझ्न हामीलाई निकै मद्दत गर्दछ । सुब्बा कुलानन्द झालाई कविले सप्तरीको आफ्नो बिर्ताको मालपोत उठाउने ठेक्का दिएका थिए, तर पछि मालपोत हिनामिना भयो । यसै कुरालाई लिएर कविले भीमसेन थापासँग न्याय मागेका छन् ।

कवि यदुनाथले स्तुतिलाई स्वाभाविक र सरस बनाएका छन् । कल्पनातिरेक स्तुति-वर्णन यहाँ कविको अभीष्ट बनेको छैन । कविमा नीतिमूलक दृष्टिकोण पनि छ । नेपालको इतिहासमा अविस्मरणीय कीर्तिमान कायम राख्ने भीमसेन थापाका कार्य र व्यक्तित्वको परिप्रेक्ष्यमा कविले नीति पनि सिकाएका छन्—"कीर्ती मात्र रहन्छ यो युग भरी आखीर् छ एकै गती" अथवा "कीर्ति मात्र रहन्छ यो युगभरी झूटो अरू हो जती ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तुतिपद्य—३-यस पद्यलाई 'स्तुतिपद्य' भन्नुभन्दा 'गढी वर्णन-पद्य' भन्नु युक्तिसंगत देखिन्छ। भीमसेन थापाले नयाँ-नयाँ सेनाको भर्ती गरेका थिए। उनले कम्पू पल्टनकै मात्र सात पल्टन खडा गरेका थिए। उनको समयमा पूर्व मेचीदेखि पश्चिम महाकालोसम्मका गौंडागोस्वारामा ४० कम्पनी राखी गढ-किल्ला बनाइएको थियो। कुन्छा, डोटी, गाइखुर, पाल्पा, सिलगढी, सप्तरी, महोत्तरी, वारा-पर्सा, धनकुटा, इलाम, विजयपुर, मोरङ, सिंधुली, उदयपुर, मकवानपुर जस्ता ठाउँमा जो गढ़ी-किल्लाहरू बनाइए तिनैको वर्णन कविले यस पद्यमा गरेका छन्। अघिल्ला दुई पद्यका तुलनामा यो पद्य खास महत्त्वको छैन। यस पद्यमा भएका श्लोकमध्ये निम्नलिखित श्लोक निकै काव्यात्मक छ—

"ऊँचो पर्वत लेक् चह्राउ बहुतै झाडी तषाडी तहीं।
काँढा सिस्नु त काँडको वरिपरी षोला त जोला वहीं॥
देष्तैमा त अघोर् भयानक अती पथ्थल् तलैन्या जहाँ।
हट्न्या मन् पनि वैरिको सभ घरी यस्तो त किल्ला कहाँ॥"

यस श्लोकमा चित्रोपम शैलीको प्रयोग भएको छ। अन्य श्लोकहरू वर्णनात्मक भएकाले त्यति रोचक हुन सकेका छैनन्। यस पद्यको पाँचौं श्लोकको तेस्रो पंक्तिमा 'राजन्' शब्दको प्रयोग भएको छ, जो श्री ५ राजेन्द्रविक्रमका लागि प्रयोग भएको भन्ने धारणा श्री बाबुराम आचार्यज्यूको छ। तर आचार्यज्यूले भन्नुभएअनुसार यस पद्यमा श्री ५ राजेन्द्रको स्तुति कतै गरिएको छैन; केवल गढीहरूकै वर्णन गरेर कविले पद्य टुंग्याएका छन्।

निष्कर्ष—माथि हामीले कवि यदुनाथ पोखरेलका प्राप्त भएजति कृतिहरूको विवेचनात्मक अध्ययन गऱ्यौं। यिनी कृष्णभक्ति काव्यधारा-अन्तर्गतका कवि भए तापनि देशभक्त कविका रूपमा नै यिनी बढी प्रभावशाली देखिन्छन्। काव्यात्मकताको सशक्त प्रयोग 'स्तुतिपद्य' मा नै भएको छ। अंग्रेजसँगको हारपछि भीमसेन थापाको राजनैतिक आदर्शले गर्दा राष्ट्रिय चिन्तनधारा कतातिर मोडियो; त्यसको प्रस्तुति यिनै 'स्तुतिपद्य' मा भएको छ। यदुनाथ पोखरेलको कवि-प्रतिभा यी पद्यहरूमा जति अग्रगामी भएर शिल्प-सौन्दर्यको नृत्य देखाउँछ, त्यति 'कृष्ण-चरित्र' मा देखाउँदैन। युग परिस्थितिले कविलाई स्तुतिपद्य लेखाएको हो। त्यसैले यी पद्यहरू स्वाभाविक र हृदयग्राही बनेका छन्।

●

वीरशाली पन्त

वीरशाली पन्तको जन्म तथा मृत्युबारेको तथ्य अहिलेसम्म थाहा हुन सकेको छैन। यिनी बागलुङ निवासी पण्डित मेघराज पन्तका जिबाबु थिए। यिनी "प्रयश्चित्तप्रदीप"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का लेखक प्रेमनिधि पन्तका भतिजा वा नाति थिए भनेर एक प्रतिवेदनमा लेखिएको पाइन्छ।[३४] यिनी इन्दिरस र विद्यारण्यकेशरीका समकालीन थिए। यिनी पनि कृष्णभक्ति काव्यधाराअन्तर्गतकै कवि थिए। भनिन्छ, यिनी वैष्णव साधु भएर मथुरा-वृन्दावनमा बसेका थिए। महात्मा गनिएर यिनी निकै लोक-प्रसिद्ध भएका थिए। यिनको जीवन-वृत्तान्तका बारेमा अरू कुनै कुरो थाहा हुन सकेको छैन।

वीरशाली पन्त कवि-प्रतिभा भएका व्यक्ति थिए। यिनले धेरै भक्तिकाव्य लेखेका थिए भन्ने भनाइ सुनिन्छ। बाबुराम आचार्यज्यूले यिनले लेखेका "श्रीकृष्ण-चरित्र" को चर्चा गर्नुभएको छ।[३५] डा० ईश्वर बराल्ज्यूले यिनले लेखेका "सिद्धान्त-विनय" (भक्तिकाव्य), "सरसप्रेमावली" (भक्तिकाव्य) र "विमलबोध" (भक्ति र अध्यात्म विषयक) को चर्चा गर्नुभएको छ।[३६] यी कृतिहरूमध्ये "विमलबोध" अर्थात् "विमलबोधानुभव" मात्र अहिलेसम्म फेला परेको छ, जसका लागि बालकृष्ण पोखरेलज्यूलाई श्रेय दिनुपर्छ।

विमलबोधानुभव—वि० सं० २०२० प्रकाशित बालकृष्ण पोखरेलको 'वीर-शाली पन्त', शीर्षक लेख पढेपछि "विमलबोधानुभव" बारे हामीले यथार्थ कुरो जान्न पाएक हौं। पोखरेलज्यूले लेख्नुभएअनुसार यो कृति हस्तलिखित ग्रन्थका रूपमा मदन-पुरस्कार पुस्तकालयमा सुरक्षित छ। यसमा जम्मा साढे अठासी श्लोक छन् जुन शिख-रिणी छन्दमा लेखिएका छन्। भक्ति र अध्यात्मको सुन्दर सम्मिश्रण गरेर कविले यस कृतिलाई जम्मा छः तरङ्गमा विभाजन गरेका छन्। विष्णुको आध्यात्मिक भक्ति गर्नु यस कृतिको अभीष्ट रहेको छ।

कवि पन्तको दार्शनिक चिन्तन उच्चस्तरको थियो र यिनी संस्कृत जान्दथे भन्ने कुरो "विमलबोधानुभव" ले प्रमाणित गर्दछ। पहिलो श्लोक नै हेरौं—

"मनः प्राणज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सब चैतन्य झञि हुन्
यही बोध् बूझीन्या अति विमलबोधानुभव यो
बनाहूँ (ॐ) दामा श्री हरिचरण मात्रै शरण छन्"

कवि वसन्तको "समुद्रलहरी" को परम्परामा यस कृतिलाई पंक्तिबद्ध गर्न सकिन्छ। वैष्णव योगी भएका नाताले कवि पन्तले जीव, देह, संसार, परमात्मा आदिका

३४—मोहनबहादुर मल्ल र विदुर खड़का, "बृहत् साहित्य भेलामा प्रस्तुत धवलागिरि अंचलको प्रतिवेदन", नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा सं० २०३४ आषाढ़ ९-१२ मा आयोजित **बृहत् साहित्य भेलामा** पढिएको प्रतिवेदन।

३५—**पुराना कवि र कविता :** पृ० ९

३६ यसै क्रमको पाद-टिप्पणी सं० २७ (पृ० ३१४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बारेमा आफ्ना सूक्ष्म-अन्तर्दृष्टि यस कृतिमा शब्दबद्ध गरेका लन्। एउटा उदाहरण हेरौं—

"ज्व यो देहैलाई अजर अमरै होस् भनिकन
जहीं योगादिक्ले निशदिन अती यत्न गरदा
ति योगीहेरू सब् कठिन बहु फेरामहँ पन्या
निजात्मा चीन्ह्यानन् हरिचरणमा प्रेम नहुँदा"

भाषा-शैलीका दृष्टिले कवि पन्तका यस कृतिको अध्ययन निकै चाखलाग्दो बनेको छ। निराला किसिमको भाषा-शैलीको प्रयोग यिनले गरेका छन् जो पतञ्जलि गजुर्याल्को भाषा-शैलीसँग मिल्छ भनेर बालकृष्ण पोखरेलज्यूले प्रमाणित गर्नुभएको छ। [३७] ज्व (=जो), द्यषिन्य (=देखिने), ह्राको (=रहेको), कस्वरि (=कसरी), आत्माफु, लिंगाफू जस्ता अनौठा शब्दको प्रयोग यिनले गरेका छन्। पोखरेलज्यू लेख्नुहुन्छ, "यिनका वाक्यहरू घुमेका र लामा हुने हुनाले तो कहिलेकाहीं एक सिलोकमा नटुंगिएर अनेकौं सिलोकमा बाँडिएका हुन्छन्। तैपनि हामी पतञ्जलिका सिलोकहरू-भन्दा पन्तका सिलोक रसिला पाउँछौं। तर यिनको कलम पतञ्जलिको भन्दा न धेर परिपक्व छ, न ता थोर परिपक्व छ। [३८] यिनी आफ्ना पद्यमा अन्त्यानुप्रास मिलाउँदैनन् जो दोष नभएर संस्कृत काव्य-शैलीको प्रभाव हो।

●

विद्यापति

हीनव्याकरणी विद्यापतिको जन्म सं० १८५० भन्दा अगावै भएको अनुमान बालकृष्ण पोखरेलज्यूले गर्नुभएको छ। [३९] यिनको जीवन-वृत्तान्तका बारेमा अहिलेसम्म कुनै कुरो थाहा हुन सकेको छैन। यिनी गृहस्थी त्यागेका साधु थिए भनेर तारानाथ शर्माज्यूले लेख्नुभएको छ। [४०] यिनले आफ्नो नम्र स्वभावको परिचायक स्वरूप आफूलाई "हीन-व्याकरणी" भनेका छन्। सके यिनको खास नाम विद्यापति नभएर कुनै अर्कै थियो। यस परिकल्पनाको आधार के हो भने ईशाको चौधौं शताब्दीमा जन्मेका हिन्दी साहित्यका विद्यापतिले जयदेवका कृतित्वको अनुसरण गरेका थिए; उनलाई "अभिनव जयदेव" को उपाधि दिइएको थियो। ठीक यसरी नै हाम्रा विद्यापतिले पनि हिन्दी साहित्यका विद्यापतिका कृतित्वको अनुसरण गरेका हुनाले यिनलाई "विद्यापति"

३७—नेपाली भाषा र साहित्य; पृ० १८८।
३८—ऐजन; पृ० १९२
३९—नेपाली भाषा र साहित्य; पृ० १७९
४०—नेपाली साहित्यको इतिहास, पृ० ३४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपाधि दिइएको हुन सक्छ। हिन्दी साहित्यमा विद्यापति मैथिल-कोकिलका रूपमा विज्ञपित छन् र उनलाई अमर गीतका गायक मानिन्छ। उनले जन-बोलीमा राधाकृष्णभक्ति प्रधान कृति लेखे। संतहरूको उदार वाणीलाई उनले आफ्ना रचनामा अभिव्यक्ति गरे। राधा-माधवको विलास-गति गाएर उनले जन-हृदयमा वैष्णव-भक्तिको अमिट छाप बसाले। यी सब हेर्दा हाम्रा हीनव्याकरणी विद्यापतिलाई पनि उनै हिन्दी विद्यापतिको समतुल्यता-मा राख्न असजिलो पर्दैन। नेपाली भाषालाई 'राजभाषा' भनेर यिनले यसको यथेष्ट सम्मान गरेका छन्। यिनी ब्रज भाषाका पनि ज्ञाता थिए। तर यिनका दृष्टिमा नेपाली नै जन-भाषाका रूपमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म व्याप्त भएकाले यसै भाषामा यिनले शृङ्गारमिश्रित भक्तिपरक कृति लेखेका छन्।

बालकृष्ण पोखरेलज्यूको मतअनुसार योगी अम्बरगीरसँग यिनको परिचय थियो। यिनले जस्तै योगी अम्बरगीरले पनि नेपालीमा 'गीतगोविन्द' को अनुवाद गरेका छन्। त्यसैले यी दुईबीच प्रतिस्पर्धाको भावना थियो कि भन्ने सम्भावना पोखरेलज्यूले देखा-उनुभएको छ।[४१]

बालकृष्ण पोखरेल र डा० जगदीशचन्द्र रेग्मीज्यूका अथक परिश्रम तथा अनु-सन्धानको परिणाम स्वरूप नै हीनव्याकरणी विद्यापतिका कृतिहरू प्रकाशमा आएका हुन्। अहिलेसम्म थाहा भएअनुसार यिनका कृति यिनै हुन् :—

(१) राग बाह्रमासा (पद्य) –रचनाकाल सं० १८६६
(२) गीतवाणी (पद्य) – ,, ,, १८८८
(३) सात राग (पद्य) – ,, ,, ,,
(४) सात नायिका (पद्य) – ,, ,, ,,
(५) गीत गोविन्द (गद्य) – ,, ,, ,,

(१) राग बाह्रमासा—कवि विद्यापति नेपाली साहित्यमा गीतिकविताका प्रथम प्रयोक्ता हुन्। "राग बाह्रमासा" लोकगीतात्मक ढङ्गको कविता हो। यसमा विप्र-लम्भ शृंगारमा पति-वियोगिनी नारीको व्यथा अभिव्यक्त गरिएको छ। वर्षभरिका प्रत्येक महीनामा प्रोषितभर्तृका नायिकाको अन्तर्हृदयमा कस्तो प्रभाव पर्छ, त्यसको प्रस्तुति यस कवितामा भएको छ। केही पंक्तिहरू हेरौं—

"पुसहि मासमा छत्तिस घरि रात॥
अग भई मयेल कुविल भये गाथ॥ सषि॥
माघहि मासमा परला तुसार॥
रुनु झुनु कवरू बढल गाथ॥ सषि॥
फागुन मासमा फुलला अविर॥
तमकँदो बुँद ढहल सरिर॥ सषि॥

४१—नेपाली भाषा र साहित्य : पृ० १७८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस कविताको भाषा शुद्ध नेपाली छैन। त्यसैले यो प्रारम्भिककालीन रचना हो भन्ने अनुमान गर्न सकिन्छ।

यो कविता डा० जगदीशचन्द्र रेग्मीज्यूको अनुसन्धानबाट प्राप्त भएको हो। उहाँले लेख्नुभएको "नेपाली अध्ययन" [प्रका० साझा प्रकाशन, सं० २०३२] भन्ने पुस्तकमा यो कविता छापिएको छ।

(२) **गीतवाणी**—कवि विद्यापतिले यस रचनालाई "गीत गोविन्दको भाषा-टीका" भनेका छन्। यिनले जयदेवको "गीतगोविन्द" को गद्यानुवाद गरेका छन्। त्यही रचनालाई पद्यमा पनि अनुवाद गर्ने यिनले जुन जमर्को गरेका छन् त्यही नै यो "गीतवाणी" हो। यो रचना बालकृष्ण पोखरेलज्यूको अनुसन्धानबाट प्राप्त भएको हो, जो "नेपाली भाषा र साहित्य" [प्रका० रत्न पुस्तक भण्डार, सं० २०२१] भन्ने पुस्तकमा छापिएको छ।

एक्काईस सिलोके "गीतवाणी" को विषय हो कृष्णभक्ति, जसमा कृष्णको शृङ्गारी रूपको चित्रण गरिएको छ। वसन्त ऋतुका वेलाको सौन्दर्यलाई पृष्ठभूमि बनाएर यस कृतिमा रतिपीडित राधिकाको मनःस्थितिको चित्रण गरिएको छ। कवि भन्दछन् =

"विरहीजनको दुःखकारणै यो वसन्त।
यमसरूपी चेष्टा मदन्मित्र भयाको॥
युवतीजनको चित हर्दो कामका गण् सेना ली।
फेरि फेरि क्यान आउँछ कत्ति लाजै नमानी॥

शृङ्गारी वसन्तले वियोगिनी राधाका मनमा विरह-पीडा बढ़ाउँछ र तिनी कामज्वरोले थला परी बेहोश हुन्छिन्। तिनको यस्तो अवस्था देखेर सखीहरू मीठा-मीठा कुरा गरी तिनलाई सम्झाइ-बुझाइ गर्छन्। प्रकृतिमा नाना थरिका फूलहरू फुलेका छन् र भमराहरू भुन्-भुन् गरेर कराउँदै यताउति गर्दछन्। कविले तिनमा पनि रति-पीडाभावको उद्दीपन गरेका छन्। एउटा उदाहरण हेरौं—

"नदनभूपछत्रमाका सुन्छडी झैं।
फुल नागकेशर्माहाँ केशरा छन्॥
मान्हु कामको ठोक्को हो कि भन्या झैं।
भ्रमर्युक्त पाटेश्वरै फुल् देषिन्छन्॥

यसमा कल्पना र बिम्बको काव्यात्मक विधान प्रस्तुत गरिएको छ। वस्तुतः सिगो रूपमा यस कवितामा रागात्मक भावव्यञ्जनाको सुन्दर विधायन छ। अन्त्यानुप्रास मिला-उनपट्टि कविको त्यति ध्यान नगए पनि गीतात्मक लय-प्रवाहका लागि कविले शब्दार्थ-मा माधुर्य भरेका छन्। एउटा उदाहरण हेरौं—

"अति ललित लवंगका लताको सुगन्धी।
सहित मलय कोमल् वायु क्या चेत् बडाउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्रमरषचितभून्भुन् कुञ्जकुञ्ज कुटीमा ।
कोयिली मधुरवाणीमाहाँ क्या मन् दहन्छ ।।"

(३)सात राग—यस कविताका सात श्लोकमा विभिन्न सात रागको परिचय दिइएको छ; ती राग हुन्–दक्षिण गुर्जरी, गौडामालव, वसन्त, राम्करी, देशाषै, वराडी र गुणकरी । यस कवितामा शृङ्गारिकता नै कविको मूलार्थ (थिम्) रहेको छ । दोस्रो श्लोकमा "नितंबिनीको मुखकमलमधुरसचुम्बनले मत भयाको" पुरुष र सातौं श्लोकमा "कोमल् पुष्पशय्या बसी दृष्टि हेर्दी" रमणीको प्रस्तुत प्रसंग छ । यस कवितामा मुद्रा र भावको संश्लेषण ज्यादै रमणीय छ ।

(४) सात नायिका—यस कविताको सातै श्लोकमा सात प्रकारका नायिकाको परिचय दिइएको छ; ती नायिका हुन्–अभिसारिका, वासक्सय्या, विप्रलब्धा, स्वाधीन-भर्तृका, खण्डिता, उत्कण्ठिका र मृगाक्षी । यो विशुद्ध शृङ्गारिक वृत्तिको कविता हो । यौन-उत्तेजनाको उग्र स्थितिको चित्रण कविले गरेका छन् । सम्भोग र विप्रलम्भ दुवै शृङ्गारलाई कविले यस कवितामा छोएका छन् । काम-पीडित कामिनीको यथार्थ स्थिति-को चित्रण यस्तो छः—

"चर्का कामज्वरैका दाहमा ढेरै काँप्छिन् शरीर् थर्थराइ ।
श्वास फेर्दी ठुला शब्दले धकधकाइ आङ्मा पनि रौं ठड्याइ ।
कस्टोया बहु दिन्कि औषध बिना क्षिण् देहकी कामिनी ।
हाइ खाँदि यिनि नायिका भरतामा उत्कंठिता छन् बहुत् ।।

कवि विद्यापति भक्तिवादी मात्र नभएर शृङ्गारी कवि पनि हुन् भन्ने कुराको प्रमाणका लागि यिनको यो "सात नायिका" (साथै "सात रात" पनि) कवितालाई लि। सकिन्छ ।

(५) गीतगोविन्द—यसैको गद्य खण्ड [अर्थात् पृष्ठ....मा] हेर्नुहोस् ।

●

छविलाल नेपाल

"पाल्पाको पनि तानसेन् सहरमा नारायणै छन् जहाँ ।
तिन्मा पूर्वतरफ् तलाउ छ ठुलो मेरो त घर् हो तहाँ ।।
बाबाको दिननाथ नाम छ ठुलो छोरो उनैको त हुम् ।
मेरो नाम् छविलाल् भनेर बुझनू नेपाल थर्को म हुम् ।।

['खड्ग-स्तुति' बाट]

छविलाल नेपालको जन्म वि० सं० १९०५ मा पाल्पा तानसेनको नारायण टोलमा भएको थियो । यिनको थर राता टिंगुली हो भन्ने मत श्री बालकृष्ण पोखरेलज्यूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। [४२] पुरोहित्याइँ गर्ने र पुराण बाँच्ने काम यिनी गर्दथे। श्री ३ वीरशमशेरले स्थापना गरेका 'विष्णुपादुका' का गुठियार पुजारी पुराणवाचक पनि यिनी नै थिए। त्यो काम अद्यापि यिनैका वंशजहरूले गर्दै आउँदै छन्। [४३] १८/१९ वर्षका उमेरमा यिनी तनहुँ चुँदीमा विद्याध्ययनका निम्ति गएका थिए, किनभने त्यहाँ काशीमा विद्या हासिल गरी फर्केका ठूल-ठूला विद्वान्हरू थिए। त्यहाँ कवि भानुभक्त [जो त्यस वेला ५२-५३ वर्षका भइसकेका थिए] को सम्पर्कमा आएर यिनी उनीसँग केही सिक्ने, उनका श्लोक कण्ठस्थ पार्ने र सार्ने काम गर्दथे। [४४] यसैबीच पढाइलाई छाडी यिनी पाल्पा फर्केर गए। १०-१२ वर्षपछि यिनी फेरि पढाइ पूरा गर्न तनहुँ चुँदीमा गए। यस वेला भानुभक्तको मृत्यु भइसकेको थियो। भानुभक्तको "वधूशिक्षा" पढेर "पुत्रशिक्षा" लेख्ने प्रेरणा यिनमा भयो। भानुभक्तका छोरा रमानाथसँग सम्पर्क बढाई यिनले भानुभक्तीय कृतिको अध्ययन गर्न थाले। यसै बेलामा यिनले तनहुँ चुँदी रम्घाका हरिकृष्ण (?) भन्ने व्यक्तिलाई रुद्री लेखेर दिएका थिए।[४५] तनहुँमा बसी यिनले कतिसम्म शिक्षा हासिल गरे, त्यो अज्ञात छ।

छविलाल नेपाल रकमी तालका मानिस थिए। त्यसैले मुद्दा-मामिलाका विषयमा पनि यिनलाई रुचि थियो। आफ्नो "पुत्रशिक्षा" भन्ने कवितामा यिनले लेखेका छन्–

"जानू अड्डा अदालथ्तिर पनि कहिले जो छ राहा विराहा।
सो बुझ्नू मन्मनैले नचुकनु कहिले येहि राखेर थाहा।"

साठ्ठी वर्षको उमेरमा यिनले तेस्रो विवाह गरेका थिए। जेठीपट्टिबाट यिनका तीन भाइ छोराहरू जन्मेका थिए—कुलराज, पद्मराज र शिवकुमार। यिनी खड्ग शमशेरका कारिन्दा पनि थिए भन्ने अनुमान छ। [४६] चौहत्तर वर्षका उमेरमा वि० सं० १९७९ मा यिनको मृत्यु सम्भवतः पाल्पामै भएको थियो।

छविलाल नेपालका अहिलेसम्म प्राप्त हुन सकेका कृति हुन्–गोपीगीत, पुत्रशिक्षा, खड्गस्तुति र केही फुटकर श्लोकहरू। बाबुराम आचार्यले अनुमान गरेअनुसार यिनले खण्डकाव्य पनि लेखेका थिए [४७]। तर यो कृति अहिलेसम्म फेला पर्न सकेको छैन।

४२—कमल दीक्षित (सम्पा.) **बुइँगल** : पृ० ३४३

४३—माधवप्रसाद देवकोटा, "पाल्पाली कवि छविलाल नेपाल", **श्रीनगर**–३ (२०२९ कार्तिक) : पृ० ५

४—नरनाथ आचार्य, **आदिकवि कविसम्राट् भानुभक्त आचार्यको जीवन चरित्र**, (तनहुँ : स्वयं लेखक, २०१७.) : पृ० १११

४५—ऐजन : पृ० ११५

४६—कमल दीक्षित, "छविलाल नेपाल" **श्रीनगर**, संकलन-३ (२०२९ कार्तिक); पृष्ठ १४

४७—**पुराना कवि र कविता**; पृ० 'घ'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन सक्छ कविका माहिला छोरा पद्मराजका घरमा दुई-दुई पटक आगलागी हुँदा अन्य कृतिहरू जलेर खरानी भए ।

गोपीगीत—बनारस र काठमाडौं दुवै ठाउँबाट प्रकाशित भएका "भाषा सप्त-रत्न" का विभिन्न संस्करणमा छविलाल नेपालकृत "गोपीगीत" छापिएको छ । सं० १९२३-२४ तिरै भानुभक्त आचार्यका प्रेरणाले यिनी काव्य-सिर्जनतर्फ आकर्षित भइसकेका थिए । सम्भवतः पहिलोपल्ट तनहुँ चुँदी जाँदा पढाइ स्थगित गरी घर फर्केपछि यो 'गोपीगीत' यिनले रचेका थिए । यिनका अन्य दुई कृति "पुत्रशिक्षा" र "खड्गस्तुति" का अपेक्षा यस कृतिमा प्रारम्भिक शिकारुपनको लक्षण पाइन्छ । ३०-३२ वर्षका उमेरमा लेखिएको यिनको "पुत्रशिक्षा" नामक कवितामा भाषा शैलीको निकै राम्रो छाप छ । एकैचोटि यिनले आफ्ना भाषा-शैली त्यति राम्रो अवश्यै बनाएका थिएनन्; निश्चय नै पूर्व-अभ्यासको परिणामस्वरूप यिनले आफ्नो काव्य-सीप पछि-पछि तिखार्दै लगेका हुन् । त्यसैले यिनको "गोपीगीत" प्रारम्भिक रचना देखिन आउँछ, जसको रचना-काल भानुभक्तको मृत्युताका अर्थात् सं० १९२५ तिर अनुमान गर्न सकिन्छ । त्यस वेलाको युग-परिस्थितिले कविहरूलाई सर्वप्रथमतः भागवत-भक्तिका विषयमै कविता लेख्न प्रेरित गरेको थियो । यस दृष्टिले हेर्दा पनि "गोपीगीत" कवि छविलालको पहिलो कृति अनुमित हुन्छ ।

छविलालको "गोपीगीत" श्रीमद्भागवतको भावानुवाद हो । इन्दिरसको "गोपिकास्तुति" र विद्यारण्यकेशरीको "युगलगीत" का परम्परामा यो कविता रचिए-को छ । कविले काम-पीडित गोपिनीहरूका विलापलाई कविताको विषय बनाएका छन् । गोपिनीहरूका स्तुतिमा शृङ्गारमिश्रित भक्ति छ । कृष्णको अलौकिक व्यक्तित्व र चरित्रमा प्रकाश पार्दै गोपिनीहरू आफू कामशरले बिद्ध भएको कुरो व्यक्त गर्दछन् । गोपिनीहरू लुकी बसेका कृष्णलाई अनुरोध गर्छन्—

"आभूषण् पनि हुन्छ जुन् चरणको टेक्ता पृथिवीमहां ।
सो पाऊ अहि राखि बक्सनुहवस् गोपोनिका स्तन्महाँ ॥"

कृष्णको ओंठको अमृत पान गरी मनका सबै तापबाट मुक्त हुन गोपिनीहरू इच्छुक छन् । तर कृष्णलाई नपाउँदा वियोगले तिनीहरूका मनमा आक्रोश पैदा हुन्छ । गोपिनीहरू भन्छन्—

"छल्नू थियो यदि भन्या किन डाक्नुपर्थ्यो ।
बोल्नू र खेल्नु नभया पनि प्रीति गर्थ्यो ॥
हाँस्नू र खेल्नु यसले वशमा पर्‍याका ।
प्रीती छुट्यो यदि भन्या त भऊ मर्‍याका ॥"

यस कवितामा कामवासनाजन्य भावको चरम अभिव्यक्ति भएको छ । त्यस भावनामा शोक मिसाएर कवि लेख्न पुग्छन्—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"दासीका त कठोर् इनै स्तनविषे राख्दा ति पाऊ पनी।
डर् मानीकन राख्दछौ रतिपते ! दुख्नन् कि कोमल् भनी ॥
सो पाऊहरुमा गड्या कि तहिं छन् पत्थर् तिखा वन्महाँ।
शोक् यो गोपिनिलाइ पारि अहिले जानूभयो नाथ् कहाँ ॥

यही भावलाई इन्दिरसले यसरी व्यक्त गरेका छन्—

"कोमल् चरण्कमल जौन् तिमि राति राख्छौ,
विस्तार् कठोर कुचमा भय मानिहाल्छौ ॥
जान्छौ तिनै चरणले तिमि ता वनैमा,
प्राण् ! हामरो अधिक खेद भयो मनैमा ॥

['गोपिकास्तुति' बाट]

यी दुई श्लोकको भाव-अभिव्यक्ति सामर्थ्यबारे तुलना गर्दा इन्दिरसभन्दा छविलाल नै गहन तथा प्राञ्जल देखिन्छन्। वियोगिनी गोपिनीहरूका हृदयका सूक्ष्मातिसूक्ष्म सम्वेदनाको अभिव्यक्ति कवि छविलालले गरेका छन्। गोपिनीहरू कृष्णलाई "रतिपते!" भनेर सम्बोधन गर्छन् र आफूभित्रको मौन-पीडालाई काव्यात्मक ढंगमा व्यक्त गर्दछन्—

"नेत्रै वाण् गरि दासिको मनहरी माछूं म ऐल्हे भनी।
मान्याको बुझियो नमार्नु अहिले स्त्रीवध् नगर्नू पनी ॥
स्त्रीवध्ले अति पाप लाग्छ बुझनू दोष् केहि छैनन् जहाँ।
स्त्री जात् हामि हजूरमा विनति होस् क्षेमा रहोस् हामिमा ॥"

भाषाको सरलता र स्पष्टता यस कवितामा प्रशंसनीय छ। यति भएर पनि भाषाको साह्रै परिष्कृत रूप सम्भवतः अभ्यासकालीन रचना भएर होला त्यति ज्यादा पाइँदैन। "ओठ्को अमृत पान् दिया हुँदि", "सो ओंठ् चुम्मन गर्न बक्सनुहवस्" जस्ता असजिला वाक्यांशको प्रयोग यसमा भएको छ। जे भए पनि कृष्णभक्ति काव्यधाराका एक शिल्पीका रूपमा कवि छविलाल नेपाललाई प्रतिष्ठित गर्न सकिन्छ।

पुत्रशिक्षा—शिवराज आचार्यज्यूको खोजबाट यो कविता सर्वप्रथम 'नेपाली' पूर्णाङ्क ४० [सं० २०२६ साउन, भदौ र असोज] मा प्रकाशित भएको थियो। आचार्यज्यूले यस कविताका अन्तिम दुई श्लोकको सम्भावित शुद्ध-पाठ पनि युक्तिसङ्गत ढङ्गबाट दिनुभएको छ। यस कविताको रचनाकाल सं० १९३५ देखि ३७ का बीच अनुमान गरिएको छ। [४८] माथि नै भनियो—भानुभक्त आचार्यको 'वधूशिक्षा' बाट प्रेरित भएर कविले यो कविता रचेका थिए। यस कविताका जम्मा दुई खण्ड छन्, जसमध्ये पहिलो ९ श्लोकको खण्डमा विभिन्न देव-देवीको स्तुति गरिएको छ, र पछिल्लो २०

४८— यसै क्रमको पाद-टिप्पणी सं० ६७ (पृ० १०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्लोकको खण्डमा उपदेशको बयान दिइएको छ। जुन उद्देश्यले महाकाव्यमा विघ्न-नाशको कामना गर्दै प्रारम्भमै मङ्गलाचरण दिइएको हुन्छ, कवि छविलालले पनि यस कवितामा "विघ्नै नाश हवस् सदा हजुरका केवल् कृपाले गरी" भनेर गणेश, शिव, भगवती, जनार्दन, सूर्य जस्ता देव-देवीको प्रार्थना गरेका छन्। सम्भवतः भानुभक्तले कमाएको लोक-प्रसिद्धि देखेर यिनलाई पनि त्यस्तै हुन मन लग्यो; कवि भन्छन्—

"पूर्णै सब् मतलब् हवस् अधिक यो सुन्दर् कवीता बनी।
लोवले प्रेम गरुन् बहुत् खुशि भई पाऊँ म यो वर् पनी॥"

"पुत्रशिक्षा" मा भानुभक्तीय "वधूशिक्षा" को प्रत्यक्ष प्रभाव छ। भानुभक्तीय शैलीको अनुगामी भएर कविले "प्रातः कालमहाँ उठेर मनले ईश्वर्विषे ध्यान् गरी" वाट आफ्नो कविता शुरू गरेका छन्। "प्रातः कालमहाँ उठेर पहिले ध्यान् ईश्वरैको गरुन्" भनेर भानुभक्तले "वधूशिक्षा" शुरू गरेका छन्। यी दुई कविको विषय-क्षेत्र भिन्नाभिन्नै भए तापनि तो एक-अर्काका परिपूरक छन्, किनभने सफल गृहस्थीको संचालनका लागि वधू तथा पुत्र दुवैको जीवन निष्ठापूर्ण हुनुपर्दछ र ती दुवैले व्यवहारचतुर हुनुपर्दछ। तसर्थ मूलार्थ (थिम्) का दृष्टिले हेर्दा "पुत्रशिक्षा" र "वधूशिक्षा" मा समानता देखिन्छ।

कवि छविलालको नीति-चेतना शास्त्रादिबाट अभिप्रेरित छ। जीवनको आध्यात्मिक र लौकिक दुवै पक्षलाई आदर्शको धरातलमा राखेर हेरिएको छ। त्यसैले कवि पुत्रवर्गलाई परलोक सपार्ने उपदेश दिन्छन् र धन कमाउने सद्बुद्धि पनि दिन्छन्। तर धनको ज्यादा तृष्णा भयो भने मनमा सन्ताप बढ्छ। कविको उपदेश छ—

"धन खर्च गनु परलोक् बनाई।
धन्माफिकै खुप्सित खाइ लाई॥"

\+ + +

"यो धन्ले यहि रीत् गऱ्या पछि पनी यो सुक्ख पुग्ला भनी।
मन्मा येहि विचार् गरीकन गरोस् धन्को व्यवहार् पनी॥

कविले पुत्रवर्गलाई धर्म र उद्योग दुवैमा लाग्न प्रेरित गरेका छन्। धर्म परलोक सपार्नका लागि हो भने उद्योग यो जुनी सपार्नका लागि हो। यस जुनीमा गरिएको कर्मको फल परलोकमा पाइने हुनाले परोपकार, तीर्थाटन, आत्माप्रेम आदिमा पुत्रहरूले ध्यान दिनुपर्दछ। कविको उपदेश छ—

आर्काको अपकार् कदापि नहवस् आपना त हात्ले पनी
धर्माधर्म विचारि काम् गरिलिनू मर्नैछ यक् वार् भनी॥
तीर्थादिहरू ब्रत् उपासनहरू गर्नू उमेरैमहाँ।
बर्कत् घट्दछ रोग लाग्छ पछि ता तीर्थादि हुन्छन् कहाँ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवनको मुक्तिका लागि भक्तिमार्ग अपनाउन कविले उपदेश दिएका छन्। जीवनको अन्तिम अवस्था अर्थात् बुढ्यौलीमा ईश्वर भक्तिमा चित्त लगाउनुपर्दछ। यो मानव-योनि केवल खेती वा व्यापारमा मात्र सीमित छैन; जीवनमा मुख्यतः धर्म कमाउनुपर्छ भन्ने दृष्टिकोण कविले व्यक्त गरेका छन्।

खड्ग-स्तुति—यो स्तुतिपद्य सर्वप्रथम नरनाथ आचार्यज्यूले लेख्नुभएको "आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र" मा छापिएको थियो। यस पद्यमा काठमाडौंबाट धपिएर पाल्पा गएका खड्गशमशेरको स्तुति गरिएको छ। खड्गशमशेरले परलोक भएकी आफ्नी रानी तेजकुमारीको स्मारक स्वरूप कालीगण्डकीमा 'रानीघाट' का नामले एउटा घाट खोलिदिएका थिए। तानसेनबाट दुई कोश उत्तर पर्ने रानीघाटसम्मको बाटो खुलाउँदा कडा मिहिनेत परेको थियो। कालीगढहरूले जुन सीप र परिश्रम यस बाटाका निम्ति प्रयोग गरेका थिए त्यसको प्रशंसा कविले यस स्तुतिपद्यमा गरेका छन्। गण्डकीको धार्मिक महिमा गाएर कविले खड्गशमशेरको परहितकारी धार्मिक वृत्तिको प्रशंसा गरेका छन्। कवि भन्छन्—

"ठूलो दुःख गरेर स्वर्गपदवी लोक्ले सहज् पइन्या।
यस्तो मार्ग बन्यो अहो ! अति असल् श्री गण्डकी जाइन्या॥

\+ + +

"दीर्घायु यस्ता प्रभुको हवोस।
यो मार्गको कीर्ति सदा रहोस॥

यस स्तुतिमा स्वाभाविक प्रवाह छ। कवि मिथ्याभासबाट बचेका छन्। यस कृतिको रचनाकाल सं० १९५३ तिर हो भनी अनुमान गरिएको छ।[४९]

फुटकर श्लोक—भानुभक्त आचार्यको "प्रश्नोत्तरका अन्त्यमा लेखिएको निम्नलिखित श्लोक कवि छविलालले नै रचेका हुन् भन्ने धारणा नरनाथ आचार्यज्यूको छ—[५०]

"भानूभक्त भनी प्रसिद्ध नरमा जस्को छ नाऊँ पनि,
घर् तिन्को तनहूँ छ बेसि चूँदि हो गाऊँ छ रम्घा भनी।
प्रख्यात् छन् सब लोकमा ति गुणि छन् विद्वान् बडा खूब् थिया
यो प्रश्नोत्तर बुझ्नलाइ सजिलो भाषा बनाईदिया॥

नरनाथ आचार्यज्यूको भनाइअनुसार कवि छविलाल पढ्नका लागि चुँदी बस्दा भानुभक्तका छोरा रमानाथसँग "प्रश्नोत्तर मागी त्यसका अन्त्यमा रचयिताको परिचय दिनका लागि उपर्युक्त श्लोक थपिदिएका थिए। आचार्यज्यू लेख्नुहुन्छ, भानुभक्तले आत्मश्लाघा गर्ने भए त्यत्रो ग्रन्थ रामायणका अन्त्यमा पनि त आफ्नो बयानसहितको

४९—ऐजन; पृ० ६

५०—आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र; पृ. ११२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिचय लेख्ता हुन् । [५१] हुन पनि कवि छविलालले आफ्ना सबै कृतिका अन्त्यमा आफ्नो परिचय दिएका छन् । यिनले भानुभक्तको "प्रश्नोत्तर" मा पनि यो लोभ संवरण गर्न नसकेको हुन सक्छ ।

कविको अर्को फुटकर श्लोक –

"पाल्पाको छविलाल् पढूँ भनि चूँदि आई बस्याको थिजा,
यो रुद्री हरिकृष्णलाइ अहिले माफीक लेखीदिजा ।
ह्रस्वतो दीर्घ सकार सार अघिको पुस्तक्सरी नै छ यो,
यस्मा शुद्ध अशुद्ध सोध अरुथैं मैले त यस्तै भयो ।।

कवि छविलाल सामाजिक पद्य रचना गर्न सक्तथे । भावलाई सहज रूपमा व्यक्त गर्न सक्ने क्षमता यिनमा थियो ।

५१—ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. रामभक्ति-काव्य र कविहरू

नेपाली साहित्यको 'उत्तर-प्रारम्भिक काल' मा रामभक्ति-काव्यधाराका साहित्य-निर्माताहरूमा केवल दुई प्रतिभा [रघुनाथ भट्ट पोखऱ्याल र भानुभक्त आचार्य] मात्र देखापरे तापनि साहित्यिक उत्कर्षको ठोस उपलब्धि यसै धारामा आएर भयो। पूर्व-परम्पराको मन्द-वेग यसै धारामा आएर तीव्रगामी भएको छ र त्यस परम्पराका साहित्य-निर्माताहरूको अभिव्यक्ति-प्रयास यसै धारामा आएर साकार बनेको छ। यस धाराले नै पहिलोपल्ट नेपाली साहित्यलाई महाकाव्य दियो र सबभन्दा मुख्य कुरो त 'आदिकवि' दियो। नेपाली भाषाको व्यापकता र लोकप्रियताको परिधि फराकिलो, नेपाली छन्दको आविष्कार भयो र साहित्यिक परम्परामा बलियो जगको शिलान्यास भयो। यसरी यो रामभक्ति-काव्यधारा नेपाली साहित्यको इतिहासमा ठूलो महत्त्वको हुन गएको छ।

●

रघुनाथ भट्ट पोखर्याल

रघुनाथ पोखऱ्यालको जन्म सं० १८६८ तिर काठमाडौं नक्सालमा भएको थियो।[1] यिनका पिता चक्रधर पोखऱ्याल नाम चलेका पण्डित थिए, किनभने श्री ५ राजेन्द्रविक्रम शाहका दरवारमा उनले सम्मान प्राप्त गरेका थिए। यिनले कवि यदुनाथ पोखऱ्यालकी बहिनी बिहे गरेका थिए। ससुरालीपट्टिको र आफ्नो थर एउटै देखिए-काले अरूको दृष्टि-भ्रमबाट बच्न यिनले आफ्नो थर 'भट्ट' लेख्ने गरेका थिए। यिनी ज्यादै खर्चालु थिए। पिताको शेषपछि घरको व्ययभार थाम्न नसकी यिनी ससुरालीमै शरण लिन पुगेका थिए। ससुरा पृथ्वीधर पोखऱ्यालले यिनलाई सप्तरीको नरभोग भन्ने मौजामा रहेको आफ्नो बिर्तामा राखिदिए। त्यहीं रहँदा-बस्दा यिनकी पत्नीको मृत्यु भयो। यसबाट अर्को दुःखद घटना के भयो भने ससुरालीसँगको यिनको सम्बन्धमा पानी फेरियो। मानसिक चिन्ताले रन्फनिएर सं० १९१५ तिर यिनी काशीतर्फ लागे। त्यहीं रहँदा-बस्दा ३ वर्षपछि अर्थात् सं० १९१८ मा यिनको देहान्त भयो।

रघुनाथ भट्टको केवल "रामायण सुन्दरकाण्ड" मात्र प्राप्त हुन सकेको छ। भनिन्छ, यिनले सम्पूर्ण रामायणको अनुवाद गरेका थिए।[2] सप्तरीमा छँदै यिनले 'अयोध्याकाण्ड' को अनुवाद गरिसकेका थिए भनेर बाबुराम आचार्यले लेख्नुभएको छ।[3]

१—बाबुराम आचार्य, **पुराना कवि र कविता** : पृ० १४२

२—रघुनाथ उपाध्याय, **रामायण सुन्दरकाण्ड**, सम्पा. दीनानाथ सापकोटा (दार्जीलिङ, नेपाली साहित्य सम्मेलन, ई० १९३२) पृ० १०

३—**पुराना कवि र कविता** : पृ० १४८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"सुन्दरकाण्ड" चाहिं यिनले काशीमा छँदा अनुवाद गरेका थिए।[४] दीनानाथ सापकोटाको भनाइअनुसार यिनले "उषाचरित्र" लेख्नाका साथै वेदान्तका श्लोकहरूको पद्यानुवाद पनि गरेका थिए।[५] यिनले फुटकर श्लोकका साथै शृङ्गारिक पद्य-रचना पनि गरेका थिए भन्ने सापकोटाज्यूको भनाइ छ।[६] बाबुराम आचार्यज्यूले यिनका केही फुटकर श्लोकहरू "पुराना कवि र कविता" मा छपाउनुभएको छ। माथि उल्लिखित यिनका अनुपलब्ध कृतिको खोजी हुनु आवश्यक छ।

जेठान यदुनाथ पोखर्‍यालको प्रेरणाबाट रघुनाथ भट्टले साहित्यिक जीवनमा पदार्पण गरेका थिए। आफ्ना जेठानसँग यिनी पद्यमै पत्राचार गर्दथे।

रामायण-सुन्दरकाण्ड–जम्मा ५ सर्गमा विभाजित यो कृति सर्वप्रथम सं. १९४५ मा साक्षीविनायक, गोरखा यन्त्रालय, बनारसबाट मुद्रित भई प्रकाशित भएको थियो। पछि सं. १९८९ मा यही पुस्तक र ओखलढुङ्गाबाट प्राप्त एक हस्तलिखित पुस्तकका आधारमा कविराज दीनानाथ सापकोटाको सम्पादनमा नेपाली साहित्य सम्मेलन, दार्जीलिङबाट यो पुस्तक पाठभेदसहित प्रकाशित भएको थियो। सम्पादक दीनानाथ सापकोटाले यस कृतिका रचयिता रघुनाथ भट्टलाई 'आदिकवि' मान्ने पक्षमा तर्क पेश गरेका छन्, जो त्यति युक्तिसङ्गत नभए तापनि केचाहिं मान्न कर लाग्दछ भने यस कृतिमा कविको निजी शैलीको प्रयोग छ। कवि रघुनाथ भट्ट "उत्तर-प्रारम्भिक काल" का निराला कवि हुन्। यिनको शिल्पगत प्रवृत्ति समकालीन कविहरूका भन्दा बेग्लै छ। यिनका आफ्ना अनेक सीमाहरूका बाबजूद पनि रामभक्ति काव्य-परम्परामा यिनको ऐतिहासिक महत्त्व सुरक्षित छ; ती हुन् (१) यस परम्पराको शिलान्यास यिनले नैं गरे, (२) तराईको एक क्षेत्रमा बसेर क्षेत्रीय भाषाका शब्दावलीलाई समेट्दै राष्ट्रभाषा नेपालीमा यिनले रचना गरे, अनि (३) रचना-सौष्ठवको वृद्धिका खातिर शिल्प-चमत्कारको प्रदर्शन गरे। धेरै विद्वान्हरूले यिनलाई भानुभक्त आचार्यका सामु हिड़ाउने प्रयास गरेका छन्। हो, भानुभक्तलाई यिनले उछिन्न त के भेट्न पनि सकेनन्। तर समकालीन हुँदैमा भानुभक्तसँग यिनको शैली मिल्नैपर्छ भन्ने अनिवार्यता छैन। यदि यिनमा भानुभक्तीय काव्यका वैशिष्ट्यहरू विद्यमान भएका भए निश्चय नै आदिकविको पगरी भानुभक्तबाट खोसेर यिनलाई लगाइदिन हामी वाध्य हुन्थ्यौं। न यिनी भानुभक्तसँग तुलनीय छन् न यिनको शिल्प-चेतनामा भानुभक्तको प्रभाव छ। समग्र कृति फेला पारेर तिनको विवेचनात्मक अध्ययन नगरीकन यी कविलाई एकैचोटि भानुभक्तसँग भिडाउनु

४—ऐजन पृ० १४८

५—यसै क्रमको पाद-टिप्पणी सं० ७७ (पृ० १०)

६—ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्यायोचित होइन। ईश्वर बरालज्यूले ठीक भन्नुभएको छ–"रघुनाथको समग्र कृति पाइ-एको भए उनको महत्त्व भानुभक्तका तुलनामा दाँज्न अझै सकिन्थ्यो।" ७

"सुन्दरकाण्ड" मा हनुमानको वीरता, रामभक्ति र चातुर्यको चित्रण गरिएको छ; सीताको पतिभक्ति र विह्वलताको वर्णन गरिएको छ; रामचन्द्रको उदार हृदयको परिचय दिइएको छ; र रावणको राक्षसी वृत्तिको तस्वीर खिँचिएको छ। कविले रामको दिव्य-चरित्रमा प्रकाश पारेका छन्। कथावृत्त मात्र पढ्दा यस्तो लाग्छ–कविले लोक-विश्वासलाई यथार्थका आधारमा पक्री पाठकलाई आदर्श लोकतिर लाने जमर्को गरेका छन्। प्रथम सर्गको उनन्तीसौं श्लोकमा सीताको देन्ने आँखा फर्फराएको, रावणको बाहु र रामचन्द्रको दक्षिणांग फुरेको कुराको उल्लेख छ। त्यसरी नै द्वितीय सर्गको आठौं, नवौं श्लोकमा स्वप्न-विश्वासको चर्चा छ। यी सामाजिक विश्वासको चर्चाबाट यस कृतिलाई रोचक हुनामा आड प्राप्त भएको छ। तृतीय सर्गको चौधौं श्लोकका अन्तिम दुई पङ्क्तिमा हनुमानसँग सीताले गरेको यो प्रश्न यथार्थको कति नजीक छ, हेरौं––

"सीता ती भन्न लागिन् नरसित कसरी सङ्ग भो वानरैको।
दास् हूँ रामचन्द्रजीको भनिकन तिमि यो भन्दछौ क्या भन्याको॥"

प्रकृति-चित्रण गर्न पनि कविले निकै राम्रो शीपको प्रयोग गरेका छन्। अशोक बाटिकाको सजीव तस्वीर खिच्दै कवि लेख्दछन्—

"सिढी छन् वापी छन् सब रतनले ती जडित छन्।
हरीन् छन् पन्छी छन् कलपतरु छन् राजमहल छन्॥
नुह्याका शाखा छन् फलफुल फुल्याका बहुत छन्।
असौको वन् येस्तो चहुँदिश ढुँडो भो थकित मन्॥"

रघुनाथ भट्ट भक्तिवादी कवि हुन्। "सुन्दरकाण्ड" मा यिनले हनुमानका कृत्य-हरूका माध्यमबाट आफ्नो भक्तिभाव पोखेका छन्। रामको आदर्श चरित्रमा प्रकाश पार्ने कविको अभीष्ट छ। पूर्व-दीप्ति विधि [Flash-back Tachnique] प्रयोग गरिएको तृतीय सर्गको श्लोक २२–३३ मा कविले भक्तिभावलाई कथानुबन्धमा यसरी व्यक्त गरेका छन्—

"चौध लोक उ घुमी-फिरि आयो।
रामका चरणमा शिर लायो॥
पर्दछू शरणमा भनि गायो।
रामको पनि दया तब आयो॥"

७––ईश्वर बराल, "रघुनाथ भट्ट पोखरयाल, **कविता**, वर्ष १, अङ्क ३, २०२२ वर्षा, पृष्ठ २७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्ति-प्रसङ्गका दृष्टिले चतुर्थ सर्ग विशेष महत्त्वको छ। ब्रह्मपासद्वारा बाँधिएका हनुमान जब रावणका समक्ष पुग्दछन्, उनका स्पष्टोक्तिहरू रामभक्तिको उच्च भाव व्यक्त गर्नामा केन्द्रित हुन्छन्। कवि लेख्दछन्—

"रामलाइ परमात्म नठानी।
भक्तिले त सुखभोग नठानी॥
पार जानु कसरी सहजैमा।
दुःख तरङ्ग भवसिन्धु-बिचैमा॥

हनुमान रावणका सामु जो बोल्दछन्, ती कविको अन्तर्हृदयका उद्गार हुन्। कविको अध्यात्मज्ञान, भक्तिको चरम आदिको प्रकटीकरण यही प्रसङ्गमा भएको छ।

रघुनाथ भट्टको भाषा-सीप पूर्ववर्ती कविहरूका दाँजामा हियाउन सकिने खालको छैन। भानुभक्तको रामायण यिनको भन्दा पछि लेखिएको हो। त्यसैले पछिका सँग अधिकाको तुलना गर्नु इतिहास-सापेक्ष न्याय हुँदैन। माथि नै भनियो, कवि रघुनाथमा निजी शैलीको विकास भएको छ, जसलाई न साह्रै उच्च कक्षाको न साह्रै निम्न कक्षाको भन्न सकिन्छ। यत्ति हो कि भानुभक्तको शैलीले झैं यिनको शैलीले इतिहासमा लामो र स्थिर परम्परा कायम राख्न सकेन। यिनको शैली लोकका निम्ति त्यति ग्राह्य हुन सकेन; नत्र श्रुति-परम्पराका रूपमा नेपाली समाजमा यिनका रामायणले मान्य–भूमिका पाइरहन्थ्यो–भानुभक्तकाले झैं। तर कुनै कृतिले जन-समाजमा मान्य-भूमिका पाउनु वा नपाउनु नै साहित्यिक श्रेष्ठत्वको सच्चा मापदण्ड होइन। कवि रघुनाथमा साहित्यिक श्रेष्ठत्वको गुण हुँदै नभएको होइन, मात्रा कम छ–मान्नैपर्छ। भाषाका शब्दको अभिव्यक्ति-क्षमतासँग यिनी परिचित देखिन्छन्। "सिन्धु गोखुर् बनाया" मा काव्य-सीपको जुन गाम्भीर्य छ त्यसलाई क्लिष्टता भन्नु युक्तिसङ्गत होइन। ईमानदारिताका साथ यिनले मूलबाट आफ्नो "सुन्दरकाण्ड"को अनुवाद गरेका छन्। यसमा यिनको मौलिक प्रतिभाको प्रयोग छ, भावना र बौद्धिकताको सन्तुलनमा आफ्नो परिवेशजनित भाषिक प्रभावद्वारा उद्भुत काव्य-भाषाको प्रयोग छ, र अन्तमा आफ्नो लक्ष्य प्राप्तिमा कवि सफल बनेका छन्।

कवि रघुनाथका आफ्नै सीमा छन्। यिनीमाथि थोपरिएका दोषहरू सर्वथा आधार-हीन पनि छैनन्। हो, यिनले निकै ठाउँमा व्याकरणको प्रमाद गरेका छन्, तर व्याकरण-द्वारा भाषा अनुशासित नै नभइसकेको समयमा यिनका कृति लेखिएकाले यो प्रमादको प्रश्न त्यो समयको सापेक्षतामा ठीक जँच्दैन। हो, यिनले नेपालीइतर शब्दावलिको प्रयोग गरेका छन्। तर विचारणीय के छ भने सबै कविहरू एकै ठाउँका हुँदैनन्। आफ्नो ठाउँमा प्रचलित भाषाको प्रभाव त्यस कविमा पर्छ। सप्तरी नेपाल नै हो र सप्तरीमा बोलिने नेपालीइतर भाषा पनि नेपालकै हो। समुद्रपारबाट यिनले शब्द आयात गरेका छैनन्। यिनमा क्लिष्टता पाइन्छ भन्नु पूर्वाग्रह मात्र हो। भानुभक्तले जे गर्न सके त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनले गर्न सकेनन् भन्नुभन्दा पूर्व-परम्पराको प्रवाहमा यिनले जुन प्रवृत्ति प्रदर्शित गरे त्यसको सापेक्षतामा यिनको सही मूल्यांकन हुनुपर्दछ ।

फुटकर श्लोक—कवि रघुनाथमा राजनैतिक चेतना थियो । निम्नलिखित श्लोक यस कुराको प्रमाण हो—

"आकाशको जुन शेर हो उ पनि ता घायल् भया चोरले ।
सिर्को वर् जुन हो थियो उ पनि ता घायल् भया सोरले ॥
सिद्धैका जुन जङ् थिया उ विर ता घायल् भया भोरले ।
भाग्यैले परिपाठ पर्दछ कि यो को बुद्धिका जोरले ॥"

यस कूटपद्यमा तत्कालीन राजनैतिक गतिविधिको वर्णन छ । कविको कवित्व-शक्तिको यो सुन्दर नमूना हो । अन्य फुटकर श्लोकहरूमा [जो "पुराना कवि र कविता" मा प्रकाशित छन्] कविको वैयक्तिक भाव-प्रतिक्रिया तथा संवेगआवेगको अभिव्यक्ति छ । यिनले रचेको पत्रात्मक पद्य वर्णनात्मक छ । समग्र रूपमा हेर्दा यी कवि भावुकताभन्दा बढ़ी बौद्धिक चेतनाद्वारा अनुप्रेरित भएका देखिन्छन् ।

●

भानुभक्त आचार्य

भानुभक्त आचार्यको जन्म तनहूँ रम्घाको चुँदी बेसीमा सं० १८७१ आषाढ २९ गतेका दिन भएको थियो । यिनका पिताको नाम घनञ्जय र बाज्येको नाम श्रीकृष्ण आचार्य थियो । बाज्येकै रेखदेख र अनुशानमा रहेर यिनले बाल्यकालीन प्रारम्भिक शिक्षा हासिल गरेका थिए । बाह्र वर्षको उमेरसम्ममा यिनले संस्कृत साहित्य, व्याकरण र ज्योतिष विषयको अध्ययन गरिसकेका थिए । यद्यपि साहित्यका अध्येता हुनाको नाताले सानै उमेरदेखि कविता-रचनाप्रति यिनी आकृष्ट भइसकेका थिए; बाईस वर्षका उमेरमा घाँसीबाट प्रेरणा पाएर यिनले साहित्यिक जीवनको प्रारम्भ गरेका थिए । सं० १८९८मा यिनले रामायणको बालकाण्ड लेखे । व्यक्तिगत काम-विशेषले सं० १८९६ मा यिनी काठमाडौं आए । कविता-साधनाको काम निरन्तर जारी थियो । बालाज्यूको प्राकृतिक सौन्दर्य र कान्तिपुरको सुषमाबाट आकर्षित भएर यिनले कविता रचना गरे । काठमाडौं आएका बेलामा जङ्गबहादुरका भाइ कृष्णबहादुरसँगको बढ्दो घनिष्ठताले गर्दा सं० १९०७ मा जागीरे भई यिनी मदेशतर्फ लागे । नोकरीकै सिलसिलामा यिनी पाल्पामा गई पल्टनमा गोश्वारा दफ्तरमा वा कुनै पल्टनमा खरदार भएर बसे ।[८] त्यहाँ कवि छविलाल नेपालका पिता दीनानाथ पण्डितसँग यिनको मित्यारी गाँसिन पुग्यो । दुई वर्षसम्म नोकरीमा रहेपछि कागजपत्र बुझाउन नसकेको कारणमा कुमारीचोक,

८--बाबुराम आचार्य, **पुराना कवि र कविता**, पृष्ठ १०४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काठमाडौंले यिनलाई पक्र्यो । यो सं० १९०९ तिरको कुरो थियो । कुमारीचोकले यिनलाई पाँच महीनासम्म नजरबन्दीमा राख्यो । यसै वेलामा यिनले अघि लेखेको बालकाण्डमा आवश्यक संशोधन गरी अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दर काण्ड लेखे । नजरबन्दीबाट छुटेपछि काठमाडौंको आफ्नै घरमा बसी सं० १९१० मा बाँकी दुई युद्धकाण्ड र उत्तरकाण्ड पनि यिनले लेखिसिद्ध्याए ।

जागीर छुटेपछि भानुभक्त आचार्य घर-गृहस्थीमा लागे । यिनी बराबर काठमाडौं आइरहन्थे । तनहूँमा छँदा पाल्पाली छविलाल नेपाललाई यिनले खुपै प्रभावित पारेका थिए । सं० १९१९ तिर लेखिएको यिनको 'वधूशिक्षावाट' प्रभावित भएर छविलालले 'पुत्रशिक्षा' रचना गरेका थिए । यिनलाई आफ्नो जीवनमा मुद्दा-मामिलाको अनेक झन्झट आइलाग्यो । गिरधारीसँगको यिनको जग्गासम्बन्धी झगड़ा प्रसिद्ध नै छ । आफ्ना जीवनको पछिल्लो दुई दशकमा यिनले पुरोहित्याइँ वृत्ति अपनाए औ ज्योतिषीको काम पनि गर्न थाले । तिर्जा किनबेच गर्ने काम पनि यिनले गर्न थाले । यसै कामका सिलसिलामा पाल्पासम्म पनि यिनी पुग्दथे । पाल्पाका धर्मदत्त ज्ञवाली यिनका परम मित्र थिए ।[९] यिनै मित्रले यिनलाई रामगीताको अनुवाद गर्न अनुरोध गरेका थिए । यसै वेला रम्घामा यिनी बिमारी परे । बिरामी अवस्थामा आफू अशक्त भएकाले यिनले आफ्ना छोरा रमानाथबाट श्रुति-लेखन गराई 'रामगीता' पूरा गराए । यसै साल अर्थात् सं० १९२६ मा यिनको इहलीला समाप्त भयो ।

भानुभक्त आचार्य नेपाली साहित्यका आदिकवि हुन् । यिनलाई आदिकवि मान्दा परम्परावादी ठहरिएको मानिंदैन । यिनलाई आदिकवि मान्नाका दुई आधार छन् : (१) पूर्व-परम्पराको सापेक्षतामा यिनले खेलेको महत्त्वपूर्ण भूमिका र (२) यिनका प्रतिभाको परिप्रेक्ष्यमा तत्कालीन काव्य-धाराले लिएको मोड़ । यिनीभन्दा अघि प्रशस्त कविहरू देखिएका भए तापनि तिनीहरूका प्रयास यिनमै आएर मूर्तिन पुगेको छ । समवर्ती वा पूर्ववर्ती काव्यकारहरूद्वारा लेखिन नसकेको महाकाव्य यिनीद्वारा लेखिन सकियो भनेर मात्र होइन कि वास्तवमा गुण र परिमाण दुवै दृष्टिले यिनको कृतित्व श्रेष्ठ छ । नेपाली साहित्यको इतिहास-रचना निराला ढंगको छ; त्यो के हो भने आदिकविको निर्क्योल गर्दा कृतिको जेष्ठतालाई नहेरेर प्रतिभा-प्रादुर्भावको प्रतीक्षित क्षणलाई हेर्नुपर्दछ । यस दृष्टिले भानुभक्तको प्रादुर्भाव नेपाली साहित्यमा आदिकवि हुनाका निम्ति असंदिग्ध देखिन्छ । यस कालको प्रवृत्तिगत वैशिष्ट्यको प्रतिनिधित्व भानुभक्तबाटै भएको छ । नेपालीको साहित्यिक भाषाले जीवन्त रूप यिनीबाटै पाएको हो । यिनी भक्तिवादीका साथ-साथै प्रकृतिवादी; राष्ट्रवादी, व्यङ्ग्यवादी आदि अनेक विशेषणद्वारा विभूषित छन् । यिनका व्यक्तित्वले नेपाली साहित्यमा महिमोज्ज्वल पदचिन्ह छाडेको

९—त्यसैले त मित्रका छोरा बोधराज ज्ञवालीलाई गायत्री मन्त्र सुनाउने काम यिनै भानुभक्तले गरेका थिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। वास्तविकता के हो भने दीर्घ परम्पराको प्रारम्भ यिनीबाटै हुन सक्यो। यिनका कृति काव्यको परिधिभित्र मात्र सीमित नरहेर नेपाली जीवनका सांस्कृतिक पक्षमा समेत व्याप्त हुन पुगेको छ। इतिहासका पृष्ठमा यिनी पूज्य हुन सके। नेपाली साहित्यमा यिनी पूज्य हुन सके। नेपाली साहित्यमा यिनी एक आदर्शका रूपमा प्रतिष्ठित छन्।

रामायण—भानुभक्तीय रामायणका सृजनाको पृष्ठभूमिमा निहित राजनीति-सापेक्ष कारणका बारेमा स्पष्ट गर्दै बाबुराम आचार्यज्यू लेख्नुहुन्छ, "राजभवन अशान्ति-को क्रीडा-भवन बनिरहेको थियो। भीमसेन थापाका परिवार जेलबाट छुट्दै थिए। तिनका ठाउँमा कोर्राका मार खाँदै काला पाण्डेहरू मारिदै थिए। राष्ट्रलाई बनाउने भारा-दारका सन्तान स्वार्थी बनेर राष्ट्रिय भावनालाई छिन्नभिन्न पारिरहेका थिए, यस अशान्ति-को लहर देशव्यापी हुने भय भानुभक्तले देखे होलान्। यसै कारण यिनले रामायण लेख्न थालेका होलान्। /स्वार्थले रुखा भएका राजा, भारादार र जनतालाई समेत स्वार्थत्याग-को पाठ पढाई शान्तिरसको शीतल धाराले ठण्डा गरिदिनमा रामचरित्र नै 'रामवाण' को औषध थियो। राष्ट्रका निम्ति रामायणका प्रचारको अत्यन्त आवश्यक अनुभव गरेर भानुभक्तले सुबोध रामायण लेख्न थालेको देखिन्छ।" [१०] त्यसैले यो कृति भानुभक्तका युगबोधको मूर्त निदर्शन हो। राष्ट्रिय स्थितिप्रतिको यो सचेतता हेर्दा के स्पष्ट हुन्छ भने भावना र भावुकताको शीशमहल [Ivory Tower] भानुभक्तको कर्तृत्व थिएन। यिनी यथार्थको धरातलमा ओर्लेर जनमानसलाई आदर्श लोकतर्फ प्रत्यावर्तन गर्नामा प्रवृत्त छन्।

भानुभक्तीय रामायणको आधार हो 'अध्यात्मरामायण', जो वेदान्त दर्शनमा आधारित भक्तिको प्रचार गर्ने उद्देश्यले लेखिएको थियो। कविले यही संस्कृत ग्रन्थको भावानुवाद गरे तापनि महत्त्वपूर्ण कुरो के हुन गएको छ भने यो कृति हूबहू मूलानुसारी नभएर मौलिक बनेको छ। यो मौलिकता वस्तु तथा शिल्प दुवैमा व्याप्त छ, जसको साझा आधार हुन पुगेको छ—नेपालीपनको प्रतिष्ठा। भानुभक्तको सामाजिक चेतना, सौन्दर्यवादी दृष्टि, रसग्राह्यता, शिल्पचेतना आदि सबैको मेलबाट सृजित भएको यस कृतिमा कवि केवल अनुवादक मात्र भएका छैनन्। यसमा अनुवाद केवल निमित्त मात्र हुनपुगेको छ; जातीय भावनामा आधारित बौद्धिक प्रच्छन्न तर काव्यात्मक प्रत्यक्ष चेतनाको सबल अभिव्यक्ति यसको लक्ष्य रहेको छ। बालचन्द्र शर्मा भन्नुहुन्छ; "देश, काल र परिस्थितिको विचार राखी संस्कृत रचनालाई आधार-ग्रन्थ बनाए तापनि भानु-भक्तको व्यक्तित्व र त्यसद्वारा युग-प्रयोजन र कामना स्पष्ट नै मुखरित भएको छ।" [११] मूलबाट अनुवाद गर्दा कविले आफ्ना आँखा सामु नेपाली समाजलाई राखेका छन्,

१०—"हाम्रा आदिकवि भानुभक्त", **रूपरेखा**, पूर्णाङ्क १५, वर्ष ३, अङ्क ३, (२०१९ श्रावण) : ३४

११—**भानुभक्त** (दार्जीलिङ : नेपाली साहित्य सम्मेलन, २०१४); पृ० ७४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थात् कथावृत्त र पात्रलाई नेपाली-स्पर्श प्रदान गरेका छन् । यो भानुभक्तका युगले राष्ट्रियताको संरक्षणका निम्ति गरेको प्रयासको सामूहिक इच्छा थियो । यसरी यी कविले युगका विश्वास र विचारको नेतृत्व लिएका छन् । यही कारणले गर्दा भानुभक्तीय रामायणले जातीय महाकाव्य हुनाको उच्चासन प्राप्त गर्न सकेको छ ।

"रामायण" मा भानुभक्तका काव्यसीपको कलात्मक प्रयोग भएको छ, घटना-चयनमा कविले बडो होशियार हुँदै कतै संक्षिप्तीकरण [अर्थात् प्रयत्नलाघव] को बाटो पक्रेका छन् भने कतै आवश्यकतानुसार विस्तार गर्न पनि पछि हटेका छैनन् । पाठकहरू-को मनोवृत्ति अनुकूल प्रसङ्गलाई कटौती गर्ने वा समायोजन गर्ने कुरातर्फ कविले ज्यादै ध्यान पुऱ्याएका छन् । तर यति भईकन पनि कवि नेपाली-बिम्ब प्रस्तुत गर्नमै केन्द्रित छन् । यत्रतत्र सौन्दर्यबोधको प्रदर्शन, अन्तर्जगत्का सौन्दर्यको उद्घाटन र चित्रोपम शैलीको प्रयोगले गर्दा यो प्रबन्ध काव्य उच्च कोटिको कलात्मक कृति बन्न पुगेको छ । कविको प्रकृति-चित्रणको सजीवता हेरौं--

"भ्रमरहरु लताका फूलमा हल्लि हल्लि ।
घनुनु घुनुनु गर्दै हिंड्छन् वल्लि वल्लि ॥"

रसोद्रेकका अवस्थामा पाठकलाई तन्मय बनाउन कवि भानुभक्त सक्षम छन् । भावानुकूल छन्दको प्रयोग गरी शब्द-चयनमा समेत भाव-प्रकृतिलाई हेर्ने प्रवृत्ति कविमा छ । कविले मुख्यतः शार्दूलविक्रीडितलाई जातीय छन्द बनाई सरलताको बाटो पक्रेकैले गर्दा करीब ३ दशकसम्म यो श्रुति-साहित्यका रूपमा जनताका कण्ठ-कण्ठमा झुण्डिई सं० १९४१ मा पुस्तकाकारका रूपमा मुद्रित भए तापनि अद्यापि गाउँघरमा यो श्रुतिसाहित्य-कै रूपमा लोकप्रिय छ ।

वधूशिक्षा—यस कृतिको रचनाकाल हो सं० १९१९ । कविले यो कृति आफ्ना मित्र तारापतिका घरमा वास बस्दा सासू र बुहारीका बीचमा भएको झगडा सुनेर रचेका थिए । यसमा घरका बुहारीहरूको बुहार्तन किंवा दिनचर्या र कर्तव्याकर्तव्यका बारेमा वर्णन गरिएको छ । परम्परावादी नेपाली समाजको आदर्शलाई अगाडि राखेर कविले घरगृहस्थीको सञ्चालनमा बुहारीहरूको के भूमिका हुनुपर्छ त्यो स्पष्ट गरिदिएका छन् । त्यसैले यस कृतिबाट तत्कालीन समाजका ढाँचा वा परिपाटीको झल्को पाउन सकिन्छ । पुराण र धर्मशास्त्रद्वारा प्रभावित भानुभक्तीय समाज निश्चय नै आजको जस्तो थिएन भन्ने कुरो स्पष्ट छँदाछँदै पनि के कुरो मान्न कर लाग्दछ भने अद्यापि नेपालका गाउँघर तथा कुनाकाप्चामा भानुभक्तको वधूशिक्षालाई आदर्शरूप मान्ने बुहारीहरूको कमी छैन । अझै पनि नेपाली आमाहरू आफ्ना छोरीलाई जुवाइँका घरमा पठाउनुभन्दा अघि यही शिक्षा मन्त्रका रूपमा सुनाउने गर्दछन् । केवल शहरिया शिक्षित बुहारीहरूको जीवन-चक्र मात्र देशमा आएको शैक्षिक, सांस्कृतिक र बौद्धिक जागरणले गर्दा परिवर्तित भएको छ । यद्यपि आजको सन्दर्भमा यस्ता बुहारीहरूका दृष्टिमा भानुभक्तले निर्धारित गरेको नीति-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधान थोत्रा र हास्यास्पद बन्ला; तर सम्पूर्ण नेपाललाई दृष्टिमा राखेर निरपेक्ष भावले जब हामी नेपाली समाजको स्वरूपबारे सोच्छौं, तब आजभन्दा करीब एक सय वर्षअघिको भानुभक्तीय समाज र आजको समाजमा चाहिएजति सांस्कृतिक वा आन्तरिक परिवर्तन आएको प्रतीत हुँदैन । त्यसैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले वधूशिक्षालाई मन पराउने छोरी र बुहारी अथवा आमा र सासू आजको समाजमा पनि पाइन्छन् ।

भानुभक्तको नीतिपरक चेतना यस कृतिमा प्रतिबिम्बित छ । एकाघ ठाउँमा शृङ्गार-को हल्का प्रस्तुति पनि छ, जस्तो कवि भन्छन्, "पतिसित तब जाओस् स्त्री टहल् गर्न-लाई" अथवा "जब त पति निधाउन् काखमा त्यो निधाओस्" इत्यादि । कविले धर्मद्वारा अनुशासित मर्यादाको परिधिमा बुहारीहरूलाई बाँधेका छन् । कवि भन्दछन्, "प्रातः कालमहाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून् । सो ईश्वर् पति हुन् भनेर पछि त्यो भक्ती पतीमा धरून्" अथवा "सासूका चरणारविन्दयुगमा पूजेर पाऊ परून्," अथवा "स्वामीका चरणारविन्दयुगको जल् भक्तिले पान् गरून्" इत्यादि । उन्नाईसौं श्लोकमा 'हाँस्नु' र 'वेश्या' यी दुई शब्दको प्रसंग छ । 'हाँस्नु' शब्दको प्रयोग रूढ अर्थमा नभएर व्यङ्ग्य अर्थमा भएको छ । कविहरू भाषाको संवेगात्मक प्रयोग (Emotive use) गर्दछन् । भानुभक्तले बेसिलसिलाको छिल्लिदो हँसाइ नारीका लागि वर्जित गरेका छन् । भानु-भक्तको ध्येय नेपाली संस्कृतिअनुरूप सृजना गर्नामा केन्द्रित छ ।

भानुभक्तको 'वधूशिक्षा' कै सन्दर्भमा सत्कवि विरचित १७ सिलोके "वधूशिक्षा"को पनि उल्लेख गर्नु उपयुक्त हुन्छ । यो कृति भानुभक्तको भन्दा छः वर्षले जेठो छ, अर्थात् यो सं० १९१३ मा रचिएको हो । यसलाई प्रकाशमा ल्याउने श्रेय बालकृष्ण पोखरेल-ज्यूलाई छ । पोखरेलज्यूले यी सत्कवि भन्ने भानुभक्त नै थिए भन्ने तर्क दिनुभएको छ ।[१२] तर राजनारायण प्रधानज्यूले यी दुई बेग्ला-बेग्लै कवि हुन् भनेर सोदाहरण मत प्रस्तुत गर्नुभएको छ ।[१३] निश्चय नै यी दुई कविका कृतिमा वस्तुताको साम्य भए पनि शैलीमा फरक छ । तसर्थ सत्कवि स्वयं भानुभक्त नै हुन् वा अर्कै कुनै कवि हुन्-यो एउटा खोजको कुरो भएको छ ।

भक्तमाला—यस कृतिको रचनाकाल सं. १९१० तिर भनी भनिएको छ । भानुभक्त आचार्यको यो सर्वथा मौलिक कृति हो । यसका जम्मा २२ श्लोक मात्र भए-कामा हाल केही थप श्लोकको पनि पत्तो लागी जम्मा ४१ श्लोक पुग्न गएको छ ।[१४] यो

१२—**नेपाली भाषा र साहित्य**; पृ० १९६-१९७

१३—इन्द्रबहादुर राई (सम्पा०) । **भानुभक्तका कृति : अध्ययनहरू** (दार्जीलिङ, नेपाली साहित्य परिषद्, सं० २०२६); पृष्ठ ९७

१४— (१) हरिहर भट्टराई, "भानुभक्तका थप कृतिहरू" **मधुपर्क**, वर्ष ६, अंक १०, २०३०फागुन; पृष्ठ ६१–६७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तिमा आधारित दार्शनिक काव्य हो । भानुभक्त भक्तिवादी कवि भएकाले पूर्ण दृष्टि रामायणपछि यसै कृतिले दिन्छ । कवि रामभक्त वैष्णव कवि थिए । कवि भन्दछन्—

"प्रतिज्ञा मैले यो यमसित गऱ्याँ जन्मि अब ता ।
सिताराम् भज्न्या छू विषयहरुमा छाडि ममता ।।

× × ×

"बखत् यस्तो जानी हरिचरणमा मन् पनि धरोस् ।
निरन्तर् श्रद्धाले हरि खुशि हुन्या दान् पनि गरोस् ।।

× × ×

"मनुष्यै योनीमा यदि हरि भज्यो ता जन तऱ्यो ।
अवंश्यै फन्दामा हरिकन नभज्न्या पछि पऱ्यो ।।

आफ्नो आराध्यदेवप्रति कविको पूर्ण भरोसा छ । त्यसैले कवि त्यस देवसँग दयाको भीक माग्दछन् । कविका दृष्टिमा यस भवसागरबाट पार हुनाका लागि तपस्या होइन हरिकै कृपादृष्टिको आवश्यकता पर्दछ । तपस्या झैं ज्ञान पनि जीवन-मोक्षको उपाय होइन । तसर्थ कविका दृष्टिमा केवल भजनैले जीवनको महान्तम सफलता प्राप्त हुन्छ । कवि भन्दछन्—"भजन् राम्को ठूलो बुझिकन भजन् गर्नु जनले ।" यसरी यस कृतिमा कविलाई हामी भक्तिवादको उच्चस्थानमा पुग्न सफल भएको पाउँदछौं ।

यस कृतिमा दार्शनिक-तत्त्वको संयोजन छ जसबाट कविको सबल वैचारिक पक्षको परिचय पाइन्छ । कविका दृष्टिमा दश इन्द्रिय मानिसका लागि डाकू सरि छन्, जसले जीवनलाई दुःखी तुल्याउँदछन् । विषय-सुखमा भुलिरहनाले मानिस जब अन्ततः मृत्युको द्वारमा पुग्दछ, उसले ठूलो कष्ट सहनुपर्दछ । कविमा वैराग्यको भावना छ । संसारका हरेक वस्तु क्षणिक छन् । संसारमा करोडपति र ठूल-ठूला वीर-पुरुषहरू जन्मे; पृथ्वीका अधिपतिहरूले आफ्नो शान-सौकतको प्रदर्शन गरे । तर ती सब मृत्युको मुखेञ्जी रित्तो हात लिएर पुगे । "हरि भजन्या" मनुष्य चोलाले मात्र भवसागरबाट पार पाउँछ, अन्यथा कालको फन्दामा अनन्तकालसम्म मानिसले कष्ट खाइरहनुपर्छ भन्ने धारणा कविले व्यक्त गरेका छन् । कविले विषयलाई रोचक बनाई काव्यात्मक अभिव्यक्तिको सौन्दर्य प्रदर्शन गरेका छन् । एउटा उदाहरण हेरौं—

"कटीको पीताम्बर् करकमलका कंकणहरू ।
किरीट् कुण्डल् कौस्तुभ् तुलसि वनमालाहरु अरू ।।

---

(२) काशीनाथ तमोट; "भक्तमालाका अरू श्लोकहरू", **मधुपर्क**, वर्ष ६, अंक १२, २०३१ वैशाख; पृष्ठ ३३-३८

(३) नरनाथ आचार्य, "भानुभक्तको ४१ श्लोके...", **मधुपर्क**, वर्ष ७, अंक ३, २०३१ श्रावण; पृष्ठ ८१-८६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बलैले सम्झन्छू दृढ नरहन्या एक् क्षण पलक्।
कउन् दिन्मा देख्छू प्रभु हजुरको सुन्दर झलक्॥"

प्रश्नोत्तर—यो कृति शङ्कराचार्यका "मणिरत्नमाला" को नेपाली अनुवाद हो। यस कृतिको रचनाकाल रामायण-अनुवादको समाप्ति [सं. १९१०] पछि नै मान्नु उपयुक्त हुन्छ। [१५] यो कृति अनूदित भए पनि काव्य-सौष्ठव र तत्कालीन युगको बौद्धिक वातावरणको यथेष्ट प्रयोग र प्रकटीकरण भएको छ। अनुवाद गर्नाका लागि पनि अन्तः प्रवृत्तिका प्रेरणाको आवश्यकता पर्दछ। भानुभक्तको काव्य-चेतना र युगीन आदर्शको संयुक्त प्रेरणामा यो कृति सृजित भएको देखिन्छ।

भानुभक्तका अन्तःप्रवृत्तिले यस कृतिमा तादात्म्य कायम राखेको छ। "भक्त-माला" र "वधूशिक्षा" का रचयिताले यस कृतिमा आफ्नो रुचि-परिष्कारको मार्ग भेटेको छ। "भक्तमाला" मा झैं यस कृतिमा भक्तिदेखि लिएर तत्त्व-दर्शनसम्मको उल्लेख छ। तर यो भक्ति केवल राममा मात्र सीमित नभएर कृष्ण अर्थात् विष्णु र शिवमा समेत विस्तार भएको छ। यस आधारमा भक्तिवादी कविका रूपमा उदार आँखाले कवि भानु-भक्तलाई हेर्न सकिने प्रमाण यहाँ फेलापर्दछ। दार्शनिक-तत्त्वको यथेष्टता हुनु यस कृतिको मूलभूत वैशिष्ट्य हो। कवि विषय-सुखको उपेक्षा गर्छन् र वैराग्यलाई जीवन-मुक्तिको ठूलो साधन सम्झन्छन् [श्लोक २]; यस भौतिक शरीरलाई नरक [श्लोक ३] र दश इन्द्रियलाई शत्रु ठान्दछन् [श्लोक ७]; र जन्मनु तथा मर्नुपर्ने यस संसारलाई दीर्घ-रोग [श्लोक १२] र अनित्य ठान्दछन् [श्लोक ४६] यसरी नै "वधूशिक्षा" मा कविले नारीलाई पतनबाट जोगाई जुन आदर्श-प्राप्तिका लागि अभिप्रेरित गरेका छन् त्यसको मूलमा प्राचीन शास्त्र र पुराणद्वारा अनुगमित परम्परागत समाजले स्वीकारेको नारी विषयक धारणा अवलम्बित छ। नारी के हो ? तत्कालीन मानिसका परिप्रेक्ष्यमा भानुभक्तले अनुवादबाटै भए पनि स्पष्ट गरेका छन्। कवि लेख्छन् : नारी नरकको ढोका हो [श्लोक ५], स्त्रीले मोहको फन्दामा पार्छे [श्लोक १०], कान्तालाई विद्वान्हरू तुच्छ मानेर त्याग्छन् [श्लोक १४], स्त्री सब् पिशाच् हुन् [श्लोक २२], स्त्री भनेका साङ्ला हुन्, बाँध्छ [श्लोक २३], स्त्रीको चरित्र नजानिसक्नु हुन्छ [श्लोक २४], नारीलाई साथी सम्झनु अविद्या हो [श्लोक २८], स्त्रीलाई छाड्न सके सुख पाइन्छ [श्लोक ३२] इत्यादि । युग-मानसको प्रतिबिम्ब यी भनाइमा छ। आजभन्दा एक शताब्दीभन्दा पुरानो भानुभक्तको युगमा साँस्कृतिक मान्यताहरू के थिए, त्यसको झल्को यस कृतिमा छ। "स्वधर्म थामीकन शास्त्र पढ्नू" [श्लोक २१], "वेदान्तका बात् गुरुदेखि सुन्नू" [श्लोक १५] आदि नीतिवाक्यहरू त्यस वेलाका परम आदर्श थिए।

मूलबाट अनुवाद गर्दा भानुभक्तले प्रशस्त चातुर्य देखाएका छन्। शब्दानुवाद

१५—यसै क्रमको पाद-टिप्पणी सं. ८८ (पृ० ५२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनको उद्देश्य रहेको छैन, आवश्यकानुसार कहीं मूलको विश्लेषण त कहीं संश्लेषणको शैली अपनाइएको छ। काव्यात्मकतामा बाधा कतै परेको देखिंदैन।

फुटकर रचना—फुटकर पद्य रच्ने परम्परा वीरकालीन कवि उदयानन्द अर्ज्यालदेखि प्रारम्भ भए तापनि यस परम्पराले अपेक्षाकृत बढी वाणी भेट्टाएको भानुभक्तबाट हो। यिनका फुटकर रचनाले हामीलाई यिनको काव्यात्मक शक्ति तथा कवि-व्यक्तित्वका महत्तासँग परिचित गराउँदछन्। यिनलाई आदिकवि मान्नुपर्दा यिनका प्रबन्धकाव्य तथा अन्य कृतिका साथै यी फुटकर रचनालाई पनि अघि सार्नुपर्ने हुन्छ। यिनमा स्वाभाविक कवि-प्रकृति थियो; यिनका हृदयमा गहन भाव-सम्वेदना र अभिव्यक्ति-क्षमता थियो, र शिल्प-सौन्दर्यको भित्री रहस्यसँग यिनी परिचित थिए भन्ने कुरो यिनका फुटकर रचनाले प्रमाणित गर्दछन्। रामभक्ति-काव्य सम्प्रदायमा मात्र सीमित नराखी हामी यिनलाई नेपाली कविताको विशाल-धरातलमा राख्दछौं र हामी यिनलाई राष्ट्रवादी ("चपला अबलाहरु एक् सुरमा..."), प्रकृतिवादी ("यति दिनपछि मैले आज..."), व्यङ्ग्यवादी ("रोज् रोज् दर्शन पाउँछू..."), शृङ्गारवादी ("बिन्ती एक म गर्दछू...."), आदि अनेक रूपबाट चिन्दछौं। यिनले 'भोलिवाद' को खिल्ली उडाए, गजाघर सोतीकी घरबूढीको हुर्मत लिए, पद्य हाँकेर कृष्णबहादुरबाट बन्दूक हात पारे, असल मुङ्ग्रे केरासँग मात्र भुटेको मकै खाने इच्छा जनाए, अनि भाटको व्यवहारबाट क्षुब्ध भए। समसामयिक विषयमा यिनले कलम चलाए औ नेपाली भाषामा रमाइला र राम्रा पद्य-रचना हुन सक्ने कुरो प्रमाणित गरे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६. अन्य कविहरू

साहित्य-सृजन स्वतन्त्र कर्म हो। हृदयको उद्वेग र उद्गारलाई स्वतः स्फुरित अभिव्यक्ति दिई पाठकमा संवेग र भावना उत्पन्न गराउन सक्ने क्षमता कविमा हुन्छ। कविका लागि भावनाको क्षणमा सीमा र बन्धन अस्वीकार्य हुन्छ, कल्पना र विचार लोकको स्वच्छ हावा उसलाई प्रिय लाग्दछ। नेपाली साहित्यका भक्तिकालीन कविहरू-मध्ये कोही कृष्णभक्ति शाखामा त कोहो रामभक्ति शाखामा विभक्त भए तापनि यो विभाजन-रेखा नै तिनीहरूको अभीष्ट थिएन। एउटा आन्तरिक प्रेरणाले गर्दा मात्र तिनीहरू यस विभाजन-रेखाभित्र पर्न आएका थिए। वस्तुतः ती सबै एउटै साहित्यिक गोलार्धका थिए। यही गोलार्धमा हामी त्यस्ता कविहरू पनि पाउँदछौं जसले अवस्था र परिवेशबाट प्राप्त प्रेरणा अनुरूप भावाभिव्यक्तिका लागि माथि उल्लिखित विभाजन-रेखाबाट एकदम अलग्गै रही काव्य-सृजना गरे। यहाँ तिनै कविहरूका बारेमा "अन्य कविहरू" भन्ने शीर्षकको चयन गरिएको छ।

●

पतञ्जलि गजुर्याल

पतञ्जलि गजुर्यालको जन्म सं० १८८० मा ललितपुरको इमाडोल भन्ने गाउँमा भएको थियो। यिनका पिताको नाम अरविन्द गुजर्याल थियो। करीब अठार वर्षको उमेरमा यिनी काशी गए, अनि त्यहाँ पाँच वर्ष ज्योतिषशास्त्रको अध्ययन गरी घर फर्के। विद्याका व्यसनमा लागेर यिनले दिन बिताउन थाले। कविता रचनामा यिनी मग्न हुन थाले। परिणाम के भयो भने पिताले कमाइदिएको सम्पत्ति घमाघम सकिन थाल्यो। यिनलाई आर्थिक दुरवस्थाले पिर्न थाल्यो, तब सं० १९२५ तिर आफ्ना भिनाजु क० श्रीलाल भट्ट [यो बाग्लुङ तामाखानीका हाकिम थिए] का साथ लागी यिनले बागलुङ गई तामाखानीमा तहबीलदार जागीर खाए। भिनाजुले यिनीमाथि भर र विश्वास गरेकाले नै जागीर दिलाइदिएका थिए। तर यिनले जागीर घान्न सकेनन्। तहवील कोषको रु० ४००। जति यिनका नाममा बाँकी देखियो। तसर्थ यिनी थुमाना परे। पछि यिनका भाइले सो बाँकी रुपियाँ बुझाई यिनलाई थुनाबाट छुटाइदिए। त्यसपछि आफ्नो घर आई तिनी खेतीपातीतर्फ लाग्न थाले। भनिन्छ, कमाण्डर इन-चीफ धीर शमशेरको दरवार-मा पनि यिनको सम्बन्ध थियो।[१] मोतीराम भट्टसँग पनि यिनको परिचय थियो।

१—कमल दीक्षित (सम्पा.) बुइँगल, पृ० ३३९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बागलुङबाट फर्कपछि यिनले जागीरको मुखै हेरेनन्, बाँकी जीवन खेतीपाती गरेरै बिताए। यिनको मृत्यु सं० १९४४ मा आफ्नो गाउँमै भयो।

पतञ्जलि गजुर्‍यालको पहिलो कृति हो संस्कृत "चौरपञ्चाशिका" को नेपाली अनुवाद। यिनले कवि वसन्त रचित "कृष्णचरित्र" र भानुभक्ताचार्य रचित "रामायण" पनि पढिसकेका थिए।[२] बागलुङमा जागीर खान जानुभन्दा पहिले नै यिनले पद्यमा आख्यानात्मक काव्य लेखेका थिए। बागलुङबाट घर फर्किसकेर पनि यिनी काव्य-साधनामा लागिरहे। वृद्धावस्थामा आफ्नी पत्नी र जेठा छोराको मृत्युले यिनलाई निकै चोट पार्‍यो। जसले गर्दा यिनको काव्य-साधनामै अवरोध खडा भयो।

कवि पतञ्जलिका धेरै कृतिहरूको नाम सुनिन्छ, जसमध्ये धेरै कृतिको अहिले दुर्लभ भइसकेको छ। यिनका पाइएजति कृतिको विवेचना यहाँ प्रस्तुत गरिन्छ।

अध्यात्मरामायणको बालुन—यो कृति हस्तलिखित पुस्तकका रूपमा राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ।[३] यो कृति राष्ट्रिय अभिलेखालयको अनुसन्धान टोलीले सं० २०२८ सालको माघ महीनामा जनकपुर अञ्चलको सिन्धुलीमा नारायणप्रसाद अधिकारीज्यूबाट प्राप्त गरेको थियो। तर यस कृतिको पूर्ण परिचयसाथ यसका महत्त्वलाई सबैका समक्ष राखिदिने श्रेय काशीनाथ तमोटज्यूलाई छ।[४] यस कृतिका अन्तमा निम्नलिखित पंक्तिहरू लेखिएका छन्—

"ऊन्नाईस् सय चार सम्वतयहाँ बाग्मोतिको तीए् जहाँ॥
+ + +
"त्यसै पाटँन् नगरीमा जँन्म भयाका॥ ७८॥
पद गजुर्‍याल ता नाऊ त शेषको पतञ्जली कहीयाका॥
उन्का दुई भाई हामी दुई वटा शीष्ये बालकृस्न जानकीनाथ॥७९॥
आग्या सरस्वती शोरमा राषी श्री राम्ज्यूलाई चीत्तमा देषी॥
जानकीनाथ भन्न्या बालकृस्न लेषन्या...माथिबाट देष्न्या॥ ८०॥

यी पंक्तिबाट के सिद्ध हुन्छ भने पतञ्जलि गजुर्‍यालको यो कृति यिनकै दुई भाइ शिष्य बालकृष्ण तथा जान (नु) कीनाथले सं० १९०४ सालमा प्रतिलिपि गरेका थिए। सम्भवतः यो बालुन जानकीनाथलाई कण्ठस्थ आउँथ्यो। त्यसैले उनी भन्ने अनि बालकृष्ण-चाहिं त्यसलाई लिपिबद्ध गर्ने गरेर यो कृति तयार पारिएको थियो।

नेपाली लिपिबद्ध-साहित्य लोक-साहित्यसँग कति घनिष्ठ रूपले सम्बद्ध छ त्यो पतञ्जलिको यस कृतिबाट पनि थाहा हुन्छ। लोकलय तथा शैलीलाई टिपेर प्रारम्भिक

२—बाबुराम आचार्य, **पुराना कवि र कविता**, पृ० १९४

३—पुस्तकको दर्ता नं० हो च. ३३१२।

४—यसै क्रमको पाद-टिप्पणी सं० १३ हेर्नुहोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालका कविहरू लोकरुचिसँग भिज्न कति धेरै प्रयास गर्थे, त्यसको उदाहरण यस कृतिलाई पनि बनाउन सकिन्छ । रामकथा वा रामायणलाई बालुनमा ढालेर गेयात्मकता तथा कथा-आस्वादनद्वारा लोकका हृदयमा भक्तिभाव सिर्जना गर्ने लक्ष्य कविले लिएको देखिन्छ । लेखिएको छ—

"अध्यात्म रामको कृति यो बन्यो बालुन् गौरी सीव शम्बात् ।
जसले यो गायो अम्मृत रस पीयो रामका पाउमा मन् दीयो ॥

× × ×

"पापका दारुवा ग्यानका बाती मैदान भक्तको छाती ॥
भक्ती ढुन्ग्रोमा सत्ये हो बालुन् नाऊँ रह्यो मोक्षे बालुन् ॥

कविले मङ्गलाचरणबाट कृतिको शुरूआ तगरेका छन्, जसमा इष्ट-सिद्धिका लागि गणेशको प्रार्थना गरेर रामभक्तिको उद्गार व्यक्त गरिएको छ । कविले रामचरित्रको महिमा गाउँदै "रामायेण गंगामा जो नीसे डुबछन् रौरवका पाप छुट्छन्" भनेका छन् । कविले रामकथालाई आफै कथावाचक भएर सोझै प्रतिपादन नगरी महादेव-पार्वतीको सम्वादद्वारा गरेका छन् । कथालाई सरल र बोधगम्य ढङ्गले प्रस्तुत गर्दै बीच-बीचमा भक्ति-सिक्त गरिएको छ । रामको आध्यात्मिक स्वरूपलाई चिनाउने कविको प्रयास स्तुत्य छ । कवि विस्तारमा गएका छैनन्; संक्षेपमै सम्पूर्ण काण्डका कथा वर्णन गरेका छन् । कथालाई बालुनको शैलीमा बाँधिएकाले अन्त्यमा कविले "सुनका थालीमा गोघृत बाती गाऊनु बालुन प्रभाती" भनेर गणेश, गौरीशंकर र सीतारामको आरती पनि दिएका छन् । भक्तिको पराकाष्ठामा लगेर कविले यस कृतिलाई टुंग्याएका छन् ।

लोकका जिब्राले उच्चारण गर्ने शब्द र वाक्यरचनाको समायोजन यस कृतिमा भएको छ । एउटा उदाहरण हेरौं :—

"छोरा भयानन् धन्दा यो लाग्छ यस्तो विन्ति गर्दा भया ।
वसिष्टले भन्या म जेज्ञ गर्छु छोरा हुनान् चार तिमिलाई ॥"

लोकको कण्ठबाट स्वाभाविक तवरले व्यक्त हुन सक्ने भाषा यस कृतिमा छ । "बिस्तुको आगे यस्तै सुनिपाया", "हरिज्यु थाइ बस्तुहुन्छ हजुरमहाँ", "जन्म्या अयुध्यामा दसरथ", "बाऊ जनककि नन्दीनी", "दसरथ कौशँल्या भरथ लक्षोमन् आगेमा वीर हनुमान" जस्ता वाक्यांशले गर्दा यस कृतिमा लोक-भाकाको सुन्दर निदर्शन हुनपुगेको छ । केवल लोक भाका मात्र भएको भए यस कृतिको साहित्यिक मूल्य त्यति धेरै हुन सक्ने थिएन । पतञ्जलि स्वयं काव्य-मर्मज्ञ र कवि भएकाले आफ्नो यस कृतिमा काव्य-सौन्दर्यको पनि संयोजन गरेका छन् । पाटनको वर्णन गरिएको निम्नलिखित पंक्तिहरू उदाहरणका लागि हेरौं—

"मध्ये नेपालको ललीतपुरी शहश्र धन शोषको पुरी ॥
चारैतर्फ सुन्दर दोगान मैदान ठाटीन्छ देऊताका थान ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माले आफैलाई बस्न ठा(उ) को शत्यलोकलाई ल्याउन आयाको ॥"

कविको कल्पना-शक्ति र सौन्दर्य-बोधको राम्रो उदाहरण माथिका पंक्तिले प्रस्तुत गर्दछन् । सहज-बोध र अकृत्रिम अलंकार-योजनाले पतञ्जलिको यो कृति युक्त छ ।

बालगोपालवाणी—बनारसबाट प्रकाशित भएका "भाषा-सप्तरत्न" तथा "भाषा नवरत्न" र काठमाडौंबाट प्रकाशित भएको "भाषा सप्तरत्न" मा पतञ्जलि गजुर्‍यालको "बालगोपालवाणी" छापिएको छ । यो कृति कहिले लेखिएको हो त्यो अज्ञात नै छ । कृष्णभक्ति काव्य-धारामा यो कृति आफ्नै ढङ्ग लिएर देखापरेकाले यो निकै महत्त्वपूर्ण मानिन्छ । अन्य वैष्णव कविहरूले प्रायः कृष्णको शृङ्गारी रूपलाई प्रस्तुत गरेका छन् । तर पतञ्जलिले कृष्णको बाल-प्रवृत्तिगत भावद्वारा विष्णुका दशावतारको छुट्टा-छुट्टै परिचय दिएका छन् । बालक कृष्णले आफ्नी आमा यशोदालाई भनेका कुराहरूलाई माध्यम बनाएर वास्तवमा कविले वैष्णव-भक्तिको हार्दिक भाव व्यक्त गरेका छन् यस कृतिमा कविले बालक कृष्णकै वाणीमा कृष्णको अतिमानवीय स्वरूपको उद्घाटन गरेका छन् । यशोदाको मातृ-हृदयका स्वाभाविकता र व्यवहार तथा कृष्णको बालसुलभ भावका बीच सामञ्जस्य ल्याएर कविले कृष्णका वाणीमा गम्भीर मनोहारिता भरिदिएका छन् । हाउ देखेर नडराउने कृष्ण "देखीन कस्तो छ कसो गरि त्यो आउँछ कउन हाउ" भनेर आफ्नो जुन सच्चा स्वरूपको परिचय आफ्नी आमालाई दिन्छन्, त्यहाँ कृष्णको आध्यात्मिक स्वरूपको दिग्दर्शन भएको छ ।

"बालगोपलवाणी" को सरलता कृष्णको बाल्य-लीला तथा अबोध-चेतनाको संयोजनले पनि भएको छ । कृष्णको दिव्य-स्वरूप बाहेक मानव-स्वरूप-स्वाभाविक वर्णन पनि यस कवितामा छ । भनिएको छ :—

"सधैं डुल्छू आँगन् दहि चोरन जान्छू घरघरै ।
यि बालरूका सङ्मा खेलन पनि जान्छू परपरै ॥
कतै क्यै भन्दैनन, न भयेको त्यो हाउ भन्नु भएछ ।
उठी हेर्‍याँ मैले उ गयो गो हाउ भागि गयेछ ॥"

नेपाली भाषाको अनौठो रूप यस कृतिमा प्रयुक्त छ । भ्या थ्याँ (=भएको थिएँ); बाइह्रै (=बाहिर) जस्ता शब्दको अप्ठ्यारो प्रयोग भएको छ ।

मत्स्येन्द्रनाथको कथा—यस कृतिमा मत्स्येन्द्रनाथ-सम्बन्धी पुराणका कथालाई पद्यबद्ध गरिको छ । राजा नरेन्द्र मल्ल र सिद्ध बन्धुको दुःखान्त्यद्वारा कथा टुंग्याइएको छ । विभिन्न छन्दको प्रयोगद्वारा कथावस्तुको विस्तार र कथोपकथनमा रोचकता ल्याइ-एको छ । कथाका केवल इतिवृत्तात्मकता मात्र भए पनि, औत्सुक्य तत्त्वको संयोजनले गर्दा पढ्याइलाग्दो भएको छैन । "बालगोपालवाणी" झैं यस कृतिमा पनि शब्दको अनौठो रूपको प्रयोग भएको छ । भाषाको सरलता भने यस कृतिमा निकै छ । एउटा श्लोक उदाहरणार्थ हेरौं—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती देवका भक्त दुवै हुनाले।
सब् धर्मले पाप सबै धुनाले॥
राभा र बन्धुक् दुइ मुक्ति पाया।
मछिन्द्रका पाउ दुइमा ति आया॥

कविको नीति-चेतना र धार्मिक वृत्तिको परोक्ष अभिव्यक्ति यस कृतिमा भएको छ। छन्द-प्रयोगको विविधता हेर्दा यिनको काव्यगत शिल्प-सामर्थ्यको परिचय पाउन सकिन्छ।

हरिभक्तमाला—पतञ्जलि गजुर्याललाई भक्तिवादी कविका रूपमा चिनाउने यो विशिष्ट कृति हो। यसमा वैष्णवभक्तिलाई कविले गहन रूपमा प्रस्तुत गरेका छन्। सांसारिक विषयवासनादेखि वैरागी भएका कवि मृत्यु-संत्रस्त बनी विष्णुको आराधना गर्दछन्। हरिको अलौकिक शक्ति र दिव्य-दृष्टिको प्रशंसा कविले गरेका छन्। हरिको आध्यात्मिक चरित्रको सिंगो प्रस्तुती यस कृतिमा भएको छ। यो कृति भानुभक्त आचार्य रचित "भक्तमाला" सँग सन्तुल्याता राख्दछ। कविको आध्यात्मिक चिन्तन र मनन कति गहिरो थियो यो कृतिबाट अनुमान गर्न सकिन्छ। रामायण, महाभारत र अन्य पुराणका सन्दर्भद्वारा कविले यस कृतिमा आफ्नो उच्च विचार-धनताको अभिव्यक्ति दिएका छन्।

साहित्यिक मूल्यका दृष्टिले पनि यो कृति निकै महत्त्वपूर्ण छ। यस कृतिको मर्म बुझ्न पाठकले बौद्धिक व्यायाम गर्नुपर्छ; तर काव्यात्मक भाव-सुलभ सौन्दर्यको अभिव्यक्ति पनि यस कृतिमा भएको छ। लेवल सङ्केतद्वारा कथाको सन्दर्भ-बोध गराइएको छ र स्वाभाविक अलङ्कार-योजनाद्वारा अर्थलाई स्पष्ट तथा गम्भीर तुल्याइएको छ। एउटा उदाहरण हेरौं :—

"मन् बुद्धि भ्या इ दुइ वादि र प्रत्तेवादि।
बुद्धी कनै दिये छ मन्ले त लात खांदी॥
ग्वाहाँ मलाइ दिनु भो भइ आफु साछी।
छिन्ने सकीन झगडा प्रभु भ्याँ म लाछी॥

प्रस्तुतीकरणको चतुरता र कलात्मकता यस कृतिका अन्य ठाउँमा पनि पाइन्छ। कविको व्यञ्जनात्मक शक्तिको एक उदाहरण हेरौं—

"एक डल्लो माटो निलि यो पृथिवी देखायौ।
हज्जारउँ द्विज अघाउन साग खायौ॥
एक वस्त्रमा पसेर धोतिको खात् लगायौ।
कसका के गुन्ले प्रभु खिल्लत कस्तो पायौ॥.'

बाबुराम आचर्यज्यूले लेख्नुभएअनुसार कविले वृद्धावस्थामा परलोकलाई ख्यालमा राखेर यो कृति लेखेका थिए।[५]

५—पुराना कवि र कविता : पृ० १९४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थावली—यो कृति सं० १९४१ मा रचिएको हो। धेरै दिन लगाएर यो कृति लेखिएकाले कविलाई धेरै मिहिनेत परेको अनुमान लगाउन सकिन्छ। यो कृति लेख्नाको उद्देश्य स्पष्ट गर्दै कविले लेखेका छन्—

"कोही सज्जन्हेरू धन जन र तन्ले कमि भई।
फगत् सत्सङ् पाई प्रभु चरणमा मन् केहि गई॥
परत्रैको आशा सुनेर यमपाशा ति डरेका।
उपायै खोज्दामा फगत भर तीर्थैको परेका॥
मलाइ लाया भारी तिरथ सब सारी देउ भनी।"

आदि।

स्वर्गवासी कमाण्डर-इन-चीफ जनरल धीरशमशेर राणाका आदेश अनुसार पतञ्जलिले यो कृति लेखेका थिए भन्ने पनि एक थरी मत छ। धीरशमशेरका दरबारमा यिनको सम्बन्ध भएकाले यो मत असत्य हो भन्न पनि सकिंदैन। सम्भवतः यही कारणले होला यस कृतिको नाम नै "धीरादेश पातञ्जल-तीर्थावली" राखिएको छ। यो कृति मुद्रित रूपमा सं० १९९३ मा प्रकाशित भएको थियो। यसका संशोधक थिए पं० षडानन्द ग. शुक्ल।

"तीर्थावली" कवि पतञ्जिलिको काव्य-यात्राको निष्कर्ष हो। यसमा जम्मा १३ अध्याय छन्, जसमा विभिन्न तीर्थहरूको परिचय दिई तिनको माहात्म्य गाइएको छ। यस कृतिमा कविको काव्य-प्रतिभाको साथै बौद्धिकताको पनि यथेष्ट अभिव्यक्ति भएको छ। कविको विद्वत्ता र अध्ययनको सीमा कति विस्तृत थियो त्यो यस कृतिको विवेचनाबाट थाहा पाइन्छ। कविको स्वतन्त्र कृति भनी मानिएको "बालगोपालबाणी" "मत्स्येन्द्रनाथको कथा" र "हरिभक्तमाला" यी तीनै यस कृतिभित्र सिलसिला बद्ध रूपमा समावेश गरिएका छन्। यो हेर्दा यी स्वतन्त्र कृति होइनन् भन्ने सिद्ध हुन आउँदछ। "बालगोपालवाणी" प्रारम्भमा मङ्गलाचरणको रूपमा दिइएको छ, "मत्स्येन्द्रनाथको कथा" पञ्चमोऽध्यायमा पाटनका देव-देवीको परिचय दिने सन्दर्भमा दिइएको छ; र "हरिभक्तमाला" चाहिं द्वादशोऽध्यायमा दिइएको छ। प्रकाशकहरूले 'तीर्थावली' बाटै यी पद्यांशहरू उद्धृत गरी छपाएको देखिन्छ। हुन पनि यी पद्यांशमा सम्पूर्णता (Completness) को छनक आएको हेर्दा ती प्रकाशकहरूले लेखकप्रति अन्याय गरेको देखिंदैन। त्यसैले यस पङ्क्तिका लेखकले पनि माथिका पृष्ठहरूमा यी तीन कृतिको बेग्लाबेग्लै विवेचना प्रस्तुत गरेको हो।

यहाँ चर्चित कृतिमा चतुर्थोऽध्याय विशेष महत्त्वको छ। यसमा नेपाल पाशुपत क्षेत्रको बयान गरिनाका साथै नेपालको सीमामा, सप्तगण्डकी र सप्तकौशीको चर्चा गरिएको छ। उपत्यकाका एक-एक देव-देवीको वर्णन कविले गरेका छन् र अन्तमा 'भेडा सिंग' को रोचक कथाद्वारा अध्याय टुंग्याएका छन्। एउटा रमाइलो श्लोक हेरौं—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"ह्लेकन्तला टाँस् अजिना त चिप्रे,
लुते गणेश् लाइ सिंधुर् लिप्रे ॥
कान् दुखन्य चिन्मुग़ल ठ्वकेस् करुवा,
बांग़्यामुढ़ा गाड किल्व दाँत् मरुवा ॥ ४१ ॥"

यस कृतिका आद्यान्त अध्यायहरू हेर्दा के देखिन्छ भने कविले तीर्थको उत्पत्ति-देखि लिएर विभिन्न तीर्थहरूको बयान गर्दै तीर्थयात्रा विधानको समेत उल्लेख गरेका छन्। कविले सप्तपुरी र चारधामका नाम दिएका छन्; औ गया, प्रयाग, काशी र मथुरा-को माहात्म्य बताएका छन्। यसका साथै कविले नन्दिकेश्वर, वागेश्वर, कीलेश्वर, कुम्भेश्वर; गोलोकेश्वर, जलेश्वर र गुहयेश्वरको माहात्म्य पनि बताएका छन्। प्रथम अध्यायका अन्तमा दिइएको "सती भस्म कथा" र सप्तमोऽध्यायमा दिइएको ने मुनि तथा विरूपाक्षको प्रसङ्ग निकै रोचक बन्न गएको छ। षष्ठोऽध्यायमा शिवकथा छ। खास गरीकन द्वितीयोऽध्यायमा कविले दिएको सृष्टि उत्पत्तिको इतिहासका साथै सात लोक, दिशा, दिशास्वामी, सात समुद्र, नौ खण्ड, नदी, पर्वत, वन, क्षेत्र, तलाउ आदिका नाम हेर्दा कविको पौराणिक विषयको ज्ञानबारे लख काट्न सकिन्छ।

काव्य-चेतनाका दृष्टिले 'तीर्थावली' को विवेचना गर्दा यममा कविको सौन्दर्य-चेतना निरूपित भएको पाइन्छ। कविको निजी शिल्प-विधानले यस कृतिमा व्याप्ति पाएको छ। उदाहरणका लागि ललितपुरको सुन्दर बयान गरिएको निम्नलिखित दुई श्लोक हेरौं—

"सून् चाँदी काँठ पत्थर्हरु अवर जुहार् चित्रका काम गर्न्या।
लेख्न्या पढ्न्या र हेर्न्या ओषतिक पनि काम् पाटि राखेर कोर्न्या ॥
येस्ता नीकै गुणी जन् नगरबिच रही देश प्रख्यात हुन्छन्।
येस्ता लालित्यपुर्को कति गरुँ म बयान् जल् मिठो धेर गुन्छन् ॥

मीठा जल्का त धारा बिच बिच पुरमा छन् ति सारा दोकानी।
दै दूध् साग्-पात् अनेक् जात् सब चिज बिजको लायरी हो जो खानी ॥
जौन् चीज् लालित्यपुर्मा छइन भनियला स्वर्ग पाताल जावस्।
काशी काश्मीर् बेलायत् कहिं डुले पनि क्वै खोजि गर्दा नपावस् ॥

चित्रोपम [Graphic] शैलीको प्रयोग माथिका पङ्क्तिमा भएको छ। कविको भावना र कल्पनाको सुन्दर समन्वयद्वारा वर्णन प्रभावोत्पादक भएको छ।

"तीर्थावली" मा कविको कवित्वका साथै पाण्डित्य र आध्यात्मिक चिन्तनको अभिव्यक्ति पनि भएको छ। सांसारिक विषय-वासनाले लट्ठ भई मुर्दातुल्य भएका मानिसहरूलाई कविले मुक्तिको बाटो देखाइदिएका छन्। कविका विचारमा तीर्थ गर्नु महत्त्वपूर्ण हुँदा-हुँदै पनि सबभन्दा पहिले त चित्त शुद्ध हुनु आवश्यक छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पतञ्जलिका अन्य कृति--

माथि हामीले पतञ्जलि गजुर्‍यालका केही महत्त्वपूर्ण कृतिका बारेमा चर्चा गर्‍यौं। यिनका अरू केही कृतिहरू पनि फेला परेका छन् ; जस्तो "चौरपञ्चाशिका" को नेपाली अनुवाद, "बोक्सी चरित्र" "उत्तरगया माहात्म्य" र "विराटपर्वको बालुन"। केवल जनश्रुतिअनुसार थाहा भएका तर फेला नपरेका यिनका अन्य कृतिहरू हुन्- "बभ्रुवाहन चरित्र", "ध्रुवचरित्र","रामाश्वमेघ कथा" र "जैमिनी भारतको सरांश।" बद्रीचन्द्र खनालज्यूको सौजन्यबाट यिनले रचेको एउटा ज्यादै प्रचलित श्लोक थाहा पाइएको छ, जो यस प्रकार छ--

"ज्यामीर् कोट भनी प्रशस्त जनमा नाम् खुप् चल्याको थियो।
ज्यामीर् खान असाध्य मन्सुब हुँदा त्यै ठाउँमा पूगियो॥
जाई हेर्छु त छैन ज्यामिर त्यहाँ बाँस् मात्र पो देखियो।
जुन् गोरू सिङले विहीन् छ उसलाइ तिख्या भन्या झैं भयो॥

निष्कर्ष--

पतञ्जलि गजुर्‍याललाई केवल वैष्णव-कवि मात्र भनेर सांघुर्‍याउनु सम्भवतः न्यायोचित नहोला। वैष्णव-भक्तिको फैलावटमा पुगेर यिनले सीमितताको साँघलाई पार गरेका छन्। "अध्यात्म रामायणको बालुन" मा यिनले एकातिर "हरि भजन म गाउँछु कृष्नमा भक्ती लाउँछु, भनेका छन् भने अर्कातिर राम-चरित्रका उदारताको गीत पनि गाएका छन्। विष्णुका कृष्णावतार मात्र यिनको प्यारो छैन, रामावतार र बौद्धावतार पनि प्यारो छ। हिन्दू मात्र होइन कि बौद्ध-कथामा आधारित काव्य-कृतिको समेत सिर्जना यिनले गरेका छन्। कृष्ण तथा रामका जीवनमा मात्र नभएर लौकिक र पौराणिक कथा-मा आधारित भक्तिपरक कृति यिनले लेखे। "उत्तर-प्रारम्भिक काल" का दुई भङ्गालो [कृष्ण-भक्ति र रामभक्ति] सङ्गम यिनमै आएर भएको छ। भक्तिकाव्यको यो फैला-वट थियो, जो 'उत्तरप्रारम्भिक काल' को सीमान्त बन्न गयो। यिनीसँगै त्यस कालमा अन्तिम कोशे-ढुङ्गा हालियो, किनभने यिनीपछि नेपाली साहित्यमा नयाँ काव्य-क्षितिज उघ्रियो, जहाँ "चौरपञ्चाशिका" का सुन्दरी शृङ्गारी नखरा निकालेर नृत्य गर्न थाले।

●

कवि पण्डित

विद्यारण्यकेशरीका पिता दैवज्ञकेशरी अर्ज्याल 'कवि पण्डित' का नामले प्रख्यात थिए। यिनका बारेमा कति मात्र थाहा हुन सकेको छ भने यिनलाई संस्कृतको धेरथोर ज्ञान थियो। यिनी बडो रसिलो मिजाजका थिए। आफ्नो पण्डित्याइँमा यिनलाई आत्म-गौरव थियो। नेपाली भाषाप्रतिको मोह यिनमा थियो। यिनले नेपालीलाई गोरखाली भाषा भनेका थिए। यिनलाई नेपाली साहित्यका पाठकसँग परिचित गराई यिनका कृतिको खोज गरिदिने श्रेय बालकृष्ण पोखरेलज्यूलाई छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्वशुभाशुभपरीक्षा—अहिलेसम्म खोजी भएअनुसार यही मात्र कवि पण्डितको एकमात्र कृति हो। बाबुराम आचार्यका अनुसार यस कृतिको रचनाकाल सं० १९०१ तिर हो। कविले यो कृति तत्कालीन प्रधानमंत्री भीमसेन थापाका भाइ जर्णेल रणवीरसिंहका लागि लेखिदिएका थिए। यसमा जम्मा ८८ श्लोक छन्, जसमध्ये पहिलो तीन श्लोक मङ्गलाचरणका रूपमा छन् र बाँकी श्लोकमा घोडाका लक्षणको बयान गरिएको छ। कविता वर्णनात्मक छ र कतै कतै रचयिताको पाण्डित्यले अभिव्यक्ति पाएको छ। यस कृतिको निर्माणबारे कविले लेखेका छन्—

"क्यै संस्कृत् क्यहि देसकी क्यहि असल् गोर्खालि भाषा गरि।
पौराणादि कथा प्रमाण ऋषिका संक्षेप वाणी धरी ॥"

माथिका पङ्क्तिमा संस्कृत भन्नाले संस्कृत शब्दावली, देशकी भन्नाले अरबेली-फार्सेली शब्दावली तथा गोर्खाली भाषा भन्नाले झर्रो वा ठेट नेपाली शब्दावली भन्ने तात्पर्य बुझ्नुपर्दछ। सम्पूर्ण कविता नेपाली भाषामै छ, तर कविले शब्द-चयनका नकि पूरै वाक्य वो श्लोकका सन्दर्भमा माथिको पंक्ति लेखेका हुन्। यस कवितामा छन्द-प्रयोगको विविधता मननीय छ। सुन्दर शैली, आकर्षक प्रस्तुतीकरण विधि र परिपक्व भाषाको प्रयोगले गर्दा यो कृति घोडचढीका अतिरिक्त अन्य सामान्य पाठकका लागि पनि रोचक बन्न गएको छ।

रामदास

ज्ञानमणि नेपालले सम्पादन गर्नुभएको "वनका फूल" भन्ने पुस्तकमा कवि रामदास र उनका कृतिका बारेमा उल्लेख गरिएको छ। यिनी पूर्वी नेपालका थिए भन्नेबाहेक यिनका बारेमा अरू कुनै कुरो थाहा हुन सकेको छैन। यिनका कृतिको नाम हो 'भक्तिकाण्ड रामायण' जो सं० १९२२ आश्विनदेखि शुरू गरेर त्यही सालको चैत्र महीनामा लेखिसकिएको थियो। यो पुराण हो र गद्यमा लेखिएको छ। यस कृतिमा एउटा श्लोक पनि पर्न गएको छ; त्यो हो—

"सीता सुन्दरि छन् भनी (सकलले) भन्थ्या र (देखि) उँ पनि।
नाक् उच्चो कटि पातलो सरिर रउँ नास्ति त कत्ती पनि ॥
थोरै माफि कपालमा उन पनी लामा बहूत् स्यामला।
सुनिन् ता दुख माननिन् सँगिनि है कुन् तुछ्य पुच्छर् नहि ॥"

बाँदर्नीका दृष्टिमा सीताको कुरूपता कुन रूपमा देखियो, यस कुराको प्रस्तुति उपर्युक्त श्लोकमा छ। यो एक श्लोक मात्र हेर्दा पनि कविका कलमको सिद्धहस्तताबारे अनुमान लगाउन सकिन्छ।

भक्तिकाण्ड रामायण—

यसैको गद्य खण्ड (अर्थात् पृष्ठ....मा) हेर्नुहोस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि हरिदास

कवि हरिदास (श्रेष्ठ ?) जङ्गबहादुर कालभन्दा अघिका वैष्णव कवि थिए भन्ने विचार बालकृष्ण पोखरेलज्यूको छ।[६] यिनको जन्म सं० १९०० देखि सं० १९१० का बीचमा भएको थियो र करीब ६० वर्षसम्म यिनी जीवित थिए। यिनी श्रेष्ठ थरका नेवार थिए। यिनको घर चारढुङ्गे नक्सालमा थियो। सङ्गीतशास्त्रमा यिनको रुचि थियो। यिनलाई संस्कृतको धेरथोर ज्ञान थियो।[७] यसबाहेक यिनका बारेमा अरू कुनै कुरो थाहा हुन सकेको छैन।

अहिलेसम्म थाहा भएअनुसार कवि हरिदासका कृतिहरू हुन् (१) ध्रुवचरित्र, (२) प्रल्हादचरित्र र (३) भ्रमरगीत।

ध्रुवचरित्र—यस कृतिको कथानुबन्ध श्रीमद्भागवत चतुर्थ स्कन्धको ८ देखि १२ सम्मका जम्मा ५ अध्यायमा आधारित छ। कविले संक्षेपीकरणको मार्ग अपनाएका छन्, किनभने मूलमा जम्मा २६६ श्लोक छन् भने यस कृतिभा केवल ४२ श्लोक मात्र छन्। विषय नछुट्याई थोरै शब्दबाट मूल कथाको व्यापक परिधिभित्र पस्ने प्रयास कविले गरेका छन्। यसो गर्दा कविले कहीं कुनै-कुनै घटनालाई चटक्कै छाडिदिएका छन् भने कहीं चाहिं सूत्रबद्ध रूपमा कथाको सङ्केत गरेका छन्। जे होस्, घटना-चयनमा मितव्ययी बनेर कविले वर्णनात्मकतातर्फ आफ्नो अरुचि देखाएका छन्।

"सम्वत् १९२८ भन्दा अघि रचना भएको यो 'ध्रुवचरित्र' सानै भए तापनि नेपाली साहित्य-संसारमा ठूलो मानिनेछ[८]–भन्ने कमल दीक्षितको भनाइ युक्तिसङ्गत छ। वसन्तादि वैष्णव कवि झैं कवि हरिदासलाई पनि खण्डकाव्यकारका रूपमा मान्न सकिन्छ। आफ्नो समयमा यिनी मानिएका कवि कहलाएका थिए। "ध्रुवचरित्र" मा कथा प्रवाह र शिल्प-प्रयोग निकै राम्रो छ; छन्दको बन्धन स्वीकार्नुपरेकाले कहीं-कहीं मात्र शब्दको रूपमा परिवर्तन आएको देखिन्छ। कविले परम्परागत शैली अपनाएका छन्, तर कमल दीक्षितज्यूले भन्नुभएझैं नेपाली भाषामा अन्त्यानुप्रासको छेकारो काटेर उम्कने सर्वप्रथम बहादुर भने यिनी होइनन्।[९] यस कुराको प्रमाण के हो भने वीरकालमै बहादुर शाहको वर्णन गरी सुन्दरानन्द बाँडाले लेखेको कृतिमा अन्त्यानुप्रास मिलाइएको छैन। भक्तिकालकै कवि विद्यारण्यकेशरीको "युगलगीत" र वीरशाली पन्तको "विमलबोधानुभव" मा अन्त्यानुप्रास मिलाइएको छैन। "दिन दिन खजाना-

६—दीकमल क्षित (सम्पा.) **बुइंगल** : पृ० ३३८

७—कमल दीक्षित (सम्पा.) **कवि हरिदासको ध्रुवचरित्र**, दो० सं० (काठमाडौं : साझा प्रकाशन, २०३१); पृष्ठ (ग)

८—ऐजन ; पृष्ठ (ख)

९—ऐजन : पृष्ठ (ज)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का...." भन्ने श्लोकमा पनि कवि गुमानीले अन्त्यानुप्रास मिलाउनतर्फ त्यति ध्यान दिएको देखिंदैन ।

प्रह्लादचरित्र--जगदीशचन्द्र रेग्मीज्यूले "बीस अप्रकाशित प्राचीन नेपाली ग्रन्थ" शीर्षक दिएर 'बिहान' (रायल नेपाल एकेडेमी विशेषाङ्क-वर्ष ३, अङ्क ५, २०२३ भाद्र) पत्रिकामा कवि हरिदासको यस कृतिबारे जानकारी दिलाउनुभएको छ । यो लघुकाव्य हो र यसमा जम्मा १५ श्लोक छन् । रेग्मीज्यूले यस कृतिको रचना-काल सं० १९३६ तिर भनी अनुमान गर्नुभएको छ । [१०] यस कृतिमा साहित्यिकताको कमी खट्कन्छ ।

भ्रमरगीत—कवि हरिदास, इन्दिरस र विद्यारण्यकेशरीकै समकालीन हुन् कि भन्ने अनुमान यस कृतिको भाषाबाट गर्न सकिन्छ । 'नछो पग् हमारा', 'अरुकि कुचकि', 'तसदिन ज्यजि', 'लइजान्छौं' जस्ता पदहरूको प्रयोग यसमा गरिएको छ । भाषिक व्यहोराहरू हेर्दा इन्दिरसहरूकै भाषाको हेक्का दिन्छ । यस कृतिमा शृङ्गारमिश्रित भक्ति-भावको प्राधान्य छ । एउटा उदाहरण हेरौं—

"छिनछिन तनका नख्ले छुँदा कामरोग् भै ।
हरिकन यँहि देख्यौं दूत वात् गर् अरूका ॥"

कृति फेला परेका र नपरेका अन्य कृतिकार

बाबुराम आचार्यज्यूले आफ्नो "पुराना कवि र कविता" मा कृति फेला नपरेका केही कविहरूका नाम उल्लेख गर्नुभएको छ; ती हुन्—विहारीलाल, षडानन्द लोहनी र परमानन्द । यी कविहरूमध्ये विहारीलालको नामचाहिं मोतीराम भट्टले पनि राजीवलोचन जोशीका सन्दर्भमा भानुभक्त आचार्यको नामसँगै उल्लेख गरेका छन् । षडानन्द लोहनीले 'श्रीकृष्ण-चरित्र' लेखेको कुरो बाबुराम आचार्यज्यूले चर्चा गर्नुभएको छ । परमानन्द वीरशाली पन्तभन्दा अघिका थिए भन्ने अनुमान आचार्यज्यूको छ । यी तीनै कविका कृति प्राप्त हुन नसके तापनि अनुसन्धानकर्ताका लागि भविष्यमा यी कविका कृतिहरू उत्सुकताको विषय बन्न जानेछन् ।

दुई सवाई-कत्थक-लालबहादुर आउँमारी ["भोटको लडाईंको सवाई" का रचयिता] र नरबहादुर राना ["जङ्गबहादुरको सवाई" का रचयिता] लाई पनि "उत्तर-प्रारम्भिक कालमै राखिएको छ । [११] तर यहाँ विचारणीय कुरो के छ भने लालबहादुरको "भोटको लडाईंको सवाई" को रचनाकाल सं० १९१२ मान्न सकिंदैन । हो; सं० १९११-१२ मा भोटसँग भएको नेपालको लडाईंको बयान यस कृतिमा भएको

१०—हेर्नुहोस् सान्दर्भिक पत्रिकाको पृष्ठ ३३४
११—तारानाथ शर्मा, : **नेपाली साहित्यको इतिहास** : पृष्ठ ४४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । तर यही घटनाका आधारमा यस कृतिको रचनाकाल सं०१९१२ भनी किटान गर्न यसै कृतिको चौधौं श्लोकको निम्नलिखित दोस्रो पङ्क्तिले समस्या उत्पन्न गराउँदछ—

"केपुवाल बन्दुक् पनी उस् बेला थिएन"

यस पङ्क्तिले के स्पष्ट गर्छ भने यो कृति धेरै पछि लेखिएको हो । "उस् वेला शब्दले एकातिर समयको ठूलो फरक्याइँ इङ्गित गर्छ भने अर्कातिर नेपाली सैनिक सेवामा केपवाल बन्दुकको चलन चल्न थालेपछि नै यो कृति लेखिएको स्पष्ट हुन जान्छ । तसर्थ माथि उद्धृत गरिएको पङ्क्तिलाई आधार बनाएर लालबहादुरको यस कृतिको रचना-कालबारे वैज्ञानिक निष्कर्ष निकलनु आज आवश्यक भएको छ । हुन सक्छ 'उत्तर-प्रारम्भिक काल [सं० १८७३–१९४०] मै यो कृति लेखिएको होला, अथवा 'माध्य-मिक काल [सं० १९४१–१९९०] मा आएर मात्र यो लेखिएको होला, किनभने सवाई लेख्ने परम्पराले तीव्र रूप लिएको यसै कालमा हो; जे भए पनि साहित्यका दृष्टिले यो कृति कम महत्त्वको छैन । एउटा शङ्का के पनि गर्न सकिन्छ भने यसमा लडाइँको शुरूको मात्र वर्णन छ, सन्धि भएपछिको वर्णन छैन । तसर्थ लडाइँ चल्दाताका नै यसको रचना भएको हुनु सम्भव छ । जहाँसम्म माथि उद्धृत गरिएको पङ्क्तिको सन्दर्भलाई प्रस्तुत तर्कसँग जोडेर हेर्दा देखिने विरोधाभास छ-पछि परिमार्जन गर्ने सिलसिलामा अरू कसैले थपिदिएको हुनु पनि सम्भव छ, किनभने बनारसतिरबाट प्रकाशित भएका खास गरीकन माध्यमिक कालीन कृतिहरूमा यस्तो नभएको पनि छैन । सर्व हितैषी कम्पनी, बनारसले छापेको "सवाई पच्चीसा" मा यहाँ चर्चित रचयिताको नाम लालवीर आउँमासी छापेको छ । 'बहादुर लाई' वीर भनेर छाप्ता नाममा (यद्यपि शदार्थका दृष्टिले एउटै भए पनि) फरक पर्ने कुरातर्फ ध्यान नदिने प्रकाशकले परिमार्जनका सिल-सिलामा अन्य कुरामा पनि ध्यान नदिएको हुन सक्छ । जे होस्, प्रकाशकलाई दोष्या-उने धृष्टता यहाँ गरिएको होइन, केवल रचनाकालको निर्क्योलबारे अनुमान पेस गरिएको हो ।

लालबहादुर सिपाहीको 'भोटको सवाई', बाट मेची अञ्चलको साहित्य-सृजना-को शिल्यान्यास हुन्छ । [१२] नेपाली साहित्यकै इतिहासमा पनि लोक-साहित्यको परम्परामा लेखिएको साहित्यिक पक्षमा यिनको कम महत्त्वपूर्ण स्थान छैन । युद्धमा समर्पित भएर अन्तमा लाचार भएका सिपाहीहरूका हृदयको मर्मलाई यिनले यसरी टिपेका छन्—

"हाँडि फुटि गयो अघेनामा वैरो
भोटेको देशमा कैल्हे जाल्हा पैरो ॥

१२—द्रोणाचार्य छेत्री, अनुभूति-को भूमिका (झापा, वेदकुमारी रेग्मी, २०३३), पृष्ठ (ख)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आन्द्रा लागे छुत्ति खेल्न तिग्रा लागे काम्न ।
शक्तिन महाराज पत्थर्कला थाम्न ॥

नरबहादुर राना लिखित 'जङ्गबहादुरको सवाई' को रचनाकाल पनि अनिश्चित नै छ। वि० सं० १९३१ फागुन महीनामा जङ्गबहादुरको मृत्यु भएकाले यसै सालको पुछारमा यो कृति रचिएको थियो भन्ने अनुमान तारानाथ शर्माज्यूको छ।[१३] हुन पनि यस कृतिमा जङ्गबहादुरको मृत्युको बयान छ। यति नै आधारमा यस कृतिको रचनाकाल सं० १९३३ मानिहाल्नु त्यति वैज्ञानिक नहोला। यो कृति मृत्युपश्चात् तत्कालै लेखियो होला भनी अनुमान लगाउनु जति सरल छ त्योभन्दा पनि सरल मृत्यु भएको धेरै पछि यो लेखियो होला भनी अनुमान गर्नामा छ। यस कृतिमा न जङ्गबहादुरको मृत्यु हुनासाथ यो लेखियो भन्ने प्रमाण छ न ('भोटको लडाइँको सवाई'मा झैं) धेरै पछि लेखियो भन्ने प्रमाण छ। जे होस्, रानाज्यूको लेखन-क्षमता निकै तीव्र छ-तर लालबहादुरको जत्तिकै भने होइन। सम्भवतः रानाज्यू जागीरे थिए; यिनले लेखेका छन्– "प्रभु हाम्रो नोकरि सधैं हुन पाउँ।" त्यसैले यिनको चाकरी मनोवृत्तिका प्रतिबिम्बहरू कृतिका धेरै ठाउँमा परेका छन्।

जगदीशचन्द्र रेग्मीले 'विहान' (रायल नेपाल एकेडेमी विशेषांक), वर्ष ३, अङ्क ५ (सं २०२३ भाद्र; पृष्ठ ३४०-३४२) मा सं० १९०० तिर रचित उपेन्द्रविक्रमशाहको एउटा स्तुतिपद्य छपाउनुभएको छ। यस पद्यमा भैरव, काली आदिको स्तुतिका साथै रामको प्रसङ्ग दिइएको छ। यो पद्य रघुनाथ भाटको कविता-शैलीको परम्परामा लेखिएकाले व्रज-अवधी भाषाको प्रयोग भएको छ। एउटा उदाहरण हेरौं–

"लछुमन उठि जाउ वीर संकष्ट कछु पर्‍यो हो धीर।
बरबस पठायो अनन्त नाहि भलाजि हो॥"

पद्यलाई रागमा ढालिएको छ र कवितात्मक अभिव्यक्तिका राम्रा उदाहरणहरू ठाउँ-ठाउँमा भेटिन्छन्।

१३—नेपाली साहित्यको इतिहास; पृष्ठ ४४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७. उत्तरप्रारम्भिक कालीन गद्य

उत्तर-प्रारम्भिक कालीन नेपाली गद्य भनेर यहाँ केवल साहित्यिक महत्त्वका कृतिहरूलाई मात्र लिइएको छ। साहित्येतर क्षेत्रका अन्य वाङ्मयलाई यहाँ छाड्नुपरेको कारण तिनको महत्त्व बिलकुलै नभएकाले होइन। नेपाली भाषा र वाङ्मयका विकास तथा वृद्धिका दृष्टिले ती कृति अत्याज्य छन्। पूर्व-प्रारम्भिक कालमै नेपाली वाङ्मयले साहित्यिक रूप प्राप्तिको प्रक्रिया पाइसकेको र साहित्यिक गद्य-परम्पराको थालनी भइसकेकाले यहाँ उत्तर-प्रारम्भिक नेपाली गद्यअन्तर्गत त्यही परम्परालाई अघि बढाउन खोजिएको छ। यहाँ साहित्यिक कृतिको विवेचना र विश्लेषण त गरिएको छँदै छ, तर यसका साथै यस कालको मूल प्रवृत्तिका परिप्रेक्ष्यमा देखापरेका साहित्यिक महत्त्वका कृतिहरूको पनि चर्चा गरिएको छ। यस काललेवाङ्मयका क्षेत्रमा विविध विषयका कृति हामीलाई प्रदान गरेको छ। जसमध्ये योगशास्त्र तथा धर्मशास्त्र-अन्तर्गत यिनलाई लिन सकिन्छ। दैवज्ञकेशरीको 'गोरक्ष योग शास्त्र' [सं० १८७७], अज्ञात लेखकको 'धर्मपुस्तक सुसमाचार मातिउरचा' [सं० १८७८], 'सेरामपुर बाइबल' [१८८४], योगी अम्बरगीरका 'ब्रह्मयज्ञउपनिषद्' र 'ब्रह्मयज्ञवेदान्त [सं० १९९१ प्रतिलिपि], शशिधरको 'जोसमनी योगशास्त्र' [सं० १९०९ अगावै] योगी अम्बरगीरकै 'योग-वाशिष्ठसार' [सं० १९१२ प्रतिलिपि] र 'अम्बरगीर भाषा' [ऐं] अज्ञात लेखकको 'अम-नस्को भाषा' [सं० १९१२], 'वाशिष्ठयोगशास्त्र' [सं० १९१२ अगावै], योगी अम्बर-गीरकै 'असमनको भाषा' [सं० १९२४ प्रतिलिपि] र 'वेदान्त' (?) आदि। विविध विषयमा लेखिएका कृतिहरूचाहिं हुन्—यदुनाथ उपाध्यायको 'रतिकोषसार' [सं० १८८५], भवानीदत्तका 'आत्मबोध' (?) र 'मार्कण्डेय पुराण' (?), नीलकविको 'रुद्राक्षमाहात्म्य' [सं० १८९४], अज्ञात लेखकको 'सुरेन्द्रको पाठ्य-पुस्तक' [सं० १९९४ तिर] 'इङ्गलिस्तान-वंशावली' [सं० १९०९ अगावै], मेजर रघुवीर सिंहको 'शान्तिशतक' [सं० १९०९] अज्ञात लेखकको 'प्रश्नोत्तरीय' [सं० १९१२ अगावै] आदि। यी कृतिहरूलाई जब हामी विशुद्ध साहित्यिक गद्य-परम्परामा जोडेर हेर्दछौं, हाम्रो दृष्टि साहित्यिक (र साहित्यिक महत्त्वका) कृतिहरूमै केन्द्रित हुन जान्छ। तसर्थ यहाँ विषयविभाजनलाई आधार मानेर ती कृतिहरूको परिचय दिइन्छ—

(क) नियात्रा, दैनिकी, नाटक आदि

[१] **मुद्राराक्षस**—(सं० १८९२ अगावै) यो कृति विशाखदत्तको संस्कृत नाटक "मुद्राराक्षस"को नेपाली अनुवाद हो; अनुवादक हुन् भवानीदत पाँडे। यिनको जन्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सं० १८५८ मा गौतम गोत्रका पलेउ पाँडे कुलमा भएको थियो। यिनका पिताको नाम रामनारायण, बाजेको नाम कुलनिधि र काकाको नाम तारानिधि थियो। यी सब संस्कृतका मर्मज्ञ थिए। यसबाट भवानीदत्त शिक्षित परिवारमा जन्मेका थिए भन्ने स्पष्ट हुन्छ। यिनले आफूलाई जनरल भीमसेन थापाका आश्रित भनेर लेखेका छन्— 'श्रीजनरल भीमसेनामात्यवर्याश्रित'। भीमसेन थापाबाट यिनले वृत्ति पाएका थिए र यिनले दरबारिया पण्डित हुने सौभाग्य पाएका थिए। यिनका गद्यकृतिहरू हेर्दा नेपाली भाषामा कलम चलाउन सक्ने यिनका क्षमताको परिचय पाइन्छ। यिनी मौकाअनुसार राजनीतिज्ञ, वेदान्ती र पौराणिक भई काम गर्न सक्तथे[1]। नेपाली भाषामा यिनले लेखेका कृति हुन्—(१) मुद्राराक्षस, (२) आत्मबोध, (३) महाभारत, (४) मार्कण्डेय पुराण र (५) हितोपदेश। यतिका धेरै कृति लेख्ने यी भवानीदत्त पाँडेको भाषा सजिलो र रोचक हुनाका साथै अर्थपूर्ण पनि छ[2]।

"मुद्राराक्षस"मा भवानीदत्त पाँडेले प्रायः नाटकको शैलीलाई वास्ता नगरी कथाशैलीपट्टि प्रवृत्त रहेको देखाएका छन्। नाटकको उठानमै कथाको पूर्ववृत्त छ र पाठकले कथावृत्त सरलताका साथ बुझ्न सकुन् भन्ने उद्देश्यले अनुवादकले ठाउँ-ठाउँमा आफ्नो तर्फबाट थप कुरो पनि जोडिदिएका छन्। अनुवादमा मञ्चनका गुणको अभाव छ। अनुवादकले नाटकलाई पौराणिक पण्डितले व्याख्यान गर्ने शैली प्रदान गरेका छन्[3]। अनुवादको वैशिष्ट्य केमा छ भने नेपाली व्यवहार, मानस र रीति अनुकूल नाटकलाई ढालिएको छ। संस्कृतमा विशिष्ट र प्रौढ मानिएको विशाखदत्तको यस नाटकको नेपाली अनुवाद पढ्दा पाठकले ठाउँ-ठाउँमा नेपाली बिम्बको प्रयोग भेट्टाउँदछ। लेखकको अनुवादकारितामा अनेक दोषहरू भेटिन्छन्, तापनि कथावृत्तको आस्वादनका लागि लेखकले देखाएको चतुर्याइँ प्रशंसनीय छ। यस कृतिमा भएको भाषिक प्रयोगको प्रौढता पनि महत्त्वपूर्ण छ। नेपाली भाषामा त्यस वेलासम्म कुनै मौलिक नाटक नलेखिएको भए तापनि नाटकका लागि नेपाली भाषाको अभिव्यक्ति-क्षमता छ भन्ने कुराको संकेत भवानीदत्तले दिएका छन्। निश्चय नै यो कृति नेपाली नाटकका साथै उपन्यासको प्रारूप इङ्गित गर्नामा अग्रगामी छ। यो कृति उपन्यास त होइन, तर उपन्यासका लागि प्रयोग हुने शैली-शिल्पको आभास यसमा छ।

[२] जङ्गबहादुरको बेलायत यात्रा [सं० १९१०]—कमलमणि दीक्षितका

१—भोलानाथ, घनवज्र (सम्पा.) **गल्लीमा फ्याँकिएका कसिङ्गर** (ललितपुर : जगदम्बा प्रकाशन, २०१८); पृष्ठ २०–नयराज पन्तको उपोद्घात।

२—बालकृष्ण पोखरेल, **पाँच शय वर्ष**; पृ० ४०८

३—यसै क्रमको पाद-टिप्पणी सं० १०४ (पृ० ९५- १६६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुमानमा यस कृतिका लेखक हुन् सिद्धिमान राजभण्डारी[४]। यस कृतिमा कहीं पनि लेखकको नाम उल्लेख नभएकाले निश्चितताका साथ भन्न गाह्रो छ। के चाहिं सत्य हो भने जङ्गबहादुरसँगै बेलायत भ्रमणमा जाने तथा लेख्नामा हात बसिसकेको व्यक्तिले नै यो कृति लेखेका हुन्। जे होस्, यस कृतिको महत्त्व यो केवल पहिलो यात्रा-साहित्य भइदिनाले मात्र बढेको होइन; तत्कालीन नेपाली भाषाको स्तरीयता कुन कोटीको थियो तथा सांस्कृतिक धरातलको कुन क्षेत्रमा नेपालीहरू थिए त्यसको यथार्थ ज्ञान यस कृतिको अध्ययनबाट पाउन सकिन्छ। यसका अतिरिक्त नेपाली निबन्धको पूर्व-पीठिका तय गर्न पनि यस कृतिले ठूलो महत्त्व राखेको छ। तारानाथ शर्माज्यू लेख्नुहुन्छ, "....यस यात्रा-वर्णनले नेपाली गौरवको भावलाई जतातत कायम राखेकाले राष्ट्रिय साहित्यका निम्ति यो अमूल्य उपलब्धि भएको छ[५]।"

यात्रा-साहित्यको सोद्देश्यता यस कृतिमा निहित छ। मनोरञ्जन, सूचना र शिक्षा प्राप्तिका अपेक्षित गुणलाई पाठकले ठगिनुपर्दैन। पाठकमा औत्सुक्य जागृत गर्न र आस्वादनका निम्ति निरन्तर अग्रसर गराउन यो कृति सफल छ। हामी यसबाट जङ्ग-बहादुरको चरित्रलाई यथार्थ रूपले चिन्न सक्छौं र दृश्यलाई पारदर्शक रूपमा कल्पना गर्न सक्छौं। भौगोलिक, सांस्कृतिक, ऐतिहासिक र राजनीतिक ज्ञान वृद्धिका दृष्टिले अध्ययन गरे पनि यस कृतिमा हामी अमूल्य कुरो भेट्दछौं। नेपाली आँखामा देखिएको बेलायत र त्यहाँका निवासीहरूको चित्र ज्यादै रोचक भएको छ। लेखिएको छ— "पापानि भन्या नदीका पानी ताँबाका ढुंग्राबाट तलाउमा खैंचियाको छ—चाहियामा टुटी घुसाइदियो, पानी लियो, फेरि बन्द गर्दियो", "छोटा-बडा कसैले ठूलो स्वर गरी नबोलन्या", "कलले गरी आरन चल्याका छन्—", "प्यारिस नगरी देखदा कैलासमा रह्याका जस्तो, कैलास हो कि भन्या जस्तो लाग्न्या", आदि। यसरी नै नेपाली उच्चारण अनुसारका अंग्रेजी शब्दको प्रयोग पनि बडो घतलाग्दो हुनपुगेको छ; जस्तो— गुडमाने, पर्सिडंट, पारमेन्ट, दिलहुसी, जीज्यू कृष्ठ आदि। जहाज मात्र भन्दा नपुगेर 'धुवाँकस जहाज' भनिएको छ; दर्बारमा, पूजाकोठाको कल्पना गरिएको छ; जनही एक मोहर तिरी नाच हेर्न जान्छन्; इद्रासन; लक्ष्मीको अवतार जस्ता उपमाको शृङ्गार दिइएको छ। तात्पर्य के हो भने नेपाली दृष्टि र संस्कृतिको औसत प्रयोगले गर्दा यो कृति महत्त्वपूर्ण हुनपुगेको छ।

[३] **बत्तीस सालको रोजनाम्चा** [सं१९३२]—नेपाली दैनिकीको प्रारम्भ यही कृतिबाट हुन्छ। यसका लेखकको नाम अज्ञात छ। पुराना व्यासफुको रूप यस कृतिले प्राप्त गरेको छ। त्यसैले जङ्गबहादुरका दैनिक गतिविधिको टिपोट यसमा

४. **'जङ्गबहादुरको बेलायत यात्रा'** [ते० सं०] काठमाडौं (साझा प्रकाशन, सं० २०३०); पृष्ठ १३४।

५. **नेपाली साहित्यको इतिहास**, पृष्ठ ४६।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिएको छ । जसबाट तत्कालीन राजनैतिक स्थितिबारे यथार्थ ज्ञान प्राप्त गर्न सकिन्छ । ऐतिहासिक सामग्री-स्रोतका रूपमा प्रयोग गर्न सकिने यस कृतिद्वारा जङ्ग-बहादुरका समयको फौजी अनुशासन, अंग्रेज अतिथिसँग उनको व्यवहार आदिका साथै तत्कालीन राष्ट्रिय वस्तुस्थितिका बारेमा पनि थाहा पाउन सकिन्छ ।

(ख) कथा, आख्यान-उपाख्यान आदि

(अ) कथा-आख्यान—

(१) **दशकुमारचरित** [सं० १८७५ भदौ]—यस बेनामी कृतिमा कथा-वृत्तको बाहुल्य छ । राजा राजहंसको पराजय तथा राजा मानसारको विजय, त्यसपछि रानी वसुमतीबाट पुत्र जन्म भई उनीसँग सम्बद्ध हुन आएका अन्य कुमारहरूको प्रसङ्ग-बाट कथा टुंग्याइएको छ । कथान्तरमा घटना-संयोजन मिलाइएको छ । वीरता र पराक्रमलाई कथाको केन्द्रस्थल बनाइएको छ ।

(२) **तीन आहान** [सं० १८७७] —यी आहानहरू फारसीबाट नेपालीमा गरिएका अनुवाद हुन् । मुन्शी पेशाका व्यक्तिले यो अनुवाद गरेका हुन्; व्यक्तिको नाम अज्ञात नै छ । सं० १८७७ मा कलकत्ता स्थित फोर्ट विलियम कलेजका प्राध्यापक जेम्स एटनको 'नेपाली भाषाको व्याकरण' भन्ने पुस्तक प्रकाशित भएको थियो । त्यसै पुस्तक-का अन्तमा यी तीन टुक्रे-कथाहरू उदाहरणका रूपमा छापिएका थिए । पहिलो कथामा राजाको बुद्धिचातुर्यले गर्दा जारको पत्तो लागेको, दोस्रामा एक जना भारादारको बुद्धि-चातुर्यले गर्दा कपास-चोरको पतो लागेको र तेस्रामा डिट्ठाको बुद्धि-चातुर्यले गर्दा बूढीले न्याय पाएका कुराको उल्लेख छ । सम्पूर्ण कथा बौद्धिक-बलको महत्त्वमा आधारित छ । भाषा परिनिष्ठित छैन ।

(३) **स्वस्थानोव्रत कथा** [सं० १८७८ प्रतिलिपि]—यो हस्तलिखित ग्रन्थ केशर पुस्तकालय [क्याटलग्रिङ नं० ७०५] मा सुरक्षित छ । यस ग्रन्थका पुछारमा "लिषितं पुस्तकं शुद्धो वा अशुद्धो वा मम दोषो नदीयते" भनेर लेखिएकाले सं० १८७८ मा यस ग्रंथको प्रतिलिपि गरिएको देखिन्छ । यस दृष्टिले यो ग्रन्थ अझ पुरानो ठहर्दछ । कति पुरानो भनेर किट्न नसकिए तापनि कतिसम्म अनुमान गर्न सकिन्छ भने यसमा प्रयुक्त भाषा हेर्दा यो त्यति पुरानो ठहरिंदैन । यसमा नेपाली भाषाका प्राचीन लक्षण नभएर निकै नवीन लक्षणको प्रयोग छ । उदाहरणका लागि केही पंक्ति हेरौं—"ज्या भयाका सक्याका संम दिनु ब्राह्मणको वाक्यबाट कथाहा सुनुं ।" (पत्र १ बाट), "ताहापछि श्री महादेव बडो दुखसित लज्या मानिः अब कसो गरु भनिः मनमा चिन्ताना गऱ्याः यो दक्ष प्रजापतिलेः एति भाति फजित गर्न पर्थ्यो क्या मेरो कथ्या दिन्न भन्या हुंदैन क्या अवर कसो गरुँ काहा जाउँ भनिः वैकुण्ठ विष्णु बस्याका ठाउँ गयाः"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(पत्र ७ बाट), "त्यो मैले मागन जादाः षै गरि घपाई पठाया एस्तो फजित पनि गऱ्याः एस दुखले म काहा जाउ भनि नाहा तम्रो ठाउँमा आयाको हुँ" (पत्र ८ बाट आदि) पुष्पिकामा लेखिएको छ, "इति श्री लिंग पुराणादि नाना शास्त्र संग्रहे नारद भाषिता श्री ३ स्वस्थानी व्रत कथाहा समाप्तम् ।" यसबाट यो व्रत कथा कुन स्रोतका आधारमा र कुन परम्पराद्वारा निर्दिष्ट भएर लेखिएको हो, स्पष्ट हुन्छ । अहिले प्रचलित स्वस्थानी व्रतकथामा झैं यसमा अध्याय विभाजन नभएर स्वर्ग, मर्त्य र पाताल यी तीन खण्डमा कथालाई बाँडिएको छ । "इति श्री स्कन्दपुराणे केदार खण्डे माघ माहात्म्ये" भन्ने पदावली यस ग्रंथको कतै परेको छैन । त्यसैले यो ग्रन्थ अनुसन्धानको राम्रो विषय हुन सक्ने सम्भावना देखिन्छ ।

(४) **बहत्र सुघाको कथा** [**सं० १८८०-९० तिर**]—यसका लेखकको नाम अज्ञात नै छ । कथामा यौन विषयद्वारा नीत्युपदेश दिने लक्ष्य राखिएको छ । कथामा घटना-गुम्फनको चमत्कार छ । लक्ष्मी र हरिदत्तको यौनाचारका आधारमा यो चमत्कार देखाइएको छ ।

(५) **हितोपदेश** [**सं० १८९२ अगावै ?**]—यसका लेखक हुन् भवानीदत्त पाँडे । भानुदत्तको सं० १८३३ को झैं यो पनि मित्रलाभकै अनुवाद हो । यो पनि अनेक अवान्तर कथामा आबद्ध छ ।

(६) **वेताल पंचविंशति** [**सं० १८९३**]—राष्ट्रिय अभिलेखालयमा हस्तलिखित ग्रन्थका रूपमा सुरक्षित यस कृतिका लेखकको नाम अज्ञात नै छ[६] । संस्कृतका शिवदास लिखित 'वेतालपच्चीसी' को यो नेपाली अनुवाद हो । अहिले प्रचलित 'वेताल पच्चीसी' भन्दा प्रस्तुत कृति बेग्लै तालको छ ।[७] गद्यका साथै पद्य पनि भएको यस कथाको किताबमा घटनाको पूर्वापर सम्बन्ध प्रशंसनीय छ । कथा मनोरञ्जक हुनाका साथै केही बौद्धिक पनि छ ।

(७) **दशकुमारचरित** [**सं० १८९३**]—यस वेनामी कृतिमा कथातत्त्वको निकै राम्रो उदाहरण पाइन्छ । कथा-कथनको शैली पुरानै किसिमको हुनु स्वाभाविकै हो । तर यति भएर पनि घटना संयोजन यस कृतिमा राम्रोसँग मिलाइएको छ ।

(आ) रामकथामा आधारित कृति—

(१) **अध्यात्मरामायण** [**सं० १८७३ पछि**]—सुन्दरानन्द बाँडा लिखित यस कृतिका बारेमा यसै पुस्तकको पृष्ठ १४३ मा चर्चा गरिएको छ ।

---

६. हंसपुरे सुवेदी, "नेपाली भाषाका एक अज्ञात लेखक", **नेपाली**, पूर्णाङ्क ५१, सं० २०२९ ; पृष्ठ १४–१९

७. ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२) रामाश्वमेध [सं० १८९० अगावै]—बेनामी लेखकको यस कृतिमा अश्वमेध यज्ञका कथाको चर्चा छ। खास गरीकन रामका आदर्श चरित्रसँग पाठकलाई परिचित गराउनु लेखकको उद्देश्य रहेको छ।

(३) अध्यात्मरामायण लंकाकाण्ड [सं० १८९६ साउन]—यसका लेखक पदम शर्मा हुन्। यिनी जोसमनी सन्त थिए। त्यसैले यिनको नाम पद्मदास, पद्मदास भक्त वा पद्म मात्रै पनि देखिनामा आएको छ। खास गरीकन यिनी लेखकभन्दा प्रतिलिपिकार हुन्। यिनी धेरै पढे-लेखेका वा अध्ययनशील व्यक्ति थिएनन्। यिनी लहडी स्वभावका भने जरूरै थिए। प्रस्तुत कृति 'अध्यात्मरामायणको लंकाकाण्ड' तिनले सत्सङ्गबाट प्रेरित भएर लेखेको देखिन्छ[८] यस कृतिमा हनुमानका वीरताको उल्लेख हुनाका साथै रामकथाको महिमा देखाइएको छ।

(४) रामगीता [सं० १९०२]—यस अनुदित कृतिका लेखकको नाम अज्ञात नै छ। यस कृतिमा प्रयुक्त भाषा सुगठित छ। यसमा मूल संस्कृत दिइएको छैन, तर अनुवादका अन्तमा श्लोकसंख्या दिइएको छ। अनुवादको एक अंश उदाहरणका लागि हेरौं–"एस्ता तरहले नंदरूपमाया प्रपंच रहित नित्यात्म सुख प्रकाश आचल निश्चल समुन्द्र झैं पूर्ण ब्रह्म हुन्छ"

(५) भक्तिकाण्ड रामायण—रामदास यथार्थमा गद्यकार हुन्। सुन्दरानन्द बाँडाले 'अध्यात्मरामायण' मा झैं रामदासले पनि 'भक्तिकाण्डरामायण' मा काल्पनिक कथानुबन्ध जोडी कृतिलाई रोचक बनाएका छन्। यिनको गद्यमा कथ्य भाषाको प्रयोग छ र वर्णनलाई सुन्दर बनाउने प्रयास गरिएको छ। उदाहरणका लागि यस गद्यांशलाई हेरौं–

"—हे नानि जौना दिन ता प्रभुको सिन्दुर पैन्ह्याथ्याँ सुष मलाइ कबहु नहि भनि हिडि रहिन्। हे नानि ! मेरा पाउ बहुतै दुषन लाग्या, पाउमा फोका उठ्या रक्त पनि आयो भनि थुचुक्क वसि रुन लागिन्। हे नानि ! गर्मी पनि भयो तिर्षा पनि लाग्यो, षरो पनि भयो भनिन् र फेरि उठि हिड्न लाग्दामा उतै ढल्कन्छिन्, उतै सुत्तछिन्।"

वस्तुको मौलिकता र भाषा प्रयोगको विचित्रताका दृष्टिले यो कृति अध्ययन-अनुसन्धानीय छ।

(इ) कृष्णचरित्रमा आधारित कृति—

(१) गीत गोविन्द—हीनव्याकरणी विद्यापति पद्यकार मात्र नभएर गद्यकार पनि थिए। यिनले 'गीतगोविन्द' को गद्यानुवाद गरेका छन्। यस कृतिमा यिनले कठोर र पाण्डित्यपूर्ण शैलीको प्रयोग गरेका छन्। यिनको शैली सरल तथा सरस नभए पनि ओजस्वीचाहिं यथेष्ट छ। बालकृष्ण पोखरेलज्यू लेख्नुहुन्छ, "उनले छिटो र छरितो

---

८. बालकृष्ण पोखरेल, **पाँच शय वर्ष** ; पृ० ४१०-११

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्णनलाई भन्दा ढिलो र गहिरो व्याख्यालाई मन पराएका दन्। [९] यसैले उनको गीतगोविन्द 'छायानुवाद' नभएर व्याख्या भएको छ। यिनको गद्य पढ्दा केही अप्ठेरोपनको महसूस हुन्छ, तैपनि लय-संगतिले गर्दा यिनको भाषा मिठासपूर्ण भएको छ। उदाहरणका लागि निम्नलिखित गद्यांशलाई हेरौं—

"एकांत कोहि यमुनाजिका तीरविषे काम-रति-रस-लीलाले युक्त भयिकन राधासंग रममान गरि खेल्दा श्रीकृष्णजिको सभै प्राणिजनलाई पालना गर्नामा शक्ति सामर्थ हवस् भनि जय प्रणाम गरिकन श्रीकृष्णजिमा प्रीति हवस् भक्तजनको चित्तरंजन हवस् सभै पाप क्षय हवस् भन्ना निमित्त श्री जयदेव नामा कविले श्रीगीतगोविन्द नाम भयाको ग्रन्थ गीतवाणीले व्याख्यान गर्दछन्।"

वाक्यहरू संश्लिष्ट छन् र भावलाई घुमाएर व्यक्त गरिएको छ। यो प्रवृत्ति यिनका अन्य समकालीन गद्य-लेखकहरू [शक्तिवल्लभ, योगी अम्बरगीर आदि] मा पाइँदैन।

(२) गीतगोविन्द [सं० १८९० अगावै]—यस कृतिका लेखक हुन् योगी अम्बरगीर। यिनी जोसमनी मतानुयायी थिए। बालकृष्ण पोखरेलले यिनी शशिधरभन्दा जेठा थिए भन्ने अनुमान गर्नुभएको छ। [१०] यिनका जीवनको ठीक-ठीक समय अझसम्म पत्तो लाग्न सकेको छैन। पोखरेलज्यू लेख्नुहुन्छ, '——सम्वत् १८९० सम्ममा अवश्य पनि यिनको देहावसान भैसकेको थियो।"[११] यिनका आफ्नै हस्ताक्षरका कृति फेला पर्न सकेको छैन; प्रतिलिपि गरिएका कृति हुन्—(१) गीतगोविन्द, (२) ब्रह्मयज्ञ वेदान्त–१८९१, (३) ब्रह्मयज्ञउपनिषद्–(१८९१),(४) योगवाशिष्ठसार–१९१२, (५)असमनको भाषा (वैराग्यांवर)—१९१२ र (६) वेदान्त।

'गीतगोविन्द' मा भक्तिमिश्रित शृङ्गार छ। यसमा कृष्णको लीला-बाहुल्य रूपको चित्रण गरिएको छ र गोपिनीहरूका काम-पीड़ा प्रस्तुत गरिएको छ। आलिङ्गन र चुम्बनको उल्लेख हुनका साथै यस कृतिमा कृष्णको दैवी महत्तामाथि प्रकाश पारिएको छ। लेखिएको छ, "यस्ता श्री जयदेव कविले गायाका अति रसिली रतिक्रीडाका लीला होइयाको यो गीतगोविन्द जो-छ-सो जौना मनुष्य भक्तिपूर्वक यो हरिरश हो भनि गाउला शुन्ला उश्लाई कलियुगको पाप समुदाय कलंष नह्रओस्।"

योगी अम्बरगीरको भाषा त्यति खारिएको देखिंदैन। पद्यमा पनि यिनले सधुक्कडीको प्रयोग गरेका छन्।

(३) गीतगोविन्द [सं० १९३६]—यसका लेखकको नाम अज्ञात छ। यसका भाषाको नमूना यस प्रकार छ—"हे कृष्ण जी दुई कुचमा मकरिकाको छाप लगाई देउ

---

९. नेपाली भाषा र साहित्य; पृ० १८१

१०. पाँच शय वर्ष; पृ० ४०९

११. ऐजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गालामा चित्रक नाउ गरेको छाप लगाई देउ पाउमा कडा लगाई देउ एति राघाले भन्दा घनस्याम जघनमा तुटेको कांची कलाप लगाई दिया—।" यसमा निकै परिमार्जित भाषाको प्रयोग छ।

(ई) महाभारतका विभिन्न पर्व--

[१] **महाभारत सभापर्व** [सं० १८८० साउन]—यस बेनामी कृतिमा मय र अर्जुनको सम्वादद्वारा प्रत्युपकारका बारेमा चर्चा गरिएको छ।

[२] **महाभारत गदापर्व** [सं० १८८६]—यसका लेखक हुन् विजयानन्द। यिनका बारेमा केही कुरो थाहा हुन सकेको छैन। यस कृतिमा संजय र धृतराष्ट्रको सम्वाद र युद्धको प्रसङ्ग दिएर वीररस अभिव्यक्त गरिएको छ।

[३] **राजधर्म** [सं० १८८८ पूर्व]—यो शान्तिपर्वको अनुवाद हो। यसका अनुवादक ललितत्रिपुर सुन्दरीलाई मानिएको छ। यिनी श्री ५ रणबहादुर शाहकी रानी हुन्। यिनको जन्म सं० १८३२ मा र मृत्युचाहिं सं० १८८८ मा भएको थियो। यिनको पुस्तकहरू लेख्ने लेखाउने र दान गर्ने योग्यता र स्वभाव थियो। "राजधर्म"को अनुवाद-हेतुका बारेमा योगी नरहरिनाथको धारणा छ--"पति पुत्र पौत्रका शासन कालमा गोर्खा राष्ट्रको विशेष अभिवृद्धि भएको र फिरङ्गीहरूसित संघर्ष भएको हुनाले राजनीतिक चहल-पहल भएको बेलामा सर्व नीतिशास्त्रसार स्वरूप महाभारतका राजधर्मपर्वका भीष्म युधिष्ठिर संवादको अध्ययनाध्यापनको प्राधान्य हुनाले संस्कृतानभिज्ञहरूले पनि राजधर्म बुझुन् भनेर गिरिराज भाषामा गद्यानुवाद गरेको देखिन्छ।[१२] योगीका विचारमा यस कृतिबाट त्यस बेलाको महिला शिक्षा, सामाजिक अवस्था, राजनीतिक स्थिति, राजसत्ताप्रति जनताको आस्था, धर्मपरायणता, संस्कृतिप्रेम जस्ता ऐतिहासिक महत्त्वका कुराहरू थाहा पाउन एकिन्छ।[१३] यस कृतिको साहित्यिक मूल्य पनि कम छैन। गद्यको निकै राम्रो प्रयोग यसमा भएको छ। यसमा जम्मा १३० अध्याय छन् र प्रत्येक अध्यायका अन्तमा "श्री नरायाणलाई भक्तिरसले"—भनी श्लोक दिइएको छ।

[४] **महाभारत आदिपर्व** [सं० १८८९ जेठ]—यसको लेखकको नाम अज्ञात नै छ। यस कृतिको पुष्पिकामा "यो भाषाको आदिपर्वको पुस्तक श्री जनरल भीमसेन थापाको हो, शुभम्" भनी लेखिएकाले कसैले यो कृति भीमसेन थापाका निम्ति लेखिदिएको अनुमान हुन्छ।

[५] **महाभारत** [सं० १८९२ ?]--यसका लेखक भवानीदत्त पाण्डे हुन्। "गल्लीमा फर्याँकिएका कसिङ्गर" मा यिनले लेखेका महाभारतका विभिन्न पर्वहरू [जस्तो विराटपर्व, उद्योगपर्व, शान्तिपर्व] छापिएका छन्। यिनको गद्य-भाषा सरल र स्पष्ट छ। कथा-आस्वादनका लागि रोचक भाषाको प्रयोग गर्न सक्ने क्षमता यिनमा छ।

—: इति :—

---

१२. योगी नरहरिनाथ "राम्रो इ रानी वचन्" **राजधर्म** जगदम्बा प्रकाशन, सं० २०१९; पृ० (अ)

१३. ऐजन; पृष्ठ (ई)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भ-सामग्री

१. अमृत, (डा०) गोविन्द, ई० १९७७ "गुमानी का नाम" **आजकल [कहानी विशेषाङ्क]**—३९८'३३/५ (सितम्बर-अक्टूबर) : पृ० १

२. अर्याल, ध्रुवप्रसाद, २०२० "कवि उदयानन्द" **नेपाली**—१८ (माघ-फागुन-चैत) पृ० ३—१५ ।

३. आचार्य, नरनाथ, २०१७ **आदि कवि सम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र,** तनहुँ स्वयम् लेखक ।

४. २०३१ "भानुभक्तका ४१ श्लोके भक्तमाला र अन्य दुई पद्यका सम्बन्धमा", **मधुपर्क** ७।३ (श्रावण) : पृ० ८१—८६

५. आचार्य, बाबुराम, २०२२ **नेपालको संक्षिप्त वृत्तान्त** काठमाडौं प्रमोद शमशेर र नीरविक्रम प्यासी ।

६. २०२४ **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह** (संक्षिप्त जीवनी), भाग १, काठमाडौं, श्री ५ महाराजाधिराजको प्रेस सचिवालय ।

७. २०२६ **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह** (संक्षिप्त जीवनी) भाग ४ काठमाडौं : श्री ५ महाराजाधिराजको प्रमुख सम्वाद सचिवालय।

८. २१०८ "चिट्ठी", **नेपाली**—९ (कार्तिक-मंसीर-पौष) पृ० ६३-६६ ।

९. २०२९ **पुराना कवि र कविता :** काठमाडौं, साझा प्रकाशन ।

१०. २०१९ "हाम्रा आदिकवि भानुभक्त", **रूपरेखा**—१५, ३।३ (श्रावण) ; पृ० ३४—३९

११. आर० डी० र० एल० एल० २०२३ **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,** काठमाडौं : जगदम्बा प्रकाशन ।

१२. उपाध्याय; रघुनाथ, ई० १९३२, **रामायण सुन्दरकाण्ड** सम्पा० दीनानाथ सापकोटा, दार्जीलिङ नेपाली साहित्य सम्मेलन ।

१३. खनाल, मोहनप्रसाद, २०३० **मध्यकालीन अभिलेख :** काठमाडौं स्वयम् लेखक ।

१४. २०३० "नेपाली भाषाका केही पुराना लेखक", **मधुपर्क,** ६।३ (श्रावण) ; पृ० ९७—१००

१५. २०३० "कवि वसन्त शर्मा ; केही तथ्य केही विचार", **मधुपर्क** ६।१० (फागुन) ; पृ० ८४—८८

१६. २०३३ "नेपाली भाषाका केही प्राचीन नमूना," **गोरखापत्र** (जेठ ३०) ; पृ० ५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७. २०३४ "हुम्लामा अशोकमल्लको प्रशासनिक ताम्रपत्र", **गोरखा पत्र** (आषाढ १७); पृ० १

१८. गेरौला, वाचस्पति ई० १९७३ **भारतीय संस्कृति और कला**, लखनऊ : उत्तर-प्रदेश हिन्दी ग्रन्थ अकादमी

१९. गौतम, धनुषचन्द्र, २०२२ "हास्य-कदम्ब : नेपाली भाषाको जेठो नाटक", **रूप-रेखा** ५५, ६।७ (मार्ग); पृ० ३१—४३

२०. चारण, शिवप्रसाद डबराल, २०३० **गढ़वाल का इतिहास** (२) गढवाल : वीरगाथा प्रकाशन

२१. छेत्री, गोविन्दचन्द्र (सम्पा०) २०३३ **अनुभूति** झापा : वेदकुमारी रेग्मी।

२२. जोशी, सत्यमोहन, २०१४ **हाम्रो लोक संस्कृति** काठमाडौं : रत्न पुस्तक भंडार

२३. ज्ञवाली, सूर्यविक्रम, २०११ "नेपाली भाषाका विकासको संक्षिप्त इतिहास", **भानुभक्तको रामायण**, सम्पा० स्वयं लेखक, दार्जीलिङ : नेपाली साहित्य सम्मेलन।

२४. २०१९ **नेपाल उपत्यकाको मध्यकालीन इतिहास** काठमाडौं ; रायल नेपाल एकेडमी।

२५. ढुंगेल, हरिनाथ, २०२६ "वसन्त कविको परिचय", **नेपाली**–३९ (वैशाख–जेठ–असार) पृ० ३९

२६. तमोट, काशीनाथ, २०३१ "सर्वप्राचीन नेपाली पुस्तक खोज्दै जांदा", **मधुपर्क** ७।३ (श्रावण); पृ० ९—१६

२७. २०२१ "नुगामा सन्ताप सह्याको अर्थ", **वेणी** (कार्तिक पृ० ३४—३८

२८. २०३१ "भक्तमालाका अरू श्लोकहरू", मधुपर्क ६।१२ (वैशाख); पृ० ३३–३८

२९. २०३२ "अध्यात्मरामायणको बालून", **मधुपर्क** ८।११ (चैत); पृ० ७३—८०

३०. तिमिल्सिना, डिल्लीराम, २०२९, "प्रेमनिधि पन्त र उनको प्रायश्चित्तप्रदीप", **नेपाली**—५४ (माघ-फागुन-चैत); पृ० ३-६।

३१. त्रिपाठी, (डा०) वासुदेव, २०२८ **सिंहावलोकन**, काठमाडौं : साझा प्रकाशन।

३२. २०३४. "नेपाली भाषाको ऐतिहासिक परिप्रेक्ष्य र मध्यकालीन सन्दर्भ", **भ्वाइस्-अफ् हिस्ट्री** – ३ : पृ० ३३–५७।

३३. थापा, धर्मराज, २०१६, **राष्ट्रनिर्माताको दिव्य उपदेश**, काठमाडौं। कर्मवीर महामण्डल केन्द्रीय कार्यालय, तिलंगा भवन।

३४. दिवस, तुलसी (सम्पा०) २०३२, **नेपाली लोककथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

३५. दीक्षित, कमल (सम्पा०) २०२१, **सुन्दरानन्दको रामायण** काठमाडौं : जगदम्बा प्रकाशन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३६. २०२८ **बुइँगल** (दो० सं०) काठमाडौं : साझा प्रकाशन ।

३७. २०२९ "छविलाल नेपाल", **श्रीनगर**–३ (कार्तिक); पृ० १३–१६ ।

३८. २०३० **जंगबहादुरको बेलायत यात्रा** (तेस्रो संस्करण) काठमाडौं : साझा प्रकाशन ।

३९. २०३१ **कवि हरिदासको ध्रुवचरित्र** (दोस्रो संस्करण) काठमाडौं, साझा प्रकाशन

४०. देवकोटा, माधवप्रसाद, २०२९ "पाल्पाली कवि छविलाल नेपाल", **श्रीनगर**–३ (कार्तिक) पृ० ३–११ ।

४१. (डा०) नगेन्द्र, ई० १९७३ **हिन्दी साहित्य का इतिहास**, दिल्ली : नेशनल पब्लिशिंग हाउस ।

४२. नरहरि तथा जनकलाल ढकाल, २०१२, **इतिहास प्रकाश**, अंक १

४३. नरहरि (योगी) सम्पा० २०१३ **इतिहास प्रकाश**, २/२

४४. नेपाल, पूर्णप्रकाश (सम्पा०) २०३२ **हिमाली सौगात** १।२ (श्रावण १)

४५. नेपाल, ज्ञानमणि (सम्पा०) २०१८, **पुराना कविता**, भोजपुर, नेपाल इतिहास विकास समिति ।

४६. २०२५, **वनका फूल**, भोजपुर : नेपाल इतिहास-विकास समिति ।

४७. नेपाली, चित्तरंजन, २०१४ ?"वर्तमान नेपालको निर्माणमा पृथ्वीनारायण शाह", **प्रगति—१४**, ३।२ : पृ० ७८ ११०।

४८. २०२०, **श्री ५ रणबहादुर शाह**, काठमाडौं : मेरी राजभण्डारी ।

४९. २०२२, **जनरल भीमसेन थापा र तत्कालीन नेपाल**, (दो० सं०) काठमाडौं : रत्न पुस्तक भण्डार ।

५०. पण्डित, पी० बी० ई० १९७६, "लिंग्विस्टिक् हिष्ट्री—अ रिलेशनशिप इन ल्यांग्वेजेज्", **सेमिनार पेपर्स इन लिंग्विस्टिक्स्**, काठमाडौं : त्रि० वि०, ने० ए० अ० अ० : पृ० ८५–९८ ।

५१. पन्त, कालीभक्त, २०२८, **हाम्रो सांस्कृतिक इतिहास** स्याङ्जा : स्वयम् लेखक ।

५२. पन्त, देवकान्त, २०३२, **डोटेली लोक-साहित्य** काठमाडौं : त्रि० वि० ने० ए० अ० अ० ।

५३. पन्त, नयराज र अरू (सम्पा०), २०२१ **श्री ५ पृथ्वीनारायण शाहको उपदेश** (सबै ठेली) काठमाडौं : जगदम्बा प्रकाशन ।

५४. पाण्डेय, (डा०) मथुरादत्त, ई० १९७०, **नेपाली और हिन्दी भक्ति काव्य का तुलनात्मक अध्ययन**, दिल्ली, भारतीय ग्रन्थ-निकेतन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५५. पालीवाल, (डा०) नारायणदत्त, ई० १९६६, **कुमाउँनी (हिन्दी की उप-भाषा) के कवियों का विवेचनात्मक अध्ययन**, दिल्ली, मौलिक साहित्य प्रकाशन।

५६. पोखरेल, बालकृष्ण, २०१९, 'नेपाली भाषाको कथा', **नेपाली**–१२ (साउन-भदौ-असोज); पृ० २७-६०।

५७. २०२१, **नेपाली भाषा र साहित्य**, काठमाडौं : रत्न पुस्तक भण्डार।

५८. २०३१, **पाँच शय वर्ष** (दो० सं०) काठमाडौं : साझा प्रकाशन,

५९. २०३१. **राष्ट्रभाषा** (दो० सं०) काठमाडौं : साझा प्रकाशन।

६०. पौडेल, भेलानाथ र घनवज्र वज्राचार्य (सम्पा०) २०१८ **गल्लीमा पर्याँकिएको कर्सिगर** काठमाडौं, जगदम्बा प्रकाशन।

६१. प्रधान, कृष्णचन्द्रसिंह (सम्पा०) २०२५ **साझा समालोचना**, काठमाडौं : साझा प्रकाशन।

६२. प्रधान, पारसमणि, ई० १९६१ **नेपाली भाषाको उत्पत्ति र विकास** कालिम्पोङ : पी० एम्० प्रधान।

६३. ई० १९६९ **टिपनटापन**, कालिम्पोङ : भाग्य लक्ष्मी प्रकाशन।

६४. बन्धु, चूडामणि, २०२५ **नेपाली भाषाको उत्पत्ति**, काठमाडौं : जगदम्बा प्रकाशन।

६५. बराल, ईश्वर, २०११ "नेपाली साहित्य : प्राथमिक काल–२ वसन्त शर्मा र यदुनाथ पोखऱ्याल", **प्रगति**—९, २–३ : पृ० ८०–९८।

६६. २०१२ ? "प्राथमिक नेपाली साहित्य—१ इन्दिरस तथा विद्यारण्यकेसरी अर्याल", **प्रगति**—१०, २।४ : पृ० ६५—७९।

६७. २०२२ "रघुनाथ भट्ट पोखऱ्याल, **कविता** १।३ (वर्षा) पृ० १५१—२७४।

६८. २०२२ "गुमानी पन्त", **नेपाली**—२४ (साउन-भदौ-असोज) : पृ० ३७–४३।

६९. २०२२ "नेपाली वैष्णव साहित्य र कवि-विद्यारण्य केशरी अर्याल" **कविता** २।१ (हिउँद) : पृ० ७२–९६।

७०. २०२३ "प्राथमिक कालका वैष्णव कवि इन्दिरस", **कविता** २।३ (वर्षा) पृ० ३०४–३१८

७१. २०२९ **झ्यालबाट** (चौ० सं०) काठमाडौं : साझा प्रकाशन।

७२. बाँडा, सुन्दरानन्द २०१९ **त्रिरत्न सौन्दर्यगाथा** सम्पा० धनवज्र वज्राचार्य, काठमाडौं : नेपाल सांस्कृतिक परिषद्।

७३. भट्टराई, विश्वनाथ- २०३१ "पं० प्रेमनिधि पन्त एक परिचय," **मधुपर्क** ७।१ (जेठ) पृ० २१–३२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७४. भट्टराई, हरिहर २०३० "भानुभक्तका थप कृतिहरू" **मधुपर्क**, ६।१० (फागुन) पृ० ६१–६७ ।

७५. भण्डारकर, रामकृष्ण गोपाल, ई० १९६७ **वैष्णव, शैव और अन्य धार्मिक** मत दिल्ली : भारतीय विद्या प्रकाशन ।

७६. भण्डारी, ढुण्डिराज, २०२७ **नेपालको आलोचनात्मक इतिहास** काठमाडौं : प्रकाश प्रकाशन ।

७७. मल्ल, मोहनबहादुर र विदुर खड्का, २०३४ "धवलागिरि अंचलको प्रतिवेदन" ने० रा० प्र० प्र० द्वारा २०३४ साल आषाढ ९ गतेदेखि १२ गतेसम्म आयोजित **बृहत् साहित्य भेला-मा** पढिएको प्रतिवेदन ।

७८. राई, इन्द्रबहादुर (सम्पा० २०२६ **भानुभक्तका कृति अध्ययनहरू** दार्जीलिङ : नेपाली साहित्य परिषद् ।

७९. रिमाल, प्रदीप २०२८ **कर्णाली लोक संस्कृति** (खण्ड ५ साहित्य, संगीत र कला) काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

८०. रेग्मी, (डा०) जगदीशचन्द्र २०२३, "बीस अप्रकाशित प्राचीन नेपाली ग्रन्थ" **बिहान** (रायल नेपाल एकेडेमी (विशेषांक) ३।५ (भाद्र) पृ० ३१७–३४७ ।

८१. २०२३ **सात साहित्यिक र ऐतिहासिक अभिलेख** काठमाडौं : रत्न पुस्तक भण्डार ।

८२. २०३० **नेपालको धार्मिक इतिहास** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

८३. २०३२ **नेपाली अध्ययन** (भाग १) काठमाडौं, साझा प्रकाशन ।

८४. रोशन, काजी, २०२८ "वीरशाली पन्त" **रत्न श्री** ८।५, (वैशाख) पृ० ५५-६०

८५. लोहनी, लक्ष्मण २०१३, **रोदीघर** काठमाडौं, लोकगीत प्रकाशन मण्डल ।

८६. वज्राचार्य, धनवज्र, २०३३ "नेपाली भाषाको ऐतिहासिक विकास-क्रम", ने० रा० प्र० प्र० द्वारा २०३३ साल आषाढ १७ गतेदेखि १९ गतेसम्म आयोजित **नेपाली भाषा अधिगोष्ठी**-मा प्रस्तुत भएको कार्यपत्र ।

८७. तथा तुलसीराम वैद्य, २०२६ **गोरखाको ऐतिहासिक सामग्री**, काठमाडौं : त्रि० वि० ने० ए० अ० स० ।

८८. र अरू (प्रस्तोता), २०२४ "पं० सुन्दरानन्द बाँडाले राजकुमार बहादुर शाह-लाई चढाएको पद्यमय बिन्तिपत्र", **पूर्णिमा**–१४, ४।२ (श्रावण-भाद्र-आश्विन) : पृ० २०४—८ ।

८९. शमशेर, ब्रह्म १९९५, **कवि भानुभक्त**, काठमाडौं : स्वयम् लेखक ।

९०. शर्मा, जनकलाल २०२० **जोसमनी-सन्त परम्परा र साहित्य** काठमाडौं : रायल नेपाल एकेडेमी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९१. २०२४ 'कविको रूपमा पृथ्वीनारायण शाह", **प्रहरी**, ८।४ (चैत्र) पृ० १०-१२

९२. शर्मा, तारानाथ, २०२७ **नेपाली साहित्यको इतिहास**, काठमाडौं : सहयोगी प्रकाशन ।

९३. शर्मा, बालचन्द्र, २०११ "यदुनाथ पोखरेल र उनका कविता", **प्रगति**–८, २।२ (आषाढ-श्रावण) : पृ० १०५-१२२ ।

९४. २०१२ ? "इन्दिरस, विद्यारण्यकेशरी र वसन्त शर्मा', **प्रगति** ११, २।५ : पृ० १०२-१२९ ।

९५. २०१४ **भानुभक्त** दार्जीलिङ : नेपाली साहित्य सम्मेलन ।

९६. २०३३ **नेपालको ऐतिहासिक रूपरेखा** (चौ० सं०) वाराणसी : कृष्णकुमारी देवी ।

९७. शाह, पृथ्वीनारायण, २०१६ **दिव्य उपदेश** (सातौं संस्करण) सम्पा० योगी नरहरिनाथ, वाराणसी : योगप्रचारिणी महासभा ।

९८. २०३१ **व्रतरत्नमाला** (दिव्यप्रभांशवलिता), सम्पा० बुद्धिसागर पराजुली, काठमाडौं : नेपाल राष्ट्रिय अभिलेखालय ।

९९. श्रेष्ठ, स्वयम्भूलाल, २०२९ **सत्तलको खोजमा**—श्रेष्ठ प्रकाशन ।

१००. संभव, दयाराम, २०३१ "राष्ट्रिय चेतनाको प्रस्फुटन : वीर-काव्यको सान्दर्भिक पृष्ठभूमि", **गोरखापत्र** (पौष १७ गते) ।

१०१. २०३२, **नेपाली साहित्यका केही पृष्ठ**, काठमाडौं : साझा प्रकाशन ।

१०२. २०३३, "मुना-मदनको स्रोत तथा प्रेरणा", **रचना** (देवकोटा अंक) १४।४ (पूस-माघ) : पृ० ६२-७९ ।

१०३. २०३४. **वीरकालीन कविता** काठमाडौं : साझा प्रकाशन ।

१०४. सापकोटा, महानन्द, २०२९ "गुरु ज्ञानदिल", **नेपाली**–५१ (वैशाख, जेठ र असार) : पृ० ४७-५६ ।

१०५. २०३१ "धन्य गोर्खाली राजा", **गोरखापत्र** (शुभ-राज्याभिषेक विशेषांक), फागुन १२ : पृ० ५३-५४ ।

१०६. सिंह, फत्तेबहादुर (सम्पा० नेः सं० १०९६ **नेपाली बिहार** (दो० सं०), काठमाडौं : स्वयम् सम्पादक ।

१०७. सिंह, भगत, ई० १९६७ **हिन्दी साहित्य को कूर्मांचल की देन** दिल्ली : नेशनल पब्लिशिंग हाउस ।

१०८. सुवेदी, हंसपुरे, २०२९. "नेपाली भाषाका एक अज्ञात लेखक", **नेपाली**–५१ (वैशाख, जेठ र असार) : पृ० १४–१९ ।

—: ० :—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal